CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग

डा. सन्ध्या खनाल पराजुली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग

तन्त्रचर्चा परिवार

डा. सन्ध्या खनाल पराजुली
त्रिभुवन विश्वविद्यालय

वि.सं. २०८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग

लेखक : डा. सन्ध्या खनाल पराजुली

सम्पर्क नं. : ९८४१२५६५३८

इमेल : *sandhyakhanal999@gmail.com*

प्रकाशक : एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज्, काठमाडौँ

सर्वाधिकार : प्रकाशकाधीन

संस्करण : प्रथम (१००० प्रति : वि.सं. २०८०)

आकृतिविन्यास : सुन्त बहादुर बि.क.

मुद्रण : ग्लोबल प्रिन्ट कनेक्सन प्रा.लि., कमलादी, काठमाडौँ

मूल्य : रू. ७५०/–

ISBN : 978-9937-1-6009-4

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

H. Ganesh Bhatta

Chief Priest of Pashupati Temple
Kathmandu-8, Nepal
Ph.- 00977-1-4498137
Mob.- 00977-9841696336

दिनाङ्क : संवत् २०८० माघ ०४ गते

शुभकामना

त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागमा कार्यरत सहप्राध्यापक डा. सन्ध्या खनाल पराजुलीद्वारा लिखित पुस्तक **"शिवलिङ्ग"** प्रकाशन गर्न लाग्नुभएकोमा लेखकलाई हार्दिक शुभकामना । खोज, अनुसन्धानमा लामो समयदेखि निरन्तर लागिरहनुभएकी लेखक पराजुली 'शिवभक्त' हुनुहुन्छ। अध्ययन, अध्यापन, लेखन र भक्तिमार्ग यात्राको अर्को सफलताको कार्य भएको छ, "शिवलिङ्ग" पुस्तक प्रकाशन।

नेपालमा शिवलिङ्गोपासना चौसट्ठी स्वयम्भूव शिवलिङ्गको बारेमा विस्तृत खोज गरिएको छ । प्राचीनकालीन, लिच्छवीकालीन, र मध्यकालीन समयमा नेपालमा शिवलिङ्ग उपासना विधिका बारेमा गहन जानकारीमूलक अध्ययन सामग्री समावेश छ।

सनातन धर्मशास्त्र भारतवर्षमा विशेष गरी नेपालका मठ मन्दिरहरूमा लिङ्गपूजा परम्पराको ऐतिहासिक महत्त्व र प्राचीन अध्यात्म ज्ञानका बारेमा लेखक पराजुलीले शोधमूलक खोज गरेकी छिन् । शैव धर्मको विकासक्रम, नेपालमा शैव धर्म र प्रचलित शैव सम्प्रदायहरू र लिङ्गोपासनाको विधि महत्त्वको बारेमा लेखिएको पुस्तक नेपाली अध्यात्म क्षेत्रमा अमूल्य ज्ञान उपहार हुने आशा राखेको छु।

शिवभक्त सेवक भएका नाताले लेखक पराजुलीले आफ्नो पुस्तकमा शुभकामनाका केही शब्दहरू समावेशका लागि गर्नुभएको आग्रहका लागि धन्यवाद व्यक्त गर्दै पुस्तक प्रकाशन सफलताको लागि श्री पशुपतिनाथसँग प्रार्थना गर्दछु । यहाँको लेखन, शोध र खोज कार्यमा थप प्रगति र उन्नतिको निम्ति आशीर्वाद व्यक्त गर्दछु।

अध्यात्म ज्ञानको खोज र ऐतिहासिक गहन कार्य भएकाले तथ्यहरूलाई गहन ढङ्गले समावेश गर्नुभएको छ भन्ने विश्वास लिएको छु। अध्यात्ममा शिव र शक्तिको महिमाका बारेमा चासो राख्ने, शैव परम्परा र लिङ्ग उपासनाको सार्थकता बुझ्ेका पाठकहरूका लागि पुस्तक अमूल्य हुनेछ।

पुस्तक प्रकाशन गर्ने **तन्त्रचर्चा परिवार**, सन्दीप सापकोटा र पुस्तक लेखनमा लेखक पराजुलीलाई साथ सहयोग दिनुहुने सबै सहयोगीहरूको उन्नति र प्रगतिको लागि आशीर्वाद व्यक्त गर्दछु।

रावल गणेश भट्ट
मूल भट्ट (प्रधान अर्चक)
पशुपति मन्दिर
काठमाडौं-८

H.Ganesh Bhatta
Chief Priest
Pashupatinath Temple

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभूति

परब्रह्म एक छन्
तर त्यो द्विन्द्रिय युक्त
यसैले 'एको ब्रह्म द्वितीय नास्ति' भनिएपनि
ब्रह्मलाई दुई रूपमा लिइएको छ : पारमार्थिक एवं व्यवहारिक।
पारमार्थिक सत्य एक हो भने
व्यवहारिक सत्य दुई हो।
एकबाट कुनै कुरोको उद्भूत हुँदैन
त्यसको लागि दुईको जरुरत पर्दछ।
'दुईटै हात चाहिन्छ करताली बजाउन'
उही एक शिलाका दुई टुक्राको आपसी घर्षणमै
आगोको झिल्को निस्कने हुन्छ।
उपर्युक्त व्यावहारिक सत्यका द्विभेद छन्
स्त्रीन्द्रिय तथा पुरुषेन्द्रिय
स्त्रीन्द्रिय योनि हुन् भने पुरुषेन्द्रिय लिङ्ग
सम्पूर्ण ब्रह्माण्ड योनिमय छ –
देवराज इन्द्रका सबै अङ्गप्रत्यङ्ग योनिरूप भए अनुरूप
तर पुरुषेन्द्रिय योनि मै अन्तर्हित भई रहेको हुन्छ
ठूला जलाशयको गहिराईमा वेतालरूप वडवानल
अवस्थित रही त्यसमाथि ना अवस्थित छ
अनि ती दुईको संसर्गबाट सृष्टिरूप चलिरहेको हुन्छ
यो ब्रह्माण्डमा
ती दुईको बिछोड कहिल्यै हुँदैन
साँच्चै भन्ने हो भने ती दुईको आपसी बिछोड नै प्रलय हुनु हो
यद्यपि उपर्युक्त दुईको आपसी संसर्ग अहोरात्र हुने भनिएतापनि
प्रमुख रूपले दिनराती गरी चार सन्ध्या समय मानि
उक्त समय केही नगर्नु भन्ने कथन छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चखेवाका भालेपोथीको आपसी संसर्ग भइरहेको समय गुलेली लाग्नाले
आर्त्तनाद गरिँदा दुःखले द्रवीभूत भई वाल्मीकिको मुखबाट
मा निषाद् कविता अनायास प्रष्फुट भएको थियो
ऋषि कौडिण्यको पत्नीसँगको संसर्ग हुँदाको समय वाण लाग्नाले
आहत हुँदा तिनले राजा पाण्डुलाई ठूलो श्राप दिएका थिए
यसैले ती समय अरूहरूका लागि निषेधित रहेतापनि
सन्ध्या स्वयंको लागि आनन्दानुभूतिको थियो
यस यर्थाथलाई बिर्सन मिल्दैन
योनिमय यो विश्वमा आँखाको नानी समान रहेको
लिङ्गको अध्ययन अन्वेषण हुनु नितान्त जरुरी थियो
यसको पूर्ति आज स्वयं सन्ध्याबाटै भएको छ
सन्ध्या हुन् स्त्री
यसैले उनी सक्रिय छिन्
सक्रिय स्त्रीको उपस्थितिमै सम्पूर्ण सृष्टि सम्भव हुने हुन्छ
नत्र शिव शवमै सिमित हुन्छन् शिव नभई
शिव शिव तब हुन्छन् जब तिनमा कालीरूपिणी शक्ति अवस्थित रहन्छिन्।

हरिराम जोशी
पोडिखेल, लगनखेल
२०८०।०१।१३।४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

भगवान् शिवलाई साकार र निराकार गरी दुई स्वरूपमा उपासना गरिन्छ। निराकार स्वरूपअर्न्तगत उनलाई लिङ्गरूपमा उपासना गरिन्छ। लिङ्गका विभिन्न भेद – निष्कललिङ्ग, मुख अङ्कित लिङ्ग, सकललिङ्ग अर्थात् लिङ्गमा सम्पूर्ण शरीर अङ्कित गरिएको तथा लिङ्गोद्भव अर्थात् लिङ्गबाट स्वयं भगवान् शिव उत्पन्न स्वरूपमा उपासना गरिन्छ। यी स्वरूपहरूमध्ये नेपालमा भने शिवको निष्कललिङ्ग तथा मुखलिङ्ग (एक, चार, पाँच) अत्यधिक संख्यामा निर्माण भई उपासना गरिएको देखिन्छ। शिवको सकल तथा लिङ्गोद्भव स्वरूप भने नेपालमा हालसम्म पाइएको छैन। त्यस्तै शिवलाई साकारस्वरूपअन्तर्गत एकल, उमामहेश्वर, उमालिङ्गित, अर्धनारीश्वर, नटराज, भैरव, छत्रचण्डेश्वर, हरिहर आदि स्वरूपमा प्रतिमा निर्माण गरी उपासना गरिएको पाइन्छ।

नेपालमा प्राचीनकालका अत्यन्त न्यून संख्यामा मानुषलिङ्ग अर्थात् मानवद्वारा निर्मित शिवलिङ्ग प्राप्त भएका छन्। यस कालमा मानुषलिङ्गको दाँजोमा स्वयम्भूवलिङ्गको उपासना बढी प्रचलित रहेको बुझिन्छ। त्यस्तै प्राचीन समयमा शिवको साकारस्वरूपमध्ये शिवलाई उमामहेश्वर अर्थात् उमा र शिव आफ्ना वाहन नन्दी तथा पुत्र कार्त्तिकेय कुमारका साथ कैलाशमा सुखासनमा बसेका प्रतिमा ज्यादै नै लोकप्रिय रहेको देखिन्छ। शिवको यस स्वरूप अत्यन्तै मनपराइएकै कारण तत्कालीन समाजमा अत्यधिक संख्यामा पाइने मातृकाका प्रतिमाहरू पछि दोस्रो श्रेणीमा उमामहेश्वरको मूर्ति मान्न सकिन्छ, जुन विष्णु, हरिहर, विश्वरूप, ब्रह्मादी चतुमूर्ति आदि विविध देवीदेवताका दाँजो अत्यन्त बढी संख्यामा प्राप्त छन्। पाटन चामुण्डा मन्दिर, पाटन पुरातत्त्व बगैंचा, देउपाटन वरुणधारा, चाँगु छिन्नमस्ता मन्दिर, शङ्खमूल सिकुबहि आदि क्षेत्रमा पाइएका उमामहेश्वर प्रतिमाहरू यिनका उत्कृष्ट उदाहरण हुन्। उमामहेश्वरका मूर्ति फलक यसपछि पनि निरन्तर नेपाली कलाकारद्वारा अत्यन्त मनपराइएको विग्रह रहेको कारण प्राचीनकालदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिच्छविकाल, मल्लकाल हुँदै पछिल्लो कालसम्म पनि एकै विषयवस्तुमा अलगअलग ढङ्गले बढ्दो अलङ्करणसहित प्रतिष्ठा गरिएको पाइन्छ। तर समस्त नेपालमण्डलअन्तर्गत पाइएका भगवान् शिवको विविध स्वरूपको प्रतिमाहरूसँग प्राप्त शिवलिङ्गहरूको तुलना गर्ने हो भने शिवलिङ्गको संख्या अत्यधिक छ। शिवलिङ्ग मठ, मन्दिर, दोबाटो, चौबाटो, चौर, गल्ली, ढुङ्गेधारा, नदीकिनार, कुण्ड आदि जलाशयमा यत्रतत्र छरिएर रहेका छन्। भगवान् शिवको साकारस्वरूपको दाँजोमा यस निराकारस्वरूपको अत्यधिक उपासना भएको देखिन्छ।

यसरी प्राचीनकालदेखि उपासना गरिँदै आएको लिङ्गको वास्तविक अर्थ के हो? शङ्ख, चक्र, गदा, पद्म, त्रिशूल, डमरु, धनु, वाण आदि आयुध वा चिह्न विभिन्न देवीदेवताको पर्याय हुन्। एकै चिह्न विविध देवीदेवताको प्रतीकसमेत मानिन्छन्। तर लिङ्ग चिह्न भगवान् शिवको प्रतीकात्मक चिह्न वा स्वरूप मानेर उपासना गर्नु रहस्यमय मानिन्छ। सैन्धव सभ्यताको उत्खननमा माटो तथा प्रस्तरका लिङ्ग तथा चक्राकाररूपी योनि पाइएका छन्। यी चिह्न उपासनाका वस्तु थिए वा थिएनन्, यिनको निर्माण कसले गरे, तिनको उपासना शिवको रूपमा गरियो वा सृष्टिको प्रतीकको रूपमा भन्ने कुरा खोजीको विषय थियो। वेदमा रुद्रको अत्यधिक संख्यामा मन्त्र छन् तर लिङ्ग स्वरूपको कतै चर्चा पाइँदैन। यस अर्थमा लिङ्गको उपासना हिन्दु समाजमा कहिलेदेखि सुरु भयो भन्ने प्रश्न उठ्दछ। विभिन्न देवीदेवताका प्रतिमा निर्माणमा महत्त्वपूर्ण निर्देशन गर्दै आएको प्रतिमा विज्ञानले लिङ्ग निर्माणमा पनि आवश्यक विधान निर्देशित गरेको छ। प्रतिमा लक्षणको पालना गरी शिवलिङ्ग निर्माण गरिन थाले पश्चात् पनि प्राचीनकालमा निर्मित शिवलिङ्ग र पछिल्ला कालका लिङ्गबिच अवश्य समानता, भिन्नता वा भेद रहे होलान्। त्यस्तै नेपालको परिप्रेक्ष्यमा लिङ्गको उपासना कुन समयदेखि भयो भन्ने कौतुहलता रहन्छ। यहाँ यत्रतत्र पाइने स्वयम्भूवलिङ्ग के मानुषलिङ्गको प्रारूप हुन् त? यस्ता स्वयम्भूवलिङ्ग नेपालमा के कति छन् र ती प्राकृतिक स्वरूपमै छन् वा परिवर्तित भए। यहाँ अवस्थित मानुषलिङ्गमा के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कस्ता विशेषता छन् आदि अनगिन्ती प्रश्नहरूले बारम्बार घच्घच्याइ रहेको कारण शिवलिङ्गसम्बन्धी उठेका प्रश्नहरूको उत्तर खोज्ने प्रयत्न गरी यसको अध्ययन गर्ने जमर्को गरिएको हो।

यस पुस्तक तयार पार्दा कयौँ साहित्यिक स्रोतहरू सन्दर्भ ग्रन्थका रूपमा प्रयोग गरिएका छन्। वेद (ऋग्वेद, यजुर्वेद, अर्थववेद), उपनिषद् (ईशाद्यष्टोत्तरशतोपनिषद्), पुराण (शिवपुराण, लिङ्गपुराण, वराहपुराण, अग्निपुराण, वामनपुराण, मत्स्यपुराण, स्कन्दपुराण, हिमवत्खण्ड), महाकाव्य (रामायण, महाभारत, श्रीमद्भागवत्गीता) आदि ग्रन्थहरूमा लिङ्गसम्बन्धित विविध पक्षहरूको वर्णनको आधारमा लिङ्गको उजागर हुन बाँकी रहेका विविध पक्षलाई यहाँ विश्लेषण गरिएको छ। देवीदेवताको प्रतिमा निर्माण सम्बन्धमा विष्णुधर्मोत्तरपुराण, अग्निपुराण, मत्स्यपुराण, बृहद्संहिता, मयमत, समराङ्गसूत्र, गोपीनाथ रावद्वारा लिखित *'द एलिमेन्ट्स अफ हिन्दु आइकोनोग्राफी'* आदिमा प्रतिमा लक्षण निर्देशित गरिएका छन्। तिनै ग्रन्थहरूका आधारमा लिङ्ग र पीठिकाको प्रतिमा लक्षण, बनावटको आधारमा तिनको भेद साथै प्राणप्रतिष्ठा विधि आदिको विवेचना गरिएको छ। नेपाल लिङ्गमय छ, भगवान् पशुपतिनाथको क्रिडास्थल पाशुपत क्षेत्रमा अनगिन्ती शिवलिङ्ग छन्। प्रायः हरेक मठ, मन्दिर तथा बस्तीबस्तीमा शिवलिङ्ग स्थापित छन्। उपत्यका वरपरका क्षेत्रमा अनगिन्ती स्वयम्भूव शिवलिङ्ग रही तिनको प्राचीनकालदेखि नै उपासना हुँदै आएको छ। प्राचीनकाल, लिच्छविकाल तथा मध्यकालमा स्थापना भएका शिवलिङ्ग तथा यी लिङ्गहरूको वर्तमान अवस्थाको अध्ययनका निम्ति विभिन्न विद्वान्हरूद्वारा लेखिएका पुस्तक, लेख, रचना आदि अत्यन्त महत्त्वपूर्ण रहेका छन्। यस अध्ययनको क्रममा लिङ्गको उपासना विधि तथा लिङ्गसँग सम्बन्धित अन्य तथ्य जान्नका निम्ति लिङ्गका अर्चकहरू तथा जानकार व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ। त्यस्तै उपत्यकाका विभिन्न तीर्थस्थल, स्वयम्भूवलिङ्ग अवस्थित क्षेत्रहरू भ्रमण गरी तस्बिर संकलन गरिएको छ। यस पुस्तकमा राखिएका केही तस्बिरहरू सामाजिक सञ्जालबाट उद्धृत गरिएका छन्। यी तस्बिर पोष्ट गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिचित अपरिचित व्यक्तिहरूप्रति आभार व्यक्त गर्दछु। यस पुस्तक प्रकाशन गरिदिनु हुने तन्त्रचर्चा परिवारका साथै श्रीसन्दिप सापकोटाज्यू प्रति हृदयदेखि हार्दिक आभार प्रकट गर्दछु। यस पुस्तकमा भएका कमीकमजोरी औँल्याई दिनुभएमा कृतज्ञ हुँदै दोस्रो संस्करणमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। अध्ययन, अनुसन्धान निरन्तर चलिरहने प्रक्रिया हो। अतः यस पुस्तकको दोस्रो भागमा शिवलिङ्ग सम्बन्धमा समेट्न बाँकी अन्य थुप्रै तथ्यहरू साथै समावेश गरेर अर्को भाग निकाल्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

डा.सन्ध्या खनाल पराजुली
सह–प्राध्यापक
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शैव धर्मको विकासक्रम	१
नेपालमा शैव धर्म र प्रचलित शैव सम्प्रदायहरू	२३
लिङ्गपूजाको प्राचीनता	३२
शिवलिङ्गका प्रकार	५२
शिवलिङ्ग र पीठिकाको प्रतिमा लक्षण	६४
लिङ्ग तथा पीठिका प्रतिष्ठा विधि	७७
लिङ्ग उपासनाका प्रचलित विधिहरू	८३
शिवलिङ्ग उपासनाको महिमा	८९
नेपालमा लिङ्गोपासना र चौसट्ठी स्वयम्भुव लिङ्गहरू	९४
नेपाली अभिलेखमा शिवलिङ्ग	१७५
नेपालका प्राचीन एवं लिच्छविकालीन शिवलिङ्गहरू	१८८
लिच्छविकालीन शिवलिङ्गहरू	१९२
नेपालका मध्यकालीन शिवलिङ्गहरू	२१२
उपसंहार	२४१
सन्दर्भ ग्रन्थ सूची	२४७
चित्रसूची	२५३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग

शैव धर्मको विकासक्रम

त्रिदेवमध्ये ब्रह्मा सृष्टिकर्ता, विष्णु स्थितिकर्ता तथा शिव लयकर्ता मानिन्छन्। *'प्रलयकाले चराचरं जगत् शेतेऽस्मिन् इति शिव'* अर्थात् प्रलयकालमा सम्पूर्ण चराचर जगत् जुन कारण स्वरूपमा लीन हुन्छन् ती नै शिव हुन्। शैव धर्म विश्वमा विद्यमान धर्महरूमध्ये प्राचीन धर्म हो। ताम्रयुगीन पुरातात्त्विक अवशेष साथै वैदिक, ब्राह्मण, उपनिषद्, पुराणादि साहित्यहरूले उक्त कुराको पुष्टि गरेका छन्। सिन्धुघाटी सभ्यताको उत्खनन गर्ने क्रममा मोहेन्जोदाडो क्षेत्रमा माटोका थुप्रै सिलछाप पाइएका थिए। जसमध्ये इ.पू. २१००–इ.पू.१७०० को एउटा सिलमा तीन मुख भएको, दुवै हात फैलाई घुँडामाथि राखी योगासनमा बसेको, उर्ध्वलिङ्ग सहितको, शिरमाथि तिखो घुम्रिएको त्रिशूल आकारको मुकुट धारण गरेको मानवाकृति अङ्कित सिलछाप पाइएको छ। उक्त मानव–पशु आकृतिको वरिपरि हात्ती, बाघ, गैँडा, भैँसी आदि पशुहरू रहेका छन्। यस आधारमा विद्वान्हरूले उक्त आकृतिलाई पशुपतिको संज्ञा दिएका छन् (हन्टिङ्गटन, १९८५, पृ. २०)। अर्कोतर्फ सिन्धुघाटी सभ्यताको उत्खननमा मोहेन्जोदाडो, हडप्पा क्षेत्रमा माटो तथा प्रस्तरद्वारा निर्मित इ.पू.२३००–इ.पू.१७०० कालीन लिङ्गका साथै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्राकार छिद्र भएका योनिका प्रतीकहरू पाइएका छन्। यसरी सिन्धुघाटी सभ्यताताका नै लिङ्ग तथा योनिको पूजा प्रचलनमा थियो भन्ने कुराको प्रमाण यी पुरातात्त्विक अवशेषहरूले गर्दछन्। सिन्धुसभ्यताताका शैव सम्प्रदाय जस्तै मातृशक्ति वा शाक्त सम्प्रदाय पनि फष्ट्याएको थियो। उक्त कुरा मोहञ्जोदाडो तथा हरप्पा क्षेत्रमा उत्खनन गर्दा पाइएका नारी आकृति अङ्कित सिलछाप तथा नारी मूर्तिहरूले पुष्टि गर्दछन्। यी दुई धर्मको इतिहास केलाउँदा शैवधर्मजस्तै शाक्तधर्म पनि स्वतन्त्ररूपमा मानव सभ्यतासँगै विकास भएको देखिन्छ। वैदिककालमा उषा, अदिती, सावित्री, शचि, वाक्शक्तिजस्ता मातृशक्तिहरूको उपासना भएको पाइन्छ। तर कालन्तरमा यी देवीको अस्तितत्व बिस्तारै हराउँदै गई पौराणिक युगसम्म आइपुग्दा उमा, काली, कामाख्या, सप्तमातृका, अष्टमातृका, नवदुर्गा, दशमहाविद्या आदिका रूपमा शाक्त उपासना झाँगिन पुगेको तथा यी विविध मातृशक्तिहरू शिवको शक्तिरूपमा विभिन्न स्वरूपमा परिचित हुन पुगेको देखिन्छ।

वैदिक युगमा शिव बेग्लै स्वरूपमा परिचित थिए। ऋग्वेदमा शिव रुद्र (रौद्र) का रूपमा प्रख्यात थिए। ऋग्वेदमा उनी कठोर एवं उदण्ड देवता, *'वज्रवाहो'* अर्थात् हात वज्र धारण गर्ने देवका रूपमा उपासित थिए। त्यसैले उनलाई आफ्ना आयुध टाढा राखी मानिसहरूको रक्षा गर्न निकै ऋचाहरूमा आवाहन गरिएको पाइन्छ (ऋग्वेद २।३३।३)। रुद्रलाई *'पशुप'* अर्थात् पशुहरूका मालिक वा पतिको संज्ञा दिइएको छ। *'आरे ते गोघ्नमुत पूरुषघ्नं क्षयद्वीर सुम्रमस्मे ते अस्तु'* अर्थात् क्रोधित हुँदा उनले पशु तथा मानिसको संहार गर्ने हुँदा उनको शस्त्रद्वारा तिनलाई कष्ट नगर्न, वृद्धहरूलाई नसताउन, बालकहरूको हिंसा नगर्न, बलिष्ठ युवा वा पुरुषलाई घात नगर्न, गर्भस्थ शिशुलाई हिंसित नगराउन, मातापिताको नाश नगर्न र आफन्तको शरीरलाई कष्टमा नपार्न अनुरोध गरिएको छ (ऋग्वेद १।११४।७,९-१०)। रुद्र *'अर्हन्बिभर्षि सायकान्ति धन्वार्ह'* अर्थात् धनुषवाण धारण गर्दछन् (ऋग्वेद २।३३।१०) उनको *'इमा रुद्राय स्थिरधन्वने गिरः क्षिप्रेषवे'* अर्थात् धनुष अत्यन्त सुदृढ छ। उनले शीघ्रगामी वाण चलाउने हुँदा ती आयुधदेखि भयभित भई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो रक्षार्थ गायक (आर्य) हरूले रुद्रदेवलाई स्तोत्रद्वारा हानी नपुऱ्याउन अनुरोध गरेका छन् (ऋग्वेद ७।४६।१)। यसका साथै रुद्रको रौद्र, संहारकारी, हिंसात्मक, कठोर, *'उग्र'* (ऋग्वेद,१०,१२६,५), *'कपर्दिन'* जटाधारी (ऋग्वेद १।११४।५) *'भीममुपहत्नुमुग्रम्'* भय उत्पन्न गर्ने (ऋग्वेद २।३३।११) रूपको वर्णन ऋग्वेदमा छ। ऋग्वेदमा एकातर्फ रुद्रको रौद्ररूपको वर्णन छ भने अर्कोतर्फ यिनको सौम्य तथा असल रूपको चर्चा छ। रुद्रलाई *'भेषज'* वैद्यहरूका उत्तम वैद्य, *'मृडयाकुर्हस्तो'* औषधि प्रदान गर्ने सुखदायी हात भएका (ऋग्वेद २।३३।४-७), *'सहस्र ते स्वपिवात भेषजा'* सहस्र रोगको औषधी जान्ने भेषजका रूपमा वर्णन गर्दै उनलाई आफ्ना बालबच्चा ख्याउटे नबनाइदिन अनुरोध गरिएको छ (ऋग्वेद ७।४६।३)। रुद्रलाई *'तवस्तमस्तसां'* बलवान्हरूमा सबैभन्दा बलवान् मानी उनको तुलना वराह तथा वृषभसँग गरिएको छ (ऋग्वेद, १,११४,५, २,३३,७)। रुद्र *'कद्रुदाय'* ज्ञानसम्पन्न (ऋग्वेद १।४३।१), उनी *'बृहन्तमृष्वमजरं सुषुम्नमृधग्घुवेम कविनेषितास'* अर्थात् दर्शनीय, नबुढिने (सदा यौवन) तथा सुख प्रदायक (ऋग्वेद ६।४९।१०) रहेको बताउँदै उनलाई *'ईशानादस्य भुवनस्य भूरेर्न'* अर्थात् ईशान र समस्त भुवनको भरण पोषण गर्ने (ऋग्वेद २।३३।९)। *'भुवनस्य पितरं'* भुवनका पिताको उपाधि दिइएको छ (ऋग्वेद ६।४९।१०)। ऋग्वेदमै रुद्र *'त्रयम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् ऊर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात्'* अर्थात् तीन माता वा दिदी बहिनीका देवको रूपमा वर्णन गरिएको छ र उनलाई प्राणीलाई बन्धनबाट मुक्ति दिलाउन र मृत्यु हरण गरी अमृत प्रदान गर्न आवाहन गरिएको छ (ऋग्वेद ७।५९।१२)। यसरी ऋग्वेदमा रुद्रलाई एकातर्फ रौद्र वा संहारकारी देवताको रूपमा मान्दै तिनका शस्त्रबाट आफ्ना सन्तान, पशु आदिको सुरक्षाका निम्ति प्रार्थना गर्दै *'मा नो वधी रुद्र मा परा दा मा ते भूम प्रसितौ हीडितस्य'* अर्थात् हामीलाई नमार, तिम्रो क्रोधले हामीलाई नगाँज भनिएको छ (ऋग्वेद ७।४६।४) भने अर्कोतर्फ रुद्र कल्याणकारी देवताका रूपमा वर्णन गर्दै मानिसलाई पापबाट जोगाई हित गर्ने (ऋग्वेद ५।५१।१३), आफ्ना अश्व, बालिका, भेडा, नर-नारी, गाईका मङ्गलकारक (ऋग्वेद १।४३।६), मानिसका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोग निर्मूल गर्ने भेषज, भुवनका पति तथा समस्तद्वारा पूजिएका शक्ति सम्पन्न रौद्र देव हुँदा उनलाई आफूहरूलाई नत्याग्न अनुरोध गरिएको छ (ऋग्वेद ७।४६।४)।

यजुर्वेदमा रुद्र तथा उनका उपासकबिच घनिष्ट सम्बन्ध देखिन्छ। रुद्र मात्र नभई उनका शस्त्र धनुष, वाण तथा उनको रिसाहा प्रवृत्ति जसले वैदिक उपासकहरूको मनमा एक प्रकारको त्रास उत्पन्न गराएको छ, उक्त आयुध तथा उनको रौद्र रूप नै यस कालमा मानिसको श्रद्धा र भक्तिको माध्यम बनेको देखिन्छ। शुक्ल यजुर्वेदको वाजसनेयी संहितामा रुद्रलाई आफ्ना धनुको डोरी खुस्काएर मूजवान् पर्वत नाघेर कैलाशमा निवास गर्न तथा *'अहिंसन्नशिवोर्तो'* उनलाई अहिंसक बन्न अनुरोध गरिएको छ (शुक्लयजुर्वेद ३।६१)। ऋग्वैदिक रुद्रलाई यजुर्वेदमा सौम्य शिवको रूपमा रहन आवाहन गरिएको पाइन्छ। तैत्तिरीय संहितामा रुद्रका अन्य आयुधहरू मध्ये गायकहरू उनको धनुषवाणदेखि त्रसित भई *'नमो बाहुभ्याम् तव धन्वने'* मन्त्रको उच्चारण गर्दै उनले बाहुमा धारण गर्ने ती आयुधको उपासना गरेका छन् (तैत्तिरीय संहिता ५।१।१४)। गायकहरूले रुद्रलाई धनुषको डोरो खुकुलो राखी आफ्ना बाहुबाट वाण नफ्याक्न आग्रह गरेका छन्। उनीहरू रुद्रको धनुष डोरो रहित तथा उनको वाण धारण गर्ने ठोक्रो बोधा वाणयुक्त हुन् भन्ने चाहेका छन् (तैत्तिरीय संहिता ५।१। ९,१०,३)। धनुर्वाण बाहेक रुद्रले धारण गर्ने खड्गदेखि पनि मानिसहरू त्रसित छन् (तैत्तिरीय संहिता ५।१।२०)। यसरी वैदिक साहित्यमा रुद्रको पर्यायका प्रतीक उनका शस्त्र धनुष, वाण तथा खड्ग आदि रुद्रजस्तै रौद्र मानिए पनि त्रिशूलको भने कतै उल्लेख पाइँदैन। त्रिताप नाशका प्रतीक त्रिशूल पौराणिक युगपछि मात्र गएर शिवको आयुध बनेको देखिन्छ। त्यस्तै शुक्लयजुर्वेदको वाजसनेयी संहितामा त्रयम्बक रुद्रलाई मृत्युको देवता वा मृत्युबाट मुक्त गर्ने देवताको रूपमा मानिएको छ (शुक्लयजुर्वेद २।५९।६०)। तैत्तिरीय संहितामा *'शिव तनुह'* (तैत्तिरीय संहिता ४।१।२) रुद्रलाई शिवको रूपमा वर्णन गर्दै उनको तन/शरीर अत्यन्त सुन्दर रहेको, उनका *'सहस्राक्ष'* सहस्र नेत्र रहेका (तैत्तिरीय संहिता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४।५।१,८), *'हिरण्यकेशाय', 'हिरण्यवाहवे'* (तैत्तिरीय संहिता ४।५।१,१७) उनको केश तथा बाहु सुनौलो रहेको, उनी *'नीलग्रिवाय'* निलो कण्ठ रहेको (तैत्तिरीय संहिता ४।५।१,८), छोटो कदको रहेको (तैत्तिरीय संहिता ४।५।१,३०), उनको शिरमा विशेष किसिमको जटा रहेकै कारण *'कपर्दिन'* भनिएको तथा उनी (तैत्तिरीय संहिता ४।५।१,२०) *'गिरिश', 'गिरिशाय'* पर्वतमा निवास गर्ने देवता रहेको रूपमा वर्णन पाइन्छ (तैत्तिरीय संहिता ४।५।१।४,२९)। यजुर्वेदमा रुद्रलाई *'संभवे च मयोभवेच'* संवृद्धि तथा आनन्द प्रदायक देवताको रूपमा उनको जयकार गर्दै (तैत्तिरीय संहिता ४।५।१,४१) उनका उपासकहरूले शुभेच्छुक शब्दसहित रुद्रलाई आफ्ना पशु तथा सन्तान स्वस्थ्य र संवृद्ध राख्नका निम्ति विनय गरेका छन्। रुद्र शुभप्रदायक भएकै कारण उनको नाम शिव तथा उनले संवृद्धि प्रदान गर्ने हुंदा उनको नाम शंकर रहेको कुरा तैत्तिरीय संहिता वर्णन छ (तैत्तिरीय संहिता ४।५।१,४१)। यजुर्वेदमा रुद्रयाग र शतरुद्रीय हवन नामक अध्याय छ। उक्त अध्यायमा रुद्रका अन्य सयौं रूपको स्तुति गरिएको छ। शिवको रुद्राभिषेकको क्रममा हालपनि सोही मन्त्रको पाठ गर्ने प्रचलन छ। यसरी यजुर्वेदकालमा रुद्र रौद्र देवबाट बिस्तारै न्यायकारी, हितकारी देवताका रूपमा परिचित हुँदै हिमालयमा बस्ने देवताका रूपमा मानिएको देखिन्छ।

अथर्ववेदका ऋचाहरूमा ऋग्वेद, यजुर्वेदमा जस्तै रुद्र डरलाग्दा देवताका रूपमा वर्णित छन्। अथर्ववेदमा रुद्रलाई भव, शर्व नामले सम्बोधन गरिएको छ, जुन रुद्रकै समान वा *'भव राजन यजमानन्य म्रद'* रौद्र देव भनिएको छ (अथर्ववेद ११।२।२८)। यी दुई मध्ये शर्वले सुनौलो वाण धारण गर्दछन्। उनी (अथर्ववेद ११।२।१२) सर्वश्रेष्ठ धर्नुधर रहेका र यी दुवै *'नमस्येभ्यो नमं एभ्य'* भक्ति तथा श्रद्धा गर्न योग्य रहेको वर्णन छ (अथर्ववेद ६।९३।२)। अथर्ववेदमा यी दुवैका नाम युगल रूपमा लिई मानिसलाई सुख प्रदान गर्न र रक्षा गर्न आवाहन गरिएको पाइन्छ (अथर्ववेद ११।२।१४)। उग्र स्वभाव भएका यी भव शर्वलाई हिंसात्मक र पीडा दिने मानिसहरू माथि *'धत्तं वज्रमुग्रौ'* वज्र खसाल्न (अथर्ववेद ४।२८।६) तथा पापी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्र/मन्त्रका ज्ञाता, जादुटुना गर्ने माथि वज्र प्रहार गर्न भनिएको छ। तर *'प्रतिहितं अयतं मा विसस्त्रं'* असल मानिसलाई लक्षित गरेर वाण प्रहार गरी आहत नगर्न (अथर्ववेद ११।२।१), *'भर्वाशर्वौ द्विपदो यौ चतुंष्पदस्तौ नो मुञ्चतमंहंस'* मानिसका दोपाया तथा चौपायालाई कष्ट नदिन र *'वृत्रहणा'* शत्रु र अन्धकारको नाश गर्न आह्‌वान गरिएको छ (अथर्ववेद ४।२८।१।२)। वैदिक युगमा रुद्र आफ्नो न्याय व्यवस्थाले पापीलाई शारीरिक र आत्मिक दुःख दिन्छन् तर सुकर्म गर्नेलाई तिनको क्लेश हटाई आनन्दित गराउँछन् (अथर्ववेद ६।९०।१) र मानिसहरूमा उनको अनुग्रह रहेमा ती पुरुषार्थपूर्वक आफ्ना कार्य गर्न सक्षम रहने विश्वास राखिन्थ्यो (अथर्ववेद ६।५७।३)। यस्ता बहुगुण सम्पन्न रुद्रको *'सहस्राक्षेन रुद्रेन'* सहस्र नेत्र रही (अथर्ववेद ११।२।७)। उनी *'श्यावाश्याम कृष्णं असितम'* कालो वर्णको रहेका (अथर्ववेद ११।२।१८) उल्लेख गर्दै उनको मुहार, नेत्र, रूप, बाहु, उदर, जिह्वा, मुख, दन्त, नासिका आदि अङ्गअङ्गको उपासकद्वारा वन्दना गरिएको छ (अथर्ववेद ११।२ ।५–६)। रुद्र विशाल रथमा आरूढ भई विचरण गर्दछन् (अथर्ववेद ११।२।१८)। यस अर्थमा अथर्ववेदमा रुद्रको मानवीश्वरीय स्वरूपको कल्पना गरी उनको उपासना गरिएको बुझिन्छ। अर्थवेदमै रुद्रलाई पशुपति भनिएको छ। गाई, अश्व, मानिस, अज तथा भेडा गरी पाँच पशु रुद्रको अधीनमा रही उनी तिनका पति हुन् (अथर्ववेद ११।२।९)। यसै वेदमा रुद्रलाई पहिलो पटक महादेवको संज्ञा दिइएको पाइन्छ। त्यस्तै अथर्ववेदको पन्ध्रौं काण्डमा व्रात्यको उल्लेख छ, जसको गुण रुद्रकै समान छ। व्रात्यले ठूलो देवत्वको पद धारण गर्दा देवताहरूको मतअनुरूप रुद्रले सबै दिशामा भव, शर्व, पशुपति, उग्र, रुद्र, महादेव, ईशानको रूप धारण गरी धनुवाण लिई व्रात्यको रखवारी गरेका थिए (अथर्ववेद १५।१।२१)। यसरी रुद्र चारै दिशाका संरक्षक रहेका देखिन्छन्। उनलाई स्वर्गका शासक, पृथ्वीका पति (अथर्ववेद ११।२।१०) भनिएको छ। यस आधारमा अथर्ववेदमा रुद्रको पद अत्यन्त उच्च देखिन्छ। सामवेद संगीतको आद्यस्रोत हो। भगवान् शिवको नाट्येश्वर स्वरूपबाटै नृत्य तथा गायनका 'सारेगमपधनिसां' सात स्वर प्रतिपादित भएका हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणयुगसम्म आइपुग्दा वैदिक युगीन कतिपय देवताहरूको अस्तित्व हराउँदै गयो। रुद्र भने यस कालमा अझ शक्ति सम्पन्न देवता बन्न पुगेका छन्। ऐतेरेय ब्राह्मण अनुसार रुद्र उक्त कालमा आफ्नो प्रभुत्व जमाउन सफल प्रजापतिका प्रतिद्वन्दी देखिन्छन् (ऐ.ब्रा. २।३३)। तर पनि रुद्रले प्रजापतिमाथि आफ्नो वर्चस्व कायम राख्न सफल भएको कुरा सोही ब्राह्मण तथा शतपथ ब्राह्मणले गरेको छ (श.ब्रा. १।७।४।१)। कौषीतकि ब्राह्मणले रुद्रको महान्ताको चर्चा गर्दै उनको पद ब्राह्मणकालीन देवताहरूमध्ये सर्वोच्च रहेको कारण उनलाई ईशानको संज्ञा दिएको छ। यसरी ईशान नामद्वारा रुद्रले उच्च पद धारण गर्नुका साथै उनको शक्ति वा शासकीय क्षमताको वर्णन कौषीतकि ब्राह्मणले पनि गरेको छ। त्यस्तै शतपत ब्राह्मणमा रुद्र पशुका शासक अर्थात् पशुपति रही उनले समस्त प्राणीलाई लखट्ने तथा उनी ती समस्त प्राणीको विनाश गर्न सक्षम रहेका कारण मानव मात्र नभई देवताहरू समेत उनीद्वारा भिरिएको धनुष तथा वाणद्वारा त्रसित रहने वताएको छ (श.ब्रा. ९।१।१।१-६)। शतपथ ब्राह्मणले रुद्रलाई दिइएको पशुपति नामको कौषीतकि ब्राह्मणले पनि समर्थन गर्दै उनलाई रुद्र, ईशान, पशुपतिसहित भव, शर्व, उग्र, महादेव र असनी गरी अन्य आठ नामहरूले सम्बोधन गरेको छ (कौ.ब्रा. ६।१।३।१०-१८)। सांख्यायन ब्राह्मणले रुद्रका उक्त आठ नामको जल, अग्नि, वायु, नक्षत्र, वृक्ष, आदित्य, चन्द्र, पूषण तथा इन्द्रसँग संलग्नता रहेको बताउँछ (सां,ब्रा. ६।१।२-९)। त्यस्तै शतपथ ब्राह्मणले रुद्रको सय शिर रहेको, उनका सहस्र नेत्र रहेको, उनी सुवर्ण बाहुयुक्त रही तिनमा वाणले भरिपूर्ण सय ठोक्रो धारण गर्दछन् र उनी गणका नायक रहेको उल्लेख गर्दछ (श.ब्रा. ४।१५७।१६०)। यसबाट रुद्र ब्राह्मणकालमै गणका अधिपतिका रूपमा परिचित रहेको देखिन्छ। यसरी ब्राह्मणकालमा रुद्रका केही दयावान् रूपको वर्णन गरिए तापनि प्रारम्भका केही सूक्त अनुसार उनी *'मन्यु'* रिसाहा रहेको (श.ब्रा. ३।१५७) साथै शतपथ ब्राह्मणका विभिन्न सूक्तमा उनको परिचय अग्निसित गराइएको छ (श.ब्रा. ३।५१-६४, ४।२०१)। साथै यस्ता रुद्रको उपासना गर्दा गुप्त वा गुह्यविधिले गर्नुपर्ने विधिको उल्लेख छ। विशेष गरी बलि/आहुतिद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्रको उपासना गरेमा उनको कृपाद्वारा उपासक र तिनका सन्तान खोट, दोषरहित, रोगव्याधिरहित हुने तथा भावी सन्तति रक्षित हुने बताइएको छ (श.ब्रा. १।४३८)। शतपथ ब्राह्मण (श.ब्रा.२।६।२।९) तथा तैतेरेय ब्राह्मण (१।६।१०) मा अम्बिकालाई रुद्रकी बहिनीको रूपमा परिचित गराइएको छ, जो पछि पौराणिक कालमा रुद्रको शक्तिका रूपमा देखा पर्दछिन्। त्यस्तै उत्तर दिशा रुद्रको विशेष दिशा रहेको बताइएको छ (श.ब्रा.४।२।१०, ११।१।१।१०)।

उपनिषद्युगमा रुद्रको भिन्दै रूपको वर्णन पाइन्छ। रुद्रको रौद्र रूप, उनका डर लाग्दा शस्त्र तथा उनको मानवीश्वरीय स्वरूपको उपासनाभन्दा यस युगमा रुद्रलाई ब्रह्मतत्त्वसित परिचित गराउँदै उनी अखिल जगत्का सृष्टिकर्ता, परमतत्त्व, लयकर्ता रहेको तथा उनलाई चेतनाका आधारमा साक्षात्कार गर्न सकिने वर्णन छ। माण्डुक्योपनिषद्मा रुद्र/शिवलाई साक्षात् ब्रह्म मानिएको छ। ईशाद्यष्टोत्तरशतोपनिषद्मध्ये कठोपनिषद्, केनोपनिषद्, अर्थवशिरोपनिषद्, माण्डुक्योपनिषद्, पाशुपतब्रह्मोपनिषद्, रुद्रोपनिषद्, रुद्रहृदयोपनिषद्, नारायणोपनिषद् आदिमा रुद्र शिवको चर्चा पाइएतापनि श्वेताश्वेतरोपनिषद्मा रुद्र/शिवको विशेष चर्चा पाइन्छ। श्वेतश्वेतरोपनिषद्मा *'एको हि रुद्रो न द्वितीयाय तस्थुर्य, संचुको चान्तकाले संसृज्य विश्वा भुवनानि गोपाः'* (श्वे.उ. ३।२) रुद्र नै यस लोकका एक मात्र स्वामी हुन्, जो सबै प्राणीमा रहन्छन्। यिनैले लोकको निर्माण र रक्षा गर्दछन् तथा प्रलयकालमा यिनले नै समस्त जगत्लाई समेट्दछन् (राणा, १, पृ. १०५)। रुद्रको महिमाबारे वर्णन गर्दै उक्त उपनिषद्मा *'विश्वतश्चक्षुरुत, विश्वतोमुख, विश्वतोबाहुरुत, विश्वतस्पात्'* (श्वे.उ. ३।३) विश्व नै रुद्रका चक्षु, मुख, बाहु तथा पाद हो (राणा, पृ. १०५)। उनी *'परिस्रिकालाद, निष्कलं, शान्तं निरवद्यं निरञ्जनम्'* (श्वे.उ. ६।५।१९) तीन काल भन्दा पर, कला, कर्म र दोषले रहित (राणा, १, पृ. १०८,१०९) छन्। *'न चक्षुषा पश्यति कश्चनैनम्, हृदा हृदिस्थं मनसा य एनमेवं विदुरमृतास्ते भवन्ति'* (श्वे.उ. ४।२०) यिनको रूप बाहिरी चक्षुले देख्न सकिँदैन र अति सूक्ष्म रहेका कारण हृदयमा अवस्थित रुद्रलाई मनले जान्नु पर्दछ (राणा, १, पृ.१०७)। रुद्र नै *'विश्वस्य*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्रष्टारमनेकरूपम्' (श्वे.उ. ४।१४) समस्त विश्वका अनेकौं शरीररूपी जीवको सृष्टिकर्ता हुन्। उनी सर्वज्ञ, कालका पनि काल, गुणका पनि गुण, प्रकृति एवं प्रधान र आत्माका स्वामी हुन्। उनी नै *'संसारमोक्षस्थिततिबन्धहेतुः'* (श्वे.उ. ६।१६) संसारिक सृष्टि, मोक्ष, स्थितिकर्ता तथा बन्धनका पनि कारण हुन्। श्वेताश्वेतरोपनिषद्मै *'न तस्य कश्चित्पतिस्ति लोके'* रुद्का समान लोकमा अरू कोही ठूला नरहेको, उनका कुनै स्वामी नरहेको, न त उनको कुनै चिह्न नै रहेको उल्लेख रहेको छ। उनी समस्त कारणका पनि कारण तथा *'न चास्य कश्चिज्जनिता न चाधिपः'* (श्वे.उ. ६।९) उनका कुनै ईश्वर, पिता नरहेको बताइएको छ (राणा, १, पृ.१०९)। रुद्र विश्व भन्दा पर र ब्रह्मभन्दा पनि श्रेष्ठ छन् *'विश्वस्यैकं परिवेष्टितारमीशं तं ज्ञात्वामृता भवन्ति'* (श्वे.उ. ३।७) उनी प्राणीको शरीर अनुसार व्याप्त रहन्छन्। यस्ता विश्वका रचयिता रुद्रलाई जान्न सकिएमा अमृततत्त्व प्राप्त हुन्छ। मृत्यु र बन्धनबाट मुक्ति प्राप्त हुने हुँदा उनको परमपदभन्दा अर्को कुनै मुक्तिको मार्ग नभएको वर्णन उक्त उपनिषद्ले गरेको छ (राणा,१, पृ. १०५)। रुद्र नै अग्नि, आदित्य, वायु, चन्द्रमा, सूक्त, ब्रह्म तथा प्रजापति *'त्वं स्त्री त्वं पुमानसि'* (श्वे.उ. १।४।३) उनी नै स्त्री र पुरुष तथा उनी नै सारा लोकको उत्पत्ति स्थल हुन् (राणा, १, पृ. १०६)। यसरी *'एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा, कर्माध्यक्षः सर्वभूताधिवास'* (श्वे.उ. ६।११) सबै प्राणीका अन्तरात्मामा लुकेका यस लोकका स्वामी केवल रुद्र नै रही दोस्रो कोही नरहेको वर्णन गर्दै श्वेताश्वेतरोपनिषद्ले रुद्रको सर्वोच्च पद स्वीकार गरेको छ (राणा, १, पृ. १०७-१०९)। प्राणीले ध्यानको माध्यमद्वारा परब्रह्मरूपी रुद्रलाई साक्षात्कार गरेर मोक्ष प्राप्त गर्न सक्ने बताएको छ। केनोपनिषद्मा रुद्रका साथ उमा हेमवतीको चर्चा छ। यसै उपनिषद्को तृतीय खण्डमा *'हैमवती'* को उल्लेख छ, जसलाई हिमालयकी पुत्री उमाको रूपमा वर्णन गरिएको छ (के.उ. ३।२४।१२)। यिनै उमापछि पौराणिक युगमा रुद्र वा शिवकी पत्नीको रूपमा परिचित छिन्। केनोपनिषद्को चतुर्थ खण्डमा अग्नि, वायु र इन्द्र यी तीनै देवताले शिवको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मस्वरूपलाई जानेको र स्पर्श गरेको तथा सबै देवताहरूमध्ये रुद्र सर्वश्रेष्ठ रहेका कुरा उनै उमा हैमवतीद्वारा वर्णन गरिएको छ (राणा,१,पृ.१३)। अथर्वशिरोपनिषद्मा रुद्रले आफू यो जगत्मा एक मात्र रहेको, भूत, भविष्य, वर्तमान, स्त्री र पुरुष, गायत्रीआदि छन्द, चार वेद उनी नै रहेको बताउँदै देवताहरूका सामु आफ्नो परिचय दिएका छन् (राणा, १, पृ. १३१)। यसै उपनिषद्मा भष्मको महिमाबारे वर्णन छ। भष्मलाई शिवको पर्याय मानिएको छ। *'अग्निरिति भष्म वायुरिति भष्म जलमिति भष्म स्थलमिति भष्म पशुपाश विमोक्षणाय'* (अथर्व.उ. ५) अर्थात् अग्नि, वायु, जल, थलमा शिवभष्मका रूपमा रहेको तथा ब्रह्मरूपी भष्म लेपनले पशुमा विद्यमान् बन्धनरूपी पाशबाट मुक्त भइने बताउँदै पशुपतव्रतको उपासना तथा सो उपासनामा भष्मलेपनको महिमाको वर्णन छ। शरभोपनिषद्मा *'शिव एव सदा ध्येयः सर्वसंसारमोचकः। तस्मै महाग्रासाय महेश्वराय नमः।'* (श.उ. ३१) शिव एक मात्र सत्य रही अन्य सबै झूट रहेको कारण उनलाई सदाशिव भनिएको तथा सदाशिवको सदा ध्यान गरेमा मुक्ति मिल्ने बताइएको छ (राणा, ३, पृ. १०५)। नीलरुद्रोपनिषद्मा रुद्र शिवलाई मृड अर्थात् उनी प्रशंसा गर्न योग्य रहेको, यिनको वाण कल्याणकारी तथा धनुष मङ्गलमय रहेको बताइएको छ (राणा, ३, पृ. १०८)। कालाग्निरुद्रोपनिषद्मा त्रिपुण्ड्र धारणको महिमा तथा अर्थको वर्णन गर्दै स्वयं कालाग्निरुद्रको मुखबाट त्रिपुण्ड्रको तीन रेखाहरूमध्ये पहिलो रेखा ग्राईपत्य अग्नि जुन क्रियाशक्ति वा महादेवीको रूप रहेको। दोस्रो दक्षिणाग्नि सदाशिवको रूप रहेको तथा तेस्रो आहवानीय अग्नि महादेवको रूप रहेको वर्णित छ (राणा, ३, पृ. १०७)। यसरी त्रिपुण्ड्र धारणलाई साक्षात् शिव र शक्ति धारण मानिएको छ। रुद्रहृदयोपनिषद्मा आत्मा (विष्णु), परमात्मा (शिव) तथा अन्तरात्मा (ब्रह्मा) रहेको हुँदा यी तीनै आत्माहरूलाई जानेर परमात्माको आश्रय लिनुपर्ने बताइएको छ। एउटै मूर्तिलाई यस विश्वको कार्यका लागि रुद्रले जगत् विष्णु, धर्म रुद्र तथा ज्ञान ब्रह्मा गरी तीन रूपको बनाएको र रुद्रको नाम जप्नाले सबै देवताको जप हुने र सम्पूर्ण पापबाट मुक्त पाइन्छ (राणा, ३, पृ. ११)। यसरी उपनिषद्ले रुद्र शिव परब्रह्मको रूप रही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणीमा उनी आत्माको रूपमा व्याप्त रहेको तर उनलाई खुला आँखाले देख्न नसकिने हुँदा चेतना र साधनाका आधारमा जान्न सकिने बताएको छ। उनलाई भष्म, त्रिपुण्ड्र, लिङ्गलगायत तत्त्वका आधारमा आत्मसाथ गर्न सकिन्छ। उनले नै उमाका साथ चराचर जगत्को सृष्टि गर्दछन्। उनी नै पालन र लयकर्ता तथा एक मात्र मोक्षदायक रहेको तथ्य उपनिषद्मा औँल्याएको पाइन्छ।

सूत्रकालमा रुद्र शिवको विशेष गरी उपासना विधिको चर्चा पाइन्छ। आश्वालायन गृह्यसूत्रमा रुद्रका महादेव, हर, मृड, शर्व, शिव, भव, भीम, पशुपति, शंकर, ईशान आदि नाम पाइन्छन् (आ.गृ. ४।८।१९)। त्यस्तै रुद्राणी, भवानी रुद्रका शक्तिका रूपमा देखा परेका छन्। यस समयमा रुद्र विशेष गरी रोगव्याधि निवारण तथा रोकथामका प्रमुख देवताका रूपमा पूजिएका पाइन्छन्। मानिसलाई रोग लागेमा चुल्ठी बाटिएका केशयुक्त रुद्रको उपासना गर्ने, उनलाई पाकेको भात र गाभेदुक वनस्पतिको दाना मन्त्रोच्चारणसहित अर्पण गर्नुपर्ने विधानको उल्लेख छ। मानव वा पशुमा कुनै महामारी चलेर उत्पात मच्चिएको खण्डमा रुद्रलाई विशेष बलि दिई पूजा गर्नुपर्ने विधिको बारेमा क्रमशः आश्वालायन गृह्यसूत्र (४।८।४०) तथा साङ्ख्यायन गृह्यसूत्र (५।४।१) मा गरिएको छ। गोठमा दोपाया वा चौपाया रोगले थलिएको खण्डमा पशुधनका मालिकले गोठको मध्यभागमा रुद्रका नाममा बलि दिनुपर्ने कुरा आश्वालायन गृह्यसूत्रले वर्णन गरेको छ। अन्य देवीदेवतालाई हवि प्रदान गरिए तापनि रुद्रलाई भने बलिपूजा नै गर्नुपर्ने तथा उनी र उनका गणलाई अर्कको पातमा रगत भरेर बलि दिनुपर्ने विधान पारस्कर गृह्यसूत्र (३।८।६।११) मा बताइएको छ। कात्यायन गृह्यसूत्रमा पनि रुद्रलाई भोग खाने देवताका रूपमा वर्णन गर्दै उनलाई बलिले उपासना गर्नुपर्ने विधानको वर्णन छ (कात्यायन गृह्यसूत्र, २५।२।२)। यसरी रुद्रको उग्ररूपको उपासना गर्दा गाउँभन्दा बाहिर निश्चित क्षेत्रमा गई गर्नुपर्ने कुरा आश्वालयन गृह्यसूत्रमा उल्लेख छ। यसरी रुद्रको उपासना गर्दा उपासनासँग सम्बन्धित कुनै पनि वस्तु (प्रसाद) गाउँ वा बस्तीमा लिएर जान नहुने, यसो गरेमा रुद्रले ती मानवलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हानी गर्ने विश्वास गरिन्थ्यो। रुद्रलाई बलि दिने मानिसले उनको उपासना गरिएको वा बलि दिइएको स्थानबाट मानिसहरूलाई टाढा राखी गोप्यविधिले गर्नुपर्ने बारेमा यस गृह्यसूत्रमा वर्णन छ (आ.गृ. ४।८।३२-३३)। त्यस्तै रुद्रलाई साँढे वा गोरुको बलि दिई गरिने शूलगभ बलि वा यज्ञको बारेमा गृह्यसूत्रहरूमा वर्णन छ। मानवगृह्यसूत्रले शूलगभ हवनको वर्णन गरेको छ। वसन्त वा हेमन्त ऋतुको शुक्लपक्षमा यो हवन गरिन्छ। बन्ध्य पशुको रगतले आठवटा स-साना पात्रहरू भरेर उक्त रगत आठ दिशामा छर्किइन्थ्यो। यसका साथै भगवान् रुद्रलाई बलि दिइएको पशुका भित्री अङ्गहरू अग्निमा अर्पण गरिन्थ्यो (मा.गृ. २।१०)। शूलगभ हवनको बारेमा मानव गृह्यसूत्र जस्तै सांख्यायन श्रौतसूत्र, आश्वलायन गृह्यसूत्र, बोधायान गृह्यसूत्र आदिले पनि वर्णन गरेको छ। यस विधिले रुद्रको उपासना गरेमा धन, शुद्धता, सन्तान, पशु, दीर्घजीवन तथा कान्ति प्राप्ति हुने वर्णन छ। यसरी सूत्र साहित्यमा रुद्र पशु तथा मानवका संरक्षक रहेका, उनलाई रौद्र उपासना विधिद्वारा मात्र मनाउन सकिने उग्र ग्रामीण देवको रूपमा चित्रित गरिएको तर उल्लिखित विधिले उनको उपासना गर्नाले उपासकले मनोवाञ्छित फलका प्राप्त गर्न सक्ने वर्णन छ।

महाकाव्य युगमा रुद्र, शिवको विविध प्रसङ्गमा चर्चा पाइन्छ। रामायणमा विष्णु र शिवमा अपेक्षाकृत को महान्? भन्ने प्रसङ्गको चर्चा बालकाण्डमा कथासहित उल्लिखित छ। ब्रह्माले देवताहरूको उक्त जिज्ञासा शान्त गर्ने क्रममा दुईबिच विरोधको बीउ रोपिदिएका कारण घोर युद्ध चल्यो। सोही क्रममा त्रिलोचन शिवको धनुष खुकुलो हुन गयो। विष्णुको हुंकारद्वारा उनको धनुष स्तम्भित हुन जाँदा देव तथा ऋषिगणले दुवैलाई शान्त गराई विष्णुको शौर्यले गर्दा शिवको धनुष शिथिल हुन गएको कारण बताई *'अधिकं मेनिरे विष्णु देवाः सर्षिगणास्तथा'* (रामायण, १।७५।२०) विष्णुलाई उच्च पद प्रदान गरी रुद्रलाई आफ्नो धनुषबाट वञ्चित गराएको प्रसङ्गको चर्चा छ (व्यास, १९८७, पृ. २६५)। यसो भनिए पनि रामायणमा कयौं प्रसङ्गमा शिवको उपासनाको प्रसङ्ग पाइन्छन्। राम वनवास जाने क्रममा चित्रकुटमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहँदा *'वैश्वदेवबलिं कृत्वा रौद्र वैष्णवमेवच'* (रामायण, २।५६।३१) उनले विष्णुको साथै शिवको लागि बलि अर्पित गरेका थिए। कौशल्या विष्णु साथै शिवको *'मयार्चिता देवगणाः शिवादय'* (रामायण, २।२५।४५) उपासिका थिइन्। रामलाई अयोध्या फर्काउनका निम्ति चित्रकुटमा भेट्न गएका भरतले रामसँग *'शिरसा त्वाभियाचेऽहं कुरुष्य करुणां मपि। बान्धवेषु च सर्वेषु भूतेष्विव महेश्वर'* (रामायण, २।१०६।३१) अर्थात् शिर झुकाउँदै जसरी महेश्वर शिव सबै प्राणीहरूमाथि अनुकम्पा राख्दछन् त्यसै गरी तपाईं पनि आफ्ना बन्धुबान्धवप्रति करुणा राखी अयोध्या फर्कनुहोस् भनी निवेदन गरेका छन् (व्यास, १९८७, पृ.२६५)। राम वानरगणसहित लङ्का जाने क्रममा उनलाई सेतु बाँध निर्माण गर्ने कार्यमा भगवान् शिवको अनुग्रह प्राप्त भएको थियो। रावण भगवान् शिवका परम उपासक थिए। रावणले भगवान् शिवको तपस्या गर्दा सदाशिव उनीदेखि प्रसन्न भई उनलाई ज्ञान, विज्ञान, संग्राममा अजेयता तथा आफ्नो भन्दा दुई गुणा शिर प्राप्त हुने वर प्रदान गरे। उक्त वर प्राप्त गरेकै कारण रावणको दशमुख थियो। शिवले रावणलाई त्रिकुट पर्वतको राजासमेत बनाएका थिए। शिवगण नन्दीको मुहार पहिले बाँदरको समान थियो, रावणले तिनको निन्दा गरेकै कारण नन्दीले उनलाई बाँदर नै तिनको विनाशको कारण हुने श्राप दिएका थिए। बल र शक्तिको घमण्डले अन्धो भएका रावणलाई आखिरं वानरगणले साथ दिएकै कारण उनी रामद्वारा मारिएका थिए (स्कन्दपुराण, २०७५, पृ.१४)। रामायणको उत्तरकाण्डमा रामद्वारा अश्वमेघ यज्ञ गर्ने क्रममा कर्दम ऋषिको विष्णु र शिव एकै हुन् यिनमा कुनै भेद छैन भन्ने भनाइलाई समर्थन गर्दै रामले *'नान्यं पश्यामि भैषज्यमन्तरा वृषभध्वजम्। नाश्वमेघात्परो यज्ञः प्रियश्चैव महात्मनः'* (रामायण, ७।९०।१२) अर्थात् जसरी अश्वमेधयज्ञ भन्दा कुनै श्रेष्ठ यज्ञ छैन त्यस्तै वृषभध्वज शिवभन्दा श्रेष्ठ अरू कुनैको शरण नभएको बताउँदै शैवभक्ति प्रकट गरेका छन् (व्यास, १९८७, पृ. २६६)। महाभारतमा भगवान् शिवलाई *'अपिवत् तद् विषं रुद्रः कालानलसमप्रभम्। यस्मात्तुनीलिमाकण्ठेनीलकण्ठस्ततः स्मृतः'* (अनुशासनपर्व, अ.१३, श्लो.२६) अर्थात् भगवान् शिवको नीलकण्ठ रूपको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णन गरेको छ। यसो त शुक्लयजुर्वेदमै पशुपतिलाई *'नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च नमः कपर्दिने:'* (शुक्लयजुर्वेद, १६।२८) अर्थात् कण्ठमा विषधारण गर्ने नीलकण्ठ जटाधारी रुद्रलाई नमस्कार गरिएको छ (उपाध्याय र पोखरेल, २०७२, पृ. २८५)। रुद्रको यही रूपलाई पछि पौराणिक ग्रन्थमा समुन्द्र मन्थनको कथासँगै अझै व्यापक रूपमा चरितार्थ गरिएको बुझिन्छ। राजा भगीरथले आफ्ना पुर्खाको अस्तु बगाई मोक्ष दिलाउनका निम्ति गङ्गाको घोर तप गरे। भगीरथको तपबाट गङ्गा खुसी भई पृथ्वीमा आउन तयार भइन्। तर गङ्गाको वेगलाई पृथ्वीले सहन गर्न सक्दिन थिइन्। गङ्गाको बहावलाई थामिदिन राजा भगीरथले पुनः शिवजीको कठोर तप गरे। भगवान् शिव प्रसन्न भई गङ्गाको वेग आफ्नो जटामा थामे। शिवजीको जटाबाट गङ्गा बिस्तारै पृथ्वीमा अवतरण गरिन्। राजा भगीरथले शङ्ख बजाउँदै गङ्गालाई बाटो देखाए। गङ्गा सात धारा भई बगिन्। राजा भगीरथका पुर्खाले मोक्ष प्राप्ति गरे। साथै गङ्गाले सारा प्राणीको उद्धार गरिन्। गङ्गालाई राजा भगीरथले पृथ्वीमा ल्याएको प्रसङ्ग वाल्मीकिय रामायणको बालकाण्डमा सविस्तार वर्णन गरिएको छ (कुमार, २०१०, पृ. १४)।

महाभारतको आदिपर्वमा गान्धारी तथा कुन्तीले शिवको पूजा गरेको प्रसङ्गको पाइन्छ। गान्धारी र कुन्ती एकैपटक एकैसाथ शिव मन्दिर पुगेछन्। ती दुईमध्ये पहिले कसले शिवको पूजा गर्ने भन्ने कुरामा विवाद भयो। गान्धारीले आफू ठूली भएको कारण उनले पहिले पूजा गर्न पाउनु पर्ने बताइन्। विवाद निक्कै बढेपछि भगवान् शिव प्रकट भई भोलिपल्ट दुईमध्ये सबेरै जसले सर्वप्रथम उनलाई सुगन्धित पुष्प चढाउँछ तिनकै पुत्र हस्तिनापुरको राजा हुने बताए। गान्धारीले धृतराष्ट्रलाई भनी सुवर्ण पुष्प बनाउन लगाइन्। सो कुरा थाहा पाएकी कुन्ती निराश भई अर्जुनलाई बताइन्। भोलिपल्ट उज्यालो नहुँदै अर्जुनले सम्पूर्ण शिव मन्दिर सुवर्ण पुष्पले सजाइदिए। गान्धारी पुग्दा मन्दिर सुवर्ण पुष्पले सजिएको देखेर छक्क परिन्। यसरी कुन्तिले सर्वप्रथम शिवको पूजा सम्पन्न गरेर शिवको वर प्राप्त गरिन् (अधिकारी, २०७०, पृ. ५४-५५)। वनपर्वमा अर्जुन हिमालय पर्वतमा तपस्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न जाँदा उनको तपबाट प्रभावित भई सो कुरा ऋषिहरूले शिवलाई बताएपछि शिव किराँतको भेष धारण गरी हिमालयमा पुगेका थिए। सोही समयमा एउटा मुक वराहले अर्जुनलाई आक्रमण गर्न लागेको देखि अर्जुनले वराहलाई बाण ताके। उनले प्रहार नगर्दै किराँतरूपी शिवले वाण प्रहार गरी वराह मारिदिए। अर्जुनले एउटाको निशानालाई दोस्रोले वाण चलाउनु शिकारको नियम नरहेको बताएपछि यी दुईबिच द्वन्द्व भयो। अन्त्यमा अर्जुनको शक्तिदेखि प्रसन्न हुँदै शिवले उनलाई पाशुपतास्त्र प्रदान गरे (अग्रवाल, १, १९७७, पृ.२२३)। यस घटनाको सम्बन्ध हिमवत्खण्डपुराणमा पाशुपतक्षेत्रमा अवस्थित पवित्र किराँतेश्वर डाँडा तथा किराँतेश्वर महादेवसँग जोडिएको पाइन्छ। द्रोणपर्वमा कृष्णले अर्जुनलाई युद्धमा विजय हासिल गर्नका निम्ति हिमालय पर्वतमा गई शिवको आराधना गर्न अह्राए। यसै क्रममा अर्जुनले चतुर्थ्यन्त पदको शिवको नमः स्तोत्र पाठ गरेका थिए। जसलाई व्यासले यजुर्वेदको शतरुद्रीय स्तोत्रका रूपमा वर्णन गरेका छन् (अग्रवाल, २, १९८५, पृ.२५३)। त्यस्तै सौप्तिकपर्वमा अश्वत्थामाले भगवान् शिवको आराधना गरी उनीबाट वरदानस्वरूप खड्ग प्राप्त गरेका थिए। साथै भगवान् शिव नै अश्वत्थामाको शरीरमा प्रवेश गरेका हुँदा उक्त खड्गले अश्वत्थामाले रातको समयमा पाण्डवहरूको शिविरमा प्रवेश गरी धृष्टद्युम्न, शिखण्डीलगायत द्रौपदीका पाँच पुत्रहरूको हत्या गरेका थिए। युधिष्ठिरले यो कसरी सम्भव भयो भनी कृष्णसँग प्रश्न गर्दा कृष्णले भगवान् शिवको कारण सम्भव भएको कुरा युधिष्ठिरलाई बताए। श्रीमद्भागवतगीताको दशमोध्यायमा भगवान् कृष्णले *'रुद्राणां शंकरश्चामि वित्तेशो यक्षरक्षसाम्'* (श्रीमद्भागवतगीता १०।२३) अर्थात् एकादश रुद्रमध्ये आफ्ना भक्तजनलाई निरतिशय मोक्षरूप आनन्दको प्राप्ति गर्न जो सदाशिव शंकर भगवान् शुद्ध पूर्णब्रह्म हुन्, त्यो आफू रहेको बताएका छन् (थपलिया, २०५६, पृ. ३१६)। महाभारतको युद्ध सकिएपश्चात् श्री कृष्णको सल्लाहबमोजिम गोत्रहत्याको पापको प्रायश्चित्तका निम्ति पाण्डवहरू उत्तराखण्ड लागे। उनीहरू उत्तराखण्ड पुग्दा भगवान् शिवलाई महिषका रूपमा विचरण गरिरहेको देखे। पाण्डवहरूले उक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिष शिव नै हुन् भन्ने जानी समात्न खोजे तर महिषरूपी शिवको शरीर उत्तराखण्डमा ज्योर्तिलिङ्ग/केदारनाथका रूपमा रह्यो तथा तिनको शिरोभाग पशुपतिनाथमा ज्योर्तिलिङ्गको रूपमा रह्यो (अधिकारी, २०७०, पृ. २२३)। यसबाट महाकाव्य युगमा शिव महान् महिमा युक्त, तप मनपराउने, आफ्ना अर्चकलाई शीघ्र फल प्रदान गर्ने देवताका रूपमा परिचित रहेको कयौँ प्रसङ्गहरूले पुष्टि गर्दछन्।

पौराणिक ग्रन्थहरूमा रुद्र/शिवको अत्यन्त धेरै वर्णन पाइन्छ। शिवपुराण, लिङ्गपुराण, अग्निपुराण, ब्रह्माण्डपुराण आदि लगायत वामनपुराण, वायुपुराण, वराहपुराण, मत्स्यपुराण, कुर्मपुराण जस्ता वैष्णव पुराणहरूमा समेत शिवको वर्णन गरिएको छ। सतीले शिवको पतिका रूपमा पाउका निम्ति निराहार व्रत बसी उपासना गरेकोदेखि ब्रह्मा–विष्णु कैलाशमा गई भगवान् शिवसँग आफूहरूले सावित्री तथा लक्ष्मीसहित सृष्टि तथा पालन गरेपनि शिव बिना आआफ्नो कार्य गर्न समर्थ रहेको सुनाउँदै शिवलाई योग्य दक्षपुत्री सतीसँग विवाह गर्न अनुरोध गरे। शिवले पनि आफू योगी हुँदा सती योगिनी, आफू कामासक्त हुँदा सती कामिनी हुनेमा उनको दृढ संकल्प र भक्तिदेखि विवाह गर्न मञ्जुर भई शिव र सतीको विवाह सम्पन्न भयो (शिवपुराण, २०६३, पृ. १५९–१६५)। प्रयागमा महात्माहरूद्वारा गरिएको यज्ञमा उपस्थित देवगणले महादेवलाई नमन गरे। महादेवले दक्षलाई नमन नगर्दा घमण्डले भरिएका दक्षले शिवलाई निर्लज्ज, पाखण्डी भनी गाली गरे। सिलादपुत्र नन्दीले शिवको निन्दा गरेको सुनी क्रोधित भई दक्ष कर्मभ्रष्ट भई छिट्टै बोकाको मुखयुक्त हुने श्राप दिए (शिवपुराण, २०६३, पृ. १८३–१८५)। दक्षले केही समयपछि महान् यज्ञको आयोजना गरी समस्त देवतालाई निम्तो गरे तर महादेव र सतीलाई निम्तो गरेनन्। दधीचिले शिवबिना उनको यज्ञ अयज्ञ हुने साथै दक्षको विनाश हुने चेतावनी दिए। आफ्ना सखीहरू बुबाको यज्ञमा सजिएर गएकोदेखि सतीले शिवसित आफूपनि उक्त यज्ञमा जाने ढिपी गरिन्। शिवले उनलाई नबोलाइएको स्थानमा नजान सम्झाए। तर सतीले ज्यादै ढिपी गरेपछि शिवले उनलाई जान आज्ञा दिए। सती दक्षको यज्ञमा गईन् तर सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताका सामु यज्ञमा शिवको भाग नदेखेपछि उनले भगवान् शिवबिना उक्त यज्ञ सिद्ध नहुने बताइन्। तर दक्षले शिवको अनेक तहरसँग निन्दा गरे पश्चात् सो सुन्न नसकी सतीले दक्षको अग्निकुण्डमा हाम फाली प्राणत्याग गरिन् (शिवपुराण, २०६३, पृ. १८६-१९४)। यसरी महादेवलाई हेला गरिएको आधारमा वैदिक आर्यहरूको उपास्य देवताहरूमध्ये सधैँ रौद्र वा उग्र मानी उच्च श्रेणीमा नराखिएका शिवलाई अन्य देवताका समानमा राख्न सतीले दक्ष सामु विद्रोह गरेकी हुन् की भन्ने पनि लाग्दछ। त्यसैले पनि पौराणिकयुगमा शिवको महिमा अत्यन्तै व्यापक हुन पुगेको देखिन्छ। शिवपुराणको वायवीय संहितामा उपमन्युको सल्लाहअनुसार भगवान् कृष्णले शिवजस्तै पुत्र प्राप्तिका निम्ति पाशुपतव्रत धारण गरे। जसअनुरूप उनलाई *'श्रिया परमया युक्तः साम्बश्च सगण शिव'* (शिवपुराण, अ. १।२२) अर्थात् शिवकै गुणयुक्त साम्ब नामक पुत्र प्राप्त भएको थियो (शिवपुराण, २०६३, पृ. ६९९-७००)।

वामनपुराणमा भगवान् शिवले ब्रह्मको शिरच्छेदन गरेपश्चात् उनको हातमा टाँसिएको ब्रह्माको शिरबाट छुट्कारा प्राप्त गर्न उनी कापालिक जीवन बिताउँदै पुष्करारण्य, मागधारण्य, नैमिषारण्य आदि तीर्थस्थलको भ्रमण गरी वाराणसीको दशाशमेघ तीर्थमा पुगे। शिवले भगवान् विष्णुको आदेशअनुरूप सो स्थानमा अवस्थित दिव्य सरोवरमा तीर्थस्नान गरेपश्चात् *'परिच्युतं हस्ततलात् कपालम् नाम्ना बभूवाथ कपालमोचन'* (वामनपुराण, ३।५१) अर्थात् उनको हातमा रहेको ब्रह्माको शिर छुट्यो र उनी शिव कपाली नामले प्रसिद्ध रह्यो। त्यसैले उक्त तीर्थ कपालमोचन तीर्थको नामले प्रख्यात रह्यो (वामनपुराण, २०७२, पृ. २०-२१)। हिरण्याक्ष दैत्यका पुत्र अन्धक र शिवबिच युद्ध हुँदा अन्धकको गदा प्रहारले भगवान् शिवको शिर आधात भई रक्त प्रवाह भयो। सो रक्त धाराबाट अष्टभैरव उत्पत्ति भए। भैरवरूप धारी शिवले अन्धकको शरीर रक्तरहीत हड्डी तथा छालायुक्त बनाइदिए। अन्धकले शिवको स्तुति गर्दा उनले अन्धकलाई *'मुक्तोऽसि दैत्यभावाच्च भृङ्गी गणपतिर्भव'*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(वामनपुराण, ७०।७२) दानवीय विचारबाट मुक्त भई भृङ्गी नामको गणपति हुने वरदान दिए (वामनपुराण, २०६२, पृ. ३४८-३५०)। दैत्यराज हिरण्यकशिपुका पुत्र प्रह्लाद विष्णुका साथै शिवका परमभक्त थिए। उनले विभिन्न तीर्थस्थलको भ्रमण गर्ने क्रममा प्राचीन नामक स्थानमा गई कामेश्वर शिव तथा पयोष्णीको समिपमा अवस्थित अखण्डेश्वर शिवको अपासना गरेका थिए (वामनपुराण,२०७२, पृ.४००)। विष्णुको जस्तै शिवको शालिग्रामरूप विग्रहको अत्यन्त महिमा रहेको छ। सालङ्कायन मुनिको तपको बलले शिव सोमेश्वर पर्वतमा शिला भई बसेका कारण शालिग्राम शिवरूपी शिवनाभ वा शिवको प्रतीक मानिएको छ (वराहपुराण, २०७३, पृ. २६४)। शिवका विविधरूपमध्ये पुराणहरूमा महाकालरूपी शिवको चर्चा पाइन्छ। भगवान् शिव पार्वतीका साथ हिमालय पर्वतमा निवास गरिरहँदा एकपटक उनले पार्वतीको वर्णको निन्दा गर्दै पार्वती काली वर्णकी हुँदा उनी काली नागिनजस्ती भई उनले शिवको दृष्टिलाई दूषित गरिरहेको आक्षेप लगाए। पार्वती क्रोधित हुँदै शिवलाई महाकाल, कपाली आदि नामले पुकारेकी थिइन्। उनको सोही स्वरूप महाकाल रूपमा रह्यो (मत्स्यपुराण, २०७०, पृ. ६३८)। स्कन्दपुराणको माहेश्वर खण्डमा भगवान् शिवको दुई अक्षरयुक्त नामको उच्चारण गर्नाले प्राणीले मोक्ष प्राप्त गर्दछन्। उनी देवहरूका पालक, अत्यन्त उदार तथा आफ्नो सम्पूर्ण अरूलाई दिने हुँदा उनी शर्व नामले प्रख्यात रहेको वर्णन छ (स्कन्दपुराण, मा.ख., २०७५, पृ.२)। स्कन्दपुराणकै ब्राह्मणखण्डमा शिवबाट अलग यो संसारमा केही छैन *'शिवो गुरुः शिवो देवः शिवो बन्धुः शरीरिणाम्। शिव आत्मा शिवो जीवः शिवादन्यन्न किञ्चिन'* (स्कन्दपुराण, ब्रा.ख. ४,१) अर्थात् भगवान् शिव नै गुरु, उनी नै देवता, प्राणीहरूको बन्धु, आत्मा र जीव र उनीबाट भिन्न कोही नभएको वर्णन छ (स्कन्दपुराण, २०७५, पृ. ६७७)। लिङ्गपुराणमा शिवले *'स्ववीर्य वपुषा चैव'* अर्थात् भस्म आफ्नो वीर्य रहेको भष्मले सबै अमङ्गलबाट लोकको रक्षा गर्ने बताएका छन्। उनले *'भस्मस्नानाविशुद्धात्मा जितक्रोधो जितेन्द्रियः मत्समीपं समागम्य न भूयो विनिवर्तते'*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(लिङ्गपुराण, अ. ३४।८।१०) अर्थात् क्रोध र इन्द्रियलाई जितेर भष्मस्नान गर्ने व्यक्तिले उनको सानिध्यता प्राप्त गरी पुर्नजन्मबाट मुक्त हुने बताएका छन् (लिङ्गपुराण, २०७५, पृ. १५३)। यसरी पौराणिककालमा शिवको महिमा अत्यन्त बढ्न गई उनी कल्याणकारी तथा विविध स्वरूपमा सबै जीवलाई मोक्ष प्रदान गर्ने देवका रूपमा उनको स्थान सर्वोच्च रहको देखिन्छ।

पछिल्लो कालमा शैव धर्मअर्न्तगत विभिन्न सम्प्रदायको विकास हुँदै गयो। उपनिषद्मा भष्मस्नान, भष्मलेपन, पाशुपत व्रतचर्याको वर्णन गरिएको छ। त्यस्तै महाभारतको नारायणीय खण्डमा पाशुपत मत र भष्मको महत्त्वबारे वर्णन गरिएको छ। अर्जुनलाई शिवद्वारा पाशुपतास्त्र प्रदान गरिएबाट उपनिषद्कालदेखि नै पाशुपतमतको विकास भई उक्त मत पछिल्लो कालमा अझ व्यापक हुँदै गएको देखिन्छ। ब्रह्माबाट कापालिक नामाकरण गरिएका शिव क्रोधित भई ब्रह्माको शिरच्छेदन गर्दा प्रायश्चित्तको निमित्त शिवले कापालिक व्रत धारण गरी उक्त पापबाट मोचन हुन भौँतारी हिंडेको पौराणिक बयानबाट कापालिक मतको अत्यधिक विकास पौराणिक युगमै भइसकेको बुझिन्छ। त्यसो त पुराणमा ब्राह्म सम्प्रदाय, ऐन्द्र सम्प्रदाय, चान्द्र सम्प्रदाय, सौर्य सम्प्रदाय, कुबेर सम्प्रदाय, वरुण सम्प्रदाय, यम सम्प्रदाय, नैऋत्य सम्प्रदाय तथा वायव्य सम्प्रदाय गरी शिवका उपासकहरूको नौ सम्प्रदाय रहेको वर्णन छ (स्कन्दपुराण, २०७५, पृ. १३)। पाशुपत सम्प्रदायको चर्चा गर्दा उक्त सम्प्रदाय लकुलीशद्वारा स्थापना भएको मत मानिन्छ। पुराण, कारवण महात्म्य, पञ्चार्थिक टीका र तन्त्रलोक आदि ग्रन्थमा लकुलीशलाई शिवको अवतार मानिएको छ। पौराणिकसाथै अभिलेखीय प्रमाणले पनि पाशुपतमतका प्रवर्तक भारतको कायारोहणको भचोड नामक स्थानमा जन्मिएका लकुलीशलाई मानेको छ, जसलाई चन्द्रगुप्त द्वितीयको सन्. ३८१ को मथुराको अभिलेखअनुसार शिवको अठ्ठाइसौँ तथा अन्तिम अवतार मानी लकुलीशको समय इस्वीको दोस्रो शताब्दी मानिएको छ (बनर्जीया, २००२, पृ. ४५०)। यी लकुलीश पाशुपतमतको व्यवस्थापक तथा आफ्ना शिष्यको मार्फत् यस मतको प्रचारक मात्र रही प्रतिपादक नरहेको पनि विश्वास गरिन्छ। पाशुपत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्तीहरू कार्य, कारण, योग, विधि र दुखान्तलाई मान्दछन्। अर्कोतर्फ माहेश्वर सम्प्रदाय सम्बन्धमा शंकराचार्यका अनुसार उक्त सम्प्रदायका अनुयायी पशुपतिलाई पाँच तत्त्वका उद्घटक मान्दछन्। यस आधारमा भण्डारकरले माहेश्वर सम्प्रदाय रहेको र पशुपति/शिवलाई यस सम्प्रदायको संस्थापक मानेका छन्। यस सम्प्रदाय निकै पुरानो रहेको कुरा कुषाण शासक विम कदफिसस् माहेश्वर सम्प्रदायका अनुयायी रही आफूलाई माहेश्वर बताएबाट बुझिन्छ (भण्डारकर, १९८३, पृ. १७०)। शैव धर्मअन्तर्गत अर्को प्राचीन दार्शनिक तथा यौगिक सिद्धान्तमा विश्वास राख्ने मत शैव सम्प्रदाय रहेको पाइन्छ, जुन मतबाट पछि शुद्ध शैव तथा आगमत शैवको विकास भएको पाइन्छ। यिनमा मूलतः पशु, पति र पाशलाई सिद्धान्त मानिन्छ। पौराणिक युगमै देखा परिसकेको कापालिक मत पाशुपतमतबाट प्रभावित भई पाशुपत सम्प्रदायको उप–सम्प्रदायका रूपमा इस्वीको पाँचौं, छैठौं शताब्दीतिर गुह्य र रहस्यमय अनुष्ठान प्रतिपादन गर्न लागेको थियो। गुप्तकाल तथा गुप्तकालपश्चात् तिनमा चरम अघोरताको पालना हुन थालेको देखिन्छ। उक्त कुरा भवभूतिको मालती माधव (आठौं शताब्दी) मा श्रीशैलमा मालतीलाई कराला चामुण्डाको अघि अघोरघण्टले बलि दिन लागेको वर्णनबाट बुझिन्छ (भण्डारकर, १९८३, पृ. १८२)। मौखरी वंशका प्रमुख सर्ववर्मनको निर्मण्डको ताम्रपत्राभिलेखमा कपालेश्वरको स्थापना गरिएको वर्णन छ (बनर्जीया, २००२, पृ. ४५२)। कापालिक सिद्धान्तीहरू छ मुद्रिका (कण्ठिका, रुचक, कुण्डल, शिखामणि, यज्ञोपवित, भष्म) धारण गरी भगासनमा बसेर सुराले भरिएको कपालपात्रमा भैरव र भैरवीको साधना गर्नाले शिवत्व प्राप्त गर्ने विश्वास राख्दछन्। अत्यन्त दार्शनिक तथा मध्यम अर्को शैवमतको रूपमा काश्मिरी शैव सिद्धान्तको विकास नवौं शताब्दीमा वसुगुप्तद्वारा गरिएको पाइन्छ (भण्डारकर, १९८३, पृ. १८३)। यस मतअन्तर्गत स्पन्दनशास्त्र र प्रत्याभिज्ञशास्त्र प्रमुख सिद्धान्त छन् जुन पशु, पति, पाशका समान मानिन्छन्। त्यस्तै सोमसिद्धान्त सम्प्रदायको उत्पत्ति विक्रमको तेस्रो शताब्दीतिर भएको मानिएको छ। वैशेषिक सम्प्रदायसँग सम्बन्ध राख्ने यससम्बन्धी साहित्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्ध छैनन् तापनि अन्य स्रोतका अनुसार उक्त सम्प्रदाय भारतमा पुरानो तथा लोकप्रिय रही गुजरात उक्त मतको प्रमुख केन्द्र रहेको बुझिन्छ। यस सम्प्रदायको अभिलेखीय प्रमाण भने भीम द्वितीयको ईस्वीको दशौँ शताब्दीको बेलाबल अभिलेखमा पाइन्छ (भावनगरका अभिलेख, पृ. १८६-१८७)। शिवको लिङ्गोपासनासँग सम्बन्धित लिङ्गायत वा वीर शैवमतको स्थापना एकोरामाचार्य, पण्डिताराध्य, रेवण, मरुल तथा विश्वाराध्यले गरेका थिए। बाह्रौँ शताब्दीको मध्यतिर वशवले यस मतको पुनरुद्धार गरेका थिए। उक्त मतअन्तर्गत शिवलिङ्ग स्थापित देवलबाहेक अन्य शिव मन्दिरमा नजानु, शरीरमा लिङ्ग धारण गर्नु तथा लिङ्गको उपासना गर्नुलाई प्रमुख सिद्धान्त मानिन्छ (भण्डारकर, १९८३, पृ.१९८)। यसरी भारतवर्षमा प्राचीनकालमै विभिन्न सम्प्रदायको विकास भइसकेको थियो। यसका अलावा प्राचीनकालदेखिनै भारतवर्षमा सिल, मुद्रा आदिमा शिव वा उनका आयुध कुँद्ने, शैवमन्दिर, शैवमूर्तिको स्थापना गर्ने गरिएका कारण शैव धर्मको विविधरूपमा विकास हुँदै गएको देखिन्छ। कुषाणकालीन शासक कनिष्क तथा हुविस्कका मुद्रामा दुई भुजा तथा चार भुजासहितका शिवका मूर्ति अङ्कित छन्। जोन मार्सलले भिट्टाबाट प्राप्त गरेका प्राचीन सिलमा शिवको प्रतीक त्रिशूल, नन्दीपाद, नन्दीका साथै शिवको सकल मूर्ति कुँदिएका छन् (बनर्जीया, २००२, पृ. १८२)। त्यस्तै स्पूनरले बसरबाट प्राप्त गरेको सिलमा त्रिशूल, कनिस्क तथा हुबिस्कको मुद्रामा शिवको हातमा देखिएजस्तै घडा तथा हुविस्कको मुद्रामा पाइनेजस्तै भाला छन् जुन शिवको प्रतीकका रूपमा अङ्कित गरिएको पाइन्छ (बनर्जीया, २००२, पृ. १७९)। चन्द्र गुप्त द्वितीयको (सन्. ४०१-२) को उदयगिरीको अभिलेखमा शिव मन्दिरको उत्खनन गरिएको तथा कुमार गुप्तको (सन्. ४१५-१६) विलसादको अभिलेखमा स्वामी महेशको मन्दिरसँगै जोडेर थुप्रै प्रासादहरू निर्माण गरिएको वर्णन छ (राव, १, १, १९९७, पृ. ८)। भारतमा प्राचीनकालमै शिवका सकल स्वरूपका कयौँ मूर्तिहरू निर्माण भएका छन्। दक्षिण भारतका वीरशैव मार्गीहरूले विशेष गरी लिङ्गोपासना गर्ने हुँदा तिनले निर्माण गर्ने देवलायको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल गर्भगृहमा शिवलिङ्ग स्थापना गरेर मन्दिरको भित्तामा शिवकथासित सम्बन्धित विभिन्न सकलस्वरूपका मूर्ति स्थापना गर्ने प्रचलन थियो। यस्तै प्राचीन शैव मूर्तिहरू (उमामहेश्वर, अर्धनारीश्वर, शिवपार्वती, तीनमुखे शिव, नटराज, कलारी शिव, त्रिपुरान्तक शिव, संहार भैरव, अन्धकासुर वध, रावणानुग्रह आदि) एलफान्टा तथा एलौरा गुफाहरूमा पाइएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा शैव धर्म र प्रचलित शैव सम्प्रदायहरू

नेपालमा प्राचीनकालदेखि नै शैवधर्म फष्टाएको पाइन्छ। यसको प्रमाण यहाँ प्राप्त शैव मूर्ति, शिवलिङ्ग तथा धार्मिक ग्रन्थहरूले पुष्टि गर्दछन्। ऋग्वेदको रचनापछि यजुर्वेदको रचना हुनु अघि वैदिक रुद्रसँग एक आर्योत्तर देवताको आत्मसात् भयो, जसलाई हिमालयको उपत्यकामा बसोबास गर्ने जनजातिहरू पूजा गर्दथे। त्यसैको परवर्ती विकासको रूपमा शैवमतको विकास भएको कुरा भारतीय विद्वान् यदुवंशीको भनाइ छ (यदुवंशी, १९८८, पृ. १५)। यदुवंशीको सो भनाइलाई आधार मान्दै हिमालयको उक्त उपत्यका काठमाडौँ रहेको तथा ती उपासक यहाँका किराँती जाति रहेको भनाइ विद्वान् जगदीशचन्द्र रेग्मीको छ (रेग्मी र धमला, २०७१, पृ.१४)। महाभारत, हिमवत्खण्डपुराण लगायत अन्य पुराणमा किराँतेश्वर महादेवको कथाको वर्णन भए अनुरूप किराँतेश्वर थुम्को पशुपतिनाथको उत्तरमा रहनुले सो कुरालाई थप जोड गर्दछ। अर्को तर्फ नेपालमा आदिमकालदेखि नै शैव धर्म उन्नत रहेको कुरा हिमवत्खण्डपुराण, शिवपुराण, पशुपतिपुराण, नेपाल महात्म्य आदिमा वर्णन छ। भगवान् पशुपतिनाथ अनादी कालमै ज्योर्तिलिङ्गको रूपमा उत्पत्ति भएका थिए। यहाँ कयौँ संख्यामा प्राचीन स्वयम्भूलिङ्ग पाइनुले पनि शैव धर्मको प्राचीनतालाई पुष्टि हुन्छ। हिमवत्खण्डपुराणमा उल्लेख भएअनुरूप पशुपतिनाथ बाग्मतीनदीको किनार आर्यघाटमा भगवान् शिवको मृगरूपको सिला पाइनु, सोही स्थानमा भारतको गुड्डीमलमको ईशापूर्व पहिलो शताब्दीको शिवलिङ्गमा अङ्कित मुखाकृतिसँग मेल खाने विरूपाक्षको प्राचीन मूर्ति रहनुले यस भूमिमा शैव धर्मको प्राचीनतालाई उजागर गर्दछ।

लिच्छविकालमा यहाँ कयौँ मानुष लिङ्गको स्थापना भएका छन्। यहाँ प्राचीन मूर्ति, शिवलिङ्गका अलावा कयौँ अन्य स्रोतहरूले पनि शैव धर्मको प्राचीनतालाई प्रष्ट्याउँछन्। लिच्छविकालमा प्रचलनमा आएका विभिन्न मुद्रामध्ये कतिपय मुद्रामा शिवको वाहन नन्दी तथा तिनका आयुध अङ्कित छन्। यसले तत्कालीन शासकहरूको शैव धर्म प्रतीकको झुकावलाई संकेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ। तत्कालीन जिष्णुगुप्तका मुद्रा, वृष मुद्रा, पशुपतिनाथको सम्मानमा प्रचलित पशुपति मुद्रामा शिवकै अंश मानिने नन्दीको आकृति अङ्कित गरिएको छ। लिच्छविकालमा प्रचलित पशुपति मुद्राका साथै मध्यकालमा प्रचलनमा आएका कयौँ मुद्रा जुन तत्कालीन शासक महेन्द्र मल्ल, लक्ष्मी नरसिंह मल्ल, प्रताप मल्ल, महीपतेन्द्र मल्ल, नृपेन्द्र मल्ल, भूपालेन्द्र मल्ल, भास्कर मल्ल, जयप्रकाश मल्ल, रणजीत मल्ल, श्रीनिवास मल्ल, विष्णु मल्ल आदिद्वारा प्रसार गरिएका थिए तिनमा त्रिशूल अङ्कित छन्। त्यस्तै शाहकालमा पृथ्वीनारायण शाहदेखि त्रिभुवनसम्मका कयौँ मुद्राहरूमा त्रिशूल अङ्कित गरिनुका साथै गोरखनाथ, पशुपतिनाथअङ्कित गरी शिवप्रति सम्मान प्रकट गरिएको छ। यसबाट शैव धर्म प्रतिको झुकाव अनवरतरूपमा प्रकट हुँदै आएको देखिन्छ।

राजा अंशुवर्माले आफ्नो राजप्रासादको नाम भगवान् शिवको निवासस्थल कैलाशको प्रतीक कैलाशकुट भवन राखेका थिए। उनका अधिकांश अभिलेखहरूको शिरोभागमा नन्दी अङ्कित छन्। राजा जयदेव द्वितीयले पशुपतिनाथलाई चाँदीको अष्टदल कमल चढाएका थिए (वज्राचार्य, २०३०, पृ. ५४८)। यहाँका कतिपय शासकहरूले शिवसित सम्बन्धित उपाधि लिएका छन्। लिच्छविकालीन शासकहरू अंशुवर्मा, जिष्णुगुप्त, उदयदेव, नरेन्द्रदेव, शिवदेव द्वितीय आदिले आफ्नो नामसँगै *'भगवतपशुपतिभट्टारकपादानुगृहित'* जोडेका थिए। राजा यक्षमल्लले *'पशुपतिचरणारविन्दसेवापरायण'*, राजा जयस्थितिमल्लले *'पशुपतिपादपङ्केरुहपरागधुलिधुसरित'* र *'श्रीमत्पशुपतिपताङघ्रिपङ्कजरजः'*, राजा ज्योर्तिमल्लले *'पशुपतिचरणकमलधूलधूसरितशिरोरुह'* उपाधि लिएका थिए।

अर्कोतर्फ धार्मिक ग्रन्थहरूमा आधारित विषयवस्तु तथा प्रतिमा विधानका ग्रन्थमा वर्णन गरिएका प्रतिमा लक्षणको पालना गरी यहाँ प्राचीनकालदेखि भगवान् शिवको साकार तथा निराकारस्वरूपका मूर्तिहरू निर्माण गरिएको पाइन्छ। पाटन शङ्खमूल चामुण्डा मन्दिर परिसरमा अवस्थित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उमामहेश्वर मूर्ति, चाँगुनारायण छिन्नमस्तामन्दिर भित्रको उमामहेश्वर, देउपाटन वरुणधारामा स्थापित उमामहेश्वर (इस्वी दोस्रो–तेस्रो शताब्दी) शिवका साकार मूर्तिहरूमध्ये उपत्यकामा पाइएका अत्यन्त प्राचीन मूर्ति हुन्। त्यस्तै राष्ट्रिय नाचघरको ब्रह्मा, विष्णुसहित शिवपार्वतीको चर्तुमूर्ति (इस्वी तेस्रो शताब्दी), बलम्बुको शिवको एकल स्थानक मूर्ति (इस्वी तेस्रो शताब्दी), कीर्तिपुर गणेश स्थानको उर्ध्वलिङ्ग सहित शिवको स्थानक मूर्ति र शिव पार्वतीको स्थानक मूर्ति (इस्वी चौथो शताब्दी), चिकंमुगलमा ज्वरेश्वर महादेव भनिने तीन मुख अङ्कित शिवको आसनमूर्ति (इस्वी चौथो शताब्दी) (वाङ्गदेल, २०३९, पृ. ९१–९९) आदि प्राचीनकालमा निर्मित शिवका साकारस्वरूपका मूर्तिका केही उत्कृष्ट उदाहरण हुन्।

प्राचीनकालमा उमामहेश्वर मूर्ति निर्माण गर्दा सो फलकमा शिवपार्वती सुखासनामा बसी साथमा नन्दी र कुमार मात्र देखाउने चलन थियो। यसपश्चात् क्रमशः शिवका कयौँ साकार तथा निराकार मूर्तिहरू निर्माण भए। संस्कृत कवि कालिदासद्वारा रचित कुमारसम्भवमा प्राचीन भारतवर्षको उत्तर दिशामा देवतास्वरूपले रहेका हिमालयको मुक्त कण्ठले प्रशंसा गरेका छन्। काठमाडौँको कङ्केश्वरीमा र नघलमा कुमारसम्भवका मूर्ति फलकहरू पाइनुले नेपाल कुमार उपासनाको प्रमुख थलो रहेको तर्फ इंकित गर्दछ। सो मूर्तिफलक सम्भवत कुनै शैव वा कुमार मन्दिरको अवशेष रहेको हुन सक्ने अनुमान गरिएको छ। यस मूर्तिफलकलाई ईस्वीको पाँचौं/छैटौं शताब्दीको मानिएको छ। पाटन कुम्भेश्वर बगलामुखी मन्दिरको पूर्वमा अवस्थित उमामहेश्वर मूर्ति (इस्वी पाँचौं शताब्दी), मृगस्थलीको रावण अनुग्रह भनिने उमामहेश्वरको मूर्ति (इस्वीको पाँचौं शताब्दी), ठमेल गैह्रीधाराको उमामहेश्वरको मूर्ति (इस्वीको छैटौं शताब्दी) (वाङ्गदेल, २०३९, पृ. १०३–१०५) लिच्छविकालका सुरुवाततताका निर्मित उमामहेश्वरका केही उदाहारण हुन्। हनूमान्ढोकामा अवस्थित विशाल कालभैरवको मूर्ति, ज्ञानेश्वरस्थित आनन्दभैरव (पौड्याल, २०६०, पृ. ७७) लिच्छविकालमा निर्मित शिवका अन्य केही साकार स्वरूपका मूर्तिका महत्त्वपूर्ण उदाहरण हुन्। यस कालमा शिवको निराकारस्वरूप अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गको दाँजोमा उनको साकारस्वरूपका मूर्ति कमै पाइएका छन्। शिवको निराकारस्वरूप शिवलिङ्ग भने प्राचीनकालदेखि नै मठ, मन्दिर, देवल, नदी, ढुङ्गेधारा, वनजङ्गल आदि स्थानमा साधा, एक मुखे वा पञ्चमुखी आदि स्वरूपमा असंख्य रहेका छन्। शिवलिङ्गलाई छोडी पुनः शिवको साकार स्वरूपको मूर्तिको चर्चा गर्दा शिवको अन्यस्वरूपको मूर्तिको दाँजोमा उमामहेश्वर मूर्ति निर्माणको परम्परा नेपाली समाजमा अत्यन्त प्रचलित रही प्राचीनकाल, लिच्छविकाल हुँदै पछिल्ला कालसम्म पनि निरन्तर रहेको पाइन्छ। उपत्यकामा जति संख्यामा शिवको उमामहेश्वर स्वरूपका मूर्ति छन्, त्यति सम्भवत भारतवर्षमा पनि छैनन्। लिच्छविकालको सुरुवातमा उमा, शिव, नन्दी, कुमारका साथ शिवका गण, अनुचर, पार्वतीको सेविका आदि मूर्ति फलकमा थप्दै मूर्तिलाई कलात्मक बनाउने परम्पराले निरन्तरता प्राप्त गर्दै आठौं नवौं शताब्दीताका मूर्तिको माथिल्लो फलकमा गङ्गा, गन्धर्व, अप्सरा, छत्र आदिले स्थान पाई उमामहेश्वर मूर्ति झनै कलात्मक बन्न पुगेको पाइन्छ। ललितपुर धँयाबुको ने.सं. १०७ मा राजा गुणकामदेवको पालामा स्थापित उमामहेश्वरको मूर्ति, ने.सं. २८२ राजा आनन्देवको पालाको झंटारेश्वर क्षेत्रको उमामहेश्वर (वज्राचार्य, २०६८, पृ. ३, ८ ७), ने.सं ८०१ मा पाटन वाँडेगाउँमा विश्वभारो र परिवारद्वारा स्थापित उमामहेश्वर, ने.सं. ८१२ मा पाटन इखाछें टोलमा भारो परिवारद्वारा स्थापित उमामहेश्वरको मूर्ति (वज्राचार्य, २०५६, पृ. २२७, ५०१, २८४) अभिलेख सहितका मध्यकालीन उमामहेश्वर मूर्तिका केही उदाहरण हुन्। यस्ता कयौं अभिलेखसहित तथा अभिलेख नभएका उमामहेश्वरका मूर्ति उपत्यकालगायत उपत्यका बाहिर पनि प्राप्त छन्। ने.सं. ५११ को राजा जयस्थिति मल्लको पालाको फर्पिङ्गमा गोरखनाथको पादुका स्थापना (वज्राचार्य, २०६८, पृ. ३, ८, ७, १८०), ने.सं. ५८८ मा पशुपतिनाथमा उन्मत्तभैरवको स्थापना (वज्राचार्य, २०६८, पृ. ३६४), ने.सं. ६२४ मा राय मल्ल, रत्न मल्ल, रण मल्ल, भीम मल्लको पालाको भक्तपुर तचपाल टोलमा महादेवको मूर्ति स्थापना (राजवंशी, २०२०, पृ. ९), पाटनका राजा सदाशिव मल्लद्वारा भक्तपुर राजदरबारमा काष्ठद्वारा निर्मित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरवमूर्तिहरूको स्थापना, राजा भूपतिन्द्र मल्लद्वारा भक्तपुर ढुङ्गेधारामा ने.सं. ८११ मा भैरवभैरवीको स्थापना, ने.सं. ८२१ मा उनैद्वारा भक्तपुर वसन्तपुर दरबारको मूलढोकामा भैरवको स्थापना गरिएको छ। यसबाहेक अन्य कयौँ भैरवका मूर्तिहरू स्थापना गरिएको पाइन्छ। त्यस्तै बबन भैरव भनिने माटोको घ्याम्पोमा भैरवको आकृति कुँदिएका तथा भैरवको मुखाकृति अङ्कित मुखौटोहरू बनेका छन्। यसरी शैव मूर्तिहरूलाई सरसर्ती हेर्दा नेपाली समाजमा भगवान् शिवको विग्रह निर्माण गर्ने क्रममा कलाकार वा संस्थापकको पहिलो रोजाइ शिवलिङ्ग, दोस्रोमा उमामहेश्वर, तेस्रो भैरव तथा चौथोमा शिवका अन्य (एकल, उमासहित, महांकाल आदि) स्वरूप रहेको देखिन्छ।

प्राचीनकालमै नेपालमा शिवको उपासनामा फरकफरक सिद्धान्तहरू देखा परिसकेका थिए। लिच्छविकालीन राजा नरेन्द्रदेवको पाटन गैह्रीधाराको अभिलेखमा *'भगवन्त वज्रेश्वरमुद्दिश्य पाशुपतानाम्ब्राहणाञ्च यथासम्भवम्भोजनङ्कारणीय'* अर्थात् पाशुपत सम्प्रदायका अनुयायी र ब्राह्मणहरूलाई भोजन गराउन आज्ञा दिइएको छ। यसबाट लिच्छविकालमा यहाँ पाशुपत सम्प्रदायका अनुयायीहरू रहेको तथा राजा नरेन्द्रदेवको उक्त सम्प्रदाय प्रति झुकाव रहको बुझिन्छ (जोशी, २०३०, पृ. ४९१)। लिच्छविकाल तथा मल्लकालका शासकहरूले पशुपतिसित सम्बन्धित विविध उपाधि धारण गरेको बारेमा माथि नै चर्चा गरियो। केही विद्वान्हरूले उक्त शासकहरूले धारण गरेका उपाधिहरूका आधारमा ती शासकहरू पाशुपत सम्प्रदायका अनुयायी रहेको विचार व्यक्त गरेका छन्। प्राचीनकालमै यहाँ पाशुपत सम्प्रदायअन्तर्गतका विभिन्न उप-सम्प्रदायको समेत विकास भएको देखिन्छ। जिष्णुगुप्तको पालाको आयार्च भगवत्प्राणार्द्धप्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा *'मुण्डशृङ्खलिकपाशुपताचार्यपर्षदि वाराहस्वामि उपसोम -ऋसोमखड्डुकानाञ्च अशी (ति) पिण्डकमानिकानां धू'...शृङ्खलिकपा-'* अर्थात् मुण्डश्रृंखलिक पाशुपत, सोमखड्डुक पाशुपत तथा श्रृंखलित पाशुपत सम्प्रदायबारे उल्लेख पाइन्छ (वज्राचार्य, २०३०,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृ. ४२७)। ती सम्प्रदायका अनुयायीहरूको संघ रहनुका साथै तिनमा आचार्य परम्परा रहेको देखिन्छ। तत्कालीन समयमा नेपालमा पाशुपत उप–सम्प्रदायहरूको राम्रो बाहुल्यता रहेको पुष्टि हुन्छ। सो अभिलेखमा पाशुपत सम्प्रदायसित सम्बन्धित पहिलो मुण्डश्रृंखलित शब्दको आधारमा ती सम्प्रदाय खप्परको माला लगाउने सिद्धान्तका अनुयायी रहेको बुझिन्छ। भारतमा तत्कालीन समयमा प्रचलित कापालिक पाशुपत सम्प्रदायसित यी मुण्डश्रृंखलित सम्प्रदायीहरूको सैद्धान्तिक समानता रहेको अनुमान गरिएको छ (जोशी, २०३०, पृ. ४१३)। दोस्रो सो अभिलेखमा उल्लिखित *'उपसोम ऋसोमखड्क'* शब्दले नेपालमा सोमसिद्धान्त सम्प्रदायको अवस्थितिको सङ्केत गरेको बुझिन्छ, जसमा महादेवलाई विषेशरूपले चन्द्रमासँग सम्बन्धित गरिन्छ। नेपाल महात्म्यमा सोमसिद्धान्त सम्प्रदाय सत्ययुगदेखि नै रहेको बताइएको छ (खनाल, २०२८, पृ. ४), जसले यस सम्प्रदायको प्राचीनताबारे पुष्टि गर्न मद्दत गर्दछ। छत्रचण्डेश्वरको उक्त अभिलेखबाट तत्कालीन समयमा सोम सिद्धान्त सम्प्रदायका अनुयायी रहेका तथा तिनले मुण्डश्रृंखलिक पाशुपत सम्प्रदायका आचार्यहरूको परिषद्अन्तर्गत काम गरिरहेको बुझिन्छ। अभिलेखमा उल्लिखित *श्रृंखलिकपा–* शब्दले श्रृंखलितअर्थात् सिक्री धारण गर्ने पाशुपत मतलाई सङ्केत गर्दछ र ती पनि कापालिक सम्प्रदायकै समान रहेको बुझिन्छ (जोशी, २०३०, पृ.४१३)। शैव दर्शनमा समस्त जीवलाई पशु र शिवलाई पति अर्थात् पशुका पति वा ईश्वर मानिएको छ। पतिको अनुग्रहबाटै पशु वा जीव पाश वा भवबन्धनबाट मुक्त हुने शैवमतको सिद्धान्त हो। त्यसैले पाशको प्रतीकको रूपमा पाशुपत मतावलम्बीहरूले शृङ्खला वा सिक्री लगाएको हुनुपर्दछ (रेग्मी र धमला, २०७१, पृ. ३८–४२)। त्यस्तै नेपालमा शृङ्खला वा सिक्री लगाएका भैरव, भैरवी तथा अन्य देवीदेवताका प्रतिमा देख्न सकिन्छ। यसबाट ती भैरव, भैरवी तथा देवीदेवताको सम्बन्ध शृङ्खलिक पाशुपतमतसँग रहेको अनुमान गर्न सकिन्छ।

अर्कोतर्फ नेपालमा दानपाशुपत सम्प्रदाय रहेको कुरा राजा नरेन्द्रदेवको देउपाटन शिवलिङ्गको जलहरीको अभिलेखमा अङ्कित *'दानपाशुपतपताचार्य... दानशृङ्खलिकपाशुपत'* बाट बुझिन्छ (जोशी, २०३०, पृ. ४६७)। उक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखमा शालङ्कामा बस्ने ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य तिलङ्डुकलाई खेत दान दिएको र तिनले पनि उक्त खेत दानशृङ्खलिक पाशुपतहरू बिरामी परेमा औषधोपचार गर्नका निम्ति दान दिएकी थिइन् (वज्राचार्य, २०३०, पृ. ४७२-४७३)। तत्कालीन समयमा पाशुपत क्षेत्रमा दानपाशुपत तथा दानश्रृंखलिक पाशुपत सम्भवत एउटै सम्प्रदायको अस्तितत्व रहेको थियो। तिनको बारेमा विस्तृत जानकारी नपाइए तापनि उक्त सम्प्रदायमा पनि मुण्डश्रृंखलित पाशुपत सम्प्रदायमा जस्तै आचार्य परम्परा रहेको देखिन्छ। अर्कोतर्फ अभिलेखमा उल्लिखित दान विशेषणका आधारमा यस सम्प्रदायको दान लिने विशेषतालाई संकेत गरेको बुझिन्छ। त्यस्तै दानपाशुपत र दानशृङ्खलिकपाशुपत दुई भिन्दाभिन्दै भेदका आधारमा दानपाशुपत सिक्री धारण नगर्ने तथा दानशृङ्खलिकपाशुपत सिक्री धारण गर्ने मत थिए कि भनी अनुमान गर्न सकिन्छ।

वशपाशुपत सम्प्रदाय बारेमा शिवदेव द्वितीयको लगनटोलको अभिलेखमा उल्लिखित *'वशपाशुपताचार्येभ्य....'* शब्द बाट पुष्टि हुन्छ। उक्त अभिलेखबाट वशपाशुपतबिच आचार्य रहेका साथै ती सम्प्रदायमा पनि संघ रहेको र राजा शिवदेवले तिनलाई शिवदेवेश्वर मन्दिरको पुनः संस्कारका निम्ति जग्गा प्रदान गरेबाट तिनको प्राबल्यबारे बुझिन्छ (जोशी, २०३०, पृ. ५३१)।

नेपालमा प्राचीनकालदेखि नै नाथ सम्प्रदाय फष्टाएको पाइन्छ। हिमवत्खण्डपुराणमा पाशुपत क्षेत्रको मृगस्थली गोरखनाथ, चौरङ्गीनाथको योगको आश्रयस्थल रहेको वर्णन छ (योगी, २०१३, पृ. २९५)। अक्षयकुमार बनर्जीले गोरखनाथ हिमालय प्रदेशको नेपाल र तिब्बतमा इसाको छैठौँ शताब्दीमा प्रख्यात रही उनको मत प्रचलित रहेको उल्लेख गरेका छन् (बनर्जी, १९८६, पृ. ८०-८१०)। पशुपति भस्मेश्वरको ध्रुवसंघको अभिलेखमा नाथेश्वर शिवलिङ्गको स्थापना तथा धुवदेव जिष्णुगुप्तको आदेश्वरको अभिलेखमा नाथेश्वरको उल्लेख छ (वज्राचार्य, २०३०, पृ. १५३, ४११)। यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथ्यहरूको आधारमा हेर्दा नेपालमा प्राचीनकालमै नाथ सम्प्रदायको उदय भई उक्त सम्प्रदाय प्रचलित रहेको देखिन्छ। भाषा वंशावलीमा राजा नरेन्द्रदेवको पालामा गोरखनाथ रिसाई नेपालमा खडेरी पर्दा उनले आसामको कामारु कामाख्या गई मच्छेन्द्रनाथलाई ल्याइ जात्रा चलाएको वर्णन छ (लम्साल, २०२३, पृ. ४–१०)। लिच्छविकालमा यहाँ नाथ सम्प्रदायका अनुयायीहरूको मठ काष्ठमण्डपमा निर्माण भइसकेको थियो। पूर्वमध्यकालमा ने.सं. ५११ मा जयस्थिति मल्लको पालामा फर्पिङ्गमा गोरखनाथ पादुको स्थापना (वज्राचार्य, २०६८, पृ. १८०) तथा उनकै पालमा ने.सं. ५१४ मा मृगस्थलीमा गोरखनाथको पादुका जगाई नाथ जोगीहरूको सम्प्रदाय बनाई नित्य नैमित्यिक पूजाको निम्ति गुठी राखेको पाइन्छ (खनाल, २०७७, पृ. ५३४)। पृथ्वीनारायण शाहलाई गोरखनाथले दर्शन दिएको प्रसङ्ग तथा नेपालका कयौँ स्थानमा नाथ सम्प्रदायका मठहरूको स्थापना र तिनमा हालपनि ती सम्प्रदायका अनुयायीको उपस्थितिबाट नाथ सम्प्रदाय प्राचीनकालदेखि मध्यकाल, शाहकाल हुँदै हालसम्म पनि उक्त सम्प्रदाय जीवन्त रहेको देखिन्छ। त्यस्तै नेपालमा माहेश्वर सम्प्रदायका अनुयायी रहेका कुरा राजा नरेन्द्रदेवको यङ्गु बहाल तथा पशुपति वज्रघरको अभिलेखमा उनले परममाहेश्वरपरमभट्टारक पद धारण गरेबाट बुझिन्छ (जोशी, २०३०, पृ. ५०८, ५१३)। माहेश्वर सम्प्रदाय मध्यकालसम्म पनि प्रचलित रहेको कुरा महीरावणवध नाटकमा राजा अरि मल्ललाई परममाहेश्वर भनिएबाट थाहा हुन्छ। फर्पिङ्गको ने.सं. ३८१ को अभिलेखमा राजा भीमदेवलाई, पशुपतिनाथको धर्म मल्लको पालाको अभिलेखमा जयसिंहरामवर्धनका भाई मदनरामवर्द्धनलाई तथा पशुपतिनाथकै ने.सं. ५३३ को अभिलेखमा राजा ज्योर्तिमल्ललाई पनि परममाहेश्वर (वज्राचार्य, २०६८, पृ. १३६, २११, २३६) भनिएको छ। नेपालमा पूर्वमध्यकालतिर वीरशैव वा लिङ्गायत मतको प्रचुर मात्रामा विकास भएको देखिन्छ। वीर शैव मठको स्थापना साथै यस सम्प्रदायका अनुयायी यहाँका कयौँ शिवालयका पूजारी रहेबाट सो कुराको पुष्टि हुन्छ। ने.सं. ६९२ मा भक्तपुरमा र ने.सं. ६९९ मा काठमाडौँमा वीरशैव मठको स्थापना, जयसिंह रामवर्द्धनले पशुपतिनाथको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुर्नस्थापना गर्दा पनौती निवासी श्रीआराध्य ब्रह्मणद्वारा लिङ्ग प्रतिष्ठान गराइनु, डोलेश्वर, अनन्तलिङ्गेश्वर, इन्द्रेश्वर, धनेश्वर आदि मन्दिरमा जङ्गम पूजारी रहँदै आउनुले यहाँ वीरशैव सम्प्रदायीको लामो इतिहास देखा पर्दछ (रेग्मी र धमला, २०७१, पृ. १२०, १३२, १२८, १३४)। त्यस्तै अर्धनारीश्वर शिवका रूपमा शाक्ततन्त्रसँग सम्बन्धित शैवदर्शनको धार्मिक धारणा पनि नेपाली समाजमा प्राचीनकालदेखि नै रहेको छ। यसैको प्रतिफल प्राचीनकालीन ब्रह्मादी चतुमूर्तिमा देखिने शिवसँगै रहेकी गौरीको मूर्ति, पूर्वमध्यकालमा स्थापित पशुपतिनाथको चतुर्मुखी शिवलिङ्गको उत्तर वामदेवरूपी मुखाकृतिमा पाइने आधा शिव, आधा उमाको प्रतिकृतिलगायत अन्य अर्धनारीश्वर मूर्तिहरूबाट पुष्टि हुन्छ।

प्राचीनकाल तथा मध्यकालमा यहाँ पशुपतिनाथ, भृङ्गारेश्वर, यक्षेश्वर, कुम्भेश्वर, महेन्द्रेश्वर, विश्वेश्वर (भाइचा देवल) लगायत कयौँ शैव मन्दिरहरूको निर्माण भएका छन्। आराध्यदेव भगवान् श्रीपशुपतिनाथलगायत भगवान् शिवका विभिन्न मठ मन्दिरमा शिवका नाममा कैलाशयात्रा, शोभनयात्रा, पवित्रारोहण, टिकिंछ्या, बालाचतुर्दशी, शिवरात्री, महास्नानजस्ता पर्व एवं जात्रा सम्पन्न गरिने प्रचलनबारे वंशावली, पुराण तथा अभिलेखहरूमा प्रशस्त वर्णन पाइन्छ। यस्ता जात्रापर्वमध्ये कतिपय सयौँ वर्षदेखि अनवरत रूपमा हालसम्म पनि चलिरहेकै छन्। यी आधारमा नेपालमा शैव धर्मको विकास प्राचीनकालदेखि नै विविध स्वरूपमा हुँदै आएको पुष्टि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्गपूजाको प्राचीनता

आदिम मानव प्रकृतिको उपासक रही तिनले भूमि, वायु, जल, अग्नि लगायत विविध तत्त्वको उपासना गरेको पाइन्छ। यसै क्रममा तिनले संसारको सृष्टिको रहस्यलाई प्रकृति र पुरुषका रूपमा उजागर गर्दै प्रज्जनन अङ्गलाई प्राप्त साधनहरूका माध्यमबाट व्यक्त गरी लिङ्ग तथा योनिको उपासनाको सुरुवात गरे। वास्तवमा लिङ्ग चिह्न, सङ्केत वा सूचक हो। पुरुष जनेन्द्रियलाई लिङ्ग (Phallus) भनिन्छ। जनेन्द्रियको सूचक वा चिह्न रूपी लिङ्गको पूजा गर्नुलाई लिङ्गोपासना (Phallicism) तथा लिङ्गको उपासना गर्ने मत वा सम्प्रदायलाई लिङ्ग सम्प्रदाय (Phallic Cult) भनिन्छ। लिङ्ग प्रजनन, उत्पादकत्व वा सृष्टिको प्रतीक हो। कतिपय समाजमा लिङ्गलाई धर्म, परम्परा, संस्कृतिको सूचक मानिएको छ। लिङ्गलाई धर्म तथा यस्तै तत्त्वका सहायक मान्ने परम्परा हिन्दु समाजमा मात्र नभई विश्वका कतिपय समाज र संस्कृतिमा छ। जापानको प्राचीन सिन्तो धर्ममा लिङ्गोपासना परम्परा थियो। जापानमा रहेका मन्दिरहरू मध्ये Mara Kannon मन्दिरलाई प्राचीन प्रजनन मन्दिर मानिन्छ। उक्त मन्दिरमा लिङ्गस्थापना गरिएको छ, जसको उपासना गर्नाले दाम्पत्य जीवन सुखी हुने, सन्तान सुख हुने तथा प्रेम बढ्ने विश्वास गरिन्छ। प्राचीन इजिप्टधर्ममा लिङ्गलाई प्रजननको प्रतीक मानिन्थ्यो। इ.पू. कालतिर इजिप्टमा Min नामक देवतालाई उर्ध्वलिङ्गसहित देखाउने परम्परा रह्यो। प्राचीन ग्रीकसभ्यतामा Priapus नामक देवतालाई प्रजननको देवता मानी ठूलो लिङ्गसहित देखाउने प्रचलन थियो। उनलाई जन्तु, फल, वृक्ष, बगैँचा तथा पुरुष योनाङ्गको संरक्षक मानिन्थ्यो। त्यस्तै ग्रीकसभ्यतामै Phallus Bird लाई शुभ सङ्केत मानिन्थ्यो, जसले मानिसको रक्षा गर्ने तथा दुष्टहरूको विनाश गर्ने विश्वास गरिन्थ्यो। प्राचीन रोम संस्कृतिमा लिङ्गको सर्वव्यापकता थियो। लिङ्गलाई वास्तुकला, घरायसीसामग्री, आभूषण आदिमा उत्कीर्ण गर्नुका साथै जादुटुनाका निम्ति जन्तर वा ताबिज बनाउन प्रयोग गरिन्थ्यो। लिङ्गअङ्कित आभूषण वा जन्तर धारण गर्नाले दुष्टहरूको आँखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नलाग्ने, युद्धमा रक्षा हुने तथा बाल बच्चाले धारण गरेमा तिनीहरू निरोगी हुने विश्वास गरिन्थ्यो। यसबाहेक विश्वका कतिपय मुलुकहरूमा प्रत्यक्षरूपमा लिङ्गकै उपासना गरिएको पाइन्छ। असिरियनहरूले Vul नामक देवतालाई प्रजनन वा उर्वरताको देव मानी लिङ्गको उपासना गर्दथे। फ्रान्स तथा बेल्जियमा लिङ्गोपासकहरू थिए जसले सन्तान उत्पादन तथा योनिसम्बन्धि रोगको उपचारका निम्ति लिङ्गको पूजा गर्दथे। थाइल्याणमा सन्तान नहुने महिलाले समुद्री गुफामा अवस्थित लिङ्गको उपासना गर्ने तथा सन्तान भएपश्चात् काठको लिङ्ग अर्पण गर्ने प्रचलन अद्यापि छ। मंगोलियाको गुम्बामा अवस्थित Kharkhorin Rock वा Phallic Rock भनिने प्रस्तर लिङ्ग भिक्षुहरूलाई अविवाहित रहन सचेत गराउन तथा मानिसलाई प्रजनन सम्बन्धी सचेत गराउनका निम्ति स्थापना गरिएको थियो, जसको पूजा गर्ने परम्परा हाल पनि छ। कम्बोज नरेश उदयादित्य वर्माले ११ औँ शताब्दीताका कम्बोडियाको सियन रिप नामक स्थानमा बाफुओन् मन्दिरमा शिवलिङ्ग स्थापना गरेका थिए। मक्काको प्रसिद्ध मस्जिदमा लिङ्गको स्थापना गरिएको पाइन्छ। इण्डोनेसियामा लिङ्ग तथा योनिलाई सम्मति तथा समन्वयको संकेत मानी उपासना गरिने प्रचलन छ। इण्डोनेसियाको जावा तथा बालीका कतिपय मन्दिरमा लिङ्गको नित्य उपासना गर्ने प्रचलन छ। यसै गरी आयरल्याण्ड, भियतनाम, इटाली (पम्पेई), दक्षिण अफ्रिका, म्याक्सिको, जर्मनी, अरब, अमेरिका, भुटान आदिमा लिङ्ग पाइएका छन्। विभिन्न देशमा लिङ्गलाई स्थानीय नाम दिई तिनको विविध स्वरूपबाट उपासना गरिए पनि वास्तविक रूपमा ती सृष्टि तथा प्रजननको प्रतीकको रूपमा पूजिएका हुन्। यसरी हेर्दा विश्वको प्रायः सबै धर्ममा लिङ्ग कुनै न कुनै रूपमा पूजिएकै देखिन्छ।

हिन्दु समाजमा पनि मानिसले माटो, प्रस्तर आदिबाट लिङ्ग निर्माण गरी योनि र लिङ्गलाई माता र पिता, प्रकृति र पुरुष वा प्रजनन र सृष्टिको सिद्धान्तको उद्‌बोधक मानेको पाइन्छ। तर लिङ्गपूजा शैवधर्मसँग कहिले र कसरी सम्बन्धित हुन गयो भन्ने सम्बन्धमा भने निश्चित प्रमाण पाइँदैन। हिन्दु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाजमा लिङ्ग उपासनाको ऐतिहासिकताको खोजी गर्दा पाषाणयुगसम्म पुग्न सकिने आधार भेटिएका छन्। नवपाषाण युगमा मानिसहरूले आफ्नो खेतको उर्वराशक्ति बढाउन लिङ्गको उपासना गर्ने गरेको तथ्य जयशंकर मिश्रले उल्लेख गरेका छन् (मिश्र, १९८०, पृ. ६९३)। पुरातात्त्विक प्रमाणहरूका आधारमा भने सिन्धुघाटी सभ्यतामा लिङ्गोपासनाको परम्परा रहेको पाइएको छ। मोहञ्जोदाडो, हरप्पा क्षेत्रको उत्खनन गर्ने क्रममा कयौँ माटाका सिलछापहरू पाइएका थिए, जसमा पशुपति/शिव (इ.पू. २१००–इ.पू. १७५०), नारी आकृति (इ.पू. २३००–इ.पू. १७५०), पशुका आकृति (इ.पू. २१००–इ.पू. १७५०) नारी मूर्तिहरू (इ.पू. २१००–इ.पू. १७५०) तथा नग्न पुरुष (शिरविहीन) (इ.पू. २१००–इ.पू. १७५०) पशुका मूर्तिहरू (इ.पू. २१००–इ.पू. १७५०) छन् (हन्टिङ्गटन, १९८५, पृ. ९–२३)। यी मध्येमाथि चर्चा गरियो की योगासनमा बसेका मानवाकृति तथा उक्त आकृतिको वरिपरि रहेका विभिन्न पशुहरूका आधारमा विद्वान्हरूले तिनलाई पशुपतिको संज्ञा दिएका थिए। उक्त सिलमा अङ्कित छापका बारेमा मार्सल नामक विद्वान्ले उक्त पशुपति/शिव भनिएको आकृतिलाई उर्ध्वलिङ्ग सहित देखाइएको तर्क प्रस्तुत गरेका छन्। अर्कोतर्फ उनी स्वयंले आफ्नो तर्कको खण्डन गर्दै सो उर्ध्वलिङ्ग नभई पशुपतिको कम्मरमा बाँधिएको पटुकाको टुप्पो हुन सक्ने पनि बताएका छन् (भट्ट, २००२, पृ. ६२)। सो सम्बन्धमा एन.आर.भट्टले भने दुवै काँध ढाकेर योग मुद्रामा बसेका, दुई आँखालाई नासिकामा केन्द्रित गरी ध्यानमग्न रहेका शिव/पशुपतिलाई लिङ्गसहित नदेखाइएको तर्क प्रस्तुत गर्दै नग्नता देखाउनु सिन्धुसभ्यताका देवीदेवताको विशेषता नरहेको तथ्य औंल्याएका छन् (भट्ट, २००८, पृ. ६६)। अर्कोतर्फ मोहञ्जोदाडो, हरप्पा क्षेत्रको उत्खननको क्रममा लिङ्ग साथै चक्राकार छिद्रयुक्त योनिका प्रतीक मृण्मय तथा प्रस्तरका प्रतिमाहरू पाइएका छन्। ती चक्राकार छिद्रयुक्त मृण्मय तथा प्रस्तरका नमुनालाई विद्वान्हरूले योनिको संज्ञा दिएका छन्। लिङ्गहरू केही सामान्य आकृतिका त कुनै मानव लिङ्गकै समान छन्। कतिपय लिङ्ग योनिरूपी प्रस्तरमाथि स्थापना गरिएका छन् (हन्टिङ्गटन, १९८५, पृ. १७)। यस क्षेत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त विभिन्न आकृति तथा मूर्तिहरूका आधारमा माहञ्जोदाडो, हरप्पा सभ्यतामा प्रकृतिको उपासनाका साथै शैवधर्म, शाक्तधर्मको उपासना निकै उन्नत रहेको पुष्टि हुन्छ। यी तथ्यहरूलाई सूक्ष्म ढङ्गबाट केलाउँदा सो सभ्यताका निश्चित कालखण्डका मानिसहरूले मात्र नभई तिनका पुस्ताँपुस्ताले पशुपतिको उपासना गर्दै आएको अनुमान गर्न सकिन्छ। अर्कोतर्फ उक्त क्षेत्रमा पाइएका लिङ्गहरूका आधारमा सो सभ्यताका मानिस लिङ्गको उपासक वा लिङ्ग सम्प्रदायका रहेको स्पष्ट सङ्केत गर्दछ। विश्वमा अन्य प्राचीन सभ्यताले लिङ्ग र योनिलाई प्रजनन वा सृष्टिको सूचक वा सङ्केतको रूपमा उपासना गरी रहदा तत्कालीन सिन्धु समाजले लिङ्गलाई के कस्तो स्वरूपमा उपासना गरेको थियो त ? लिङ्ग र योनिलाई प्रकति र पुरुषको प्रतीक मानी पुजेको थियो, लिङ्ग नै शिव हो भन्ने भावमा मानेको थियो वा शिव र लिङ्ग दुई अलगअलग मत, सम्प्रदायको रूपमा रहेको थियो भन्ने विषय गहन देखिन्छ। यदी लिङ्गलाई सिन्धुसभ्यताका मानिसहरूले रुद्र, शिवको रूपमा तत्कालीन समयमै मान्न थालिसकेको भए वैदिक साहित्य किन लिङ्ग सम्बन्धमा मौन रहे ? यस सम्बन्धमा म्याके नामक विद्वान्ले मोहञ्जोदाडो, हरप्पा क्षेत्रमा पाइएका लिङ्गहरूको तत्कालीन शैव धर्मसँग कुनै सम्बन्ध नरहेको तर्क व्यक्त गरेका छन्। उनले ती लिङ्ग आर्यहरूका उपास्य वस्तु नरहेको साथै उक्त सभ्यताका केही मानिसहरूले ती लिङ्ग जन्तर वा ताबिजको रूपमा प्रयोग गर्नका निम्ति निर्माण गरेको अभिमत प्रस्तुत गरेका छन् (म्याके, १९३३, पृ. ५९, ६३)। अर्कोतर्फ उनले उक्त क्षेत्रमा पाइएका योनि भनिएका ठूल्ठूला गोलाकार प्रस्तरहरूको लिङ्गसित कुनै सम्बन्ध नरहेको वा पीठिकाको स्वरूपमा लिङ्गका साथ नरहेको कारण ती योनि नरही कुनै स्तम्भ निर्माण गर्नका निम्ति प्रयोग गरिएका प्रस्तर हुन सक्ने तर्क व्यक्त गरेका छन् (म्याके, १९३३, पृ. ६१, ६२)। त्यस्तै मार्सल नामक विद्वान्ले पनि सिन्धुघाटीमा पाइएका लिङ्गहरू शैवधर्मसित सम्बन्धित नभई ती प्रत्यक्ष रूपमा व्यक्त गरिएका कुनै सम्प्रदायिक वस्तु भएको उल्लेख गरेका छन् (बनर्जीया, २००२, पृ. ४१)। यसै सम्बन्धमा ऐ.के.कर्माकरले लिङ्ग सम्प्रदाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवपाषाण कालदेखि नै अनार्य जातिबिच विद्यमान रही उक्त सम्प्रदायपछि अझ फैलिएको सम्प्रदायको रूपमा सिन्धुसभ्यता तथा ऋग्वैदिकयुगमा समेत रहेको बताएका छन् (कर्माकर, १९५०, पृ. ४५६)। यस सम्बन्धमा गोपीनाथ रावको भनाइ भने भिन्न छ। उनले अनार्यहरू लिङ्गका उपासक रहेका, जो पहिले भूमध्यसागरीय तटमा बसोबास गर्दथे र पछि भारतवर्षमा विस्तारित हुने क्रममा तिनले लिङ्गोपासनाको परम्परा भारतका विभिन्न क्षेत्रमा विस्तार गरेको बताएका छन् (राव, १९९७, पृ. ५६)। यी विभिन्न तथ्यको आधारमा हेर्दा सिन्धुसभ्यतामा प्रकृति, शैव, शाक्तजस्ता सम्प्रदाय जस्तै लिङ्ग सम्प्रदाय पनि रहेको बुझिन्छ। तर सिन्धुसभ्यताको शैव सम्प्रदाय र लिङ्ग सम्प्रदाय एकै थरीका उपासकद्वारा उपासना गरिएको सम्प्रदाय नरही अलग अलग सम्प्रदायको रूपमा विकास भएको तथा तत्कालीन लिङ्ग र पशुपति/शिवबिच कुनै सम्बन्ध नरहेको देखिन्छ।

वैदिकयुगमा आर्यहरूले अग्नि, इन्द्र, आदित्य, वरुण, सोम, रुद्र, मरुत्गण, वायु, बृहस्पति, उषा, अदिती, सावित्री लगायत अन्य कयौँ देवीदेवताको उपासना मन्त्रोच्चारणका साथ हवनको माध्यमबाट गर्दथे। ऋग्वेदको दशौँ मण्डलको विभिन्न सूक्त तथा तीअन्र्तगतका विभिन्न मन्त्रहरूमा विभिन्न देवीदेवतासँग सम्बन्धित मन्त्रको वर्णन छन्। तत्कालीन समयमा रुद्र नामले प्रख्यात रहेका शिवको चर्चा ऋग्वेदका तीन सूक्तअन्तर्गतका थुप्रै मन्त्रहरूमा पाइन्छ। उदण्ड, कठोरका साथै बेला बखतमा प्राणी माथि करुणा राख्ने रुद्र तत्कालीन समयमा वज्रवाहो, उग्र, पशुप, कपर्दिन, भेषज, कद्बुरूपाय (ज्ञान सम्पन्न) हुँदै भुवनस्य पितर अर्थात् लोकका स्वामीका रूपमा आर्यहरूका माझ प्रख्यात थिए। यसरी रुद्रको विभिन्न स्वरूप तथा नामको चर्चा ऋग्वेदमा गरिएको पाइए तापनि उनको लिङ्गस्वरूपको चर्चा भने कतै पाइँदैन। ऋग्वेदका केही सूक्तमा शिश्न वा लिङ्गको चर्चा पाइन्छ तर लिङ्ग र तत्कालीन रुद्रबिच कुनै सम्बन्ध रहेको देखिँदैन। ऋग्वेदको सातौं मण्डलमा *'न यावत इन्द्र जुजुवुर्नो न वन्दना शविष्ठ वेद्याभिः। स शर्धदर्यो विषुणस्य जन्तोर्मा शिश्नदेवा अपि गुर्ऋतं नः'* (ऋग्वेद,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७।२१।५) अर्थात् गायकहरूले इन्द्रसँग असुरहरूले तिनीहरू (आर्य) माथि घात गर्न नसकुन्। असुरहरूले तिनका वन्दना र अध्ययनमा बाधा नपारून्। विषमतालाई नियन्त्रणमा राखुन्। हिंस्रक स्वभाव र कामुक वृत्ति भएका शिश्न उपासक तिनको यज्ञका नजिक आउन नपाऊन्' भनी प्रार्थना गरेका छन् (लुइँटेल, २०७६, पृ. ५५१)। यसबाट उक्त समयमा वैदिक आर्यभन्दा भिन्न मानिस रहेका जसलाई आर्यहरूले असुर भनी सम्बोधन गरेको, आर्यहरूद्वारा हिंस्रक र कामुक प्रवृत्ति भएको भनिएका ती असुरहरू शिश्न अर्थात् लिङ्गको उपासक रहेको देखिन्छ। लिङ्गको उपासना गरेकै कारण आर्यहरूले तिनलाई अत्यन्त घृणाको दृष्टिले हेर्दै ती शिश्नोपासक आफ्नो यज्ञादी कर्म गरिएको स्थानमा नआउन् र आफूहरूलाई बाधा नपुर्‍याउन् भनी सोको रक्षार्थ इन्द्रसँग अनुरोध गरेका छन्। ऋग्वेदको दशौँ मण्डलमा *'स वाजं यातापदुष्पदा यन्त्स्वर्षाता परि षदत्सनिष्यन्। अनर्वा यच्छतदुरस्य वेदो घ्नञ्छिनदेवां अभि वर्पसा भूत'* (ऋग्वेद, १०।९९।३) अर्थात् आर्यहरूले इन्द्रको उपासना गर्दै इन्द्र उत्तम वेगले लडाइँको मैदानमा पुगेर कतिपनि विचलित नभई तिनले सयौँ ढोका भएको शत्रुहरूको शहर कब्जा गरी शत्रुका भए जतिको धन ल्याउन र इन्द्रिय लिप्सामा लाग्नेहरूको नष्ट गर्न अनुरोध गरेका छन् (लुइँटेल, २०७६, पृ. ९७५)। यसरी आर्यहरूले शत्रु मानेका शिश्नोपासकहरूको नगर कब्जा गरी तिनको सर्वस्व हरण गर्दै इन्द्रिय लिप्सामा लिप्त ती शत्रुहरूको नाश गर्न इन्द्रलाई अनुरोध गरिएको छ। यहाँ विचारणीय कुरो के छ भने, ती शत्रुहरूको सयौँ ढोका भएको नगर रहेको, ती धनसम्पतिले सम्पन्न रहेका तथा इन्द्रजस्ता ऋग्वैदिक शक्तिशाली देवतालाई समेत विचलित नहुन आर्यहरूले अनुरोध गरेका आधारमा आर्यहरूसँग प्रतिस्पर्धा गर्न सक्ने ती जाति बलशाली, सम्पन्न र ठूलो जमातमा रहेको बुझिन्छ। त्यस्तै ऋग्वेदको दशौँ मण्डलको एक अर्को मन्त्रमा '*सद्यः शिश्ना प्रमिनानो नवीयान्*' (ऋग्वेद, १०।२७।१९) अर्थात् पुनः शिश्नको उल्लेख छ। यहाँ उल्लिखित शिश्नको वर्णन गर्दै सायन नामक विद्वान्‌ले उक्त मन्त्रमा उल्लिखित शिश्न तथा माथि उल्लिखित मन्त्रहरूमा वर्णन गरिएका शिश्नदेव शब्दले ती नै शत्रु भनिएका लिङ्गको उपासकलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्केत गरेको बताएका छन्। साथै उनले तिनको संस्कार वैदिक आर्यहरूको भन्दा भिन्दै रही तिनले मानव शिश्न वा लिङ्गलाई सृष्टिको मूल जरो मानी उपासना गर्नुका साथै आफ्नो विशेष धार्मिक संस्कारका निम्ति मानव शिश्न वा लिङ्गको प्रयोग गर्ने गर्दथे जुन आर्यहरूलाई पटक्कै मन नपरेको कारण तिनले शिश्नोपासनकलाई अस्वीकार गरेको उनको भनाइ छ (बनर्जीया, २००२, पृ. ६३)। यसरी भूमध्यासागरीय क्षेत्रबाट सिन्धुसभ्यतामा आएका लिङ्गोपासक अनार्यहरू भारतका विभिन्न क्षेत्रमा फैलिनुका साथै तिनले ती क्षेत्रहरूमा लिङ्गोपासना विस्तार गरेका थिए। वैदिक आर्यहरूले ती नै शिश्नोपासलाई अनार्य वा असुरको दर्जामा राखी तिनको लिङ्गोपासना संस्कारलाई हेयको दृष्टिले हरेको देखिन्छ। साथै आर्यहरूले यी अर्नायलाई कामुक तथा इन्द्रिय लिप्सामा लाग्ने लाञ्छना लगाउँदै तिनलाई शिश्नसित आनन्दित हुने अब्रह्मचारी र ब्रह्मचर्यको नियमभन्दा टाढा रहने भ्रष्टको दर्जामा राखेको छन्। यस्ता लिङ्गोपासकलाई छुन समते आर्यहरू अपवित्र मान्दथे किनकी यिनले मानव शिश्नलाई देवताको रूपमा देवस्थलमा स्थापना गरी तिनको अर्चना गर्दथे।

यसै सम्बन्धमा प्राचीनकालमा भारतमा आदिवासीको बसोबास रहेको र ती द्राविड नामले प्रख्यात रहेको केही विद्वान्हरूको भनाइ छ। यी द्रविड पहिले सिन्धु क्षेत्रमा बसोबास गर्दथे, जो सिन्धुसभ्यताको विनाशपछि भारतको पूर्व तथा दक्षिणक्षेत्रतर्फ फैलिएका थिए। द्रविणहरू शिवसाथै लिङ्गको उपासक थिए। द्रविण संस्कृतिको आर्य संस्कृतिमा निकै प्रभाव परेको चर्चा पाइन्छ। ऋग्वैदिक आर्यहरूको उपास्य देव रुद्र पहिले द्रविडका देवता शिव थिए। रुद्र शब्दको संस्कृत अर्थ रक्त, रौद्र हुन्छ जुन द्रविण शब्द शिव वा रातोसँग मिल्दछ। द्रविण शिवलाई आर्यहरूले रुद्रको रूपमा स्वीकार गरेको थिए। द्रविडहरू लिङ्गको उपासक थिए। तर वैदिक आर्यहरूलाई द्रविणहरूको लिङ्ग उपासनाको परम्परा भने पटक्कै स्वीकार्य थिएन र हेयको दृष्टिकोणले हेर्दथे। यसै कारण द्रविणहरूले लिङ्ग उपासनाको परम्परालाई दक्षिणभारततर्फ विस्तार गराएका थिए (दास, १९२५, पृ. २७८)। यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथ्यहरूको आधारमा हेर्दा वैदिक आर्यहरूका निम्ति लिङ्गोपासना वैदिकधर्मभन्दा भिन्न, बाह्य, आयातित वा वैदेशिक संस्कार थियो जुन उनीहरू कदापी आत्मसात् गर्न तयार थिएनन्। त्यसैले ऋग्वैदिक आर्यहरू लिङ्गपूजाको परम्परालाई अघि बढाउन अनिच्छुक वा पछि हटेका थिए। ऋग्वैदिक ऋचाहरू लिङ्गोपासनाको मन्त्रबाट शून्य हुनु पनि यही कारण थियो।

ऋग्वेदपछि अथर्ववेदमा शिवको रुद्र, युगल रौद्रस्वरूपको भव, शर्व, महादेव आदिको रूपमा वर्णन गरिए तापनि उक्त वेदमा उनको लिङ्गस्वरूपको चर्चा पाइँदैन। अथर्ववेदका केही सूक्तहरूमा योनि, गर्भ, गर्भिणीजस्ता मातृशक्ति, प्रजनन वा सृष्टिका देवीहरूको उपासना गरिएको पाइन्छ। अर्थवेदका कयौँ सूक्तहरूमा मारण, मोहन, वशीकरण, उच्चाटन, स्तम्भनजस्ता अभिचारसम्बन्धि मन्त्रकासाथै झारफुक, टुनामुना, जादु आदिको प्रशस्त चर्चा पाइन्छ। अथर्ववेदको ३।४।२३ मा योनिलाई रोगमुक्त रहन, तिनमा वीर्यपात भई गर्भ रहन तथा दशमाससम्म गर्भको रक्षा गर्नका निम्ति योनि देवताको प्रार्थना गरिएको छ। सोही वेदको ४।२।२५ मा जसरी पृथ्वीले सर्वभूत तत्त्वको गर्भधारण गर्दछिन्, त्यसैगरी योनिमा अङ्ग शक्तिले युक्त धारण गरिएको गर्भको रक्षार्थ सरस्वती, कल्याणी, मित्रावरुण, बृहस्पति, रुद्र, अग्नि, धाता, प्रजापति आदि देवताको आवाहन गरिएको छ। औषधीहरूको गर्भ मानिएको वनस्पतिलाई योनिको रक्षा गरी गर्भलाई पुष्ट राख्नका निम्ति योनि र गर्भ देवताको प्रार्थना गरिएको छ। ७।३।६ मा गर्भिणीलाई आलिरोग, सवर्तरोग आदिका देवताले बाधा नपुऱ्याउन्, गर्भिणीको उरु, योनि, गर्भ तथा साललाई कष्ट पुऱ्याउन खाज्ने राक्षस, पिशाचको नाश होस् तथा सुतिका गृहमा छद्म भेष धारण गरी बस्ने राक्षसहरूको नाश होस् भनी पहेँलो तथा सेतो सरस्युको प्रयोग गरी मन्त्रोच्चारण गर्दै योनि तथा गर्भिणी देवताको उपासना गरिएको छ (पाण्डेय, १९९६, पृ. ३०, ५३, १०१)। यसरी अथर्ववेदमा जननी, प्रजनन वा सृष्टिको प्रतीक योनि, गर्भको रक्षाका निमित्त योनि देवताको उपासना गरिए तापनि सृष्टि वा प्रजनन प्रक्रियामा उत्तिकै महत्त्व रहने लिङ्गको कुनै चर्चा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा उपासना गरिएको छैन। न त रुद्र कतै प्रजनन देवताका रूपमा पूजिएका वा प्रजनन प्रक्रियासँग जोडिएर उपासना गरिएका छन्। यदी रुद्र प्रजनन वा उत्पादनका देवता हुन्थे भने वैदिक आर्यहरूले उनको चर्चा कुनै न कुनै रूपमा मन्त्रहरूमा अवश्य गर्थे। यसरी अथर्ववेद लिङ्गोपासना सम्बन्धमा मौन देखिन्छ। त्यस्तै ब्राह्मण साहित्यमा रुद्र मन्यु वा अग्नि, ईशान, पशुपति, असनीलगायत अन्य नामहरूद्वारा प्रचलित रहे तापनि यी साहित्यमा रुद्र/शिवको कुनै लिङ्गवाचक स्वरूपको नाम पाइँदैन।

उपनिषद्मा भने लिङ्ग तथा योनिको चर्चा पाइन्छ। कठोपनिषद्, श्वेताश्वेतरोपनिषद्, रुद्रोपनिषद्, रुद्रहृदयोपनिषद् आदिमा लिङ्गको चर्चा गरिएका छन्। उपनिषद्मा लिङ्ग परमतत्त्व, प्रकृति र पुरुष, नर र नारी, शिव र उमाको रूपमा चर्चा गरिएको छ। कठोपनिषद्मा *'अव्यक्तात्तु परः पुरुषो व्यापकोऽलिङ्ग एव च। यज्ज्ञात्वा मुच्यते जन्तुरमृतत्वं च गच्छति'* (क.उ. २।६।८) अर्थात् अव्यक्त रूपमा व्यापक परम पुरुष लिङ्ग हो। यसको ज्ञाता जीवन मुक्त भएर अमृत तत्त्व प्राप्त गर्दछन्। यसको यर्थाथ रूप सामुन्ने आउँदैन किनकी यसलाई आँखाले देख्न सकिँदैन। यसलाई त केवल चिन्तन, पवित्र हृदय तथा मनद्वारा मात्र अनुभव सकिन्छ तथा जसले यसको ज्ञान बुझ्दछ त्यो अमर रहन्छ (राणा, १, पृ. २३–२४)। यहाँ परमात्मा (रुद्र) लाई लिङ्ग वा स्थूल तत्त्वको रूपमा चित्रण गरिएको तर परमात्माको यर्थाथ रूप आँखाले देख्न नसकिने हुँदा चिन्तन गरे मात्र प्राप्त हुने भाव व्यक्त गरिएको छ। श्वेताश्वेतरोपनिषद्मा *'वन्हेर्यथा योनिगतस्य मूर्तिर्न दृश्यते नैव च लिङ्गनाशः। स भूय एवेन्धनयानिगृहयस्तद्वोभयं वै प्रणवेन देहे'* (श्वे.उ. १।१३) जसरी अरणी (काठ) भित्र अग्नि हुन्छ तर देखिँदैन र दुई अरणीको घर्षणले मात्र त्यो प्रकट हुन्छ। त्यस्तै आत्मा एवं परमात्मा दुवैको ज्ञान प्रणवले हुन्छ। आफ्नो शरीर तथा प्रणव दुवैलाई तलमाथि अरणीको समान घर्षण वा ध्यान लगाएमा अग्निको समान परमात्माको दर्शन हुने बताइएको छ (राणा, १, पृ. १०४)। एक टक वैदिककालीन उपासना विधितर्फ ध्यान दिँदा अग्निलाई सर्वोच्च देवको रूपमा उपासना गरिने तथा विभिन्न देवतालाई अग्निमार्फत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हवि प्रदान गरी तुष्ट बनाइने परम्परा थियो। ऋग्वेदमा अग्निको प्रादुर्भाव सम्बन्धमा *'श्रवात्रेण यत्पित्रोर्मुच्यसे पर्या'* (ऋग्वेद १।३१।४) अर्थात् अग्निको उत्पत्ति माता र पिताका रूपमा रहेका दुई अरणीको मन्थनबाट भएको वर्णन छ। माथि उपनिषद्मा दुई अरणीको मन्थनलाई लिङ्ग र योनिको समागमसँग समन्वय गराई ती दुईको एकत्व स्वरूप नै अग्नि (परमात्मा) हुन् भनिएको छ। यसो त ऋग्वेदमै *'त्वमग्ने रुद्रो'* (ऋग्वेद २।१।६) अर्थात् हे अग्नि देव तिमी नै द्युलोकका प्राणदाता रुद्र हौ भनिएको छ। यसबाट वैदिकालीन अग्निलाई उपनिषद्कालमा लिङ्ग र योनिको एकाकार स्वरूपी परमात्माको रूपमा वर्णन गरिएको देखिन्छ। यता श्वेताश्वेतोपनिषद्ले *'मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत् यो योनिं योनिमधितिष्ठत्येको यस्मिन्निदं संच विचैति सर्वम्'* (श्वे.उ. ४।१०-११) अर्थात् प्रकृतिलाई माया तथा शिव (महेश्वर) लाई तिनको स्वामी बताउँदै दुवैको अवयवबाट समस्त जगत्को सृष्टि हुने, प्रलयकालमा जीव उनमै लिन हुने र पुनः सृष्टिको समयमा उनी विभिन्न रूपमा प्रकट हुने बताउदै रुद्र/शिव नै सम्पूर्ण योनिहरूको अधिष्ठाता रहेको वर्णन गरेको छ (राणा, १, पृ. १०६)। रुद्रहृदयोपनिषद्ले *'उमारुद्रात्मिकाः सर्वाः प्रजाः स्थावरजङ्गमाः। व्यक्तं सर्वमुमारूपमव्यक्तं तु महेश्वरम्। उमा शंकरयोगो यः स योगो विष्णुरुच्यते'* (रु.हृ.उ. १०।११) अर्थात् समस्त सृष्टिमा सबै पुलिङ्ग (नर) शिव र सबै स्त्रीलिङ्ग (नारी) उमा हुन्। त्यसैले सबै चराचर जगत्को सृष्टि उमा र रुद्रकै रूप हो। व्यक्त जगत् उमाको रूप तथा अव्यक्त शिवको रूप रहेको तथा उमा एवं शंकर मिलेको रूप नै विष्णु हो (राणा, ३, पृ. ११०)। त्यस्तै रुद्रहृदयोपनिषद्मा लिङ्ग रुद्रको पर्याय रहेको स्पष्ट उल्लेख छ। *'रुद्रो नर उमा नारी, रुद्रो ब्रह्म उमा वाणी, रुद्रो विष्णुरुमा लक्ष्मी, रुद्रः सूर्य उमा छाया, रुद्रः सोम उमा तारा, रुद्रो दिवा उमा रात्रि, रुद्रो यज्ञ उमा वेदी, रुद्रो वह्निरुमा स्वाहा, रुद्रो वेद उमा शास्त्रं, रुद्रो वृक्ष उमा वल्ली, रुद्रो गन्ध उमा पुष्पं, रुद्रोऽर्थ अक्षरः सोमा, रुद्रो लिङ्गमुमा पीठं तस्मै तस्यै नमो नमः'* (रु.हृ.उ. १७-२३) अर्थात् रुद्र नर उमा नारी, रुद्र ब्रह्मा उमा वाणी (सरस्वती), रुद्र विष्णु उमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मी, रुद्र सूर्य उमा छाया, रुद्र सोम उमा तारा, रुद्र दिन उमा रात, रुद्र यज्ञ उमा वेदी, रुद्र अग्नि उमा स्वाहा, रुद्र वेद उमा शास्त्र, रुद्र वृक्ष उमा लता, रुद्र गन्ध उमा पुष्प, रुद्र अर्थ उमा शब्द रहेको बताउँदै रुद्र लिङ्ग तथा उमा लिङ्गको पीठिका रहेको उल्लेख गर्दै नमन गरिएको छ (राणा, ३, पृ. ११)। यसरी यस उपनिषद्मा रुद्र नै ब्रह्मा, विष्णु, सूर्य, सोम, अग्नि आदि देवता लगायत जगत्का सम्पूर्ण तत्त्व उनै रहेको वर्णन गर्दै रुद्रको सर्वोच्चतालाई दर्शाएको छ। रुद्र (नर) र उमा (नारी) लाई प्रकृति र पुरुषको व्यक्त स्वरूप जसबाट चराचर जगत्को सृष्टि भएको तथ्यलाई उजागर गर्नुका साथै आर्यहरूले आफूले ऋग्वैदिक कालदेखि मान्दै आएका रुद्र नै सर्वदेवता र लिङ्ग पनि उनी नै रहेको तथ्यलाई स्वीकार गरेका छन्। लिङ्गमा विद्यमान दुई भागमध्ये रुद्र लिङ्ग र उमा पीठिका वा लिङ्गको आधार रहेको स्वीकार गर्दै लिङ्गको वन्दना गरी लिङ्ग (रुद्र) लाई सबै देवको एकात्मक स्वरूप मानेका छन्। यसरी उपनिषद्युगीन आर्यहरूले लिङ्गलाई प्रकृति र पुरुष तथा रुद्र र उमाको व्यक्त रूप मान्दै सृष्टिको यर्थाथ वा दार्शनिक पक्षलाई स्वीकार गरेको यहाँ प्रष्ट हुन्छ। माथि नै उल्लेख गरियो की आर्यहरूले लिङ्गको उपासनालाई अनार्यबिच प्रचलित संस्कार मानी त्यसलाई आत्मसात् गर्न यस अघि तयार थिएनन्। यसको झल्को रुद्रोपनिषद्मा चर्चा गरिएका केही सूक्तहरूले पनि प्रदान गर्दछन्। उक्त उपनिषद्मा शिवको उपासना सम्बन्धमा ब्राह्मणले शिवको उपासना गर्नुपर्दछ र शिवभक्ति विहिन ब्राह्मणलाई चाण्डाल वा उपचाण्डाल भनी सम्बोधन गरिएको छ। यदी कुनै अधम चाण्डालले लिङ्गको उपासना गर्दछ भने उ ब्राह्मण भन्दा श्रेष्ठ रहने तथा उसको हातको विभूति समेत शुद्ध हुने बताइएको छ। शिवभक्त चाण्डालहरू प्राण लिङ्गी हुन् अर्थात् लिङ्गलाई जान्ने ती स्वयं शिव हुन् भन्दै लिङ्गोपासनाको महिमा र लिङ्गोपासक श्रेष्ठ उपासक तथा स्वयं शिव रहेको बताइएको छ (राणा, ३, पृ. १०६)। रुद्र उपनिषद्मा गरिएको उक्त वर्णनबाट तत्कालीन समाजमा चाण्डाल अर्थात् अछुत मानिएका अनार्यहरूले अनादि कालदेखि गर्दै आइरहेको लिङ्गको उपासनाको परम्परा उक्त कालसम्म पनि निरन्तर रहेको देखिन्छ भने प्रकृति र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुष वा सृष्टिको रहस्यलाई बुझेका आर्यहरूले यस कालमा त्यसको व्यक्त रूप लिङ्ग हो, लिङ्ग जाति विशेषको उपास्य देव भन्दा पनि रुद्र र उमाको एकाकार स्वरूप वा स्वयं शिव हुन् भनी स्वीकार गरेको देखिन्छ। लिङ्ग र योनिको महत्त्व पहिले नै बुझेर लिङ्गोपासना गर्दै आएका अनार्यहरूको परम्परागत संस्कारलाई उपनिषद्कालमा आएर बल्ल आर्यहरूले आत्मसात् गरेको देखिन्छ। यसरी लिङ्गको तात्त्विक सङ्केतलाई सम्मान गर्दै नारायणोपनिषद्मा *'निधनपतये नमः। निधनपतान्तिकाय नमः। उर्ध्वाय नमः उर्ध्वलिङ्गाय नमः, हिरण्याय नमः, हिरण्यलिङ्गाय नमः, सुवर्णाय नमः, सुवर्णलिङ्गाय नमः, दिव्याय नमः, दिव्यलिङ्गाय नमः, भवाय नमः, भवलिङ्गाय नमः, शर्वाय नमः, शर्वलिङ्गाय नमः, शिवाय नमः, शिवलिङ्गाय नमः, ज्वलाय नमः, ज्वललिङ्गाय नमः, आत्माय नमः, आत्मलिङ्गाय नमः, परमाय नमः, परमलिङ्गाय नमः, एतत्सोमस्य सूर्यस्य सर्वलिङ्गस्थापयति पाणिमत्रं पवित्रम्'* (ना.उ. १४।१६) अर्थात् लिङ्ग प्रतिष्ठालाई महत्त्व दिई तिनको प्रतिष्ठा मन्त्रको समेत उल्लेख गरिएको पाइन्छ। यस आधारमा उपनिषद्युगमै आर्यहरूले लिङ्गको स्थापना गर्न सुरुवात गरिसकेको अनुमान गर्न सकिन्छ। अर्कोतर्फ जसरी यस कालमा वैदिककालीन रुद्र ब्रह्मतत्त्वका स्वरूपमा चिनिएका थिए त्यसै गरी रुद्र जस्तै उनको लिङ्ग स्वरूप पनि जगत्को गुरुको रूपमा उपनिषद्मा वर्णन गरिएको छ। रुद्रोपनिषद्मा भगवान् शिव सबैका गुरु हुन्। गुरु शिव नै लिङ्ग (ब्रह्मको सूचक वा चिह्न) हुन्। यसरी आर्यहरूले लिङ्गलाई ब्रह्मज्ञानको प्रतीकको रूपमा स्वीकार गरे। शिवलिङ्गमा जल अर्पण गर्नाले सम्पूर्ण पाप नाश हुने विश्वास गर्न लागे (राणा, ३, पृ. १०६)। यसबाट उपनिषद्युगमा आर्यहरूले लिङ्गका साथै लिङ्गोपासनालाई स्वीकार गरेको देखिन्छ।

महाकाव्य युगसम्म आइपुग्दा लिङ्गोपासनाको महत्त्व झनै बढ्दै गयो। रामायण तथा महाभारतमा लिङ्ग स्थापना तथा उपासनाका कयौँ प्रसङ्गको वर्णन पाइन्छ। रावण शिवका परमभक्त थिए। उनी आफ्नो साथमा सदैव सुवर्ण लिङ्ग राख्दथे र आफू जहाँ गए पनि सो लिङ्गको उपासना गर्दथे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्गोपासनाको प्रसादले रावणले तीनै लोकलाई वशमा पारेका थिए। महाबलि रावण मात्र नभई दुर्धष वीर कुम्भकर्ण, माल्यवान, प्रतापी वेगदंशी जस्ता श्रेष्ठ राक्षसहरू समेत शिवलिङ्गको उपासक थिए (स्कन्दपुराण, २०७५, पृ. १३)। रामले लङ्का विजयपश्चात् सेतु क्षेत्रको गन्धमादन पर्वतको सेतु सिमामा रामेश्वर लिङ्गको स्थापना गरेका थिए। रामले रावण वधको प्रायश्चित्त गर्नका निम्ति शिवको उपासना गरी लिङ्ग स्थापना गर्ने विचार प्रकट गर्दै हनुमान्लाई लिङ्ग ल्याउन अह्राए। तर शुभमुहूर्त बित्न लाग्दा पनि हनुमान् लिङ्ग लिई आइ नपुगेको कारण सीताले बालुवाको लिङ्ग बनाइन्, जसलाई रामले स्थापना गरे। हनुमान्द्वारा ल्याइएको वाणलिङ्ग उनले रामको आदेशानुसार स्थापना गरेका थिए, जुन हनुमदीश्वर नामले प्रख्यात रहन गयो (स्कन्दपुराण, २०७५, पृ. ५७८-५८१)। राम सीतालाई लिई लङ्काबाट पुष्पक विमानमा अयोध्या फर्कने क्रममा मार्गमा पर्ने सेतुबन्धको दृष्य देखाउँदै उनले सोही स्थानमा आफूलाई भगवान् शिवको कृपा भएको कुरा सीतालाई बताएका थिए। रामलाई महान् नल सेतु निर्माण गर्न शिवको सहयोग, प्रसाद तथा आर्शीवाद प्राप्त गरेका कारण कृतज्ञता व्यक्त गर्दै उनले सोही स्थानमा रामेश्वर लिङ्गको स्थापना गरेका हुन् भन्ने पनि रामायणका केही टीकाकारहरूको भनाइ छ (व्यास, १९८७, पृ. २६५-२६६)। महाभारतमा लिङ्ग र योनिको दार्शनिक चर्चा गरिएको छ। जसमा *'न पद्माकां न चक्राकां न वज्राकां यात प्रजा। लिङ्गाकां च भगाकां च तस्मान् महेश्वरप्रजा'* (महाभारत, १३।१४।२२९) अर्थात् प्राणीहरू न त पद्म चिह्न अङ्कित छन्, न त चक्र, न त वज्र नै। तर ती लिङ्ग वा भग अङ्कित रहेका हुँदा ती महेश्वरका सन्तान रहेको बताइएको छ। त्यस्तै महाभारतमै *'पुलिङ्गं सर्वं ईशानम् स्त्रीलिङ्गं विधिचापि उमाम्। देव्यम् तनुभ्याम् व्याप्तंहि चराचरम् इदम् जगत्'* (महाभारत, १३।१४।२३०) अर्थात् लिङ्ग ईशान हुन् तथा योनि उमा हुन् र यी दुईको तन वा शरीरका कारण चराचर जगत् व्याप्त भई सधैँ चलिरहेको कुरा दर्शाइएको छ। उक्त कालमा *'तस्य ब्रह्मा च विष्णुश्च त्वं चापि सहदैवतः अचयेतः सदा लिङ्गं'* (महाभारत, १३।१४।२२९) अर्थात् ब्रह्मा, विष्णु तथा अन्य देवताहरू समेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदैव लिङ्गको उपासक थिए। महाभारतमा लिङ्गको प्रसङ्गको चर्चा गर्दा उपमन्युको प्रसङ्ग उल्लेख नगरी रहन सकिन्न। महाभारतको अनुशासन पर्वमा उपमन्युको सल्लाह अनुसार कृष्णले पाशुपतव्रतको तप चर्या गरेको प्रसङ्गको उल्लेख छ, जुन तपबाट शिव पार्वती अत्यन्त प्रसन्न भएका थिए। कृष्णको शिव, रुद्रलाई जान्ने जिज्ञासा अनुरूप उपमन्युले उनलाई शिवको महिमा, पाशुपतव्रतको महिमा, शिवको सहस्रनामद्वारा स्तुति गर्नुका साथै शिवलिङ्गको अर्थ, महिमा, लिङ्ग प्रतिष्ठा तथा पूजाका विधिबारेमा सबिस्तार वर्णन गरेका थिए। यसै प्रसङ्गको शिवपुराणमा पनि सबिस्तार वर्णन छ। महाभारतको आरण्यकपर्वमा अर्जुन कृष्णको सल्लाह अनुसार हिमालयमा तप गर्न गएपश्चात् उनको विरहमा बसेका युधिष्ठिर, द्रौपदी तथा अन्य भाइहरूलाई पुलस्य तथा धौम्य ऋषिले विभिन्न तीर्थको वर्णन गरेका थिए। ती ऋषिहरूले भारतका विभिन्न तीर्थस्थलको वर्णन गर्ने क्रममा कालञ्जर पर्वत, गौरीशंकर आदि तीर्थको वर्णन गरेका छन्, जुन तत्कालीन समयमा प्रसिद्ध शैव तीर्थस्थल थिए। सोही क्रममा हिमालयमा तप गरिरहेका अर्जुनलाई भेटेर आएका लोमस ऋषिले अर्जुनले पाशुपत अस्त्र प्राप्त गरेको कुरा युधिष्ठिरलाई सुनाउनुका साथै अर्जुनकै सल्लाह बमोजिम उनले युधिष्ठिर, द्रौपदी, अन्य भाइसहित धौम्य ऋषिलाई लिई तीर्थयात्रा गराएका थिए। सो यात्राको क्रममा उनीहरूद्वारा रामले स्थापना गरेको दक्षिण रामेश्वरदेखि उत्तर केदारनाथसम्म विभिन्न लिङ्ग तीर्थ पुगेका थिए (अग्रवाल, १, १९७७, पृ. २४३–२५०)। सौप्तिकपर्वमा शिवका भक्त अश्वत्थामाले एउटा लाटोकोसेरोले रातको समयमा निदाएका कौवाहरूलाई ठुङ्गेर मारेको देखेर प्रेरित भई रातको समयमा पाण्डवको शिविरमा प्रवेश गरी दृष्टद्युम्न, शिखण्डी र द्रौपदीका पाँच पुत्रहरूको हत्या गरेका थिए। क्षेत्रीय हत्याको पापबाट मुक्ति पाउन उनी नर्मदा नदीको किनारमा अवस्थित द्रोणाचार्य आदि ऋषिलाई भेट्न जाँदा ऋषिहरूले उनलाई भेट्न अस्वीकार गरे। पछि व्यासको सल्लाह अनुसार अश्वत्थामाले धनुष्कोटीमा अवस्थित रामेश्वर लिङ्गको पूजा, तप र नृत्य गरी शिवको आराधना गर्दा शिवको कृपा प्राप्त भई उनी पाप मुक्त भएका थिए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(स्कन्दपुराण, २०७५, पृ. ५६४)। यसरी महाकाव्यकालमा देव, गण, राक्षसद्वारा शिवलिङ्गको स्थापना र लिङ्गोपासना गर्नु, उपमन्युद्वारा शिवलिङ्गको चर्चा आदिबाट उक्त कालमा बढ्दै गएको लिङ्गोपासनाको महत्त्वबारेमा परिचय मिल्दछ।

पौराणिक युग लिङ्गोपासनाको युग रहेको पाइन्छ। पुराणहरूमा लिङ्गको अर्थ के हो, लिङ्गको उत्पत्ति कसरी भयो, शिवलाई नै लिङ्गको रूपमा किन पूजा गरियो भन्ने विषयमा सविस्तार वर्णन छन्। यस सम्बन्धमा विभिन्न पुराणहरूमा ब्रह्मा र विष्णुका बिच विवाद हुँदा शिव ज्योर्तिलिङ्गको रूपमा प्रकट भएको वर्णन पाइन्छ। अनादीकालमा एक पटक ब्रह्मा र विष्णु आफूहरू मध्ये को ठूलो ? भन्ने कुरामा वादविवाद गर्न लागे। उनीहरू बिचको विवाद बढ्दै गई घोर युद्ध हुन थालेपश्चात् भगवान् शिव ज्योर्तिलिङ्गको रूपमा ब्रह्मा तथा विष्णुलाई प्रबोध गर्नका निम्ति प्रकट भए। सो ज्योर्तिलिङ्ग घट्ने, बढ्ने रहित तथा आदि, मध्य र अन्त्य रहित थियो। भगवान् विष्णुले सो लिङ्गको परीक्षा गर्ने विचार गरी आफूले लिङ्गको मूल पत्ता लगाउने र ब्रह्मालाई त्यसको टुप्पो पत्ता लगाउन अह्राए। विष्णु वराहरूप धारण गरी पातालतर्फ लागे भने ब्रह्मा हंसको रूप धारण गरी आकाशतर्फ लागे। तर दुवैले अथाह प्रयत्न गर्दा पनि लिङ्गको टुप्पो र फेद पत्ता लगाउन सफल नभएपछि विष्णु क्लान्त भई पाताललोकबाट माथि पहिलेकै स्थानमा आई चुपचाप बसे भने अहङ्कारले थकित भएका ब्रह्मा पनि माथिबाट तल ओर्लिए। तब ब्रह्मा तथा विष्णुलाई आफूहरू भन्दा ठूला देवता रहेछन् र ती भगवान् शिव हुन् भन्ने बोध भयो। त्यतिकैमा उक्त ज्योर्तिलिङ्गबाट आशुतोष भगवान् शिव प्रकट भए। शिवको सर्वोच्चतालाई ब्रह्मा तथा विष्णुले स्तुतिका साथ स्वीकार गर्दै लिङ्गको उपासना गरे। उनीहरूको स्तुतिबाट प्रसन्न भई भगवान् शिवले ब्रह्मालाई सृष्टिको कर्म तथा विष्णुलाई पालनकर्ताको रूपमा जगत्को रक्षा गर्ने कर्ममा लाग्ने वरदान दिए। यसरी ब्रह्मा तथा विष्णुद्वारा यो जगत्मा शिवलिङ्गको प्रथम पटक उपासना गरिएको थियो। त्यस पश्चात् *'तत प्रवृर्ति लेकेषु लिङ्गार्चा सुप्रतिष्ठिता'* (लिङ्गपुराण, १।१९।१५) अर्थात् लिङ्गपूजाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवृति वा प्रचलन लोकमा सुरुवात भएको थियो। यसै प्रसङ्गमा शिवपुराणको विद्येश्वरसंहितामा शिवले ज्यार्तिलिङ्गबाट प्रकट भई ब्रह्मा तथा विष्णुलाई आफ्नो निष्कल तथा सकल स्वरूपको परिचय दिई लिङ्गपूजाको महत्त्व बारे बताएका छन्। पहिले शिवलिङ्ग रूपमा प्रकट हुँदा अत्यन्त विशाल रही लिङ्गस्थान नामले प्रसिद्ध थिए तर *'भोगावहमिदं लिङ्गं भुक्तिमुक्त्येकसाधनम्। दर्शनस्पर्शध्यानाज्जन्तूनां जन्ममोचनम्। अनलाचलसङ्काशं यदिदं लिङ्ग मुत्थितम्। अरूणाचलमित्येव तदिदं ख्यातिमेष्यति'* (शिवपुराण, वि.सं. ९।२०-२१) अर्थात् मोक्षको एक मात्र साधन रहेको उक्त तेजोमय लिङ्ग समस्त प्राणीले दर्शन, स्पर्श तथा पूजा गर्न सकुन् भनी आफ्नो तेजलाई समेटी अरूणाचल रूपको स्थावर लिङ्गको रूपमा रहेको बताइएको छ (शिवपुराण, २०७२, पृ. ४०)। यसै कुराको वर्णन स्कन्दपुराणको माहेश्वरखण्ड अरूणाचल महात्म्यमा पनि गरिएको छ। स्वयं भगवान् शिवले उनको वेर र लिङ्गको स्वरूपको वर्णन गर्दै *'सकलं निष्कलं चेति स्वरूपद्वयमस्ति मे। नान्यस्य कस्यचित्तस्मादन्यः सर्वोऽप्यनीश्वरः'* (शिवपुराण, वि.सं. ९।३०) अर्थात् निष्कल रूप उनको ब्रह्मभाव रूप तथा सकल रूप उनको महेश्वर भाव रूप रही दुवै सिद्धरूप तथा उनी नै परमात्मा रहेको बताएका छन्। जगत्को वृद्धि गर्ने हुँदा उनी ब्रह्म कहलिएका, सर्वत्र समरूपमा स्थित तथा व्यापक हुँदा उनी सबैको आत्मा तथा ईश्वर हुन् (शिवपुराण, २०७२, पृ. ४१)। ब्रह्मरूपको बोध गराउनका निम्ति पहिले उनी निष्कल लिङ्ग रूपमा प्रकट भएका पछि अज्ञात ईश्वर तत्वको साक्षात्कार गराउनका निम्ति सकल रूपमा तत्काल प्रकट भएका थिए। त्यसैले उनमा जुन ईश्वर छन् त्यो उनको सकल रूप भनी जान्नु पर्ने तथा *'यदिदं निष्कलं स्तम्भं मम ब्रह्मत्वबोधकम्'* (शिवपुराण, वि.सं. ९।४१) अर्थात् उनको जुन निस्कल स्तम्भ (लिङ्ग) रूप छ, त्यो ब्रह्म रूप भनी बोध गर्नुपर्ने तर ब्रह्म स्वरूपी लिङ्गको पूजा गर्नाले उनको शीघ्र सामिप्यता प्राप्त हुने विश्वास छ। त्यस्तै लिङ्ग र लिङ्गिमा नित्य अभेदका कारण लिङ्गको महत्त्व बुझि महान् पुरुषद्वारा पूजा गर्नु पर्ने बताइएको छ (शिवपुराण, २०७२, पृ. ४१)। *'लयं गच्छन्ति भूतानि संहारे निखिलं यतः। सृष्टिकाले पुनः*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिंतस्माल्लिङ्गमुदाहृतम्' (शिवपुराण, ९९।८) अर्थात् प्रलयकालमा सारा सृष्टि जसमा लीन हुन्छन् तथा पुनः सृष्टिकालमा जसबाट सृजना हुन्छन् त्यही नै लिङ्ग हो। यसरी लिङ्ग समस्त जगत्को सृष्टि, स्थिति तथा लय स्थल रहेको मानिएको छ। त्यस्तै लिङ्गपुराणमा लिङ्ग शब्दको अर्थ *'लीनं गमयति'* अर्थात् कुनै गुप्त वस्तुको परिचय दिनु भन्ने हुन्छ। जुन तत्त्व इन्द्रियद्वारा प्रत्यक्ष हुन सक्दैन तर कुनै चिह्नको प्रतीकको रूपमा जान्न सकिन्छ त्यस्तो चिह्न नै लिङ्ग हो। त्यस्तै जुन शिवलिङ्गमा इन्द्रादिदेवता समेत लीन हुन्छन् तथा समस्त देव पुनः उत्पत्ति हुन्छन् यस्तो चिह्नलाई लिङ्ग भनिएको छ।

मानव अङ्गरूपी लिङ्ग र योनि कसरी शिवलिङ्गको रूपमा जगत्मा सर्वत्र पूजिन थाल्यो भन्ने महत्त्वपूर्ण तथ्य सम्बन्धमा वामन पुराणमा रोचक प्रसङ्गसहित व्याख्या गरिएको छ। शिव दारुवनमा ऋषिहरूका आश्रम वरपर नग्न अवस्थामा घुम्दा ऋषि पत्नीहरू उनीसँग मोहित भएको देखि ऋषिहरूले शिवलाई प्रहार गरी उनको लिङ्ग उखलेर फालिदिएका थिए (वामनपुराण, २०७२, पृ. १८८)। कूर्मपुराण तथा ब्रह्माण्डपुराणमा भने ऋषिहरूको विरोधमा शिवले आफ्नो लिङ्ग त्यही खसाली आफू अलप भएको बताइएको छ। शिवको लिङ्ग खसेका कारण जगत्मा हाहाकार मच्चिएपश्चात् देवतासहित ऋषिहरू आफ्नो मुर्खताको प्रायश्चित्त गर्दै ब्रह्माको शरणमा गए, जसले तिनलाई शिवका सामुन्ने जाने सल्लाह दिए अनुसार ती शिव कहाँ गए। शिवले ऋषिहरूलाई दारुवनमा अवस्थित उक्त लिङ्ग सांनिहत्य सरोवर नजिक स्थाणवीश्वर नामले स्थापना गर्न आदेश दिए। तर दारुवनमा गई ऋषिहरूले सो लिङ्ग उठाउन लाग्दा नसकेपश्चात् पुनः ब्रह्मासहित शिवको शरण पुग्दा उनलाई त्यहाँ नदेखि सरोवरको बिचमा हात्तीको रूप धारण गरी बसेका शिवकै सहयोगमा लिङ्ग स्थापना गरिएको तथा उक्त लिङ्गमा भगवान् शिव *'त्यक्त्वा तदा हस्तिरूपं महात्मा लिङ्गे तदा संनिधानं चकार'* (वामनपुराण, ४५।३६) अर्थात् हात्तीको रूप त्यागी सन्निधान भएको वर्णन छ (वामनपुराण, २०७२, पृ. १८७-१९२)। यसरी लिङ्गको रूपमा रहेका शिवलाई उमाले *'सा भगाख्या जगधार्ती लिङ्ग मूर्तेस्त्रिवेदिकाः। लिङ्गस्तु भगवान् द्वाभ्याम्*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगत्सृर्ष्टि द्विजोत्तमाः' (लिङ्गपुराण, १।९९।७) अर्थात् आफ्नो योनि आसनका रूपमा प्रदान गरी शिवसँग कहिल्यै अलग नहुने गरी सदा साथमा बसेर जगत्को सृष्टि गरेकी थिइन्। वामनपुराणमा पनि *'अस्ति तत्सांनिधौ लिङ्गं देवदेवस्य शूलिनः। उमा च लिङ्गरूपेण हरपार्श्वं न मुञ्चति'* (वामनपुराण, ४६।६।७) अर्थात् उमा लिङ्गरूपी शिवका साथ कहिल्यै अगल नहुने गरी रहेको बताइएको छ (वामनपुराण, २०७२, पृ.१९६)। शिवपुराण विद्येश्वर संहितामा *'विन्दुः शक्तिः शिवो नादः शिवशक्त्यात्मकं जगत्। विन्दु नादात्मकं लिङ्गं जगत्कारणमुच्यते'* (शिवपुराण वि.सं. १६।८७।८९) अर्थात् विन्दुशक्ति तथा नाद शिव हुन् र यो जगत् शिव–शक्तिस्वरूप छ। शिवलिङ्ग नै विन्दु नादस्वरूप वा शिवशक्ति हुन् र जगत्को कारण पनि रहेको वर्णन छ (शिवपुराण, २०६३, पृ. ५१)।

पद्मपुराणमा भने कैलाश पुगेका भृगु ऋषिलाई गोप्य वास बसेका शिव र पार्वतीले भेट नदिँदा उनले तत्पर्यन्त शिव र पार्वतीको लिङ्ग र योनिको रूपमा पूजा हुने श्राप दिएको वर्णन छ। यसरी विभिन्न पुराणले शिवको जनेन्द्रिय वा लिङ्ग उनको उपास्य चिह्न तथा पीठिका उमाको योनि रही लिङ्गोपासना प्रचलित भएको वर्णन गरेका छन्। पौराणिक ग्रन्थहरूमा शिवको लिङ्ग सम्बन्धमा यस्ता विभिन्न तथ्यको वर्णन गरे पनि शिवलिङ्ग प्रजनन देव वा सन्तान दाताको रूपमा भने कहिल्यै पूजिएको पाइँदैनन्। यदाकदा भक्तको तपदेखि प्रसन्न भई मनोवाञ्छित फल दिने क्रममा तिनको सन्तानको मनोकामना पूर्ण गरी दिने वर्णन पाइएतापनि लिङ्ग शिव प्रकृति र पुरुषको एकात्मक स्वरूप तथा निराकार ब्रह्म रहेको समग्र पौराणिक ग्रन्थहरूको छ। यस युगमा भगवान् शिव भक्तको वन्दना, तपका साथै कतिपय अवस्थामा आवश्यक पर्दा ज्योर्तिलिङ्गको रूपमा प्रकट भएका वर्णन छन्। स्कन्दपुराणको काशीखण्ड, आवन्त्यखण्ड, नागरखण्डमा कयौँ शिवलिङ्गको उत्पत्ति तथा तिनको महात्म्यको वर्णन छ। त्यस्तै शिवपुराणको वायवीयसंहितामा *'सर्वो लिङ्ग मयो लोकः सर्वलिङ्गे प्रतिष्ठितम्। तस्मात्प्रतिष्ठिते लिङ्गे भवेत्सर्वं प्रतिष्ठितम्'* (शिवपुराण, वा.सं. ३४।२) अर्थात् जगत् नै लिङ्गमय रही यसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना गरी सर्वत्र पूजिएको गरिएको वर्णन छ (शिवपुराण, २०७२, पृ.९३५)। यसरी यस युगमा लिङ्गको स्थापना तथा लिङ्गोपासना देवता लगायत सबैको प्रिय रही ब्रह्मा, इन्द्र, वरुण, कुबेर, वरुण, यमराज, नैऋत्यदेव, वायु, गन्धर्व, किन्नर लगायत बालि, नमुचि, हिरण्यकशिपु, प्रह्लाद, वृषपर्वा जस्ता दैत्य तथा दैत्य गुरु शुक्राचार्य र तिनका शिष्यहरूले समेत गरेको प्रसङ्ग लिङ्गपुराण, शिवपुराण, स्कन्दपुराण आदिमा वर्णन छ। अग्निपुराण, मत्स्यपुराण, शिवपुराण, स्कन्दपुराण, लिङ्गपुराण, वराहपुराण, विष्णुधर्मोत्तरपुराण आदिमा लिङ्ग निर्माणको विधि, तिनको महात्म्य, महिमा तथा पूजाविधिको बारेमा सबिस्तार वर्णन गरिएका छन्। यसरी पौराणिक युगमा आइपुग्दा लिङ्ग शिवको साकारस्वरूप भन्दा पनि बढी प्रचलित भई उपासना गर्न थालियो।

शिवको निराकारस्वरूप लिङ्गलाई आर्यहरूले किन पहिल्यै स्वीकार गरेनन् भन्ने कुराको पुनः सूक्ष्म विश्लेषण गर्दा, शिश्न सम्प्रदाय भनिएका अनार्य वा द्रविडद्वारा वैदिककाल पूर्वदेखि नै उपासना गरिँदै आएको शिश्न वा लिङ्गमा देखिने नग्नता वा ठाडोपना नै हेयको प्रमुख कारण रहेको देखिन्छ। सिन्धुघाटी सभ्यतामा पाइएका लिङ्गलगायत ऐतिहासिक कालको प्रथम चरण अर्थात् शुङ्गकाल, कुषाणकालमा पाइएका अधिकांश लिङ्गमा पाइने नग्नता, ठाडोपना वा यर्थाथपरक प्रस्तुतिबाट पनि सो कुरा सहजै बुझ्न सकिन्छ। सैद्धान्तिक रूपमा लिङ्ग र योनि नै उमा र शिव, प्रकृति र पुरुष हुन् भनी उपनिषद्युगदेखि आत्मसाथ गरिएको हो। यसैको प्रतिरूप प्राचीनकालीन अधिकांश शिवलिङ्गमा लिङ्गको माथिल्लो भागलाई मानव उर्ध्वलिङ्गको स्वरूपमा दर्शाइ यर्थाथपरक चित्र प्रतिबिम्बित गरियो। भारतको गुड्डीमलमको शुङ्गकालीन शिवलिङ्गमा मानव उर्ध्वलिङ्गको पृष्ठभूमिमा सकल स्वरूपमा हातमा परशु लिएका परशुरामेश्वर शिवलाई चित्रित गरिएको छ। लखनऊ संग्रहालयमा अवस्थित रक्त पाषाणबाट निर्मित कुषाणकालीन शिवलिङ्ग, मथुरा संग्रहालयमा अवस्थित कुषाणकालीन चतुर्मुखी शिवलिङ्ग तथा अन्य सुरुवातकालीन शिवलिङ्गहरूमा यस्तै प्रस्तुति पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्तकालसम्म आइपुग्दा यर्थाथपरक प्रस्तुतिमा विस्तारै परिवर्तन ल्याइएको पाइन्छ। लिङ्गको रुद्र भागमा ब्रह्मसूत्र अंकित गरी उध्र्वरित लिङ्गको उर्ध्वभाग प्रतीकात्मक रेखा चित्रद्वारा बिम्बित गरी लिङ्ग निर्माण गर्न थालियो। यसरी नग्नता वा यर्थाथपरक स्वरूपलाई क्रमिक रूपमा परिष्कृत गरिएको लिङ्गको निर्माणले नग्नताको संकोचताबाट आर्यहरूलाई लिङ्गको उपासनामा सहज बनाएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गका प्रकार

भगवान् शिवको सकल र निष्कल गरी दुई स्वरूप छन्। शिवपुराणको विद्येश्वर संहितामा शिवको सकल र निष्कल स्वरूपको चर्चा गरिएको छ। स्वयं भगवान् शिवले उनको दुई रूप मध्ये निष्कल रूप अर्थात् लिङ्गको सम्बन्धमा *'यदिदं निष्कलं स्तम्भं मम ब्रह्मत्वबोधकम्'* (शिवपुराण, वि.सं. ९।४१) उनको सकल रूप भन्दा निष्कल लिङ्ग रूप, ब्रह्मतत्त्वको बोधक रहेको बताएका छन्। ब्रह्म स्वरूपी लिङ्गको पूजा गर्नाले उनको शीघ्र सामिप्यता प्राप्त हुने हुँदा बुद्धिमान मानिसले लिङ्गकै पूजा गर्न बताइएको छ (शिवपुराण, २०७२, पृ. ४१)। यसरी भगवान् शिवको साकार तथा निराकार गरी दुई रूप वा विग्रहमध्ये निराकार लिङ्गको उपासनालाई बढी जोड दिएको छ। शिवको साकार स्वरूप भन्नाले उनको सकल स्वरूपलाई बुझाउँछ। उनको साकार स्वरूपलाई विभिन्न विग्रहमा व्यक्त गरिएको पाइन्छ। शिव/महादेव, नृत्यनाथ, नीलकण्ठ, महेश्वर, वृषवाहन, उमामहेश्वर, उमासहित, कल्याणसुन्दर, सद्योजात, अर्धनारीश्वर, हरिहर आदि साकार स्वरूप अन्तर्गतका सौम्य रूप हुन्। चण्डेश्वरअनुग्रह, विष्णवअनुग्रह, नन्दीशअनुग्रह, किराँतअर्जुन, रावणानुग्रह, विघ्नेश्वरअनुग्रह आदि अनुग्रह रूप हुन्। कामान्तक, गजासुर, कालारी, त्रिपुरान्तक, सर्वेश, ब्रह्मशिरक्षेदक, विरभद्र, भैरव, जालन्धर हर, मल्लारी, अन्धकासुर वध, महांकाल आदि साकार स्वरूपअन्तर्गतका संहाररूपका विग्रह हुन्। लिङ्ग शिवको निराकार वा अव्यक्त विग्रह हो। लिङ्ग विशेष गरी दुई भाग मिलेर बेनको पाइन्छ। लिङ्गको माथिल्लो पुरुष जनेन्द्रियको प्रतीक मानिने भाग शिव हो भने लिङ्गलाई अड्याउन राखिने तल्लो भाग जसलाई वेदी वा पीठिका भनिन्छ ती पार्वती हुन्। जसलाई योनि, प्रकृति वा शक्ति पनि भनिन्छ। यसरी लिङ्गले शिव र शक्तिको एकाकार स्वरूपलाई व्यक्त गर्दछ। अपराजितपृच्छमा लिङ्गलाई *'सृष्ट्युद्भवः सयोनिश्च शिवशक्त्या चराचरम्। शिवलिङ्गेद्भवाशक्तिः शक्तिमांश्च शिवस्तथा। उभयोरपि संयोगाच्छिवशक्त्योश्चराचरम्'* (अपराजितपृच्छ, १९६, पृ. ६१–६२) अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग शिव र शक्ति दुवैको प्रतीक हुन् र सृष्टिको उद्‌भव यिनै दुईको संयोगबाट भएको छ।

शिवलिङ्ग प्राकृतिक रूपमा उद्‌भव भएका तथा मानवद्वारा निर्माण गरिएका छन्। मानवनिर्मित लिङ्ग पनि साधारण र मुखयुक्त गरी विभिन्न प्रकारका छन्। लिङ्गका प्रकारका बारेमा विभिन्न ग्रन्थहरूमा विस्तृत रूपमा वर्णन गरिएको छ। सिल्पशास्त्र ग्रन्थमा वर्णन गरिएको आधारमा इन्दुमती मिश्रले प्रतिमा विज्ञानमा *'निष्कलं सकलं मिश्रं लिङ्गं चेति त्रिधा मतम्'* (मयतमं,अ.३३) अर्थात् निष्कल, सकल तथा मिश्र गरी तीन प्रकारका लिङ्ग रहेको बताएकी छिन् (मिश्र, १९८७, पृ. २६३)। सोही ग्रन्थका आधारमा उनले *'निष्कलं लिङ्ग मित्युक्त सकलं बेरमुच्यते। मुखलिङ्ग तयोमिश्रं लिङ्गार्चाकृतिसन्निभैः'* (मयमतं, अ. ३३।४२) अर्थात् यी तीनै प्रकारका लिङ्गको प्रकृतिको उल्लेख गर्दै लिङ्ग कै समान आकृति युक्त साधा लिङ्ग **निष्कल लिङ्ग**, लिङ्गमा शिवको सम्पूर्ण आकृति वा विग्रह कुँदिएको लिङ्ग **सकल लिङ्ग** तथा लिङ्गमा मुख अङ्कित गरिएको/गरिएका लिङ्ग **मिश्र लिङ्ग** रहेको उनको भनाइ छ (मिश्र, १९८७, पृ. २६४)। श्रीमद्‌भागवतपुराण, विष्णुपुराण तथा अन्य पुराणहरूमा वर्णित शिवका जति पनि स्वरूप छन् ती सम्पूर्ण शिवको सकल स्वरूप तथा तत्पुरुष, सद्योजात, वामदेव, अघोर तथा ईशान यी पाँच मुख अङ्कित लिङ्ग भने मिश्र लिङ्ग रहेको भनाइ छ (मिश्र, १९८७, पृ. २६४–२६५)। गोपीनाथ रावले भने लिङ्ग **चल र अचल** गरी जम्मा दुई प्रकारका रहेको बताएका छन्। एक स्थानबाट अर्को स्थानमा सजिलै लैजान सकिने लिङ्ग **चल लिङ्ग** हुन्, जसलाई जङ्गम लिङ्ग पनि भनिएको छ। एक स्थानबाट अर्को स्थानमा लैजान नसकिने मन्दिरको गर्भगृह वा अन्य स्थानमा प्रतिष्ठा गरिएका लिङ्ग **अचल लिङ्ग** वा स्थावर लिङ्ग हुन्। चल लिङ्गलाई रावले पुनः लिङ्ग निर्माण गरिएका द्रव्य वा वस्तुका आधारमा *'क्षणिकं चैव मृल्लोहरत्नजं दारुजं तथा शैलजं चैव विन्घेश षड्‌भेदं लिङ्ग मुच्यते'* अर्थात् मृण्मय, लौहज, रत्नज, दारुज, शैलज तथा क्षणिक गरी छ प्रकारका रहेको बताएका छन् (राव, २, १, १९९७, पृ. ७५–७६)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृण्मय लिङ्ग : मृण्मय अर्थात् माटोद्वारा बनाइएका लिङ्ग पोलिएका वा नपोलिएका हुन्छन्। कामिकागमले काँचो माटोको नपोलिकन लिङ्ग निर्माण गर्दा पहाडको टुप्पो, नदी किनारमा पाइने शुद्ध सेतो माटोलाई दूध, दही, घ्यू, गहुँ, जौको पिठो, वृक्षको बोक्रा, चन्दनको लेप, पारो आदि तत्त्वसँग सम्मिश्रण गरी आगममा उल्लिखित विधानका आधारमा निर्माण गनु पर्ने बताएको छ। माटोबाट निर्माण गरी पोलिएका लिङ्ग भने आभिचारिक कार्य उदाहरणका निम्ति शत्रु संहार आदिका निम्ति प्रयोग गरिन्छ।

लौहज लिङ्ग : लौहज अर्थात् धातु वा अष्ट धातु : सुन, चाँदी, तामा, पित्तल, फलाम, सिसा, काँस तथा टिनद्वारा निर्माण गरिएका लिङ्ग हुन्।

रत्नज लिङ्ग : मोति, मूंगा, वैदूर्य, क्वार्ज, पुष्पराज, पन्ना, निलम आदि रत्नबाट निर्मित लिङ्ग वा लिङ्गमा यस्ता अमूल्य रत्न जडित लिङ्ग हुन्।

दारुज लिङ्ग : समि, मधुक, कर्णिकर, मण्डुक, तिण्डुक, अर्जुन, पिपल तथा उदुम्बर वृक्षको काठबाट निर्मित लिङ्ग। यसबाहेक अन्य वृक्षको काठ, जुन काट्दा उक्त वृक्षबाट चोपिलो दुग्धजस्तो पदार्थ निस्कन्छ भने त्यस्तो काठ लिङ्ग निर्माणका निम्ति अत्यन्त राम्रो मानिएको छ। कामिकागमले खदिर, चन्दन, साल, बेल, बादरा तथा देवदारु वृक्षका काठ लिङ्ग निर्माणको निम्ति राम्रो मानेको छ (राव, २, १, १९९७, पृ.७७)। रूपमण्डनले शिवलिङ्ग निर्माणका निम्ति श्रीपर्णी, शिंशप, अशोक, शिरोष, खदिर, अर्जुन, चन्दन, श्रीफल, निम, रक्तचन्दन, वीर्यक, कपूर, देवदारु, चन्दन, पारिजात, चम्पा, महुआ, हिन्ताल, अगरु आदि वृक्ष शुभ मानेको छ (श्रीवास्तव, १९९६, पृ. १६५)।

शैलज लिङ्ग : चल लिङ्गअन्तर्गत शैलज वा प्रस्तरका लिङ्ग स-साना स्वरूपमा जङ्गम, लिङ्गायत वा वीर शैव मार्गीहरूले धारण गर्नका निम्ति निर्माण गरिएका लिङ्ग पर्दछन्।

क्षणिक लिङ्ग : केही क्षणको उपासनाका निर्मित लिङ्ग निर्माण गरी उपासना सम्पन्न भएपश्चात् यस्ता लिङ्ग विर्सजन गरिन्छन्। क्षणिक लिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बालुवा, चामल, भात, नदी किनारको माटो, गोबर, नौनी, रुद्राक्ष, चन्दनको लेप, कुर्छ घाँस, फूल, सख्खर वा पिठोद्वारा निर्माण गरिन्छ। यसरी धातु, बहुमूल्य रत्न वा अन्य वस्तुबाट चल लिङ्गको निर्माण गर्दा केवल रुद्र भाग वा पूजा भाग मात्र निर्माण गर्न सकिन्छ। यस्ता लिङ्गमा ब्रह्म भाग र विष्णु भाग निर्माण गर्न आवश्यक नभई केवल रुद्र भाग वा पूजा भाग मात्र देखिने गरी पीठिका वा जलहरीमाथि राख्न सकिन्छ। अचल लिङ्ग निर्माणमा जस्तै विधानको पालना गर्न तथा ब्रह्मसूत्रको निर्माण चल लिङ्गमा आवश्यक रहदैंन (राव, २, १, १९९७, पृ. ७७)।

अचल लिङ्ग वा स्थावर लिङ्गका पनि विविध भेद छन्। अचल लिङ्गका बारेमा सुप्रभेदागमले *'दिव्यं स्वायम्भुवं पूर्वं दैवतं गाणपं तथा आसुरं सुरलिङ्गं च आर्षं राक्षसकं तथा मानुषं बाणलिङ्गं च लिङ्गं नवविधं भवेत्'* अर्थात् स्वयम्भुव लिङ्ग, पूर्व लिङ्ग, दैवत लिङ्ग, गाणपत्य लिङ्ग, आसुर लिङ्ग, सुर लिङ्ग, आर्ष लिङ्ग, राक्षस लिङ्ग, मानुष लिङ्ग तथा वाण लिङ्ग गरी दश प्रकारको रहेको बताएको छ। सुप्रभेदागमका अनुसार यी लिङ्गहरूको स्तर वर्गीकरण गर्दा स्वयम्भूव लिङ्ग उत्तमोत्तम, दैवत र गाणपत्य लिङ्ग उत्तममध्यम, आसुर, सुर तथा आर्ष लिङ्ग उत्तमाधम तथा मानुष लिङ्ग मध्यमाधम रहेको बताइएको छ। मानसारले अचल लिङ्गको बारेमा *'लिङ्गमानविधिं सम्यग्लक्षणं वक्ष्येऽधुना। शैवंपाशुपतं चैव कालामुखमुदाहृतम्॥ वामं च भैरवं चैव लिङ्गमानंतु षड्विधम्'* अर्थात् शैव लिङ्ग, पाशुपत लिङ्ग, कालामुख लिङ्ग, वाम लिङ्ग, भैरव लिङ्ग तथा अन्य लिङ्ग भनी यसको उल्लेख नगरी छ प्रकारका रहेको बताएको छ। मुक्तागमले अचल लिङ्गअन्तर्गत दैविक लिङ्ग, आर्षक लिङ्ग, गाणप लिङ्ग तथा मानुष लिङ्ग गरी चार प्रकारको लिङ्गलाई मानेको छ। कामिकागमले भने अन्य आगममा उल्लिखित लिङ्गहरूमध्ये पूर्व लिङ्ग, आसुर लिङ्ग, सुर लिङ्ग, राक्षस लिङ्ग, यी चार लिङ्गलाई अस्वीकार गर्दै *स्वायम्भुवं वाणलिङ्गं दैविकं चार्षकंत्विति। गाणपं मानुषं लिङ्गं षट्प्रकारं प्रकीर्तितम्'* अर्थात् स्वयम्भूव लिङ्ग, दैविक लिङ्ग, आर्षक लिङ्ग, गाणपत्य लिङ्ग, मानुष लिङ्ग तथा वाण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग गरी छ प्रकारको लिङ्गलाई मात्र स्वीकारेको छ। त्यस्तै मुकुटागमले पनि *'दैविकं चार्षकं चैव गाणपं मानुषं तथा एवं चतुर्विधं लिङ्गं'* अचल लिङ्गमा दैविक लिङ्ग, आर्षक लिङ्ग, गाणपत्य लिङ्ग तथा मानुष लिङ्गलाई मात्र स्वीकारको छ (राव, २, १, १९९७, पृ. ७९–८०)।

स्वयम्भुव लिङ्ग : स्वयम्भुव लिङ्ग आफै प्राकृतिक रूपमा निर्मित लिङ्ग हुन्। कामिकागमले स्वयम्भुव लिङ्ग आफै उद्‌भव भई अनादी कालदेखि अस्तित्वमा रहेका हुन्छन्, जुन कालक्रमले जीर्ण भएमा, तिनमा अग्नि, पशु आदिका कारण क्षति पुगेमा, नदीको बहावका कारण खिइएमा, तुरुष्कादि शत्रु, सनकी, दुष्ट वा धर्मभिरु मानवको आक्रमणको कारण क्षति पुग्न गएमा तिनको जीर्णोद्धार गर्न आवश्यक नरही केवल सामान्य संस्कार गरिए पश्चात् उक्त लिङ्ग पूजा योग्य हुने बताएको छ। यदी यस्ता लिङ्ग भाँचिएको खण्डमा सम्भव भएसम्म सो भागलाई मूल भागसँग चाँदी वा सुनको पाताले बाँध्नु पर्दछ (राव, २, १, १९९७, पृ. ८१–८२)। नेपालका स्वयम्भुव लिङ्गहरू मध्ये काठमाडौँको ज्ञानेश्वरमा अवस्थित ज्ञानेश्वर लिङ्ग खण्डित हुँन जाँदा यस्तै विधि अनुरूप पाताले बाँधेर राखिएको छ। कुनै कारण वश स्वयम्भुव लिङ्ग सो अवस्थित स्थानबाट हराएमा वा उखलेर फालिएमा सो राज्यको शासक वा राज्यलाई हानी हुने बताइएको छ। विविध प्रकारको लिङ्गहरूको स्तर वर्गीकरण गर्ने क्रममा स्वयम्भूव लिङ्ग उत्तमोत्तम अर्थात् लिङ्गहरू मध्ये सबै भन्दा उत्तम रहेको सुप्रभेदागको भनाइ छ। नेपालमा चौसट्ठी स्वयम्भुव लिङ्ग छन्, जसको वर्णन हिमवत्‌खण्डपुराणमा सविस्तार गरिएको छ। भारतमा स्वयम्भुव लिङ्ग अड्सट्ठी स्थानमा छन्। रावले ती अवस्थित स्थान र शिवलिङ्गको नामावली शास्त्रका आधारमा प्रस्तुत गरेका छन् (राव, २, १, १९९७, पृ. ८३–८५)।

दैविक लिङ्ग : मुक्तागमका अनुसार दैविक लिङ्ग तिनको आकार विशेषका आधारमा पहिचान गरिन्छ। यस्ता लिङ्ग देवद्वारा स्थापना गरिएको मानिन्छ। उक्त आगमको अनुसार दैविक लिङ्गको आकृति अग्निको ज्वाला वा दुई हत्केला जोडेर बनाइएको अञ्जली मुद्राको समान हुन्छ। यस्तो लिङ्गको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरी आवरण खस्रो, उचालिइएको, खोपिल्टा परेको, खोक्रो हुने तथा तिनमा टंका (छिनो), त्रिशूल जस्ता आकृतिसँग मिल्दो जुल्दो डोब वा दाग देखिन्छ। दैविक लिङ्गमा ब्रह्मसूत्र वा पार्श्वसूत्र हुँदैन।

गणप लिङ्ग : गणप लिङ्ग गणद्वारा स्थापना गरिएको विश्वास गरिन्छ। उक्त लिङ्ग काँक्रो, कागती/बिमिरो, बेल आदि फल आकारको वा हत्केला आकारको हुन्छ। दैविक लिङ्गमा जस्तै गणप लिङ्गमा पनि ब्रह्मसूत्र हुँदैन।

आर्ष लिङ्ग : आर्ष लिङ्ग ऋषि मुनिहरूद्वारा स्थापित वा पूजित लिङ्ग मानिन्छन्। यस्ता लिङ्ग अण्डाकृतिका हुन्छन् जसको माथिल्लो भाग तल्लो भागको दाँजोमा साघुँरिएको वा नताछिएका नरिवलका आकृतिको समान हुन्छ। आर्ष लिङ्गमा पनि ब्रह्मसूत्र हुँदैन। किरणागमले *'स्वयमुभ्दूतलिङ्ग स्य स्थापितस्य महर्षिभिः। दवैर्वा स्थापितस्यापि रूपमानं न विद्यते। तल्लिङ्गाकृतिरूपेण नाभेदः पृथक पृथक्। ज्ञातव्यः फलदश्चायं साधकेन यथार्थकः ॥'* अर्थात् आफै उद्‌भव भएको स्वयम्भुव लिङ्ग, देवद्वारा स्थापित दैविक लिङ्ग तथा महर्षिहरूद्वारा स्थापित आर्ष लिङ्गको कुनै रूप नहुने र तिनको कुनै मान वा प्रमाण नहुने हुँदा यस्तो लिङ्गको पहिचानमाथि उल्लिखित आकृतिको आधारमा गर्नु पर्ने बताइएको छ (राव, २, १, १९९७, पृ. ८३,८६)।

वाण लिङ्ग : वैष्णव धर्ममा शालिग्रामको महत्त्व रहे जस्तै शैव धर्ममा वाण लिङ्ग अत्यन्त महत्त्वपूर्ण मानिन्छ। वाण लिङ्ग प्राकृतिक रूपमा नदीमा पाइन्छन्। नेपालको कृष्णागण्डकी शालिग्रामको उद्‌गम थलो मानिन्छ। त्यस्तै वाण लिङ्गको उद्‌गम थलो भारतको सप्तगङ्गा मध्येकी नर्वदा नदी मानिन्छ। सूत्राधारमण्डन अनुसार वाराणसी, प्रयाग, कुरुक्षेत्र, सरस्वती, नर्वदा, अन्तर्वेदी, केदार, प्रभास आदि वाणलिङ्गको उद्‌गम थलो हो। यसरी महानदीरूमा प्राप्त पाषाणहरू मध्ये *'महान्दीसमुद्‌भूतं सिद्धं क्षेत्रादिसम्भवम्। पाषाणं परया भक्त्या लिङ्गवत् पूजयेत् सुधी'* अर्थात् वाण लिङ्गको विशेष महत्त्व रहेको कुरा रूपमण्डनले विस्तृत वर्णन गरेको छ (श्रीवास्तव, १९९६, पृ. ७१)। रूपमण्डनले त्रिपन्न पटक तुलामा तौलदा तिनको तौल एकै समान नरही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक पटक घट्ने वा बढ्ने गर्दछ भने त्यस्तो पाषाण वाण लिङ्ग रहने बताउँदै ईश्वरको प्रतीकको रूपमा रहेको वाण लिङ्ग ईश्वर जस्तै अमेय वा असिम रहने बताएको छ। वाण लिङ्ग *'सदोषं गुणयुक्तं च वाणं पूज्यं हि नित्यशः'* (रूपमण्डन, ४।७८) अर्थात् दोषयुक्त वा गुणरूपयुक्त जस्तो सुकै होस् ती नित्य पूजनीय हुन्छन् साथै *'वाणे लक्षणहीनेऽपि यत्र वै रोचते मनः'* (रूपमण्डन, ४।४८) अर्थात् वाण लिङ्गको लक्षण गौण हुने हुँदा जुन वाण लिङ्गले मन हरण गर्दछ वा मनलाई रोचक, आनन्दित गर्दछ त्यही वाण लिङ्ग पूजनीय हुन्छ (श्रीवास्तव, १९९६, पृ. ७१)। वाण लिङ्गको उपासना जहाँ पनि गर्न सकिन्छ। वीर शैव मार्गीहरू उक्त लिङ्ग आफ्नो शरीरमा धारण गरी उपासना गर्दछन्।

मानुष लिङ्ग : मानुष लिङ्ग सबै भन्दा धेरै संख्यामा पाइने लिङ्ग, अचल लिङ्ग वा स्थावर लिङ्गको श्रेणीमा पर्दछन्। मानवद्वारा निर्माण गरी स्थापना गरिएको लिङ्ग हुँदा मानुष लिङ्ग भनिएको हो। लिङ्ग प्रकृति र पुरुषको पर्याय हो। यो लिङ्ग तथा योनि वा पीठिका मिलेर बनेको हुन्छ। योनि वा पीठिकालाई जलहरी पनि भनिन्छ। सामान्यतया लिङ्ग तीन भाग मिलेर बनेको मानिन्छ। ब्रह्म भाग, विष्णु भाग तथा रुद्र भाग। रुद्रहृदयोपनिषद्मा आत्मा (विष्णु), परमात्मा (शिव) तथा अन्तरात्मा (ब्रह्मा) रहेको बताइएको छ। साथै *'अस्य त्रैलोक्यवृक्षस्य भूमौ विटपशाखिनः। अग्रं मध्यं तथा मूलं विष्णुब्रह्ममहेश्वराः। कार्य विष्णुः क्रिया ब्रह्म कारणं तु महेश्वरः प्रयोजनार्थे रुद्रेण मूर्तिरिका त्रिधा कृता।'* (रु.हृ.उ. १४।१५) अर्थात् यी तीनै एउटा वृक्षको समान हुन् जसको शाखा पृथ्वीमा फैलिएको हुन्छ, जसको अघिल्लो, मध्य तथा मूल भाग क्रमशः विष्णु, ब्रह्मा तथा महेश हुन्। विष्णु कार्य रूप, ब्रह्मा क्रिया रूप तथा महेश कारण रूप हुन्। एउटै मूर्तिलाई यस विश्वको कार्यका लागि रुद्रले तीन रूपको बनाएका हुन्। जगत् विष्णु, धर्म रुद्र तथा ज्ञान ब्रह्मा रहेको तथा रुद्रको नाम जप्नाले सबै देवताको जप हुने सो उपनिषद्मा बताइएको छ (राणा, ३, पृ.११)। त्यस्तै शिवपुराणको वायवीय संहितामा *'ब्रह्मण विष्णुना वापि रुद्रेणन्येनकेन वा लिङ्ग प्रतिष्ठामुत्सुज्य क्रियेत*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वपदास्थिति' (शिवपुराण, वा.सं, ३४।३) अर्थात् लिङ्गमा विद्यमान तल्लो, मध्य तथा माथिल्लो भाग क्रमशः ब्रह्मा, विष्णु र रुद्र भाग रहेको तथा लिङ्गको उपासनाबाट ती तीनैको उपासना हुने बताइएको छ। रूपमण्डनले *ब्रह्मांशश्चतुरस्रोऽधो मध्येऽष्टास्रस्तु वैष्णवः। पूजाभागः सुवृत्तः स्यात् पीठोर्ध्व शंकरस्य च'* (रूपमण्डन, ४।६६) अर्थात् लिङ्गको तल्लो चारपाटे अंश ब्रह्माको, बिचको अष्टकोणीय अंश विष्णुको तथा पीठको माथिल्लो गोलो तथा पूजा भाग शिवको अंश रहेको बताएको छ (श्रीवास्तव, १९९६, पृ. १६९)। विष्णुधर्मोत्तरपुराणमा लिङ्गमा विद्यमान रहने उक्त तीन भागलाई ब्रह्मपीठ, भद्रपीठ तथा भोगपीठ नामले सम्बोधन गर्दै *'भोगोऽस्यः वृत्तः कर्तव्यो भागमष्टास्रमेव तु। च्तुरस्रं तथा भागं कर्त्तव्यं भूरिदक्षिणम्'* (वि.ध. ७४।२-३) अर्थात् लिङ्गको माथिल्लो भाग भोगपीठ वृत्ताकारको हुने, भोगपीठ मुनिको भद्रपीठ अष्टकोणीय हुने तथा त्यो भन्दा मुनिको ब्रह्मपीठ चारपाटे हुने बताएको छ। प्रत्येक मानुष लिङ्गको रुद्र भागमा अर्धगोलाकार धर्सा कुँदिएको हुन्छ, जसलाई ब्रह्मसूत्र भनिन्छ। आगम शास्त्रहरूमा ब्रह्मसूत्र बिनाको मानुषलिङ्ग अपूज्य बताइएको छ।

मानुष लिङ्ग विशेष गरी आगमशास्त्रमा वर्णित विधान वा लक्षणको आधारमा निर्माण गरिन्छ। निर्माण विधिको आधारमा मानुष लिङ्गलाई रावले विभिन्न प्रकारमा वर्गीकरण गरेका छन्। मानुष लिङ्गको लम्बाईको आधारमा उनले लिङ्गलाई यसरी वर्गीकरण गरेका छन्। शिवालयको गर्भगृहको लम्बाई तथा चौडाईका आधारमा लिङ्गको लम्बाई मापन गरी निर्माण गरिएको लिङ्ग **सर्वदेशिक लिङ्ग** हो। लिङ्गको ब्रह्म भाग, विष्णु भाग तथा रुद्र भागको लम्बाई बराबर राखी निर्माण गरिएको लिङ्ग **सर्वशम लिङ्ग** हो, जसलाई मयमतं तथा कामिकागमले **सर्वतोभद्र** लिङ्ग भनी नामाकरण गरेको पाइन्छ। लिङ्गको ब्रह्म भाग, विष्णु भाग तथा रुद्र भागको लम्बाई क्रमशः ४, ५, ६; ५, ६, ७ वा ७, ८, ९ मापन गरी तलबाट माथि बढाउँदै लगी निर्माण गएको लिङ्ग **वर्धमान लिङ्ग** हो, जसलाई सिद्धान्तसारावलीले **सुरेध्य लिङ्ग** नामाकरण गरको छ। लिङ्गको ब्रह्म भाग र विष्णु भागको लम्बाईको दाँजोमा शिव भाग केही लामो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७, ७, ८; ५, ५, ६ वा ४, ४, ५ गरी निर्माण गरिएको लिङ्ग **शैवाधिक लिङ्ग** हो। सिद्धान्तसारावलीमा उल्लिखित **अनाध्य लिङ्ग** जस्तै ब्रह्म भाग, विष्णु भाग तथा रुद्र भागको लम्बाई क्रमशः २, ३, ४ को अनुपातमा बढाउँदै लगी निर्माण गरिएको लिङ्ग **स्वस्तिक लिङ्ग** हो। सम्पूर्ण लिङ्गको लम्बाईलाई बराबर नौ भागमा विभाजन गरी ब्रह्म भागको परिधि आठ भाग बराबरको, विष्णु भाग सात भाग बराबरको तथा रुद्र भाग छ भाग बराबरको निर्माण गरिएको लिङ्ग **त्रैरासिक लिङ्ग** वा **त्रैभागिक लिङ्ग** हो। त्यस्तै लिङ्गको ब्रह्म भाग, विष्णु भाग तथा रुद्र भागको लम्बाई क्रमशः ८.५: ८: ७.५ गरी निर्माण गरिएको लिङ्ग **आध्य लिङ्ग** रहेको उनले बताएका छन् (राव, २, १, १९९७, पृ. ८७-९०)।

लिङ्गको लम्बाई जस्तै चौडाईको आधारमा लिङ्गको प्रकारको वर्णन गर्ने क्रममा उनले सिद्धान्तसारावलीमा उल्लिखित स्रोतलाई उद्धृत गर्दै लिङ्गको सम्पूर्ण लम्बाईलाई सोह्र भागमा विभाजन गरी त्यसको छ भागको चौडाई मापन गरी निर्माण गरिएको लिङ्ग **आध्य लिङ्ग** हो। पाँच भागको चौडाई मापन गरी निर्मित लिङ्ग **अनाध्य लिङ्ग** हो। चार भागको चौडाई मापन गरी निर्मित लिङ्ग **सुरेध्य लिङ्ग** हो। तीन भागको चौडाई मापन गरी निर्मित लिङ्ग **सर्वशम लिङ्ग** रहको बताउँदै अन्य लिङ्ग जस्तै ती लिङ्गका पनि ब्रह्म भाग चारपाटे, विष्णु भाग अष्टकोणीय तथा रुद्र भाग गोलाकार नै हुनु पर्ने बताएका छन्। नागर, द्रविण तथा बेसर शैलीको शिवालयमा स्थापना गरिने लिङ्गको चौडाई शिवालयकै अनुरूप अलग अलग हुने उनको भनाइ छ। त्यस्तै उनले मयमतं तथा सिद्धान्तसारावलीका आधारमा लिङ्गको शिरोभाग क्रमशः पाँच तथा चार प्रकारको रहने बताएका छन्। **छत्राभ/छत्राकारः** छत्रको आकृतिको शिरोभाग युक्त लिङ्ग। **त्रिपुषाकारः** काँक्रोको आकृतिको शिरोभाग युक्त लिङ्ग। **कुक्कुटण्डाकारः** अण्डकार आकृतिको शिरोभाग युक्त लिङ्ग। **अर्धचन्द्राकारः** अर्ध चन्द्रको आकृतिको शिरोभाग युक्त लिङ्ग। **बुद्-बुद्-सदृश्यः** फोका जस्तो देखिने आकृतिको शिरोभाग युक्त लिङ्ग रहेको बताए पनि अन्तिम बुद्-बुद्-सदृश्यलाई सिद्धान्तसारावलीले अर्धचन्द्रकारमै समावेश गरेको उनी बताउँछन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(राव, २, १, १९९७, पृ. ९०–९४)। अग्निपुराणले भने लिङ्गको शिरोभागका आधारमा लिङ्ग चार प्रकारका रहेको बताउँदै *'पञ्चलिङ्ग व्यवस्थायां शिरो वर्तुलमुच्यते। छत्राभं कुक्कुटाभं वा बालेन्दुप्रतिमाकृतिः'* (अग्निपुराण, ५४।३३–३४) अर्थात् **वर्तुल** (गोलाकार), **छत्राभ, कुक्कुटाभ** तथा **बालेन्दु** अर्थात् **अर्धचन्द्रकार** रहेको बताएको छ (अग्निपुराण, २०६०, पृ. ११०)।

मानुष लिङ्गको रुद्र भाग वा पूजा भागमा स–साना लिङ्ग कुँदिने परम्परा छ। लिङ्ग कुँदिएको संख्याको आधारमा तिनको विभाजन गरी विभिन्न नामाकरण गरिएको छ, जुन निम्न प्रकारका छन्।

अष्टोत्तरशत लिङ्ग : सुरेध्य लिङ्गको रुद्र भाग वा पूजा भागमा एक सय आठ स–साना लिङ्ग कुँदिएको लिङ्ग अष्टोत्तरशत लिङ्ग हो।

सहस्र लिङ्ग : आध्य लिङ्गको रुद्र भाग वा पूजा भागमा एक हजार एक लिङ्गको स–साना आकृति कुँदिएको लिङ्ग सहस्र लिङ्ग हो।

धर लिङ्ग : धर लिङ्ग यस्तो लिङ्ग हो जुन सर्वशम लिङ्गमा निर्माण गरिन्छ। यस्ता लिङ्गको रुद्र भाग वा पूजा भाग गोलाकार हुन्छ। लिङ्गको पूजा भागमा ठाडो पाँचदेखि चौसट्ठी वटासम्म धर्सा कुँदिन्छन्। उक्त सम्बन्धमा सुप्रभेदागमले धर लिङ्गमा *'पञ्चधारास्सप्तधारा नवधारा द्वादशधारकाः। धाराष्षोडशविंशच त्रिरष्टावाष्टविंशतिः'* ५, ७, ९, १२, १६, २०, २४, २८ धर्सा हुने, कारण्यागमले १६ धर्सा हुने तथा मयमतंले ब्रह्म भागमा ४, ८, १६ विष्णु भागमा ८, १६, ३२ तथा रुद्र भागमा १६, ३२, ६४ धर्सा कुँद्नु पर्ने उल्लेख गरेको छ। कामिकागममा भने यसबारे स्पष्ट उल्लेख छैन।

लिङ्गलाई योनि, पीठिका, पिण्डिका वा जलहरीमाथि स्थापना गरिएको हुन्छ। लिङ्गको आधारमा जस्तै मानुष लिङ्ग लाई पीठिकाको आधारमा पनि वर्गीकरण गरिएको छ। लिङ्ग अड्याउनका निम्ति निर्मित पीठिका चारपाटे, आयातकार, अष्टकोणीय, लामो अष्टकोणीय, षट्कोणीय, द्वादशकोणीय, लामो द्वादशकोणीय, षट्दशकोणीय, सामान्य वा लामो, वृत्ताकार, अण्डवृत्ताकार, त्रिकोण, अर्धगोलाकार आदि प्रकारका हुन्छन्। रावले मानसारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारमा *'कुर्यात्तु नागरे लिङ्ग पीठं नागरमेव च। द्रविडे द्राविडं प्रोक्तं वेसरे बसरं तथा। धारालिङ्गं तु सर्वेषां धारापीठं प्रकल्पयेत्'* अर्थात् नागर शैलीका शिवालयमा नागर पीठ, द्रविण शैलीका शिवालयमा द्रविण पीठ तथा वेसर शैलीका शिवालयमा वेसर शैलीकै पीठ स्थापना गर्नु पर्ने उल्लेख गर्दै *'नागरं चतुरश्रं स्यादष्टाश्रं द्राविडं तथा वृत्तं च वेसरं प्रोक्तमेतत्पीठाकृतिस्तथा'* अर्थात् **नागरपीठ** चतुष्कोण हुने, **द्रविडपीठ** अष्टकोणीय तथा **वेसरपीठ** वृत्ताकार वा गोलाकार हुने बताएका छन् (राव, २, १, १९९७, पृ. ९५–९६, ९९)। नागर शैलीको पीठिको निर्माणको प्रचलन उत्तर भारतमा बढी, द्रविड शैलीको पीठिकाको निर्माणको प्रचलन दक्षिण भारतमा बढी र बेसर शैलीको पीठिका अर्थात् द्रविण र नागर मिश्रित शैलीको प्रचलन उत्तर र दक्षिण भारतको बिच भागमा बढी प्रचलित रहेको पाइन्छ (गुरुङ्ग, २०७६, पृ. ८)। नेपालमा लिच्छविकालमा बेसर (वर्मा), नागर (देव) दुवै शैलीका पीठिका ज्यादै प्रचलित रहे पनि पछिल्लो कालसम्म पनि बेसर शैली नै बढी प्रचलित रहेको देखिन्छ। द्रविण शैलीको पीठिका भने हालसम्म यहाँ पाइएको छैन।

मुख लिङ्ग : मानुष लिङ्गमा पाइने विविधता मध्ये मुख लिङ्ग अत्यन्त महत्त्वपूर्ण मानिन्छ। शिवलिङ्गको माथिल्लो भाग अर्थात् रुद्र भाग वा पूजा भागमा मुखको आकृति अङ्कित लिङ्गलाई मुख लिङ्ग भनिन्छ। विशेष गरी सर्वशम लिङ्गको रुद्र भाग वा पूजा भागमा मुख लिङ्ग अङ्कित गरिन्छ। लिङ्गमा मुखको संख्या एकदेखि लिएर पाँच मुखसम्म निर्माण गरिएको हुन्छ। कारण्यागमले मुखलिङ्गमा मुखको संख्या पाँच, चार, तीन वा एक हुनु पर्ने बताएको छ (बनर्जीया, २००२, पृ. ४६०)। रूपमण्डनले मुखको संख्या *'मुखलिङ्गं त्रिवक्त्रं वा एकवक्त्रञ्चतुर्मुखम्'* अर्थात् एक, तीन तथा चार हुनु पर्ने बताएको छ (श्रीवास्तव, १९९६, पृ. १७७)। रावले भने मुख लिङ्गमा मुखको संख्या पाँच हुने बताएका छन् (राव, २, १, १९९७, पृ. ९८)। शिवलिङ्गको पाँच मुखको नाम तत्पुरुष, सद्योजात, वामदेव, अघोर तथा ईशान हुन्। यिनको दिशा क्रमशः पूर्व, पश्चिम, उत्तर, दक्षिण तथा उर्ध्व हुन्। यस बाहेक लिङ्गमा अद्यो मुख अव्यक्त रहन्छ र उक्त मुखको नाम कालाग्नि रुद्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो। शिवलिङ्गको पाँच मुखहरूमध्ये तत्पुरुष मुख पृथ्वी, सद्योजात मुख जल, वामदेव मुख वायु, अघोर मुख अग्नि तथा ईशान मुख आकाश वा शून्यता तत्त्वका प्रतीक मानिन्छन् (शर्मा, १९७६, पृ. ३-४)। त्यस्तै तत्पुरुष मुख महादेव स्वरूप, सद्योजात मुख नन्दी स्वरूप, वामदेव मुख पार्वती स्वरूप, अघोर मुख रौद्र वा भैरव स्वरूप, ईशान मुख सदाशिव स्वरूप हुन्। लिङ्गमा मुख अङ्कित गर्ने सम्बन्धमा रूपमण्डनमा *'सम्मुखं चैकवक्त्रं स्यात्त्रिवक्त्र पृष्ठतो नहि। पश्चिमास्यं स्थितं शुभ्रं कुङ्कमाभं तथोत्तरम्। याम्यं कृष्णं करालं स्यात् प्राच्यां दीप्तिग्निसन्निभम्। सद्यो वामं तथाऽघोरं तत्पुरुषं चतुर्थकम्'* अर्थात् एक मुखे लिङ्ग निर्माण गर्दा मुखाकृति लिङ्गको अगाडि अङ्कित गर्नु पर्दछ। तीन मुखे लिङ्ग निर्माण गर्दा अगाडि, दायाँ र बायाँ मुखाकृति अङ्कित गरी पछाडि अङ्कित गर्नु हुँदैन। चार मुखे लिङ्ग निर्माण गर्दा पश्चिम मुख शुभ्र, उत्तर मुख रातो, दक्षिण मुख कालो भयङ्कर तथा पूर्व मुख प्रज्वलित अग्निको समान हुनु पर्ने बताइएको छ। भगवान् शिवको पाँचौँ मुखको निर्माण सम्बन्धमा पाँचौँ ईशान मुख *'पञ्चमञ्च तथेशानं योगिनामथप्यगोचरम्'* अर्थात् योगीहरूका लागि समेत अगोचर रहने हुँदा व्यक्त नहुने वा अदृश्य रहने बताएको छ (श्रीवास्तव, १९९६, पृ. १७७)। त्यस्तै कारण्यागमले शिवको पाँच मुखको वर्णन शरनमं लक्षण (शर अर्थात् वाण वा पञ्च वाण) का आधारमा गरे तापनि तीमध्ये पाँचौँ मुखको उल्लेख गरेको पाइँदैन (बनर्जीया, २००२, पृ. ४६१)। रावले लिङ्गमा निश्चित चार दिशामा चार मुखाकृति अङ्कित गरिए जस्तै पाँचौँ मुख अर्थात् सदाशिव मुख लिङ्गको शिरोभागमा पूर्वतर्फ फकाई निर्माण गर्नु पर्ने बताएका छन् (राव, २, १, १९९७, पृ. ९८)। चारैतर्फ मुखाकृति कुँदिएको पञ्चमुखी भनिने शिवलिङ्ग निकै संख्यामा पाइए पनि पाँचौँ मुख अङ्कित शिवलिङ्ग कम छन्। नेपालमा हालसम्म दुई र तीन मखे शिवलिङ्ग पाइएको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग र पीठिकाको प्रतिमा लक्षण

हरेक देवीदेवताको विग्रह निर्माण गर्दा शात्रीय ग्रन्थमा वर्णित विधान वा प्रतिमा लक्षणको पालना गर्नु अनिवार्य मानिन्छ। विधानको पालना नगरी निर्माण गरिएको विग्रह शास्त्रमा अपूजनीय रहने बताइएको छ। विधानको पालना नगरी निर्माण गरिएको विग्रहले निर्माणकर्ता तथा स्थापनाकर्ता दुवैलाई हानी पुऱ्याउने मानिन्छ। शास्त्रीय साथै पौराणिक ग्रन्थहरूमा शिवलिङ्ग तथा पीठिका निर्माण लक्षणको बारेमा विस्तृत वर्णन गरिएको पाइन्छ। ती ग्रन्थहरूको आधारमा यस शीर्षकअन्तर्गत लिङ्ग तथा पीठिका निर्माणमा द्रव्य वा वस्तुको छनौट, लिङ्गको प्रमाण वा नाप, चल र अचल लिङ्गको लक्षण, ब्रह्मसूत्रको लक्षण, मुखलिङ्गको लक्षण, पीठिकाको लक्षण, नन्दीको लक्षणबारेमा चर्चा गरिएको छ।

लिङ्ग निर्माण गर्ने प्रस्तरको छनौट गर्दा *'सुस्निग्धं च सुवर्णं च लिङ्ग कुर्याद् विचक्षणः'* (मत्स्यपुराण, २६३।१) अर्थात् चिल्लो तथा श्वेत (श्रेष्ठ) प्रस्तरको छनोट गर्नु पर्दछ (मत्स्यपुराण २०७०, पृ. ९९५)। प्रस्तरको छनौट गर्दा पद्म, शङ्ख, ध्वज, छत्र, खड्ग, शक्ति, चमर, वज्र, दण्ड, अर्धचन्द्र, चक्र, मत्स्य, घट, आर्वत आदि सुखदायक चिह्न लिङ्गको दक्षिण भागमा छन् भने ती लिङ्ग शुभ तथा राम्रो मानिन्छ। लिङ्ग निर्माण गरिने प्रस्तरमा सेतो, रातो, पहेँलो तथा कालो वर्णका रेखा छन् भने, ती पनि अत्यन्त सुखदायक मानिन्छ। यस्ता चिह्न अङ्कित प्रस्तरको छनौटलाई रूपमण्डनले विशेष जोड दिएको छ (श्रीवास्तव, १९९६, पृ. १६९)।

लिङ्ग निर्माण गर्दा पालना गरिनु पर्ने प्रमाण वा मानका बारेमा विभिन्न ग्रन्थहरूमा वर्णन गरिएको छ। मत्स्यपुराण अनुसार नाभिको आधा भागको बराबर आठ भाग गरी त्यसको तीन भाग छोडी पाँच भागमा चारपाटे विष्कम्भ (खम्बा, खाँबो) बनाई लिङ्ग निर्माण गर्नु पर्दछ। लिङ्गको मध्यभागमा आठवटा कोण रहनु पर्दछ। बचेको भागलाई दुई कोणमा विभाजन गरी माथिल्लो भागमा पनि आठ कोण बनाउनु पर्दछ। सोह्र कोणयुक्त भागलाई गोलाकारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिणत गर्नुपर्ने उल्लेख गरको छ (मत्स्यपुराण, २०७०, पृ. ९९६)। शिवलिङ्गमा ऊर्ध्ववृत्त रूपमा त्रिभाग वा तीन भाग स्थित रहन्छन्। *'माहेश्वरं त्रिभागं तु उर्ध्ववृत्तं त्ववस्थितम्। अधस्ताद् ब्रह्मभागस्तु चतुरस्रो विधीयते। अष्टाग्रो वैष्णवो भागो मध्यस्तस्य उदाहृतः एवं प्रमाणसंयुक्तं लिङ्गं वृद्धिप्रदं भवेत्'* (मत्स्यपुराण, २६३।१५-१७) अर्थात् लिङ्गको नाभिसम्मको लम्बाईको कुण्डलीकृत भाग महेश्वर भाग, मध्यमा रहने अष्टपाटायुक्त भाग वैष्णव भाग तथा तल्लो चारपाटायुक्त भाग ब्रह्म भाग हुन्छ। यस्तो प्रमाणले निर्माण गरिएको लिङ्ग संवृद्धि प्रदायक रहन्छ (मत्स्यपुराण, २०७०, पृ. ९९६-९९७)।

अग्निपुराणमा लिङ्ग निर्माण गर्दा लिङ्गको लम्बाईलाई छ भागमा विभाजन गरी ती सबैलाई एक, दुई, तीन गरी क्रमशः अलग अलग राख्नु पर्दछ। यी मध्ये पहिलो भाग ब्रह्माको, दोस्रो भाग विष्णुको तथा तेस्रो भाग शिवको रहन्छ। त्यस्तै चारपाटे मण्डलमा कोणसूत्रको आधा नाप लिएर त्यसले सबै कोणमा चिह्न लगाउनु पर्दछ। यस्तो गर्दा आठ कोणको वैष्णव भाग हुन्छ। त्यसलाई सोह्र कोण, फेरी बत्तीस कोणयुक्त गर्नु पर्दछ र चौसट्ठी कोणयुक्त बनाई त्यहाँ गोलो रेखा बनाउनु पर्दछ। त्यसपश्चात् लिङ्गको शिरोभाग निर्माण गर्नु पर्दछ। यसरी लिङ्गको बिस्तारलाई आठ भागमा विभाजन गरी त्यसमध्ये एक भागको चौथो अंशलाई छोड्दा छत्राकार शिरको निर्माण हुने बताएको छ। लिङ्गको लम्बाई तथा चौडाई तीन भागमा समान छन् भने त्यस्तो समभागयुक्त लिङ्ग सम्पूर्ण मनोवाञ्छित फल प्रदायक रहने पुराणको भनाइ छ (अग्निपुराण, २०६०, पृ. १०६)।

चल तथा अचल लिङ्गको निर्माण सम्बन्धमा भिन्दाभिन्दै लक्षणको वर्णन पाइन्छ। चल लिङ्ग स्थापना गर्दा सानो लिङ्ग स्थापना गर्नु श्रेष्ठ मानिएको छ। रूपमण्डन अनुसार एक अङ्गुलको परिमाणदेखि लिएर पाँच अङ्गुल परिमाणसम्मको लिङ्ग साना चल लिङ्ग रहन्छन्। छ अङ्गुलदेखि दश अङ्गुल परिमाणसम्मको लिङ्ग मध्यम चल लिङ्ग तथा एघार अङ्गुल वा त्यो भन्दा बढी परिमाणको लिङ्ग उत्तम चल लिङ्ग रहन्छन्। एक हात भन्दा कम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिमाणको लिङ्ग अचल वा स्थिर लिङ्ग हुने तर उक्त लिङ्गलाई प्रासाद वा निवासमा स्थापना गर्न नहुने कारण आफ्ना निवासदेखि टाढा स्थापना गर्नुपर्ने कुरा रूपमण्डनमा बताइएको छ (श्रीवास्तव, १९९६, पृ. १६२-१६३)। लिङ्गपुराणले पनि चल लिङ्गको लम्बाई स्थापनाकर्ताको एक अंगुल बराबर हुनु पर्दछ। बढी भएमा कुनै दोष छैन तर कम भएमा अल्प फल प्रदायक हुने बताएको छ। अचल लिङ्ग निर्माण गर्दा *'लिङ्ग प्रमाणं कर्तृणां द्वादशाङ्गुलमुत्तमम्'* (लिङ्गपुराण, ११।८) अर्थात् लिङ्गको लम्बाई निर्माणकर्ता वा स्थापकको बाह्र अंगुल बराबर हनु पर्दछ। यस्तो लिङ्गलाई उत्तम लिङ्ग भनिएको छ। तर यो भन्दा कम भएमा फल पनि कमै हुने भनाइ छ।

रत्न, धातु, प्रस्तर, मृण्मय, काष्ठ आदि वस्तुको शिवलिङ्ग निर्माण गर्दा अलग अलग द्रव्य वा वस्तुको लिङ्गको प्रमाण अलग अलग हुनुपर्ने विधान तोकिएको छ। यसै क्रममा रत्न लिङ्ग निर्माण गर्दा एक अङ्गुल प्रमाणदेखि लिएर पृथक पृथक एक एक अङ्गुल बढाउँदै लगी कुल नौ अङ्गुल प्रमाणसम्मको बनाउन सकिन्छ। वृद्धि क्रममा अङ्गुलको सट्टा मुद्ग (मुङ्ग) प्रमाणलाई पनि मान्न सकिने कुरा रूपमण्डनमा वर्णन गरिएको छ। त्यस्तै धातुको लिङ्ग निर्माण गर्दा आठ अङ्गुलको एक तथा क्रमशः आठ आठ अङ्गुल बनाउँदै तीन हातसम्म प्रमाणको कुल नौ लिङ्ग बनाउन सकिने छ। काठको लिङ्ग निर्माण गर्दा सोह्र अङ्गुलको एक दृढ काठको लिङ्ग निर्माण गर्नु पर्ने साथै सोह्र सोह्र अङ्गुलको वृद्धि गर्दै छ हातसम्मको प्रमाणको कुल नौ लिङ्ग बनाउन सकिन्छ। प्रस्तरको लिङ्ग निर्माण गर्दा एक हातदेखि नौ हातसम्म प्रमाणको लिङ्ग बनाउन सकिने र वृद्धिको इच्छा भएमा यसको बिच एक एक हातको वृद्धि गर्दै कुल नौ लिङ्ग बनाउन सकिने बताइएको छ। मृण्मय, काठ, फलाम तथा प्रस्तरको लिङ्गको दीर्घता वा लम्बाई चौबीस अंशको विभागमा हुन्छ अर्थात् तीन, छ, बाह्र वा चौबीस भागमा हुन्छ। यसको बिस्तार वा चौडाई छ, साढे सात, आठ तथा नौ अंशमा बनाउन शुभ तथा उत्तम मानिएको छ। काठको लिङ्ग बनाउँदा वृक्षको मूल भागको काठको प्रयोग गरी शाखा वा हाँगाको काठबाट लिङ्ग निर्माण गर्न निषेध गरिएको छ (श्रीवास्तव,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९९६, पृ. १६३–१६६)। यस्तै प्रकारले मत्स्यपुराणले पनि नौ प्रकारका लिङ्ग निर्माण गर्ने विधानको बारेमा उल्लेख गरेको छ। *'ज्येष्ठमर्धं कनीयोऽर्धं तथा मध्यममध्यमम्। एवं गर्भः समाख्यातस्त्रिभिर्मागैर्विभाजयेत्। ज्येष्ठं तु त्रिविधं ज्ञेयं मध्यमं त्रिविधं तथा कनीयस्त्रिविधं तद्वल्लिङ्गभेदा नवैव तु'* (मत्स्यपुराण, २६३।१०–११) अर्थात् लिङ्गको ज्येष्ठ, मध्यम तथा कनिष्ट गरी तीन प्रकारको भेद हुने तथा ती प्रत्येकलाई पुनः तीन तीन भागमा विभाग गर्दा विभिन्न मानको नौ लिङ्ग हुने बताएको छ (मत्स्यपुराण, २०७०, पृ. ९९६)।

लिङ्ग पुरुष र प्रकति वा शिव र शक्तिको एकाकार प्रतीक हो। यसले प्रकृतिको सृजनशीलता वा सृष्टिलाई उद्‌बोध गर्दछ। सिन्धुघाटी सभ्यतामा पाइएका लिङ्गलगायत इशापूर्व काल तथा इस्वीको पहिलो चरणताका पाइएको अधिकांश लिङ्गमा उक्त वास्तविकतालाई निर्विवाद रूपमा पुरुष उर्ध्व जनेन्द्रियद्वारा व्यक्त गरिएको छ। तर पछिल्लो कालमा यस्तो प्रतिरूप उपासनाको निम्ति असहज हुन जाँदा तिनलाई केही परिष्कृत गर्न थालियो। यसरी सृष्टिको एकाकार स्वरूपको यर्थाथ प्रतीकलाई सहजीकरण गर्दै व्यवहारिक रूप दिने क्रममा लिङ्गमा ब्रह्मसूत्र अङ्कित गर्ने परम्पराको विकास भयो। ब्रह्मसूत्र वास्तवमा उर्ध्वरित जनेन्द्रियको माथिल्लो भागको प्रतिरूप वा विकल्प हो, जसलाई यर्थाथपरक रूपमा दर्शाउनुको विकल्प रेखाद्वारा प्रतिबिम्बित गरिएको हो। ब्रह्मसूत्रलाई लिङ्ग चिह्न पनि भनिन्छ। ब्रह्मसूत्र लिङ्गको रुद्र भाग वा पूजा भागमा कुँदिन्छ। यसरी लिङ्गमा अङ्कित गरिने ब्रह्मसूत्रको लक्षण सम्बन्धमा विभिन्न शास्त्रहरूले वर्णन गरेका छन्। रूपमण्डन अनुसार *'पूजायामे कलांशे च लिङ्ग चित्र(न्ह) दशांशकै'* (रूपमण्डन, ४।६७) लिङ्गको रुद्र भागलाई सोह्र भागमा विभाजन गरी त्यसको दश अंशमा लिङ्ग चित्र (चिह्न) अङ्कित गर्नु पर्ने बताएको छ। यसै अंशमा ब्रह्मसूत्रको आकृति निर्माण गर्नु पर्दछ (श्रीवास्तव, १९९६, पृ. १७०)। ब्रह्मसूत्र बिनाको लिङ्ग अपूर्ण तथा पूजाका निम्ति अयोग्य रहने मानिएको छ। ब्रह्मसूत्रलाई मयमतंमा लक्षणोधारण, मणिरेखा, पार्श्वसूत्र भनिएको छ। आगममा उल्लेख भए अनुरूप लिङ्गको रुद्र भाग वा पूजा भागमा दुई ठाडो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रेखा वा धर्का कुँदी ब्रह्मसूत्र निर्माण गरिने विधानको बारेमा रावले उल्लेख गरेका छन्। उनले सिद्धान्तसारावलीमा उल्लिखित ब्रह्मसूत्रको लक्षणको आधारमा वर्णन गरेका छन्। लिङ्गको रुद्र भागको लम्बाईलाई तीन भागमा विभाजन गरी तल्लो दुई भागलाई पुनः आठ भागमा विभाजन गर्नु पर्दछ। दुई समानान्तर ठाडो धर्का बिचको दुरी उक्त आठ भाग मध्ये एक भाग बराबरको हुनु पर्दछ। धर्काको मोटाई तथा गहिराई सो आठ भाग मध्येको एक भागलाई पुनः नौ भागमा विभाजन गरी त्यसको एक भाग बराबर हुनु पर्दछ। ब्रह्मसूत्र निर्माण गर्न दुई ठाडो धर्काको शिरोभाग नजिकबाट दुवैतर्फ रेखा कोर्दै उक्त रेखालाई विस्तारै भिरालो पार्दै तल तल ल्याई बिचको ठाडा धर्का भन्दा टाढा पुऱ्याई दुवैतर्फ अघिको पूजा भागको आठ भागमध्ये तल्लो दोस्रो भागसम्म पुऱ्याउनु पर्दछ। त्यसपश्चात् उक्त तल ल्याइएको दुई रेखाहरू (ब्रह्मसूत्र वा पार्श्वसूत्र) लाई तेर्सो पार्दै कोरेर लिङ्गको पछाडि पुऱ्याई एक आपसमा जोड्नु पर्दछ। माथि रुद्र भागको मध्य भागमा अङ्कित गरिएको दुई समानान्तर ठाडो धर्कालाई एक आपसमा जोड्नका निम्ति धर्काको शिरोभाग वक्र रेखा निर्माण गर्नु पर्दछ, जसको वक्रता लिङ्गको शीर्ष वा शिरोभाग जस्तै देखिनु पर्ने उनले बताएका छन् (राव, २, १, १९९७, पृ. ९५)।

शिवलिङ्ग निर्माण गर्दा निस्कल लिङ्गजस्तै सकल लिङ्ग निर्माणको भिन्दै विधान छ। सकल लिङ्गमा मुख लिङ्ग अङ्कित गर्ने सम्बन्धमा विभिन्न आगम तथा साहित्यहरूमा तिनको लक्षण वा विधानको उल्लेख छ। लिङ्गमा वक्र वा मुखाकृति रुद्र भाग वा पूजा भागमा निर्माण गरिनु पर्दछ। लिङ्गमा मुखाकृति निर्माण गर्दा *'मस्तकं मानमध्ये तु बाह्याऽङ्गे राष्ट्रविभ्रम'* (रूपमण्डन, ४।६८) अर्थात् मुखाकृति मस्तक वा शिरोभागको मध्यमा निर्माण गर्नु पर्दछ। मध्य भागमा निर्माण नगरी बाहिर अन्य अङ्कमा मुखाकृति निर्माण गर्नाले राष्ट्रविभ्रम वा राष्ट्रलाई हानी हुने बताइएको छ (श्रीवास्तव, १९९६, पृ. १७०)। एकदेखि लिएर पञ्चवक्र वा पाँच मुखको लिङ्ग निर्माण गर्दा तत्तत् लक्षण वा विधिअनुसार लिङ्गमा मुखाकृति निर्माण गर्नु पर्दछ। लिङ्गमा पञ्चमुखी शिवको आकृति अङ्कित गर्ने क्रममा तत्पुरुष शिवको मुखाकृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण गर्दा उनी पीत वस्त्र र पीत यज्ञोपवित सहित हुने *'मातुलिङ्ग करे वामेऽक्षमाला दक्षिणे'* उनको बाँया हातमा मातुलिङ्ग फल र दाँयामा अक्षयमाला हुनु पर्ने रूपमण्डनमा उल्लेख छ। सद्योजात शिवले श्वेत वस्त्र, श्वेत माला धारण गरी अनुलेपन गरेका हुन्छन्। उनी जटाभारले युक्त, शिरोभागमा बालेन्दु सहित र उत्साहले परिपूर्ण हुन्छन्। उनी त्रिनेत्रयुक्त, सौम्य मुखाकृति तथा कुण्डलहरूले अलंङ्कृत रही *'वरदाभयपाणिनम्'* एक हात वरद मुद्रा तथा अर्को हात अभय मुद्रामा रहन्छन्। वामदेव शिवले रातो वस्त्र, रातो यज्ञोपवित, रातो उष्णिष धारण गरेको हुन्छन्। राता नेत्रसहित, रातो माला, रातो चन्दन लगाएको, जटामा चन्द्रमा धारण गरेको हुन्छन्। उनको लामो नासिका तथा लामा हात भई तिनमा *'खड्गखेटकधारिणम्'* खड्ग तथा खेटक वा ढाल धारण गरेको हुनु पर्दछ। अघोर शिव भयङ्कर दाँतयुक्त मुख भएका हुन्छन्। उनले शीरमा सर्प धारण गर्दछन्। उनी तीन नेत्रयुक्त, नरमुण्डको माला धारण गरेका हुन्छन्। सर्पको कुण्डल, सर्पकै केयुर, हार, उपवीत र कटिसूत्र धारण गरेका हुन्छन्। गलामा विच्छीको माला धारण गर्दछन्। उनी नील कमलको दल तथा असती पुष्पको समान नीलो वर्णका हुन्छन्। उनको पहेँलो आखिभौं र पहेँलै जटा हुन्छ। उनले शीरमा चन्द्रमा धारण गर्दछन्। उनी तक्षक र मुष्टिक नामक दुई सर्पका नुपुर धारण गर्दछन् र कालको पनि काल समान रहने बताइएको छ। अघोर शिव महाबलशाली, उत्साहयुक्त रही यिनले शत्रुसंघको नाश गर्दछन्, जसको प्रवेश सारा पृथ्वी हुन्छ। यस्तो अघोरका आठ भुजा हुन्छन्। जसमध्ये *'खटवाङ्गश्च कपालञ्च खेटकं पात्रमेव च। वामहस्तेषु कर्त्तव्यमेतच्छस्त्रचतुष्टयम्। त्रिशूलं परशुः खड्गो दण्डश्चैवारिमर्दनः। शस्त्राण्येतानि चत्वारि दक्षिणेषु करेषु च'* बाँया चार हातमा खट्वाङ्ग, कपाल, ढाल र पात्र तथा दाँया चार हातमा त्रिशूल, परशु, खड्ग तथा शत्रुको मर्दन गर्ने दण्ड धारण गर्दछन्। ईशान शिवको श्वेत स्फटिकको समान शरीर हुन्छ। उनको जटा चन्द्रमाद्वारा विभूषित हुन्छ। उनी तीन नेत्रयुक्त तथा दुई भुजा सहित भई तिनमा *'त्रिशूलहस्तौ च कपालं वामतः शुभम्'* दाँयामा त्रिशूल तथा बाँयामा कपाल धारी हुने कुरा रूपमण्डनमा वर्णन छ (श्रीवास्तव, १९९६,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृ. १५१–१५४)। यसरी लिङ्गमा चारैतिर मुखाकृति अङ्कित गर्दा मुख शरीरसँग जोडिएको हुनु पर्दछ र शिवलाई वक्षस्थल वा छातीसम्म मात्र देखाउनु पर्दछ (राव, १९९७, पृ. ९८)। विष्णुधर्मोत्तरपुराण अनुसार भने लिङ्गमा पञ्चवक्रको निर्माण गर्दा *'त्रिलोचनानि सर्वाणि वामदेवं द्विलोचनम्'* (वि.ध.पु. ७४।७) अर्थात् तत्पुरुष, सद्योजात तथा अघोर शिवको वक्रमा तीन नेत्र रहन्छन् तर वामदेव वक्रमा दुई नेत्र मात्र रहन्छ। त्यस्तै दश दिशा नै भगवान् शिवको पञ्चवक्रसँग सम्बन्धित दश हातहरू हुँदा तत्पुरुष रूपी शिवको दुई हातमा त्रिशूल र दण्ड रहन्छन्। सद्योजातको हातमा अक्षयमाला र कमण्डलु हुन्छन्। वामदेवको हातमा ऐना र नीलकमल रहन्छन्। अघोरको हातमा दण्ड र बिमिरो तथा ईशान वा सदाशिवका हातमा धनु र वाण रहने बताइएको छ। लिङ्गमा ब्रह्मा, विष्णु सहित शिवको सकल स्वरूपको विग्रह निर्माण गर्दा *'लिङ्गमूर्ति महाज्वालामालासंवृमव्ययम्। लिङ्गस्य मध्ये वै कृत्वा चन्द्रशेखरमीश्वरम्। व्योम्नि कुर्यात्तथा लिङ्गं ब्रह्माणं हंसरुपिणम्। विष्णुं वराहरूपेण लिङ्गस्याधस्त्वधोमुखम्'* (लिङ्गपुराण, ७६।५९–६०) अर्थात् ज्वाला समूहले घेरिएको, चन्द्रमा धारण गरेको शिवको विग्रह लिङ्गको मध्यभागमा बनाउनु पर्दछ। हंसरूप धारी ब्रह्मा उनको दायाँतर्फ हात जोडि विराजमान हुनुपर्दछ तथा वराहरूप धारी विष्णु तल्तिर मुख फर्काई लिङ्गको अधो भागमा स्थित हुनु पर्ने विधान रहेको छ (लिङ्गपुराण, २०७५, पृ. ३७४)।

लिङ्ग सकल हुन् वा निस्कल तिनको शिरोभाग छत्राभ/छत्राकार, त्रिपुषाकार, कुक्कुटण्डाकार, अर्धचन्द्राकार तथा बुद्–बुद्–सदृश्य आदि प्रकारका रहने सम्बन्धमा माथि चर्चा गरियो। लिङ्गको शिरोभागमा माथि उल्लिखित छत्रको निर्माण गर्ने सम्बन्धमा *'छत्राभमष्टमांशेन सार्धे द्व्यशं षडङ्गके। त्रपुषाभं विस्तरार्धं कुक्कुटाण्डं शिरो मतम्। त्रिभागे लिङ्ग विस्तारे एकांशेनार्धचन्द्रकम्। सार्धत्रयंशेन तुल्यं स्यादष्टांशे बुद्बुदाकृति'* (रूपमण्डन, ४।६८–७०) अर्थात् लिङ्गको आठ अंशको अढाई अंशमा छत्राभ/छत्राकार शिरोभाग निर्माण गर्नु पर्दछ। छ अंशमा त्रिपुषाकार शिरोभाग निर्माण गर्नु पर्दछ। लिङ्गको विस्तारको आधामा कुक्कुटण्डाकार शिरोभाग निर्माण गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दछ। लिङ्गको विस्तारलाई तीन भाग गरी त्यसको एक भागमा अर्धचन्द्रकार शिरोभाग निर्माण तथा लिङ्गको आठ अंशमा थोपा/फोका जस्तो बुद्बुद सदृश्यको आकृति लिङ्गको शिरोभाग निर्माण गर्ने विधान सम्बन्धमा अपराजितापृच्छको आधारमा रूपमण्डनमा गरिएको छ (श्रीवास्तव, १९९६, पृ. १७०)।

लिङ्ग जतिकै योनि, पीठिका वा पीण्डिकाको महत्त्व छ, जुन बिना लिङ्ग अधुरो रहन्छ। पीठिकालाई पार्वती, उमा, शक्ति मानिन्छ। मत्स्यपुराण अनुसार पीठिका निर्माण गर्दा पीठिकाको उचाईलाई सोह्र भागमा विभक्त गर्नु पर्दछ। जसको एक भाग पृथ्वीमा प्रविष्ट रहन्छ। माथिको शेष चार भागलाई जगाती मानिन्छ। त्यो भन्दा माथिको एक भाग पटल भागले घेरिएकोलाई 'वृत्त' भनिन्छ। त्यो भन्दा माथिको तीन भागले कण्ठ, एक भागले कण्ठपट्ट, दुई भागले उर्ध्वपट्ट तथा बाँकी भागले पट्टिका बनाउनु पर्ने विधान बताइएको छ। एक एक भाग जगाती पर्यन्त (बिचमा) एक अर्कामा प्रविष्ट रहन्छन्। फेरी शेषपट्टिका पर्यन्त सबैको निर्गम हुन्छ। पट्टिकामा जल बग्नका निम्ति सोमसूत्रसँग जोडिएको नाल वा प्रणाली बनाउनु पर्दछ। लिङ्गलगायत सबै पीठिकाका सामान्य लक्षण यही रहन्छ (मत्स्यपुराण, २०७०, पृ. ९९३–९९४)। त्यस्तै पीठिका लिङ्गको आधा भाग मोटाईको परिमाणको बनाउनु पर्दछ। लिङ्गको तीन भाग बराबर पीठिकामा खात (प्वाल) बनाउनु पर्दछ अथवा चौथाई भाग भन्दा कम रहनु पर्दछ। पीठिका सदैव सुन्दर हुनु पर्दछ साथै सधै उत्तरतर्फ नै स्थित रहनु पर्दछ। पीठिकाको नाल वा प्रणाली प्रमाणका आधारमा केही ठूलो बनाउनु पर्दछ। पीठिकाको लम्बाई लिङ्गको बराबरको स्थापना गर्न नहुने मत्स्यपुराणमा बताइएको छ (मत्स्यपुराण, २०७०, पृ. ९९४, ९९५)। यसै पुराणमा पीठिकाको तीन भाग त्यसको परिधिको बाहिर निस्केको हुनुपर्ने तथा मूल, अग्रभाग र माथिल्लो यी तीनै भागको विस्तार अत्यधिक हुनु पर्ने बताइएको छ। त्रिभागमा जल प्रवाहको निम्ति सुन्दर नाला वा प्रणाली हुनु पर्दछ। यस्तै लक्षणको वर्णन अग्निपुराणमा पनि गरिएको छ (अग्निपुराण, २०६०, पृ. १०६)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमण्डनमा पीठिका निर्माण गर्ने सम्बन्धमा *'विस्तारस्य त्रिभागेण प्रणालं चधिकं मतम्। तदर्धेनगन (नाग्र) विस्तारं त्रिभागो जलवाहक'* (रूपमण्डन, ४।८५) अर्थात् लिङ्गको विस्तारको तीनभाग भन्दा केही बढीमा प्रणाली निर्माण गर्नु पर्दछ। प्रणालीको अगाडि विस्तार गरिएको तीन भागमा जलवाहक बनाउनु पर्ने बताएको छ। त्यस्तै *'पृथुत्वं पीठिकायास्तु लिङ्गायामसमं भवेत्। उदयो विष्णु भागान्ते उमावत् पीठिका स्मृता'* (रूपमण्डन, ४।८६) अर्थात् लिङ्गको आयाम बराबर पीठिकाको मोटाई हुनु पर्दछ। लिङ्गको विष्णु भागको अन्त्यमा पीठिकाको आकार योनिको रूपमा रहनु पर्ने बताउँदै पीठिकाको माथि र अन्त्यमा, नाली वा प्रणालीको बिच तथा कर्णमा कतै पनि जोडाई हुन नहुने बताएको छ (श्रीवास्तव, १९९६, पृ. १७४–१७६)। पीठिका निर्माण सम्बन्धमा रावले पीठिकाको एउटा पाटाको लम्बाई पूजा भागको लम्बाईको दुई गुणा हुनु पर्दछ वा सम्पूर्ण लिङ्गको लम्बाई बराबर हुनु पर्ने उल्लेख गरेका छन्। यसरी निर्माण गरिएको पहिलो प्रकारको पीठिका अधमधम तर दोस्रो प्रकारको पीठिका उत्तमोत्तम श्रेणीको रहने उनको भनाइ छ। यस बाहेक पीठिकाको एक पाटाको लम्बाई लिङ्गको व्यासको तीन गुणा अथवा पूजा भाग वा विष्णु भागको परिधि बराबर पनि बनाउन सकिने उनी बताउँछन्। पीठिकाको उँचाई सम्बन्धमा उनले पीठिका विष्णु भागको आधा उँचाई सम्मको वा विष्णु भागको उँचाईको अन्त्य सम्मको बनाउन सकिने वा पूजा भागको एक चौथाई उँचाईसम्मको निर्माण गर्न सकिने बताएका छन्। पीठिकामा पानी प्रवाह हुने नाला वा प्राणाली निर्माण गर्दा प्रणालीको सुरुवातको चौडाई पीठिकाको एक पाटाको लम्बाईको एक तीहाई वा एक चौथाई हुनु पर्दछ। प्रणालीको अन्तिम टुप्पोको चौडाई भने नालाको सुरुवातको चौडाईको तीन चौथाई हुनु पर्ने उनको भनाइ छ (राव, २, १, १९९७, पृ. १००–१०२)।

पीठिका आकृतिका आधारमा स्थण्डिला, वापी, यक्षी, वेदी, मण्डला, पूर्णचन्द्रा, वज्रा, पद्मा, अर्धचन्द्र तथा त्रिकोणा गरी दश प्रकारका हुन्छन्। तिनको लक्षणको वर्णन गर्दै मत्स्यपुराणले स्थण्डिला पीठिका चारपाटायुक्त हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र तिनमा मेखला (पट्टी, घेरा) नहुने बताएको छ। त्यस्तै वापी दुई मेखलायुक्त, यक्षी तीन मेखलायुक्त, वेदी चार पहलयुक्त आयातकार (जसलाई लिङ्ग निर्माणमा प्रयोग गर्न नहुने बताइएको छ) रहन्छ। मण्डला मेखलायुक्त गोलाकार, पूर्णचन्द्रा मध्यमा दुई मेखलायुक्त, वज्र तीन मेखलायुक्त छ कुना भएको, पद्मा मूल भाग केही सानो (पद्म पुष्प जस्तो) सोह्र पहलयुक्त, अर्धचन्द्र धनुष आकारयुक्त तथा त्रिकोणमाथि त्रिशूल समान देखिने केही पूर्व र उत्तर तर्फ ढल्किएको एवं श्रेष्ठ लक्षणले युक्त रहने बताएको छ (मत्स्यपुराण, २०७०, पृ. ९९४)। लिङ्गपुराण अनुसार भने पीठिका मण्डलाकार, चारपाटे, त्रिकोण वा खाटको खुट्टाको समान तलमाथि मोटो तथा बिचमा पातलो रहने र यस्तो लक्षणयुक्त पीठिका फलदायी हुने कुरा उक्त पुराणमा बताइएको छ (लिङ्गपुराण, २०७५, पृ. २८)। त्यस्तै रावले पीठिकामा जोडिएको शिलाको तह तथा तिनको कलाको वर्णन गर्दै तिनको विभिन्न नामाकरण गरेका छन्। ती भद्रपीठ, महाम्भुजपीठ, श्रीकरपीठ, वीकरपीठ, महावज्रपीठ, सौम्यकपीठ, श्रीकाम्यपीठ, चन्द्रपीठ, वज्रपीठ हुन् (राव, २, १, १९९७, पृ. १०२)।

लिङ्ग निर्माण गर्दा जुन द्रव्य वा वस्तुको लिङ्ग बनाइएको हुन्छ, त्यसैको पीठिका निर्माण गर्नुपर्ने विधान तोकेको छ। प्रस्तरको लिङ्गको निम्ति प्रस्तरकै पीठिका अनिवार्य रहुनु पर्दछ। मृण्मय वा माटाको लिङ्गको निम्ति मृण्मयकै, काठको निम्ति काठकै तथा मिश्रित धातुको लिङ्गका निम्ति मिश्रित धातुकै पीठिका हुनु पर्दछ। शुभ फलको कामना गरी लिङ्ग निर्माण गर्नेले कहिल्यै पनि एक द्रव्यको लिङ्ग र अन्य द्रव्यको पीठिका निर्माण गर्न नहुने बताइएको छ। तर वाण लिङ्गको निम्ति भने यो नियम लागु हुँदैन।

लिङ्ग निर्माण गर्दा लिङ्गको तल कूर्मशिला स्थापना गर्नु पर्दछ। ब्रह्मशिला भन्दा उक्त शिला ठूलो तथा भारी हुने हुँदा सो शिलाको छनोट गरिनु पर्दछ (मत्स्यपुराण, २०७०, पृ. १००५)। लिङ्ग निर्माण गर्दा लिङ्गको निम्ति पुरुष शिला तथा पीठिका निर्माणको निम्ति स्त्री शिला हुनु पर्ने रावको भनाइ छ (राव, २, १, १९९७, पृ. १०२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी लिङ्ग निर्माण गर्दा विधान वा लक्षणको पूर्ण पालना गरिनु पर्दछ। लिङ्गको तल्लो भाग अत्यन्त चौडा रहेको छ भने उक्त लिङ्ग अपूजनीय मानिन्छ। लिङ्गको माथिल्लो वा शिरोभाग सदा निम्न, मनोहर तथा उत्तम लक्षणलयुक्त हुनु पर्दछ। यस्तो सौम्य लिङ्ग संवृद्धि प्रदायक मानिएको छ। *'अथ मूले च मध्ये तु प्रमाणे सर्वतः समम्। एवंविधं तु यल्लिङ्गं भवेत् तत् सार्वकामिकम्। अन्यथा यद् भवेल्लिङ्गं तद्सत् सम्प्रचक्षते'* (मत्स्यपुराण, २६३।२४, २५) अर्थात् लिङ्गको मूल वा मध्य भाग एक समान हुनु पर्दछ। यस्तो लक्षणयुक्त लिङ्ग ले सबै मनोरथ पूर्ण गर्दछ। तर कुनै लिङ्ग माथि वर्णित लक्षण भन्दाभिन्दै छ भने त्यस्तो लिङ्ग असत्य तथा अपूजनीय रहन्छ (मत्स्यपुराण, २०७०, पृ. ९९८)। रूपमण्डनले पनि *'ऊर्ध्वाधोमध्यहीनं यल्लिङ्गं नाशकरं भवेत्। दीर्धे वा सन्धिरेखाभिर्युक्तं काकपदाकृति'* (रूपमण्डन, ४।७०-७१) अर्थात् लिङ्गको ऊर्ध्व, मध्य तथा अधः भाग हीन छ भने उक्त लिङ्ग नाशकारक हुने बताएको छ। लिङ्ग अनुपात अनुसार नरही अनुपातभन्दा अत्यधिक लामो वा अग्लो, मध्य वा अधः भाग प्रमाणहीन रहेमा वा ठूलो सन्धिरेखा र काकपदाकृतियुक्त रहेमा त्यसको प्रभाव विपरित अर्थात् हानिकारक हुने बताएको छ (श्रीवास्तव, १९९६, पृ. १७०-१७१)। वराहमीहिरद्वारा रचित बृहतसंहिताले पनि लिङ्ग तोकिएकै विधान अनुरूप निर्माण गर्नुपर्ने बताएको छ। *'कृशदीर्धं देशघ्नं पार्श्वविहीनं पुरस्य नाशाय। यस्य क्षतं भवेन्मस्तके विनाशाय तल्लिङ्गम्'* (बृहतसंहिता, ५७।५५) अर्थात् पातलो तथा लामो लिङ्ग निर्माण गर्नाले देश नाश हुन्छ। दुवै तर्फबाट हीन लिङ्ग निर्माण गर्नाले नगरको नाश हुन्छ तथा लिङ्गको शीर क्षत वा दागयुक्त भएमा उक्त लिंङ्गले स्वामी (शासक) को नाश हुने संकेत दिने बताएको छ (मिश्र, २०५७, पृ. २१४)। यसरी तोकिएको विधानको पालना गरेर मात्र लिङ्ग निर्माण गर्नु पर्दछ। लिङ्ग निर्माणको निम्ति द्रव्य भने रत्न, स्फटिक, मृण्मय, शिला वा शुभ काठ आफ्नो रुचि तथा निर्दिष्ट अभिलाषा अनुरूप छनौट गर्नु पर्दछ। यसबाट लिङ्ग निर्माण गर्दा विधान वा लक्षणको पूर्ण पालना नगरे लिङ्ग अपूजनीय तथा फलदायी नहुने देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ शिवलिङ्ग वा शिवको सकल विग्रह रहन्छ, त्यहाँ नन्दीको उपस्थिति पाइन्छ। नन्दीलाई भगवान् शिवको अंश मानिन्छ। उनको पूजा बिना शिव वा शिवलिङ्गको पूजा अवैध मानिएको छ। नन्दी शिवको गण पनि हुन्। नन्दी को हुन्, उनी कसरी शिवका प्रिय गण भए भन्ने सम्बन्धमा पुराणहरूमा रोचक प्रसङ्गको वर्णन पाइन्छ। नन्दीको पिता ऋषि सिलादले शिवको कठोर तपस्या गरेपश्चात् शिव प्रसन्न भई उनी स्वयं सिलादको पुत्रको रूपमा नन्दी भई जन्मेका थिए। त्यसैले नन्दीलाई शिवकै अंश वा अवतार मानिन्छ (शिवपुराण, २०६३, पृ. ४२९)। ऋषि सिलादले नन्दी सात वर्षको भएपश्चात् उनको उपनयन संस्कार सम्पन्न गरे। उपनयन संस्कारको निम्तो पाई आएका ऋषिद्वय मित्र तथा वरुणले नन्दीलाई बारम्बार निहाली हेर्दा, उनी अल्प आयुका रहेको कुरा दिव्य दृष्टिद्वारा थाहा पाए। उनीहरूले सो कुराको जानकारी सिलादलाई गराए। आफ्नो पुत्रको छोटो आयुबारे थाहा पाई सिलाद अत्यन्त दुःखी भए। पिता सिलादले चिन्ता गरेको देखि नन्दीले उनलाई चिन्ता नगर्न अनुरोध गर्दै मृत्युलाई जित्न उनी भगवान् शिवको शरणमा पर्ने अठोट गरी शिवको ध्यान गर्न लागे। उनको ध्यानदेखि भगवान् शिव प्रसन्न भए। शिवले आफ्नो घाँटीको फूल माला नन्दीलाई लगाइदिए। घाँटीमा माला पर्ने बित्तिकै नन्दी तीन नेत्रयुक्त तथा दश भुजाद्वारा सम्पन्न भई उनको रूपरङ्ग शिव जस्तै देखियो। शिवले नन्दीलाई अमर, अजर, दुःखरहित, अव्यय तथा अक्षय रहने वरदान दिई आफ्नो गणको नायक बनाए (शिवपुराण, २०६३, पृ. ४३०–४३१)। यसरी नन्दी भगवान् शिवका प्रिय भए।

शिव भक्त नन्दीको विग्रह निर्माण सम्बन्धमा पुराण साथै विभिन्न ग्रन्थमा लक्षणको वर्णन गरिएको छ। मत्स्यपुराण अनुसार नन्दीको प्रतिमा निर्माण गर्दा नन्दीको मुख शिव वा शिवलिङ्गतर्फ फर्किएको हुनु पर्दछ वा नन्दीले शिवलाई हेरिरहेको बनाउनु पर्दछ (मत्स्यपुराण, २०७०, पृ. ९८३)। लिङ्गपुराणमा तीन नेत्र, चार भुजा भएको नन्दीको प्रतिमामा अर्धचन्द्र अंकित मुकुट लगाएको हुनु पर्ने वर्णन छ (लिङ्गपुराण, २०७५, पृ. १२०)। विष्णुधर्मोत्तरपुराणमा नन्दीका चार हात भई तिनमा त्रिशूल, भिन्दिपाल, तेस्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हात शिरमा र चौथो हात तर्जनी मुद्रामा हुने, उनी तीन नेत्रयुक्त रहने र उनको वर्ण सिन्दुर जस्तो रातो हुने तथा उनले व्याघ्रचर्म धारण गरको हुनु पर्ने वर्णन गरेको छ (जोशी, अप्रकाशित)। यस्तो लक्षणयुक्त नन्दीको विग्रह निर्माण गर्दा नन्दीको आयाम वा विस्तार निश्चत हुनुपर्ने विधान छ। शिवलिङ्गको सम्मुख रहने नन्दीको निर्माण गर्दा नन्दीको लम्बाई लिङ्गको आयाम वा विस्तार समान हुनु पर्दछ। पीठिकाको समान नन्दीको उचाई तथा पीठिकाकै बराबर आयाम हुनु पर्दछ। नन्दीको आयामको पाँचौं अंशको बराबर नन्दीको जुरो हुनु पर्दछ (श्रीवास्तव, १९९६, पृ. १७३)। नन्दी शिवालयमा स्थापित शिवलिङ्ग का सामुन्ने मात्र नभई, वाण लिङ्ग , मृण्मय लिङ्ग , काष्ठ लिङ्ग , रत्न लिङ्ग , धातु लिङ्ग आदि अचल वा चल सबै प्रकारका लिङ्गका साथ लिङ्गको प्रमाण वा मानको आधारमा न्यूनाधिक मानको बनाउनु पर्ने विधान रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग तथा पीठिका प्रतिष्ठा विधि

भगवान् शिवको साकार स्वरूपका विग्रहको तुलनामा निराकार स्वरूपको विग्रह अर्थात् लिङ्ग विशेष रूपले प्रचलित रही शिवलिङ्ग अत्यन्त धेरै संख्यामा यत्रतत्र स्थापना गरिएको पाइन्छ। शिवलिङ्ग शिवालय, मठ, मन्दिर लगायत बाटोघाटो, खुला स्थान, घरका चोक, नदी किनार, तलाउ, कुवा, पधेंरो आदि जलस्रोतका समिप, गृहस्थीको उपासना स्थाल आदिमा पाइन्छन्। यसरी स्थापना गरिएको शिवलिङ्ग र विशेष गरी शिवालयमा लिङ्ग स्थापना गर्नको निम्ति निर्माण गरिने शिवलिङ्ग तथा तिनको प्रतिष्ठाको विशेष विधान पाइन्छ।

शिवालयमा लिङ्ग स्थापना गर्दा *'प्रासादस्य प्रमाणेन लिङ्गमान विधीयते'* (मत्स्यपुराण, २६३।२) अर्थात् शिवालयको प्रमाण वा आकार अनुसार लिङ्गको प्रमाण वा नाप निर्धारण गरी निर्माण गर्नु पर्ने मत्स्यपुराणमा वर्णन छ (मत्स्यपुराण, २०७०, पृ. ९९५)। शिवालयको गर्भमानको प्रमाण अनुसार त्यसलाई चार भागमा विभक्त गरी विष्कम्भ (खम्बा, खाँबो) को कल्पना गर्नु पर्दछ। लिङ्गको आयतनलाई सूत्रद्वारा नापेर त्यसलाई तीन भागमा विभक्त गर्नुपर्छ, जसको तल्लो भाग चार पाटा युक्त, मध्य भाग आठ कोण युक्त तथा त्यसको माथि पूजा भाग वा नाभि भाग रहन्छ। लिङ्गको लम्बाईको विस्तार चारपाटे भागको प्रमाण अनुसारको हुनु पर्ने, चारपाटे भागलाई छोडेर आठ कोण युक्त जुन भाग रहन्छ त्यसको आधा भागलाई छोडी वृत्ताकार बनाउनु पर्ने विधान छ (मत्स्यपुराण, २०७०, पृ. ९९७)। यसरी शिवालयको प्रमाण अनुसार निर्माण गरिएको लिङ्गमात्र शुभ हुने यस पुराणको भनाइ छ। त्यसैगरी चारपाटे तथा समतल क्षेत्रमा सर्वप्रथम ब्रह्मसूत्र राखी ब्रह्मसूत्रको बाँया शिवलिङ्गको स्थापना गर्नु पर्दछ। साथै शिवालयको पूर्वोत्तर वा दक्षिणपूर्वतर्फ पूर्वीद्वारको निर्माण गर्नु पर्दछ। उक्त द्वार केही दक्षिणाश्रित वा ईशानतर्फ लीन भएको हुनु पर्ने उल्लेख गर्दै यस्तो द्वारलाई महेन्द्रद्वार भनिने कुरा बताइएको छ। पूर्वीद्वारलाई एक्काईस भागमा विभक्त गरी मध्य भागमा ब्रह्मसूत्रको कल्पना गर्दै त्यसको अर्धभागलाई तीन भागमा विभक्त गरेर उत्तरतर्फ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणतर्फ एक एक भाग छोडी ब्रह्मस्थानको कल्पना गरी त्यसको अर्ध भागमा लिङ्ग स्थापना गर्नु अत्यन्त शुभ रहने बताइएको छ (मत्स्यपुराण, २०७०, पृ. ९९५)।

शिवालयको गर्भगृहको मान अनुसार लिङ्ग निर्माण गर्नुपर्ने मत्स्यपुराणमा वर्णन छ। यस पुराणमा *पञ्चभागविभक्तेषु त्रिभागो ज्येष्ठ उच्यते। भाजिते नवधा गर्भे मध्यमं पाञ्चभागिकम्'* (मत्स्यपुराण, २६३।८) अर्थात् गर्भगृहलाई पाँच भागमा विभक्त गरी त्यसको तीन भाग बराबरको ज्येष्ठ लिङ्गको मान रहने, भित्री भागको मानलाई नौ भागमा विभक्त गरी त्यसको पाँच भागको बराबर मध्ययम लिङ्गको मान रहने बताइएको छ (मत्स्यपुराण, २०७०, पृ. ९९६)। यस मानलाई रूपमण्डनले पनि *'गर्भे पञ्चांशके त्रयंशे ज्येष्ठलिङ्गं तु मध्यमम्। नवाशं पञ्चभागं स्याद् गर्भार्धं कन्यसोदयम्'* (रूपमण्डन, ४।६३) अर्थात् गर्भगृहलाई पाँच भागमा गरी त्यसको तीन भाग बराबर ज्येष्ठ लिङ्गको मान हुने, नौ भाग गरी त्यसको पाँच भागको बराबर मध्यम लिङ्गको मान हुने तथा गर्भगृहको अर्धांश बराबर कनिष्ठ लिङ्गको मान हुने बताएको छ (श्रीवास्तव, १९९६, पृ. १६८)। यी दुवै ग्रन्थको अभिमत गर्भगृहलाई पाँच भाग गरी त्यसको तीन भाग लम्बाईको लिङ्ग ज्येष्ठ लिङ्ग, नौ भाग गरी त्यसको पाँच भागको लम्बाईको लिङ्ग मध्यम लिङ्ग तथा दुई भाग गरी एक भागको लम्बाईको लिङ्ग कनिष्ठ लिङ्ग अर्थात् ५:३; ९:५ तथा २:१ हुने बुझिन्छ। तर रूपमण्डनले भने गर्भगृहको अनुपातमा लिङ्ग निर्माण गर्नका निम्ति भिन्दै मानको उल्लेख गरेको छ। प्रायः गर्भगृह चतुष्कोण हुने हुँदा त्यसको एकतर्फको लम्बाईको मानको आधारमा लिङ्गको मान निश्चित गर्न सकिन्छ (श्रीवास्तव, १९९६, पृ. ७३)। यस आधारमा *'हस्तमानं भवेल्लिङ्गं वेदहस्ते सुरालये। ज्येष्ठलिङ्गै (लिङ्गन्तु) वेदांशे षट्त्रिशं नवहस्तकम्। पञ्चादि भूतवेदांशे प्रासादे हस्तसंख्यया। मध्यमं पञ्चमांशेन हस्तादिनवहस्तकम्। कृ(त्रृ)त्वादि युगल(त)त्वान्त (हस्तसंख्या) शिवालये षष्ठांशेन प्रकर्त्तव्यं हस्तादिनवहस्तकम्'* (रूपमण्डन, ४।५९-६१) अर्थात् गर्भगृहको लम्बाई चार हात छ भने लिङ्गको लम्बाई एक हात हुने तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तीस हातको गर्भगृह छ भने त्यसको चतुर्थांश अर्थात् नौ हात ज्येष्ठ लिङ्गको मान हुने, पैँतालिस हातको शिवालयको यसको पञ्चमांश अर्थात् नौ हात मध्यम लिङ्गको मान हुने तथा चौवन्न हातको शिवालयको यसको षष्ठांश अर्थात् नौ हातको कनिष्ठ लिङ्ग बनाउन सकिन्छ (श्रीवास्तव, १९९६, पृ. १६७)।

शिवालयमा मुखलिङ्ग स्थापना गर्दा भने निश्चित विधानले प्रासादको निर्माण गरी सोही अनुसार लिङ्गको स्थापना गर्नु पर्ने विधान रहेको छ। यस सम्बन्धमा रावले देवालयमा अवस्थित द्वार (एकदेखि चार) का आधारमा मुखाकृति अङ्कित शिवलिङ्गको स्थापना गर्नुपर्ने बताएका छन्। देवालयको गर्भगृहमा पूर्वतर्फ एक मात्र द्वार अवस्थित छ भने एक मुख अङ्कित शिवलिङ्ग निर्माण गरी पूर्वी द्वारतर्फ फर्काई स्थापना गर्नु पर्दछ। देवालयमा पूर्व तथा पश्चिमतर्फ दुई द्वार अवस्थित छन् भने लिङ्गको अगाडि तथा पछाडि मुख अङ्कित गरी स्थापना गर्नुपर्दछ। देवालयमा तीन द्वार (पूर्व, उत्तर तथा दक्षिण) अवस्थित छन् भने पश्चिमतर्फ बाहेक अन्य तीनतर्फ मुख अङ्कित गरिएका लिङ्ग स्थापना गर्नु पर्दछ। तथा चारै तर्फद्वार रहेका देवालयमा भने चारै दिशातर्फ मुख अङ्कित लिङ्ग वा ईशान कोणमा पनि मुख अङ्कित पञ्चमुखी लिङ्गको स्थापना गर्न सकिने बताएका छन् (राव, २, १, १९९७, पृ. ९७, ९८)। एक द्वार वा एक मुखयुक्त शिवायतनमा स्थापना गरिने देवीदेवताको निश्चित स्थान तोकिएको छ। शिवलिङ्गको बायाँ गणेश स्थापना गरिनु पर्दछ। दायाँ पार्वती, नैऋत्यमा सूर्य, वायुकोणमा जर्नादन स्थापना गर्नु पर्दछ। मातृकाको स्थान दक्षिण दिशा हो भने उत्तर दिशामा शान्तिगृह बनाउनु पर्दछ र कुबेरलाई पश्चिममा स्थापना गरिनु पर्दछ। त्यस्तै चतुर्मुखी शिवायतनमा शिवलिङ्गको बायाँ शान्तिगृह तथा दक्षिणमा यशोद्वार बनाउनु पर्दछ। दक्षिणमा मातृकालाई स्थापना गरिनु पर्दछ। शिवलिङ्गको बायाँ उमा र भैरव तथा पछाडि ब्रह्मा र विष्णु बनाउनु पर्दछ। आग्नेय दिशामा कर्णकोणमा इन्द्र, आदित्य र स्कन्दको स्थापना तथा ईशान कोणमा गणेश र धूम्रलाई स्थापना गर्नुपर्ने विधान छ (श्रीवास्तव, १९९६, पृ. १७७, १७८)। जुन द्रव्यबाट लिङ्गनिर्माण गरिएको छ, सोहीअनुसार शिवालयको निर्माण गर्न शास्त्रमा जोड दिइएको छ। काठको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग स्थापना गर्दा इँट तथा काठको शिवालय शुभ तथा प्रस्तर, धातु वा रत्नद्वारा निर्मित लिङ्ग स्थापनार्थ प्रस्तरको मन्दिर शुभ मानिएको छ।

शिवालयको प्रमाण अनुसार निर्मित शिवलिङ्ग तथा तोकिएकै वस्तुद्वारा निर्मित शिवालयको निर्माणपश्चात् लिङ्ग स्थापना गर्नुपूर्व निश्चित विधानको पालना गरिन्छ। यस सम्बन्धमा शिवपुराण, लिङ्गपुराण, मत्स्यपुराण आदिमा विस्तृत वर्णन पाइन्छ। शिवलिङ्ग प्रतिष्ठाका निम्ति फागुन, चैत्र, वैशाख, जेठ वा माघ महिना शुभदायी रहने बताइएको छ। सूर्य उत्तरायण रहेको बखत, शुक्लपक्षको द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, दशमी, पूर्णिमा आदि तिथि वा ज्येष्ठा, श्रवण, रोहिणी, हस्ता, रेवती, पुष्य, मृगशिरा, अनुराधा वा स्वाति नक्षत्र तथा बुध, बृहस्पति तथा शुक्र ग्रहको समय शुभदायक मानिएको छ। शुभ दिनमा शिवालय लिपपोत गरी शिवालयका चारै द्वारमा तोरण राखी, चार द्वारमा आठ कलशको स्थापना तथा पूजा गरी, शिवालयलाई ध्वजाले सिङ्गार गरेपश्चात् लोकपाल, ब्रह्मा तथा नागको पूजा गरेर प्रतिष्ठा गरिने शिवलिङ्गलाई स्नान गराई कुनै पवित्र आसनमा राखेर उक्त लिङ्गको नेत्रज्योति संस्कार अर्थात् लिङ्गमा नेत्र (ज्योति)को स्थापना गरिने विधि सम्पन्न गर्नु पर्दछ। उक्त कार्यका निम्ति लोभ, दम्भरहित, वेदमन्त्रविशारद तथा वास्तुशास्त्रका पारङ्गत ब्राह्मण हुनु पर्ने निर्देशन छ (मत्स्यपुराण, २०७०, पृ. ९९८–१००१)।

शिवलिङ्ग प्रतिष्ठा गर्नु पूर्व अधिवासनविधि सम्पन्न गनुपर्ने विधि सम्बन्धमा यसै पुराणमा उल्लेख छ। माङ्गलिक मन्त्रका साथ पुनः शिवलिङ्गको पञ्चगव्य, कषाय, मृत्तिका, भस्म तथा जलले मार्जन गराई *'एव स्नाप्य ततो देवं पूज्य गन्धानुलेपनैः प्रच्छाद्य वस्त्रयुग्मेन अभिवस्त्रेत्युदाहृतम्'* (मत्स्यपुराण, २६५।१०) अर्थात् सुगन्धित चन्दन आदिले उपासना गरी लिङ्गलाई दुई वस्त्रले ढाकेर शयन गराई प्रतिष्ठा पूर्व गर्नु पर्ने अभिवस्त्र विधान सम्पन्न गरिन्छ। त्यसपश्चात् शिवलिङ्गलाई रथ वा खटमा राखेर शिवालयमा प्रवेश गराई शैयामा कुश वा पुष्पमाथि लिङ्गलाई पूर्वाभिमुख गराई राखी वस्त्र तथा सुवर्णसहित निन्द्राकलश (मूल कलश) शिवलिङ्गको नजिक स्थापना गर्नु पर्दछ। नेत्रलाई रेशमी कपडाले छोपेर शिवलिङ्गलाई मह, घ्यूद्वारा स्नान गराएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहँलो सरस्यूँले पूजा गरी *'या ते रुद्र शिवा तनू'* (वाजस.सं. १२।११२) मन्त्रको उच्चारण गर्दै लिङ्गको चारै तर्फबाट पूजा गरी रेशमी सूति आदि वस्त्रद्वारा लिङ्गलाई सम्पूर्ण रूपमा छोपेर वरिपरि छत्र, चमर, दर्पण, चदुँवा, रत्न, आभूषण आदि अर्पण गरी पञ्चामृत, खिर, मिष्ठान्न पक्वान्न, फल आदि अर्पण गरेर शिवलिङ्गको विशेष पूजा गर्नु पर्ने बताइएको छ। शिवालयको चारैतर्फ शिवलिङ्गका रक्षक तथा चार द्वारमा द्वारपाल नियुक्त गरी तिनको जप तथा पूजन गर्दै शिवलिङ्गको नजिकै अग्निकुण्डमा हवन गरेर लिङ्गको प्रत्येक अङ्गको स्पर्श गर्दै प्रत्येक पटक एक एक सहस्र आहुति दिनुपर्ने विधानको वर्णन छ। मूल अग्निकुण्डबाहेक अन्य नौ अग्निकुण्ड निर्माण गरी प्रत्येक कुण्ड नजिक कलश राखी ती कुण्डमा भूमि, अग्नि, यजमान, सूर्य, जल, वायु, सोम, आकाश वा शिवको स्मरण गरी आहुति दिनु पर्दछ। सहस्र आहुतिपश्चात् मूल कलशमा अन्य कलशको जल मिलाई शिवलिङ्गको सेचन तथा देवगणको स्नान गराई पुनः धूप, दीप, नैवेद्य, चन्दन आदिद्वारा शिवलिङ्गको पूजा तथा बारम्बार हवन गरी ब्राह्मण आदिलाई भोजन, दक्षिणा दिई, नाच गान आदि मंगल कार्य र चतुर्थीकर्म गरी लिङ्ग प्रतिष्ठा पूर्व एक रात, तीन रात, पाँच रात वा सात रात सम्मको अधिवासोत्सव कर्म गर्न सकिने वा शीघ्रता भएमा केही समयको अधिवासन विधि सम्पन्न गरी त्यसपश्चात् लिङ्ग प्रतिष्ठा गर्न सकिने बताइएको छ (मत्स्यपुराण, २०७०, पृ. १००२-१००४)।

लिङ्ग प्रतिष्ठा गर्नु अघि पुष्प मिश्रित जलले शिवालय धोई पखाली गरेर मन्त्रोच्चारणका साथ पक्षसूत्र तथा द्वारसूत्र (कारिगर सूत्र) ले शिवालय नाप्नु पर्दछ। देवमण्डपको मध्य भूमिको निश्चय गरी केही ईशान कोणतर्फ बढ्नु उत्तम रहने बताइएको छ। देवगण समेत ईशान दिशामा अवस्थित भगवान् शिवको पूजा गर्न लालायित हुने हुँदा उक्त दिशा लिङ्ग प्रतिष्ठाका निम्ति सर्वश्रेष्ठ मानिएको छ। लिङ्ग स्थापना गर्नु पूर्व सर्वप्रथम कूर्मशिलाको स्थापना गर्नु पर्दछ। किनकी ब्रह्मशिलाको दाँजोमा उक्त शिला बढी भारी रहन्छ। उक्त शिला माथि ब्रह्मभागमा ठूलो ब्रह्म शिला स्थापना गर्नु पर्दछ तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सो माथि लिङ्गको आधार पीठिका स्थापना गर्नु पर्ने बताइएको छ। पीठिकालाई अर्घ्य, पाद्य तथा मधुपर्क आदि अर्पण तथा पूजा गरी, दशै दिशाका लोकपाल, ब्रह्मा तथा नागको पूजापश्चात् शिवलिङ्गलाई उठाएर पीठिकामा प्रतिष्ठा गर्नु पर्दछ। शिवको ध्यान गर्दै सोम सूक्त तथा रुद्र सूक्त पाठ गरी ब्रह्मा, विष्णु र शिवको प्रणव मन्त्रद्वारा प्रार्थना गर्दै उनका वरपरका अन्य देवतालाई शिवका परिवार देवताका रूपमा स्मरण गरी गण, नन्दीकेश्वर, महांकाल, वषभ, भृङ्गी, कार्तिकेय, देवी, विनायक, इन्द्र, जयन्त, गन्धर्व, अप्सरा आदिलाई चारैतर्फ स्थापित गर्नुपर्ने बताइएको छ। मन्त्रद्वारा यत्न पूर्वक रुद्रको आवाहन गर्दै शिवलाई उमा तथा गणसहित उक्त लिङ्गमा आई *'शाश्वतो भव पूजां मे गृहाण त्वं नमो नमः'* (मत्स्यपुराण, २६६।४८) अर्थात् शाश्वत रूपमा लिङ्गमा स्थित भई पूजा ग्रहण गर्न आवाहन गरिने वर्णन छ (मत्स्यपुराण, २०७०, पृ. १००५–१००८)।

विधानका साथ स्थापना गरिएको लिङ्ग आफ्नो स्थानबाट विचलित वा ढल्किन हुँदैन। अन्यथा सो दोषको भागी हुने हुँदा, जुन दिशातर्फ लिङ्ग ढल्किन्छ सो दिशाका अधिपतिको विशेष पूजा गरी सुवर्ण आदि दान दिई पुनः लिङ्गमा बालुवा भरी स्थिर राख्नुपर्ने बताइएको छ। अन्तिममा चतुर्थीकर्म गरेपश्चात् लिङ्ग प्रतिष्ठा विधि सम्पन्न हुन्छ (मत्स्यपुराण, २०७०, पृ. १००९)। अन्य देवप्रतिमा प्रतिष्ठाका निम्ति पनि यही विधान बताइएको छ। अन्य देवीदेवताका मन्दिरमा शिवलिङ्ग स्थापना गर्नु भन्दा छुट्टै शिवालय निर्माण गरी लिङ्ग स्थापना गर्नु उत्तम मानिएको छ। किनकी *'लिङ्गं नान्याश्रितं लिङ्गमाश्रिताः सर्वदेवता'* अर्थात् लिङ्ग अन्य देवतामा आश्रित नभई अन्य देवता लिङ्गमा आश्रित रहन्छन् (श्रीवास्तव, १९९६, पृ. ६९)। यसरी शिवालय निर्माण गरी शिवलिङ्ग स्थापना गर्नाले सो कीर्ति रहुञ्जेल निर्माणकर्ताले विविध फल प्राप्त गर्ने पौराणिक मान्यता छ (स्कन्दपुराण, २०७५, पृ.१२)। प्राणप्रतिष्ठा गरी घरमा राखेर उपासना गरिँदै आएको शिवलिङ्ग कारणवश चर्किन गएमा तिनलाई लिङ्ग स्थापना गरिएका शिवालयमा राखी उपासना गर्न सकिने तर घरमै राखेर उपासना गर्न नहुने विधान रही आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग उपासनाका प्रचलित विधिहरू

शैव धर्मावलम्बीहरूमा शिवलिङ्गको जुन महत्त्व छ, त्यो शिवका अन्य विग्रहमा त्यति नरहेको विभिन्न ग्रन्थले उल्लेख गरेको छ। शिवको मूर्तिको दाँजोमा लिङ्गको महिमा कम रहेको *'लिङ्गं प्राधान्यतः स्थाप्यं तथा वेरं तु गौणकम्। लिङ्गाभावे न तत्क्षेत्रं सवेरमपि सर्वतः'* (शिवपुराण, वि.सं. ९।४६) अर्थात् प्रधानतया लिङ्ग नै स्थापना गर्नु पर्दछ, किनकी शिवलिङ्गको तुलनामा शिवको अन्य मूर्तिको स्थापना गौण मानिन्छ र शिवलिङ्गको अभावमा सो स्थान सबेर वा मूर्तियुक्त स्थान भनिए तापनि शैव क्षेत्र मानिँदैन (शिवपुराण, २०७२, पृ. ४१)। लिङ्ग साक्षात् ब्रह्मको प्रतीक हो। लिङ्ग शिवको निष्कल (ब्रह्म) रूप मात्र नभई *'लिङ्ग वेदी महादेवी लिङ्गं साक्षात्महेश्वर'* (लिङ्गपुराण, २९।१५) अर्थात् लिङ्ग स्वयं शिव र वेदी स्वयं पार्वती र समग्रमा लिङ्ग यी दुईको संयुक्त रूप हुँदा लिङ्ग अर्चनाबाट दुवैको अर्चना हुन्छ। जो विष्णु हुन् ती शिव हुन्, जो शिव हुन् विष्णु हुन्, लिङ्गको पीठिका भगवान् विष्णुको रूप तथा सो माथि स्थापित लिङ्गलाई महेश्वरको रूप मानिएको छ (स्कन्दपुराण, २०७५, पृ. १३)। यसो त उपनिषद् एवं सम्पूर्ण पुराणले लिङ्ग ब्रह्मा, विष्णु तथा रुद्रको एकल स्वरूप रही तिनको तल्लो भाग ब्रह्मा, बिचको विष्णु तथा माथिल्लो भाग रुद्रको मानेको आधारमा लिङ्गको अर्चनाबाट यी देवको अर्चना हुन्छ। अर्कोतर्फ *'आकाशं लिङ्गामित्याहुः पृथिवी तस्य पीठिका आलयः सर्व देवानां लयनाल्लिङ्गमुच्यते'* अर्थात् महाचैतन्याकाश, पृथ्वी रूपी माया, प्रकृति, परा लगायत समस्त देवताको लयस्थल नै लिङ्ग हुँदा लिङ्गको उपासनाबाट यी समस्तको उपासना हुन्छ।

लिङ्ग उपासनाका विभिन्न विधि छन्। वैदिक विधि, तान्त्रिक विधि र गुह्य विधि। वैदिक विधिअन्तर्गत लिङ्गको उपासना पाशुपत व्रतको अनुष्ठान पूरा गरेका, शिवशास्त्र पारङ्गत, गुरुद्वारा शिवाचार्यको संज्ञा प्रदान गरिएका योग्य उपासकले मात्र वैदिक विधिको पालना गरी गर्ने अधिकार छ। लिङ्ग अर्चनाको वैदिक विधिबारेमा पुराणहरू मन्त्रसहित वर्णन पाइन्छ। यसको निम्ति सर्वप्रथम अन्तः एवं बाह्य स्नान महत्त्वपूर्ण हुँदा *'वरुणं पुरतः कृत्वा*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ततश्चाग्नेयमुत्तमम्। मन्नस्नानं ततः कृत्वा पूजयेत्परमेश्वरम्' (लिङ्गपुराण, २५।९) अर्थात् अर्चकले सर्वप्रथम जल स्नान, दोस्रो (अग्निस्नान) भस्मस्नान तथा मार्जनरूप मन्त्रस्नान गर्नु पर्दछ। त्यसपश्चात् बाह्यान्तर र अभ्यन्तर उपासनाअन्तर्गत पूजा स्थान तथा सम्पूर्ण पूजा द्रव्यको मन्त्रद्वारा विधिवत् शुद्धिकरण, गणेश, नन्दीश्वर र उनकी पत्नी सुयशाको आराधना गरी उत्तम आसनमा विराजीत साम्ब सदाशिव र उनको वामभागमा निवास गरेकी शिवा/उमाको ध्यान गर्दै विधिवत् पूजाको थालनी हुन्छ। अर्चकले शिवालयमा प्रवेश गरी शिवलिङ्गमा अवस्थित निर्माल्य हटाई, षडाक्षर मन्त्रको जप गर्ने, बाहिर आई शिवका प्रतिहार, गणेश, क्षेत्रपाल, गुरु, कुलदेवता, नन्दि, महांकाल, धाता–विधाताको पूजा गर्ने। मन्दिरमा पुनः प्रवेश गरी शिवलिङ्गमा कमलको आकारको सूर्यमण्डल, त्यसको मध्यभागमा चन्द्रमण्डल तथा त्यसको पनि मध्यभागमा अग्निमण्डलको चिन्तन गरी सोको मध्यभागमा वामा, ज्येष्ठा आदि शक्तिले युक्त पाँच मुख, दश भुजायुक्त शिव र उनको वाम भागमा गिरीराजनन्दिनी उमाको ध्यान र भावनाद्वारा साक्षात्कार गर्ने। शिवलिङ्गमा पाद्य, अर्घ्य अर्पण गरी स्थापित जलपात्रको आधा जलले शिवलिङ्गको स्नान गरी पूजा तथा धूप बाली भक्तिपूर्वक मूल मन्त्रले जलले स्नान गराउने। धूप र जल, दूध, दही, मह, घ्यू, सखरले पृथक पृथक स्नान गरी, स्थापित सम्पूर्ण जल पात्रद्वारा शिवलिङ्गको स्नान गर्ने, श्रीविग्रहमा गन्ध द्रव्य लेपन र पुनः स्नान गरेपश्चात् चन्दन लेपन, श्रृङ्गार गरी शिवलिङ्गको विधिवत् पूजाको सुरुवात गर्दछन्। आठ दिशामा धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, अधर्म, अज्ञान, अनैश्वर्य तथा कमल कर्णिकामा अनन्तादिसहित परमप्रकृति तथा ईशान, तत्पुरुष, अघोर, वामदेव, सद्योजात तथा महादेवीको मन्त्रसहित पूजा, त्रिशूल, चण्डेश्वर आदिको पूजा र घण्ट, शङ्खको ध्वनिसहित धूप, दीप तथा नैवेद्य अर्पण गरी गरिने विस्तृत विधिको बारेमा स्कन्दपुराण, शिवपुराण, लिङ्गपुराणमा उल्लेख छ। त्यस्तै शिवलिङ्गको अघोर अर्चना गर्दा अर्चकले पञ्चाङ्गभस्म लेपन गरी नरमुण्डमाला धारी अघोर रुद्र शिवको ध्यान गरी अघोर वैदिक मन्त्रद्वारा पूजा गर्ने परम्परा छ (लिङ्गपुराण, २०७५, पृ. ६८५)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिमा देखिने रहस्यमय घटनादेखि भयभित भई मनको परिकल्पनाको उपजको रूपमा जन्मेको ऋग्वैदिक रुद्र क्रमशः पछि शिव, शंकर, उमापतिका रूपमा स्थापित भए। उमा र शिव वा प्रकृति र पुरुषको एकाकार स्वरूप लिङ्गबाहेक शिव र शक्तिको मिलन विन्दुको धारणा अनुरूप त्रिकोण, विन्दु र यन्त्रका रूपमा रहस्यात्मक बनाउँदै लगियो। शिवको शक्तिका रूपमा रहेकी उमालाई शाक्त दर्शनको नामले विवेचना गरियो। शाक्त मत वास्तवमा सृष्टि, उत्पादन, प्रजननको सारभूत तत्त्व हो, जुन गुह्य, रहस्यमयी र साधनापरक मानिन्छ। यसलाई शैवहरूले पनि पहिल्यै स्वीकार गरेकै हुन्। तर शाक्त परम्परामा रहेको वाममार्ग तथा तिनमा विद्यमान पञ्चमकार विधि र तन्त्र मन्त्रसहितको उपासना विधिले शैवमतलाई पनि नछोई रहन सकेन। यहाँ वाममार्गको प्रसङ्ग उठ्दा मन्त्र शास्त्र परम्पराअन्तर्गत रहेका उपासनाका विविध मार्गको संक्षिप्त परिचय दिई शिवलिङ्ग अर्चनामा तान्त्रिक विधि र प्रभावको चर्चा गर्नु उचित ठहर्छ। मन्त्र शास्त्रमा मन्त्र साधनाका तीन मार्गको उल्लेख छ। दक्षिणमार्ग, वाममार्ग तथा मिश्रमार्ग। सात्त्विक देवताको सात्त्विक उपासना, सात्त्विक मन्त्र तथा सात्त्विक सामग्रीद्वारा गरिने मार्गलाई दक्षिणमार्ग भनिन्छ। दक्षिणमार्ग सात्त्विक मार्ग हुँदा यसलाई प्रकट मार्ग पनि भनिन्छ। जुन मार्गमा मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन (महिला) आदि पञ्चमकार तत्त्वयुक्तले भैरव–भैरवी आदि देवीदेवताको साधना तथा उपासना गरिन्छ, यस्तो मार्गलाई वाममार्ग भनिन्छ। वाममार्ग असात्त्विक हुने हुँदा यसलाई गुप्त मार्ग पनि भनिन्छ। त्यस्तै जुन मार्गमा मद्य, मांस, मत्स्य आदि पदार्थहरू प्रत्यक्ष रूपमा ग्रहण नगरी तिनका प्रतिनिधिद्वारा इष्टदेवताको साधना गरिन्छ भने त्यसलाई मिश्रमार्ग भनिन्छ। वाममार्गको प्रभाव मिश्रमार्गमा परेको पाइन्छ। यसको केही न केही प्रभाव दक्षिणमार्गमा पनि अवश्य परेको हुने गर्दछ (गोपालप्रसादजी, २०२४, पृ. २३५)। मन्त्रशास्त्रमा केरल, काश्मीर र गौड गरी तीन सम्प्रदाय छन्। वैदिक धर्मावलम्बी मन्त्र प्रयोगकर्ताहरू केरल सम्प्रदायी हुन्। जैनहरू काश्मीर सम्प्रदायी हुन् भने बौद्धहरू गौड सम्प्रदायी हुन्। काश्मीर (जैन) सम्प्रदाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सरस्वती प्रभृति सात्त्विक देवताहरूको उपासक तथा दक्षिणमार्गी हुन्छन्। गौड (बौद्ध) सम्प्रदयहरू तारा, काली आदि रौद्र प्रकृतिका देवताको उपासक तथा वाममार्गी हुन्छन्। केरल (वैदिक) सम्प्रदाय मिश्रमार्गी सम्प्रदायी हुन्छन्। यसमा प्रकट रूपमा दक्षिण (सात्त्विक) तथा गुप्त रीतिले वाममार्गको अवलम्बन गरिन्छ। यस सम्प्रदायका साधक महालक्ष्मी प्रभृति राजस् प्रकृतिको देवताको उपासक हुन्छन्। त्यस्तै मन्त्र शास्त्रका तीन आगम छन्। वेदागम, जैनागम तथा बौद्धागम। जैनागम दक्षिणमार्गावलम्बी तथा काश्मिर सम्प्रदाय प्रधान छ। बौद्धागम वाममार्गावलम्बी तथा गौड सम्प्रदाय प्रधान छ तथा वेदागम मिश्रमार्गावलम्बी तथा केरल सम्प्रदाय प्रधान छ। वैदिक मतावलम्बीका मान्त्रिक वर्ग वेदागमलाई शैवागम पनि भन्दछन्। किनकी यसको मन्त्रशास्त्रको उत्पत्ति शिवजीबाट भएको हो। तन्त्रशास्त्रमा शिव–पार्वतीको संवादको रूपमा मन्त्र, यन्त्र र तन्त्रको वर्णन गरिएको छ। साथै मन्त्रशास्त्रको सम्प्रदायमा चक्र–पूजा पनि मान्य छ। काश्मिर सम्प्रदायहरू (जैन) मा सिद्धचक्रको सात्त्विक पूजाको प्रचलन छ। गौड सम्प्रदायहरू (बौद्ध) मा भैरवीचक्रको पूजाको प्रचलन छ भने केरल सम्प्रदाय (वैदिक) मा श्रीचक्रपूजाको प्रचलन छ (गोपालप्रसादजी, २०२४, पृ. २३६, २३७)। यसरी केरल वा दक्षिणमार्ग प्रकट रूपमा सात्त्विक र गुप्त रूपमा वाममार्ग वा मिश्रचार मार्ग रही श्री चक्रको उपासक रहन्छन्। केरल पद्धतिको केन्द्र विन्दु भारतको श्रृंगेरी मठ मानिन्छ। आदि शंकराचार्यले श्रृंगेरी मठमा श्रीचक्रमा श्री शारदाम्बालाई प्रतिष्ठा गरी केरल विधिको उपासनाको सुरुवात गरेका थिए। लिङ्गोपासनाको तान्त्रिक विधिअन्तर्गत यस विधिद्वारा उपासना गरिने परम्परा हाल भारतको कर्णाटक राज्य, आन्ध्र प्रदेश, महाराष्ट्र आदिमा रहेको छ। नेपालमा पनि प्राचीनकालमा वाममार्गको प्रभाव उत्कर्षमा पुगि पशुपतिनाथको पूजा पद्धति तामस प्रधान बन्न जाँदा शंकराचार्यको उपत्यकामा आगमन भई पशुपतिनाथमा दक्षिणात्य गृहस्थी भट्टद्वारा केरल विधिले श्रीचक्रको पूजा गर्ने परम्पराको थालनी गराएका थिए, जुन हालसम्म पनि सोही विधिबाट हुँदै आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्गोपासनाको विधिमध्ये अर्को गुह्यविधि मानिन्छ। गुह्यको अर्थ गोप्य वा रहस्यमय भन्ने बुझिन्छ। लिङ्गको ईशान भागमा श्रीयन्त्र लेखी उपासना गरिन्छ। शिवलिङ्ग, योनि र लिङ्गको संयुक्तरूप जस्तै श्रीयन्त्र पनि तान्त्रिक पद्धतिको त्यस्तै प्रतीक हो। तन्त्रमा अधिक प्रयोग हुने श्रीयन्त्रका नौवटा कोण, लिङ्ग र योनिकै प्रतीक हुन्। तलबाट मास्तिर फर्किएको त्रिकोण लिङ्ग हो भने तलतिर फर्किएको त्रिकोण यानीको प्रतीक हो (गुरुङ्ग, २०६८, पृ. ३०)। श्रीयन्त्र शिव र शक्तीको लय स्थान हुँदा जीवले सृष्टि, स्थिति र लय क्रम गरी तीनवटा विधिले श्री यन्त्रको पूजा गर्दछन्। श्रीयन्त्र शिव र शक्तिको मिलन विन्दु मात्र नभई यसमा समस्त विश्व ब्रह्माण्ड रचनाको तात्त्विक सार समावेश रहने मान्यता छ। श्रीयन्त्र वा श्रीचक्रको पूजा ब्रह्माण्ड पूजा, विश्व पूजा तथा विश्वको धर्मको सूचक मानिन्छ। साथै यसको उपासनामा समस्त दर्शनको उपासना हुन्छ। त्यसैले शिवलिङ्गको ईशान मुखमा श्रीयन्त्र लेखेर जुन पूजा हुन्छ त्यो गोप्य हुन्छ। *'गोपनीयं गोपनीयं गोपनीयं प्रयत्नतः'* अन्तर्गत अर्चकले शिव र शक्तिलाई भावनात्मक रूपमा साक्षात्कार गरी गोप्य विधिद्वारा अर्चना गर्दछन्। माथिबाट श्रीयन्त्रका कोणहरूको नाम लिंदा *'विन्दु, त्रिकोण, वसुकोण, दशारयुग्म, मन्वस्र, नागदलसंयुक्त, षोडशारं, वृत्तत्रयञ्च, धरणीसदनत्रयञ्च, श्रीचक्रमेतदुदितं परदेवतायाः'* यस्तो रूप हुन्छ। तलबाट गन्दा निम्न रूप हुन्छ – *'भूपूस्त्रिवृत्तकमथेन्दुकलारविन्दमष्टारकं, सुमनकोणमथो दशारम्। दिक्कोणकुञ्च गजकोणमथ, त्रिकोणम् बन्दे सुविन्दुसहितं परयन्त्रराजम्'*। यसमा साधारणतया दश आवरण हुन्छन् भने अन्तिमको विन्दुलाई विस्फोटन गरी उपासना गर्दा अरू छवटा आवरण बन्दछन्। पहिलेका दश आवरणमध्ये प्रथम आवरणमा चार्वाक दर्शनको अर्चना, द्वितीयावरणमा जितेन्द्रीय दर्शन, तृतीयावरणमा बौद्धदर्शन, चतुर्थावरणमा गाणपत्यदर्शन, पञ्चमावरणमा न्याय–मिमांशा–वैशेषिक–पातञ्जल–सांख्य–वेदान्त षड्दर्शन, षष्ठावरणमा वैदिक दर्शन, सप्मावरणमा सौरदर्शन, अष्टमावरणमा वैष्णवदर्शन, नवमावरणमा शाक्तदर्शन, दशमावरणमा शैव दर्शनको पूजा गरिन्छ भने त्रयोदशावरणमा कौलदर्शनको अर्चना गरिन्छ। यसरी शिवलिङ्गमा विविध विधिद्वारा अर्चना हुने गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गको अर्चना गर्दा अर्चकले बस्नु पर्ने निश्चित दिशा तोकिएको छ। जहाँ शिवलिङ्ग स्थापना गरिएको हुन्छ त्यसको पूर्व दिशामा खडा भई पूजा गर्न हुँदैन यसो गर्दा अर्चक भगवान् शिवको अगाडि वा सामुन्ने पर्दछन् र इष्टदेवलाई सामुन्ने उनलाई छेकेर बस्न निषेध छ। उत्तर दिशा भगवान् शिवको वामाङ्ग हो, जहाँ उनको शक्तिस्वरूपमा उमा विराजमान हुने हुँदा सो दिशामा बस्न निषेध छ। पश्चिम दिशा आराध्यदेवको पछिल्लो भाग हो र पछाडिबाट पूजा गर्न उचित हुँदैन। त्यसैले दक्षिण दिशामा उत्तराभिमुख भई अर्चना गर्नु पर्दछ। त्यस्तै *'बिना भस्मत्रिपुण्ड्रेण बिना रुद्राक्षमालया। बिल्वपत्रं बिना नैव पूजयेच्छङ्कर बुध'* बिना भस्मको त्रिपुण्ड्र, बिना रुद्राक्षको माला तथा बिना बेलपत्र भगवान् शिवको पूजा गर्न निषेध गरिएको छ (शिवपुराण, २०७२, पृ. २१, ५५)।

गृहस्थीले घरमा शिवलिङ्ग राखी सामान्य विधिबाट लिङ्गको उपासना गर्न सक्दछन् तर गृहस्थीले घरमा दुईवटा शिवलिङ्ग राखी अर्चना गर्न निषेध गरिएको छ (वराहपुराण, २०७३, पृ. ३३४)। शिवलिङ्गमा अर्पण गरिएको फूल, फल, नैवेद्य, पत्र एवं जल ग्रहण गर्न पनि निषेध छ। शिवको दीक्षा लिएका शिवभक्तले भने सो ग्रहण गर्न सक्दछन्। शिवलिङ्गमा शालिग्राम शिला स्पर्श गरिएको छ भने उक्त प्रसाद अन्यले ग्रहण गर्न सक्दछन् अन्यथा ग्रहण गर्न मिल्दैन। त्यसैले अधिकांश शिवालयमा शिवलिङ्गसँगै शालिग्राम शिलाहरू राखिएका हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग उपासनाको महिमा

निर्गुण ब्रह्म शिव (अलिङ्ग) नै लिङ्ग (प्रकृति) को मूल कारण हो तथा स्वयं लिङ्ग रूप (प्रकृतिरूप) हुन्। लिङ्गलाई शिवोद्भासित मानिएको छ। शब्द, स्पर्श, रूप, रस, गन्ध आदि रहित, अगुण, ध्रुव, अक्षय, अलिङ्ग (निर्गुण) तत्त्व नै शिव हुन् तथा शब्द, स्पर्श, रूप, रस, गन्ध आदिले संयुक्त प्रधान प्रकृतिलाई नै उत्तम लिङ्ग भनिएको छ। समस्त पञ्चमहाभूत र जगत्का विग्रह यही लिङ्ग तत्त्वबाट उत्पत्ति भएका हुन्। यसरी जगत् नै लिङ्गमय रहेको विभिन्न ग्रन्थहरूको आशय छ।

साक्षात् ब्रह्मस्वरूप मानिएको शिवलिङ्ग विविध प्रकारका, विविध द्रव्यबाट निर्मित साथै विभिन्न पुण्य तिथिमा गरिने तिनको उपासनको भिन्दाभिन्दै महिमा छ। शिवको शक्ति वा प्रकृति मानिने लिङ्गको पीठिका स्थण्डिला, विपुल, यक्षी, वेदी, मण्डला, पूर्णचन्द्रिका, वज्रा, पद्मा, अर्धचन्द्रा, त्रिकोणा गरी दश प्रकारको रहेको माथि चर्चा गरियो। यस्ता भिन्दा भिन्दै प्रकारका पीठिकाको स्थापनाले क्रमशः आरोग्य, धनधान्य, गौ, सम्पत्ति, कीर्ति, वरदान, दीर्घायु, सौभाग्य, पुत्र तथा शत्रुनाश हुने मान्यता छ (मत्स्यपुराण, २०७०, पृ. ९९४)

पृथक वस्तुद्वारा निर्मित लिङ्गको उपासनाको महिमा पृथक छन्। लिङ्गपुराणअनुसार रत्नद्वारा निर्मित लिङ्गको उपासनाले श्री (लक्ष्मी) प्राप्त हुने। प्रस्तर वा पाषाणद्वारा निर्मित लिङ्गको उपासनाले समस्त सिद्धि प्राप्त हुने। धातुद्वारा निर्मित लिङ्ग धनप्रदायक हुने, काठद्वारा निर्मित लिङ्ग भोग-सिद्धि प्रदायक रहने, मृण्मय वा माटोद्वारा निर्मित लिङ्ग शुभ, सम्पूर्ण सिद्धिप्रदायक रहने बताइएको छ। यी लिङ्गमध्ये पाषाणद्वारा निर्मित लिङ्ग उत्तम तथा धातुद्वारा निर्मित लिङ्ग मध्यम मानिन्छ (लिङ्गपुराण, २०७५, पृ. ३६४)। रूपमण्डनले सुवर्ण अर्थात् सुनको लिङ्ग निर्माण गरी उपासना गर्नाले लक्ष्मी प्राप्त हुने, चाँदीले राज्य प्राप्त हुने, तामाले प्रजा वृद्धि हुने बताएको छ। रांगले आयुवृद्धि, काँसले विशेष हित गर्ने, पीतलले भोग तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्ष प्रदान गर्ने, सिसाले वंश वृद्धि तथा फलामको निर्माण गर्नाले शत्रु नाश हुन्छ। अष्टधातुद्वारा निर्मित लिङ्गले कुष्ठ रोग नाश हुने, हीराकोले आयु वृद्धि, मोतीकोले भोग प्राप्ति हुने, पुष्पराजको लिङ्ग सुखदायक हुने, वैदूर्यकोले शत्रुनाश गर्ने, पद्मरागले श्रीपदप्राप्ति हुने। इन्द्रनीलको यशप्रदायक रहने, मणिले पुष्टि प्राप्त हुने तथा स्फटिकको लिङ्ग सर्वकाम प्रदायक रहने वर्णन गरिएको छ। जुन धातुको लिङ्ग छ, त्यसै धातुको पीठिकामा लिङ्ग स्थापना गर्नु पर्दछ। अन्यमा धातुमा पीठिका निर्माण गर्न वर्जित गरिएको छ। लिङ्ग अनुरूपको धातुको पीठिकाका निर्माण सिद्धिप्रदायक तथा मुक्तिदायक मानिएको छ (श्रीवास्तव, १९९६, पृ. १६०-१६२)। मणिद्वारा निर्मित शिवलिङ्गको उपासना गर्नाले अत्यन्त शीघ्र देवताकाको सानिध्य प्राप्त हुने रूपमण्डनको भनाइ छ। त्यस्तै प्रस्तरद्वारा निर्मित लिङ्ग भोगप्रदायक तथा मृण्मय अर्थात् माटोद्वारा निर्मित लिङ्ग सर्वकाम प्रदायक तथा काठद्वारा निर्मित लिङ्ग धनप्रदायक मानिएको छ। विभिन्न द्रव्यबाट निर्मित लिङ्गका भिन्दाभिन्दै महिमाको बारेमा रावले पनि चर्चा गरेका छन्। उनको भनाइ अनुसार सुवर्णद्वारा निर्मित लिङ्गको उपासना गर्नाले धन, श्रीपद प्राप्त हुने, चामलद्वारा निर्मितले वैभव प्राप्त हुने र भातको लिङ्गले अन्न लाभ हुने, नदी किनारको माटोद्वारा निर्मित लिङ्गले भूमि प्राप्त हुने र गोबरले रोग व्याधि नाश हुने, नौनीकोले प्रसन्नता प्राप्ति हुने तथा रुद्राक्षकोले ज्ञान प्राप्त हुने, चन्दन लेपबाट निर्मित लिङ्गले सौभाग्य, कुर्छ घाँसकोले मुक्ति प्राप्ति हुने, पुष्पद्वारा निर्मित लिङ्गले दिर्घायु, सख्खरकोले इच्छापूर्ति हुने तथा पिठोद्वारा निर्मित लिङ्गको उपासना गर्नाले शक्ति प्राप्त हुन्छ (राव, १९९७, पृ. ७८)। पुराणहरूले पनि सम्पूर्ण शुभ लक्षणयुक्त शिवलिङ्गको उपासना तत्काल फल प्रदायक रहने बताएको छ।

यस्तै महत्त्वका कारण विभिन्न देवीदेवताद्वारा विभिन्न द्रव्यबाट शिवलिङ्गको निर्माण गरी उपासना गरेको पौराणिक वर्णन छन्। विश्वकर्माले ब्रह्माको आज्ञाले आ-आफ्नो अधिकार अनुरूप लिङ्ग निर्माण गर्ने अधिकार देवतालाई दिएका थिए, जस अनुसार विष्णुले इन्द्रनील मणिले निर्मित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्गको उपासना गरेका थिए। इन्द्रले पद्मराग निर्मित लिङ्ग, विश्वदेवले चाँदीको, अष्टवसुले चन्द्रकान्त मणिको, वायुले पीतलको, अश्विनीकुमारले माटोको, वरुणले स्फटिकको, आदित्यले तामाको, दैत्य तथा राक्षसले फलामको, चामुण्डा आदि माताले बालुवाको, लक्ष्मीले बेलद्वारा निर्मित लिङ्गको उपासना गरेका थिए। यी लगायत अन्य देवी, देवता तथा पिशाचले समेत अनेक द्रव्यद्वारा निर्मित शिवलिङ्गको उपासना गरेका कारण तिनले यथायोग्य पद प्राप्त गरेका कुरा लिङ्गपुराणमा वर्णन छ (लिङ्गपुराण, २०७५, पृ. ३६३-३६४)। विभिन्न द्रव्यद्वारा निर्मित लिङ्गको उपासना सम्बन्धमा ब्रह्मा मणिमय लिङ्गको उपासक, इन्द्र रत्नमय लिङ्गको, चन्द्रमा मुक्ताय लिङ्ग तथा सूर्य ताम्रमय लिङ्गको उपासक रहेका। कुबेर चाँदीको लिङ्गको उपासक, वरुण रक्त वर्णको लिङ्गको र यमराज निलो रङ्गको लिङ्गको उपासक, नैऋत्य कोणका अधिपति रजत वर्णको लिङ्गको उपासक। यसैगरी वायुदेव केसरी रङ्गको लिङ्गको उपासक रही इन्द्रादि लोकपाल शिवलिङ्गको उपासक रहेको स्कन्दपुराणमा उल्लेख छ (स्कन्दपुराण, २०७५, पृ. १३)। रावणले सुवर्ण निर्मित लिङ्ग शरीरमा धारण गरी उपासना गर्ने गरेको वर्णन रामायणमा गरिएको छ। श्रीपद र यशप्राप्तिकै निम्ति उनले लिङ्गोपासनाको उद्देश्य देखिन्छ।

शिवालयमा स्थापना गर्नका निम्ति प्रस्तर शिलाका शिवलिङ्ग निर्माण गरिए पनि माथि उल्लिख महिमाका कारण विभिन्न द्रव्यबाट चल लिङ्ग निर्माण गरी उपासना गर्ने प्रचलन परम्परागत मानिन्छ। विशेषतः विभिन्न रत्न (मोती, स्फटिक, पुष्पराज आदि) द्वारा निर्मित शिवलिङ्ग गृहस्थीद्वारा पूजिएको आएको पाइन्छ। शिव सानिध्यताको महिमाका कारण उपासकले यी रत्नद्वारा निर्मित लिङ्गको चयन गरी उपासना गरेको बुझिन्छ। सर्वकाम फल प्रदायक हुँदा मृण्मय अष्टोत्तरसय शिवलिङ्ग, सहस्र शिवलिङ्ग निर्माण गरी विशेष विधिसहित तिनको उपासना गरी विर्सजन गर्ने पनि प्रचलन अत्यधिक छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै प्रकारका व्रत, तप, दान, तीर्थाटन तथा देवपूजाको फलको दाँजोमा शिवलिङ्गको उपासना मोक्षदायक भनिएको छ। लिङ्ग स्वयम्भुव, दैविक, गणप, आर्ष, वाण, मानुष आदि विभिन्न प्रकारका रहे पनि यी लिङ्गहरूमध्ये गङ्गा वा नदी किनारमा पाइने वाण लिङ्ग तथा स्वयम्भुव लिङ्ग वा आफै उत्पत्ति भएका लिङ्ग उत्तम लिङ्ग मानिएका छन्। यी दुई मध्ये पनि स्वयम्भुव लिङ्ग अझै उत्तमोत्तम मानिएको छ। वाण लिङ्गको नित्य अर्चना गर्नाले लक्ष्मी प्राप्त हुन्छ। त्यस्तै वाण लिङ्ग दोषयुक्त वा लक्षणहिन भएता पनि यिनको यत्नपूर्वक अर्चना गर्नाले ती धर्म, अर्थ, काम र मोक्षदायक मानिएको छ। वाणलिङ्गभन्दा पनि स्वयम्भु लिङ्गको उपासना अत्यन्त पवित्र र पुण्य रहेको रूपमण्डन लगायत अन्य ग्रन्थको भनाइ छ (श्रीवास्तव, १९९६, पृ. १६३, १७३)।

निश्चित तिथि, पर्वमा लिङ्ग उपासनको बेग्लै महिमा रहेको छ। शिवरात्रीका दिन गरिने लिङ्गपूजाको विशेष महत्त्व छ। *'शिवरात्रिरिति ख्याता तिथिरेषा मम प्रिया। एतत्काले तु यः कुर्यात् पूजां मल्लिङ्गवेरयोः। कुर्यात् स जगतः कृत्यं स्थितिसर्गादिकं पुमान्'* (शिवपुराण, वि.सं. ९।१०।११) अर्थात् शिवरात्रीका दिन भगवान् शिवलिङ्गका रूपमा प्रकट भएको हुँदा उक्त दिन स्वयं शिवको प्रिय दिन रहेको हुँदा उक्त दिन उनको निष्कल वा सकल विग्रहको पूजा गर्नाले मानिसले सृष्टि, स्थिति वा पालनाको कर्मको फल प्राप्त गर्दछन्। वर्ष दिन भरी निरन्तर शिवोपासना गरेको फल शिवरात्रीको दिन लिङ्गपूजा गर्नाले प्राप्त हुने वर्णन छ (शिवपुराण, २०७२, पृ. ४०)। शिवरात्रीको दिन रात्रीमा जाग्राम बसेर दिन र रातको प्रहर प्रहरमा शिवलिङ्गमा विल्वपत्र अर्पण गरी गरिने उपासना महिमा अत्यधिक रहेको स्कन्दपुराण, लिङ्गपुराण आदिमा गरिएको छ। ब्रह्मा र विष्णुबिच विवाद हुँदा शिव ज्योर्तिमय स्तम्भका रूपमा ती दुवैका अघि उत्पन्न भएको दिन मार्ग शीर्ष आद्रा नक्षत्रले युक्त पूर्णिमा या प्रतिपदाका दिन थियो। त्यसैले मार्गशीर्ष महिनामा आर्द्रा नक्षत्र परेको दिन पार्वती सहित उनको दर्शन गर्नाको महिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त रहेको उक्त दिन लिङ्गको पूजा गर्नाले त्यसको फल अपार रहेको वर्णन छ। त्यस्तै कार्त्तिक महिनाको रात्रीमा श्रद्धापूर्वक शिवलिङ्गको निम्ति बलिने बत्तीको स्कन्दपुराणमा अत्यन्त महिमा गाइएको छ। यही पौराणिक महिमाका कारण नेपालको पाशुपतिनाथ मन्दिरमा कात्तिक महिनामा साँझ भगवान् शिवको नाममा बत्ती बाल्नका निम्ति कयौँ गुठी स्थापना भएका छन्। जुन परम्परा अनुसार हाल पनि उक्त मासभर दीप प्रज्वलन कार्य हुँदै आएको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा लिङ्गोपासना र चौसट्ठी स्वयम्भुव लिङ्गहरू

नेपालमा लिङ्ग उपासनाको परम्परा अत्यन्त प्राचीन मानिन्छ। ज्योर्तिलिङ्गका रूपमा उत्पत्ति भएका भगवान् पशुपतिनाथ, यहाँका अनेकौं स्वयम्भूव लिङ्ग तथा प्राचीन मानुष लिङ्गको अवस्थितिले नेपालमा लिङ्गको उपासना अनादीकालदेखि हुँदै आएको देखिन्छ।

भगवान् पशुपतिनाथ ज्योर्तिलिङ्गको रूपमा उत्पत्ति भएको वर्णन हिमवत्खण्डपुराण, शिवपुराण, लिङ्गपुराणमा, पशुपतिपुराण, नेपाल महात्म्य आदिमा गरिएका छन्। नेपालको पवित्र श्लेषमान्तक वनमा भगवान् शिव ज्योर्तिलिङ्गको रूपमा उत्पन्न भई देवीदेवताद्वारा घेरिएका रहेका छन्। अनादीकालमा ब्रह्मा र विष्णुबिच को ठूलो भन्ने कुरामा विवाद परि रहँदा भगवान् शिव ज्योर्तिलिङ्गको रूपमा प्रकट भए। उक्त ज्योर्तिलिङ्ग घट्ने, बढ्ने रहित तथा आदि, मध्य र अन्त्य रहित थियो। शिवले ब्रह्मा र विष्णुलाई उक्त लिङ्गको टुप्पो र फेद पत्ता लगाउन अह्राए। ब्रह्माजीले लिङ्गको टुप्पो पत्ता लगाउन नसकेपछि कामधेनु गाई, केतकी र जवापुष्प फूललाई फकाई आफूले टुप्पो भेटेको साक्षी बनाइ दाबी गरे। पाताल लोक पुगेका विष्णुलाई शेषनागले महेश्वरको लिङ्ग रूप व्यापक भएकोले यसको फेद जान्न नसकिने बताएपछि विष्णु उक्त लोकबाट फर्किए। ब्रह्माले आफू टुप्पोमा पुगेको साक्षीसहित झुटो बयान दिएकाले उनी अपूज्य हुने श्राप पाए। साथै कामधेनुको मुख अपवित्र र केतकी, जवापुष्प फूल भगवान् शिवलाई कहिल्यै नचढ्ने भयो। यसरी भगवान् पशुपतिनाथको उत्पत्ति भएको वर्णन हिमवतखण्डपुराणमा गरिएको छ (योगी, २०१३, पृ. १७१-१७५)। ब्रह्मा र विष्णु दुवैले उक्त लिङ्गको भक्तिपूर्वक अर्चना र वन्दना गरे। यसै प्रसङ्गमा शिवपुराणको कोटिरुद्रसंहितामा स्वयं शिवले सो ज्योर्तिलिङ्ग सूक्ष्म रूपले रही उक्त लिङ्गको देवताहरूले पूजाआजा गरेको बताइएको छ। साथै उक्त ज्योर्तिलिङ्ग *'नयपालाख्यपुर्यां तु प्रसिद्धयां महीतले'* अर्थात् नेपालमा पशुपतिका रूपमा प्रसिद्ध भएको कुरा उल्लेख छ (शिवपुराण, ११।१७)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी पुराणहरूले भगवान् पशुपतिनाथ ज्योर्तिलिङ्गको रूपमा आविर्भाव भएको वर्णन गरेका छन्। तर हजाराँ वर्षपश्चात् सो ज्योर्तिलिङ्ग अवस्थित क्षेत्र म्लेच्छहरूले ढाकिन गई उक्त लिङ्ग नदेखिने गरी अलप हुन जाँदा तथा म्लेच्छ नाश भई जङ्गलले ढाकिन जाँदा शिव पशुका रूपमा श्लेषमान्तक वनमा क्रीडा गरिरहँदा उनलाई मनुष्यहरूले पशुपति भनेर पूजा गरेको कुरा हिमवत्खण्डपुराणको अध्याय ७६ मा उल्लेख छ। पशुपतिपुराणमा भने चाँपको रूखको छायामुनि सुशोभित भगवान् शिवको चार शिरयुक्त (चर्तुमूर्ति) लिङ्गको किराँती प्रजाहरूले बहुतै श्रद्धासाथ पूजा गरेको वर्णन छ (रिसाल, २०२९, पृ. १२५)। कालान्तरमा कामधेनु गाई यहाँ आई उक्त ज्योर्तिलिङ्ग धसिएको स्थानमा दूध चढाउन थालेपछि त्यसलाई खनेर हेर्दा ढाकिएको ज्योर्तिलिङ्ग उत्पन्न भयो। सो खन्ने मानिस भष्म भए। उक्त घटनाबारे थाहा पाइ ब्रह्माले विष्णुलाई बोलाई उक्त स्थानमा पाषाणको शिवलिङ्ग बनाएर सो ज्योर्तिलिङ्ग छोपिदिएको तथा ब्रह्माले थापेको शिवलिङ्गमाथि विष्णुले पनि इन्द्रनील पत्थरको महालिङ्ग थापिदिए। पशुपतिनाथमा सबै भन्दा तलतिर अदृश्य ज्योतिको पुञ्ज रहेको र त्यसभन्दा माथि शिवलिङ्ग ब्रह्मा र विष्णुले स्थापना गरेको कथा हिमवत्खण्डपुराणमा वर्णन छ (योगी, २०१३, पृ. १७६-१७९)। यसरी ज्योतिरूप श्री पशुपतिनाथ माथि ब्रह्मा र विष्णुले पञ्चवक्र पशुपतिनाथको स्थापना गरेकाले नै *'पशुपतिर्महालिङ्गं ब्रह्माविष्णुशिवात्मकम्'* अर्थात् भगवान् पशुपतिनाथको महालिङ्गलाई ब्रह्माविष्णुशिवात्मक भनिन्छ। भाषा वंशावलीले भने पशुपतिनाथमा मानुष लिङ्गको स्थापना लिच्छविकालमा गरिएको सङ्केत गर्दछ। उक्त वंशावली अनुसार लिच्छविकालीन राजा निमिष्टंकारले धर्मज्ञ, वेदको भेद जानेका उत्तम ब्राह्मणको परीक्षा गरी उनको सल्लाहबाट पशुपतिनाथमा चर्तुव्युह (चतुर्मुखी) मूर्ति निर्माण गरी अघिका मूर्ति माथि सुप्रतिष्ठा गरेको उल्लेख छ (पौडेल, २०२०, पृ. ५२)। यसरी पुराण तथा वंशावलीको आधारमा ज्योर्तिलिङ्गको रूपमा उत्पन्न भगवान् पशुपतिनाथमा ब्रह्मा, विष्णु लगायत अन्यले लिङ्गको स्थापना गर्दै अनादीकालदेखि निरन्तर उपासना गरिँदै आएको बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरातात्त्विक प्रमाणका आधारमा पशुपतिनाथ मन्दिरमा स्थापना भई उपासना गरिँदै आएको प्राचीन शिवलिङ्गको ऐतिहासिकताको खोजी गर्दा भने त्यति स्पष्ट प्रमाण पाइँदैन। गोपालराज वंशावलीमा पूर्वमध्यकालमा पशुपतिनाथमा भएको समसुद्धिनको आक्रमणका कारण प्राचीन शिवलिङ्ग नष्ट भएपश्चात् राजा जयस्थिति मल्लको पालामा उनका मन्त्री जयसिंहराम वर्धनले हालको शिवलिङ्ग स्थापना गरेको वर्णन छ (वज्राचार्य र मल्ल, १९८५, पृ. ११०)। पशुपतिनाथ मन्दिर परिसर बाहिर महास्नान घरको पूर्वमा अवस्थित जयसिंहराम वर्धनको अभिलेखमा उनले पशुपतिनाथमा (मुख) लिङ्ग स्थापना गरेको वर्णन कुँदाएका छन्। जयसिंहराम वर्धनद्वारा पशुपतिनाथमा नयाँ लिङ्ग स्थापना गरेपश्चात् हाल शंकराचार्य मठमा राखिएको प्रतापेश्वर भनिने शिवलिङ्ग नै पहिले पशुपतिनाथमा उपासना गरिएको शिवलिङ्ग रहेको मानिन्छ। गोपालराज वंशावलीमा समसुद्धिनको आक्रमणमा पशुपतिनाथको शिवलिङ्ग तीन टुक्रा पारिएको वर्णन छ। तर वंशावलीमा वर्णन गरिए अनुरूप हाल शंकराचार्य मठमा राखिएको शिवलिङ्ग खण्डित नभई सग्लो वा राम्रो अवस्थामा देखिन्छ। उक्त शिवलिङ्गको ईशान भागमा थोरै लेप उप्किएको बाहेक यसमा कुनै भौतिक क्षति देखिँदैन। यसो हुँदा सोही शिवलिङ्ग नै पशुपतिनाथमा प्राचीन कालदेखि पूजिँदै आएको शिवलिङ्ग हो भन्ने आधार भेटिँदैन। अर्कोतर्फ यसै शिवलिङ्गलाई पशुपतिनाथको प्राचीन शिवलिङ्ग मान्ने हो भने पनि यसको बनावट शैली, चारैतर्फ अङ्कित मुखाकृतिको कला, गलामा अङ्कित एकसरो रुद्राक्षको माला, अग्लो रुद्र भाग, बेसर शैलीको फैलिएको जलहरी आदिका आधारमा उक्त शिवलिङ्ग प्राचीनकालको नभई इस्वीको सातौँ/आठौँ शताब्दीताका निर्माण भएको देखिन्छ। यस आधारमा सो भन्दा अघि भगवान् पशुपतिनाथको उपासना के कस्तो लिङ्गमा हुँदै आएको थियो भन्ने कुरा अझै रहस्यमय छ।

पुराण तथा वंशावलीले नेपालमा ज्योर्तिलिङ्गको उपासना अनादीकालदेखि हुँदै आएको वर्णन गर्दछन्। सम्भवत यसै कारण मानवद्वारा निर्मित मानुष लिङ्ग यहाँ प्राचीनकालका अत्यन्त न्यून संख्यामा छन्। ईस्वीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं शताब्दीदेखि भने मानुष लिङ्गको स्थापना गरी उपासना गर्ने परम्परा अत्यन्त व्यापक हुँदै गएको देखिन्छ। समस्त विश्वले लिङ्ग र योनिलाई सृष्टिको प्रतीक, उत्पादन शक्ति, उर्वरा शक्ति, जन्तर आदिका रूपमा मानी ती प्रति श्रद्धा व्यक्त गरी रहँदा प्रकृतिमा रहेका हरेक तत्त्वलाई देवत्वको प्रतीक मानी उपासना गर्ने हाम्रो समाजले अवश्य पनि लिङ्ग र योनिको उपासना गरे, यसमा सन्देह छैन। साक्षात् शिव ज्योर्तिलिङ्गको रूपमा प्रकट भई शिलामा निवास गरेको विश्वास अनुरूप यहाँ लिङ्गरूपी प्रत्येक प्राकृतिक शिलालाई स्वयम्भूव शिवलिङ्ग वा शिवको निराकारस्वरूप मानी उपासना गरिएको पाइन्छ। पौराणिक ग्रन्थहरूमा स्वयं शिवद्वारा उनको साकार स्वरूपको दाँजोमा निराकार लिङ्गस्वरूपको महिमा बढी रहेको वर्णन, देवीदेवता वा भक्तको स्तुतिको सामुन्ने शिव प्रसन्न भई ज्योर्तिलिङ्गको रूपमा तत्कालै प्रकट हुने वर्णनले स्वयम्भूव लिङ्गको उपासनाको परम्परालाई अझ बढी प्रोत्साहित गरेको देखिन्छ।

नेपालमा कयौं संख्यामा स्वयम्भुव लिङ्ग छन्। त्रिदेव वा हिन्दू अन्य देवीदेवतामध्ये शिवको निराकार स्वरूप मानिएको उर्ध्वरेत पुरुष जनेन्द्रियको प्रतीक प्रस्तर शिला नै स्वयम्भुव लिङ्ग हुन्। यस्ता लिङ्ग साना, विशाल ठूला, अग्ला, होचा, गोला आदि जुनसुकै स्वरूप वा आकारका हुन् ती लिङ्ग आकारका छन् भने तिनलाई स्वयम्भूव लिङ्ग मानिएका छन्। प्राकृतिक शिला हुँदा यिनमा जलहरी हुँदैनन् साथै ब्रह्मसूत्रको अभाव रहन्छ। लिङ्गका अनेकौं भेद : स्वयम्भुव लिङ्ग, दैविक लिङ्ग, गणप लिङ्ग, आर्ष लिङ्ग, वाण लिङ्ग, मानुष आदि लिङ्गमध्ये स्वयम्भुव लिङ्गलाई शास्त्रमा उत्तमोत्तम मानिएको छ। नेपालमा रहेका चौसट्ठी शिवलिङ्ग तथा अन्य स्वयम्भुव लिङ्गहरूको बारेमा हिमवत्खण्डपुराणमा विस्तृत वर्णन गरिएको पाइन्छ।

हिमवत्खण्डपुराण अठार पुराणमध्ये स्कन्दपुराणको मेरुखण्ड अन्तर्गतको महत्त्वपूर्ण खण्ड हो। उक्त पुराणमा हिमालयको पौराणिक इतिहास, भूगोल, नदी, सरोवर, कुण्ड, प्राचीन देव स्थल, तिनको माहात्म्य तथा ऐतिहासिक तथ्यहरूको वर्णन गरिएको छ (योगी, २०१३,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृ. १३)। ऋषि अगस्त्यले स्कन्द कुमारसँग नेपालमा विद्यमान स्वयम्भूव लिङ्गहरूबारे जाने इच्छा राख्दा स्कन्दले नेपालका विभिन्न तीर्थस्थलमा अवस्थित चौसट्ठी लिङ्ग साथै तिनको महिमा अगत्स्यलाई बताएका थिए। त्यस्तै पूर्वजन्मको संस्कारका कारण विरूपाक्षको आचार भ्रष्ट भई तिनले पाप कर्म गर्दा कुष्ठादी रोगले पीडित भई भौंतारिदैं नेपालको कुलपीठ नामक पर्वतमा लीलावती (रोसी) र कौशिकी (तामाकोशी) को सङ्गममा आइपुग्दा उनको भेट नेमुनिसँग भयो। उनले ने मुनिलाई आफ्नो वृत्तान्त बताई त्यसबाट मुक्तिको उपाय सोधे। ने मुनिले विरूपाक्षलाई सर्वप्रथम रोसी र तामाकोशी नदीको सङ्गम दुर्गा तीर्थमा स्नान गराई, सोही तीर्थ समिप अवस्थित कुशेश्वर शिवलिङ्गको उपासना गराउनुका साथै तिनको महात्म्य सुनाए। यसै गरी अन्य तीर्थ यात्राको क्रममा विरूपाक्षले प्रत्येक तीर्थको उत्पत्ति तथा शिवलिङ्गको उत्पत्ति र महात्म्य सुन्ने जिज्ञासा राखे। ने मुनिले विरूपाक्षलाई कुशेश्वर शिवलिङ्गलगायत चौसट्ठी स्वयम्भूव शिवलिङ्गहरूको तीर्थयात्रा, तीर्थस्नान गराइ, प्रत्येक शिवलिङ्गको उपासना गराइ, ती तीर्थको उत्पत्तिको, ज्योर्तिलिङ्गको उत्पत्ति तथा तिनको महात्म्य सुनाए। अन्त्यमा ने मुनिले विरूपाक्षलाई भगवान् पशुपतिनाथ र साँखु वज्रयोगिनीको दर्शन समेत गराए। उक्त सम्पूर्ण प्रसङ्गको वर्णन हिमवत्खण्डपुराणमा विस्तृत रूपमा गरिएको छ। यसरी यस पुराणमा गरिएको वर्णनको आधारमा नेपालमा अवस्थित चौसट्ठी ज्योर्तिलिङ्गहरूको संक्षिप्त विवरण, वर्तमान समयमा ती शिवलिङ्ग अवस्थित स्थान तथा लिङ्गको भौतिक अवस्था बारेमा यहाँ चर्चा गरिएको छ।

१. कुशेश्वर शिवलिङ्ग : आदिलिङ्ग कुशेश्वर सिन्धुली जिल्ला, दुम्जाको रोसी तथा तामाकोशी नदीको दोभान दुर्गा तीर्थमा पर्दछ। पर्वतादि सृष्टिको ज्ञान प्राप्त गर्न ब्रह्माजीले ध्यान गर्दा शिवजी आदिलिङ्गका रूपमा प्रकट भई ब्रह्मालाई वरदान दिएकाले ब्रह्माले आदिलिङ्ग नामाकरण गरी उपासना गरेका थिए। *'आदिलिङ्ग स्थितो यत्र कौशिक्याश्च तटोत्तमे। कुशेश्वर इति ख्यातस्तन्नैपालो विराजते'* (हिमवत्खण्डपुराण, ७०।१४) अर्थात् कौशिकी तट नजिक रहेको यस आदिलिङ्ग कुशेश्वर लिङ्गको नामले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रख्यात रहेको बताइएको छ। दुर्गा तीर्थमा स्नान गरी उक्त लिङ्गको देवता, दानव, इन्द्र, सिद्धर्षि, पिचाश, सर्पहरूले उपासना गरेका थिए। कुनै भ्रष्टनाम गरेका भक्तिहीन ब्राह्मणले दुर्गातीर्थको दर्शन र चोरी गर्ने नियतले यस शिवलिङ्ग छुँदा र यस तीर्थको जल पिउँदा कैलाश गमन गरेका थिए। *'लिङ्ग प्रदर्शनात्सर्वो भुक्तिमुक्तिस्पृहां लभेत्'* (हिमवत्खण्डपुराण, अ. ८९।५१) अर्थात् उक्त तीर्थको स्नान गरी कुशेश्वर लिङ्गको स्पर्श, दर्शन गरेमा भुक्ति मुक्ति प्राप्त हुने वर्णन हिमवत्खण्डपुराणमा गरिएको छ। आदिलिङ्ग कुशेश्वरलाई आदीश्वर पनि भन्ने गरिन्छ (हिमवत्खण्डपराण, २०१३, पृ. २०५–२०७)। कुशेश्वर शिवलिङ्ग स्वयम्भूव लिङ्ग भनिए पनि हाल **मानुष लिङ्गका** रूपमा बेसर शैलीको तामाले मोरिएको ठूलो जलहरीसहित रहेको छ।

२. भीमेश्वर शिवलिङ्ग : भीमेश्वर शिवलिङ्ग दोलखा जिल्लाको ताम्रचुड पर्वतमा तामाकोशी र सुनकोशीको बिच देवतीर्थ नजिक पर्दछ। शुम्भासुरको डरले देवताहरू देवतीर्थमा आई तपस्या गर्दा ज्योर्तिलिङ्गबाट भीमरूपको शिव उत्पन्न भई देवताहरूलाई दुर्गाको स्तुति गर्न निर्देशन गरे। शिवको तेस्रो नेत्रको ज्योतिबाट दैत्य भस्म भएपश्चात् देवताहरू समेत भयभीत भई भीमेश्वरको उपासना गर्दा दुर्गाद्वारा शुम्भको नाश गरिने वरदान दिई शिव सोही ज्योर्तिलिङ्गमा अन्तर्ध्यान भएका कारण उक्त लिङ्गको नाम भीमेश्वर नाम रहन गयो। त्यस्तै रुद्र शर्मा ब्राह्मणले पिताका श्राद्ध सकेपछि बारम्बार धेरै भोजन गरेको दोषले उनी बँदेल भई जन्मिए। शिकारीले वाँण हान्दा उनी घाइते भई ज्यान जोगाउन भाग्दा यस देवतीर्थमा पुगी त्यहाँको पानी खाई प्राण त्याग गरे तर तीर्थको प्रभावले पुन ब्राह्मण कुलमा जन्मिए। उनको शिवभक्ति र भीमेश्वरको दर्शनले उनी शिवको दृढ भक्त हुन गए (हिमवत्खण्डपुराण, अ. ९०।२०७–२०९)। महाभारतकालीन भीमसेन यसै स्थानमा आई उनले सो लिङ्गको उपासना गरेको हुँदा *'भीमेश्वरो हि यत्रास्ते भीमसेनै सदार्चित'* (हिमवत्खण्डपुराण, ७०, १५) अर्थात् उक्त लिङ्गलाई भीमसेनको प्रतीक मानी भीमेश्वर महादेव भनेर पूजिएको बताइएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २०७–२०९)। भीमेश्वर शिवलिङ्ग **स्वयम्भूव**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्ग वा प्राकृतिक सिला स्वरूपमा रहेको छ। भीमेश्वर महादेवलाई पसिना आएमा देशमा अनिष्ट हुने विश्वास रहेको छ।

३. काफीश्वर शिवलिङ्ग : काफीश्वर शिवलिङ्ग सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे भोटेकोशी र सुनकोशीको सङ्गम स्वर्णतीर्थमा अवस्थित छ। कफ रोगले ग्रसित नित्य कर्म नगर्ने पापी कफी ब्राह्मणका पुत्र धर्मात्मा काफीले लिङ्ग दर्शन तीर्थ गर्ने क्रममा स्वर्णतीर्थमा पुगेर तीर्थ स्नान गरी शिवको तप गर्दा भगवान् शिव ज्योर्तिलिङ्गका रूपमा प्रकट भए। *'तपस्विन्निह मां पश्य त्वं दिव्यविग्रहो भव'* (हिमवत्खण्डपुराण, अ. ९१।२०) अर्थात् शिवले काफीको रूप उनको जस्तै दिव्य हुने तथा उनी शिवसँगै उनको लोकमा बस्न पाउने वरदान दिई ज्योर्तिलिङ्गमा प्रवेश गरे। जसका कारण उक्त लिङ्ग काफीश्वर नामले प्रसिद्ध भयो। त्यस्तै कुनै नारी दोषका कारण कुरूपा रही सुवर्ण तीर्थमा डुब्न पुग्दा उनको पाप नाश भई कैलाश प्राप्त गरेको वर्णन यस पुराणमा गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २०९-२११)। काफीश्वर शिवलिङ्ग **मानुष लिङ्ग** स्वरूपमा रही नागको आकृतिले बेरिएको फराकिलो बेसर शैलीको जलहरीसहित छ।

४. कश्यपेश्वर शिवलिङ्ग : कश्यपेश्वर शिवलिङ्ग काभ्रेपलाञ्चोक जिल्लाको महादेवस्थान मण्डनको कुकुदपर्वत कश्यप तीर्थमा पर्दछ। समस्त प्राणीको सृष्टि गर्ने इच्छाले कश्यप ऋषि उक्त स्थानमा आई तप गर्दा एक वर्षपछि शिवलिङ्ग उत्पन्न भई उनलाई वर दिएकाले कश्यपेश्वर लिङ्ग नाम रहन गयो। कुनै नपुंसक म्लेच्छ आई कश्यप ऋषिको सल्लाह अनुसार कश्यपेश्वरको उपासना गरी पुरुषत्वको चाहना गर्दा उसको मनोरथ पूर्ण भयो। तीर्थ स्नान र सो लिङ्गोपासना गरेकै कारण उसले कैलाश प्राप्त गरेको वर्णन छ। यस पुराणमा *'कश्यपेशो हि यत्रासौ विराजते हि संतत। महाह्रदान्तरे विप्र ऋषिभिः सेवितोऽनिशम्'* (हिमवत्खण्डपुराण, ७०।१८) अर्थात् कश्यप ऋषिले तप गरी लिङ्ग उत्पति भएको स्थान ठूलो ह्रद वा दहअर्न्तगत रहेको कुरा अध्याय ९२ मा बताइएको छ (हिमवत्खण्डपराण, २०१३, पृ. २११-२१३)। तर हाल कुनै दह नरहेको तथा कश्यपेश्वर शिवलिङ्ग **मानुष लिङ्ग** रहेको कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमवत्खण्डपुराणमा वर्णित प्राचीन लिङ्ग लुप्त हुन जाँदा स्वयम्भुव लिङ्गको विकल्प स्थापना गरिएको अनुमान गर्न सकिन्छ।

५. स्फटिकेश्वर शिवलिङ्ग : स्फटिकेश्वर शिवलिङ्ग सिन्धुपाल्चोक जिल्लाको फटकसिला काकन्द पर्वत मुनी चन्द्रकान्ति र हिमश्रवा नदीको सङ्गम (इन्द्रावती) कान्तितीर्थ नजिक रहेको छ। ब्रह्माले उक्त तीर्थमा स्नान गरी ठूलो सिलालाई लिङ्गमानी पञ्चोपचारले पूजा गर्दा ब्रह्मलोक गए। कान्ति क्षीण भएका चन्द्रमाले सो लिङ्गको उपासना गर्दा शिव स्फटिकेश्वर लिङ्गको रूपमा उत्पन्न भई *'अद्यादि निर्मलं देहं तवं सोम भविष्यति। ज्योत्सानाभिश्चैव संयुक्ता सर्व्वोपरि महाछविः'* (हिमवत्खण्डपुराण, अ. ९३।१९) अर्थात् चन्द्रमाको शरीर कान्तियुक्त हुने र तिनी प्रकाशयुक्त निर्मल हुने वरदान दिए। यसै लिङ्गको उपासना गर्दा देवताहरू रोगमुक्त भएका थिए। त्यस्तै धर्मदास नामक ब्राह्मणले तीर्थ स्नान गरी स्फटिकेश्वर शिवलिङ्गको उपासना गर्दा कामधेनु गाई सो स्थानबाट आकाश मार्ग गएको देखेकाले सो लिङ्गलाई गोपदेश्वर पनि भनिएको तथा ती ब्राह्मणले कैलाश प्राप्त गरेको वर्णन पाइन्छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २१३-२१४)। स्फटिकेश्वर लिङ्ग **स्वयम्भुव** लिङ्ग स्वरूपमा रहेको छ।

६. चण्डेश्वर शिवलिङ्ग : चण्डेश्वर शिवलिङ्ग काभ्रेपलाञ्चोक जिल्लाको बनेपा चण्डेश्वरीमा अवस्थित छ। स्कन्द पर्वतबाट बगेकी रूपवती र रुद्रावती नदीको सङ्गम नजिक उग्रतीर्थ छ। च्यवन नामक ब्राह्मणले उग्रतीर्थमा स्नान गरी सो स्थानमा बाह्र वर्षमा कठोर तप गर्दा ज्योर्तिलिङ्गका साथ रुद्र उत्पन्न भई तिनलाई मुक्ति प्रदान गरे। उक्त कुरा अन्धक राक्षसका पुत्र चण्डासुरले थाहा पाई सो शिवलिङ्गको उपासना गरी तप गर्दा *'त्रिलोकानां प्रभुत्वं मे सर्वोन्नतपराक्रमं। देवासुरैस्तथाचान्यैरवध्यत्वं प्रदीयताम्। चण्डेश्वर इति ख्यातः कृतार्थतां ततो हि मे'* (हिमवत्खण्डपुराण, अ. ९४।२९।३१) अर्थात् शिवबाट त्रिलोकमै प्रभुत्वशाली भई देवदानव कसैबाट पनि पराजित नहुने तथा उक्त लिङ्ग चण्डेश्वर नामले प्रसिद्ध हुने वर पाए। वरदान पाई घमण्डी भएको चण्डासुरले चण्डेश्वरको पूजा गरी भगवान् शिवसँगै युद्ध गर्न लाग्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको वरदानका कारण उसको हार नहुने नदेखिए पछि शिवदूतले शिवलाई अन्तर्ध्यान हुन भनी शिवलिङ्गलाई लुकाई दिए। चण्डासुरले भगवान् शिवलाई युद्धमा आवाहन गर्न लागेपश्चात् कुण्डको प्वालबाट चण्डेश्वरी प्रकट भई चण्डासुरको वध गरेकी थिइन् (हिमवत्खण्डपुराण, २०१३, पृ. २१४–२१६)। यसरी *'चण्डेश्वरो महोग्रास्यश्चण्डिकायाः समस्थितः'* (हिमवत्खण्डपुराण, ७०।२०) अर्थात् चण्डेश्वर शिवलिङ्ग चण्डेश्वरी देवी नजिकै अवस्थित छ। चण्डेश्वर शिवलिङ्ग **मानुष लिङ्ग** रूपमा बेसर शैलीको ठूलो जलहरीसहित रहेको छ।

७. धनेश्वर शिवलिङ्ग : धनेश्वर शिवलिङ्ग चण्डेश्वरको दर्शन गर्ने क्रममा तीर्थ स्नान गरिने बनेपाको उग्रतीर्थदेखि नैऋत्य कोण रौद्र पर्वतमा अवस्थित छ। भृगु ऋषिले उक्त स्थानमा बसी सय वर्ष तप गर्दा भगवान् शिवलिङ्ग स्वरूपमा प्रकट भई उनीबाट चिरञ्जीवि र श्रेष्ठ हुने वर पाएका थिए। पूर्वजन्ममा दान प्रति विश्वास नभएको शिवदास नामक वैश्य उक्त जन्ममा दरिद्र हुँदा सबैबाट तिरस्कृत भई सो स्थानमा आइपुग्दा ऋतु नामक व्यक्तिको सल्लाह अनुसार सोही शिवलिङ्गको बाह्र वर्ष आराधना गर्दा शिवले उनलाई धनवान हुने तथा उनको अनुचर भई रहन पाउने वर दिए। शिवदासले शिवसँग *'धनेश्वर इति ख्यातो भवत्विति भवान्पुनः। एतलिङ्गं सह याचेऽहं त्वामेतश्च वरं विभो'* (हिमवत्खण्डपुराण, अ. ९५।२२) अर्थात् सो शिवलिङ्गमा शिव धनेश्वर नामले रहन अनुरोध गर्दा शिवले स्वीकार गरी सोही लिङ्गमा अन्तर्ध्यान भएको उल्लेख छ। धनेश्वर शिवलिङ्गको पूजा गर्नाले मानिसको दुःख, दारिद्र्य नाश भई धनवान् भई कैलाश वास हुने बताइएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २१६–२१७)। धनेश्वर शिवलिङ्गको लिङ्ग स्वयम्भूव शिलाका रूपमा रही चाँदीले मोरिएको बेसर शैलीको फराकिलो जलहरीसहित अर्थात् **अर्धस्वयम्भूव** (प्रपन्नाचार्य, २०६८, पृ. १९) स्वरुमा रहेको छ। धान्यपूर्णिमाका दिन शिवलिङ्गमा रहेको खोपिल्टामा धान भरेर अर्चना गरेमा धन धान्यले सम्पन्न हुने लोकविश्वास रहको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. विकटेश्वर शिवलिङ्ग : विकटेश्वर शिवलिङ्ग काभ्रेपलाञ्चोक जिल्लाको साँगामा अवस्थित छ। विकट नामक म्लेच्छ शिकार खेल्न बनमा जाँदा प्यास लागी पुष्पवतीर्थमा पुगेर पानी पिउँदा एक्कासि मन बद्लिएर निन्दित कर्म छोडी भगवान् शिवको आराधना गर्ने निश्चय गरे। तिनले पुष्पवतीर्थमा नुहाई द्रोण पर्वतको बिचमा बसी बाह्र वर्षसम्म शिवको ध्यान गर्दा शिव ज्योर्तिलिङ्गका रूपमा प्रकट भई *'एतलिङ्गं च ते नाम्ना ख्यातिं यास्यति सन्ततम्। विकटेश्वर इत्येवं लोकोऽद्यतो वदिष्यति'* (हिमवत्खण्डपुराण, अ. ९६।२२) अर्थात् उक्त लिङ्ग विकटेश्वरको नामले प्रसिद्ध हुने वरदान पाए। ती म्लेच्छलाई शिवगणले सिद्धेश्वर अवस्थित हिमालयमा लगे। भक्तिपूर्वक विकटेश्वरको उपासना गरेमा हिंसाजन्य पापबाट मुक्ति मिल्ने कुराको यस पुराणमा वर्णन छ (हिमवत्खण्डपराण, २०१३, पृ. २१७-२१८)। विकटेश्वर शिवलिङ्गमा **स्वयम्भूव लिङ्ग** रही तामाले मोरिएको फराकिलो बेसर शैलीको जलहरीसहित अर्थात् **अर्धस्वयम्भूव** स्वरूपमा छ।

९. इन्द्रेश्वर शिवलिङ्ग : इन्द्रेश्वर शिवलिङ्ग काभ्रेपलाञ्चोक जिल्लाको पनौती, कुञ्जपर्वतको फेदी रुद्रावती र लीलावती नदीको सङ्गम तथा शचितीर्थ नजिक अवस्थित छ। गौतम ऋषिकी पत्नी अहिल्याको सौन्दर्यको प्रशंसा सुनेका इन्द्रले उनलाई हेरी मोहित भई काम भोग गर्ने इच्छाले गौतम ऋषिको भेष धारण गरी अहिल्या सामु गई आफ्नो इच्छा पूर्ण गरे। उता नित्य कर्म गर्न निस्केका गौतमले तिल लान बिर्सेका कारण कुटीमा फर्कदा इन्द्रलाई आफ्नी पत्नी सामुदेखि *'अवज्ञा मे कृता यस्मात्तस्मात्वं प्रस्तरा भव। त्वं सहस्रभगांकागी तस्माद्भवाद्यतः शठ'* (हिमवत्खण्डपुराण, अ. ९७।२५।२६) अर्थात् अहिल्यालाई प्रस्तर हुने तथा इन्द्रलाई हजार योनि युक्त शरीर हुने श्राप दिए। इन्द्राणीले इन्द्रलाई धिक्कार गर्दै इन्द्रलाई उक्त पापबाट मुक्त गराउन गुरु बृहस्पतिको सल्लाहमा लीलावती र रुद्रावतीको सङ्गममा आई दुवैले स्नान गरी इन्द्राणीले पार्वतीको र इन्द्रले शिवको आराधना गर्दा पार्वती खुसी भई पद्मावती (शची तीर्थ) भई बगिन्। इन्द्रको तपबाट प्रसन्न भई शिव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योर्तिलिङ्गबाट प्रकट भई गौतम ऋषिको वचन खेर नजाने तर शची तीर्थमा स्नान गरेमा इन्द्रको निधारमा योनिको एक चिह्न रही बाँकी अन्य चिह्न हराउने र उक्त लिङ्गको नाम इन्द्रेश्वर रहने बताए। त्यस्तै श्रुतश्रवा नामक विरक्तले उक्त तीर्थमा स्नान गरी इन्द्रेश्वरको पूजा गर्दा शिवलोक प्राप्त गरे। *'इन्द्राणी च महादेवी शच्या सह प्रमोदते। पञ्चोपचारकैर्मर्त्य एतलिङ्गं प्रपूजति। बहुपापानि संत्यज्य शिवलोकं स गच्छति'* (हिमवत्खण्डपुराण, अ. ९७।६०। ६१) अर्थात् कुनै नारीले स्नान गरी इन्द्राणीको पूजा गरेमा इन्द्राणीसँगै स्वर्गमा बास पाउने तथा इन्द्रेश्वर शिवलिङ्गको पञ्चोपचारले उपासना गरेमा सबै पाप नाश भई शिवलोक प्राप्त हुने उल्लेख छ (हिमवत्खण्डपराण, २०१३, पृ. २१८–२२०)। इन्द्रेश्वर शिवलिङ्ग **मानुष लिङ्ग** रही माथि तल फराकिलो तथा बिचमा साँघुरिएको जलहरीसहित रहेको छ।

१०. भालेश्वर शिवलिङ्ग : भालेश्वर शिवलिङ्ग काभ्रेपलाञ्चोक जिल्लाको निकुञ्ज पर्वतको गन्धर्वतीर्थ नजिक विहावरमा अवस्थित छ। अघि दक्षप्रजापतिका यज्ञमा होमिएकी सतीदेवीको मृत शरीर लिई महादेव पृथ्वी घुम्ने क्रममा *'ततोऽपतञ्च तद्देहाद्भालमत्राद्रिशेखरे। तत्रैव संभवं लिङ्गं तस्माद्भालेश्वरः श्रुतः'* (हिमवत्खण्डपुराण, अ. ९८।७) अर्थात् उक्त पर्वतको टाकुरामा सतीको निधार पतन भयो र त्यही शिवलिङ्ग उत्पन्न भयो। भाल पतन भएको स्थान हुँदा भालेश्वर शिवलिङ्ग हुन गए। इन्द्रका अगाडि नाचिरहेकी रम्भाले सुमुख नामक गन्र्धवलाई ताकेर हेरी रहँदा कामवासनाले लिप्त भई सुमुखले रम्भालाई अङ्कमाल गरे। रम्भाले गन्र्धवलाई मानव भएर वनजङ्गलमा भड्केर हिंड्नु पर्ने श्राप दिइन्। यसै कारण पृथ्वीमा घुम्दै हिंड्दा तिनले निकुञ्ज पर्वत नजिकै बगिरहेकी लीलावती र सुखश्रुवा नदीको (विवर र रोशी) सङ्गममा स्नान गर्दा तिनको शरीर देवतुल्य भयो। गालव ऋषिको सल्लाह अनुसार तिनले भालेश्वर शिवलिङ्गको उपासना गर्दा महादेव प्रकट भई पुनः स्वर्गमा रम्भासँग सुखभोग गरी कैलाशमा शिवको अनुचर भई बस्न पाउने वरदान पाए। भालेश्वर शिवलिङ्गको उपासना गरे भोग र मोक्ष पाइने यस पुराणमा उल्लेख छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २२०–२२१)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भालेश्वर शिवलिङ्गमा स्वयम्भुव लिङ्ग रही तामाले मोरिएको बेसर शैलीको विशाल जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा अवस्थित छ।

११. गुप्तेश्वर शिवलिङ्ग : गुप्तेश्वर शिवलिङ्ग ललितपुर जिल्ला फूलचोकीको भारदेउकुञ्ज पर्वतको शिखर प्रभावती र सिद्धरसा नदीको सङ्गम सिद्धतीर्थ नजिक गुफामा अवस्थित छ। दैत्य शकुनीको पुत्र वृषासुरले शिवको तप गरी जसको शिरमा हात राख्यो त्यो भस्म हुने वर पाए। स्वयं शिवजीको शिरमा हात राख्ने प्रयास गर्दा शिव उक्त पर्वतमा आई गुफा भित्र पसे। उनको शरीरबाट तेज निक्लदा उक्त तेज जलको रूपमा प्रभावती नदी भइन्। शिव सङ्कटमा परेको थाहा पाई विष्णुले मोहिनी रूप धारण गरी दैत्यलाई आफ्नै हात शिर राख्न लगाई भस्म गराएपछि शिव उक्त स्थानमा आफ्नो केही अंश राखी बाहिर निस्किए। देवता, ऋषि, नाग, योगिनीगणले महादेवले सेवा गरेको हुँदा गुप्तेश्वर नाम रहन गयो। कुनै शिवदास नाम गरेको ब्राह्मणले पूर्वजन्ममा विद्या चोरी गरेको कारण उ ब्रह्मराक्षस भई घुम्दा प्रभावती र सिद्धनदीको सङ्गममा आई पानी पिउँदा उसको पूर्व जन्मको स्मृति र वेद ज्ञान पुनः प्राप्त हुन गएका कारण सो तीर्थ सिद्ध तीर्थ भनियो। नजिकै अवस्थित भरद्वाज ऋषिलाई शिवदासले सारा वृतान्त बताउँदा मोक्षका निम्ति आफ्नो उद्धार आफैं गर्नुपर्दछ भन्ने उपदेश पाई तीर्थ स्नान गरी गुप्तेश्वर शिवलिङ्गको उपासना गर्दा उनले कैलाश गमन गरे। *'सिद्धतीर्थे च यः स्नात्वा कुंजशैलं समारुहन्। पूजति स इदं लिङ्गं रुद्रलोकं प्रगच्छति'* (हिमवत्खण्डपुराण, अ. ९९।२६) अर्थात् सिद्ध तीर्थमा स्नान गरी कुञ्जपर्वत चढी शिवलिङ्गको पूजा गर्नाले रुद्रलोक प्राप्त हुने पुराणमा बताइएको छ (हिमवत्खण्डपराण, २०१३, पृ. २२१-२२२)। गुप्तेश्वर शिवलिङ्ग **स्वयम्भुव** सिला स्वरूपमा रहेको छ।

१२. तिलेश्वर शिवलिङ्ग : तिलेश्वर शिवलिङ्ग ललितपुर जिल्लाको लेले मुकुन्द पर्वतको फेदीमा प्रभावती, मनःश्री र सरस्वतीको सङ्गम त्रिवेणी मनःश्रीतीर्थ नजिक अवस्थित छ। अङ्गिरा ऋषिका पुत्र बृहस्पति तीर्थ यात्रा गर्दै उक्त स्थानमा आई मनःश्रीतीर्थमा स्नान गरे। उनले तिलको शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण गरेर सिद्धरसा नदीको जल चढाई उपासना गर्दा सो पत्थरको लिङ्ग हुन गयो। बृहस्पति हर्षित भई दक्षिणामूर्ति ईश्वर र कालस्वरूपा शक्ति साथमा लिएका शिवको ध्यान गर्दा सोही शिवलिङ्गबाट महादेव प्रकट भए। तिनले सरस्वतीलाई आवाहन गरेमा सरस्वती शुक्राचार्यलाई छाडी पानीको रूपमा आउने र बृहस्पतिले त्यति बेला पानी पिएमा उनको कण्ठमा बास बसी उनको वाक्य सिद्ध हुने वर दिए। बृहस्पतिको आवाहन अनुसार सरस्वती त्यहाँ आउन लागेकोदेखि शुक्राचार्यले तिनी स्थिर नभई चञ्चल भएको हुँदा नदी हुने श्राप दिँदा सरस्वतीले पनि शुक्राचार्यलाई पन्यालो हुने श्राप दिएपश्चात् महादेवको अनुग्रहले आफ्नो एक अंश छाडी स्वर्ग गए। बृहस्पतिले सरस्वतीको स्तुति गरी जलरूपी सरस्वती (सरस्वती कुण्ड) लाई पान गर्दा उनी तत्काल शास्त्रका ज्ञाता, असल कवि भई उनले शुक्राचार्यलाई आकाशतिर हेर्दै तिनकै कारणले सरस्वती पातली भएकी हुँदा *'शूक्रो भव त्वमाद्याशु गर्भवासं पुर्नविशन्'* (हिमवत्खण्डपुराण, अ. १००।४४) अर्थात् शुक्राचार्य पनि पातलिएर प्राणीको गर्भमा शुक्रकीट हुने श्राप दिए। पछि शुक्राचार्य महादेवको अङ्गबाट फेरी जन्मी शुक्र नामले दैत्यहरूबाट पूजित भए। बृहस्पतिले पुनः स्नान गरी तिलेश्वरको प्रार्थना गर्दा शिवले सरस्वती एक वर्ष पछि आफ्नो एक अंशले मनःश्री तीर्थमा रहने र विष्णुकी प्यारी हुने बताई उक्त शिवलिङ्ग तिलेश्वर र उक्त तीर्थ मनःश्री नामले प्रख्यात हुने बताए। बृहस्पतिले मनमनै आराधना गरेको हुँदा यो तीर्थ मनोवती तीर्थ भनियो। सरस्वती र मनोवती नदीको सङ्गम हुँदा मनःश्री तीर्थ भनियो। अर्को उलुक नामक म्लेच्छले पूर्व जन्ममा आमा माथि गरेको अपराधका कारण गिद्ध भई फलको खोजीमा उक्त स्थानमा आइ तीर्थस्नान गरेर तिलेश्वर शिवलिङ्गको आराधना गर्दा शिवलोक प्राप्त गरे। तिलेश्वर ज्योर्तिलिङ्गको दर्शन गरेमा सर्वयज्ञको फल, महापापबाट मुक्त र वाक्य सिद्धि हुने वर्णन छ (हिमवत्खण्डपराण, २०१३, पृ. २२२–२२४)। तिलेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग रही बेसर शैलीको ठूलो जलहरी सहित **अर्धस्वयम्भूव** रूपमा छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. चम्पकेश्वर शिवलिङ्ग : चम्पकेश्वर शिवलिङ्ग सरस्वती तीर्थ लेले नदी किनार थापा गाउँमा छ। मनु नामक तपस्वी ब्राह्मण पूर्व जन्मको पापका कारण विद्याहिन थिए। सरस्वती कुण्ड र तिलेश्वरको महिमा गुरु बृहस्पतिबाट सुनेका उनले सो तीर्थको जल पिउँदा पूर्वजन्मको चौसट्ठी कला सहितको विद्या उनलाई प्रबोध भयो। उनले तिलेश्वरको उपासना गर्दा शिव प्रकट भई उनलाई सरस्वती नदी किनारमा गई शिवको आराधना गर्न अह्राए। *'चम्पकैः कुसुमैर्नित्यं धिया पठन्हि तन्मनुम्। वैशाखे पूर्णिमायां च चम्पकपुष्पसंचयात्। एतलिङ्गं समुद्भूतं तत्पूजान्तेऽपरान्हके। वदिष्यन्तीति च मां तस्माल्लोकाश्चम्पेश्वरम्'* अर्थात् शिवको आदेश अनुरूप उनले चाँपको वृक्षमुनि बसी चाँपका फूलले शिवको उपासना गरे। वैशाख पूर्णिमाका दिन चाँपको फूलको थुप्रोबाट अपरान्ह समयमा शिव प्रकट भई चम्पकेश्वर नामले प्रख्यात भए (हिमवत्खण्डपुराण, अ. १०१।१८।२४)। त्यस्तै विशङ्क नामक शिकारीले मृगलाई वाण ताक्दा मृग चम्केश्वरका लिङ्गको आडमा लुक्यो तर शिकारीको वाण लागी उसले शिवको शरणमा प्राण त्याग गऱ्यो। शिकारीले पनि प्रायश्चित्त गरी सरस्वती कुण्डको जलले मार्जन गरी चम्पकेश्वरको उपासना गर्दा दुवैले कैलाशमा बास पाए (हिमवत्खण्डपुराण, २०१३, पृ. २२४–२२६)। पूर्णिमा तिथिमा लेले नदीमा स्नान गरी चाँपको फूल अर्पण गरेर चम्पकेश्वर महादेवको उपासना गरेमा पूर्वजन्मको पापबाट मोक्ष प्राप्ति हुने वर्णन पुराणमा गरिएको छ। चम्पकेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग रही बेसर शैलीको जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा रहेको छ।

१४. रामेश्वर शिवलिङ्ग : ललितपुरको लेले टिका भैरव क्षेत्र प्राचीनकालमा प्रभातीर्थ नामले प्रसिद्ध थियो (प्रपन्नाचार्य, २०६८, पृ. २२७)। *'रामेश्वरः स्थितो यत्र प्रभातीर्थोत्तमोत्तमे'* रामेश्वरलिङ्ग उत्तम प्रभातीर्थमा रहेको उल्लेख हिमवत्खण्डपुराणमा उल्लेख छ (हिमवत्खण्डपराण, अ. ७०।२६)। पछिल्लोकालमा सो स्थान टीका भैरव नामले प्रसिद्ध हुन पुगेको पाइन्छ। रामेश्वर शिवलिङ्ग प्रभावती (नख्खु) र (सरस्वती) लेले खोलाको दोभानमा अवस्थित छ। ऋषि जमदग्नीलाई राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्यले वध गरेपश्चात् विरक्तिएका परशुराम यस तीर्थमा आइ वीरमनले रुद्रको उपासना गरी मन्त्र जप्दा शिवलिङ्ग उत्पन्न भए र ब्रह्म मुहुर्तमा भैरव जस्तो डरलाग्दो रूप लिए। उनले परशुरामलाई *'एवमस्तु च कामं ते यत्ते मनसि विद्यते। करिष्यति ह्यवश्यं त्वं निःक्षत्रियामिमां रसां'* अर्थात् तिम्रो मनको कामना पूर्ण होस्, तिमीले पृथ्वीलाई क्षेत्रिय रहित गर्नेछौ भनी वर दिए (हिमवत्खण्डपुराण, अ. १०२।२७)। भगवान् शिवको वरदान पाई परशुरामले पृथ्वीलाई निःक्षत्रिय पारेका थिए। राजा बलिकी पुत्री सिञ्जी नराम्री हुँदा विवाह हुन सकेन। नारदको मुखबाट प्रभातीर्थ र रामेश्वरको महात्म्य सुनेकी तिनले कामदेवजस्तो पति पाउँ भन्ने भाव राखी यस तीर्थमा आई स्नान र उपासना गर्दा प्रभादेवी जलबाट उत्पन्न भई रामेश्वरको पूजा गरे तेजस्विनी हुने र प्रभावती नामले प्रसिद्ध हुने बताइन्। प्रभादेवीले बताए अनुरूप शिवलिङ्गको उपासना गरेपश्चात् उनी तेजस्विनी भईन् तथा उनलाई प्रद्युम्नले विवाह गरेको वर्णन पाइन्छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २२६-२२८)। रामेश्वर शिवलिङ्गको उपासना गरे यमलोक जान नपर्ने वर्णन छ। रामेश्वर शिवलिङ्ग **स्वयम्भूव** लिङ्गको रूपमा रहेको छ।

१५. कालेश्वर शिवलिङ्ग : कालेश्वर शिवलिङ्ग लेले टंगु गोटीखेल माथि अवस्थित सुकन्द पर्वतमा रहेको छ। विकटस्थलमा रहेको यस शिवलिङ्ग अवस्थित स्थानमा पुग्न अत्यन्त गाह्रो छ। उज्जयन्त नामक पर्वतबाट निस्किएको घर्घरा नदी तथा वैतरण पर्वतबाट निस्किएको वतरणी नदीको सङ्गममा कालतीर्थ रहेको छ। यस क्षेत्रलाई हाल टुङ्गन भन्ने गरिन्छ। हिमवत्खण्डपुराण अनुसार अघि वैतरण तथा घर्घरा नदीको सङ्गम कालतीर्थमा स्नान गरेर सुकन्द पर्वतमा बसी कालले महादेवको उपासना गरे। बाह्र वर्षको अन्त्यमा शिव ज्योर्तिलिङ्गको रूप उत्पन्न भए। शिवले काललाई *'अद्यापि निर्भरं जन्तूनार्भस्थानपि सर्व्वशः कालेनारावितं लिङ्गं कालेश्वरं इति श्रुतः। स्नातं च तेन पूर्व्व हि कालतीर्थस्तत स्मृतः'* (हिमवत्खण्डपराण, अ. १०३।११-१२) अर्थात् गर्भमा रहेका सबै प्राणी तथा चराचर जगत्लाई आफ्नो वशमा राख्न सक्ने वरदान दिए। साथै कालकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामबाट सो शिवलिङ्ग कालेश्वर तथा तिनले स्नान गरेको हुँदा उक्त तीर्थ कालतीर्थ नामले प्रसिद्ध रह्यो। लम्बकर्ण नाक एक म्लेच्छ शिकारी यस स्थानमा आइपुग्दा यमराजले कालतीर्थमा स्नान गरी सूर्यलाई अर्घ्य दिई कालेश्वरको उपासना गरेकोदेखि ती शिकारीले पनि कालतीर्थमा स्नान गरी कालेश्वरको उपासना गर्दा उसका सबै जन्मको पाप नाश भएर ज्ञानी भई कैलासमा बास पायो। कालरात्रीले पनि यहाँ शिवसहित शक्तिलाई ध्यान गरेकी थिइन्। यसैले कालेश्वर तीर्थ देवताहरूका लागि पनि मुस्किल तीर्थ मानिन्छ। यहाँ जानाले स्वर्ग प्राप्त हुने तथा त्यही रहेकी कालरात्री देवीसहित कालेश्वरको उपासना गर्नाले कालको पाशबाट मुक्त भई शिवलोक प्राप्त हुने वर्णन यस पुराणमा गरिएको छ (हिमवत्खण्डपराण, २०१३, पृ. २२८-२२९) कालेश्वर शिवलिङ्ग **मानुष लिङ्ग** रही फराकिलो बेसर शैलीको जलहरीसहित छ। कालतीथबाट माथि सुकन्द पर्वतमा अवस्थित कालेश्वर शिवलिङ्गको दर्शन गर्न जान अत्यन्त विकट रहेको कारण तल वैतरणी नदीको किनारमा पनि कालेश्वरको स्थापना गरिएको छ।

१६. नयरम्भेश्वर शिवलिङ्ग : नटारम्भेश्वर शिवलिङ्ग मकवानपुर जिल्लाको महादेवखर्क त्रिकूट चाल पर्वतमाथि अत्यन्त दुर्गम स्थानमा रहेको छ। अघि यस पर्वतको फेदीमा अवस्थित ब्रह्मतीर्थमा स्नान गरी महादेवको दर्शन गर्ने इच्छाले दैत्यहरूद्वारा सताइएका ब्रह्मा, विष्णु, इन्द्रादि देवता हाहा हूहू, तुम्बरु, गन्धर्व, किन्नरसहित यस पर्वतमा चढी शिखरमा रहेका महादेवको ध्यान गरी खिन्न भई रात भर बसे। ब्रह्मा आई व्याकुल देवताहरूलाई पृथ्वी, जल, तेज, वाय, आकाश रूप साक्षात् शिवजीको सेवा गरे जहाँ यी पञ्चतत्त्व छन् त्यहाँ शिव अवश्य हुनेछन् भनी अह्राए। ब्रह्माले ताल, तुम्बुरुले मादल, विष्णुले मङ्गलपाठ र हाहा हुहुले गीत गाउँदा शिव ज्योर्तिलिङ्ग रूपमा प्रकट भई स्वयं देवताहरूसँगै नाच्न लागे। नटेश्वर शिव देवताहरूको भक्तिदेखि खुसी भई तिनको कार्य सिद्ध हुने वरदान दिए। साथै शिवले '*नर्त्तनेन सकृद्यो मां वाद्यगीतैश्च सेवते। अद्यप्रभृति तं चाहं तारये दुःखसागरात्। युष्माभिः सेविता लोका आरम्भान्मे नटस्य च। एतल्लिङ्गं वदिष्यन्ति नटारम्भः सदेति वै*'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(हिमवत्खण्डपुराण, अ. १०४।२५–२६) अर्थात् जसले बाजा तथा नाचले तिनको सेवा गर्दछ त्यसलाई दुःखको समुन्द्रबाट उद्धार गर्ने बताए। साथै देवताहरूले नाच आरम्भ गरी सेवा गरेको हुँदा उक्त शिवलिङ्ग नटारम्भेश्वर नामले प्रख्यात हुने र ब्रह्मतीर्थमा स्नान गरी यस पर्वतमा चढेर उक्त शिवलिङ्गको स्पर्श गर्नाले ती शिवरूपी हुने बताए। अघि देव शर्मा नामक वेदका ज्ञाता उत्तम ब्राह्मणले जीवनभर धेरै ठूल्ठूला दान लिए। दान लिई त्यसको प्रतिग्रह नगरे दोष लाग्दछ। दान पाएको धनको चार भाग लगाई एक भाग धर्मका लागि, एक भाग देवता, अग्नि, ब्राह्मण, अतिथि, नोकर आदिका निम्ति छुट्याउनु पर्नेमा ती ब्राह्मणले सबै सञ्चित गरे। त्यसैले ती पशुपन्छीको जुनि र फेरि बाँदरको जुनिमा जन्मिए। प्रतिग्रह दोषका कारण भोक, प्यासले दुःख कष्ट भोग्दै उनी भौँतारिदैं हिँड्दा दैवसंयोग ब्रह्मतीर्थमा स्नान गरी त्रिकूट पर्वतमा चढी नटारम्भेश्वर शिवलिङ्गको स्पर्श गर्न पुग्दा उनको पाप मुक्त भई शिवदूत आई उनलाई कैलाश लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २२९–२३०)। नाचगानसहित यी नटारम्भेश्वर शिवलिङ्गको उपासना गरेमा शिव चाडै खुशी हने विश्वास रहेको छ। नटारम्भेश्वर शिवलिङ्ग **स्वयम्भूव** लिङ्ग स्वरूपमा अवस्थित छ।

१७. उद्दालकेश्वर शिवलिङ्ग : उद्दालकेश्वर शिवलिङ्ग फर्पिङ्ग छैमले यासिडोल गाउँ रुद्रकुण्ड तीर्थ नजिक अवस्थित छ। हिमवत्खण्डपुराण अनुसार यस शिवलिङ्गको स्थापना उद्दालक नामक ऋषिले गरेका थिए। अघि कश्यप ऋषिका पुत्र स्थूलोदर (ठलो उदर) नामक बलियो दैत्य थियो, जो सधैं मिठो कुरा अरू कसैलाई नदिई आफू मात्र खाने गर्दथ्यो। त्यसको दोषले ऊ र्निबलियो र दुब्लो भयो। उसले नारदको मुखबाट बयान सुनी गोपालेश्वर जान लाग्दा बाटोमा उद्दालेश्वर लिङ्गदेखि तिनको उपासना गर्दा उ पहिले भन्दा चार गुणा बढी बलियो भयो। उसले भगवान् विष्णु प्रति द्वेष राखी विष्णुसँग युद्ध गर्न लाग्यो। उसले प्रहार गरेको हतियारको प्रतीकार गर्दै भगवान् विष्णुले उसमाथि सुदर्शन चक्र प्रहार गर्दा आफ्नो भक्तलाई संकट परेकोदेखि उद्दालकेश्वरले पाशुपत अस्त्र छोडे, जसले सुदर्शन चक्र निष्फल भयो। यसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् विष्णुको शरीरबाट पसिना छुटी नदी भई बग्यो उनको चक्र फर्केर गयो। शिव उद्दालकेश्वर लिङ्गबाट प्रकट भई स्थूलोदरलाई *'त्वया चिरं यतस्तप्तं भूत्वा चानन्यमानस। अद्यप्रभृति दैत्यानां सुराणां च तथैव हि'* (हिमवत्खण्डपुराण, अ. १०५।३०) अर्थात् यक्ष, नाग, पिशाचहरूका बिच उनी श्रेष्ठ, अमर भई सधैँ शिवको वरपर रहने, फौजका नाइके हुने वर दिए र उनलाई शिवगण आई शिवलोक लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. १३०-१३१)। उद्दालेश्वर शिवलिङ्गमा तलमाथि फराकिलो र बिचमा साँघुरो जलहरीसहितको **मानुष लिङ्ग** रहेको छ।

१८. गोपालेश्वर शिवलिङ्ग : गोपालेश्वर शिवलिङ्ग फर्पिङ्ग शहरको पूर्व दक्षिणकाली गाउँ व्याघ्रतीर्थमा अवस्थित छ। अघि निरपराधी लडाइँमा नआएका दानवहरूलाई मारेका कारण विष्णुलाई पाप लागकेको कारण प्रायश्चित्त गर्न विष्णु गोपदी तथा बाग्मती नदीको संगम कुरुवागाल नजिक गोपालतीर्थमा पुग्दा स्नान गरी चित्राचल टाकुरामा चढ्न लागेकी कामधेनुलाई देखेर विष्णु पनि सोही तीर्थमा स्नान गरी कामधेनुको पछि लागे। विष्णुलाई देखेर आकाशमा गुप्त भएकी कामधेनुलाई उनले कहाँ जान लागेको भनी सोध्दा कामधेनुले आफूलाई विष्णुले पालेमा उनको इच्छा सिद्ध हुने, उनी गोपाल भनि प्रसिद्ध रहने साथै सो स्थानको माटो खनिएमा उनको इच्छा माफिक फल दिने शिवलिङ्ग र आफूहरू दुवै जनाको मूर्ति प्राप्त हुने बताइन्। साथै त्यस स्थानदेखिको पश्चिम विष्णुको स्थान रहने र त्यहाँ बसी उक्त शिवलिङ्गको सेवा गरे सो शिवलिङ्ग गोपालेश्वर नामले प्रसिद्ध हुने बताइन्। कामधेनुले अह्राए बमोजिम विष्णुले माटो खनेर हेर्दा तेजोमय लिङ्गदेखि उनले शिवको अनेक मन्त्र, पञ्चोपचारले पूजा तथा हवन गरे। त्यसपश्चात् *'आवाहयत्तत्तो गंगा स्नापनाय शिवस्य च। त्वमिहागच्छ हे गंग इत्युक्त्वा च तदा हरि। प्रादुर्भूता ततो गंगा यज्ञकुण्डाच्छिवान्तिके। यस्माच्च यज्ञगङ्गेति प्रख्याता भुवि दुर्ल्लभा। भूयोऽपूजत्तदा विष्णुरेतल्लिङ्गं च तज्जलैः'* अर्थात् विष्णुले शिवजीलाई स्नान गराउन गङ्गाको आवाहन गर्दा यज्ञकुण्डबाट महादेवको नजिक गङ्गा प्रकट भइन् जुन यज्ञगङ्गा भनी प्रसिद्ध भइन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा तिनैको जलले विष्णुले शिवको उपासना गरे (हिमवत्खण्डपुराण, अ. १०६। २८।२९)। शिव प्रकट भई विष्णुलाई आफ्नो र उनको नामबाट उक्त शिवलिङ्ग गोपालेश्वर नामले प्रसिद्ध रहने बताउँदै विष्णुलाई पश्चिम दिशामा ऋक्षवान् पर्वतको फेदीमा बस्न अह्राउँदा विष्णु शिखरिणी नदीको छेउमा शिखर नारायण भइ बसे। अघि ब्रह्माजीले पाउ धुँदा आफ्नै पाउबाट निस्किएकी विष्णुपदी नामकी गङ्गा र शिखरिणी नदीको सङ्गम नै विष्णुतीर्थ रह्यो। सो तीर्थमा स्नान गरी गोपालेश्वर शिवलिङ्ग र शिखर नारायणको उपासना गरेमा वैकुण्ठमा बास हुने यहाँ बताइएको छ। त्यस्तै कुनै ब्राह्मणको पूर्वजन्ममा आचारहीन कार्यले गर्दा चोर बनी लुट्दै हिँड्दा शिखरिणी नदी, यज्ञ गंगा र गोपदी नदीको संगम व्याघ्रतीर्थमा आइपुग्यो र पानी पिउनमा कुण्डमा जाँदा उसलाई बाघले झम्टियो र बाघ पनि उफ्रँदा पर्वतको ढुङ्गामा ठोकिई दुवै मरे। तीर्थमा मरेका कारण दुवै असल ब्राह्मण तथा राजा भइ जन्मिए। तर विरक्तिएर हिँड्दा दुवैको पुनः भेट भयो। सोधपुछ गर्दै, घुम्दै दुवै गोपाल तीर्थमा आई स्नान गर्दा पूर्व जन्मको आ–आफ्ना कर्म र जात थाहा पाए। व्यार्घ्र तीर्थमा नुहाउन जाँदा ब्राह्मणले बाघले आफूलाई मारेको घटना सम्झे, बाघले पनि आफूले उनलाई मारेको सम्भेर क्षमा मागे। विरक्त भई दुवैले यज्ञगङ्गाको जल अर्पण गरी गोपालेश्वरको व्रत बसी उपासना गर्दा शिवदूत आई शिवलोक लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २३२–२३४)। गोपालेश्वर शिवलिङ्ग **स्वयम्भूव** लिङ्ग रूपमा अवस्थित छन्।

१९. चम्पेश्वर शिवलिङ्ग : चम्पेश्वर शिवलिङ्ग मकवानपुर जिल्लाको चित्लाङ्ग बिसंखेलमा अवस्थित छ। यहाँ नजिकै ब्रह्मतीर्थ रहेको छ। शोणितपुरी (चित्लाङ्ग, फर्पिङ्ग, थान्कोट) मा वाणासुर राज्य गर्दथ्यो, जो शिवको परमभक्त थियो। उसको सुबाहु गरेको राक्षस (नोकर) ले दिनहुँ राजाका निम्ति फूल खोजेर ल्याइदिन्थ्यो। फूल टिप्ने क्रममा एकदिन सुबाहु चित्लाङ्गको यस स्थानमा पुगेर चाँपको रुखमा चढी फूल टिपेर भाँडामा राखी ओर्लन लाग्दा सबै फूल छचल्किएर रुखको टोड्कोमा पुग्यो। पटक पटक फूल हराई टोड्कोमा पुगेर आफू रित्तो हात फर्किनु परेपछि उसले रिसले रुख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै उखेल्यो। *'वृक्षस्य कोटराधःस्थमेनं मनोहरं परम्। अव्यक्त तेजसा लिङ्गं दीपशिखेव रात्रिके'* अर्थात् उसले उखलेको वक्ष तल राखी हेर्दा टोड्कामा तलपट्टि उत्तम उज्यालो शिवलिङ्ग देख्यो (हिमवत्खण्डपराण, अ. १०७।१६)। उसले लिङ्गको स्पर्श गर्दा शिवदूत आई उसलाई शिवलोक लगे र ऊ शिवको गण भयो। अघि चन्द्रकान्ति नदी र रत्नकान्ति नदीमा ब्रह्माजीले स्नान गरेकाले सो तीर्थ ब्रह्मतीर्थ नामले प्रख्यात रह्यो। कौस्तुभ नाम गरेका ब्राह्मण पूर्वजन्मको कर्मले कुष्ठ रोगी भए साथै साथीकी स्त्रीसँग गमन गरेका कारण लिङ्गमा चोट पुगी दुःखी हुँदै कुनै ब्राह्मणको मुखबाट नेपालका तीर्थबाट पाप पखालिने सुनी तीर्थ गर्दै ब्राह्मतीर्थमा आइपुगे। उनले कुश हातमा लिई कुष्ठ रोग नाश होस् भनी संकल्प गरी स्नान गर्दा सबै रोगहरूबाट मुक्त भए। उनले त्यही जमदग्नि ऋषिलाई देखि मुक्ति प्राप्त गर्ने उपाय बताउन आग्रह गर्दा जमदग्निले त्यस स्थान भन्दा माथि रहेको चम्पेश्वर शिवलिङ्गको षडाक्षर *'ॐ नम शिवाय'* मन्त्रले भक्ति गर्न अह्राए। कौस्तुभले ब्रह्मतीर्थमा स्नान गरी ऋषिले बताए अनुरूप चम्पेश्वरको व्रत तथा उपासना गर्दा शिव ज्योर्तिलिङ्गबाट उत्पन्न भई उनलाई जे पाउने इच्छाले भक्ति गर्छौ, सो चाडै पाउनेछौ भनी वरदान दिए साथै शिवगण आइ उनलाई कैलाश लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २३४-२३५)। चम्पेश्वर शिवलिङ्ग अग्लो बेसर शैलीको जलहरीसहित चतुर्मुखी **मानुष लिङ्ग** स्वरूपमा रहेको छ। सो शिवलिङ्ग नजिकै रहेको चाँपको मौलोलाई पनि शिवलिङ्ग मानी उपासना गर्ने चलन छ। यस आधारमा चाँपको रुखबाट प्रकट भएका शिवलिङ्गको प्रतीकात्मक रूपमा उक्त मौलोको उपासना गरिँदै आएको बुझिन्छ।

२०. उन्मत्तेश्वर शिवलिङ्ग : उन्मेत्तर शिवलिङ्ग मकवानपुर जिल्लाको टिष्टुङ्ग स्वर्णतीर्थ खत्रीगाउँमा अवस्थित छ। यस शिवलिङ्ग भेट्ववाल खोला तथा खाष्टे खोलाको दोभानमा पर्दछ। हिमवत्खण्डपुराणमा यी नदीहरूलाई चित्रकन्ति नदी तथा स्वर्णवती भनिएको छ। सो पुराण अनुसार अघि अर्न्तवेदीमा विष्णुभक्त नामक एक ब्राह्मण थिए, जो विद्याका घमण्डले अरूको निन्दा गर्ने, देवताको पूजा, तीर्थस्नान गर्नेलाई निन्दा गर्ने हुँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचाररहित भई बहुला भए जसका कारण लोकले उनलाई त्यागिदिए। बहुला भएका तिनी घुम्दै स्वर्णतीर्थमा आइपुगी स्नान गर्दा उनको शरीर सुवर्ण भयो र उसको बहुलापन केही शमन भयो। उ खसी भई पानीबाट उफ्रेर बाहिर आई निराहार बसी जाडो, गर्मीको पीडा सही शिवको उपासना गर्दा शिव ज्योर्तिलिङ्गबाट उत्पन्न भए। उनले शिवलिङ्गको स्पर्श गरी बारम्बार नमस्कार गर्दा बौलाहापन हट्यो। शिवले उनलाई आफ्नो प्रथम गणको उत्तम दर्जा दिए र शिवदूत आई उनलाई शिवलोक लगे। यसरी *'उन्मत्तसेवितो यस्मादेतलिङ्ग समुद्भवम्। सर्व्वलोकैस्ततः प्रोक्तमुन्मत्तेश इति श्रुतः'* अर्थात् बौलाहा उन्मत्त भई सेवा गरेर उनकै निम्ति शिवलिङ्ग उत्पन्न हुँदा दनियाले उन्मत्तेर शिवलिङ्ग भनी जाने (हिमवत्खण्डपुराण, अ. १०८।२३)। त्यस्तै अघि मैत्रेय ऋषि यस तीर्थमा स्नान गरी तर्पण गर्न लाग्दा घुरघुर नामक राक्षस ऋषिलाई खान पानीमै समाउन जाँदा उसको बुद्धि फिरी कुनै ब्राह्मणलाई संसारबाट मुक्त हुने उपाय सोध्दा ऋषिले त्यसलाई सुवर्णतीर्थमा स्नान गरी उन्मत्तेश्वर शिवलिङ्गको उपासना गर्न सल्लाह दिए। उसले ऋषिको आज्ञा बमोजिम गर्दा वर्षदिनपछि शिवगण आइ सवर्णकलशले अभिषेक गरी पुष्पक विमान राखी शिवलोक लगे र हरबखत शिवको सेवा गरी बस्ने भयो (हिमवत्खण्डपुराण, २०१३, पृ. २३५–२३६)। उन्मत्तेश्वर शिवलिङ्ग **स्वयम्भूव** लिङ्ग स्वरूपमा छन्।

२१. नन्दीकेश्वर शिवलिङ्ग : नन्दीकेशर शिवलिङ्ग मकवानपुर जिल्लाको टिष्टुङ्ग नन्दीतीर्थमा अवस्थित छ। यस शिवलिङ्ग उन्मत्तेश्वर शिवलिङ्गबाट केही पर दक्षिणपूर्वमा पर्दछ। नन्दीतीर्थ महादेव खोला तथा कसई खोलाको सङ्गममा रहेको छ। हिमवत्खण्डपुराणमा यस तीर्थ रत्नकान्ति नदी तथा स्वर्णप्रभा नदीको सङ्गममा रहेको बताइएको छ। नन्दी र भृङ्गी शिवका द्वारपाल हुन्। एकदिन भृङ्गीले नन्दीले पनि थाहा नपाउने गरी कैलाशमा महादेव पार्वती एकान्त वार्तालाप गरि रहेको बखत भँवरा भई सुनेर आफ्नी पत्नी जयालाई बताएको शिवले थाहा पाई रिसाएर दुवैलाई पृथ्वीमा मनुष्य भई बस्ने श्राप दिए। नन्दीले आफू निर्दोष रहेको बताए पनि शिवले सङ्गतका कारण सबैले पाप धर्म भोग्नुपर्ने र सज्जनको सङ्गत गर्नुपर्ने बताए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त श्राप बाह्र वर्षसम्म रहने बताई तिनलाई रत्नकान्ति र स्वर्णप्रभा नदीको सङ्गममा बसी शिवको आराधना गरे तिनी श्राप मुक्त भई पुनः द्वारपाल हुने बताए। नन्दी पृथ्वी र तीर्थ घुम्दै यस तीर्थमा आई एघार वर्षसम्म भक्तिले शिवको आराधना गरी सो तीर्थमा स्नान गरेर उत्रँदा उनको शरीर दिव्य, तेजस्वी र तीन नेत्रले युक्त भए। उनले पुनः एक वर्ष वर्षा, जाडो, गर्मी सहेर शिवको आराधना गर्दा शिवलिङ्ग उत्पन्न भए। नन्दी गदगद भई शिवको स्तुति गर्दा उनलाई शिवदूत आई विमानमा राखी कैलाश लगे। *'नन्दिता च पुरा स्नातं नन्दीतीर्थमुदाहृतम्। सेवितं हि तथा चैव नन्दिकेश्वर ईरितः'* अर्थात् नन्दीले स्नान गरेका हुँदा उक्त तीर्थ नन्दीतीर्थ तथा नन्दीले सेवा गरेका हुँदा नन्दीकेश्वर शिवलिङ्ग नाम रहन गयो (हिमवत्खण्डपुराण, अ. १०९।३४)। अघि कुनै राजाले पूर्वजन्ममा अधुरो धर्म गरेको तथा बायाँ हातले दान गरेका कारण म्लेच्छको कुलमा जन्मे। आधा शरीरसहित जन्मेको बच्चादेखि तिनकी आमाले दुनियाले के भन्लान् भन्ने डरले तिनलाई जङ्गलमा छोड्दा कुनै किराँत शिकारीले आफ्नो घर लगेर पुत्र समान पाल्यो। पच्चिस वर्षपछि एकदिन उ घस्रदैं घरबाहिर गाउँमा घुम्न जाँदा नन्दीकेश्वर तीर्थमा स्नान गरी नन्दीकेश्वरको उपासना गरिरहेका हारीत ऋषिलाई देखि उसले पनि उक्त तीर्थमा डुबुल्की मार्दा ऊ पूर्ण शरीरसहितको, बलियो तथा ज्ञानी भयो। उसले नन्दीकेश्वर शिवलिङ्गको स्पर्श गरी भक्तिपूर्वक उपासना गर्दा उ शिवलोक पुग्यो (हिमवत्खण्डपुराण, २०१३, पृ. २३६-२३८)। यस शिवलिङ्गको उपासना गरे चाहेको कुरा प्राप्त हुने नेमुनिले विरूपाक्षलाई बताएका छन्। नन्दीकेश्वर शिवलिङ्ग दुई नन्दी स्वरूपका **स्वयम्भूव** शिलाका रूपमा रहेको छ।

२२. गोखुरेश्वर शिवलिङ्ग : गोखुरेश्वर शिवलिङ्ग मकवानपुर जिल्ला टिष्टुङ्ग नन्दीकेश्वर शिवलिङ्गदेखि एक कोस पश्चिम गोतीर्थ महादेव खोला (रत्नकान्ति) को किनार कुन्छाल कार्कीछापमा अवस्थित छ। अघि दधिकर्ण नामक अहीरले धेरै गाई पालि जीवन निर्वाह गर्दथ्यो। जङ्गलमा डढेलो लाग्दा तिनका गाईहरू अक्षय तृतीयाका दिन रत्नकान्ति नदी पुगेर भिजेर आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोठतर्फ फर्कंदा त्यस स्थानमा पुगेपश्चात् आफ्ना खुरहरूले खोस्रदैं थुनबाट दूधको धारा लगाई गोठतर्फ गए। अहिरले दूध दुहुन लाग्दा दूध नआएपछि चियो गरी हेर्दा गाईहरूले खुरहरूले खोस्रि दूध चढाएको स्थानमा खोस्रेर हेर्दा शिवलिङ्ग देखे। नित्य दूध चढाई बाँचुञ्जेल उपासना गरी केही कालपछि उसको मृत्यु हुँदा प्रमथगण आई उसलाई शिवलोक लगे र उनी प्रमथ गणहरूमा श्रेष्ठ बने। *'ऋषिभिश्च समागत्य एतल्लिगं समर्च्चितं। नित्यं स्नात्वा गवां तीर्थे प्रोक्तश्च गोखुरेश्वरः'* (हिमवत्खण्डपुराण, अ. ११०।१७) अर्थात् ऋषिहरू समेत यस गाईहरूका तीर्थ (रत्नकान्ति नदी) मा स्नान गरी शिवलिङ्गको उपासना गर्दछन्। यस तीर्थ गोतीर्थ तथा शिवलिङ्ग गोखुरेश्वर नामले प्रसिद्ध रहन गयो। गोतीर्थमा स्नान गरी गोखुरेश्वरको उपासना गरे सम्पूर्ण जन्मको पाप नाश भई धर्ममय शरीर बन्ने वर्णन छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २३८)। गोखुरेश्वर शिवलिङ्ग गाईको खुर आकृतिको **स्वयम्भूव** शिला रूपमा रहेको छ।

२३. पाण्डुकेश्वर शिवलिङ्ग : पाण्डुकेश्वर शिवलिङ्ग मकवानपुर जिल्लाको पालुङ्ग भद्रतीर्थमा अवस्थित छ। ऋक्षवान् पर्वतबाट निस्किएकी रेविका र भद्रकूट पर्वतबाट निस्किएकी रेतोदेवी नदीको सङ्गम भद्रतीर्थ हो। मरीचि ऋषिका पुत्र पाण्डुक नामक ब्राह्मण तीर्थयात्रा गर्दै यस तर्थिमा आई स्नान गरेर महादेवको जप, आराधना गर्दा शिव ज्योर्तिलिङ्गका रूपमा उत्पत्ति भइ शिव सायुज्य प्राप्त गरे। साथै *'अनेनाराधितो यस्मात्पाण्डुकेश्वर आश्रुतः। अत्रैव च विमुक्तोऽभूदेतल्लिङ्कप्रपूजनात्'* अर्थात् पाण्डुक ऋषिले आराधना गरेको हुँदा सो शिवलिङ्ग पाण्डुकेश्वर नामले प्रसिद्ध रह्यो (हिमवत्खण्डपुराण, अ. १११।१३)। अघि शंकुकर्ण नामक दैत्यले नारदको आदेश पाई विन्ध्याचलबाट भद्रतीर्थमा आइ स्नान गरेर पाण्डुकेश्वर शिवलिङ्गको भक्तिपूर्वक उपासना गर्दा महादेव खुशी भई त्रैलोक्य विजयका निमित्त वरदानका साथ पाशुपतास्त्र दिए। शक्ति प्राप्त भएपश्चात् दैत्य स्वभावले प्रेरित भई उसले स्वर्गसमेत आफ्नो अधिनमा पारी देवताहरूको धन, ऐरावत हात्ती लुटेर यसै स्थानमा आई आरामका साथ राज्य गर्न लाग्यो। निराश भएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवतालाई सहयोग गर्न भगवान् विष्णुसमेत यिनको विरुद्ध देवताहरूको युद्धमा सामेल भए। भक्तको प्रेमले गर्दा शंकुकर्णको पक्षमा शिव देवताहरूसँगको युद्धमा सामेल भए। घमासान युद्ध भयो। अन्त्यमा महादेवको आदेश अनुरूप युद्ध राकियो र उनले इन्द्रलाई देवगणसहित स्वर्ग फर्कन तथा विष्णुलाई शंकुकर्णको अभिषेक गर्न अह्राए। विष्णु, इन्द्रसहित देवताहरूले शंकुकर्णको अभिषेक गरे। प्रमथगण बाजासहित आई यिनलाई शिवलोक लगे। पाण्डुकेश्वर शिवलिङ्गको उपासना गर्नाले चाहेको कुरा पाइने वर्णन यहाँ गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २३८–२४०)। पाण्डुकेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्गमा पछिल्लो कालमा निर्मित जलहरीसहित **अर्धस्वयम्भूव** स्वरूपमा छ।

२४. कूटेश्वर शिवलिङ्ग : कूटेश्वर शिवलिङ्ग मकवानपुर जिल्ला पालुङ्ग बेसीमा अवस्थित छ। गण्ड पर्वतबाट निस्किएकी गण्डवती र श्वेतकान्ति नदीको सङ्गममा गालवतीर्थ छ। गालव नामक ऋषिले यस तीर्थमा आइ स्नान गरी माथि शिखरमा चढी महादेवको आराधना गर्दा *'कुटेश्वरो महारुद्रो यत्रास्ते ऋषिभिः सह'* (हिमवत्खण्डपुराण, अ. ७०।३५) अर्थात् शिवलिङ्ग उत्पत्ति भई तिनलाई पाउन गाह्रो तथा मुक्तिको वर दिए। आजसम्म पनि ती ऋषिहरूले सेवा गरिएका छन्। अघि विराट देशका सुदर्शन नामक राजा शिकारमा जाँदा पर्वतमाथि चर्न लागेको मृग देखेर वाण हान्न लाग्दा घोडाको आवाजले मृग उफ्रेर पर्वत, गुफा हुँदै भाग्दै कूटेश्वर शिवलिङ्ग छुन पुग्दा उसलाई पूर्व जन्मको ज्ञान भयो। सँगै लखेट्दै आएका राजालाई अघि आफू कोसलको राजा रहेको तथा आफूले पनि बेकसूर मृगलाई मारेको हुँदा त्यस पापले हजारौँ पटक मृग भई जन्मिएको र यस शिवलिङ्गको स्पर्श गर्नाले आफूले पूर्व जन्मको ज्ञान पाएको कुरा बताए। मृगले शिवलिङ्गलाई टाउकोले ढोगी गालवतीर्थमा ओर्लिए। राजा छक्क परी हेर्न लागे। गालवतीर्थमा पानी पिउन लागेको उक्त मृगले पानी पिउन लाग्दा एक शिकारी आई सो मृग मारी आफ्नो घर लग्यो। तर एकै छिनमा सो मृगले राजाको दिव्य शरीर प्राप्त गऱ्यो र शिवदूत आई शिवलोक लगे। मृगको वचन सुनेर विरक्त भएका सुदर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा पनि राजकाज त्यागी कूटेश्वर शिवलिङ्गको उपासना गर्दै देह त्याग गर्दा तिनले पनि शिवलोक प्राप्त गरी दुवै शिवका दुर्मुख र सुमुख नामका सेवक भए। गालव ऋषिले स्नान गरेको गालवतीर्थमा स्नान गरी कूटेश्वर शिवलिङ्गको दर्शन गर्नाले पाँच जन्मको पापबाट मुक्ति हुने वर्णन यस पुराणको अध्याय ११२ मा गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २४०–२४१)। कूटेश्वर शिवलिङ्ग फराकिलो जलहरीसहित **मानुष** लिङ्ग स्वरूपमा रहेको छ।

२५. असितेश्वर शिवलिङ्ग : असितेश्वर शिवलिङ्ग धादिङ्ग जिल्लाको महादेव खोला तथा महेश खोला (अघि इन्द्रले स्नान गरेको शुक्रवती र भानुमती नदी) को सङ्गम महादेव व्यासीमा अवस्थित छ। असित नामक ब्राह्मणले काशी छोडेर यस तीर्थमा आई स्नान गरेकोले सो तीर्थ असिततीर्थ रह्यो। असितले शिवलिङ्गको स्थापना गरी विधिवत् उपासना गर्दै एक वर्षसम्म जप गर्दा भगवान् शिवलिङ्गबाट उत्पन्न भई उनले असितलाई *'अत्रैव हिमवत्सानौ मामास्थाप्य तपः कृतं। हिमाद्रौ यत्कृतो धर्म्मस्तत्तुल्यमत्र यत्कृतम्'* (हिमवत्खण्डपुराण, अ. ११३।१३) अर्थात् हिमालयको किनारमा लिङ्गस्थापना गरेको हुँदा हिमालयमा गरेको धर्म सरह यहाँ गरेको धर्म हुने र उनी अरू दुनिया भन्दा चार गुणा बढी बाँच्ने, बढी हिंड्न सक्ने वर दिए। शिवको वर पाई असित ऋषि आफ्नो आश्रम मध्यदेशमा गए। उनी ऋषिहरूमा श्रेष्ठ भई नित्य समुन्द्र गई स्नान गरेर आफ्नो आश्रममा आउन सक्ने भए। अघि कुनै नारीले गर्भाधान लगत्तै कुखुराको मुख देखेको हुँदा कुखुराको मुख भएको बालक जन्मदा लोकले उसलाई अत्यन्त निन्दा गरेका कारण घर छोडेर देश देश घुम्दै यस स्थानमा आइ पुगे। उसले त्यहाँ शूद्र नामक उत्तम ऋषिले असिततीर्थमा स्नान गरी असितेश्वर शिवलिङ्गको उपासना गरिरहेकोदेखि ऋषिलाई आफ्नो वृतान्त बताई उनीसँग यसबाट मुक्ति पाउने उपाय सोधे। ऋषिले बताए अनुरूप उनले असिततीर्थमा स्नान गरी शिवलिङ्गको शिवपञ्चाक्षर मन्त्र जपी उपासना गर्दै गर्दा उसको मृत्यु भयो र उसलाई शिवका गण आई अभिषेक गरी शिवलोक लगे। ऊ कुखुराको मुख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको प्रमथ नेता र शिवको सेवक भई शिवलोकमा रह्यो (हिमवत्खण्डपुराण, २०१३, पृ. १४१-१४३)। असितेश्वर शिवलिङ्ग **मानुष** लिङ्ग स्वरूपमा रहेको छ।

२६. भैरवेश्वर शिवलिङ्ग : भैरवेश्वर शिवलिङ्ग नुवाकोट जिल्ला गण्डकी र त्रिशूलीको सङ्गम कविलास भैरवतीर्थमा अवस्थित छ। अघि प्रलय हुँदा कालाग्नि रुद्रले भैरवको रूप लिई जगत्को संहार गरी पृथ्वीलाई खाली गरेर हिमालयमा बस्ने इच्छाले यस स्थानमा शिवात्मक तीर्थ अत्यन्त पुण्य दिने मानी हजारौँ वर्ष पानीमा बसे। देवताहरूको हजार वर्ष भएपश्चात् ब्रह्मा यस तीर्थमा आई स्नान गरी भैरवको स्तुति गर्दा वर पाइ ब्रह्माले चार प्रकारका सृष्टि गरे। त्यसैले यस तीर्थको नाम भैरवतीर्थ र कालाग्नि रुद्र भैरवेश्वरको नामले प्रसिद्ध रह्यो। कुनै एकाक्ष नामक वैश्य पूर्वजन्ममा अरूले देवतालाई चढाएको बत्ती चोरेको पापले एक आँखा रहित कानो भई लोकद्वारा निन्दित हुँदा एकदिन उसले धर्मशर्मा नामक विद्वान् ज्योतिषसँग आफू कानो हुनुको कारण सोधे। तिनले एकाक्षलाई पूर्व जन्मको तिनको कर्म बताई तिनलाई हिमालायको काखमा रहेको भैरवतीर्थमा गई स्नान गरी भैरवेश्वरलाई बत्ती बाली चढाउन र दीप दान गर्न अह्राए। एकाक्ष विभिन्न तीर्थहरू घुम्दै यस स्थानमा आइपुगी भैरवतीर्थमा स्नान गरी तिनले महादेवको पञ्चोपचारले पूजा गरेर आफ्नो कल्याणको निम्ति र शिवलोकमा सेवा पाउनका निम्ति *'घृतपूर्ण प्रदीपं च ददौ ताम्रस्थमीशिने। जानुमात्रं जलं विश्य वरवैश्यः शनैः शनैः'* (हिमवत्खण्डपुराण, अ. ११४।२८) अर्थात् तामाको भाँडामा घिउले भरिएको बत्ती बाली पानी भित्र घुँडासम्म पसेर शिवजीको मन्त्र उच्चारण गर्दै बत्ती बगाए। बत्तीको पछि पछि दगुर्दै जाँदा गोहीले तिनको गोडा तानी पानी भित्र लग्यो। त्यसै बखत शिवगण आकाशमा पुष्प वृष्टि गर्दै आई नगरा बजाउँदै तिनलाई शिवलोक लगे र ती महादेवको सेवकबिच श्रेष्ठ भई रहे। यस तीर्थमा स्नान गरी भैरवेश्वरको उपासना गर्नाले सबै दुःखको कारण पापबाट छुटी भैरवलोक पुगिने वर्णन छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २४३-२४४)। भैरवेश्वर शिवलिङ्ग नदी किनारमा विशाल **स्वयम्भूव** शिलाको रूपमा रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७. ब्रह्मेश्वर शिवलिङ्ग : ब्रह्मेश्वर शिवलिङ्ग नुवाकोट जिल्ला मृगेन्द्र पर्वतबाट निस्किएकी ब्रह्मगङ्गा (लिखु) र ब्रह्माजीको घुँडाबाट निस्किएकी ब्रह्मपदी नदीको सङ्गम कविलास ब्रह्मतीर्थ नजिक अवस्थित छ। महाप्रलयपछि ब्रह्मा यस तीर्थमा आई स्नान गरी पर्वत चढेर भक्तिपूर्वक शिवलिङ्ग प्रतिष्ठा गरी एक हजार वर्षसम्म शिवको उपासना गर्दा शुभरात्रीमा शिवजीबाट वरदान पाइ अघि जस्तै सृष्टि गर्न सफल भए र उक्त शिवलिङ्ग ब्रह्मेश्वर नामले जानिए। अघि एक म्लेच्छ बँदेलको शिकार गर्दै यस स्थानमा आइपुग्दा त्यसै स्थानमा एक राक्षसलाई देखि म्लेच्छले उसलाई वाण हान्दा पीडाले रन्थनिएको राक्षस रिसले चुर भई ब्रह्मतीर्थमा पुग्नै आँटेको म्लेच्छलाई झम्टदैं मार्यो र त्यसको मासु खायो। म्लेच्छले प्राण जान लाग्दा शिवको नाम लिई ब्रह्मतीर्थको जल स्पर्श गरी प्राण त्याग गरेको हुँदा वेद पढ्ने ब्राह्मण घरानामा जन्म लिएर सबै शास्त्रमा धुरन्धर विद्वान्, साँचो बोल्ने, पापबाट डराउने भए। अन्त्यमा तिनले कुलघर त्यागी सन्यास लिई तीर्थाटन गर्दै यसै स्थानमा आइ पुगे। पूर्वजन्मको पुण्यको प्रतापले यस तीर्थमा उनले विधिवत स्नान गरी एकान्तमा जप गर्न पर्वत चढी ज्योतिरूप शिवलिङ्गलाई अचम्म मानी हेरी नजिकै गई शिरले भुईमा ढोगी स्तुति गरी एक लाख शिव मन्त्र जप्दा *'पूर्णिमायां समाप्तौ तज्ज्योर्तिलिंङ्गेऽविशद्धि सः। दीपो दीपशिखायां च मेलनं चैव भाजने'* (हिमवत्खण्डपुराण, अ. ११५।३९) अर्थात् पूर्णिमाका दिन दीपशिखामा दीपज्योति मिले जस्तै ती ज्योर्तिलिङ्गमा मिली सायुज्य मुक्ति पाए। अर्कोतर्फ त्यो राक्षस जसले म्लेच्छको मासु खाँदै ब्रह्मतीर्थमा प्राण छोडेको थियो त्यो बलि राजाको पुत्र, बडो बहादुर वाणासुर भई जन्मियो र बाबु जस्तै बहादुर हुने चाहनाले नारदबाट सुनेको आधारमा ब्रह्मतीर्थमा आइ स्नान गरी ब्रह्मेश्वरको पञ्चोपचारले पूजा गरी बाह्र वर्षसम्म सेवा गर्‍यो। शिवलिङ्गबाट शिव प्रकट भई वर माग्न आग्रह गर्दा उसले आफू दैत्य राजको पुत्र रहेको कारण पिताको बराबर पराक्रम, हजार हात, कहिल्यै ननाशिने जय तथा देवता र राक्षसले जित्न नसक्ने वर माग्यो। उसले मागेबमोजिम शिवले उसलाई तिनका अगाडि कुनै लडाकु वीर नउभिउन्, तिनको झण्डा राखेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानबाट खस्दा देवताहरूसँग तिनको लडाँइ हुनेछ, तिनको छोरीको कारण विष्णुबाट तिनका हात काटिनेछन् र त्यतिबेला आफूले नै तिनलाई बचाउने साथै देवताका सामुन्ने वरदान दिई तिनलाई आफ्नो सेवामा राख्ने वरदान दिए। यस्तो वरदान पाई वाणासुर शोणितपुरमा गई देवदानव सबैलाई बसमा राखी राज्य गर्न लाग्यो। अन्त्यमा उसैकी पुत्री उषाका कारण अनिरुद्धलाई नागपाशले बाँध्दा कृष्ण, प्रद्युम्न, बलराम आई कृष्णले तिनका दुई हात छोडी अन्य हात काटिदिए। कष्टमा पर्दा उसले शिवलाई सम्झियो। शिव आई कृष्णलाई आफूले तिनलाई अजय हुने वरदान दिएको बताएपछि कृष्णले युद्ध रोके। शिवले वाणासुरलाई आफ्नो सेवक हुने, सधैँ चिरञ्जीवि भई महांकाल भई पूजिने वर दिए। अनिरुद्धका साथ उषाको विवाह गराई कृष्ण द्वारका गए (हिमवत्खण्डपुराण, २०१३, पृ. २४४–२४६)। ब्रह्मेश्वर शिवलिङ्ग चतुर्मुखी लिङ्गसहित **मानुष** लिङ्गरूपमा रहेको छ। यस शिवलिङ्गको छेउमा उत्तरतर्फ राक्षेश्वर शिवलिङ्ग स्वयम्भूव शिलाका रूपमा रहेको छ।

२८. स्कन्देश्वर/कार्तिकेश्वर शिवलिङ्ग : स्कन्देश्वर शिवलिङ्ग नुवाकोट जिल्ला चन्द्रदीप्ति नदीको किनार भिडावारी ब्रह्मेश्वर शिवलिङ्गबाट करिब दुई कोष पूर्वमा पर्दछ। अघि तारकासुरको नाश गर्न स्कन्दकुमार यसै स्थानमा तपस्या गरी बसे। *'चन्द्रदीप्ति नदी श्रेष्ठा चन्द्रकान्तोपलोद्भवा। सिद्धद्रवेण संयोगे स्कन्दः सस्नौ हि तत्र वै। तस्माच्च स्कन्दं तीर्थं तद्विख्यातं भुवि दुर्ल्लभं। तत्र स्नात्वा नरो भक्त्या स्कन्दलोकं प्रगच्छति'* (हिमवत्खण्डपुराण, अ. ११६।७।८) अर्थात् चन्द्रकान्त शिलाबाट निस्किएकी चन्द्रदीप्ति नदीमा स्कन्द तप गरी बसेका कारण यस तीर्थ स्कन्दतीर्थ रह्यो। यस तीर्थमा स्नान गरी स्कन्दले गुफाभित्र शिवलिङ्ग स्थापना गरी बाह्र वर्षसम्म उपासना गर्दा लिङ्गबाट रुद्र उत्पन्न भई त्रैलोक्य विजय गर्ने, दैत्य संहार गर्ने वर पाई दैत्यको संहार गर्न सितधाराको किनारमा गए। त्यसैले यस शिवलिङ्गको नाम स्कन्देश्वर/कार्तिकेश्वर रह्यो। अघि अपवित्र तरिकाले जीवन निर्वाह गरेका पापले कुनै दुई ब्राह्मण बँदेलको योनिमा जन्मिए। आहारा खोज्न हिँडेका ती दुईको यसै वनमा भेट भई एकापसमा द्वेष गरी युद्ध गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लड्दै स्कन्दतीर्थमा आइपुगे र दुवै पानीमा परे। एक अर्कालाई हाना हान गरी पानीबाट बाहिर निस्कँदा एउटाको मानिसको शरीर र बँदेलको मुख र अर्काको मानिसको मुख र बँदेलको शरीर भए र दुवै परस्परमा मिल्न थाले। दुवैले स्केन्देश्वर शिवलिङ्गमा आफ्नो शरीर, मुख दलि स्पर्श गरे। एक वर्षसम्म निरन्तर यही रही फल फूल चढाइरहे तथा एक वर्षपछि लिङ्गको स्पर्श गर्दै दुवैले यसै स्थानमा प्राण त्यागे। रुद्रका दूत आई ती दुवैलाई पुष्पवर्षा र गाना, बाजासहित शिवपुर लगे र ती रुद्रका पार्श्वगण भई रहे (हिमवत्खण्डपुराण, २०१३, पृ. २४६)। स्कन्देश्वर शिवलिङ्ग नदी किनारमा **स्वयम्भूव** लिङ्ग स्वरूपमा अवस्थित छ।

२९. शतरुद्रेश्वर शिवलिङ्ग : सतरुद्रेश्वर शिवलिङ्ग काठमाडौँ बुढानिलकण्ठमाथि शिवपुरी डाँडा मृगेन्द्र पर्वत वाग्द्वारमा अवस्थित छ। अघि हिरण्यकशिपु दैत्यको वधपछि नृसिंह यस पर्वतमा आइ बस्दा यस बनमा डढेलो लागेकाले नृसिंहलाई गर्मी भई स्नान गर्नका निम्ति तिनले गङ्गाको आवाहन गरे र यस तीर्थको नाम जेष्ठिला रह्यो। त्यसैको पश्चिमपट्टिको स्थानलाई पवित्र पार्न उनले गङ्गाको आवाहन गर्दा मृगेन्द्र पर्वतबाट गङ्गा बगिन्, जुन तीर्थको नाम विश्वगङ्गा (शिवगङ्गा) रह्यो। जेष्ठिला र विश्वगङ्गाको सङ्गममा *'तयोः सुसङ्गममे स्नात्वा अत्रैव च समागमत्। समाराधितवान् भक्त्या शतरुद्रं नृकेशरी। एते रुद्राः समुद्भुता शतलिङ्गानि यूथपः'* (हिमवत्खण्डपुराण, अ. ११७।१३।१४) अर्थात् नृसिंहले स्नान गरी उनले शतरुद्र (सयौँ रुद्र) को आराधना गर्दा ती लिङ्गहरूबाट रुद्र उत्पन्न भए। उनले बाह्र वर्षसम्म फलफूल चढाई यी लिङ्गहरूको उपासना गरे। नृसिंहले स्नान गरेको यस सङ्गमलाई नृसिंहतीर्थ भनिन्छ। कुनै समयमा सूर्यकेतु नामक चक्रवर्ती राजा थिए। परशुरामले क्षत्रियको एक्काइस पटक संहार गर्दा पनि यिनी बाँचेकाले परशुरामले यिनैलाई राज्य दिए। यिनले बाह्र वर्षसम्म राज्य भोग गरी पछि पृथ्वीको राज्य परशुरामलाई नै सुम्पिइ आफ्ना पत्नी, छोराछोरीका साथ यस स्थानमा आइ यिनै शतरुद्रेश्वर लिङ्गहरूको बाह्र वर्षसम्म पञ्चोपचारले उपासना गर्दा शिव प्रकट भई उनले मनले चिताएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्ने, गणहरूमा श्रेष्ठ हुने तथा देवता र दैत्यहरूद्वारा मानिने वर दिइ अन्तर्ध्यान भए। शतरुद्रहरू त्यहाँ आइ सूर्यकेतु, उनकी पत्नी र छोरा छोरीलाई समेत पुष्पक विमानमा राखी शिवपुरीमा लगे। बाग्मती नदीको उद्‌गम स्थल वाग्द्वार पञ्चतीर्थमा स्नान गरी मृगेन्द्र पर्वतमाथि अवस्थित शतरुद्रेश्वरको दर्शन गर्नाले पाइला पाइलामा अश्वमेघ यज्ञ गरेको फल प्राप्त तथा सय जन्मको पापबाट मुक्ति पाइने वर्णन यस पुराणमा गरिएको छ (हिमवत्‌खण्डपुराण, २०१३, पृ. २४६-२४७)। शतरुद्रेश्वर शिवलिङ्ग **मानुष** लिङ्ग रूपमा नागको आकृतिले बेरिएको जलहरीसहित रहेको छ।

३०. काकेश्वर शिवलिङ्ग : काकेश्वर शिवलिङ्ग काठमाडौं शतरुद्रेश्वर शिवलिङ्गबाट दुई कोश पूर्व गागलफेदी कागेश्वरीमा अवस्थित छ। पहिले यस तीर्थस्थान आकाश गङ्गातीर्थ नामले प्रसिद्ध थियो। एकदिन कैलाशमा शिवले पार्वतीसँग ठट्टा गर्दै, "संसारको सृष्टि र लिन गराउने उनी नै रहेको तथा चराचर जगत् उनकै मायाले मोहित रहेको बताउँदै ब्रह्मा, विष्णु, महेश्वरले जान्न नसकेको उनको चरित्र पार्वतीले जानेकी छन् त ?" भनी सोध्दा, पार्वतीले शिवलाई उनी जस्ता त्रैलोक्यनाथले यस्तो कुरा गर्न सुहाउँदैन, शिवको चरित्र कसैले जान्न सक्दैन र कसैले जाने पनि उनको आर्शीवादले मात्र जान्न सक्दछ भनी संवाद गरिरहँदा शिव आधारातमा पार्वतीलाई छोडि आकाशमा अन्तर्ध्यान भए। उनी बाग्मतीको शिरदेखि पूर्व गुफामा गई गङ्गालाई बोलाइ गङ्गाको छहरामा कागरूप लिई बसे। यता त्रिपुरासुरबाट सताइएका देवताहरू कैलाशमा शिवलाई नदेखि उनलाई सर्वत्र घुम्दै खोज्दै यसै स्थानमा आइपुगे। ब्रह्माले देवताहरूलाई गुप्त रूपमा बसेका शिवको चरित्र पार्वतीले मात्र जान्ने हुँदा पहिले तिनको आराधना गरौं भनी सबै देवताका साथ बसी महामाया पार्वतीको महिमा श्रवण गर्न लाग्दा पार्वतीले शिवको चरित्र साथै देवताहरूको हालत बुझि कागको रूप लिई कागको बोलीमा देवताहरूलाई तिनको समस्या बारे सोध्न लागिन्। कागको बोलि सुनी विष्णुले तिनको बोलि शुभ हुने देवताहरूलाई बताउँदै पहाड चढी शिवको स्तुति गर्न लागे। *'संप्रेक्ष्य देवता रुद्रो व्योम्नि द्रुतं तिरोदधे। लिङ्ग मूर्ति*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समास्थाय एत्तत्तां काकरुपिणी। देवी चापि तदा भूयस्तिरोधानं ययौ द्विज। देवाः अपूपजल्लिङ्गं भक्त्या पंचोपचारकैः काकेनैव समुद्दिष्टं एतल्लिङ्गं यतः सुरा' (हिमवत्खण्डपुराण, अ. ११८।३४-३६) अर्थात् शिवले देवताहरूलाई देखि कागस्वरूप लिङ्ग मूर्तिलाई छोडेर आकाशमा अन्तर्ध्यान भए। पार्वती पनि अन्तर्ध्यान भइन्। देवताहरूले त्यही भक्तिपूर्वक पञ्चोपचारले लिङ्गको उपासना गर्दा ब्रह्माले कागले देखाएको हुँदा उक्त लिङ्ग काकेश्वर शिवलिङ्ग रहेको बताउँदै उपासना गरे। देवताहरू पनि त्यहाँबाट शिव खोज्न मणिचूड पर्वततिर लागे। त्यस्तै अघि कुनै ब्राह्मण जे पायो त्यही खाएको दोषले अर्को जन्मा पेट सुकेको म्लेच्छ भएर शिकार खेलेर जीविका चलाउन लाग्यो। यसै क्रममा ऊ मृगलाई लखेट्दै सोही गुफामा आइपुग्यो र काकेश्वर शिवलिङ्ग देख्दा उसको लोभ, मोह छुट्यो। उसले व्योम गङ्गामा स्नान गरी धनु वाण फाली फलफूल अर्पण गरी काकेश्वर शिवलिङ्गको पूजा गर्दा शिवका पार्श्वचर आई व्योम गङ्गाको जलले अभिषेक गरी तिनलाई शिवलोक लगे। यसरी यस पर्वत चढे मात्र पनि अश्वमेध यज्ञको फल प्राप्त हुने र पापबाट मुक्त भइने वर्णन छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २४७-२४९)। काकेश्वर शिवलिङ्ग स्वयम्भूव लिङ्ग वरिपरि जलहरीले घेरिएको **अर्धस्वयम्भूव** स्वरूपमा अवस्थित छ।

३१. मणिचूडेश्वर शिवलिङ्ग : मणिचूडेश्वर शिवलिङ्ग काठमाडौँको मणिचूडेश्वर पर्वतमा अवस्थित छ। पार्वतीले काकेश्वर देखाइदिए पछि शिव यस स्थानमा आइ एक तलाउ बनाई माथिबाट लिङ्गस्थापना गरी आफू त्यही तलाउभित्र लुकेर पार्वतीलाई मोह गराई बसिरहँदा शिवको दर्शन नपाएका देवताहरू व्याकुल भई ब्रह्माको सल्लाहले मणिचूड पर्वतमा गई व्रजयोगिनीको स्तुति गरी रुद्र देखाइन आग्रह गरे। योगिनीले आफू र त्रैलोक्यलाई मायामा भुलाएर शिव त्यहाँदेखि केहीमाथि रहेको तलाउमा रहेको र देवी आफू क्षेमकंरीको रूप त्यही तलाउमा घुमि देवताहरूको रक्षा गर्ने र त्यही जलमा लिङ्ग मूर्ति देखिने बताउँने बताइन्। देवताहरूले योगिनीको परिक्रमा गरी आर्शीवाद लिई यसै स्थानमा आइपुगे। *'ततो देवाः प्रणोमुस्ता भ्रमन्ती खे*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदोपरि। एतस्मिस्ते हृदे भक्त्या स्नानं चक्रुर्निमज्ज्य वै ' (हिमवत्खण्डपुराण, अ. ११९।२९) अर्थात् देवताहरूले तलाउको वरिपरि आकाशमा घुमिरहेको पन्छीदेखि यिनी क्षेमंकरी हुन् भन्ने जानी तिनलाई नमस्कार गरी तलाउमा स्नान गरी त्यसैको वरिपरि बसी शिवको स्तुति गरे। पूर्णिमाका दिन पूर्णचन्द्र जस्तै शिव प्रकट भई देवताहरूलाई नडाराउन र तिनको साथ आफूपनि स्वर्गमा गई दैत्यहरूको प्रतिकार गर्ने बताए। साथै शिवले देवताहरूलाई उनलाई सम्झेर मणिचूड पर्वतमा चढ्नाले शिवलोक जाने, त्यहाँबाट निस्किएकी नदीमा स्नान गर्नाले वाजपेय यज्ञको फल पाउने, उक्त तलाउमा शिवलिङ्गको दर्शन पाउनेले उनी (शिव) मै लीन हुने तथा वज्रयोगिनीको दर्शन गर्नाले जन्मजन्मको पापबाट मुक्त भई ठूलो योग प्राप्त गर्ने र पुर्नजन्म नहुने बताई आफ्नो एक अंश त्यही राखी शिव देवताहरूका साथ स्वर्ग गए। त्यस्तै अघि पूर्वजन्ममा सुन चोरेको कारण दुब्लो मलिन मुखको किराँत भई जन्मेर दुःख पाएको व्यक्तिले यस तलाउमा पसेर पौडी खेली शिवलिङ्गको स्पर्श गरे। उनले जलपान गरी शिव शिव भन्दैजप्दै प्राण त्याग गर्दा रुद्र गण आई तिनलाई शिवलोक लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २४९-२५०)। हाल मणिचूडेश्वर पर्वतमा अवस्थित कृत्रिम पोखरी तथा त्यहाँ अवस्थित **मानुष** शिवलिङ्गको आधारमा पौराणिक वर्णनलाई सार्थकता दिन ती तीर्थको स्थापना पछिल्लो कालमा गरिएको अनुमान गर्न सकिन्छ।

३२. योगेश्वर शिवलिङ्ग : योगेश्वर शिवलिङ्ग साँखु वज्रयोगिनीस्थित उमामहेवर स्वरूपमा अवस्थित छन्। विरूपाक्षले योग गङ्गामा स्नान गरेर भगवती योगिनीको पूजा गरी नेमुनिलाई योगिनीको बारेमा प्रश्न गरे। नेमुनिले उनलाई यी भगवती भगवान् विष्णुको आँखामा रहने निन्द्रा स्वरूपकी रहेकी तथा अघि ब्रह्माले योग दृष्टिबाट यस पर्वत मणिमयदेखि यसै पर्वतमा आइ बसेका *'ब्रह्मविष्णुहराद्यैर्वा तस्माद्योगेश्वरी श्रुता '* हिमवत्खण्डपुराण, अ. १२०।८) अर्थात् केही कालपछि ब्रह्मा, विष्णु, महादेव आदि देवताहरूले योगद्वारा यी भगवतीको उपासना गरेकाले यिनको नाम योगेश्वरी रहन गएको बताए। साथै श्वेतगुफामा बसेर सप्तऋषिले हजार वर्ष आराधना गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवशक्ति स्वरूप भएकी भगवतीको वरदान पाई ऋषिहरू सप्तब्रह्मा भएको बताउँदै नेमुनिले विरूपाक्षलाई यिनको भक्तिपूर्वक आराधना गरे सिद्धि प्राप्त हुने बताए। ने मुनिले बताए अनुरूप विरूपाक्षले भक्तिपूर्वक योगेश्वरीको आराधना र स्तुति गर्दा योगेश्वरी खुशी भई विरूपाक्षलाई उनको शरीरले नै उनलाई सिद्धि हुने वरदान दिइन्। साथै अन्य तीर्थको दर्शन गरी पुनः आफ्नो नजिक आउनु भनी आदेश दिइन्। त्यस्तै अघि कलिङ्ग देशमा देवीदास नाम गरेका राजाले नारदको मुखबाट यी देवीको महात्म्य सुनी आफ्ना छोरालाई राज्य सुम्पी विरक्तिएर पाइला पाइलामा योगेश्वरीलाई नमस्कार भन्दै यसै स्थानमा आइ योग गङ्गामा स्नान गरेर गणेश्वरलाई नमस्कार गरी पापबाट मुक्त भए। तिनले ज्ञान प्राप्त गरी भक्तिपूर्वक भगवतीको स्तुति गर्दा रुद्रका साथ रहेकी योगेश्वरीमा विचित्र उमामहेश्वरको दर्शन पाए र रुद्रगणले तिनलाई उमामहेश्वर लोक लगे। यस तीर्थमा गरेको दानले अक्षय प्राप्त हुने र असल पुण्यले स्वर्ग जान पाइने वर्णन गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २५०–२५१)। योगेश्वर शिवलिङ्ग **स्वयम्भूव** लिङ्ग स्वरूपमा छन् (प्रपन्नाचार्य, २०६८, पृ. २५२)।

३३. नारायणेश्वर शिवलिङ्ग : नारायणेश्वर शिवलिङ्ग साँखु लप्सेगाउँ बोझेनीफेदीमा अवस्थित छ। यस शिवलिङ्ग शालिनदीमा अवस्थित छ। हिमवत्खण्डपुराण अनुसार *'नारायणरतमानर्च्चे नारायणेश्वरं ततः। अस्माद्धदात्समुद्भूता नारायणी नदी श्रुता। अस्यां च स्नानमात्रेण नारायणपदं लभेत्'*। (हिमवत्खण्डपुराण, अ. १२१।७।८) अर्थात् नारायणले रुद्रको आराधना गर्दा तलाउबाट शिवलिङ्ग उत्पन्न भएका हुँदा सो शिवलिङ्गको नाम नारायणेश्वर रहन गयो। यसै तलाउबाट निस्किएकी हुँदा सो नदीको नाम नारायणी रह्यो। यस नदीमा स्नान गर्नाले नारायण पद पाइने वर्णन छ। अघि कुनै सभामा साक्षी राखिएका ब्राह्मण केही नबोलिकन चुप लागेर बसेको पापले अर्को जन्ममा किराँत भइ जन्मिई शिकार गरी जीवनवृत्ति गरेर हिँड्यो। एकदिन फूल टिप्न भनी पलासको रुख चढ्दा त्यसको हाँगो भाँचिइ तलाउमा खस्यो। मुस्किलका साथ किनारमा उत्रिँदा उ कान सुन्ने भयो। जलको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्पर्शले आफ्नो आत्मालाई चिनेर, आफ्नो कर्तव्य सम्झेको कारण यस तीर्थ ठूलो तीर्थ रहेछ भनी सम्झेर उसले एक वर्षसम्म फलफूल र त्यहीको जलमात्र पिइ बस्यो र त्यही जलको स्पर्श गरी प्राण त्याग गर्‍यो। रुद्रगणले उसलाई रुद्र शिवपुर लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २५१-२५२)। नारायणेश्वर शिवलिङ्ग **स्वयम्भूव** विशाल शिलाका रूपमा नदीमा रहेको छ।

३४. ज्योर्तिलिङ्गेश्वर शिवलिङ्ग : ज्योर्तिलिङ्गेश्वर शिवलिङ्ग काठमाडौँको साँखुस्थित रत्नावती र नारायणी नदीको सङ्गम योगतीर्थ नजिक अवस्थित छ। अघि ब्रह्माजीका मानस पुत्र शनकले यस तीर्थमा योग मार्गले स्नान गरेका कारण यस तीथ योगतीर्थ रह्यो। यहाँ बसी इन्द्रियलाई वशमा राखेर ध्यान मग्न भई योग गर्दा शनकले *'धृतपूर्णे च तत्पन्ने नक्तं दीपशिखेव हि। ज्योर्तिल्लिङ्गं समालोक्य सनकोऽपूपुजन्मुदा'* (हिमवत्खण्डपुराण, अ. १२२।१२।१३) अर्थात् घ्यूमा बालेको बत्तीको शिखाको समान ठूलो प्रकाश भएको ज्योर्तिलिङ्गको दर्शन पाए। उनले नाचा उपचार र स्तोत्रले ज्योर्तिलिङ्गको उपासना गरे। रुद्र प्रसन्न भई चिरञ्जिवी हुने, ब्रह्मा हुने वरदान पाए र स्वर्ग गई उनी योगीश्वर कहलाए। त्यस्तै अघि कुनै ब्राह्मण अपवित्र रहने, धेरै पत्नी राख्ने र धेरै खाने दोषले अपवित्र जिह्वा (शुचि मुख) भई भिक्षा मागेर खाने भई हिँड्दा भोक र प्यासले व्याकुल भइ यस तीर्थमा आइ पुगे। हारित नामक कुनै भक्तले कुश र जलले देवता तथा पितृहरूलाई तर्पण दिई राखेको देखि ती ब्राह्मणले पनि आफ्नो दुःखबाट पार पाउने उपाय सोध्दा हरितले तिनको पूर्व जन्मको पापको कारण कष्ट पाएको बताउँदै तिनलाई योगतीर्थमा स्नान गरी ज्योर्तिलिङ्गेश्वरको दर्शन, उपासना गरे चिताएको कुरा प्राप्त गर्ने बताए। हारितले बताए अनुसार ब्राह्मणले योगतीर्थमा स्नान गरी ज्योर्तिलिङ्गको भक्तिपूर्वक पञ्चोपचारले उपासना गर्दा रुद्रका गणहरू आई तिनलाई शिवपुर लगे र ती रुद्रका गण भई बसे (हिमवत्खण्डपुराण, २०१३, पृ. २५२-२५३)। ज्योर्तिलिङ्गेश्वर शिवलिङ्ग फराकिलो बेसर शैलीको जलहरीसहित **मानुष** लिङ्ग रूपमा रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३५. रत्नचूडेश्वर शिवलिङ्ग : रत्नचूडेश्वर शिवलिङ्ग भक्तपुरको नगरकोटस्थित महादेव पोखरीमा रहेको छ। ब्रह्माजीले *'ब्रह्मणात्र ह्रदं निर्माय द्विज सुन्दरं। रत्नेन कल्पितं लिङ्गं रत्नचूडेश्वरः श्रुतः'* (हिमवत्खण्डपुराण, अ. १२३।८) अर्थात् यस स्थानमा दह बनाई त्यसै दहमा रत्नहरूले शिवलिङ्ग स्थापना गरेकाले रत्नचूडेश्वर नाम रह्यो। यसै दहबाट नौधारा नदी निस्किएकी छिन्। अघि पूर्वजन्ममा ब्राह्मण भएर पनि दुराचारी रहेका पापले अर्को जन्ममा पिशाच नामले प्रसिद्ध रही सदा फोहोरी कपडा लगाउने, झूटो बोल्ने, रिस गर्ने, सर्वभक्षी भएका कारण परिवारसँग विछोड भई विरक्त भएर पच्चीस वर्षको उमेरमा घरबाट निस्किए। तिनले गङ्गा किनारमा स्नान गरी सन्ध्या गर्न लागेका ब्रह्मचारीलाई देखि प्रणाम गर्न लाग्दा ब्रह्मचारीले तिनलाइ छुन नदिएपश्चात् दुःखी भई आफ्नो शरीरबाट मोक्ष हुने उपाय सोध्दा ब्रह्मचारीले तिनलाई रत्नचूडेश्वर शिवलिङ्गको स्पर्श गरे पाप हरण भई पवित्र हुने बताए। ती पिशाच रत्नतीर्थमा पुगी स्नान गरी तिनले दहको बिचमा अवस्थित रत्नचूडेश्वर शिवलिङ्गको वीर मार्गले उपासना गर्दा लिङ्गबाट रत्नचूडेश्वर प्रकट भए। शिवले आफ्नो पूजा गरेको र तीर्थमा स्नान गरेको प्रभावले ती पिशाच आफ्नो भक्त हुने, प्रमथगणका मुख्य नायक भई सबै पापबाट मुक्त हुने वर दिइ अन्तर्ध्यान भए। रुद्र गण आई तिनलाई शिवपुर लगे। रत्नतीर्थमा स्नान गरे सप्त जन्मको पाप नाश हुने र रत्नचूडेश्वरको दर्शन गर्नाले सबै पापबाट मुक्त भइने वर्णन यहाँ गरिएको छ। (हिमवत्खण्डपुराण, २०१३, पृ. २५३–२५४)। रत्नचूडेश्वर शिवलिङ्ग पुराणमा वर्णन गरिए अनुरूप दहमा अवस्थित नभई यस तीर्थमा मानव निर्मित पोखरी नजिकै **मानुष लिङ्ग** स्थापना गरिएको छ।

३६. वागीश्वर शिवलिङ्ग : वागीश्वर शिवलिङ्ग भक्तपुरको वागीश्वरस्थित वीरतीर्थ (वीरनदी) नजिक अवस्थित छ। अघि वाक् नाम गरेका ब्राह्मणले वीर नदीदेखि वीर ह्रदयले कलकल गर्दै बगिरहेकी वीर नदीमा विधिवत् स्नान गरी शिवलिङ्गको स्थापना गरेर भक्तिका साथ हर्षित भई स्तुतिपाठ, मन्त्र, जप गरि शिवको आराधना गरेर सय वर्ष बिताए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् शिवलिङ्गबाट प्रकट भई *'तस्मादद्यादि ते नाम्ना लिङ्गमेतद्भविष्यती। वदिष्यन्ति ततो लोका वागीश्वर इति श्रुतः। इमं देहं परित्याज्य ममलोकं गमिष्यसि'* (हिमवत्खण्डपुराण, अ. १२४।१२।१३) अर्थात् ती ब्राह्मणलाई उनकै नामबाट सो शिवलिङ्ग वागीश्वर नामले प्रसिद्ध हुने र तिनी शिवलोक जाने वरदान दिई अन्तर्ध्यान भए। उनले त्यही बसेर अन्य दश वर्ष शिवको उपासना गर्दै प्राण त्याग गरे। रुद्रगण आइ उनलाई पुष्प वृष्टि गरी बाजा बजाउँदै शिवपुर लगे। वीरतीर्थमा स्नान गरी वागीश्वर शिवलिङ्गको दर्शन गरेमा वाक्सिद्धि भई महापाप नष्ट हुने कुरा वर्णन गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २५४)। वागीश्वर शिवलिङ्ग एकमाथि अर्को गरी निर्माण गरिएको तीन जलहरीसहितको **मानुष** लिङ्ग स्वरूपमा रहेको छ।

३७. किलेश्वर शिवलिङ्ग : किलेश्वर शिवलिङ्ग भक्तपुरको चाँगुनारायण दोलागिरि (दोलाद्री) पर्वतमा शङ्खतीर्थ नजिक अवस्थित छ। पृथ्वी निर्जन भएको अवस्थामा महोदधिमा महादेव उत्पन्न भई विष्णुलाई पूर्वमा अवस्थित टाकुरामा गई बसे तिनलाई शिवकै रूपमा उपासना गरिने आदेश भएपछि विष्णु गरूडका साथ उक्त स्थानमा आइ बसेको वर्णन यस हिमवत्खण्डपुराणमा गरिएको छ। अघि मुर नामक अत्यन्त बलियो दैत्यले एक हजार वर्षसम्म ठूलो तपस्या गरी लिङ्गको अनुग्रह पाइ सुप्रभा नगरमा राज्य गरी देवताहरूसँग लडेर त्रैलोक्यको मालिक भई बस्यो। त्यसको डरले स्वर्गबाट देवताहरू डराउँदै दोलाद्री पर्वतमा विष्णुको शरण पार्न आए। देवताहरूको खोजी गर्दै त्यो दैत्य पनि त्यही आइ पुग्यो। डरले आत्तिएका देवताहरूलाई आश्वासन दिई भगवान् विष्णु धनु, वाण, चक्र लिई युद्ध गर्न लाग्दा दैत्यहरू पनि आ–आफ्ना शस्त्र लिई देवताहरूसँग लड्न लागे र भयङ्कर युद्ध भयो। विष्णुले चक्रले, इन्द्रले वज्रले, दिक्पालहरूले आ–आफ्ना अस्त्रले, गरुडले नंग्रा र चुच्चोले कयौं दैत्य मारे। यस्तो देखी उक्त मुर दैत्यले कुम्भोदर दैत्यलाई दूतका रूपमा विष्णुकहाँ पठाइ विष्णुले आयु चाहने भए लक्ष्मी र स्वर्ग आफूलाई दिनु भन्ने सन्देश पठायो। विष्णुले उक्त खबर सुन्नासाथ गरुडमा सवार भई शङ्ख, चक्र, गदा, धनु लिई संग्राममा गई मुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैत्यलाई सुदर्शन चक्र प्रहार गर्न उठाउँदा महादेवले आकाशवाणीद्वारा यस दैत्यलाई आफूले देवताहरूबाट नमर्ने अवध्य वर दिएका कारण यसलाई महादेवीले मात्र मार्न सक्ने बताई अन्तर्ध्यान भए। मुरले दोलागिरि नै हल्लाउन थालेपश्चात् विष्णुले पशुवेश्वर महादेवलाई स्मरण गर्न लाग्दा शिव तत्काल लिङ्ग रूपमा उत्पन्न भए। विष्णुले लिङ्गलाई अङ्कमाल गरी पञ्चोपचारले उपासना गर्दा महादेव प्रसन्न भई मुर दैत्यले पर्वत उखेल्न खोजकोले आफू किलो भई रहेको बताए। शिवले विष्णुलाई उनले आफ्नो शिरकाटी ईश्वरीको आराधना गरे ती ईश्वरीले नै उक्त दैत्यको वध गर्ने बताए। विष्णुले महादेवको आज्ञा बमोजिम आफ्नो शिर काटे। दैत्यले शिर नभएको रगतले मुछिएको गरुडमाथि सवार विष्णुलाई देखि गरुडलाई मार्न लाग्दा विष्णुको शरीरबाट महादेवी प्रकट भईन् र उनको तेस्रो नेत्रबाट निस्किएको आगोको ज्वालाद्वारा दैत्यलाई त्यही भष्म पारिन्। मातृकाहरूले अन्य बाँकी रहेका दैत्यहरूको संहार गरे। ईश्वरीले भलो गरिन् भन्दै सोही बखत पुष्प वृष्टि भयो, ऋषिहरू स्तुति गर्न थाले, सिद्ध, गन्धर्व र किन्नर गाउन थाले। विष्णुले पनि ईश्वरीको उपासना गरे। यसरी प्रकट भएको हुँदा *'तस्मात्समुद्भवं लिङ्गं कीलेश्वर इति श्रुतः। तस्मादोलागिरिः प्रोक्तो मुरेण दोलितो यतः'* (हिमवत्खण्डपुराण, अ. १२५।७३) अर्थात् यस लिङ्ग कीलेश्वर भनी प्रसिद्ध भयो र दैत्यले हल्लाएको हुँदा दोलागिरि रह्यो (हिमवत्खण्डपुराण, २०१३, पृ. २५४-२५६)। कीलेश्वर शिवलिङ्ग **मानुष** लिङ्ग स्वरूपमा रहेको छ।

३८. वाल्मीकेश्वर शिवलिङ्ग : वाल्मीकिश्वर शिवलिङ्ग भक्तपुरको हनुमान्घाट वीरतीर्थमा अवस्थित छ। वकाश्रमको नजिक भद्राचल पहाडबाट निस्किएकी नदी भद्रनदी र अर्की मनले चिताएको फल दिने वीरभद्र महादेवका अङ्गबाट निस्किएकी भद्रानदीको सङ्गममा वीरतीर्थ रहेको छ। अघि *'वाल्मीकोऽत्र पुरा सस्नौ त्यक्त्वा कालीमिहागतः तीर्थयात्राटनादेतलिङ्गं स्थापितवान्मुदा'* (हिमवत्खण्डपुराण, अ. १२७।९) अर्थात् वाल्मीकि ऋषि कालीबाट तीर्थ घुम्दै यहाँ आइ लिङ्ग स्थापना गरेका हुँदा यस लिङ्गको नाम वाल्मीकेश्वर रह्यो। सबै पर्वहरूमा हनुमान्जी यहाँ आइ यस तीर्थमा स्नान गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गको उपासना गर्दछन् त्यसैले यस तीर्थलाई हनुमान्घाट पनि भनिन्छ। अघि दुर्मुखी नामक म्लेच्छकी पत्नी पूर्वजन्मको पापले दुःखी थिइन् र धेरै छोराहरू सहित सिंहाद्रि पर्वतमा फलफूल खाई जीवन निर्वाह गरिरहँदा फेरी छोरो पाएपछि दुःखी भई राती जंगलमा गएर छोडर आइन्। सन्तान नभएको कुनै म्लेच्छ शिकार गर्न जाँदा सो बालक देखेर घरमा ल्याई पालन पोषण गरे। बाह्र वर्षको भएपछि सो बालक समर्थवान् भई शिकार खेल्ने क्रममा यस तीर्थमा आइपुगेर हनुमान्को दर्शन पाउँदा उसलाई ज्ञान प्राप्त भयो। उसले हनुमान्को पूजा गऱ्यो र वाण राख्ने ठोक्रोमा जल ल्याई वाल्मीकेश्वरको स्नान र उपासना गरी घर फर्की सबै कुरा आफन्तलाई सुनायो। केही कालपछि उसको मृत्यु भई अर्को जन्ममा मध्यप्रदेशमा विश्वकेतु नामक चक्रवर्ती राजा भई जन्मिएर राज्य गऱ्यो। तर अघिल्लो जन्ममा धेरै प्राणी मारेको पापले प्रजालाई दण्ड दिने गर्दा शत्रुहरूले तिनको छोरा नातिहरू मारे र तिनलाई राज्यबाट निकालिए। विरक्तिएर तीर्थाटन गर्दै यस तीर्थमा आई स्नान गर्दा तिनलाई पूर्व जन्मको कुरा स्मरण भयो। भक्तिपूर्वक बाह्र वर्षसम्म वाल्मीकेश्वरको उपासना गर्दै विश्वकेतुले प्राण त्यागे। शिवगण आइ उनलाई शिवपुर लगे र उनी रुद्र जस्तै खुसी भइ रहे। यस तीर्थमा स्नान गरी वाल्मीकेश्वरको उपासना गरेमा इच्छा सिद्धि हुने वर्णन यस पुराणमा गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २५८–२५९)। वाल्मीकेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग र जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा अवस्थित छ।

३९. मङ्गलेश्वर शिवलिङ्ग : मङ्गलेश्वर शिवलिङ्ग भक्तपुरस्थित नासमना टोल मङ्गलतीर्थ नजिक अवस्थित छ। अघि मङ्गल नामक मुनिले यहाँ अवस्थित विमल नामक पर्वतमा सय वर्षसम्म तपस्या गरे। उनले *'जजाप तन्मनुं नित्यं क्षुत्पिपाशैर्विवर्ज्जितः। सांख्ययोगन विप्रेश अत्रैव मुक्तवान्तनुं। ततः प्रभृति लिङ्गं तन्मङ्गलेश्वर आश्रुत'* (हिमवत्खण्डपुराण, अ.१२८।५।६) अर्थात् भोक प्यास बिर्सी भक्तिपूर्वक लिङ्गको स्थापना गरी शिवको आराधना गर्दै, सांख्ययोगले तपस्या गरेर आफ्नो शरीर त्यही छोडे। त्यसैले यस लिङ्ग मङ्गलेश्वर नामले प्रसिद्ध रह्यो। त्यस्तै अघि कुनै उर्ध्वकेश नामक म्लेच्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिकार खेल्ने क्रममा यहाँ आइपुग्दा उनले प्रमथगणका साथ रमाएर शिवजी नाचिरहेकोदेखि धनु, ठोक्रो छोडी हत्तपत्त चाँपको रुख चढेर फूल टिपी त्यहाँ आइपुग्दा शिव अन्तर्ध्यान भइसकेका थिए। उनले रुद्रसँगै खेल्ने इच्छा गरी लिङ्गको भक्तिपूर्वक उपासना गर्दै छ महिना बिताई लिङ्गको नजिक प्राण त्याग गर्दा हातमा फूल लिएका शिवगण आइ विमानमा राखी उर्ध्वकेशलाई शिवपुर लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २५९)। मङ्गलेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग र नागर शैलीको जलहरीसहित **अर्धस्वयम्भूव** स्वरूपमा छ।

४०. **विमलेश्वर शिवलिङ्ग** : विमलेश्वर शिवलिङ्ग भक्तपुरको सिपाडोलमा विमल गङ्गाको किनार विमलोदक तीर्थमा अवस्थित छ। यस शिवलिङ्गलाई डोलेश्वर शिवलिङ्गपनि भनिन्छ। अघि विमल नामक वेद वेदाङ्ग पढेका, शास्त्र बुझ्केका, पवित्र आचार भएका ब्राह्मण थिए। तर पूर्वजन्ममा मानिसलाई कुटेको पापले तिनको शिर हल्लने गर्दथ्यो। एकदिन विरक्तिएर ती ब्राह्मण हिमालय पर्वततिर लाग्दा यस तीर्थमा आइपुगे। उनले विमल गङ्गामा स्नान गरी त्यहीको जलले शिवलिङ्गको स्नान गरी भक्तिपूर्वक मार्ग कृष्ण चर्तुदशीका दिन निराहार रातभर जाग्राम बसेर शिवको मन्त्र जप्दा औँसीको रात खतम हुने समयमा यसै लिङ्गबाट शिव प्रकट भए। शिवले उनलाई *'अर्च्चितो भवता भक्त्या अद्य मां हि यतो द्विज। तव नाम्ना भविष्यामि प्रख्यातो विमलेश्वर'* (हिमवत्खण्डपुराण, अ. १२९।१३) अर्थात् तिनले विधिवत् पूजा गरेको हुँदा आफू प्रसन्न भई आफ्नो पार्षद बनाएको र भक्तिपूर्वक तिनले आफ्नो पूजा गरेको हुँदा आफू विमलकै नामबाट विमलेश्वर भनी प्रसिद्ध हुने बताए। शिवबाट वरदान पाएका विमलले सांख्य योगद्वारा शिवको आराधना गर्दै प्राण त्यागे। शिवगण तत्काल आइ उनलाई शिवलोक लगे। त्यसै बेलादेखि मुनिहरू, देवताहरू यो लिङ्गलाई कहिल्यै नछोडी यस स्थानमा बसेर लिङ्गको पूजा गरिरहेको वर्णन छ। विमल नदीमा स्नान गरी विमलेश्वर शिवलिङ्गको दर्शन गर्नाले मानिस निर्मल निष्पाप भई रुद्रलोकमा जाने वर्णन छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २५९-२६०)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विमलेश्वर शिवलिङ्गको लिङ्ग स्वयम्भूव तथा त्यसको आधारमा नागर शैली र सोमाथि बेसर शैलीको जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा छ।

४१. **अनन्तलिङ्गेश्वर शिवलिङ्ग :** अनन्तलिङ्गेश्वर शिवलिङ्ग भक्तपुरको गुण्डुमा मुनितीर्थ नजिक अवस्थित छ। अघि यहाँ हजारौं ऋषिहरू बस्दथे, त्यसैले यस स्थानको नाम ऋष्याकाम थियो। यहाँ अगत्स्य, गालव, गार्ग्य, शक्ति, धौम्य, पराशर लगायत अन्य कयौं ऋषिहरू तपस्या, व्रत गरी बसेका थिए। ती सबै लोकको हित गर्ने इच्छाले बसेका रुद्रका विभूति थिए। ती ऋषिहरू पशुपतिको प्रशंसा गर्दै पृथ्वीमा लम्पसार परी दण्डवत् गर्दथे। एकदिन बृहदग्नि ऋषिले शौच गर्नका निम्ति खन्जिले माटो खन्दा शिवलिङ्ग देखे र माटो झिक्दा अन्य कोटि लिङ्गहरूदेखि सबै ऋषिहरूलाई बोलाए। तिनले *'खनके दर्शितुं मूलमेतल्लिङ्गस्य सांप्रतम्। त्रिशद्धस्तप्रमाणेन खनित्वा ते च मृत्तिकाम्। नादर्शन्नपि तन्मूलं स्वयं भूरिति मेनिरे। अन्ततो दर्शितञ्चास्य अस्माभिर्भो मुनीश्वराः। अस्मादनन्तलिङ्गोऽयस्भवतु नाम चास्य च'* (हिमवत्खण्डपुराण, अ. १३०।१९।२०) अर्थात् लिङ्गको मूल फेद पत्ता लगाउन तीस हात खन्दा पनि पत्ता नलागेपछि स्वयम्भूव लिङ्ग हो भनी सम्झी अन्त पत्ता नलागेकाले अनन्तलिङ्गेश्वर भनी माने र खाडल पुरे। त्यसैबेला देखि मुनिहरूले मुनितीर्थको जल चढाइ यस लिङ्गको पूजा गरे। त्यस्तै अघि पूर्वजन्ममा खराब आचार भएकाले कुनै व्यक्ति उलुकास्य नाम गरेको म्लेच्छ भइ जन्मिए। पूर्व जन्ममा लाटोकोसेरो जस्तै खानेकुरा चोरेर खाएको हुँदा तिनको मुख लाटोकोसेरोको समान भई ती कुञ्जपर्वतमा बस्दथे। एकदिन शिकार खेल्दै हिंड्दा ऋषिहरूले शिवलिङ्गको पूजा गरिरहेकोदेखि तिनले पनि मुनितीर्थमा स्नान गरी पातको खोँचामा जल ल्याई शिवलिङ्गमा चढाए। ऋषिहरूले जस्तै तिनले जङ्गलको फल फूल ल्याई भक्तिपूर्वक छ महिनासम्म पूजा गर्दा उक्त लिङ्गबाट रुद्र प्रत्यक्ष भई तिनलाई वरदान दिए। वरदान पाई घर फर्केका तिनको म्लेच्छ वृत्ति छुट्यो। एकदिन पुनः यसै स्थानमा आउन लाग्दा यस पर्वतभन्दा सय धनु टाढा ती म्लेच्छको प्राण छुट्यो। रुद्रगण आइ पुष्पवृष्टि गरी, ठूलो उत्सव मनाउँदै शिवको विमानमा राखी तिनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलोक लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २६०–२६१)। अनन्तलिङ्गेश्वर शिवलिङ्गको लिङ्ग स्वयम्भूव रही आधारमा नागर शैलीको जलहरी तथा त्यसमाथि बेसर शैलीको दोहोरो जलहरीसहित **अर्धस्वयम्भूव** स्वरूपमा रहेको छ।

४२. विश्वरूपेश्वर शिवलिङ्ग : विश्वरूपेश्वर शिवलिङ्ग भक्तपुरको दधिकोटमा अवस्थित तर्खागाल नामक स्थानमा रहेको छ। नजिकै वृद्धगङ्गातीर्थ रहेकी छिन्। अघि सबै शास्त्र जानेका श्रुतिजित नामक असी वर्ष नाघेका ब्राह्मण थिए। स्त्री, छोरा मरेपछि विरक्त भई ती जीवनलाई धिक्कार्दै घरबाट निस्किएर विभिन्न तीर्थ घुम्दै यस स्थानमा आइपुगे। तिर्खाले व्याकुल भई पानी पिउनको निम्ति उनले गङ्गाको स्मरण गर्दा उनको तप र निष्ठाले गङ्गा उत्पन्न भइन्। उनले गङ्गामा स्नान गरी जलपान गरेर रुखमुनि छायामा विश्राम गरी वनमा भोजनका निम्ति फलफूल खोज्न जाँदा शिवलिङ्ग देखे। तिनले षड्वर्ग (काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य) त्यागी बनमा पाइने फलफूलले विधिपूर्वक गायत्रीको जप गर्दै भक्तिपूर्वक लिङ्गको पूजा, स्तुति गर्दै मनसा, कर्मणा, वाचा मुनिव्रत धारण गरी एक वर्ष बिताउँदा यसै लिङ्गबाट उत्पन्न विश्वरूपको दर्शन पाए। विश्वरूप *'देवः सहस्रशीर्षश्च सहस्राक्षः सहस्रपात्। सहस्र सायुधोपेतैः करैराजितविग्रहः। चन्द्रार्कवन्हिनेत्रैश्च बासुकीयज्ञसूत्रतः सर्वालङ्कारभूषाद्यैर्विश्वरूपो विराजते'* (हिमवत्खण्डपुराण, अ. १३१।१४।१५) अर्थात् हजार शिर, आँखा, पाउ र हजार हतियारहरूले सुसज्जित हात थिए। चन्द्र, सूर्य, अग्नि तिनका नेत्र थिए। तिनको वासुकी नागको जनै थियो र ती सम्पूर्ण गहना, वेषभूषाले सज्जित थिए। ब्राह्मणले विश्वरूपको प्रदक्षिणा र स्तुति गर्दै बारम्बार प्रणाम गर्दा शिवका गणहरू आइ तिनलाई विमानमा राखी शिवलोक लगे। त्यस्तै अघि यसै तीर्थमा बस्ने दीर्घतया नामक महात्मा थिए। एकदिन यस तीर्थमा विभिन्न बाजा बजाउँदै सात अप्सरागण आई लहराले बेरिएको रुखमा आफ्ना पोशाक झुण्ड्याई गङ्गामा जलक्रीडा गर्न लागे। दीर्घतयाले तिनीहरूलाई देखेर कामले पीडित हुँदा उनको वीर्यपतन भयो। निर्मल गङ्गामा रहेको वीर्य मेरुण्डा नामक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षिराजले जलपान गर्दा वीर्यसमेत भक्षण भई तिनकी पत्नी गर्भवती भइन्। छ महिनापछि तिनले फूल पारी कोरल्दा तीन शिर भएको अनौठो मनुष्य शरीर धारी पुरुष उत्पन्न भए। बाह्र वर्षसम्म पालेर चुच्चा र नङ्ग्राले समाती उड्न सिकाउँदा पनि ती उड्न नसकेपछि पक्षीराजले पत्नीलाई यी मनुष्य शरीर धारी नउड्ने छोरामा मोह गर्नु कल्याण छैन भनी सम्झाई तिनलाई छोडी गए। निर्जन वनमा एक्लै भएका त्रिशिरालाई देवर्षिले देखि यसको कारण सोध्दा तिनले सबै बताई आफ्नो उद्धारको उपाय सोधे। देवर्षिले बताएअनुरूप त्रिशिराले वृद्ध गङ्गामा स्नान गरी जल, फूलद्वारा शिवलिङ्गको एकवर्षसम्म उपासना गर्दा महेश्वर आविर्भाव भइ धेरै कालसम्म बाँच्ने, आफ्नो पार्श्वगण हुने वर दिए। त्रिशरालाई समय पुगेपछि रुद्रगणले विमानमा राखी शिवलोक लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २६१–२६२)। विश्वरूपेश्वर शिवलिङ्ग **मानुष** लिङ्ग रूपमा रहेको छ।

४३. **सोमलिङ्गेश्वर शिवलिङ्ग** : सोमलिङ्गेश्वर शिवलिङ्ग भक्तपुरको सिरुटारमा रहेको छ। अघि आफ्ना छोरीहरूको दुर्व्यसनका कारण आफ्ना ज्वाइँ चन्द्रमालाई दक्षप्रजापतिले यक्ष्मा (क्षय) रोग लाग्ने श्राप दिएकाले उनलाई महारोग लाग्यो। चन्द्रमा प्रसन्न रहित, निस्तेज, दुब्लो भएकोदेखि देवताहरू चिन्तित भई तिनलाई लिई ब्रह्मा कहाँ गएर उनको रोगको मक्तिको उपाय सोधे। ब्रह्माले तिनलाई हिमालय नजिक सिद्धपीठ नामक पाशुपततीर्थमा पद्मा नदीमा सङ्गम भएको कोष गङ्गाको जलमा स्नान गरी त्यसको किनारमा उपवास बसेर शिवको आराधना गरे निको हुने बताए। चन्द्रमाले ब्रह्माले बताए अनुरूप स्नान गरी शिवको आराधना गर्दा उनको रोग नाश भयो। उनले एक वर्षसम्म एकाग्रचित्तले स्तोत्र, मन्त्रादि, पूजापाठ गर्दा *'उद्भूतत्तेजसाऽत्यन्तं ज्वलद्दीपशिखाकृतिः। आविर्भूतो हरो लिङ्गात्तस्मै व्याचष्ट भक्तिने'* (हिमवत्खण्डपुराण, अ. १३२।१८) अर्थात् तेजले अति प्रकाशित भएको बत्तीको ज्वालारूपी तेज निस्किइ त्यो ज्योर्तिलिङ्गबाट त्रिलोक व्यापक शिव उत्पन्न भए। शिवले चन्द्रमालाई कलासहित रहने, उनी रोग, शोक रहित हुने, श्रापका कारण तिनको कला घट्ने बढ्ने भने भइरहने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरदान दिई तिनलाई स्वर्गमा गई सुखपूर्वक विचरण गर्न अह्राइ आफू अन्तर्ध्यान भए। चन्द्रमा पहिले जस्तै कलापूर्ण भइ उनले अश्वमेध यज्ञ गरे। उनको आवाहनमा सबै देवताहरू खुसी भई आ–आफ्ना पत्नीसहित आए। चन्द्रमाले रूप र यौवनले सुन्दरी भएकी गुरूपत्नी तारालाईदेखि आँखाको शानले तिनलाई एकान्तमा बोलाइ सुखपूर्वक वनविहार गरे। केही कालपछि ताराको गर्भबाट चन्द्रमाको तेजबलले पूर्ण बुध नामक पुत्र जन्मिए। देवगणले भरिपूर्ण सभामा चन्द्रमाले यो बालक मेरो पुत्र हो भनी स्वीकार गर्दा बृहस्पतिले चन्द्रमालाई श्राप दिन लागे। तर ब्रह्माले उनलाई रोके। ताराले पनि सभामा बुध चन्द्रमाको पुत्र रहेको बताएपछि बृहस्पतिले उनलाई श्राप दिए। तारा स्वर्गबाट यस तीर्थमा आइ स्नान गरी तिनले भक्तिपूर्वको लिङ्गको आराधना गर्दा उनी पहिले भन्दा तीन गुणा अधिक सुन्दरी तथा बृहस्पतिको पत्नी भइन्। त्यस्तै अघि इन्द्रको सभामा कुनै तरुण गन्धर्वलाई देखि शचि मुस्कुराइन्। इन्द्रले गन्धर्वको चेष्टा बुझि तिनलाई नरयोनि हुने श्राप दिए। नारदबाट तीर्थहरूमा श्रेष्ठ र श्राप विमोचक रहेको यस तीर्थको महिमा सुनी गन्धर्व यस तीर्थमा आए। तिनले भक्तिपूर्वक स्नान गरी शिवलिङ्गको भक्ति र सामग्रीका साथ पूजा, बाजा र कीर्तिका गीतद्वारा रुद्रको सेवा गर्दा शिवगण आइ तिनलाई शिवलोक लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २६२–२६४)। सोमेश्वर शिवलिङ्ग स्वयम्भूव शिला स्वरूपमा रहेको छ।

४४. गोभराटेश्वर शिवलिङ्ग : गोभराटेश्वर शिवलिङ्ग ललितपुरको लुभुमा अवस्थित छ। यस तीर्थ कामधेनुको सिङबाट निस्किएकी गोशृङ्गी नदी र चक्रनेमी पर्वतबाट निस्किएकी चक्रावती नदीको सङ्गम गोश्रृङ्गतीर्थ नजिक अवस्थित छ। अघि श्रृङ्गी नामक ऋषिले यस तीर्थमा स्नान गर्दा कामधेनुलाई गोमल त्यागी गुफामा गएकोदेखि त्यही गोबरमा रुद्रको ध्यान गरी उपासना गरे। *'गोभरात्सम्भवो यस्मादगोभराटेश्वरस्ततः'* (हिमवत्खण्डपुराण, अ. १३३।१०) अर्थात् सो गोबरबाट लिङ्ग उत्पन्न हुँदा गोभराटेश्वर नाम राखी पूजा सामग्रीले उपासना गर्दा श्रृङ्गीले इच्छा माफिकको वर प्राप्त गरी सर्वोत्तम गति प्राप्त गरे। त्यस्तै पूर्वकालमा आफ्नो मातृ पितृको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोषबाट कुनै वैश्य नपुंसक र रातो अङ्गसहितको हुँदा दुखित भई तीर्थटन गर्दै यस स्थानमा आइ पुगे। तिनले श्रृङ्गीतीर्थमा स्नान गर्दा पहिलेकै जस्तो शरीर पाई प्रफुल्लित भए। कुनै ऋषिको मुखबाट लिङ्गको महात्म्य सुनेका तिनले यहाँ आइ गोभराटेश्वरको पूजा गरे र सुवर्ण छत्र चढाए। बाह्र वर्षसम्म रुद्रको कीर्ति गाउँदै भक्तिसाथ लिङ्गको उपासना गर्दा रुद्रगण आई तिनलाई शिवलोक लगे। ती हजार हात्तीको बलले युक्त भई शिवको अनुचर भइ रहे। यसै पुराणमा गोदावरी कुण्ड महातीर्थमा स्नान गरी कामधेनुलाई जल चढाए, सूर्य सिंह राशिमा रहँदा यस कुण्डमा स्नान गरे कोटी-कोटी दानको फल मिल्ने र श्रावण पूर्णिमाका दिन उक्त कुण्डमा स्नान गरी गोभराटेश्वरको पूजा गरे सोही बखत भरजन्मको पाप नाश हुने वर्णन गरिएको छ। त्यस्तै चन्द्रवत पर्वत चढेर चित्रह र चन्द्रवती नामक नदीमा स्नान गरेमा सम्पूर्ण पापबाट मुक्त हुने तथा त्यसको तल्तिर रहेको रूपतीर्थमा प्रत्येक महिनाको पूर्णिमा तिथिमा कुनै नारीले स्नान गरेमा ती सम्पूर्ण पापबाट मुक्त भई सौन्दर्य प्राप्ति गर्ने वर्णन पनि यहाँ उल्लेख छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २६४-२६५)। गोभराटेश्वर शिवलिङ्ग स्वयम्भूव लिङ्ग रही बेसर शैलीको तामाले मोरिएको जलहरीसहित अर्धस्वयम्भूव स्वरूपमा रहेको छ।

४५. भृङ्गारेश्वर शिवलिङ्ग : भृङ्गारेश्वर शिवलिङ्ग ललितपुरको सुनाकोठीमा सिद्धिरस कुण्ड नजिक अवस्थित छ। कैलाशको ढोकामा नन्दी र भृङ्गी हातमा दण्ड लिई द्वारपालका रूपमा बस्दथे जसको आज्ञाबिना ब्रह्मादि देवता पनि भित्र पस्न पाउँदैन थिए। एकदिन भगवान् शिवले पार्वतीलाई दिव्य कथा सुनाउने क्रममा गुप्ति रहस्य वृतान्त सुनाइरहँदा नन्दीलाई ढोकामा छोडी भृङ्गीले भमराको रूप लिई भित्र प्रवेश गरी शिव पार्वतीको संवाद सुनेर आफ्नी पत्नी जयालाई सुनाए। भोलिपल्ट पार्वतीले मातृका गणलाई बोलाइ शिवले उनलाई एकान्तमा भनेका कुरा सुनाउन लाग्दा जयाले बिचैमा पार्वतीको वचन उल्लघंन गरी भन्न लाग्दा पार्वती चकित परी शिवको सामु गई जयाले बताएको कुरा भनिन्। शिवले उतिखेरै ध्यान दृष्टिले विचार हेर्दा *'यस्माद्रहः प्रवृत्तिं मे भृंगिन प्रोक्तं त्वया च यत्। स्वप्रियायै ह्यतो*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रष्टस्तस्मात्वं मानुषो भव' (हिमवत्खण्डपुराण, अ. १३४।३३) अर्थात् भृङ्गीले भँवराको रूप लिई शिव पार्वतीको गुप्ती कुरा सनेको र जयालाई भनेको थाहा पाई उनलाई डाकेर मनुष्य योनि प्राप्त हुने श्राप दिए। भृङ्गी डरले थरथर काप्दै आफूलाई क्षमा गरेर श्राप विमोचन हुने उपाय बताउन शिवसँग अनुरोध गरे। शिवले भृङ्गीलाई हिमवत् पर्वतको करवीर नामक गुफामा गई तिनले तपस्या गरे सय वर्षपछि आफ्नो पार्श्वचर बनाउने बताए। नरदेहरूपी भृङ्गी षट्कर्म गर्दै वेद अध्ययनमा तत्पर रहेर सबै प्राणीलाई दया गर्दै करवीरले शोभित मनोहर बनमा आई कुण्डलिनी नामक तलाउमा स्नान गरेर शिवको मन्त्र जप्दै बाह्र वर्षसम्म बिताउँदा उनको अगाडि ज्योर्तिलिङ्ग उत्पन्न भए। भृङ्गीले शिवको परिक्रममा, पूजा गरी भक्तिसहित स्तुति गर्दा लिङ्गबाट शिव प्रकट भई उनी श्राप मुक्त भएको बताउँदै तिनलाई पहिले जस्तै द्वारपाल भई बस्न र सिद्धमयी गङ्गालाई हेरी सिद्धरसले सधैँ उनको स्नान गराउ अह्राए। साथै शिवले जसले एक पटक सो जलले उनको स्नान गराउँछन् तिनले शिवलोक प्राप्त गर्ने। भक्तिपूर्वक शिवलिङ्गको उपासना गरे तिनको पूर्व देहको पाप मुक्त हुने तथा कलियग लागेपछि सिद्धमयी गङ्गा लुप्त हुने हुँदा उनको लिङ्ग स्वरूपको स्पर्श गरे सिद्धि प्राप्त हुने बताए। शिवको आज्ञा अनुरूप सिद्धरस र फलफूलले भृङ्गीले लिङ्गको उपासना गरे। मुनिहरू पनि आई लिङ्गस्थानमा माटोको पीठिका बनाई यस लिङ्गको उपासना गर्दा जलको स्पर्शपश्चात् वेदी पाषाणस्वरूप भयो। लिङ्गको स्पर्शले ताम्रमुद्रा सवर्ण भयो। आ-आफ्ना हातका तामाको औँठी सुनको भएको देखि मुनिहरूले यस लिङ्गको महात्म्य भनिरहेको बखत आकाशबाट दिव्य विमान ल्याई भृङ्गीलाई शिवगणले कैलाश लगे। ऋषिहरू भने महालिङ्गको उपासना गरी बसे। त्यस्तै अघि ब्राह्मणहरूको श्रापले सर्प भएका नहुष अजिङ्गरको शरीर लिई आठ हजार वर्षसम्म बसेका थिए। यस स्थानको स्पर्श गर्नाले उनी ज्ञानी भए। महादेवको प्रसादले हजारौँ वर्ष बाच्छु भन्ने आश लिई त्यही स्थानमा बस्दा उनलाई खान आएको गरुडलाई देखि भृङ्गीले गरुडलाई गाली गर्दै तिनले महादेवलाई स्पर्श गरी बसेका कारण उनलाई कसैले मर्न नसक्ने बताए। अझ बाहिर ननिस्किए ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हजार वर्षसम्म बाँच्न सक्दछन् र ती बाहिर आए मात्र गरुडले मार्न सक्ने बताएपछि गरुड नजिकैको तलाउमा कुरेर बसे। हजार वर्ष पुगेपश्चात् भोकले व्याकुल भई सर्प बाहिर आउँदा गरुडले तिनलाई मारे। सर्पको शरीरबाट तत्काल दिव्य शरीरयुक्त राजा निस्किए जसलाई शिवगणले शिवलोक लगे। सिद्ध रसमा स्नान गरे मानव सिद्ध हुने, कण्डलिनी तलाउमा स्नान गरे सर्पको डरबाट मुक्त हुने तथा वैशाख पूर्णिमाका दिन भृङ्गारेश्वरको स्पर्श गरे आजन्म पापबाट मुक्त हुने वर्णन यस अध्यायमा गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २६५, २६८)। भृङ्गारेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग रही नागर शैलीको फराकिलो जलहरीसहित **अर्धस्वयम्भूव** स्वरूपमा रहेको छ। शिवलिङ्गको ब्रह्मभाग कमलको फूलको आकृतिले घेरिएको छ।

४६. त्रिलिङ्गेश्वर शिवलिङ्ग : त्रिलिङ्गेश्वर शिवलिङ्ग ललितपुरको मङ्गलबजार नजिक बालुखा टोलमा मणिकुण्डतीर्थ नजिक अवस्थित छ। अघि बागमतीर प्रभावती नदीको बिचको स्थान धेरै किसिमका फूल लहरा, फलफूल, मयुर, कोइली, भमरा, बाघ, भालु आदि पशुपक्षी तथा तिनको मिठो आवाजले शुशोभित वन हुंदा ललितारण्य भनिन्थ्यो। जहाँ अमरावतीबाट सुराङ्गनाहरू ओर्लिएर फूलले क्रिडा गर्दथे। यहाँ हजारौँ ऋषिहरू यज्ञ गरी धुँवा र फलले आहार गरी गौरी, स्कन्दकुमार तथा महादेवको आराधना गर्दा *'पौषकृष्णतृतीयायामेतलिङ्गं समुद्भवम्'* (हिमवत्खण्डपुराण, अ. १३५।१२) अर्थात् पौष कृष्ण तृतीयाको महारात्रीमा यी दुवैका साथ लिङ्गबाट त्रयात्मक मूर्ति उत्पन्न भए। उक्त लिङ्गबाट वर पाई ऋषिहरूले परमपद प्राप्त गरे। त्यस्तै पूर्वकालमा क्वमुख नामक कुनै ब्राह्मण वेदोक्त कर्म नगर्ने, सर्वभक्षी तालजंघ नामक ब्राह्मण अर्काको धन लुट्ने, चोर्ने गर्दथे। एकदिन दूध बेच्न आउने गोठालालाई मारेर दूधको घडा लिई वृक्षमुनि गई हल्लाउँदा दूधको भाँडो लिङ्गमाथि खसी त्रिलिङ्गेश्वरमा परी शिवलिङ्ग दूधले स्नान हुँदा शिवजी साक्षात् प्रकट भए। उनको हातबाट दूध अर्पण भएका कारण उनलाई ज्ञान प्राप्त भयो। तालजंघले शिवको परिक्रमा गरी उनको पुकार गर्दै प्राण त्याग गर्दा शिवदूत आई यमदूतलाई हटाई उनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवपुरीमा लगे र उनी शिवको अनुचर भए (हिमवत्खण्डपुराण, २०१३, पृ. २६८-२६९)। त्रिलिङ्गेश्वर शिवलिङ्गमा स-साना स्वयम्भूव लिङ्ग नागर शैलीको जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा अवस्थित छन्।

४७. कुपितेश्वर शिवलिङ्ग : कुपितेश्वर शिवलिङ्ग ललितपुरको मङ्गलबजारमा उदकुण्ड नजिक अवस्थित छ। पूर्व कालमा द्वितय नामक ऋषिले यहाँ ठूलो तपस्या गर्दा कात्यायनीका साथ लिङ्ग उत्पन्न भए। हजार वर्ष तप गरी बुद्धिमान् भएका ती ऋषिले सांख्य योगद्वारा त्यही शरीर छोडी मुक्त भए। अघि कुनै एक किराँतले अरूलाई मुर्ख बनाउने शठवृतिको शिक्षा लिएको दोषले उसले ठग र मूर्ख बनी साधुको रूप लिएर धनी, म्लेच्छ, ब्राह्मण आदिलाई ठग्दथ्यो। एकदिन अन्नको अभावमा भोकले व्याकुल भई ठग्न हिंड्दा उनले भृङ्ग नामक म्लेच्छलाई ठगेर ल्याएको निवार धान मध्ये अलिकति शिवलिङ्गमा चढाइ बाँकी आफूले खाए। उदकुण्डको जल पिई त्यस अरण्यमा जन्तुको डर हुँदा उनी बेलको बोटमा चढी सुत्न लाग्दा उनको आघातले त्यस रुखको बेलपत्र झरी शिवलिङ्गमा पर्यो। उता भृङ्ग अन्य म्लेच्छसहित त्यहाँ आइपुग्दा उनले त्यस ठगलाई रुखमा सुतेकोदेखि धनु वाणले हानी तल झारेर निर्दयतापूर्वक कुट्न लाग्दा चोट सहन नसकी ठगले शिवलिङ्ग छोइ शिव भन्दै प्राण त्याग गरे। म्लेच्छको यस्तो चेष्टादेखि महादेव साह्रै रिसाई भयङ्कर रूपमा प्रकट भई आफ्नो तेस्रो नेत्रको अग्निद्वारा ती म्लेच्छहरूलाई भस्म गरिदिए। त्यसै बखत ब्रह्मा, विष्णु, इन्द्र आई क्रोधयुक्त रुद्रको रूपदेखि डराए। तिनले *'भक्त्या वै तुष्टवुर्देवा एतलिङ्गे महेश्वरं। नाम चकार लिङ्गस्य कुपितेश्वर आत्मभूः'* (हिमवत्खण्डपुराण, अ. १३६।३२) अर्थात् शिवको भक्तिपूर्वक स्तुति गरी उनलाई खुसी बनाए। ब्रह्माले यस लिङ्गको नाम कुपितेश्वर राखे। ऋषिहरूले कात्यायनी र महेश्वरको नित्य सेवा गरे। शिवगणले गीत, वाद्य गरी शठलाई शिवगणमा स्थापित गरे। कुपितेश्वर महादेवको महात्म्य सुन्नाले दुष्ट र पापीले आक्रमण गर्न नसक्ने वर्णन यहाँ गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २६९-२७०)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुपितेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग र बेसर शैलीको जलहरीसहित **अर्धस्वयम्भूव** स्वरूपमा रहेको छ।

४८. सर्वेश्वर शिवलिङ्ग : सर्वेश्वर शिवलिङ्ग ललितपुरको कुम्भेश्वरस्थित गौरीकुण्डतीर्थ नजिक अवस्थित छ। पहिले यस कुण्डको ब्रह्माले सृष्टि गरे, कश्यप ऋषिले यहाँ लोकको सृष्टि गर्ने इच्छाले तपस्या गरे। *'गौर्या चाराधितं सर्वमेतकुण्डे हयगाधके। समद्भूतं ततः कुण्डादेतल्लिङ्गं तदा द्विज'* (हिमवत्खण्डपुराण, अ. १३७।९) अर्थात् यस अगाध कुण्डमा पार्वतीले पनि उपासना गरिन् त्यसै बेला कुण्डबाट शिवलिङ्ग उत्पन्न भए। अघि किराँताधिपतिकी पुत्री विरूपा हुँदा विवाहपश्चात् पतिले त्याग गर्दा विरक्त भई आफ्नो शरीर जन्तुले खाउन् भनी वन प्रवेश गरिन्। तिनले बिचमा शिवलिङ्ग भएको गहिरो शिव गङ्गाको निर्मल पानीको कुण्डदेखि निराहार भई प्राण त्याग गर्ने इच्छा गरी शिवलाई नमस्कार गर्दै कुण्डमा हाम फालिन्। तर चञ्चल पानीको छालले तिनलाई किनारमा फालिदियो र एक म्लेच्छले तिनलाई पानीबाट बाहिर निकाले। कुण्डबाट बाहिर आई पानीमा आफ्नो सुन्दर छाया देख्दा तिनी अत्यन्त खुसी भइन्। नारदबाट उनको सौन्दर्यको बयान सुनी इन्द्र आई उनलाई ग्रहण गरे। उनी इन्द्रको अर्धासनको अधिकारिणी भइन्। त्यस्तै अघि गङ्गादास नामक ब्राह्मण अत्यन्त पापी थिए। पूर्व जन्ममा गङ्गा किनारमा प्राण त्याग गरेको कर्मले मात्र ती ब्राह्मण कुलमा जन्मिएका थिए। तिनले आफ्नी पत्नीलाई पिटेर मारेर छोडी अनेकौँ देश डुल्दै यस शिवलिङ्ग भएको स्थानमा आइपुगेका थिए। यस स्थानमा पनि तिनले अर्काको धन हरण गरेरै खान थाले। एकदिन कुनै मुनिले तिनको मृत्युको बेला नजिक आएको हुँदा शिवलिङ्ग नजिक जान भनेको सुनी ती शिवलिङ्गको नजिक गए। चित्रगुप्तको आज्ञाले हातमा यमपाश, दण्ड लिई डर लाग्दा भयङ्कर यमदूतलाई आफूतिर आएको देखी तिनले रक्षा गर्न भन्दै शिवलिङ्गलाई अङ्गालो हाले। यस्तो दृश्यदेखि छक्क परेका यमदूतहरूले एक आपसमा सल्लाह गरी तिनले छिटै शिवलिङ्ग छोडी नआए दण्डद्वारा पिट्ने धम्की दिए। तर पनि तिनले शिवलिङ्ग नछोडेपछि तिनलाई तान्न यमदूतहरूले पाशो फ्याँक्दा शिवलिङ्गसमेत बेरियो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र यमदूतले बल गरी तान्दा यमपाशो चुँडियो। त्यसै बखत वायु रूपमा शिवले ती ब्राह्मणलाई नडाराउन र उनी पापरहित भएको बताए। शिवदूतहरू आई यमदूतहरूलाई सर्वेश्वर महालिङ्गको आश्रय लिई बसेको देखेनौँ भनी गदा, शूल आदिले पिट्न थाले। यसरी शिवदूत र यमदूतबिच युद्ध हुने क्रममा नन्दीले यमदूतलाई मार्न लागेकोदेखि लोकलाई नियममा राख्न काललाई वरदान दिएको हुँदा तिनलाई नमार्न र काललाई जितेको गङ्गादास ब्राह्मणलाई कैलाश लैजान आकाशवाणी भयो र शिवदूतले तिनलाई कैलाश लगे। यता घाइते भएका यमदूतहरू यमलोकमा गई वृतान्त बताउँदा यमराजले तिनको खाता पल्टाई हेर्दा सबै पाप लुप्त भएको देखी यो शिवलिङ्गको प्रभावको कारण हो भन्ने जानी यमदूतहरूलाई हरि र हरको शरणमा परेको कहाँ कहिल्यै नजानु भनी सचेत गराए। यसरी गौरी कुण्डमा स्नान गरी महालिङ्ग मृत्युञ्जय सर्वेश्वर तथा सँगै रहेको कुम्भेश्वरको उपासना गरे शिवपद प्राप्त हुने वर्णन यहाँ गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २७०-२७२)। सर्वेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग बेसर शैलीको फराकिलो तामाले मोरिएको जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा अवस्थित छ।

४९. गोलोकेश्वर शिवलिङ्ग : गोलोकेश्वर शिवलिङ्ग नैकाप विशंदेवी बल्खु नदीको किनारमा अवस्थित छ। प्राचीनकालमा यस स्थान रुद्रतीर्थ नामले प्रसिद्ध थियो। अघि *'ब्रह्मणाराधितं पूर्व्वमेतल्लिङ्गं भुवस्तले। गोलोकात्स इहागत्य तस्थौ लिङ्गात्मको हरः। तद्गोलोकेश्वरं ख्यातमेतल्लिङ्गं सुरर्षिभिः'* (हिमवत्खण्डपुराण, अ. १३८।५।६) अर्थात् पृथ्वीतलमा बसी ब्रह्माले यस लिङ्गको आराधना गर्दा गोलोकमा बसेका शिव यहाँ लिङ्गको स्वरूप लिएर आएका हुँदा गोलोकेश्वर भनी प्रसिद्ध भए। देवर्षिहरूले सर्वेश्वर नामले उपासना गरे। पूर्वकालमा केकेर नामक राक्षसले जेष्ठ महिनाको शुक्लपक्षको चर्तुदशीका दिन मृग मारेर खाई तिर्खाएर पानी खोज्दै यसै स्थानमा आइपुगी यस तीर्थको जल पिउदा तिनलाई ज्ञान प्राप्त भयो। तिनले लिङ्गलाई बत्तीको ज्वाला समान मुनिव्रत धारण गरी एक वर्षसम्म फलफूल आदिले लिङ्गको उपासना गरी प्राण त्याग गर्दा तिनलाई प्रमथगण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आई गीतवाद्यका साथ शिवलोक लगे। त्यस्तै अघि वृत्तासुरले त्रैलोक्य विजय प्राप्त गरी इन्द्रबाट अमरावती खोसेर लिएपछि डराएका इन्द्रलाई नारदले साम दामादि चार प्रकारको नीतिद्वारा मित लगाई दिए। तर पनि वृत्तासुरसँग लड्न इन्द्र अनेक दाउ खोज्दै हिँड्ने क्रममा यस स्थानमा आइ पुगेर विधिवत् रुद्रतीर्थको स्नान गरी गोलोकेश्वरको उपासना गरी शत्रु संहार गर्ने वर प्राप्त गरे। महादेवबाट वर पाएका इन्द्रले वृत्तासुरलाई मार्ने इच्छा गरी इन्द्रदहको किनारमा बसिरहँदा आफ्नो मितप्रति विश्वास गरी आफ्ना कुनै पार्श्वचर नलिई यसै इन्द्रदहमा आइपुगेका वृत्तासुरलाई एक्लैदेखि इन्द्रले हिउँको सृष्टि गरे। वृत्तासुरले हेर्न नपाउँदै इन्द्रले उनको वध गर्दा इन्द्रलाई जता गए पनि ब्रह्महत्याले समात्यो र उनलाई एक हजार वर्षसम्म जहाँ गएपनि सुःख भएन। अन्त्यमा उनले नारदसँग यस पापबाट मुक्ति पाउने उपाय सोध्दा नारदले रुद्रतीर्थमा स्नान गरी गोलोकेश्वरको पूजा गर्न बताए। इन्द्र स्वर्गको सोपान पहाडबाट ओर्लिइ नेपालको उत्तम तीर्थहरूको भ्रमण गर्दै यस तीर्थमा आई स्नान गरेर जलबाट बाहिर निस्कँदा उनको शरीर हलुका भई उनलाई मित्रद्रोह र ब्रह्महत्याबाट छुट्कारा पाएको अनुभव भयो। उनले श्रद्धाका साथ रुद्रतीर्थ, शिवा कात्यायनी, जलमूर्तिको स्तुति गरी गोलोकेश्वरको पूजा गर्दा देवर्षिहरूले यसै तलाउको जलले इन्द्रको अभिषेक गरे। ब्रह्मादि देवताले जुनसुकै मानिसले भाद्र शुक्लपूर्णिमाका दिन यस दहमा स्नान गर्नाले चौतिस इन्द्रको पालामा हुने पुण्य प्राप्त हुने शुभ वरदान दिई ती स्वर्गलोक गए। इन्द्र दहमा विभिन्न तिथिमा स्नान गर्नाले इन्द्र समान हुने, मित्रद्रोहको पातकबाट मुक्त भइने साथै गोलोकेश्वर वरपर रहेका तक्षकनाग अवस्थित तलाउ, कर्कोटक ह्रद, औषधी नदी तथा मीन तीर्थमा स्नान गर्नाले विषको भय नहुने, दश गाई दान गरेको फल प्राप्त हुने आदि वर्णन यस अध्यायमा गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २७२–२७४)। गोलोकेश्वर शिवलिङ्ग **मानुष लिङ्ग** हो, यहाँ चतुर्मुखी शिवलिङ्ग नागर शैलीको फराकिलो जलहरीमाथि स्थापना गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५०. चन्दन भराटेश्वर शिवलिङ्ग : चन्दन भराटेश्वर शिवलिङ्ग थानकोटस्थित मातातीर्थ नजिक अवस्थित छ। प्राचीनकालमा शिव पार्वतीका साथ विमानमा चढी यस क्षेत्रमा आइ क्रिडा गर्दै यहाँ अवस्थित आफ्नो लिङ्ग मूर्ति पार्वतीलाई देखाउँदै सो लिङ्गबाट ब्रह्मा, विष्णु, इन्द्रले समेत मनले चाहेको कुरा प्राप्त गर्ने बताए। शिवले सो बताएपश्चात् *'नवधारोद्भवे सानौ संघर्ष्य चन्दनं शिवा। एतल्लिगं विलेप्यार्या भक्त्यार्च्चतिस्म नित्यशः। तस्माल्लोकैश्च विख्यातश्चनभराटेश्वरः। चन्दनघर्षणाच्चैवं चन्दनाद्रिरिति श्रुतः'* (हिमवत्खण्डपुराण, अ. १४०।१२।१३) अर्थात् भगवाती उमा तुरुन्तै विमानबाट ओलिई नवधाराको प्रस्तरमा चन्दन घोटी सो लेप शिवलिङ्गमा लगाई पूजा गर्दै त्यही हजार वर्ष बिताइन्। यसै समयदेखि चन्दन पर्वत र शिवलिङ्ग भराटेश्वर नामले प्रसिद्ध भए। पूर्वकालमा ब्रह्मानन्द नामक ब्राह्मण सुप्रभा नामक नगरमा बस्दथे, जो तीर्थ तथा ठूल्ठूला पर्वहरूमा दान लिई जीविका चलाउँथे। उनको एक मात्र पुत्रको अकस्मात् मृत्यु भएपश्चात् पुत्रशोकमा परेका ती ब्राह्मण आफ्ना मृत पुत्रलाई लिई यसै चन्दन भराटेश्वर शिवलिङ्ग रहेको स्थानमा आइपुगे। तिनले आफू बाँची छोरो मरेकोमा अनेकौ प्रकारले विलौना गर्दै आफू पनि देह त्याग गर्ने अठोट गर्न लागे। उनको विलौना सुनी लिङ्गमा स्थित ईश्वरले आफ्नो ज्योतिरूपको दर्शन दिई ती ब्राह्मणले पूर्वकालमा तीर्थ मन्दिर, ग्रहणादिमा दान लिएको तर दानको पाँचौं भाग देवता र आफ्नो, चारौं भाग यज्ञ तथा पाहुना र अरू दान नगरेको कारण उनको पुत्र अकालका मरेका बताए। साथै ब्राह्मणलाई आफ्ना मृत पुत्रलाई भस्मगङ्गा तीर्थमा स्नान गराई रुद्रतीर्थमा लगे ती बाच्ने बताई ज्योति अन्तर्ध्यान भए। ब्राह्मणले महालिङ्गलाई नमस्कार गरी आफू र आफ्ना पुत्रलाई भस्मगङ्गामा स्नान गराए। स्वर्णधारा, भस्मगङ्गा र पुण्याको सङ्गममा स्नान गर्दा ती ब्राह्मण पनि पूर्व जन्मको प्रतिग्रहबाट मुक्त भए। तिनले लिङ्ग तीर्थ र नवधारा महातीर्थमा आफूले स्नान गरी आफ्ना मृत पुत्रलाई स्नान गराउँदा तिनका पुत्र आसनबाट उठेझैँ जीवित भए। ब्राह्मणले आफ्ना पुत्रलाई काखमा लिई शिवलिङ्गको भक्तिपूर्वक स्तुति गरे तथा बाँचुञ्जेल यसै लिङ्गको सेवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे र मरेपश्चात् शिवलोक गए। यसै लिङ्गको प्रसादले वाणासुर, शङ्खासुर आदि दैत्यहरूले धेरै कालसम्म राज्य गरी हजारौँ वर्षसम्म स्वर्गमा राज गरे। भाद्र महिनाको संक्रान्ति र शुक्ल पक्षको द्वादशीमा मीनतीर्थमा स्नान गरे सहस्र गाई दानको पुण्य हुने, वैशाख कृष्ण औँसीमा गरे अनेकौँ पापबाट मुक्ति मिल्ने र सय गाई दान गरेको फल प्राप्त हुने, भाद्र पूर्णिमामा शक्रह्रदमा स्नान गरे तीस यज्ञको फल प्राप्त हुने वर्णन यहाँ गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २७५-२७७)। चन्दनभराटेश्वर शिवलिङ्ग स्वयम्भूव लिङ्ग रूपमा फराकिलो बेसर शैलीको जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा छ।

५१. यक्षेश्वर (आदेश्वर) शिवलिङ्ग : यक्षेश्वर शिवलिङ्ग स्वयम्भूको पश्चिम सीतापाइलाबाट इचङ्गु जाने मार्गमा यक्षतीर्थ नजिक अवस्थित छ। *'विष्णुनां स्थापितं लिङ्गमेतत्पुरा विरूपद्दक्। क्षेत्रे पाशुपते पुण्ये तप्तं चात्र कठोरकं'* (हिमवत्खण्डपुराण, अ. १४।५) अर्थात् पूर्वकालमा पाशुपत पुण्यमय क्षेत्रमा विष्णुले कठोर तपस्या गरी महादेवलाई प्रसन्न पारी यस लिङ्गको स्थापना गरेका थिए। विष्णुले शिवको सेवा गरी बसेकाले यस लिङ्गको नाम आदिलिङ्ग रहेको र पछि कुबेरका सेवक हयग्रीवले सेव गरेका हुंदा यक्षेश्वर रहन गएको हो। पूर्वकालमा हयग्रीव नामक यक्ष कुबेरको द्वारापाल भएपश्चात् घमण्डले कसैलाई पनि गणना नगरी कुबेरका दासहरूलाई समेत ढोकाभित्र पस्न नदिएपश्चात् कुबेरले तिनलाई राज्यबाट निकालिदिए। दैव संयोगले एकदिन हयग्रीव यस लिङ्ग भएको स्थानमा आइपुगी तीर्थ स्नान गरेर लिङ्गको पूजा गरे। तिनले बाह्र दिनसम्म लिङ्गलाई भक्तिपूर्वक उष्णोदक जलले स्नान गराई फलफूल मात्र खाई बाह्र वर्ष उत्तम स्तोत्रादिले शिवलिङ्गको उपासना गरे। तिनी महारोगी भई घाँटीसम्म प्राण आइसक्दा तिनले शिव भनी लिङ्गको स्पर्श गरेर प्राण त्याग गर्दा तिनलाई प्रमथगण आई शिवलोक लगे र तिनी शिवगणमा श्रेष्ठ भई रहे (हिमवत्खण्डपुराण, २०१३, पृ. २७७-२७८)। यक्षेश्वर शिवलिङ्ग स्वयम्भूव शिला रही तामाले मोरिएको बेसर शैलीको जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा अवस्थित छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५२. चण्डिकेश्वर शिवलिङ्ग : चण्डिकेश्वर शिवलिङ्ग टोखास्थित पिण्डारकतीर्थ नजिक अवस्थित छ। अघि मातृगणसहित चण्डिका देवी दैत्यहरूलाई मारी महारुद्रको ध्यान गरी यस स्थानमा धेरै कालसम्म बस्दा आश्विन शुक्ल चर्तुदशीका दिन यस लिङ्ग उत्पत्ति भयो। सो देखेर *'प्रेक्ष्य देवी महाल्लिङ्गमपूपुजन्मुदाच्र्चनैः। चण्डिकेशो ह्यातः ख्यातो लिङ्गेशोऽयं सुरासुरैः'* (हिमवत्खण्डपुराण,अ. १४२।६) अर्थात् देवी हर्षित भई चण्डिकाले यस लिङ्गको उपासना गरेको हुँदा चण्डिकेश्वर भनी देवता, दैत्यहरूले प्रसिद्ध गराए। कश्यपका पुत्र अन्धो अन्धकासुरले यहाँ आई चण्डिकेश्वरको आराधना गरी कुनै प्राणीले मार्न नसक्ने वर प्राप्त गरे। दैत्यहरूद्वारा हिरण्यकशिपु समान मानिन लाग्दा तिनले बारम्बर स्वर्गमा गई धन लुट्न लागे। ब्रह्मालाई अघि लगाई सम्पूर्ण देवताहरू चण्डिकेश्वर भएका स्थानमा आइपुग्दा अन्धकासुर पनि रिसले चूर हुँदै आई देवताहरू माथि वाण वर्षायो। दुवै बिच युद्ध हुँदा अन्कार भयो। विश्वकर्मा, इन्द्र, यमराज, कुवेर, वायु आदिले अन्धकासुरलाई वाण हान्दा उसले पिडाको परवाह नगरी चण्डिकेश्वर शिवलाई झटपट प्रणाम गरी आफ्नो इच्छा अनुसारको वरदान मागेर देवताहरूमाथि चारैतर्फ ज्वाला फैलिएको आग्नेयास्त्र हानी इन्द्र, दिक्पाललाई भुइँमा लडायो। विश्वकर्मालाई नागपाशले बाँधेर ब्रह्मास्त्रले हानी मार्न लागेकोदेखि देवताहरू रुद्र भन्दै भाग्न लागे। दैत्यको पराक्रम देखेर खुशी भएका शिवले आकाशवाणीद्वारा आफ्ना प्रमथगणलाई बोलाई अन्धकासुरलाई शिवलोक लैजान अह्राएपछि देवताहरू खुसीसाथ स्वर्ग गए। त्यस्तै अघि सुनीति नामक मरुत देशका राजाले द्वारकामा हरिको दर्शन गरी एउटा हातले हरिको प्रसाद फूल लिई ढोकामा उभिई आफ्नो बाटो लागे। यमराजले राजा भएर पनि तिनले नियम विपरीत काम गरेको कारण बताई तिनको हात काटिदिए। अचानक हात काटिएपश्चात् राजा विरक्त भई आफ्नो राज्यतिर नलागी पृथ्वीको सारा तीर्थ घुम्न थाले। उनले काशीतीर्थमा नुहाई ऋषिको मुखारविन्दबाट पशुपतिनाथले राज गरेको नेपालको महात्म्य सुनी कौशिकी, गण्डकी, बाग्मतीमा स्नान गरी पशुपतिको दर्शन गरी चण्डिकेश्वर भएको स्थानमा आई पिण्डारक तीर्थमा आफ्नो हात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलेको जस्तो होस् भनी बारम्बार डुबुल्की मार्दा हातका औँला पलाएको देखे। एक महिनासम्म स्नान गर्दा उनको हात पहिलेको भन्दा राम्रो भयो, उनी पाप रहित भए तथा आफ्नो राज्यमा गई धर्मपूर्वक धेरै वर्षसम्म राज्य गरी बसे (हिमवत्खण्डपुराण, २०१३, पृ. २७८-२७९)। चण्डीकेश्वर तीर्थमा फराकिलो बेसर शैलीको जलहरीसहित **मानुष लिङ्ग** रहेको छ।

५३. धर्मेश्वर शिवलिङ्ग : धर्मेश्वर शिवलिङ्ग टोखा चण्डेश्वरी नजिक लिविकोट धर्मतीर्थमा अवस्थित छ। जेष्ठिला नदी र धर्म गङ्गाको सङ्गम धर्मतीर्थमा अघि धर्मले वलाका (बकुल्ला) को रूप लिई शिवलिङ्ग स्थापना गरेकाले यस शिवलिङ्ग धर्मेश्वर शिवलिङ्ग तथा उक्त तीर्थ वलाकातीर्थ नामले प्रसिद्ध रह्यो। वलाका तीर्थ र उक्त तीर्थबाट निस्किएको पवित्र जलमा स्नान गरी ब्राह्मण भोजन गराउनाले पितृ उद्धार हुने र मनले चिताएको पुग्ने वर्णन यस पुराणमा गरिएको छ। अघि वकास्य नाम गरेको किराँती व्याधाले सधैँ धेरै प्राणी मारेर खाई जीविका चलाउने क्रममा माछा मारेर तिर्खाले आतुर भई धर्मतीर्थको जल पिउँदा उसको मनमा धर्मको भाव जागी उ ज्ञानी हुँदै गयो। एकदिन वकास्यले वशिष्ठ ऋषिले यस तीर्थमा स्नान गरी धर्मेश्वरको पूजा गरेकोदेखि उसले पनि शिवलिङ्गलाई पातको खोचा बनाई जल तथा विल्वपत्र चढाइ औँसीका दिन पूजा गऱ्यो। त्यसको भोलिपल्ट उसलाई बाघले खाँदा ऊ मर्यो। विशिष्ठकै अगाडि उसलाई शिवका प्रमथगण आइ शिवलोक लगे। यसरी धर्मतीर्थमा स्नान गरे सबै पाप नाश हुने तथा *'भक्त्याच्र्चति च धर्मेशं धर्मलोकं स गच्छति'* (हिमवत्खण्डपुराण, अ. १४३।२३) अर्थात् धर्मेश्वरको उपासना गरे धर्मलोक गइने वर्णन यहाँ गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २७९-२८०)। सानो खोल्साको आडमा रहेको धर्मेश्वर शिवलिङ्गको लिङ्ग प्रत्येक वर्ष वर्षायामले बगाउने कारण अस्थाइ रूपमा नदीमा पाइने प्राकृतिक शिलालाई त्यहाँ विद्यमान फराकिलो बेसर शैलीको जलहरीमा राखी उपासना गर्ने गरिएको छ। **स्थायी शिवलिङ्ग नै छैन।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५४. गोकर्णेश्वर शिवलिङ्ग : गोकर्णेश्वर शिवलिङ्ग काठमाडौँको गोकर्णस्थित चन्द्रभागा नदी तथा बाग्मती नदीको सङ्गम पैतामहतीर्थमा अवस्थित छ। यस तीर्थको स्पर्श मात्र गर्नाले दशपटक गया श्राद्ध गरेको पुण्य प्राप्त हुने तथा यहाँ विधिपूर्वक पिण्डदान गर्नाले गया श्राद्ध गरेको सय गुणा फल प्राप्त हुने वर्णन हिमवत्खण्डपुराणमा गरिएको छ। भक्तलाई वर दिने *'ब्रह्मणा स्थापितं पूर्वमेतल्लिङ्गं च हारिणं। गोकर्णख्यं महालिङ्गं भक्तानां च वरप्रदम्'* (हिमवत्खण्डपुराण, अ. १४४।९) अर्थात् गोकर्ण नामक यस अत्यन्त मनोहर महालिङ्गको स्थापना अघि ब्रह्माले गरेका थिए। ब्रह्मा साथै पुलस्य, विश्रवाले यस लिङ्गको सेवा गरेका थिए। रावण गोकर्णेश्वरबाटै वरदान पाई सिद्ध भएका थिए। अघि कुण्डली नगरमा बस्ने दाँत उच्छिटिएको बाबुको ठेगाना नभएको दन्तुर नामक वेश्या पुत्र वैश्य थियो। आफ्ना साथीहरूले तिमी कसका पुत्र हौ भनी सोध्दा जवाफ दिन नसकेपछि विरक्तिएर नगरबाट निस्किइ गङ्गाको तिरमा हिँड्दा उनले पुलहलाई भेटे। पुलहले पनि दन्तुरको परिचय माग्दा उनले आफूलाई थाहा नभएको यथार्थ कुरा बताउँदै बरु पुलह सर्वज्ञ हुँदा आफ्नो माता पिताबारे उनले नै बतादिनु पर्ने अन्यथा प्राण त्याग गर्ने सुनाए। पुलहले दन्तुरलाई हिमालयको काखमा नेपाल नामक पवित्र शिवजीको देशमा चन्द्रभागा नदीको किनारमा अवस्थित गोकर्णेश्वरको पितामह तीर्थमा पिण्डदान गर्नाले तिनका पिता पिण्डग्रास गर्न आउनेछन् र सोही बखत उनले आफ्नो पितालाई चिन्ने बताएपछि दन्तुर यस स्थानमा आए। उनले भाद्र कृष्ण चर्तुदशीका दिनमा विश्रवा मुनिका साथ स्नान गरी गोकर्णेश्वरको दर्शन गरेर सोही तीर्थमा बसे। भोलिपल्ट औँसीका दिन उसले गदाधर नामक उत्तर गयातीर्थमा स्नान गरेर आफ्नो बाबुको नाम थाहा नहुँदा यथा नाम भन्दै मन्त्रको उच्चारण गरी पितृलाई पिण्डदान गर्न लाग्दा दन्तुरका अघिल्तिर धेरै पितृहरू आइ तिमी मेरो छोरो हौ मलाई पिण्ड देउ भनी एक आपसमा झगडा गर्न लागे। विश्रवाले उनलाई अहिले कसैलाई पनि पिण्ड नदेउ म ब्रह्माको स्मरण गर्दछु भनी उनले स्मरण गर्दा ब्रह्मा झट्ट आई ती वैश्यलाई आफ्नो पिता चिनाइदिइ तिनैलाई पिण्ड दिन अह्राएपश्चात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनले तिल, जलसहित पिण्डदान गरे। सात पुस्तासहित तृप्त भएका पितृहरूले वैश्यलाई चक्रवर्ती हुने र लिङ्गको आश्रयले मुक्त हुने आर्शीवाद दिए। वैश्यले गोकर्णेश्वरलाई सुन अर्पणसहित पूजा गरी आफ्नो देश फर्किए र चक्रवर्ती भई राज्य गरे। पछि विरक्तिएर राज्य छोरालाई सुम्पी गोकर्णेश्वरको नाम पुकार्दै भ्रमण गर्दा उनले पाशुपत क्षेत्रमा प्राण त्याग गरे। उनको पुण्यको प्रभाव र पितृहरूका आर्शीवादले उनी पुनः स्वर्गबाट गोकर्णेश्वरमा आई शिवको पूजा, पितृहरूको नाममा संकल्प गरी तिल जल चढाउँदा शिवगण आई उनलाई शिवलोक लगे। त्यस्तै अघि कुनै चोरले चोरी गरी भाग्ने क्रममा गोकर्णेश्वरलाई नमस्कार गरी सोही स्थान नजिकको पर्वतबाट हडबड गरी दौडन खोज्दा लडेर त्यस चोरको मृत्यु हुँदा तिनलाई शिवदूत आई शिवलोक लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २८०-२८३)। गोकर्णेश्वर शिवलिङ्ग स्वयम्भूव लिङ्ग रही फराकिलो बेसर शैलीको चाँदीले मोरिएको जलहरीसहित अर्धस्वयम्भूव रूपमा अवस्थित छ।

५५. **कोटीश्वर शिवलिङ्ग** : कोटीश्वर शिवलिङ्ग काठमाडौँ कोटेश्वरस्थित हनुमती, बाग्मती, मणिमती तथा रुद्रधारा (पातालगङ्गा) को सङ्गम शङ्खमूलतीर्थमा अवस्थित छ। *'त्रिगङ्गा सङ्गमं यत्र एकापि दुल्लर्भा त्रिपु'* (हिमवत्खण्डपुराण, अ. १४६।१५) अर्थात् तीनवटा गङ्गाको सङ्गम भएका कारण यस महाक्षेत्र पुण्यभूमि हो। यस महातीर्थको जल स्पर्श गर्नाले महापापबाट मुक्त हुने र यस तीर्थमा स्नान गरेमा धर्म, अर्थ, काम, मोक्ष प्राप्त हुने वर्णन छ। रुद्रमती किनारमा रहेको कोटीश्वर महादेवको प्रसादले व्यास मुनिश्रेष्ठ भएका थिए। राक्षस विभिषण, सिद्ध गण सप्तऋषि र अरू प्राणीहरूले पनि धेरै कालसम्म यहाँ तपस्या गरेका थिए। अघि उज्जयिनी शहरमा बस्ने कुनै ब्राह्मणले युद्धमा आफ्नो बाबुलाई मारी केही कालपछि आफू पनि गङ्गाको तिरमा मरेका कारण त्यसको पुण्यले अर्को जन्ममा तिनले ब्राह्मण भई जन्म लिए। तर आफ्नै गर्भिणी पत्नीको हत्या गरेकोले तिनी लोकद्वारा त्यागिएपश्चात् ब्रह्मपिशाच भई गोहत्या गरी मासु खान लागे। उनलाई गोरक्षकले गाली गर्दा उनले ती गोरक्षक ब्राह्मणलाई समेत मारे। यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्री, बालक, गाई, ब्राह्मण आदि हत्या गरेको पापले ती कुष्ठी, व्रणी रोगयुक्त भए। एकदिन तिनले सनक, सनातन, वशिष्ठ, सनतकुमार, कपिल आदि मुनिलाई यसै तीर्थको किनारमा देखे साथै बालुवाको शिवलिङ्ग बनाई पूजा गरिरहेका एक भिक्षुलाई देखे। भिक्षुले ब्रह्मपिशाचलाई ती मुनिहरूलाई देखाउँदै उनले पनि यस महातीर्थमा स्नान तिनको सबै पाप मुक्त हुने बताउँदै आफूले पनि सो तीर्थमा स्नान गरी शिवलिङ्गको पूजा गरी एकान्तमा जप गर्न थाले। भिक्षुले अह्राए अनुरूप तीर्थमा स्नान गर्दा उनी कुष्ट, व्रणादि रोगबाट मुक्त भए। उनले पहिले गरेको कर्म सम्झी नारदका समिप आफूले गरेका पापहरूबाट मुक्त हुने उपाय सोधे। नारदले त्रिगङ्गाको सङ्गममा नित्य एक वर्षसम्म स्नान गरे तिनको सबै पाप नाश हुने तथा शिवलिङ्गको पूजा गरे तिनले चिताएको प्राप्त गर्ने बताए। उनले कोटीश्वर महालिङ्गको प्रदक्षिणा गरी पञ्चोपचारले उपासना गरेर शिवको स्मारण गर्दै मंसीर, पौष आदि विभिन्न महिनाको संक्रान्ति, औँसी, पूर्णिमा आदि तिथि पर्वमा स्नान गर्दा तिनको शरीर पहिलेको भन्दा सयौँ गुणा शुद्ध, निरोगी र उज्जवल भयो। उनलाई बाग्मतीले उत्तम ब्राह्मण हुने, उनको शरीर निष्पाप हुने र सात जन्मको पापबाट मुक्त हुने तथा उनले शरीर, मन, वचनले गरेको दोषबाट मुक्त भई चिरञ्जिवी हुने वर दिए। यसै क्रममा उनले कार्त्तिक पूर्णिमाका दिन भक्तिका साथ कोटीश्वरको पूजा गर्दा शिवका प्रमथगणहरू पुष्पवृष्टि गर्दै विमानसहित आई तिनलाई शिवपुर लगे। यसरी उत्तर प्रयागमा स्नान गरी बाग्मतीस्तोत्र पाठ गर्नाले बाग्मतीमा स्नान गरेको पुण्य प्राप्त गर्ने र बाल हत्या, स्त्रीहत्या, पितृहत्या, गोहत्या आदिबाट मुक्त हुने वर्णन यस अध्यायमा गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २८४–२८८)। कोटीश्वर शिवलिङ्ग स्वयम्भूव लिङ्ग रही तामाले मोरिएको फराकिलो बेसर शैलीको जलहरीसहित अर्धस्वयम्भूव स्वरूपमा छ।

५६. **वाणेश्वर शिवलिङ्ग** : वाणेश्वर शिवलिङ्ग काठमाडौँ बानेश्वरस्थित वाणगङ्गातीर्थ नजिक अवस्थित छ। प्राचीन कालमा *'वाणर्षिणा द्विजैस्तद्वै लिङ्गं संस्थापितं पुरा। अस्मिन्पाशुपते क्षेत्रे तस्माद्वाणेश्वरः श्रुतः'*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(हिमवत्खण्डपुराण, अ. १४७।४) अर्थात् वाण नामक ऋषिले पशुपति क्षेत्रमा यस लिङ्गको स्थापना गरेका हुँदा यस शिवलिङ्ग वाणेश्वर नामले प्रख्यात रह्यो। अघि पिङ्गकेश नामक एक किराँती शिकारी थिए जो दैनिक मृग आदि जन्तुको शिकार गरी आफूले ल्याएको शिकार भक्तिपूर्वक वाणेश्वरलाई अर्पण गरी आफ्नो परिवारको साथ बसेर भोजन गर्दथे र आफ्नो पत्नी पुत्रका साथ शिव शिव भन्दै शिवको भजन गर्दथे। तर दिनहुँ धेरै पटक पत्नीसँग सम्भोग गर्नेको दोषले ती क्षय रोग भई दिनदिनै सुक्दै गए। माघे संक्रान्तिका दिन मध्याह्नमा ती किराँतले शिव, रुद्र भन्दै वाणेश्वर शिवलिङ्ग सामुन्ने प्राण त्याग गर्दा शिवजीका आज्ञाले प्रमथगण आई बाजा बजाउँदै तिनलाई रुद्रकन्याहरूले सेवा गरिएका शिवधाम लगे। पिङ्गकेश शिवको प्रमथ गणमा श्रेष्ठ रुद्रको सेवक भइ रहे। वाणगङ्गातीर्थमा स्नान गरी वाणेश्वरको उपासना गरी उनको महात्म्य सुन्नाले सम्पूर्ण पाप नाश भई सदाशिवको लोकमा पुगिने वर्णन यस अध्यायमा गरिएको छ। (हिमवत्खण्डपुराण, २०१३, पृ. २८८) वाणेश्वर शिवलिङ्गमा नागर शैलीको फराकिलो जलहरीसहित मानुष लिङ्ग रहेको छ।

५७. ज्ञानेश्वर शिवलिङ्ग : ज्ञानेश्वर शिवलिङ्ग काठमाडौँ ज्ञानेश्वरस्थित मयुरतीर्थ नजिक अवस्थित छ। पूर्वकालमा दैत्यहरूद्वारा दुःख दिइएका स्कन्द आदि देवताहरूले तीसँग लड्न शिवको आराधना गर्दा माघ कृष्ण चर्तुदशीका दिन लिङ्ग रूपमा प्रकट भए। जसलाई देखी देवताहरू समेत मुग्ध भए। स्कन्दआदि देवताहरूले विधिपूर्वक यस लिङ्गको पूजा गर्दा सोबाट शिव उत्पत्ति भई देवताहरूलाई जेष्ठिला नदीमा स्नान गरे तिनको विजय हुने बताए। स्कन्दलाई अघि लगाई देवताहरूले विजय प्राप्तिको निम्ति कुश जल लिई संकल्प गरी जेष्ठिला नदीमा स्नान गरेर अब आफ्नो विजय हुनेछ भनी नाच्दै स्वर्गमा युद्धको निम्ति गए। *'मयुरतीर्थमित्याख्यं नाके युद्धं ययुः सुरा। तस्मात्प्रभृतिसिद्धार्य सर्वलोकैरिति श्रुतम्'।* (हिमवत्खण्डपुराण, अ. १४८।१०।११) अर्थात् यसैबेलादेखि जेष्ठिला नदीलाई मयुरतीर्थ भन्न थालियो। अघि कुनै विटङ्क नामक महात्मा ब्राह्मणको मूक चरण नामक लाटो पुत्र थियो। ती महात्माले जेष्ठ शुक्ल नवमीका दिन यस मयुर तीर्थमा रातभर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसी भोलिपल्ट दशमीको दिन ती पुत्रलाई स्नान गराउँदा ती लाटोको बोली फुट्यो। ती बालकले भोक लाग्यो बुबा केही खानेकुरा दिनु होस्, आफ्नो प्राणको रक्षा गर्नुपर्‍यो भनेपछि विटङ्कको खुसीको सिमाना रहेन। उनले ती पुत्रलाई ज्ञानेश्वर शिवलिङ्ग सामु लगे। दुवै बाबु छोराले पञ्चोपचारले लिङ्गको आराधना गरी त्यही रात बिताउँदा भगवान् शिवले ती भक्त बालकलाई ज्ञान दिए। ती बालकले त्यसै दिनदेखि निरन्तर यस शिवलिङ्गको सेवा गरेर बसे र शिवको कृपाले उनी छन्दोबद्ध श्लोकमा बोल्न सक्ने भए। उनी बिस्तारै सम्पूर्ण विद्यामा पारङ्गत र सबै प्राणीमा दया गर्ने भए। जीवनको अन्तिम अवस्थामा भक्तिपूर्वक रुद्रको दशलाख जप गर्दा उनले शिवबाट वरदान पाए। उनलाई शिवका प्रमथ नामक पार्शदहरू आइ शिवलोक लगे। चरणले सेवा गरेको हुँदा ज्ञानेश्वर शिवलिङ्ग लाई चरणेश्वर पनि भनिन्छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २८८-२८९)। ज्ञानेश्वर शिवलिङ्ग लिङ्ग स्वयम्भूव शिला रूपमा रही फराकिलो बेसर शैलीको तामाले मोरिएको जलहरीसहित **अर्धस्वयम्भूव** रूपमा रहेको छ।

५८. पर्वतेश्वर शिवलिङ्ग : पर्वतेश्वर शिवलिङ्ग पाशुपत क्षेत्र बाग्मतीनदीको किनार कैलाश डाँडामा अवस्थित छ। अघि यस क्षेत्रलाई ज्ञानकूप तीर्थ भनिन्थ्यो। *'यदा हिमालयेनाटर्य तप्तं पशुपति भृशं। तदैव स्थापितं लिङ्गमेतद्धिमवतात्र वै। तदादिशति विख्यातं लोकैश्च पर्वतेश्वरः'* (हिमवत्खण्डपुराण, अ. १४९।४।५) अर्थात् हिमालय पर्वतले पशुपतिमा आइ शिवको घोर तपस्या गरी लिङ्गको स्थापना गरेका हुँदा पर्वतेश्वर नामले प्रख्यात भए। त्यस्तै अघि स्थूलपाद नामक एक योजन लामा पाउ भएका गुह्यक थिए, जो कुबेरका साथ बाग्मतीको स्नान गर्न यस स्थानमा आई श्रावण पूर्णिमाका दिन भक्तिपूर्वक उनले बाग्मतीमा स्नान गरे तथा ज्ञानकूपतीर्थमा डुबुल्की मारे। ज्ञानकूपमा डुबुल्की मारेका कारण ती ज्ञानी बने। उनले जीवन अस्थिर छ राम्रो कार्य गर्नुपर्दछ भन्ने बुझी आफ्ना प्यारा मालिक कुबेरलाई समेत त्यागेर पर्वतेश्वर शिवलिङ्गको सेवा गर्न थाले। ज्ञानकूपको जल र नाना प्रकारका फूलहरूले हर्षित भई पर्वतेश्वरको उपासना गरी आफूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वतेश्वरको दास हुँ भन्दै स्थूलपादले माघकृष्ण चर्तुदशीको रातमा आफ्नो नश्वर शरीर त्यागे। उसलाई तत्काल रुद्रगणहरू फूलको वर्षा गर्दै हर्षित भइ आएर शिवपुर लगे। पर्वतेश्वर शिवलिङ्गको महात्म्य सुनी पवित्र जल भएको ज्ञानकूप तीर्थमा स्नान गर्नाले ज्ञानी हुने, जानी जानी गरेका कठिन पापबाट मुक्त हुने वर्णन यहाँ गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २८९-२९०)। पर्वतेश्वर शिवलिङ्ग फराकिलो बेसर शैलीको जलहरीसहित **मानुष लिङ्ग** रूपमा रहेको छ।

५९. जलेश्वर शिवलिङ्ग : जलेश्वर शिवलिङ्ग गुह्येश्वरी मन्दिर अगाडि घाटमा बाग्मतीनदी भित्र रहेको छ। अघि बाग्मतीले शिवसँग भक्तिपूर्वक उनको रक्षा गर्न तथा उनलाई पवित्र बनाउन पुकार गर्दै नित्य आराधना गर्दा जलभित्र रहेका शिव उत्पन्न भई बाग्मतीलाई उनी सारा लोकद्वारा मानिने, सारा पाप विनाशक हुने वर दिए। शिवले तिनलाई पुनः वर माग्न आग्रह गर्दा बाग्मतीले सबै दुष्ट जन्तुहरूले गर्दा उनी दूषित र अपवित्र भएकी कारण उनले शिवलाई पनि त्यही जलमा निवास गर्न आग्रह गरिन्। शिव जलमा निवास गरिदिएमा उनले नित्य आफ्नो छालले शिवको अभिषेक गर्ने र शिवको प्रसादले आफू समेत पवित्र हुने वर मागिन्। शिवले बाग्मतीको इच्छा पूर्ण हुने वर दिए। शिवले पुनः बाग्मतीलाई प्राणीले उनको जलमा स्नान गरेमा तिनको स्पर्शले ती प्राणी पापरहीत हुने, प्राणीहरूको *मलमूत्रैस्तथोच्छिष्टैः कदापि त्वं न दुष्यसे'* (हिमवत्खण्डपुराण, अ. १५०।२०) अर्थात् मलमूत्र र जुठोले तिनी कहिल्यै दूषित नहुने तथा जसले शंका गरी बाग्मतीमहानदीमा स्नान गर्दछ, त्यो पापको बन्धनमा पर्ने वरदान दिए। त्यस्तै जहाँसम्म तिनको प्रवाह बगिरहन्छ त्यहाँ जलभित्र रहेर धर्मरूपी छालले शिवको नित्य स्नान गरिरहने र लोकले तिनलाई धर्म तरङ्गिणी, शिवगङ्गा, सरस्वती मान्ने वरदान दिई शिव अन्तर्ध्यान भए। बाग्मतीपनि स्वच्छ छालले शिवलिङ्गको पूजा गर्दै तरङ्गयुक्त भई खुसीका साथ बग्न थालिन्। देवर्षि तथा सिद्धहरूले पनि जलेश्वरको उपासना गरे। अघि कुनै ब्राह्मणले गुरूको गाई हत्या गरी निर्जन जङ्गलमा पितृको उद्देश्य गरी ल्याएको मासु पितृलाई अर्पण नगरी खाएको पापले अर्को जन्ममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन प्रकारको कठोर दुःखले युक्त त्रिशङ्कु नामक वाणासुर दैत्यको पुत्र भइ जन्मिए। कुनै पर्वमा देवता, ऋषिहरूले बाग्मतीनै ढाकेर भक्तिपूर्वक जलेश्वर शिवलिङ्गको पूजा गरेको देखि तिनले झट्पट वाणको वर्षा गर्दै देवर्षिहरूलाई एकछिन बस्नु भन्दै कराए। तिनलाई देखेर देवता ऋषिहरू भागाभाग गर्दा तिनले जलेश्वरको दर्शन पाए। त्यसपश्चात् गोकर्णको कन्दराबाट त्रिशङ्कु नित्य बाग्मतीमा आई यस शिवलिङ्गको भक्तिपूर्वक उपासना गर्दा सबै हातहतियारले सुसज्जित भई कार्त्तिक शुक्ल अष्टमीका दिन शिव प्रकट भए। शिवले तिनलाई चिताएको वर दिँदै चिरञ्जिवी हुने, देवदानवहरूले तिनलाई जित्न नसक्ने र आफ्नो अनुचर हुने वरदान दिई अन्तर्ध्यान भए। तत्काल शिवगण आई तिनलाई शिवपुर लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २९०-२९१)। जलेश्वर शिवलिङ्ग बाग्मतीनदीको जलभित्र बालुवाले छोपिएर रहेको मानिएको हुँदा यसको हालको अवस्था अज्ञात छ। **शिवलिंग छैन।**

६०. गुह्येश्वर शिवलिङ्ग : गुह्येश्वर शिवलिङ्ग प्रसिद्ध गुह्येश्वरी मन्दिर प्राङ्गणमा गुह्येश्वरीमहातीर्थ नजिक अवस्थित छ। अघि गुह्येश्वरी र गुह्येश्वरको प्रसादबाट देवताहरूले वर पाएका थिए। त्यस्तै *'ब्रह्मणा ब्रह्मपदं लब्धं वैकुण्ठं विष्णुना पुनः। रुद्रेण व्यापकं लब्धं शंकरत्वं च सर्वदा'* (हिमवत्खण्डपुराण, अ. १५१।१०) अर्थात् योगरूप भई ब्रह्माले ब्रह्मपद, विष्णुले वैकुण्ठपद, रुद्रले व्यापक शंकरत्व र दिक्पालहरूले दिक्पालत्व प्राप्त गरेका थिए। आफ्ना भक्त ऋषिहरूलाई पूज्यता र सिद्धहरूलाई निरन्तर सिद्धि प्रदान गर्ने यिनै मानिएको छ। अघि कुनै स्त्री पतिलाई छोडेर परपुरूषसँग व्यभिचार गर्थिन् तर तिनको पतिको मृत्यु हुँदा तिनी गङ्गामा सति गएकी पुण्यले अर्को जन्ममा तिनका पति सुदन्त नामक राजा र तिनी आफू पिङ्गला रानी भइन्। तर पूर्व जन्मको विपाकका कारण तिनका पतिले तिनको मुख नहेर्दा ती अत्यन्त दुःखी थिइन्। कुनै योगीको मुखबाट वश्य र स्तम्भको प्रशंसा गरिएकी देवीको महात्म्य सुनी ती पिङ्गला देश देशान्तर घुम्दै गुह्येश्वरी आइपुगिन्। तिनले गुह्येश्वरी महातीर्थमा स्नान गरी आफ्ना पति आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वशमा हुन् भन्ने मनमा भाव राखी नाना प्रकारका फूल ल्याई नवमीको महारात्रीमा देवीको पूजा गर्दा उनलाई सिन्दूर र गाजल स्वीकार गर भन्ने आकाशवाणी भयो। देवीको वचन सुनी चकित भई यताउती हेर्दा उनले सिन्दूर र गाजल देखिन्। दशमीका दिन स्नान गरेर उनले पार्वतीको पूजा व्रत पारायण गरी आफ्नो पतिको नाम लिई देवीको स्तोत्र पाठ गर्दै सो सिन्दूर र गाजलले मुहार सिङ्गारी जन्म जन्म आफ्ना पति आफ्नो वशमा रहुन् भन्दै स्वदेश लागिन्। बाटामा तिनको मुहारदेखि सबै मोहित भए। यस प्रयोगले हजार योजन टाढा रहेका राजा सुदन्तको मन चञ्चल भई मनमा क्षोम पैदा भई ती पिङ्गलालाई खोज्न हिँड्दा दुवैको भेट गङ्गा तीरमा भयो। राजाले मलाई छोडी कहाँ गएकी थियौ भनी तिनलाई आलिङ्गन गर्न लाग्दा त्यसै बखत इन्द्र देवताहरूका साथ आई पिङ्गलालाई लैजान कामासक्त भई हात पर्सान लागे। पिङ्गलाले इन्द्रलाई तिनलाई स्पर्श मात्र गरे पनि देवीको प्रसादले र आफ्नो श्रापग्निको ज्वालाले इन्द्र भष्म हुने बताई उनी पतिका साथ लागिन्। आफ्नो मनोरथ भङ्ग भएका इन्द्र श्रापदेखि डराई स्वर्ग फर्के। पिङ्गलाले पति, छोरा छोरीसहित सुख भोग गरिन्। देहान्तपछि तिनलाई योगिनीहरूले देवीको पुरमा लगे। त्यस्तै अघि द्विजातिको धर्म सम्पत्ति देखेर इर्ष्या गर्ने व्यङ्ग नामक जीवजन्तु मारेर जीविका चलाउने चाण्डाल मिथिलामा बस्दथ्यो। मर्ने बेलामा वैद्यको मुखबाट बागमतीको महात्म्य सुनी अर्को जन्ममा ब्राह्मण हुन पाउँ भनी बागमतीको किनारमा प्राण त्यागेका कारण ती ब्राह्मण भएर त जन्मिए तर सारा प्राणीलाई तर्साउने, दुराचार गर्ने, झुटो बोल्ने हुँदा उनी ब्रह्मचण्डाल नामले पुकारिए। कुनै योगीको सङ्गतले ती पापबाट मुक्त भई तिनै योगीका साथ बागमतीमा स्नान र पशुपतिको दर्शन गरे। दुवैले गुह्येश्वरीको दर्शन गरी गुह्यनाम महालिङ्गको स्पर्श गरे। महालिङ्ग छुनासाथ योगी पञ्चभौतिक शरीर छोडी आकाशतर्फ लागे। यस्तो देखि ब्रह्मचण्डाल दुःखी भई जबसम्म आफ्नो उद्धार हुँदैन तबसम्म यसै लिङ्गको सेवा गर्छु भनी शरीरमा खनारी घसी, रुद्राक्ष धारण गरेर अनेकौं फूल खोजेर ल्याई शिवलिङ्गको उपासना गर्दा शिवले तिनलाई तीन नेत्र, त्रिशूल, डमरु, माला र आफ्नै जस्तो शरीर प्रदान गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनले गुह्येश्वरसहित गुह्येश्वरीको स्तुति गर्दा महादेवको आज्ञाले आकाशबाट प्रमथगण आई उनलाई पवित्र शिवपुर लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. २९१–२९३)। गुह्येश्वर शिवलिङ्ग गुह्येश्वरी मन्दिरको बाहिरी प्राङ्गणमा सानो खाल्टोमा **मानुष लिङ्ग** स्वरूपमा अवस्थित छ।

६१. किराँतेश्वर शिवलिङ्ग : किराँतेश्वर शिवलिङ्ग पाशुपत क्षेत्र श्लेषमान्तक वनको छेउ गौरीघाट गौरीतीर्थ नजिक अवस्थित छ। अघि ब्रह्मा, विष्णु, कार्त्तिकेयका साथ महादेव पार्वती संवाद गरिरहँदा पार्वतीले सोधपश्चात् महादेवले देवताहरूलाई जगत्को सृष्टिबारे बताए। त्यसै बखत ब्रह्माले विष्णुलाई सम्बोधन गर्दै पार्वतीलाई देखाउँदै विष्णुको आँखालाई जसले मोह गरेथ्यो, जुन शक्तिले महादेव पनि हरबखत मुग्ध भए त्यस्ता सित हामी जस्ताको के भनी पार्वतीलाई नमस्कार गरे। पार्वतीले ब्रह्माले गरेको प्रशंसा सुनी शिवलाई हेरी मुसुमुसु हाँस्दा महादेवको मनमा रिस पैदा भई स्कन्दलाई बाहुबलले तिनको आसनको रक्षा गर्नु भनी अह्राई आफू अलप भई किराँतीको रूप र भेष धारण गरी श्लेषमान्तकमा विहार गर्न लागे। किराँती रूप धारण गरेका महादेवको चरित्र पार्वतीले थाहा पाई आफू पनि किराँतिनीको रूप धारण गरी किराँतिनीहरूको चेष्टा गरी महादेव र सम्पूर्ण चराचर जगत्लाई मोह पारी आनन्दले क्रिडा गर्न थालिन्। विहारको क्रममा *'कार्त्तिकस्य चर्तुदश्यां कृष्णायां चात्र शंकरः। लिङ्गं स्थापितवानेतत्किरातरूपधृक् मुदा'* (हिमवत्खण्डपुराण, अ. १५३। २६) अर्थात् कार्त्तिक शुक्ल चर्तुदशीका दिन किराँती रूप महादेवले यस स्थानमा किराँतेश्वर शिवलिङ्गको स्थापना गरे। शिव कुनै पनि प्राणी नरहेको एकान्त स्थलमा शिवलिङ्ग स्थापना गरी बसेको किराँतीनीले थाहा पाई उनले जङ्गली फूल, जल, अनेक उपचारले लिङ्गको पूजा गर्दा शिवले कुनै प्राणी नभएको एकान्त स्थलमा अरू कसैले पूजा गरेको थाहा पाई महादेव अदृश्य रूपले चियो गरी बस्दा गौरीले लिङ्गको पूजा गरेकोदेखि सन्तुष्ट भई दुवै मुग्ध भएर दिव्य हजार वर्ष बिताए। ब्रह्मा, विष्णु आदि देवता शिव पार्वतीलाई नदेखेर खोज्दै यस क्षेत्रमा आई गुह्येश्वरी तथा तिनको अभिन्न रूप शिवलाई नमस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै गुह्येश्वरीलाई शिवको दर्शन गराइदिन स्तुति गर्दा गुह्येश्वरी प्रकट भई त्यसस्थान भन्दा माथि गए किराँतरूप शिव र किराँतीनीरूप आफूलाई देख्ने बताइ अन्तर्ध्यान भइन्। देवताहरू तपोवनतिर उक्लदा किराँतेश्वर शिवलिङ्ग नजिकै किराँतहरूका बिच शिव र किराँतीनी रूप पार्वतीलाई शिवले आसनमा बसाली हाँस्दै आफू तिनको मायाले मोहित भएको बताई रहेको देखे। सोही बखत पार्वतीले शिवलाई कैलाश जानका निम्ति अनुरोध गर्दा शिवले उनलाई यस स्थान कैलाशभन्दा पनि प्यारो लागेकोले यस स्थान छोडी जान मन नभएको बताए। शिवले पार्वती तथा देवताहरूलाई समेत किराँत रूप लिई उनका साथ क्रिडा गर्न अह्राएपछि सबै हजार वर्षसम्म सोही स्थानमा रही पछि सबै आ-आफ्ना लोक गए। अघि शुकवक्र नामक किराँतले शिकार खेल्ने क्रममा यस शिवलिङ्गलाई गन्धर्वहरूले उपासना गरिरहेकोदेखि उनले पनि जङ्गली फूलपात, मुखमा अटाएसम्मको जल, मिठो मिठो फल चाखेर तथा मृगको मासु चढाएर पूजा गरे। यसरी भक्तिपूर्वक वर्षदिनसम्म किराँतेश्वरको पूजा गर्दा शिव प्रसन्न भए। कार्त्तिक कृष्ण चर्तुदशीका दिन शिवका पार्षद आई तिनलाई कैलाश लगे। चौसट्ठी शिवलिङ्गको दर्शन र महात्म्य सुन्दै नेमुनिसँगै हिडेका विरूपाक्षले नेमुनिसँग यसरी अपवित्र, जुठो, बिना मन्त्रको पूजाले शिव कसरी खुसी हुन्छन् भनी प्रश्न गर्दा नेमुनिले प्रेम र श्रद्धाले युक्त भएको मानिसले जेसुकैले पूजा गरे पनि शिव खुसी हुने जवाफ दिए। यसै स्थानमा किराँतरूप शिव र अर्जुनको युद्ध भएको र शिवले उनलाई यसै स्थानमा पाशुपतास्त्र दिएका थिए। किराँतेश्वर शिवलिङ्गको महात्म्य सुनी यस लिङ्गको भक्तिपूर्वक उपासना गरे संसारमा जन्मिएको फल तथा जे चितायो त्यो प्राप्त हुने वर्णन यस अध्यायमा गरिएको छ (हिमवत्खण्डपुराण, २०१३, पृ. २९५-२९८)। किराँतेश्वर शिवलिङ्ग मानुष लिङ्ग रही फराकिलो बेसर शैलीको जलहरीसहित रहेको छ।

६२. भष्मेश्वर शिवलिङ्ग : भष्मेश्वर शिवलिङ्ग पाशुपतिनाथ बाग्मती नदीको किनार भष्मेश्वर घाटदेखि पश्चिम भष्मगङ्गतीर्थ नजिक अवस्थित छ। पहिले *'भष्मनां च कृते स्नाने महारुद्रः पुरा द्विज। एतल्लिङ्गं च*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानीयात्स्थापितवान्स्वसारिकम्। भष्मनाऽत्र कृतस्नानः अद्य प्रभृति शंकरः। तस्माद्भष्मेश्परः प्रोक्तो भुक्तिमुक्तिफलप्रदः' (हिमवत्खण्डपुराण, अ. १५५।४।५) अर्थात् यस स्थानमा महारुद्रले भष्मले स्नान गरे तथा साक्षी स्वरूप यस लिङ्गको स्थापना गरेको हुनाले त्यस दिनदेखि शंकर मुक्तिको फल दिने यस शिवलिङ्ग भष्मेश्वर नामले प्रसिद्ध भए। यस लिङ्गको स्पर्श मात्र गर्नाले प्राणीहरू पवित्र हुने, कुनै असंयमीले स्पर्श गरेमा संयमी बन्ने वर्णन छ। देवर्षिहरूले समेत भष्ममा स्नान गरी यज्ञको भष्मद्वारा यस शिवलिङ्गको पूजा गर्दथे। अघि केरल नामक शहरमा ह्रस्व नामक ब्राह्मण व्यापारी थिए, जो केही दान नगरी धनको मात्र सञ्चय गदर्थे। यसै क्रममा तिनको गङ्गाको किनारमा मृत्यु भयो। दोस्रो जन्ममा पनि ती ब्राह्मण भई जन्मे तर पूर्वजन्मको पापले दरिद्र भए। खाने अन्न नहुँदा भोकले कष्ट भोग्दै चोरको वृत्ति लिई जीवन निर्वाह गर्दा उनलाई कतिले समातेर बाँध्ने, कतिले पिट्ने, गाली गर्ने गर्दथे। आफन्तहरूले समेत त्यागेपछि उनी घुम्दै फिर्दै बनारस आइपुगे जहाँ तिनलाई पुराण सुन्ने मौका भयो। उक्त पुराणमा पाशुपत क्षेत्र सुनै सुनले भरिएको सुवर्णमय नगर रहेको सुनेपछि पशुपतिको कृपाले धनी हुने सोच गरी यस क्षेत्रमा आए। तर यस शहर माटो, काठ, इँटले बनेको देखि दुःखी भई पुनः चोरकै वृत्ति लिई दिनको एक पटक बाग्मतीमा स्नान गरी शिवालयमा बस्न थाले। तिनले कुनै योगीको पोको चोरी शिवालयमा ल्याई हेर्दा विभूतको डल्लोदेखि रिसाएर शिवलिङ्गमाथि 'लौ स्नान गर अब' भन्दै फ्याँकेर शिव शिव भन्दै त्यही भष्ममा लडीबुडी गरी पुनः चोर्न गयो। तिनलाई कुनै घरका मानिसले समाती नराम्ररी पिटे जसका कारण घायल भएको ह्रस्व बल्लबल्ल शिवलिङ्गसम्म आइपुगे र त्यही प्राण गरे। उक्त बखत उनको शरीरमा गङ्गाजल र शरीरमा भष्म थियो। प्राण जाने बित्तिकै यमदूत आई तिनलाई यमलोक लैजान लाग्दा शिवदूत आई यमदूतलाई हटाई तिनलाई शिवपुर लगे (हिमवत्खण्डपुराण, २०१३, पृ. ३००-३०२)। लिच्छविकालमा ध्रुवसंघद्वारा स्थापना गरिएको भद्रेश्वर शिवलिङ्गलाई वर्तमान समयमा भष्मेश्वर शिवलिङ्ग मानी उपासना गर्ने चलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६३. भुवनेश्वर शिवलिङ्ग : भुवनेश्वर शिवलिङ्ग देउपाटन पाशुपत क्षेत्रअन्तर्गत भुवनेश्वरी मन्दिर प्राङ्गणमा ज्ञानकुण्डतीर्थ नजिक अवस्थित छ। अघि *'उद्‌भूतं च यदा चात्र पशुपतिं महाविभुं। देवोऽसौ भुवनाख्यश्च अत्रायर्यौ मुदान्वितः। एतल्लिङ्गं तदा हर्ष स्थापितं भुवनेन वै'* (हिमवत्‌खण्डपुराण, अ. १५६।५।६) अर्थात् सर्वशक्तिमान् पशुपतिनाथ जहाँ उत्पन्न भए त्यसै समयमा भुवन नामक देवता यहाँ आई भुवनेश्वर लिङ्ग स्थापना गरे। तिनले हजार वर्ष कठोर तपस्या गरेका कारण महादेव प्रसन्न भई इच्छा माफिक वर प्राप्त गरी भुवन आफ्नै लोक फर्किएकाले यस शिवलिङ्ग भुवनेश्वर नामले प्रसिद्ध भए। अघि मधुश्रवा नामक कुनै वेश्या थिइन्, जो आफ्नो पतिको मृत्युपश्चात् हस्तिनापुरमा आई सोही वृत्तिमा लागेर बसे तापनि शिवको व्रत, रुद्रको भक्तिमा लागि नित्य शिवको पूजामा तत्पर रहन्थिन्। लोकले निन्दा गर्लान् भन्ने लाजले तिनका दाजुले तिनलाई विष खान दिंदा उनले थाहा पाई खाइनन्। खिन्न भइ उक्त शहर छोडी घुम्दै काशीमा आइपुग्दा त्यहाँ तिनले हिमवत्‌खण्ड महात्म्य सुनिन्। पचास वर्षको उमेरमा यस भुवनेश्वर क्षेत्रमा आइपुगिन्। उनले ज्ञानकुण्डतीर्थ र बाग्मतीमा स्नान गरी नित्य भुवनेश्वर मन्दिरमा शिव जप्दै मन्दिर वरपर सरसफाई गरी मागेर खाई बस्न थालिन्। वर्षदिनसम्म यसै गरी बस्दा माघ कृष्ण अष्टमीको अर्धरात्रीमा रुद्र भन्दै तिनले प्राण त्यागिन्। तत्काल रुद्रका गण आई तिनलाई रुद्रलोक लगे र तिनी पार्वतीकी अनुचरी योगिनी भई रहिन्। त्यस्तै अघि अरूको विचार मात्र संग्रह गर्ने र आफ्नो विचार कसैलाई नबताउने कुनै राजा थिए, जो मर्नु अघि खर्वरिका नामक तीर्थमा स्नान गरेको पुण्यले अर्को जन्ममा ब्राह्मण भइ जन्मे। तर पूर्व जन्मको दोषले बाँदर मुखे भइ निर्जन स्थानमा भिक्षा मागेर जीवन निर्वाह गर्दै हिंड्दा तिनले ज्ञानकुण्डतीर्थको जल पिउने सौभाग्य पाए। जलपान गर्नासाथ उनी ज्ञानवान् भए। त्यसदिन देखि उनी नित्य ज्ञानकूपतीर्थमा स्नान गरी फलफूल, जलले भुवनेश्वर शिवलिङ्गको भक्तिपूर्वक उपासना, नाचगान गरी परिक्रमा गर्न लागे। चार वर्षसम्म उपासना गरी यसै शिवलिङ्ग नजिकै प्राण त्याग गर्दा तिनलाई शिवगण आई शिवलोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याए (हिमवत्खण्डपुराण, २०१३, पृ. ३०२-३०३)। भवनेश्वरी मन्दिरको बाहिरी प्राङ्गणमा अवस्थित कृष्णेश्वर भनिने विशाल अग्लो जलहरीसहित चर्तुमुखसहित **मानुष लिङ्ग**लाई भुवनेश्वर शिवलिङ्गको रूपमा उपासना गरिने प्रचलन रहेको छ।

६४. रुद्रागारेश्वर शिवलिङ्ग : रुद्रागारेश्वर शिवलिङ्ग पशुपतिनाथ मन्दिरको उत्तर काभ्रोको वृक्ष मुनी रुद्रस्नानोदकतीर्थमा अवस्थित छ। पहिले *'रुद्रेण स्थापितं पूर्वमेतल्लिङ्गं स्वयं द्विज। शयनाय स्वकीयाय रहः सुखेप्सया सदा। तस्मात्ख्यातश्च लोकैश्चति रुद्रमन्दिरेश्वर :। भुक्तिमुक्तिप्रद :साक्षाद्वाञ्छितार्थिस्वभक्तिने'* हिमवत्खण्डपुराण, अ. १५७।५।६) अर्थात् साक्षात् रुद्र आफैले एकान्तमा सुखको इच्छाले आफ्नो शयनका निम्ति यस लिङ्गको स्थापना गरे। आफ्ना भक्तहरूलाई भुक्ति मुक्ति दिने, इच्छा लागेको दिने भई रुद्रागारेश्वर नामले प्रसिद्ध रहे। अघि किराँतहरूको नाइके शङ्कु नामक बलवान् म्लेच्छ सधैँ किराँतहरूले घेरिएर बस्दथे। एकदिन उनी केही किराँतहरूका साथ शिकार खेल्न बलाकेश्वरको जङ्गलमा पस्दा त्यहाँ ठूलो उत्सवका साथ धेरै ऋषिहरूले फल पुष्पादिले धर्मेश्वरको पूजा गरिरहेको देखे। म्लेच्छहरूले नमस्कार गरे तर शङ्कुले भने देखे पनि नदेखे जस्तै गरी शिकार खेल्न गए। म्लेच्छहरूले तिनलाई ऋषिहरूले गरिरहेको पूजा देख्यौ की देखेनौ भनी सोध्दा आफूले नदेखेको बताए। तिनले सूर्यास्तसम्म प्रशस्त जन्तु मारी घर फर्कने बस्दोबस्त गर्न लाग्दा आफ्ना सहयोगीहरूलाई नदेखे पछि कराउँदै वनबाट बाहिर निस्किए। उनी टाकुरासम्म के आइपुगेका थिए, तिनको दुवै आँखाको ज्योति बन्द भई एक पाइला पनि अघि सर्न सकेनन्। कुनै दयालु ऋषिले तिनलाई डोऱ्याउँदै रुद्रागारेश्वर शिवलिङ्ग भएको स्थानमा ल्याए। तर आँखा नदेख्ने हुँदा उनी त्यसै यस स्थानमा लडिरहे। गन्धर्व तथा ऋषिहरूले नित्य अनेक स्तोत्रले गाना गाउँदै, नृत्य गर्दै रुद्रागारेश्वरको सेवा गर्दथे। जुन सुन्दै जाँदा शङ्कुलाई पनि केही ज्ञान आई तिनले पनि शिवको स्तुति गर्दै आफूलाई आँखा दिए आफू शिवको दास भइ सेवा गर्ने थिए भनी शिवलिङ्ग नजिकै गई शिवलिङ्गलाई मुसार्न थाले। कार्त्तिक कृष्ण चर्तुदशीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन तिनले अरूसँग मागेर घिउमा भिजाएको दुई जोर बत्ती सन्ध्याकालमा बाले। त्यसै रात उनले सपनामा कुनै योगीले यस कुण्डको जलले आँखा पखालेर लिङ्गलाई दीपदान गरे एक वर्षभित्र निश्चय नै आँखा देख्नेछौ भनेको वचन सुनी खुसी भए। कुनै ब्राह्मणले रुद्रागारेश्वर शिवलिङ्गको पूजा गरिरहेको तिनले थाहा पाई तीसँग सो कुण्डको जल मागे। ब्राह्मणले तिनलाई माटोको भाँडोमा जल दिए। उक्त जलले शिवको स्तुति गर्दै आफ्नो आँखा मुर्सादा तिनले तुरुन्तै सुन्दर रुद्रागारेश्वर शिवलिङ्ग देखे। एक वर्षसम्म पञ्चोपचारले भक्तिपूर्वक लिङ्गको उपासना गर्दा त्यहाँबाट शिव प्रकट भई तिनलाई त्रिशूल, डमरु आदिसहित वरदान दिई शिव अन्तर्ध्यान भए। रुद्रगण आई तिनलाई शिवपुर लगे। दुई जोर बत्तीको प्रभावले ती बलयुक्त भई रुद्रगणमा श्रेष्ठ भइ रहे। यसरी ऐश्वर्यप्रदायक, भुक्तिमुक्तिप्रदायक रुद्रागारेश्वर शिवलिङ्गको आराधना गर्न यस अध्यायमा बताइएको छ। (हिमवत्खण्डपुराण, २०१३, पृ. ३०३-३०४) रुद्रागारेश्वर शिवलिङ्ग मानुष लिङ्ग रही फराकिलो तामाले मोरिएको बेसर शैलीको जलहरीसहित छ।

यसरी हिमवत्खण्डपुराणमा चौसट्ठी स्वयम्भूव लिङ्ग अवस्थित तीर्थ तथा तिनको उत्पत्ति सम्बन्धमा महात्म्यसहित वर्णन गरिएको छ। पुराणमा वर्णन गरिए अनुरूप यी चौसट्ठी शिवलिङ्गहरूको वर्तमान अवस्था हेर्दा कतिपय शिवलिङ्ग स्वयम्भूव वा यथावत् अवस्थामा रहे पनि कतिपय यथावत् स्थान र स्वयम्भूव स्वरूपमा रहेको पाइँदैन। स्वयम्भूव लिङ्गहरू मध्ये भीमेश्वर, स्फटिकेश्वर, गुप्तेश्वर, रामेश्वर, नटारम्भेश्वर लयागत न्यून संख्यामा शिवलिङ्ग स्वयम्भूव वा प्राकृतिक रूपमा रहेका छन्। विविध प्रकारका लिङ्गहरूमध्ये स्वयम्भूव लिङ्ग जलहरीरहित, प्राकृतिक स्वरूपको, ब्रह्मसूत्ररहित रहने र ती लिङ्गहरूमध्ये उत्तोमत्तम मानिएको छ। तर कयौँ स्वयम्भूव लिङ्गको मौलिक स्वरूपमा निकै परिवर्तन आएको तथ्य धनेश्वर, विकटेश्वर, भालेश्वर, तिलेश्वर, काकेश्वर, मङ्गलेश्वर, गोभराटेश्वर, सर्वेश्वर लगायतका लिङ्गमा पाइन्छ। कतिपय लिङ्गमा प्राचीनकालमै तथा केहीमा पछिल्लो कालमा जलहरी थपेर अर्धस्वयम्भूव रूपमा निर्माण गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ। कश्यपेश्वर, मणिचूडेश्वर, रत्नचूडेश्वर जस्ता कतिपय स्वयम्भूव लिङ्ग अवस्थित तीर्थका नदीनाला सुकेका, तिनका धार परिवर्तित भएका, ह्रद वा कुण्ड सुकेका वा नाशिएका कारण शिवलिङ्गहरूको मौलिक स्थान परिवर्तित भएका छन्। कतिपय भने अज्ञात छन्। कुशेश्वर, काफिश्वर, कश्यपेश्वर, चण्डिकेश्वर, कालेश्वर, चम्पेश्वर, ब्रह्मेश्वर, मणिचूडेश्वर, वाणेश्वर आदि लिङ्ग का संस्थापक देवता, ऋषि रहेको वर्णन यस पुराणमा गरिए पनि ती लगायत कयौँ शिवलिङ्ग मानुष लिङ्गका रूपमा पूजिँदै आएका छन्। धर्मेश्वर शिवलिङ्ग वर्षेनी आउने बाढीका कारण लिङ्ग बगाई त्यहाँ अवस्थित जलहरीमा प्राकृतिक सिला राखी उपासना गर्ने गरिएको छ। त्यस्तै गुह्येश्वरीमा अवस्थित जलेश्वर शिवलिङ्ग जलभित्र रहेको मान्यता रहे तापनि यस शिवलिङ्गको वास्तविकता अन्योल छ। अर्कोतर्फ केही शिवलिङ्गको पुरातात्त्विक वा तिनको कलात्मक पक्षबाट सूक्ष्म विश्लेषण गर्दा प्राचीनकालदेखि अस्तित्व रही आएका बल्खुस्थित गोलोकेश्वर, पशुपतिस्थित भद्रेश्वरजस्ता शिवलिङ्गलाई स्वयम्भूव लिङ्गका रूपमा पुराणमा समाहित गरिएको देखिन्छ। यसले हिमवत्खण्डपुराणको रचना ती लिङ्गको स्थापना भन्दा पछिल्लो कालमा भएको वा ती स्थानमा अवस्थित स्वयम्भूव लिङ्गहरू पुराणमा वर्णन भए अनुरूप लोप हुन जाँदा तिनलाई समाहित गरिएको हुन सक्दछ।

मध्यकालमा ने.सं. ८४८ मा राजा जगज्जय मल्लको पालामा पशुपतिनाथका आगमघरका पूजारी साम्बसदाशिव भट्टलाई श्रीको अर्चना सम्बन्धित विविध काम कर्तव्यको अधिकार दिई ताम्रापत्र गरिदिएका थिए। ती कर्तव्य मध्ये साम्बसदाशिवलाई चौसट्ठी शिवलिङ्गको यात्रा गराउने अधिकार पनि दिइएको थियो (टण्डन, २०५२, पृ. २३६)। उक्त लिङ्ग यात्रामा आगमघरका पूजारीले नेमुनि भई यात्रा गराउनु भन्ने व्यवस्था राजाले बाँधे अनुरूप प्रत्येक वर्ष माघ कृष्ण मघा नक्षत्र चर्तुदशीका दिन आगमघरका पूजारी नेमुनि बनी योग्य पात्रलाई विरूपाक्ष बनाई चौषट्ठी लिङ्गयात्रा गरिँदै आएको छ। हाल पनि साम्बसदाशिव भट्टका सन्तान पशुपति आगमघरका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजारी मदन भट्टको नेतृत्वमा कुशेश्वर शिवलिङ्गबाट चौसट्ठी शिवलिङ्गको यात्रा सुरु गरी समस्त स्वयम्भूव लिङ्गको यात्रा गर्ने चलन छ। सम्भव भए सम्मको तीर्थमा तीर्थ स्नान गराई प्रत्येक तीर्थमा तिनको तथा शिवलिङ्गको महात्म्य सुनाई अन्तिममा रुद्रागारेश्वरमा आएर लिङ्गयात्राको समापन गर्ने गरिएको छ। लिङ्गयात्रा समापनपछि पशुपति आर्यघाटमा आई त्यहाँ अवस्थित विरूपाक्षको मूर्तिलाई यात्रा सम्पन्न्न भएको खुशीयालीमा अङ्कमाल गरी आगमघरका नेमुनिरूपी पूजारीलाई यात्रामा सहभागी हुनेहरूले बोकेर आगमघरसम्म पुयाई यात्राको विधिवत् अन्त्य गर्ने प्रचलन छ। यसै तिथिमा अन्य इच्छुक भक्तहरूले पनि आफ्नै समूह बनाई चौसट्ठी लिङ्गको यात्रा सुरू गर्ने पनि चलन रहेको छ। अर्कोतर्फ हाम्रा उदार हृदयी पुर्खाहरूले विकट स्थानमा छरिएर रहेका चौसट्ठी शिवलिङ्गहरूको मानिसले एकै स्थानमा दर्शन गरी पुण्य आर्जन गरुन् भन्ने उद्देश्ले कतिपय वास्तुकलामा चौसट्ठी शिवलिङ्ग कुंद्न लगाएको पाइन्छ। राजा सिद्धिनरसिंह मल्लद्वारा निर्मित पाटन कृष्ण मन्दिरको प्रस्तरकलामा चौसट्ठी शिवलिङ्ग कुँदिएका छन्। पशुपतिनाथ मन्दिरको भित्री तथा बाहिरी द्वार चाँदीका पाताले मोरिएका छन्। ती मध्ये दक्षिणी द्वार मोरिएको चाँदीको पातामा कुशेश्वरदेखि क्रमशः रुद्रागारेश्वर शिवलिङ्ग नामसहित कुँदिएका छन्। त्यस्तै पाटन दरबारस्थित सुन्दरी चोकको चारैतर्फ धलिख्वा मुन्तिर रहेको काष्ठपट्टीमा लहरै स–साना शिवलिङ्गका आकृति कुँदिएका छन्। तिनमा कुल पाँचसय बाह्र शिवलिङ्ग अङ्कित गरिएका छन्, जसमध्ये पाँचसय दश शिवलिङ्गको मध्यकालीन लिपिमा नाम समेत कुँदिएको छ।

आगमघरका अर्चकलाई लिङ्गयात्रा जस्तै उपलिङ्ग यात्रा गराउने अधिकार दिइएको विवरण राजा जगज्जय मल्लको ताम्रपत्रमा पाइन्छ (पोखरेल र खनाल, २०७७, पृ. ४७८)। स्वयम्भूव लिङ्ग उपत्यकाका विभिन्न क्षेत्र तथा उपत्यका बाहिर छरिएर रहेका पाइन्छन् तर अधिकांश उपलिङ्ग भने पाशुपत क्षेत्र अन्तर्गत रही केही शिवलिङ्ग सो क्षेत्र भन्दा बाहिर छन्। लिङ्ग यात्रामा जस्तै उपलिङ्ग यात्रामा पनि माघ शुक्ल चर्तुदशीका दिन शुद्ध भई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हविष्य खाने र त्यसको भोलिपल्ट माघ शुक्ल पञ्चमीका दिनबाट यात्रा सुरु गरी माघ शुक्ल पूर्णिमाका दिन समापन गर्ने परम्परा छ। वर्तमान समय कतिपय उपलिङ्ग हराइसकेका छन्। उपलिङ्ग यात्रा गर्दा उल्लिखित स्थानमा शिवलिङ्ग नपाइएमा बालुवाको शिवलिङ्ग बनाई उपासना गर्न सकिने विधान रहेको पाइन्छ। विगत लामो समयदेखि उपलिङ्ग यात्रा भने सम्पन्न हुन सकेको छैन। उपलिङ्ग यात्रामा उपासना गरिने शिवलिङ्ग तथा ती अवस्थित स्थान निम्न लिखित रहेका छन्

मृगेश्वर लिङ्ग ब्रह्मनाल आर्यघाट
तारकेश्वर लिङ्ग ब्रह्मनाल आर्यघाट
नीलकण्ठेश्वर लिङ्ग आर्यघाट बिरामी राख्ने कोठाको भित्तामा
कोखोदन्तेश्वर लिङ्ग आर्यघाट बिरामी राख्ने कोठाको भित्तामा
विरूपाक्षेश्वर लिङ्ग आर्यघाट बिरामी राख्ने कोठाको भित्तामा
गणेश्वर लिङ्ग आर्यघाट बिरामी राख्ने कोठाको भित्तामा
लालेश्वर लिङ्ग आर्यघाट बिरामी राख्ने कोठाको भित्तामा
भीर गुप्तेश्वर लिङ्ग आर्यघाट सिँढीको भित्तामा
मृगेश्वर लिङ्ग मृगेश्वरभित्र
त्रिरान्तेश्वर लिङ्ग रातो सत्तलमुनि
मागेश्वर लिङ्ग बाग्मती मातातीर्थ खोपा
इन्द्रेश्वर लिङ्ग बाग्मती मातातीर्थ खोपा
करपुरेश्वर लिङ्ग बाग्मती मातातीर्थ खोपा
कुबेरेश्वर लिङ्ग मृगेश्वरभित्र
सद्योसूर्येश्वर लिङ्ग मृगेश्वरभित्र
पञ्चदण्डीकेश्वर लिङ्ग वत्सलायन्त्र मुनि
सूर्येश्वर लिङ्ग यमराजको मूर्तिसँगै पुलनजिक
पद्मेश्वर लिङ्ग सतीघाट
चन्द्रेश्वर लिङ्ग सतीघाट
मण्डलेश्वर लिङ्ग सतीघाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीलेश्वर लिङ्ग आर्यघाट जाने बाटोमा सरस्वती नजिक
मन्डलेश्वर लिङ्ग आर्यघाट जाने बाटोमा सरस्वती नजिक
विश्वरूपेश्वर लिङ्ग वत्सलेश्वरीको सिँढीको भित्ता
क्षेत्रपालेश्वर लिङ्ग माइला साहेबज्यूको बाटोमा
विराटेश्वर लिङ्ग बाग्मती किनार राजराजेश्वरी घाट
गोचक्रेश्वर लिङ्ग राजराजेश्वरी चोक भित्र
राजराजेश्वर लिङ्ग राजराजेश्वरी चोक भित्र
कल्यान्तेश्वर लिङ्ग राजराजेश्वरी चोक भित्र
पीठिगारेश्वर लिङ्ग वज्रेश्वरी हाल बसाहा मात्र बाँकी
हरिलिङ्गेश्वर लिङ्ग पञ्चदेवल बाहिर हाल पम्पधारा भएको स्थान
खपुकेश्वर लिङ्ग पञ्चदेवल भित्र
नर्वदेश्वर लिङ्ग पञ्चदेवल भित्र
शिवपुरेश्वर लिङ्ग पञ्चदेवल पश्चिमतर्फ
नारायणेश्वर लिङ्ग पञ्चदेवल वायव्य कोण
विष्णुश्वर लिङ्ग पञ्चदेवल पश्चिम वनकाली जाने बाटो पूर्व
चन्द्रजोलेश्वर लिङ्ग वज्रघरको बगैँचाको पर्खाल दक्षिण हाल शिवलिङ्ग नभएको
सुरोपातेश्वर लिङ्ग वज्रघरको बगैँचाको पर्खाल दक्षिण हाल शिवलिङ्ग नभएको
वशेश्वर लिङ्ग वज्रघरको बगैँचाको पर्खाल दक्षिण हाल शिवलिङ्ग नभएको
दधिकेश्वर लिङ्ग वज्रघरको बगैँचाको पर्खाल दक्षिण हाल शिवलिङ्ग नभएको
वसुमतेश्वर लिङ्ग वज्रघरको बगैँचाको पर्खाल दक्षिण हाल शिवलिङ्ग नभएको
ॐकारेश्वर लिङ्ग पञ्चदेवलको बाटो सिँढीमा
ज्योतेश्वर लिङ्ग वज्रघरको कौचा मिना खाडलमा झङ्केश्वरी पूर्व
क्रोधेश्वर लिङ्ग झङ्कश्वरी पूर्व
धर्मेश्वर लिङ्ग नासल चोक
तववातेश्वर लिङ्ग वरुणधारा पूर्व पाटी पछाडि
सम्लालेश्वर लिङ्ग पार्कको खाडल
कृतिवाशेश्वर लिङ्ग पार्कको खाडल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौभाग्येश्वर लिङ्ग बाग्मती पश्चिम बाटोमा
हरिसिद्धिश्वर लिङ्ग भुसकेव
भूमण्डलेश्वर लिङ्ग भुसकेव
भुवनेश्वर लिङ्ग अरगाननी गणेशलालको चोक
हरिकालेश्वर लिङ्ग भूवनेश्वरी चोक
नित्यनाथेश्वर लिङ्ग बालकुमारी पछाडि
दुदिकेश्वर लिङ्ग बालकुमारी पछाडि
पिशाचेश्वर लिङ्ग बालकुमारी पछाडि
भैरवेश्वर लिङ्ग भुवनेश्वरी अगाडि
कृष्णेश्वर लिङ्ग माधवलालको बगैँचा
क्षेत्रपालेश्वर लिङ्ग ठूलो जलहरी भएको श्रीप्रसादको घरपूर्व
मवुकालेश्वर लिङ्ग ठूलो जलहरी भएको श्रीप्रसादको घरपूर्व हाल पुरिएको
चम्पेश्वर लिङ्ग श्रीप्रसादको घर पूर्व
कालिकेश्वर लिङ्ग कुछें हाल आसन बाटो बनाउँदा पश्चिम सारिएको
आशापुरेश्वर लिङ्ग माधवलालको घरको पेटीमा
पादवेश्वर लिङ्ग नाउँको घर अगाडि
मणिलिङ्गेश्वर लिङ्ग नाउँको घरको खाडलमा
खञ्जनेश्वर लिङ्ग अमालकोट भित्र ढलेको अवस्थामा
भीमेश्वर लिङ्ग अमालकोट भेगमा बाटो पूर्व डबलीनिर
बाटेश्वर लिङ्ग जयवागीश्वरी सुन्धाराभित्र कुनामा
हिलावसेश्वर लिङ्ग जयवागीश्वरी सुन्धाराभित्र कुनामा
बालभवेश्वर लिङ्ग जयवागीश्वरी सुन्धाराभित्र कुनामा
सूक्तेश्वर लिङ्ग (इन्द्रेश्वर महादेव) त्रिशूल जात्रा निकाल्ने पाटी पछाडि
महकेश्वर लिङ्ग नवदुर्गा राख्ने खाडल
प्रपुतेश्वर लिङ्ग मृत्युञ्जय ननी बाटोमा पुरिएको अवस्थामा
बसीतेश्वर लिङ्ग मृत्युञ्जय ननी बाटोमा पुरिएको अवस्थामा
ग्रह्यारेश्वर लिङ्ग मठ अगाडि बाटोमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महामृत्युञ्जयेश्वर लिङ्ग मठ बाटोमा
जोगेश्वर लिङ्ग मृत्युञ्जय ननीदेखि पश्चिम द्योछें
बलिकेश्वर लिङ्ग मृत्युञ्जय ननीदेखि पश्चिम द्योछें
भैरवेश्वर लिङ्ग वत्सलेश्वरीको द्योछें अगाडि (हाल छैन)
दन्तपाटेश्वर लिङ्ग तारिणीप्रसाद कोइलाराको घर पछाडि
दण्डपाणेश्वर लिङ्ग नवाली टोल गोलढुङ्गा, हाल मासिइसकेको
माधवेश्वर लिङ्ग नवाली टोल इनारनजिक
जलपाटेश्वर लिङ्ग आगम छेँ उत्तर
ब्रह्मेश्वर लिङ्ग पेट्रोल पम्पनजिक, मन्दिर छ, शिवलिङ्ग छैन
नर्वदेश्वर लिङ्ग भण्डारखाल वनभित्र
फिटकेश्वर लिङ्ग भण्डारखाल वनभित्र
कुशेश्वर लिङ्ग इँटापाखा टोल हर्षबहादुर कुसुलेको घरभित्र छिंडिमा
वज्रेश्वर लिङ्ग इँटापाखा टोल पीपलबोट डबली नजिक
लम्बोदकेश्वर लिङ्ग इँटापाखा टोल
विष्णुद्वारेश्वर लिङ्ग शेषनारायण वैद्यको चोक
ताम्रेश्वर लिङ्ग इराटोल
ग्रहभैरवेश्वर लिङ्ग सिफल
भीमकेश्वर लिङ्ग सिफल
भण्डारेश्वर लिङ्ग रुद्रमतीपूर्व पाखामा
कुबेरेश्वर लिङ्ग रुद्रमतीपूर्व पाखामा
खण्डमूल्यस्वप्नेश्वर लिङ्ग रुद्रमती पारी बाटोको दक्षिण
नेपालेश्वर लिङ्ग रुद्रमती पश्चिम सत्यनारायण प्राङ्गण
शिवा जाम्बुकेश्वर लिङ्ग कुटुबहाल चौर
लोङ्गभैरवेश्वर लिङ्ग चाबहिल चन्द्रविनायक चोक
ग्रहउजालेश्वर लिङ्ग चाबहिल चन्द्रविनायक चोक
व्रायत्येश्वर लिङ्ग चाबहिल चन्द्रविनायक चोक
भैरव कश्यपेश्वर लिङ्ग चन्द्रविनायक चोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिलोचनेश्वर लिङ्ग चाबहिल चन्द्रविनायक चोक
चन्द्रेश्वर लिङ्ग चाबहिल लामो तेर्सिएको शिला
मारेश्वर लिङ्ग गाँचाटेल पूर्व
कोचेश्वर लिङ्ग गाँचाटोल पूर्व
भनेश्वर लिङ्ग बेखाहिटी धारा (तारणि कोइरालाको ढोका नजिक)
उमाशङ्करेश्वर लिङ्ग हाल सडकमा परेको
जङ्गेश्वर लिङ्ग हाल सडकमा परेको
चित्रगुप्तेश्वर लिङ्ग दक्षिणामूर्तिको पर्खाल (यन्त्राकार)
नारेश्वर लिङ्ग छाप्रीपार
निरनीसापारेश्वर लिङ्ग दक्षिणामूर्ति अगाडि
चतुर्मूर्तेश्वर लिङ्ग हिरालाल भण्डारीको चोक
नागेश्वर लिङ्ग हिरालाल भण्डारीको चोक
विश्वामित्रेश्वर लिङ्ग भीमसेनस्थानपश्चिम
गाधिवेश्वर लिङ्ग भीमसेनस्थान पश्चिम
धनेश्वर लिङ्ग कान्छाकाजी भण्डारीको बगैँचा
कागेश्वर लिङ्ग कान्छाकाजी भण्डारीको बगैँचा
सम्बु गणेश्वर लिङ्ग कान्छाकाजी भण्डारीको बगैँचा
बलिदा सुतेश्वर लिङ्ग कुण्डको गोरेटो बाटो
कामकुशेश्वर लिङ्ग पाँचुगणेशको दाहिने
गणिके कुमारेश्वर लिङ्ग पाँचुगणेशको बायाँतर्फ
किमानेश्वर लिङ्ग पाँचुगणेश पछाडि
सूर्य भैरवेश्वर लिङ्ग पाँचुगणेश पछाडि
नेनोश्वर लिङ्ग पाँचुगणेश पछाडि
वज्र भूतेश्वर लिङ्ग चाकला लोह गुह्येश्वरी जाने बाटोमा
धर्मेश्वर लिङ्ग करन टोल
आशिषेश्वर लिङ्ग दक्षिणामूर्ति पछाडि
गौखुरेश्वर लिङ्ग दथु ध्योना टोल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीलभैरवेश्वर लिङ्ग लुनास्वाँ नवाली टोल
वीरभद्रेश्वर लिङ्ग भीमसेन मन्दिरभित्र खोपामा
चौसतेश्वर लिङ्ग भीमसेनको डबली
चक्रमण्डीलेश्वर लिङ्ग गुर्ज्युको सत्तलचोक
टबरेश्वर लिङ्ग गुर्ज्युको सत्तलचोक
युग्येश्वर लिङ्ग मिनवी
तोमकेश्वर लिङ्ग मिनवी
झंकेश्वर लिङ्ग शङ्कराचार्य मठ बगैँचा
भूतेश्वर लिङ्ग सानो सदावर्त अगाडि (शङ्कराचार्य मन्दिर)
प्रतापेश्वर लिङ्ग बजारमा
राज्येश्वर लिङ्ग बजारमा
भवानेश्वर लिङ्ग धोकासी मत मण्डली
अर्चलेश्वर लिङ्ग साम्ब सदाशिव भट्टको घर (आगम घर) को दक्षिण
बचलेश्वर लिङ्ग साम्ब सदाशिव भट्टको घर (आगम घर) को दक्षिण
गोखुरेश्वर लिङ्ग धोकासी
गौ चक्रेश्वर लिङ्ग धोकासी
रुद्रगारेश्वर लिङ्ग काब्रोको बोट मुनि
ईशानेश्वर लिङ्ग रुद्रगारेश्वर उत्तर पर्खालको खोपा
निशानेश्वर लिङ्ग रुद्रगारेश्वर उत्तर पर्खालको खोपा
गोकर्णेश्वर लिङ्ग कुमार नरसिंहको सत्तलभित्र कुनामा
वकटरुद्रेश्वर लिङ्ग कैलाश महन्तको बगैंचा
रुद्रसहस्रेश्वर लिङ्ग सूर्यघाट भीर पाखामुनि
विष्णु सहस्रेश्वर लिङ्ग सूर्यघाट पाखा
जयन्तेश्वर लिङ्ग सूर्यघाट पाखा
अम्पेश्वर लिङ्ग सूर्यघाट पाखा
तजनेश्वर लिङ्ग सूर्यघाट पाखा
पर्वतचन्द्रमानेश्वर लिङ्ग सूर्यघाट पाखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिद्ध उमामहेश्वर लिङ्ग कैलाश पश्चिम उमाकुण्ड
तस्केश्वर लिङ्ग कैलाश उत्तरपट्टि
पुष्पाङ्गगोलेश्वर लिङ्ग गौरीघाट
कर्कोटकेश्वर लिङ्ग गौरीघाट
अनन्त गौरेश्वर लिङ्ग गौरीसिलासँगै बाग्मतीमा रहेको लामो सिला
सन्तपतेश्वर लिङ्ग बालश्मसान (मचागाल) नजिक सत्तलको बगैंचा
जिह्वाबनेश्वर लिङ्ग बालश्मसान (मचागाल) नजिक सत्तलको बगैंचा
बालश्मसानेश्वर लिङ्ग बालश्मसान (मचागाल) नजिक सत्तलको बगैंचा
द्वापुरेश्वर लिङ्ग गुह्येश्वरी ढोका बाहिर
जलेश्वर लिङ्ग गुह्येश्वरी सेतो सत्तल बाग्मतीमा (हाल नभएको)
पदसत्येश्वर लिङ्ग गोरखनाथ
सिद्धेश्वर (गुह्येश्वर) लिङ्ग गुह्येश्वरी प्राङ्गण मूल ढोका नजिक
गोखुरेश्वर लिङ्ग गुह्येश्वरी प्राङ्गण मूल ढोका नजिक
रत्नचुडेश्वर लिङ्ग गुह्येश्वरीबाट आउँदा उत्तरपट्टि बनमा
कुरुक्षेत्रेश्वर लिङ्ग दाई गर्ने स्थान
श्लेषमान्तकेश्वर लिङ्ग आर्यघाटपूर्व बनमा
कलियुगेश्वर लिङ्ग आर्यघाटपारी पन्ध शिवालय नजिक
कुचमनेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
दोखेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
मणिचुडेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
भुक्तकेशेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
मङ्गेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
युक्तेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
यक्षेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
अमलेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
विमलेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
निर्मलेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मदनेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
विश्वेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
विगुतेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
हाटकेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
पातालेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
गोलोकेश्वर लिङ्ग दाउरा गुठी सत्तल पछाडि
वाल्मीकेश्वर लिङ्ग सीताराम मठको आग्नेय कोणमा
वशिष्ठेश्वर लिङ्ग सीताराम मठको आग्नेय कोणमा
काशी विश्वेश्वर लिङ्ग चौसट्ठीमुनि बाटोमा
कोटेश्वर लिङ्ग चौसट्ठी माँझमा
नारायणेश्वर लिङ्ग नारायण दह कर्णतीर्थ (साँखु)
ज्योर्तिलिङ्गेश्वर लिङ्ग रत्नावली नारायण योगतीर्थ (साँखु)
रत्नचुडेश्वर लिङ्ग रत्नदह तीर्थ महादेव पोखरी
किलेश्वर लिङ्ग शङ्खदह तीर्थ चाँगु नारायण
वागीश्वर लिङ्ग विरातीर्थ वागेश्वरी
वाल्मीकेश्वर लिङ्ग तमसा आद्रतीर्थ भादगाउँ
मङ्गलेश्वर लिङ्ग विमला र भद्रनदी मङ्गल तीर्थ भादगाउँ
विमलेश्वर लिङ्ग विमलोदक्ष तीर्थ सिपाडोल
अनन्तलिङ्गेश्वर लिङ्ग ऋषि तीर्थ अनन्तलिङ्ग गाउँ
विश्वरूपेश्वर लिङ्ग वराहतीर्थ लुसु थकु
सोमेश्वर लिङ्ग कोषगङ्गा र पद्मगङ्गा सोमतीर्थ सोमलिङ्ग टार
गोभ्राटेश्वर लिङ्ग श्री गोचक्र नदी, गोसिंधी तीर्थ लुभु
भृङ्गारेश्वर लिङ्ग कुण्डतीर्थ पाटन
कुपिरेश्वर लिङ्ग दुग्धकुण्ड तीर्थ पाटन
सर्वेश्वर लिङ्ग गौरीकुण्ड तीर्थ पाटन
गोलोकेश्वर लिङ्ग रुद्रतीर्थ मातातीर्थ
चन्दनभ्राटेश्वर लिङ्ग भष्मगङ्गा तीर्थ थानकोट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यक्षेश्वर लिङ्ग दक्षतीर्थ इचङ्गु
चण्डेश्वर लिङ्ग पिण्डगरतीर्थ टोखा
धर्मेश्वर लिङ्ग जेष्टिला नदी र धर्म गङ्गाको सङ्गमतीर्थ
गोकर्णेश्वर लिङ्ग गोकर्ण
कोटेश्वर लिङ्ग उत्तर प्रयाग शङ्खमूल
वाणेश्वर लिङ्ग बानेश्वर
ज्ञानेश्वर लिङ्ग मयुरतीर्थ ज्ञानेश्वर
पर्वतेश्वर लिङ्ग देउपाटन कैलाश
जलेश्वर लिङ्ग जलेश्वर तीर्थ गुह्येश्वरी
मृगस्थली लिङ्ग मृगस्थली वनमा अवस्थित लिङ्ग
किराँतेश्वर लिङ्ग मृगस्थली
भष्मेश्वर लिङ्ग भष्मकुण्ड तीर्थ
भुवनेश्वर लिङ्ग ज्ञानकुण्ड तीर्थ
रुद्रगारेश्वर लिङ्ग रुद्रगारेश्वर
चन्द्र प्रमोदेश्वर लिङ्ग गुह्येश्वरी भेग
नारायणेश्वर लिङ्ग साँखु
ज्योर्तिलिङ्गेश्वर लिङ्ग साँखु
रत्नचुडेश्वर लिङ्ग महादेव पोखरी
किलेश्वर लिङ्ग वागेश्वरी
वाल्मीकेश्वर लिङ्ग भादगाउँ
मङ्गलेश्वर लिङ्ग भादगाउँ
विमलेश्वर लिङ्ग भादगाउँ

(स्रोतः महेश भट्ट, पशुपतिनाथ आगमघरका अर्चक, साम्बसदाशिव भट्टका वंशज देउपाटन, काठमाडौँ)

लोकको हित गर्ने रुद्र शिव तथा बुद्ध वा बोधिसत्वका सिद्धान्त वा आर्दश एकै समान पाइन्छन्। प्राणीको हितको निम्न कालकूट विष सेवन गर्ने निलकण्ठ शिव जस्तै भोकाएको बघिनी तथा डमरुलाई आफ्नै शरीरको मासु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काटेर खुवाउने बोधिसत्व वा जस्तो सुकै दुःखमा परेका प्राणीलाई करुणाले भरिएर तिनको हित वा उद्धार गर्ने बोधिसत्वका आर्दश एकै समान छन्। यसो त हाम्रो समाजमा सबै धर्मबिच सद्भाव र समभाव राखी उपासना गर्दै आएको पाइन्छ। बुद्धलाई विष्णुको विविध अवतार मध्येको एक अवतार मानिन्छ। वर्षको एक पटक मुख अष्टमीका दिन पाटन कुम्भेश्वरस्थित भगवान् सर्वेश्वर वा कुम्भेश्वर महादेवलाई पञ्चबुद्धको प्रतिमा अङ्कित कोष धारण गराई हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूले उपासना गर्दै आएका छन्। भगवान् पशुपतिनाथको मन्दिर परिसर वरपर भिक्षुसंघलाई अग्रहार दिइएको अभिलेख रहनुले सोही क्षेत्रमा लिच्छविकालमा विहार रहेको स्पष्ट हुन्छ। त्यस्तै मृगस्थलीको वन तथा वनकाली हिटीमा लिच्छविकालीन चैत्य विद्यमान रहनु, बागमती किनार राजराजेश्वरी घाट नजिक सातौँ/आठौँ शताब्दीताकाको शाक्यमुनि बुद्धको प्रतिमा रहनु आदिले प्राचीनकालदेखि नै पाशुपत क्षेत्र शैव साथै बौद्ध धर्मको पनि केन्द्र रहेको पुष्टि हुन्छ। पाटनस्थित कुम्भेश्वर शिवलिङ्ग सहित काठमाडौँ उपत्यका वरपर रहेका अन्य सात शिवलिङ्गलाई नेपालका बौद्ध धर्मावलम्बीहरूले अष्टबोधिसत्वका रूपमा उपासना गर्ने गरेको पाइन्छ। यी शिवलिङ्ग निम्न लिखित छन्।

१. कुम्भेश्वर पाटन कुम्भेश्वर वज्रपाणि बोधिसत्व
२. मणिलिङ्गेश्वर साँखु मैत्रेय बोधिसत्व
३. गोकर्णेश्वर गोकर्ण गगनगञ्ज बोधिसत्व
४. कीलेश्वर चाँगुनारायण समन्तभद्र बोधिसत्व
५. गोपालेश्वर फर्पिङ्ग मञ्जुश्री बोधिसत्व
६. फणिकेश्वर शिखरनारायण सर्वानिवरणविष्कंभि बोधिसत्व
७. गन्धेश्वर चोभार क्षितिगर्भ बोधिसत्व
८. विक्रमेश्वर आदेश्वर खगर्भ बोधिसत्व (शाक्य, १०८९, पृ. ४)।

नेपालमा अवस्थित स्वयम्भूव लिङ्ग, उपलिङ्ग तथा अन्य शिवलिङ्गहरूको चर्चा गरि रहँदा भारतमा अवस्थित प्रसिद्ध द्वादश लिङ्गको नाम उल्लेख गर्नु सान्दर्भिक देखिन्छ। यी स्वयम्भूव लिङ्गको उत्पत्ति तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिमा शिवपुराण, लिङ्गपुराण, अग्निपुराण, मत्स्यपुराण आदि पुराणमा सविस्तार वर्णन गरिएको छ। यिनको वर्णन यहाँ नगरिए पनि तिनको नाम र ती लिङ्ग अवस्थित क्षेत्रको नाम निम्न लिखित छन्।

१) सोमनाथ गुजरात

२) मल्लिकार्जुन आन्ध्रप्रदेश

३) महांकालेश्वर उज्जैन, मध्यप्रदेश

४) ॐकारेश्वर नर्वदा तट मध्यप्रदेश

५) केदारेश्वर उत्तराखण्ड

६) भीमशेखर महाराष्ट्र

७) विश्वनाथ वाराणसी

८) त्र्यम्बकेश्वर गोदावरी महाराष्ट्र

९) वैद्यनाथ झारखण्ड

१०) नागेश्वर गुजरात

११) रामेश्वर तमिलनाडु

१२) घृष्णेश्वर महाराष्ट्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली अभिलेखमा शिवलिङ्ग

विगतको इतिहासको अध्ययनका निम्ति अभिलेख महत्त्वपूर्ण स्रोत मानिन्छ। कुनै पनि विषयवस्तुको प्राचीनता त्यसको विकासक्रमको तथ्यपरक जानकारी दिने दरिलो माध्यम अभिलेख हो, जुन प्रस्तर, धातु, काठ, भोजपत्र, ताडपत्र, कागज आदि वस्तुमा खोपिएका वा लेखिएका हुन्छन्। नेपालमा शैव धर्मअर्न्तगत शिवको निष्कल स्वरूप शिवलिङ्ग अत्यधिक संख्यामा स्थापना भई उपासना गरिएको पाइन्छ। यहाँ स्थापना गरिएका कतिपय शिवलिङ्ग अभिलेख (जलहरीमा अभिलेख अङ्कित) सहितका छन्। केही अभिलेखमा शिवलिङ्गको प्रसङ्गको चर्चा गरिएको पाइन्छ। केहीमा भने नेपालको धार्मिक, सामाजिक, राजनैतिक, सांस्कृतिक लगायत विविध पक्षको वर्णन गर्ने क्रममा स्थानीय शिवलिङ्गको स्तुति वा तिनको चर्चा गर्दै सम्बन्धित विषयवस्तुको वर्णन गरिएको पाइन्छ। यस्ता अभिलेखीय प्रमाणहरूले नेपालमा लिङ्ग उपासनाको प्राचीनता, लिङ्ग उपासनाको व्यापकता, तिनको महिमा साथै शिवलिङ्गसँग सम्बन्धित विविध पक्षको जानकारी दिन्छन्।

पुराण तथा वंशावलीमा नेपालमा ज्योर्तिलिङ्गको उत्पत्ति तथा शिवलिङ्ग स्थापना भएको वर्णन पाइए पनि अभिलेख सहितको शिवलिङ्ग तथा अभिलेखमा शिवलिङ्ग सम्बन्धि चर्चा भने लिच्छविकालदेखि पाइएको छ। केही वर्षअघि पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ उन्मत्त भैरव तथा अष्टमातृकाको मन्दिर जीर्णोद्वार गर्ने क्रममा सं.३८१ को लिच्छविकालीन अभिलेख पाइएको थियो। यस अभिलेखमा *'वक्त्रपञ्च ..... भगवतः प्रतिमां सुरूपाम्'* अर्थात् पाँच मुख भएका भगवान्को सुन्दर प्रतिमा स्थापना गरिएको उल्लेख छ (वज्राचार्य, २०३०, पृ. ६०० क)। यसबाट पञ्चवक्रसहितको शिवलिङ्ग पशुपतिनाथ मन्दिर प्राङ्गणमा स्थापना गरिएको उजागर हुन्छ। नेपाल मण्डलमा पाइएका अभिलेखहरूमध्ये शिवलिङ्गको चर्चा गरिएको यो सर्वप्राचीन अभिलेख हो। लिच्छविकालमा अभिलेखसहित स्थापना गरिएको सर्वप्रथम शिवलिङ्ग सं. ३८८ को राजा मानदेवको पालामा नरवर्माद्वारा स्थापित शिवलिङ्ग हो। उक्त शिवलिङ्ग लाजिम्पाटमा रहेको छ (वज्राचार्य,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०३०, पृ. ३५)। राजा मानदेवकै पालामा उपत्यकाका विभिन्न स्थानमा कयौं अभिलेखसहितका शिवलिङ्ग स्थापना भएका थिए। राजा मानदेवकी रानी क्षेमसुन्दरीले लाजिम्पाटमा नवर वर्माले स्थापना गरेको शिवलिङ्ग नजिकै सं. ३९० मा शिवलिङ्ग स्थापना गरेकी थिइन् (वज्राचार्य, २०३०, पृ. ३९)। मानदेवले चाँगुनारायणमा गरुडस्तम्भ स्थापना गरे लगत्तै थंतरीद्रङ्कमा शिवलिङ्ग स्थापना गरेका थिए (वज्राचार्य, २०३०, पृ ४२)। रत्नसंघ नामक सार्थवाह (व्यापारी) ले देउपाटनस्थित दक्षिणामूर्ति मन्दिरको पश्चिममा क्रमशः सं. ३९९ मा रत्नेश्वर नामको शिवलिङ्ग तथा सं.४०२ मा प्रभुकेश्वर नामक शिवलिङ्ग स्थापना गरेका थिए (वज्राचार्य, २०३०, पृ. ५०,५५)। त्यस्तै देउपाटन दक्षिणामूर्ति मन्दिरको पश्चिम, हाल निजी निवासको प्राङ्गणमा अवस्थित शिवलिङ्गमा अङ्कित अभिलेखमा उक्त शिवलिङ्ग सं. ४०७ मा सार्थवाह विमलसंघले राजा मानदेवको भलो होस्, स्वयं पनि संसारको डर र दुःखबाट मुक्ति पाउँ भनी प्राणीको कल्याण गर्न स्थापना गरेको उल्लेख छ। पशुपत क्षेत्रअन्तर्गत रहेको पञ्चदेवल प्राङ्गणमा सं. ४१० को अभिलेखसहितको शिवलिङ्गमा उक्त लिङ्ग कसैको पुत्र बालककालमै परलोक हुँदा तिनको पुण्यवृद्धिका निम्ति स्थापना गरिएको थियो (वज्राचार्य, २०३०, पृ. ६१)। त्यस्तै पशुपतिनाथ मन्दिरको उत्तरमा सं. ४१३ मा जयलम्बले जयेश्वर शिवलिङ्ग स्थापना गरेका थिए (वज्राचार्य, २०३०, पृ. ६२)। मानदेवकी रानी गुणवतीले सं. ४१९ मा लाजिम्पाटमा तथा मानदेवकी छोरी विजयवतीले सं.४२७ मा पशुपति सूर्यघाटमा विजयेश्वर नामको शिवलिङ्ग स्थापना गरेका थिए (वज्राचार्य, २०३०, पृ. ६५, ८३)। राजा वसन्तदेवको पालामा सं.४५५ मा ध्रुवसंघले भष्मेश्वर घाट नजिक भद्रेश्वर लगायतका शिवलिङ्गहरूको स्थापना गरेका थिए। अभिलेखसहितको उक्त शिवलिङ्गमा अङ्कित *'भगवतः पशुपतेः क्षेत्रेः'* ले सो क्षेत्रलाई तत्कालीन समयमा पशुपति क्षेत्र भनिने गरिएको बुझिन्छ। पशुपति क्षेत्रको बारेमा सर्वप्रथम उल्लेख गरिएको अभिलेख यही हो। उनले भष्मेश्वर क्षेत्रमा भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर गरी पाँच शिवलिङ्ग स्थापना गरेको वर्णन छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(वज्राचार्य, २०३०, पृ. १५६)। पशुपतिनाथ मन्दिरको दक्षिणपूर्वमा सं.४६२ मा भौम गुप्तकी आमा आभिरी गोमिनीले आफ्नो पति अनुपरमको नाममा अनुपरमेश्वर शिवलिङ्गको स्थापना गरेकी थिइन् (वज्राचार्य, २०३०, पृ. १७०)। पशुपति आर्यघाट पारी मृगस्थलीमा अवस्थित सं. ४६७ को एक अभिलेखसहितको शिवलिङ्गमा राजा रामदेवको पालामा मानमती नामक महिलाले नाथेश्वर नामक शिवलिङ्गको चर्चा गरेकी छिन् (वज्राचार्य, २०३०, पृ. १७५)।

यसरी लिच्छविकालमा असंख्य शिवलिङ्ग स्थापना भई उपासना हुँदै आएको देखिन्छ। अंशुवर्माको हाँडीगाउँको सं. ३२ को अभिलेखमा सो समयका प्रसिद्ध देवीदेवतालाई रकम छुट्याउने क्रममा पशुपतिनाथका साथै रामेश्वर, हंसगृहदेव (अनन्तलिङ्गेश्वर), मानेश्वर, धारामानेश्वर, पर्वतेश्वर, कैलाशेश्वर आदि शिवलिङ्गहरूका निम्ति रकम छुट्याइको छ (जोशी, २०३०, पृ. १२०, १२८, २९३)। यसबाट भगवान् पशुपतिनाथका साथै यी शिवलिङ्गहरू तत्कालीन समयमा अत्यन्त प्रसिद्ध रही लोकद्वारा पूजिएको बुझिन्छ। अंशुवर्माको अभिलेखमा यसरी उल्लेख गरिएका शिवलिङ्गहरूमध्ये पशुपतिनाथ, अनन्तलिङ्गेश्वर, मानेश्वरबाहेक हाल अन्य शिवलिङ्ग के कस्तो अवस्थामा छन् र कहाँ छन् भन्ने कुरा थाहा पाउन सकिएको छैन। देउपाटनको अंशुवर्माको सं.३९ को अभिलेखमा उनकी बहिनी भोगदेवीले पशुपतिमा स्थापना गरेको सूरभोगेश्वर तथा भान्जी र पुर्खाद्वारा स्थापना गरिएको क्रमशः ललितमहेश्वर, दक्षिणेश्वरको हेरचाहको जिम्मा पश्चिमाधिकरणबाट छुटाई अधःशाला पाञ्चालीलाई सुम्पिएको थियो (जोशी, २०३०, पृ. ३३०)। यसरी लिच्छविकालमा कयौं शिवलिङ्ग आयस्था सहित स्थापना गरिएको पाइन्छ। बनेपाको शिवदेव अंशुवर्माको अभिलेखमा सोही क्षेत्रको ग्रामलाई कोट्ट वा किल्लाको दर्जामा राखी कर माफि गरी सोको सिमा उल्लेख गर्ने क्रममा पश्चिममा चन्द्रेश्वर, उत्तरमा दक्षिणेश्वर उल्लेख छ (वज्राचार्य, २०३०, पृ. २४१)। यसबाट सो क्षेत्रमा यी नामका शिवलिङ्ग रहँदै आएको पुष्टि हुन्छ। लेलेको शिवदेव अंशुवर्माको अभिलेखमा विश्वेश्वर, चूडिकेश्वरको उल्लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ (वज्राचार्य, २०३०, पृ. २८४)। राजा नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेखमा वज्रेश्वरको उल्लेख छ। वज्रेश्वर मण्डलीमा गरिने कारणपूजा र वज्रेश्वरको पूजाको अवसरमा भोज खुवाउँदा पाशुपत र ब्राह्मणहरूलाई समेत भोज खुवाउने चर्चा गरिएको छ (वज्राचार्य, २०३०, पृ. ४८४)। कारण पूजा तान्त्रिक पद्धतिद्वारा गरिने उपासना हो। यसबाट उक्त समयमा शैव मतमा तन्त्रको प्रवेश भई तान्त्रिक विधिद्वारा भगवान् शिवको उपासना गरिन लागेको बोध हुन्छ। त्यस्तै लगनटोलको शिवदेव द्वितीयको अभिलेखमा *स्वकारितश्रीशिवदेवेश्वर* अर्थात् उनी आफैले स्थापना गरेको शिवदेवेश्वर शिवलिङ्गलाई लक्ष्य गरी सो महादेवको मन्दिर टुटफुट भएमा मर्मत गर्ने जिम्मा वश पाशुपत सम्प्रदायका आचार्यलाई दिइएको वर्णन छ (वज्राचार्य, २०३०, पृ. ५१५)। यी उल्लिखित शिवलिङ्गहरूमध्ये केही हालसम्म रहेको पाइए पनि कतिपय लोप भइ तिनको नाम मात्र अभिलेखमा सिमित छन्। तर पनि यी अभिलेखीय प्रमाणहरूले लिच्छविकालमा शिवलिङ्गको स्थापना एवं उपासनाको अत्यन्त प्रचलित परम्परालाई पुष्टि हुन्छ। लिच्छविकालमा अभिलेख नभएका सयौँ संख्यामा शिवलिङ्गहरू छन्। यसबाट तत्कालीन समयमा शैव धर्मअर्न्तगत लिङ्ग उपासनाको परम्परा अत्यन्त उन्नत रहेको पुष्टि हुन्छ।

नेपालमा लिच्छविकालदेखि पछिल्लोकालसम्म स्थापना गरिएका शिवलिङ्गहरू विभिन्न उद्देश्यले राखिएका पाइन्छन्। शिवलिङ्गको स्थापना शाषकदेखि सर्वसाधारणले शासक लगायत संसारको हितको निम्ति, आफ्नो तथा परिवारका सदस्यको पुण्यवृद्धिका निम्ति, आफन्तको स्वर्गवासको कामनाका निम्ति स्थापना गरेको पाइन्छ। यसरी आ–आफ्नो लक्ष्य अनुरूप स्थापना गरिएका शिवलिङ्गको नाम मानेश्वर, विजयेश्वर, सूरभोगेश्वर, अनुपरमेश्वर आदि राखिएको पाइन्छ। मेरी स्लसरले नेपालमा शिवलिङ्गको नामाकरण गर्दा संस्थापक, तिनका परिवार वा कुनै विशेष घटनासँग भगवान् शिव वा ईश्वरको सम्मिश्रण गरी नामाकरण गर्ने परम्परा प्रचलित रहेको बताउँदै उनले रत्नसंघ र ईश्वर रत्नेश्वर, किराँत र ईश्वर किराँतेश्वर, कुम्भ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर कुम्भेश्वर, शिवदेव र ईश्वर शिवदेवेश्वर आदिको उदाहरण दिएकी छिन् (स्लसर, १९९८, पृ. २२५)

मध्यकालमा पनि शिवलिङ्ग स्थापना गर्ने परम्परा यथावत रहेको पाइन्छ। यसकालमा प्राचीनकालमै स्थापना भई उपासना गरिँदै आएका कतिपय शिवलिङ्ग विभिन्न कारणले नष्ट हुन जाँदा, टुटफूट हुन जाँदा वा लोप हुन जाँदा तिनको पुर्नस्थापना वा मन्दिर निर्माण गरिएका छन्। भक्तपुरकी राजकुमारी विरमादेवीले हिमवत्खण्डपुराण पुराणमा वर्णन भए अनुरूप पनौतीको प्रख्यात इन्द्रेश्वर महादेव प्रकट भएको पवित्रस्थानमा ने.सं. ४१४ (इस्वी संवत् १२९३) मा इन्द्रेश्वर शिवलिङ्ग मन्दिरसहित स्थापना गरेकी थिइन्। सोही बखत उनका छोरा जयशक्तिदेवले इन्द्रेश्वर मन्दिरमा ध्वज स्थापना गरेका थिए (वज्राचार्य र मल्ल, १९८५, पृ. १३०)। बङ्गालका सुल्तान समशुद्धिनले सन्. १३४९ मा पशुपतिनाथमा आक्रमण गरेपश्चात् प्राचीनकालदेखि उपासना हुँदै आएको पशुपतिनाथको एघार वर्षसम्म पूजा रोकियो। सन्. १३६० मा राजा जयस्थिति मल्लका महामन्त्री जयसिंहराम वर्द्धनले पशुपतिनाथमा नयाँ चतुर्मुखी शिवलिङ्ग स्थापना गरे (वज्राचार्य र मल्ल, १९८५, पृ. ११०)। सो शिवलिङ्ग स्थापना गर्ने कार्य श्रीपति आराध्य शर्माका नाती भारद्वाज गोत्री शंकरनारायण शर्मा ब्राह्मण आचार्यद्वारा गरिएको थियो (टण्डन, २०५३, पृ. ५१)। ललितपुरस्थित सुनाकोठी भृङ्गारेश्वर लिच्छविकालमा लोकद्वारा पूजिएको शिवलिङ्ग रहेको कुरा भीमार्जुनदेव, विष्णुगुप्त तथा शिवदेव द्वितीयका दुई अभिलेखहरूमा तिनको चर्चा गरिएबाट बुझिन्छ। उक्त कालमा भृङ्गारेश्वरको मन्दिर सोही स्थानमा रहेको तथा त्यस भेगका उनी प्रख्यात देवता रहेको हुँदा उनकै नामबाट भृङ्गारेश्वर पाञ्चाली कहलाएको थियो (वज्राचार्य, २०३०, पृ. ५२२)। तर तत्कालीन समयमा राज्यका अन्य प्रसिद्ध देवताहरूको श्रेणीमा भने नपरेका यी भृङ्गारेश्वरलाई समयको अन्तरालसँगै मानिसहरूले बिर्सन जाँदा मध्यकालमा राजा विष्णुसिंहले यी शिव (लिङ्ग) के नाउँका होलान् भनी चासो राखे। मन्दिर सामुन्ने कुवा रहेको र सो कुवा किन रहेको होला भनी उनले खोजी गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रममा त्यहाँ पाइएका तामा घडाहरूमा श्रीभृङ्गारेश्वर महादेव कुँदिएको देखि ती शिवलिङ्ग भृङ्गारेश्वर महादेव रहेको थाहा पाई भव्य मन्दिर बनाउन लगाए (वज्राचार्य, २०५६, पृ. १९)।

नेपालमा शिवसहित पाञ्चायन देवता (गणेश, विष्णु, शिवलिङ्ग, देवी, सूर्य) को उपासना गर्ने परम्परा लिच्छविकालको उत्तरार्धमा प्रचलित हुन गएको थियो। आठौँ शताब्दीका आदि शंकराचार्य (इ.सं. ७८८–८२०) ले पाञ्चायन देवीदेवतामा शिवसहित अन्य देवीदेवताको उपासना गर्ने परम्पराको थालनी गरेपश्चात् पाञ्चायन देवताको स्थापना तथा उपासना झनै व्यापक हुँदै गयो। पाञ्चायन देवतामा पाँच देवमध्ये जुन देवतालाई प्रमुख मानी उपासना गरिन्छ, तिनलाई मध्यमा राखी अन्य चारलाई चार दिशामा राखेर उपासना गर्ने चलन छ। पाञ्चायन देवताको स्थापना गर्दा शिवलिङ्गलाई बिचमा राखी अन्य देवतालाई चार दिशामा राखिएका कयौँ मन्दिर पाइन्छन्। पशुपतिनाथको गर्भगृहमा बिचमा भगवान् पशुतिनाथको शिवलिङ्ग तथा चार कुनामा गणेश, देवी, सूर्य र विष्णुका प्रतिमा स्थापना गरिएका छन्। जयवागेश्वरी नवाली टोलको ताम्रेश्वर महादेव, पनौतीको इन्द्रेश्वर महादेव, रानीपोखरीको जमलेश्वर महादेव लगायत शिवपाञ्चायन मन्दिर नेपाल मण्डलमा मात्र नरही उपत्यका बाहिर समेत कयौँ छन्। ने.सं. ७७९ चाँगुनारायण जाने बाटोमा इन्द्रसिंह, हाकुसिंह, कृष्णसिंहले इन्द्रेश्वर शिवलिङ्गसहित पाञ्चायन देवता प्रतिष्ठा गरेको अभिलेख पाइन्छ (राजवंशी, २०२०, पृ. ५७)। त्यस्तै ने.सं. ७९६ राजा नृपेन्द्र मल्लको शासनकालमा राजा प्रताप मल्लकी पत्नी इन्द्रमतीले आफू र आफ्नो पतिको नामबाट पशुपतिनाथ मन्दिर प्राङ्गणमा इन्द्रेश्वर पाञ्चायन मन्दिर बनाएकी छिन् (पोखरेल र खनाल, २०७७, पृ. ६४६)।

मध्यकालमा लिच्छविकालको दाँजोमा साधारण तथा मुखसहितका शिवलिङ्ग स्थापना गर्ने परम्परा अझै झाँगिदै गयो। यस्ता शिवलिङ्ग स्थापना गरिएका कयौँ प्रमाण पाइन्छन्। यहाँ पाइएका साधा तथा मुख अङ्कित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गमध्ये मुख अङ्कित शिवलिङ्गको दाँजोमा साधा शिवलिङ्ग अत्यधिक छन्। मुख अङ्कित गरिएका शिवलिङ्गहरूमा पनि ईशान मुखसहित पाँचवटै मुख (तत्पुरुष, सद्योजात, वामदेव, अघोर, ईशान) अङ्कित शिवलिङ्ग भने औँलामा गन्न सकिने संख्यामा छन्। ने.सं. ७४७ (वि.सं. १६८३) मा राजा सिद्धिनरसिंह मल्लले मङ्गलबजारमा विश्वेश्वर शिवलिङ्गको स्थापना मन्दिरसहित गरेका थिए (वज्राचार्य, २०५६, पृ. ६९)। पाशुपत क्षेत्र बाग्मती नदी पारी राममन्दिर भनिने विष्णु मन्दिर सामुन्ने एक मुखे शिवलिङ्ग रहेको छ। सो शिवलिङ्ग ने.सं. ७५९ मा राजा लक्ष्मीनरसिंह मल्लको पालामा गोविन्द राम भारो तथा परिवारले स्थापना गर्न लगाएको। पशुपतिनाथ मन्दिर परिसर नजिक राजा प्रताप मल्लले ने.सं. ७७५ मा मन्दिरसहितको कोटिलिङ्गेश्वर शिवलिङ्ग स्थापना गरेका थिए (पोखरेल र खनाल, २०७७, पृ. ६४२, ७३)। ने.सं. ७८१ मा पाटन शङ्खमूलमा काशीराम भारोले पञ्चचक्रेश्वर महादेव स्थापना गरेको अभिलेखमा वर्णन छ। ने.सं. ७९३ मा पाटन सर्वेश्वर (कुम्भेश्वर) महादेव नजिकै आग्नेय कोणमा सूर्यराम मुल्मी भारोले सूर्येश्वर महादेवको स्फटिको शिवलिङ्ग स्थापना गरी सुवर्ण कोष र छत्र चढाएको वर्णन पाइन्छ (वज्राचार्य, २०५६, पृ. ११९, १८३)। यसबाट पुराणहरूमा वर्णन गरिए अनुरूप यहाँ विविध द्रव्यबाट शिवलिङ्ग निर्माण गरी उपासना गर्ने प्रचलन रही मध्यकालमा स्फटिकबाट निर्माण गरिएको शिवलिङ्गको उपासना प्रचलित रहेको बुझिन्छ। तर नेपाल मण्डलअन्तर्गत रहेका मन्दिरहरूमा स्फटिकको शिवलिङ्ग स्थापना भने कतै पनि गरिएको पाइएको छैन। त्यस्तै ने.सं. ८२८ मा राजा भूपतिन्द्र मल्लको पालामा बनेपा वकुटोल बहाल अगाडि हाकुभाजु प्रधानाङ्गले स्फटिकको शिवलिङ्ग स्थापना गरेको वर्णन छ (राजवंशी, २०२०, पृ. ७३)। पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ चौसट्ठी शिवलिङ्ग नजिकैको डबलीमा ने.सं. ७९६ मा भारद्वाज गोत्री रामचन्द्र राजोपाध्यायले आफू मल्ल राजाहरूको पुरोहित रहेको बताउँदै उनले भत्केको शिव मन्दिर जीर्णोद्धार गरी तीन सो स्थानमा तीन शिवलिङ्ग स्थापना गरेका छन् (पोखरेल र अरू, २०७७, पृ. ६४६)। पशुपतिनाथ मन्दिर प्राङ्गणमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ने.सं. ७९७ मा देवीदास नाम व्यक्तिले दिव्येश्वर शिवलिङ्ग तथा ने.सं. ७९९ मा प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्लले पार्थिवेश्वर शिवलिङ्ग स्थापना गरेका थिए (पोखरेल र खनाल, २०७७, पृ. ६२)। ने.सं. ८०७ मा साँखु दोहिटी (दुगा हिटी) टोलमा राजा पार्थिवेन्द्र मल्लको पाला जयकृष्ण भारोद्वारा शिवलिङ्गको स्थापना गरिएका थिए (राजवंशी, २०२०, पृ. २२)। ने.सं. ८३० को पाटन संग्रहालयमा रहेको एक अभिलेखको शीर्ष भागमा फूलमालाले घेरिएको शिवलिङ्ग अङ्कित गरिएको छ, जसको मन्तिर गाई र बाछोको चित्र अङ्कित छ। उक्त अभिलेखमा कुनै दाताले गाईलाई राम्रो घाँस खुवाउनका निम्ति चरणभूमि अर्पण गरेको विवरण छ। ने.सं. ८३३ को अनन्तलिङ्गेश्वर मन्दिरमा रहेको अभिलेखमा गुन्डुमा राधौ जोशीले विश्वेश्वर शिवलिङ्ग स्थापना गरेका थिए। सोही मन्दिर सामुन्ने ने.सं. ९५९ मा विश्वेश्वर महादेवका निम्ति धर्मशाला निर्माण गरिएको पाइन्छ (राजवंशी, २०२०, पृ. ११६)। ने.सं. ८५५ मा साँखु सुन्दरी घाटको अभिलेखमा सो घाटमा पशुपति लिङ्ग स्थापना गरिएको उल्लेख छ। यसरी मध्यकालमा पनि अभिलेखसहितका कयौँ शिवलिङ्ग स्थापना गरिएको पाइन्छ।

नेपाल र भारतबिचको धार्मिक सम्बन्ध प्राचीन कालदेखिनै अनवरत रहँदै आएको छ। नेपालीहरू भारतका प्रसिद्ध ज्योर्तिलिङ्ग तथा तीर्थस्थलको दर्शन गर्न जाने तथा भारतीयहरू नेपालको पशुपतिनाथलगायत अन्य तीर्थस्थलको दर्शन गर्नका निम्ति आउने परम्परा छ। मध्यकालमा भारतका प्रख्यात ज्योर्तिलिङ्गहरूको दर्शन नेपालमै गर्न सकियोस् भन्ने अभिप्रायले तिनको प्रतिरूप स्थापना गर्ने चलन थियो। भारतका द्वादश ज्योर्तिलिङ्गमध्येको एक काशीस्थित विश्वनाथ हुन्। काशी विश्वनाथको मन्दिर ने.सं. ७८९ मा बादशाह अवरङ्गजेवले आक्रमण गरी भत्काए। उक्त घटनाले नेपालीहरूलाई समेत चिन्तित तुल्यायो। लामो समयसम्म नेपालीहरू काशीस्थित विश्वनाथ मन्दिरको दर्शनबाट वञ्चित हुन गएपश्चात् नेपालीले आफ्नै देशमा काशी विश्वानाथको दर्शन एवं उपासना गर्न पाउन् भन्ने उद्देश्यले पाटनका राजा श्रीनिवास मल्लका चौतारा भगीरथ भैयाले ने.सं. ७९८ पाटन राजदरबारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणपश्चिम दिशामा तीनतले भव्य मन्दिरसहित काशी विश्वनाथ शिवलिङ्ग स्थापना गरे (वज्राचार्य, २०५६, पृ. २००)। वि.सं. १९९० को भूकम्पमा सो भव्य मन्दिर भत्किन गयो। लामो समयसम्म निर्माण हुन नसकेको शिवालय हाल मध्यकालमा निर्मित मौलिक शैली अर्थात् तलेशैलीमा निर्माण गर्ने कार्य भई रहेको छ। त्यस्तै बनेपास्थित दथु टोलमा शिवालय वा मन्दिरसहित शिवलिङ्ग रहेको छ। यस मन्दिरमा रहेको ने.सं. ८४४ को अभिलेखमा सो शिवलिङ्ग मल्लिकार्जुन नामले स्थापना गरिएको व्योहोरा कुँदिएको छ (राजवंशी, २०२०, पृ. ७८)। उक्त शिवलिङ्ग भारतको आन्ध्रप्रदेशमा अवस्थित मल्लिकार्जुन ज्योर्तिलिङ्गको प्रतिरूप स्थापना गरिएको बुझिन्छ।

शिवलिङ्ग प्रकृति र पुरुष, उमा र शिव अर्थात् चराचर जगत्को सृष्टिकर्ता हुन्। तिनमै प्रलयकालमा जीव लीन हुन्छन्। अभिलेखमा भगवान् शिवको लिङ्ग रूपको स्तुति गरिएको पाइएका छन्। पशुपति प्राङ्गणमा पाइएको सं. ३८१ को मानदेवको पालाको अभिलेखमा पाँच मुख भएका महादेवको स्तुति गरिएको छ। विष्णुपादुका फेदीको शिवलिङ्गको जलहरीमा *'यस्मात त्वत्तस्तस्माज्जगदविहतञ्जायते लीयते च'* अर्थात् संसारको सृष्टिकर्ता तथा प्रलयकर्तारूपी शिवलिङ्गको स्तुति गरिएको छ (वज्राचार्य, २०३०, पृ. ४१)। विजयवतीले पशुपति सूर्यघाटमा स्थापना गरेको विजयेश्वर शिवलिङ्गको अभिलेखको थालनी *'यस्येच्छया जगदिदम्पृथु विश्वरूपम् सर्गस्थितिव्ययजराव्यसनादियोगैः संयुज्यतं वत तथा प्रतिमुच्यते च तस्मै नमः सततमस्तु महेश्वराय'* अर्थात् जसको इच्छाले यो सम्पूर्ण विशाल संसारको सृष्टि, स्थिति, प्रलय, बुढ्याइँ, दुःख आदि हुन्छन् तथा तीबाट छुट्दछन्, ती महादेवलाई नमस्कार गरी गरिएको छ (वज्राचार्य, २०३०, पृ. ८२, ८३)। ने.सं. ६७४ को राजा विष्णुसिंहको सुनाकोठी भृङ्गारेश्वरको अभिलेखमा भृङ्गारेश्वरको स्तुति गर्दै अभिलेखको उठान गरिएको पाइन्छ। पाटन च्यासलटोलको धाराको ने.सं. ७३१ को अभिलेखको थालनी काशीमा विराजमान विश्वनाथलाई नमस्कार गरी गरिएको छ (वज्राचार्य, २०५६, पृ. १९, ४६)। लिच्छविकालीन तथा मल्लकालका शासकहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखमा *'भगवतपशुपतिभट्टारकपादानुगृहितो'* अङ्कित गरिएबाट ती शासकहरूको भगवान् पशुपतिनाथ प्रतिको श्रद्धा एवं भक्ति प्रकट हुन्छ।

देशमा अनिकाल, दुर्भिक्षादी आइपर्दा लिङ्गको उपासना गरी सङ्कट निवारण गर्ने परम्परा रहेको पाइएको छ। यस सम्बन्धमा प्राचीन स्वयम्भूव लिङ्ग अनन्तलिङ्गेश्वरको जलहरीमा कुँदिएको अभिलेखबाट जानकारी हुन्छ। ने.सं. ५०१ मा राजा जयस्थिति मल्लकी रानी राजल्लदेवीद्वारा कुँद्न लगाइएको उक्त अभिलेखमा उनले अनन्तलिङ्गेश्वरमा चतुर्थी यज्ञ उद्यापन गरेको वर्णन छ। उक्त समयमा भएको भयावह प्राकृतिक घटना जसको मारमा परी हजारौँ मानिस मरेको तथा ठूलो असिना परी बाली नष्ट भई सङ्कट आइपरेको कुरा गोपालराजवंशावली पत्र सं. ५९ मा समेत उल्लेख छ (वज्राचार्य र मल्ल, १९८५, पृ. ११५)। राजल्लदेवीले सो सङ्कट निराकरण गर्न तथा लोकको कल्याणको निम्ति अनन्तव्रत लिएकी थिइन्। उक्त व्रत उनले माघ कृष्ण त्रयोदशी पर चर्तुदशीका दिन अनन्तलिङ्गेश्वरमा पूर्ण गरी सोही समयमा अभिखेल राख्न लगाएकी थिइन्। राजा अभय मल्लको पालामा नेपालमा महामारी र दुर्भिक्ष भई प्रजाले साह्रै कष्ट झेल्नु परेको थियो। उनले महामारीबाट बच्नका निम्ति पशुपतिनाथमा प्रतिवर्ष लक्षहोम र पक्षश्राद्ध गरी महास्नान गराएको कुरा गोपालराज वंशावलीमा उल्लेख छ (वज्राचार्य र मल्ल, १९८५, पृ. ८१)। दैनिक देवीदेवतालाई पञ्चामृत आदिले गरिने नित्यस्नान भन्दा फरक विशेष तिथि पर्वमा धेरै परिमाणमा पञ्चामृतसहित देवीदेवताको विशेष पूजा गर्नु महास्नान हो। राजा नृपेन्द्र मल्लको पालामा काजी सिँख्वाल प्रधानले प्रत्येक वर्ष कार्त्तिक शुक्ल पूर्णिमाका दिन पशुपतिनाथको महास्नान गर्ने परम्परा चलाएका थिए (लम्साल, २०२३, पृ. ९३)। पछि शाहकालमा रणबहादुर शाहकी रानी कान्तावतीले वि.सं. १८५३ मा बाह्रै महिना प्रत्येक महिनाको पूर्णिमा तिथिका दिन पशुपतिनाथलाई खुसी पार्न महास्नान, महाभोग, महाबलि गराउने परम्परा चलाएकी थिइन्। प्रत्येक महिनाको पूर्णिमाका दिन सम्पूर्ण विधिसहित पशुपतिनाथमा महास्नान गर्ने परम्परा हाल पनि यथावत छ। ने.स. ८४८ मा राजा जयज्जय मल्लले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथस्थित आगमघरका पूजारी साम्बसदाशिव भट्टका नाममा गरिदिएको ताम्रपत्रमा उनलाई पशुपति तथा पाशुपत क्षेत्र वरपर रहेका विभिन्न देवीदेवताको नित्य उपासना गर्ने, लिङ्गयात्रा, उपलिङ्गयात्रा, कुण्डयात्रा गराउने तथा राज्यमा प्राकृतिक प्रकोप, दुर्भिक्षादि हुँदा आगमघरमा पूजाआजा गराउने अधिकार दिएका थिए (टण्डन, २०५३, पृ. २४२)।

पहिलेदेखि स्थापना भई पूजिँदै आएका वा आफूले स्थापना गरेको शिवलिङ्गका नाममा विविध वस्तु अर्पण गरिएका, मन्दिरको निर्माण तथा जीर्णोद्वार गरिएका कयौँ अभिलेख छन्। त्यस्तै शिवलिङ्गको रेखदेख, नित्य पूजा, नैमित्यिक पूजा, वर्षवर्धन आदि कार्यका निम्ति जग्गा गुठी राखिएका अभिलेख छन्। पशुपति मन्दिर प्राङ्गणमा रहेको आचार्य भगवत्प्रणर्द्दन प्राणकौशिकको छत्रचण्डेश्वरको अभिलेमखमा *'शम्भोरावरण'* शब्द उल्लेख छ। यसबाट उनले पशुपतिनाथस्थित लिङ्गमा आवरण अर्थात् कोष चढाएको बुझिन्छ। राजा जयदेव द्वितीयले सं. १५७ (वि.सं. ७९०) मा पशुपतिनाथलाई चाँदीको भव्य अष्टदल कमल चढाएका थिए (वज्राचार्य, २०३०, पृ. ४३०, ५५४)। यक्ष मल्लकी रानी कीर्तिलक्ष्मीले ने.सं. ६०७ मा यक्षेश्वर महादेवको नित्यपूजाको निम्ति तामाको गाग्रो, थाली आदि पूजाभाँडा चढाएकी थिइन् (पौडेल, २०६५, पृ. १६)। ने.सं. ७३९ मा कृष्णदेव नामक ब्राह्मणले आफ्नो पुण्य होस् भनी सुनागुठी भृङ्गारेश्वरलाई सुनको छत्र चढाएका थिए (वज्राचार्य, २०५६, पृ. ५७)।

पशुपतिनाथमा नित्यपूजा, पञ्चामृतस्नान, विशेष तिथि पर्वमा नैमित्तिक पूजा, जात्रा सम्पन्न आदिका निम्ति लिच्छविकालदेखि पछिल्लोकालसम्म राखिएका कयौँ संख्यामा गुठी छन्। आभिरी गोमिनीले अनुपरमेश्वर शिवलिङ्गको पूजा गर्न तथा टुटेफुटेमा उक्त लिङ्गको मर्मत गर्न गुठी राखेकी थिइन्। मानमतीले मृगस्थलीको अभिलेखमा नाथेश्वरको पूजाको निमित्त गुठी राखेको पाइन्छ। त्यस्तै उहिले नाथेश्वर नामले प्रसिद्ध रहेका आदेश्वर स्वयम्भूव लिङ्गको नाममा नन्दवर्माले आफ्नो परिवारको स्वर्गवासको कामना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी जग्गा गुठी राखेको पाइन्छ (वज्राचार्य, २०३०, पृ. १७१, १७५, ४१३)। मध्यकालमा पनि शिवलिङ्गका निम्ति गुठी राख्ने परम्परा निरन्तर रहेको पाइन्छ। ने.सं. ६०७ मा राजा यक्ष मल्लकी रानी कीर्तिलक्ष्मीले यक्षेश्वर महादेवको नित्य एवं प्रति संक्रान्ति नैमित्तिक पूजा गर्नका निम्ति खेत गठी राखेकी थिइन् (पौडेल, २०६५, पृ. १६)। ने.सं. ७३४ मा दक्षिण भारतबाट आएका नारायण भट्टले भृङ्गारेश्वर महादेवलाई त्रिशूल चढाई उनलाई नैवेद्य चढाउनका निम्ति खेत गुठी राखेका थिए। ने.सं.७८१ शङ्खमूलमा स्थापित पञ्चचक्रेश्वर महादेव, ने.सं. ७९३ मा सर्वेश्वर नजिक स्थापित स्फटिकको शिवलिङ्गको नित्यपूजा र वर्षवर्धन गर्न गुठी राखिएको पाइन्छ। ने.सं ८२१ राजा योगनरेन्द्र मल्लको पालामा पाटन कुम्भेश्वर महादेवको शिवरात्रीमा विशेष पूजा गर्नका निम्ति गुठी राखिएको पाइन्छ। पाटन गोभ्राटेश्वर महादेव नजिकै शिवलिङ्ग स्थापना गरी गोभ्राटेश्वरसहित सो लिङ्गको नित्य उपासनाका निम्त गुठी राखिएको थियो। कीर्तिपुर खासीबजारमा अवस्थित शिवमन्दिरमा स्थित शिवलिङ्ग ने.सं. ७८१ मा कीर्तिपुर निवासी मानसिंह भारोले स्थापना गरी सोको नित्य, नैमित्तिक पूजाका निम्ति खेत गुठी राखेका थिए (वज्राचार्य, २०५६, पृ. ५३, ३२८, ४५५, ५०१)। ने.सं. ७९५ को टोखा चण्डेश्वरी मन्दिरको अभिलेखमा राजा नृपेन्द्र मल्लको पालामा टोखा निवासी विश्व भारोले चण्डेश्वर महादेवका निमित्त गहना र पोशाक चढाएको र सोही मितिको अर्को अभिलेखमा टोखा निवासी जुगीदेव र परिवारले पञ्चमुखी महादेवका निम्ति मन्दिर बनाएका थिए (दर्नाल, २०५०, पृ. २६)। ने.सं. ७९६ मा पशुपतिनाथ मन्दिरको दक्षिण चौसट्ठी महादेव नजिकै रहेको अभिलेखमा भारद्वज गोत्रका रामचन्द्र राजोपाध्यायले आफूलाई मल्ल राजाका पुरोहित रहेको उल्लेख गर्दै भत्केको शिव मन्दिरको जीर्णोद्वार गरी तीन शिवलिङ्ग स्थापना गरेको वर्णन छ (पोखरेल र खनाल, २०७७, पृ. ६४६)। ने.सं. ८५२ मा राजा जगज्जय मल्लको पालामा साँखु सुन्दरीघाट ज्योर्तिलिङ्गेश्वर मन्दिरमा यपाट टोलका देवराम भारोले गजुरको जीर्णोद्वार गरी नयाँ गजुर राखेका थिए। भक्तपुर गोलमढी टोलमा अवस्थित प्राचीन गोलमढी धाराको पश्चिमतर्फ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुम्बज शैलीको मन्दिर छ। सो मन्दिरमा रहेको ने.सं. ९०१ को अभिलेखमा ती वीरभद्रेश्वर शिवलिङ्गका निम्ति देवगोल अर्थात् मन्दिर निर्माण गरिएको वर्णन छ (राजवंशी, २०२०, पृ. ३५, १०१)। फराकिलो बेसर शैलीको जलहरीमाथि छोटो रुद्र भागसहित स्थापना गरिएको यस चतुर्मुखी शिवलिङ्ग लिच्छविकालको उत्तरार्धतिर स्थापना भई तिनका निम्ति पछिल्लो कालमा मन्दिर निर्माण गरिएको बुझिन्छ। ने.सं ९५० मा बनेपा चण्डेश्वर महादेव मन्दिर राजेन्द्र विक्रम शाहको पालामा जीर्णोद्वार गरी नित्य, पर्व पूजाका निम्ति गुठी राखिएको थियो। ने.सं. ९९५ मा बनेपा चण्डेश्वर मन्दिरमा स्थानीय वकु टोलका मगनीया जगत्सिंह र परिवारले धातुको तोरण चढाएका थिए (राजवंशी, २०५०, पृ. ३७, ४३)। यसरी मध्यकालमा पनि शिवलिङ्गसँग सम्बन्धित विविध प्रसङ्गका अभिलेख पाइएका छन्। त्यस्तै कतिपय अभिलेखको शीर्षभागमा शिवलिङ्गको आकृति अङ्कित गरिएका छन्।

यसरी माथि वर्णन गरिएका अभिलेखीय प्रमाणसहितका शिवलिङ्ग र अभिलेखमा शिवलिङ्गसम्बन्धी चर्चा गरिएका केही उदाहरण मात्र हुन्। यस्ता अन्य कयौँ अभिलेखहरू छन् जसमा शिवलिङ्गका विविध प्रसङ्गको चर्चा पाइन्छन्। अभिलेखका आधारमा माथि वर्णन गरिएका कतिपय शिवलिङ्ग आज हाम्रा सामु छन्। कतिभने कालखण्डसँगै विविध कारणले लोप भइसकेका छन्। यसरी माथि वर्णन गरिएका शिवलिङ्गसँग सम्बन्धित यी केही अभिलेखीय प्रमाणहरूको आधारमा नेपालमा शिवलिङ्गको उपासना सम्बन्धमा विश्लेषण गर्दा पनि यहाँ प्राचीनकालदेखि नै शिवलिङ्गको उपासना परम्परा अत्यन्त व्यापक रहेको तथ्य उजागर हुन्छ। यी बाहेक अभिलेखीय प्रमाण विहिन हजारौँ संख्यामा शिवलिङ्ग नेपाल मण्डलअर्न्तगत यत्रतत्र छरिएर रहेका छन्। यसबाट नेपालमा लिङ्ग उपासनाको परम्परा ज्यादै नै उन्नत रहेको पुष्टि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका प्राचीन एवं लिच्छविकालीन शिवलिङ्गहरू

लिच्छविकालमा निर्मित शिवलिङ्गको चर्चा गर्नु अघि नेपाली मूर्तिकलाको शैलीगत विकासको इतिहास विश्लेषण गर्नु जरुरी रहन्छ। नेपाली मूर्तिकलामा प्राचीनकालदेखि क्रमशः हुँदै आएको शैलीगत परिवर्तनलाई मूर्तिकलाको विशेषता मानिन्छ। विशेषताकै आधारमा अभिलेखीय प्रमाणविहिन मूर्तिकलाको कालक्रम निर्धारण गर्ने गरिन्छ। नेपालमा पाइएका मूर्तिकलालाई कालक्रमका आधारमा प्राचीनकाल, लिच्छविकाल, मध्यकाल तथा पछिल्लोकाल गरी विभाजन गरिएको पाइन्छ। इ.पू. तेस्रो शताब्दीदेखि ईस्वीको चौथो शताब्दीसम्मका नेपालको लुम्बिनी, कपिलवस्तुलगायतका तराई क्षेत्र तथा काठमाडौँ उपत्यकामा पाइएका मूर्तिलाई प्राचीन मूर्तिकलामा गणना गरिन्छ। भारतमा विकसित शुङ्गकलाको निरन्तरता कुषाणकालीन कलाको प्रभाव पाइने नेपालका प्राचीन मूर्तिहरू फुस्रो पाषाणबाट निर्मित, भद्धा, लचकता विहिन, कोप्रो वरद मुद्रासहित, नारी मूर्तिमा विशेष प्रकारको चुल्ठो र ठूल्ठूला कल्लीको प्रयोग सहित, पुरुष मूर्तिहरूमा जनैको अभाव भएका पाइन्छन्। यस्ता विशेषतासहित प्राचीनकालमा निर्मित विभिन्न देवीदेवताको मूर्तिहरूमा जस्तै शैव मूतिमा पनि यही शैली लागु भएको पाइन्छ। यस कालमा मूलतः शिवको सकल स्वरूपअन्तर्गत उमामहेश्वरका मूर्ति अत्यधिक संख्यामा निर्माण भएका पाइन्छन्। प्राचीनकालमा शिवको साकार स्वरूपको मूर्तिको दाँजोमा निराकार स्वरूप लिङ्गको निर्माण त्यति भएको पाइँदैन। लिच्छविकालमा भने शिवको साकार स्वरूपको मूर्तिको दाँजोमा लिङ्ग अत्यधिक संख्यामा पाइएका छन्। यसबाट लिच्छविकालमा स्यवम्भूव लिङ्गको अलावा मानुष लिङ्गको निर्माण गरी उपासना गर्ने परम्परा ज्यादै नै लोकप्रिय हुँदै गएको देखिन्छ। लिच्छविकालका केही शिवलिङ्ग अभिलेखसहितका छन् तर धेरै जसो अभिलेखीय प्रमाणविहीन छन्। अभिलेखीय प्रमाणसहितका लिच्छविकालीन शिवलिङ्गसँग मिल्दाजुल्दा अभिलेख नभएकालाई दाँजेर वा लिच्छविकालीन मूर्तिकलाको मौलिक विशेषताको आधारमा तिनको वर्गीकरण गरिन्छ। लिच्छविकालमा निर्मित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिहरू निलो कालो पाषाणबाट निर्मित, लेप लगाइएका, सजीव, आङ्गिक अनुपात मिलेका, साधारण, कम आभूषण प्रयोग गरिएका, पौराणिक ग्रन्थमा आधारित तथा शास्त्रीय विधानको पालना गरी निर्माण गरिएका पाइन्छन्। यिनै विशेषता निष्कल (साधा) वा सकल अर्थात् मुख अङ्कित शिवलिङ्गको निर्माणमा पनि लागु भएको पाइन्छ। मध्यकालसम्म आइपुग्दा नेपाली मूर्तिकलामा परम्परागत कलाको निरन्तरता साथै भारतको विहार तथा बङ्गालमा विकसित तन्त्रको प्रभावका कारण मूर्तिहरू धेरै हात पाउसहितका, भद्दा, आभूषणहरूले सजिएका तथा ज्यादै अलङ्कृत बन्न पुगे। १७/१८ औँ शताब्दी पछिका भने मूर्तिकलामा परम्परागत मौलिक शैली बिस्तारै लोप हुन गई मूर्तिकलाको कलात्मक पक्ष क्रमशः ह्रास हुँदै गएको देखिन्छ।

लिच्छविकालका शिवलिङ्ग साधा तथा मुख अङ्कित छन्। मुख अङ्कित शिवलिङ्गको दाँजोमा साधारण शिवलिङ्गको संख्या अत्यधिक छन्। लिच्छविकाल अघि अर्थात् प्राचीनकालमा यहाँ स्वयम्भूव लिङ्गको उपासना गर्ने परम्परा विद्यमान रहेको अनुमान गर्न सकिन्छ। त्यसैले प्राचीनकालमा निर्मित प्राचीनकालीन विशेषतायुक्त मानुष लिङ्ग हालसम्म अत्यन्त न्यून संख्यामा रहेका छन् वा भनौँ हालसम्म केवल एउटा शिवलिङ्ग मात्र पाइएको छ। बल्खुमा प्राप्त चारैतर्फ मुख अङ्कित अत्यन्त खिईसकेको चतुर्मुखी शिवलिङ्गलाई ईस्वीको चौथो शताब्दीको बताउँदै लैनसिंह वाङ्देलले प्राचीन मानुष लिङ्गको अद्वितीय नमुना मानेका छन्।

प्रत्येक मानुष लिङ्गमा तीन भाग रही तिनमा विद्यमान तल्लो, मध्य तथा माथिल्लो भाग क्रमशः ब्रह्मा, विष्णु र रुद्र भाग रही लिङ्ग निर्माण गर्दा तल्लो ब्रह्मभाग चारपाटे, बिचको विष्णु भाग अष्टकोणीय तथा माथिल्लो पूजाभाग वा रुद्र भाग वृत्ताकार बनाउनु पर्ने विधान शास्त्रमा तोकिएको छ (श्रीवास्तव, १९९६, पृ. १६९)। हरेक मानुष लिङ्गको रुद्र भागमा बिचमा ठाडो धर्सासहित अर्धगोलाकार रेखा कुँदेर ब्रह्मसूत्र निर्माण गरिएकै हुनु पर्दछ। हरेक देवी देवताको मूर्ति प्रतिमा लक्षणमा उल्लिखित शास्त्रीय विधानको पालना गरी निर्माण गर्ने लिच्छवि समाजले शिवलिङ्गको निर्माणमा पनि शास्त्रमा तोकिएकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षणको पालना गरी बनाएको पाइन्छ। त्यस्तै मुखलिङ्ग (एक, चार वा पाँच) को निर्माणमा सम्पूर्ण विधानको पालना पूर्ण रूपमा गरेको देखिन्छ।

शिवलिङ्गमा उमा रूपी जलहरी वा पीठिकाको निर्माण विभिन्न प्रकृतिका निर्माण गर्न सकिने विधान रहे पनि नेपालमा विशेषतः बेसर, नागर शैलीको निर्माण गर्ने प्रचलन बढी पाइन्छ। नागर पीठिका चतुष्कोण, द्रविड पीठिका अष्टकोणीय तथा बेसर पीठिका वृत्ताकार वा गोलाकार रहन्छन्। भारतवर्षमा नागर शैलीको पीठिका निर्माणको प्रचलन उत्तर भारतमा बढी, द्रविड शैलीको पीठिका निर्माणको प्रचलन दक्षिण भारतमा बढी तथा बेसर शैलीको पीठिका अर्थात् द्रविण र नागर मिश्रित शैलीको प्रचलन उत्तर र दक्षिण भारतको बिच भागमा बढी प्रचलित रहेको पाइन्छ (गुरुङ्ग, २०७६, पृ. ८)। यहाँ लिच्छविकालमा निर्माण गरिएका शिवलिङ्गका पीठिका नागर या त बेसर शैलीमा स्थापना गर्ने प्रचलन छ। शिवलिङ्गमा बेसर शैलीको जलहरी निर्माणको प्रचलन लिच्छविकाल र त्यसपश्चात् केही परिमार्जित हुँदै मध्यकाल तथा पछिल्लो कालसम्म पनि निरन्तर चलिरहेको पाइन्छ। नागर शैलीको पीठिकाको प्रयोग भने लिच्छविकाल पछि अन्य केही देवीदेवताको मूर्तिको स्थापनाका निम्ति प्रयोग गरिए पनि शिवलिङ्गको पीठिकाको रूपमा भने लिच्छविकाल पछि क्रमशः हराउँदै गएको देखिन्छ। नेपालमा द्रविण शैलीको पीठिकायुक्त शिवलिङ्ग भने हालसम्म पाइएको छैन। साधा तथा मुख अङ्कित यी विशेषता सम्पन्न कयौं लिच्छविकालीन शिवलिङ्गहरू काठमाडौँ उपत्यकामा यत्रतत्र छन्, जसमध्ये केहीको चर्चा तल गरिएको छ। लिच्छविकालीन शिवलिङ्गहरूको चर्चा गर्नु अघि प्राचीन शिवलिङ्गको महत्त्वपूर्ण नमुना मानिएको बल्खुमा प्राप्त शिवलिङ्गको चर्चा गरिएको छ।

१) बल्खुस्थित वैष्णवी (मातृका) मन्दिरमा अवस्थित प्राचीन चतुर्मुखी शिवलिङ्ग :

काठमाडौँको बल्खुस्थित वैष्णवी मन्दिरमा प्राचीन चतुर्मुखी शिवलिङ्ग रहेको छ। प्राचीन तीन मातृकाका मूर्तिहरू अवस्थित मन्दिरमा स्थापना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको यस शिवलिङ्ग केही समय अघि हल्लिने अवस्थामा जलहरीमा रहेको हुँदा उक्त लिङ्ग सिमेन्टको माध्यमद्वारा अड्याइएको थियो। अत्यन्त खिइसकेका कारण यस चर्तुखी शिवलिङ्गको चारै तर्फका मुखाकृति प्रष्ट छैनन्। तर लिङ्गको चारैतर्फ कुँदिएको मुहार, तिनको शिरमाथि अङ्कित जटामुकुटको अंश साथै प्राचीनकालीन मातृका वा देवीदेवताका कानमा प्रयोग गरिने ठूल्ठूला कर्ण कुण्डलको केही अंश मुख अङ्कित शिवलिङ्गको कानमा झुण्डिएको देख्न सकिन्छ। गलामा चेप्टो हार रहेको छ। बल्खुमा प्राप्त यस शिवलिङ्ग उपत्यकामा प्राप्त हालसम्मकै प्राचीन मानुष शिवलिङ्ग मानिएको छ। लैनसिंह वाङ्गदेलले उक्त शिवलिङ्ग ईस्वीको चौथो शताब्दीको रहेको बताएका छन् (वाङ्गदेल, १९८२, पृ. ५३)। प्राचीनकालमा शिवलाई साकार स्वरूपको मूर्तिअन्र्तगत एकल, उमासहित, उमामहेश्वर मूर्तिमा तथा निराकार स्वरूपअन्तर्गत स्वयम्भूव लिङ्गको रूपमा उपासना गर्ने परम्परा बढी प्रचलित रहेको देखिन्छ। यहाँ प्रशस्त संख्यामा पाइएका साकार स्वरूपको मूर्तिको दाँजोमा लिङ्ग वा मानुष लिङ्ग निर्माण गरी उपासना गर्ने परम्परा त्यति प्रचलित रहेको देखिँदैन। प्राचीनकालीन विशेषता सहितको यस चतुर्मुखी शिवलिङ्गको प्राप्तिले यहाँ ईस्वीको सुरुवातताकादेखि मानुष लिङ्ग निर्माण गरी उपासना गर्ने परम्पराको थालनी भएको बुझिन्छ। चारैतर्फ मुख अङ्कित यस प्राचीन शिवलिङ्गको प्राप्तिले यस कालमा साधा शिवलिङ्ग अवश्य पनि निर्माण गरी उपासना गर्ने परम्परा रहेको हुनुपर्दछ भन्ने कुराको अनुमान गर्न सकिन्छ। लिच्छविकालको सुरुवातमा पाइएका असंख्य साधा तथा मुख अङ्कित शिवलिङ्गहरूका आधारमा हेर्दा यी प्राचीनकालीन कलाको निरन्तरताको प्रतिफल मान्न सकिन्छ। बल्खुमा अवस्थित यस शिवलिङ्गलाई चौसट्ठी शिवलिङ्ग मध्येको एक (गोलोकेश्वर)को रूपमा उपासना गरिँदै आएको प्रचलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिच्छविकालीन शिवलिङ्गहरू

१. लाजिम्पाट नरवर्माद्वारा स्थापना गरिएको शिवलिङ्ग (सं. ३८८/सन्. ४६६)

काठमाडौँको लाजिम्पाटमा धोबिचौर नामक सानो थुम्कोमा चौर रहेको छ। सो स्थानमा दुईवटा प्राचीन शिवलिङ्ग रहेका छन्। ती मध्ये चौरको पश्चिमतर्फ अर्थात् सहायक सडकको छेउमा अवस्थित शिवलिङ्ग राजा मानदेवको पालामा उनको आज्ञा लिई उनका भृत्य (राजाको आश्रयमा रहेका अधिकारी) नरवर्माले स्थापना गरेका थिए। शिवलिङ्गको जलहरीमा अभिलेख अङ्कित गरिएको छ। उक्त अभिलेखमा *'प्रासादसंस्थमनुरूपमिह'* अर्थात् उनले मन्दिरसहित यसको स्थापना गरेका थिए (वज्राचार्य, २०३०, पृ. ३१)। यस निष्कल शिवलिङ्ग नागर शैलीको जलहरीमा अवस्थित छ। लामो लामो आठ धर्कासहितको आठपाटायुक्त अग्लो तथा पातलो गोलाइसहितको विष्णु भाग माथि साधा रुद्र भाग रहेको छ। रुद्र भागमा ब्रह्मसूत्र धर्का कुँदिएको छ, जुन ठाउँ ठाउँमा खिइएको देखिन्छ। लिच्छविकालीन मूर्तिकलाको प्रमुख विशेषता तिनमा लगाइने लेप हो। प्राचीनकालीन मूर्तिकलामा नपाइने तर यस कालमा विकास भई प्रयोग गर्न थालिएको लेप अधिकांश लिच्छविकालीन मूर्तिमा पाइन्छ तथा यो प्रचलन लिच्छविकालको उत्तरार्ध र पूर्वमध्यकालको थालनीपछि क्रमशः विस्तारै लोप हुँदै गएको पाइन्छ। अन्य मूर्तिमा जस्तै यस शिवलिङ्गमा पनि लिङ्ग तथा जलहरी दुवैमा लेपको प्रयोग गरिएको पाइन्छ, जुन कालक्रमका कारण ठाउँ ठाउँमा उप्किएको देखिन्छ। यसको शिरोभाग वा ईशान भाग गोलाकार रहेको छ। अग्निपुराणमा शिवलिङ्गको शिरोभाग वर्तुल अर्थात् गोलाकार, बालचन्द्र अर्थात् अर्धगोलकार, छत्राकार, काँक्रोको आकृतियुक्त आदि निर्माण गर्ने विधाको उल्लेख भए अनुरूप वर्तुल अर्थात् गोलाकार शैलीमा निर्माण गरिएको छ (अग्निपुराण, २०६०, पृ. ११०)। चारैतर्फ खम्बासहितको खुला सानो देवल बनाई उक्त शिवलिङ्ग राखिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. लाजिम्पाट क्षेमसुन्दरीद्वारा स्थापना गरिएको शिवलिङ्ग (सं. ३९०)

काठमाडौंको लाजिम्पाटस्थित धौबिचौरमा क्षेमसुन्दरीले स्थापना गरेको शिवलिङ्ग छ। क्षेमसुन्दरी राजा मानदेवकी रानी हुन्। नरवर्माले स्थापना गरेको शिवलिङ्गको पूर्वदक्षिणमा यस लिङ्ग अवस्थित छ। जलहरीमा अङ्कित अभिलेख अनुसार रानी क्षेमसुन्दरीले *'श्रीमत्संस्थानरूपम्भवनमिहदृढङ्कारयित्वा'* अर्थात् यस शिवलिङ्ग बलियो तथा राम्रो मन्दिरसहित स्थापना गरेकी थिइन् (वज्राचार्य, २०३०, पृ. ३९)। उनीद्वारा निर्माण गरिएको मन्दिर कस्तो थियो र उक्त मन्दिर कहिले नाश भयो भन्ने कुनै आधार पाइँदैन। हाल गुम्बज शैलीको छानो युक्त मन्दिर निर्माण गरी यस शिवलिङ्गको संरक्षण गरिएको देखिन्छ। यस निष्कल शिवलिङ्ग बेसर शैलीको ठूलो जलहरीमाथि स्थापना गरिएको छ, जसमाथि लामो तथा मोटो गोलाइसहितको रुद्र भाग रहेको छ। नरवर्माद्वारा स्थापना गरिएको शिवलिङ्ग जस्तै यसको पनि शिरोभाग भाग वर्तुल आकारको पाइन्छ। शिवलिङ्गमा लगाइएको लेप ठाउँ ठाउँमा उप्किएको छ तथा ब्रह्मसूत्रको धर्का खिइसकेको कारण कतै कतै तिनको अंश देख्न सकिन्छ।

३. देउपाटनस्थित रत्नसंघद्वारा स्थापना गरिएको रत्नेश्वर तथा प्रभुकेश्वर शिवलिङ्ग (सं. ३९९, सं. ४०२)

देउपाटन पशपतिनाथको समिप अवस्थित दक्षिणामूर्ति मन्दिरको पश्चिमतर्फ उकालोमा एक निजी निवासको प्राङ्गणमा दुई शिवलिङ्ग रहेका छन्। यी दुवै शिवलिङ्ग लिच्छविकालका रत्नसंघ नामक सार्थवाह अर्थात् तत्कालीन व्यापारीले स्थापना गरेका हुन्। रत्नसंघले सं. ३९९ मा आफ्नो नामबाट रत्नेश्वर शिवलिङ्ग स्थापना गरी यसको पूजाको निमित्त भक्तपुर, ललितपुर, कान्तिपुर भेगका थुप्रै परिमाणमा जग्गा गुठी राखेका थिए। त्यस्तै उनैले रत्नेश्वर शिवलिङ्ग स्थापना गरेको तीन वर्षपछि सं. ४०२ मा सोही शिवलिङ्ग कै सामुन्ने प्रभुकेश्वर शिवलिङ्ग स्थापना गरेका थिए। रत्नसंघले आफ्ना नातेदार प्रभुसंघको नाममा प्रभुकेशर शिवलिङ्ग स्थापना गरेको बुझिन्छ। साथै उनले प्रभुकेश्वर शिवलिङ्गको नाममा पनि धेरै खेत चढाएका थिए (वज्राचार्य, २०३०, पृ. ५३, ५६)। यी दुई शिवलिङ्गमध्ये रत्नेश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग बेसर शैलीको फराकिलो जलहरीमाथि स्थापना गरिएको छ जसको रुद्र भाग छोटो रहेको छ। प्रभुकेश्वर शिवलिङ्ग भने नागर शैलीको ठूलो जलहरीमाथि स्थापना गरिएको छ। प्रभुकेश्वर शिवलिङ्गमा अष्टकोणीय विष्णु भाग तथा ब्रह्मसूत्र सहितको गोलो रुद्र भाग रहेको छ। दुवै शिवलिङ्गका ईशान भाग गोलाकारका छन्। लेपसहितको यी दुवै शिवलिङ्ग हाल सानो टहराभित्र रहेका छन्।

४. देउपाटन पञ्चदेवलमा अवस्थित शिवलिङ्ग (सं. ४१०)

भगवान पशुपतिनाथको क्रिडास्थल पाशुपत क्षेत्र असंख्य देवल तथा देवीदेवताका मूर्तिहरूले घेरिएका छन्। त्यस्तै पावन पाशुपत क्षेत्रमा सयौँ शिवलिङ्ग छन् जुन विविध उद्देश्यले स्थापना गरिएका छन्। यस्तै शिवलिङ्गमध्येको एक पञ्चदेवल मन्दिर परिसरमा रहेको छ। उक्त शिवलिङ्गमा अङ्कित अभिलेखमा कुनै मानिसका पुत्रको बालककालमै मृत्यु भएको हुँदा तिनको पुण्य बढोस् भनी यसको स्थापना गरिएको वर्णन छ (वज्राचार्य, २०३०, पृ. ६१)। बेसर शैलीको फराकिलो जलहरीमाथि अवस्थित शिवलिङ्गमा ब्रह्मसूत्रसहित साधा लामो रुद्र भाग देख्न सकिन्छ।

५. लाजिम्पाट गुणवतीद्वारा स्थापना गरिएको शिवलिङ्ग (सं. ४१९)

लाजिम्पाट नरवर्मा तथा क्षेमसुन्दरीले स्थापना गरेको शिवलिङ्ग अवस्थित धोबिचौरबाट पूर्व गैह्रीधारातर्फ लाग्दा इच्छुमती (टुकुचा) नदी पारी हाल निजी निवास प्राङ्गणमा यस शिवलिङ्ग रहेको छ। यसको स्थापना मानदेवकी रानी गुणवतीले गरेकी थिइन्। उनले उक्त शिवलिङ्गको स्थापना आफ्नो बाबु किन्नरवर्माको पुण्य बढोस् भनी गरेको कुरा जलहरीमा कुँदिएको छ (वज्राचार्य, २०३०, पृ. ६५)। जलहरी भूमिसतहमा फराकिलो बेसर शैलीमा रहेको छ, जसमा मोटो गोलाइयुक्त अष्टकोणीय विष्णु भाग तथा गोलाकार रुद्र भागसहितको अग्लो शिवलिङ्ग स्थापित छ। यस निष्कल लिङ्गको रुद्र भागमा ब्रह्मसूत्रको घेरा स्पष्ट देखिन्छ। खुला स्थानमा रहेको कारण रुद्र भागमा अङ्कित लेपको पाप्रा ठाउँठाउँमा उप्किएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. पशुपति सूर्यघाटस्थित विजयवतीद्वारा स्थापित विजयेश्वर शिवलिङ्ग (सं. ४२७)

पशुपतिनाथ मन्दिरको पूर्वतर्फबाट बग्ने पवित्र बागमती नदीको किनारमा अनेकौँ घाट तथा तीर्थहरू रहेका छन्। यहाँ राजराजेश्वरीघाट, भस्मेश्वरघाट, आर्यघाट, सूर्यघाट, गौरीघाट, गुह्येश्वरीघाट आदि घाट तथा राजराजेश्वरीदेखि गुह्येश्वरीसम्म जयमङ्गलातीर्थ, आकाशभैरवतीर्थ, गङ्गातीर्थ, कुशोदकतीर्थ लगायत सङ्चालिस पवित्र तीर्थहरू रहेका छन्, जुन विविध तिथिमा स्नान, दानादि पुण्य कार्यका निम्ति प्रसिद्ध छन् (पोखरेल र खनाल, २०७७, पृ. ४३६, ४६७)। यी पवित्र घाट एवं तीर्थको प्रत्येकको महिमा बारेमा हिमवत्खण्डपुराणमा विस्तृत वर्णन गरिएको छ। यी घाटहरूमध्ये पशुपतिनाथ मन्दिरको पूर्वउत्तर दिशामा रहेको सूर्यघाटमा केही प्राचीन शिवलिङ्गहरू रहेका छन्, जसमध्ये विजयेश्वर नामको एक शिवलिङ्ग रहेको छ। यसको स्थापना विजयवतीले गरेकी थिइन्। विजयवती राजा मानदेवको वडामहारानी भोगिनीतर्फकी छोरी हुन्। विजयवतीले उक्त शिवलिङ्ग आफ्नो मोक्ष प्राप्तिका निम्ति स्थापना गरेको कुरा जलहरीमा अङ्कित छ (वज्राचार्य, २०३०, पृ. ८४)। बेसर शैलीको फराकिलो साथै गुणवती, क्षेमसुन्दरीले स्थापना गरेका शिवलिङ्गको जलहरीभन्दा केही अग्लो जलहरीमाथि विजयेश्वर शिवलिङ्ग स्थापना गरिएको छ। यस लिङ्गको अष्टपाटायुक्त विष्णु भागको केही अंश जलहरीबिच गाडिएर रहेको देख्न सकिन्छ। सो विष्णु भागको माथि लामो रुद्र भाग रहेको छ, जसको ईशान भाग गोलाकार छ। विष्णु भाग र रुद्र भागको लम्बाई तथा जलहरीको अग्लाईको आधार हेर्दा यस शिवलिङ्ग लामो रहेको अनुमान गर्न सकिन्छ।

७. हाँडीगाउँ मनमानेश्वरी मन्दिरस्थित मानेश्वर शिवलिङ्ग

नेपाल मण्डलअन्तर्गत रहेका कतिपय देवीदेवताको कुनै समयमा निकै प्रसिद्धि रही ती राज्य साथै लोकद्वारा अत्यन्त मानिएको तर समयको अन्तरालसँगै तिनको प्रसिद्धि क्रमशः घट्न गएको पाइन्छन्। हाँडीगाउँस्थित मानेश्वर शिवलिङ्ग वर्तमान समयमा यस्तै ओझेलमा परेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिच्छविकालमा अत्यन्त प्रसिद्ध रहेका उक्त शिवलिङ्गको बारेमा भाषा वंशावलीमा वर्णन छ। वंशावली अनुसार राजा मानदेवले मानविहारको निर्माण गरी आफ्नै नामले आफ्नो कुलदेवता मानेश्वरीको प्रतिष्ठा गरे। उनले मानेश्वरीको नाममा स्तोत्र बनाई तिनको स्तुति गर्नुका साथै आफ्नो इष्टदेवताको रूपमा मानेश्वर शिवलिङ्ग प्रतिष्ठा गरी तिनको निम्ति पनि स्तोत्र बनाएका थिए। त्यस्तै यिनले प्रतिवर्ष उक्त शिवलिङ्गको नाममा देवाली मनाउने रीति चलाएको वर्णन छ (पौडेल, २०२०, पृ. ७७, ७८)। मेरी स्लसरले नेपाल मण्डलमा यस विशाल तथा आकर्षक शिवलिङ्गले प्राचीनकालमा मानगृह दरबारको अवश्य शोभा बढाएको हुन सक्ने चर्चा गरेकी छिन् (स्लसर, १९९८, पृ. २२५)। यस शिवलिङ्गको प्रसिद्धि उसबेला अत्यन्त रहेको कुरा अंशुवर्माको हाँडीगाउँको सं. ३२ को अभिलेखमा सो समयका प्रसिद्ध देवीदेवतालाई रकम छुट्याउने क्रममा मानेश्वरलाई समेत रकम छुट्याइएबाट स्पष्ट हुन्छ। वर्तमान समयमा स्थानीय र मानेश्वर गुठीका गुठीयारहरूबाहेक अन्य बिच खासै जानकारीमा नआएको यस मानेश्वरको महिमा समाजमा गौण रही शिवलिङ्गभन्दा मनमानेश्वरी नामले सो परिचित छ। हेर्दा सामान्य घर जस्तो लाग्ने दुई तले मन्दिरको तलो तल्लामा निलो कालो पाषाणबाट निर्मित विशाल मनमानेश्वर शिवलिङ्ग स्थापित छन्। घाम पानीबाट सुरक्षित रहेको कारण शिवलिङ्गमा अङ्कित लेप टलक्क देख्न सकिन्छ। निराकार शिवलिङ्गको अग्लो तथा चौडा गोलाइसहितको रुद्र भागमा गहिरो गरी खोपिएको ब्रह्मसूत्रको धर्का देखिन्छ, जसको ईशान भाग समतल छ। जलहरीको सानो अंश मात्र देखिने यस शिवलिङ्गको विशाल गोलाकार लिङ्ग भाग हेर्दा यसको अनुपातमा जलहरी पनि अवश्य विशाल रहेको अनुमान गर्न सकिन्छ। मनमानेश्वरी देवीको पीठ मानेश्वर शिवलिङ्ग स्थापना गरिएको स्थानभन्दा भित्र कोठामा गोप्य रूपमा रहेको छ। जसमा कर्माचार्य पूजारी तथा देवीसित सम्बन्धित गुठीयारहरू बाहेक अन्यलाई प्रवेश गर्न छुट छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. पशुपति भस्मेश्वरमा ध्रुवसंघद्वारा स्थापना गरिएको भद्रेश्वरआदि शिवलिङ्ग (सं. ४५५)

पशुपतिनाथ भस्मेश्वर घाटस्थित प्रतिहार ध्रुवसंघ वार्त्तले स्थापना गरेको भद्रेश्वर शिवलिङ्ग छ। भष्मेश्वरस्थित घाटमा स्थापना गरिएको हुँदा यस शिवलिङ्गलाई भस्मेश्वर शिवलिङ्ग भन्ने प्रचलन छ। जलहरीमा कुँदिएको अभिलेखसहितको यस शिवलिङ्गमा ध्रुवसंघले भद्रेश्वरसहित नाथेश्वर, शुभेश्वर, स्थितेश्वर तथा रविश्वर गरी पाँच शिवलिङ्ग स्थापना गरेको उल्लेख छ। लिच्छविकालमा आफ्ना दिवंगत अभिष्ट व्यक्तिको नाममा शिवलिङ्ग स्थापना गर्ने चलन प्रबल थियो। सोही अनुरूप ध्रुवसंघले ती शिवलिङ्गहरूको स्थापना गरेको बुझिन्छ। यसरी विभिन्न व्यक्तिका नामबाट एउटै स्थानमा शिवलिङ्गहरूको स्थापना गरिए पनि ती व्यक्तिहरू ध्रुवसंघका को थिए भन्ने परिचय भने खुलाइएको छैन (वज्राचार्य, २०३०, पृ. १५६)। उनले भद्रेश्वरसहित पाँचवटै शिवलिङ्गको कारणपूजाका निम्ति गुठी राखी *'स्वजनगोष्ठिकाधीनंकृत्वा'* अर्थात् उक्त गोष्ठी आफ्नै मानिसको अधीनमा रहनेछ भनी उल्लेख गरेका छन्। यसबाट ती व्यक्तिहरू उनको आफ्नै कुलअन्तर्गतका रहेको बुझिन्छ। भस्मेश्वर परिसरको मध्यभागमा वेदीमाथि भद्रेश्वर शिवलिङ्ग रहेको छ। यस मूल शिवलिङ्गको दक्षिणपूर्व, दक्षिणपश्चिम तथा उत्तरपश्चिममा लिच्छविकालीन विशेषतासहितका अन्य शिवलिङ्गहरू रहेका छन्। यस आधारमा यी शिवलिङ्गहरू अभिलेखमा उल्लेख भए अनुरूप ध्रुवसंघद्वारा भद्रेश्वरसहित स्थापना गरिएको बुझिन्छ। भद्रेश्वर शिवलिङ्ग चारपाटे अग्लो वेदीमाथि फराकिलो नागर शैलीको जलहरीसहित स्थापना गरिएको छ। यस शिवलिङ्गमा छोटो रुद्र भाग देख्न सकिन्छ। पशुपतिनाथमा नयाँ भट्ट ब्राह्मणको नियुक्ति गरिएपश्चात् तिनले पशुपतिनाथ मन्दिर प्राङ्गणमा चार दिन गुप्तवास बसेर निस्किएपछि उनलाई भण्डार तहबिलमा लगी रातो धोती, भोटो, उपर्ना पहिराइ हातमा जल चढाउने पात्र दिई बिसेट नाइकेले पाशुपत क्षेत्रअन्तर्गत रहेका एघार शिवलिङ्गको दर्शन गराउने परम्परा छ। यस क्रममा सर्वप्रथम यही भस्मेश्वर भनिने भद्रेश्वर शिवलिङ्गको दर्शन गराउने प्रचलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९. पशुपतिनाथमा आभिरी गोमिनीद्वारा स्थापना गरिएको अनुपरमेश्वर शिवलिङ्ग (सं. ४६२)

पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ (कोटिलिङ्गेश्वरसहित चौसठ्ठी भनिने पाँच सय पच्चीस शिवलिङ्ग अवस्थित प्राङ्गण) को तल दक्षिणपूर्वमा अनुपरमेश्वर शिवलिङ्ग रहेको छ। यस शिवलिङ्ग आभिरी गोमिनीले स्थापना गरेकी थिइन्। आभिरी गोमिनी लिच्छविकालका सामन्त भौम गुप्तकी आमा तथा अनुपरमकी पत्नी हुन्। अभिलेखसहितको यस शिवलिङ्गमा उनले छोरा भौम गुप्तको आज्ञा लिई आफ्नो स्वर्गीय पति अनुपरमको पुण्य वृद्धिको निम्ति स्थापना गरेकी थिइन्। उनले सो शिवलिङ्गको नित्यपूजा गर्न, टुटेफुटेमा जीर्णोद्वार गर्न साथै भौम गुप्त आदि उनका सन्तानको सुखभोग, आरोग्य र आयुको कामना गरी खेत गुठी राखेकी थिइन् (वज्राचार्य, २०३०, पृ. १७१)। प्राचीनकालमा स्थापित यस शिवलिङ्गलाई वर्तमान समयमा भक्तजनहरूले काशी विश्वनाथको नामले उपासना गर्ने चलन छ। चारपाटे फराकिलो वेदीमाथि नागर शैलीको अग्लो तथा ठूलो जलहरीसहित शिवलिङ्ग स्थापना गरिएको छ। शिवलिङ्गमा ब्रह्मसूत्र अङ्कित धर्सासहितको छोटो रुद्र भाग रहेको छ, जसको ईशान भाग गोलाकार छ। जलहरीको आकार हेर्दा, हाल रुद्र भाग मात्र देखिने शिवलिङ्गको आकार ठूलो हुनसक्ने अनुमान गर्न सकिन्छ।

१०. पाटन च्यासल टोलस्थित नारायण (ना) हिटीमा स्थापित शिवलिङ्ग

पाटन च्यासल टोलस्थित बाटोको दायाँबायाँ दुई ढुङ्गेधारा रहेका छन्। ती मध्ये दायाँतर्फको नारायण (ना) हिटी वा धारा परिसरमा एउटा शिवलिङ्ग रहेको छ। अभिलेख बिनाको यस शिवलिङ्ग प्राचीन गजलक्ष्मीको मूर्तिको अगाडि स्थापना गरिएको छ। विशाल बेसर शैलीको जलहरीमाथि स्थापना गरिएको यस निष्कल शिवलिङ्गमा आठपाटायुक्त विष्णु भाग तथा ब्रह्मसूत्रसहितको रुद्र भाग रहेको छ। खुला आकाश मुन्तिर सयौं वर्षको घामपानी खपेर बसेको यस शिवलिङ्ग तथा पीठिकामा अवस्थित लेप अझै टल्किरहको देख्न सकिन्छ। यस शिवलिङ्गको तुलना लाजिम्पाटस्थित गुणवतीद्वारा स्थापना गरिएको अभिलेखसहितको शिवलिङ्ग, पशुपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृगस्थलीमा मानमतीद्वारा अभिलेखसहित स्थापना गरिएको शिवलिङ्गसँग गर्न सकिन्छ। यस शिवलिङ्ग बेसर शैलीको विशाल जलहरीमाथि अष्टपाटायुक्त विष्णु भाग तथा गोलाकार रुद्र भागसहित स्थापित छ, जसमा ब्रह्मसूत्र अङ्कित गरिएको स्पष्ट देखिन्छ। यस शिवलिङ्गको ईशान भाग गोलाकार रहेको छ। लिङ्गमा अङ्कित लेप, शैलीगत स्वरूप तथा माथिका लिच्छविकालीन शिवलिङ्गहरूसँगको समानता राख्ने आधारमा यस शिवलिङ्गको निर्माण इस्वीको पाँचौं/छैटौं शताब्दीमा भएको सजहै अनुमान गर्न सकिन्छ।

११. हाँडीगाउँ धनगणेश मन्दिर परिसरमा अवस्थित शिवलिङ्ग

काठमाडौँको नक्साल, गैह्रीधारा, मालीगाउँ, हाँडीगाउँ क्षेत्र उपत्यकाको प्राचीनकालीन बसोबास क्षेत्र मानिन्छ। यस भेगमा प्राचीनकाल तथा लिच्छविकालमा निर्मित प्रशस्त मूर्तिकला छरिएर रहेका छन्। त्यस्ता मूर्तिहरूमध्ये हाँडीगाउँस्थित धनगणेश मन्दिरमा स्थापित गणेश (कुबेर) को मूर्ति प्राचीन मानिन्छ। यसै मन्दिरमा विष्णुका विविध अवतारमध्येको एक अवतार हयग्रीव स्वरूपको मूर्ति रहेको छ। नेपालमा पाइएको विष्णुको हयग्रीव स्वरूपको मूर्तिमध्ये प्राचीन नमुना बताउँदै लैनसिंह वाङ्गदेलले यस मूर्तिलाई ईस्वीको पाँचौं/छैटौं शताब्दीको रहेको उल्लेख गरेका छन् (वाङ्गदेल, २०३९, पृ. १२५)। धनगणेश मन्दिर परिसरमा दुई शिवलिङ्ग रहेका छन्। नागर शैलीको विशाल जलहरीमाथि रहेका दुवै शिवलिङ्गहरूमा लामो अष्टपाटायुक्त विष्णु भाग तथा ब्रह्मसूत्रसहितको गोलाकार लामो रुद्र भाग छन्। शिवलिङ्गमा उप्किएको अवस्थामा लेप देख्न सकिन्छ। लिच्छविकालीन अभिलेखसहितका अन्य शिवलिङ्गसँग समानता राख्ने विशेषताका आधारमा यी दुवै शिवलिङ्ग पाँचौं/छैटौं शताब्दी ताकाको रहेको अनुमान गर्न सकिन्छ।

१२. पाटन सुबहाल हिटीमा अवस्थित शिवलिङ्ग

पाटनस्थित सुबहाल टोलमा प्राचीन ढुङ्गेधारा रहेको छ। उक्त ढुङ्गेधारा परिसरको पश्चिमोत्तरमा अवस्थित पाटीमा एउटा प्राचीन मातृकाको मूर्ति रहेको छ। काठमाडौँ उपत्यकामा मातृकाका प्राचीन मूर्तिहरू प्रशस्त संख्यामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइएका छन्। चाँगुनारायण, हाँडीगाउँ, मालीगाउँ, कीर्तिपुर, बल्खु, जयवागेश्वरी, पाटन बगलामुखी, हौगलबहाल, च्यासलटोल, कमलादी आदि स्थानमा पाइए जस्तै पाटनकै सुबाहल टोलमा पनि मातृका मूर्ति रहेको छ। माथि उल्लिखित स्थानहरूमा पाइएका मातृका देवीहरूको संख्या कतै सात त कतै एक, तीन, चार वा पाँच गरी पृथकपृथक पाइएका छन्। कतै सातैवटी तथा कतै कम संख्यामा पाइने यी मातृकाहरू तिनका हातमा अवस्थित आयुधहरूका आधारमा यी ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डारूपी सप्तमातृका सातसँगै स्थापना गरिएको बुझिन्छ। लामो कालखण्डका कारण यी टुट्न वा हराउन जाँदा तिनको संख्या पूर्ण नरहेको हुनु पर्दछ। तर हाँडीगाउँ कोटाल टोल, हौगल बहाल, च्यासलहिटी आदिको मातृका तथा गजलक्ष्मी हेर्दा ती देवीहरू भने एकल स्वरूपमै स्थापना गरिएको बुझिन्छ। अर्कोतर्फ यी मातृकाका मूर्तिहरूले ती स्थापना गरिएका क्षेत्रहरूमा प्राचीनकालमै बस्ती बिस्तार भइसकेको स्पष्ट संकेतसमेत गर्दछ। त्यस्तै सुबहालमा अवस्थित मातृका चार बाहुकी रही तिनले माथिल्लो हातमा चक्र तथा गदाको लिएकी छिन्। यस आधारमा यी वैष्णवी देवी रहेको बुझिन्छ। यिनले तल्लो हातमध्ये एक वरद मुद्रा तथा अर्कोमा शङ्ख लिएको अनुमान गरी मूर्तिकार वाङ्गदेलले गरी यस मूर्ति ईस्वीको तेस्रो शताब्दी रहेको बताएका छन् (वाङ्गदेल, २०३९, पृ. ५६)। यसै ढुङ्गेधाराको पूर्वतर्फ सिरानमा एउटा शिवलिङ्ग रहेको छ। अन्य लिच्छविकालको सुरुवातताका निर्मित शिवलिङ्गका समान ठूलो जलहरीमाथि स्थापना गरिएको यस शिवलिङ्गमा आठपाटा परेको सानो विष्णु भागको केही अंश देखिन्छ। त्यसमाथि वर्तुल आकारको ईशान भागसहितको अग्लो रुद्र भाग छ। लिङ्गको रुद्र भागको लेप ठाउँ ठाउँमा उप्किएका छन्।

१३. सुनाकोठी भृङ्गारेश्वर महादेव प्राङ्गणका शिवलिङ्गहरू

सुनाकोठी भृङ्गारेश्वर शिवलिङ्गमा स्वयम्भूव लिङ्ग रही नागर शैलीको फराकिलो जलहरीसहित अर्धस्वयम्भूव स्वरूपमा अवस्थित छन्। उक्त मन्दिर ज्यादै पनि प्रचलित रही उपासनाको केन्द्र बनेको प्रमाण मन्दिर प्राङ्गणमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरको मूलद्वारको दायाँबायाँ अवस्थित लिच्छविकालीन अभिलेख साथै प्राङ्गणमा अवस्थित लिच्छविकलीन शिवलिङ्गहरूले पुष्टि गर्दछन्। सुनाकोठी मन्दिरको दक्षिणतर्फ नागर शैलीको जलहरी सहितको दुई निष्कल शिवलिङ्ग रहेका छन्। दुवै शिवलिङ्गका जलहरी जमिनमा गाडिएको अवस्थामा रहेकाले ती के कति अग्ला छन् भन्ने कुरा देख्न सकिँदैन। दुवै शिवलिङ्गमा चारपाटे ब्रह्मभागको केही अंश जलहरीमा देख्न सकिन्छ। दुवैमा आठ पाटायुक्त लामो विष्णु भाग देखिन्छ। त्यसमाथि वर्तुल आकारको ईशान भागसहितको अग्लो रुद्र भाग छन्, जसमा कुँदिएका ब्रह्मसूत्र स्पष्ट देखिन्छन्। दुवै शिवलिङ्गमा रुद्र भागका लेप ठाउँ ठाउँमा उप्किएको देखिन्छ।

१४. भक्तपुर वागेश्वरीस्थित वागीश्वर शिवलिङ्ग

चाँगुनारायण नगरपालिका महादेव पोखरी स्थित वागेश्वरी डाँडामा वागीश्वर शिवलिङ्ग अवस्थित छ। वागीश्वर शिवलिङ्ग स्वयम्भूव लिङ्ग रहेको चर्चा हिमवत्खण्डपुराणको आधारमा माथि गरियो। तर यस शिवलिङ्ग उपत्यकाकै नमूना मानुष लिङ्गको रुपमा स्थापना गरिएको पाइन्छ। तह तह परेको तीन तहको जलहरी र लिङ्गको संयुक्त संयोजन तथा जलहरी वरिपरि नागको आकृतिले घेरेर यस शिवलिङ्गको निर्माण गरिएको छ। शिवलिङ्गमा नागको आकृति राख्ने वा नागले घेरिएको बनाउने कलाको विकास मध्यकालको उत्तरार्धमा अर्थात् १७ औं शताब्दीको उत्तरार्धमा भएको पाइन्छ, जसको चर्चा तलको मध्यकालीन शिवलिङ्गमा विस्तृत रुपमा गरिएको छ। यस आधारमा वागीश्वर शिवलिङ्गको पुर्नस्थापना पछिल्लो कालमा भएको स्पष्ट हुन्छ। वागीश्वर शिवलिङ्ग अवस्थित यस पवित्र तीर्थको नजिकै एक प्राचीन ढुङ्गेधारा रहेको छ, जसको टुटीको अग्र भागमा माछाको मुखाकृति कुँदिएको छ। उपत्यकामा पाइएका अधिकाशं ढुङ्गेधाराको टुटीमा मकरको आकृति कुँदिएको पाइन्छ। मकर गङ्गाको वाहन हो। प्रत्येक ढुङ्गेधारा साक्षात् गङ्गाका प्रतीक हुन् भन्ने प्रतिकात्मक अर्थमा ढुङ्गेधारामा मकर अंकित गरिएको हुन्छ। जलको प्रतीक मत्स्य साथै भगवान विष्णुको एक स्वरुप मत्स्य अवतारलाई यसरी धारामा उत्कृर्ण गर्नुले ढुङ्गेधारा विविध देवीदेवताले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निवासस्थल वा तीर्थस्थल हो भनी संकेत गर्नु पनि हो। यस धाराको छेवैमा लिच्छविकालीन अभिलेख रहेको छ। उक्त अभिलेखमा मत्स्य रुपी धाराको टुटीबाट निरन्तर स्वच्छ जल प्रवाह भइरहेको र सो प्रवाह मोतीका लहर समान दर्शनीय रहेको वर्णन छ (अभिलेख लिपियान्तर तथा व्याख्या प्रा.डा. दिवाकर आचार्य, अक्सफोर्ड विश्वविद्यालय)। यस अभिलेखको आधारमा उक्त ढुङ्गेधाराको निर्माण लिच्छविकालमा भएको पुष्टि हुन्छ। प्रत्येक तीर्थस्थल नजिक प्रायः देवीदेवताको उपासनाका निम्ति धारा, पोखरी आदि जलस्रोत निर्माण गर्ने प्रचलन अत्यन्त प्राचीन मानिन्छ। साथै उक्त अभिलेखमा सो क्षेत्रमा उद्योटक नामक सुन्दर विहार रहेको वर्णन परेको छ। यस आधारमा विहार सहित विभिन्न देवीदेवताको निवास रहेको यस पवित्र तीर्थस्थल लिच्छविकालमा अत्यन्त प्रचलित रही तिनको उपासनाको निम्ति उक्त ढुङ्गेधाराको निर्माण गरिएको बुझिन्छ। विभिन्न देवीदेवताले सम्भवतः शिवलिङ्गलाई पनि संकेत गरेको देखिन्छ। तर हाल देखिने तह तह परेको शिवलिङ्ग भने लिच्छविकालनी नरही कालन्तरमा पुर्नस्थापना गरिएको बुझिन्छ। लिच्छविकालीन यस ढुङ्गेधारामा हाल पनि निरन्तर जल प्रवाह भइ रहेको छ। सोही ढुङ्गेधाराको जलले शिवलिङ्गको दैनिक उपासना गरिदैं आएको छ।

१५. पशुपति मृगस्थलीमा अवस्थित एकमुखे शिवलिङ्ग

नेपाल मण्डलअर्न्तगत स्वयम्भूव लिङ्गको उपासनासँगै मानुष लिङ्ग निर्माण गरी उपासना गर्ने प्रचलन प्राचीनकालमै थियो। बल्खुमा प्राप्त ईस्वीको चौथो शताब्दीको चतुर्मुखी शिवलिङ्गको प्राप्तिले यहाँ मुख अङ्कित शिवलिङ्गको निर्माण प्राचीनकालमै भइसकेको प्रमाणित हुन्छ। यद्यपि मुख अङ्कित शिवलिङ्गको तुलनामा साधा शिवलिङ्गको निर्माण बढी भएको तथ्य हाल यत्रतत्र पाइएका निष्कल लिच्छविकालीन शिवलिङ्गहरूले पुष्टि गर्दछन्। वैष्णव, शैव, शाक्त, बौद्ध धर्मसँग सम्बन्धित विभिन्न देवीदेवताका विविध स्वरूपका सम्पूर्ण तालमान मिलेका, धर्मग्रन्थका विषयवस्तुमा आधारित, विधानले सम्पन्न, अत्यधिक सुन्दर, कलात्मक साथै सजीव मूर्तिहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण हुन लागेको लिच्छविकालमा मुख अङ्कित शिवलिङ्गको संख्या कम रहनुमा कुनै निश्चित कारण नरही सम्भवत तत्कालीन समाजले शिवको निष्कल लिङ्ग स्वरूपको उपासनालाई बढी मनपराएको अनुमान गर्न सकिन्छ। तर जति संख्यामा लिच्छविकालको सुरुवातदेखि उत्तरार्धसम्म मुख अङ्कित शिवलिङ्गको निर्माण भएका छन्, ती सो कालमा निर्मित अन्य देवीदेवताका मूर्तिहरूजस्तै कलाको पक्षबाट कुनै रूपमा कमजोर भने छैनन्। मुख अङ्कित गरिएका शिवलिङ्गहरूमा पनि लिच्छविकालको सुरुवातमा एकमुखे शिवलिङ्गको निर्माणले चतुर्मुखी शिवलिङ्गको दाँजोमा प्रमुख स्थान पाएको देखिन्छ। यहाँ चर्चा गरिएको एकमुखे शिवलिङ्ग पशुपतिनाथ आर्यघाट पारी मृगस्थलीको डाँडामा अवस्थित छ। उपत्यकामा निश्चित संख्यामा पाइएका एकमुखे शिवलिङ्गहरू मध्येको यो सर्वोकृष्ट साथै सर्वप्राचीन नमुना मानिन्छ। यस शिवलिङ्ग बेसर शैलीको ठूलो जलहरीमाथि स्थापित छ। प्रतिमा विज्ञानको पुस्तक रूपमण्डनमा वर्णन गरिए अनुरूप यस शिवलिङ्गको ईशान र रुद्र भागको माथिल्लो भागको मध्यमा मुख अङ्कित गरिएको छ (श्रीवास्तव, १९९६, पृ. १७०)। रूपमण्डनमा शिवलिङ्गमा मुख अङ्कित गर्दा एक, तीन वा चार निर्माण गर्ने नियमको उल्लेख छ। यसै अनुरूप यस शिवलिङ्ग एक मुखसहित निर्माण भएको छ। मुखाकृतिमा लामो आर्यन शैलीको नाशिका (जुन १९८६ मा चोरी गर्न कोसिस गर्ने क्रममा केही भाँचिएको), तीन नेत्र, लामा लामा कान छन्। शिवको माथिल्लो ओठको दाँजोमा तल्लो ओठ केही फुकेको देखाइएको छ। उनको शिरमा अत्यन्त आर्कषक ढङ्गले जटामुकुटको निर्माण गरिएको छ, जुन कानको पछाडिबाट कुमसम्म झरेको छ। शिवको गलामा एकसरो रुद्राक्षको माला छ साथै नीलकण्ठ शिवले घाँटीमा हलाहल विष धारण गरेको प्रतीक गलामा देखाइएको कम्बुग्रिव वा धर्साहरूले सम्पूर्ण मुखाकृतिलाई अत्यन्त स्वाभाविक तथा सुन्दर रूप दिएको पाइन्छ। शिवलिङ्गमा मुखाकृति बनाउँदा मुख शरीरसँग जोडिएर रहने तथा शिवलाई वक्षस्थल वा छातीसम्म मात्र देखाउनु पर्ने विधान छ (राव, १९९७, पृ.९८)। यसै विधान अनुरूप शिवलिङ्गमा मुखाकृति अङ्कित गर्दा शिवको कुम र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वक्षस्थल देखाई तिनमा आयुधसहितका दुई बाहु देखाउने प्रचलन छ। यस लिङ्गमा शिवको वक्षस्थल अङ्कित गरिएको छ तर उनका बाहु भने देखाइएका छैनन्, जुन अन्य मुखलिङ्गभन्दा भिन्न तथा दुर्लभ मानिन्छ। मुखाकृति पश्चिमाभिमुख रहेको छ। यस शिवलिङ्गलाई वाङ्देलले ईस्वीको पाँचौं शताब्दीको बताएका छन् (वाङ्देल, १९८९, पृ. ३०२)। यसको ईशान भाग वर्तुल वा गोलाकार रहेको छ। भारतमा गुप्तकालमा मूर्तिकलाको निर्माण गर्दा देवीदेवताको माथिल्लो ओठको दाँजोमा तल्लो ओठ केही ठूलो वा फुकेको बनाउने परम्परा थियो। सोही कलाको प्रभाव यहाँ लिच्छविकालको सुरुवाती चरणमा निर्मित मूर्तिकलामा परेको पाइन्छ। यसै अनुरूप यस शिवलिङ्गको मुखाकृतिको तल्लो ओठ केही फुकेको दखाइएको छ। विशेष प्रकारको जटामुकुट, लामो नासिकासहितको लाम्चो मुखाकृति, साधारण तर आकर्षक कलाको आधारमा यस शिवलिङ्ग पाँचौं शताब्दीको रहेको भनाइ ठिकै लाग्दछ। यस शिवलिङ्गसँग समानता राख्ने गुप्तकालमा निर्मित ईस्वीको पाँचौं शताब्दीको एकमुखे, शिरदेखि कुमसम्म जटा फैलिएका, बाहुरहित शिवलिङ्ग भारतको उदयगिरीको गुफामा रहेको छ, जसको चित्र हन्टिङ्गटनले आफ्नो पुस्तकमा प्रकाशित गरेका छन् (हन्टिङ्गटन, १९८५, पृ. १९४)।

१६. देउपाटनस्थित एकमुखे विश्वामित्रेश्वर शिवलिङ्ग

पाशुपत क्षेत्रमा लिच्छविकालका अनगिन्ती शिवलिङ्ग छन्। ती मध्ये एकमुखे शिवलिङ्ग निकै संख्यामा छन्। पशुपतिनाथ मन्दिरको बाहिर पश्चिमतर्फ निजी निवास परिसरमा एकमुखे शिवलिङ्ग रहेको छ। यस शिवलिङ्ग विश्वामित्रेश्वर नामले प्रसिद्ध छ। फराकिलो तथा अग्लो जलहरीमाथि यस शिवलिङ्ग अवस्थित छ। यसको ब्रह्मभाग देखिँदैन, विष्णु भागको थोरै आठपाटायुक्त अंश देखिन्छ। रुद्र भागको मध्यमा एक मुखाकृति अङ्कित गरिएको छ साथै ईशान भाग गोलाकार रहेको छ। पूर्वाभिमुख यस शिवलिङ्गको मुखाकृति लामो समयको घामपानीको कारण खिइसकेको हुँदा स्पष्ट छैन। शिवको शिरमा जटामुकुट, उनको लामो लामो कान रही तिनको पछाडिबाट कुमसम्म झरेको जटा स्पष्ट देखिन्छ। शिवको वक्षस्थलसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जोडिएर रहेका दुई हात छन्। उनको दायाँतर्फको हातमा रुद्राक्ष मालासहित अभय मुद्रा तथा बायाँतर्फ कमण्डलु छन्। चतुर्मुखी शिवलिङ्ग निर्माण गर्दा तत्पुरुष, सद्योजात, वामदेव तथा अघोर मुखरूपी शिवका बाहुहरूमा भिन्दाभिन्दै आयुध देखाउनु पर्ने विधान रूपमण्डन, विष्णुधर्मोत्तरपुराणमा उल्लेख छ। तर नेपालमा मुख अङ्कित शिवलिङ्गको निर्माण गर्दा अधिकांश मुखलिङ्गमा उनलाई रुद्राक्ष मालासहित अभय मुद्रा तथा कमण्डलु वा कुम्भ धारण गरेको देखाउने प्रचलन छ। चाहे ती एकमुखे लिङ्ग हुन् वा चतुर्मुखी। यस शिवलिङ्गमा अङ्कित कला, जलहरीको आकार, तिनमा विधान लेप आदिको आधारमा यस शिवलिङ्ग छैटौं शताब्दीताकाको मानिन्छ। यस्तै दुई बाहुसहितको मुखाकृति खिइसकेको प्राचीन एकमुखे शिवलिङ्ग लाजिम्पाटस्थित साकोना टोलमा रहेको छ।

१७. सिफलस्थित एकमुखे भण्डारेश्वर शिवलिङ्ग

भण्डारेश्वर शिवलिङ्ग देउपाटन जयवागेश्वरी मन्दिरदेखि पश्चिम, रुद्रमती नदीको पूर्वी किनारमा रहेको सिफलस्थित डाँडोमा छ। पशुपतिनाथमा भट्ट ब्राह्मणहरूको नियुक्तिपश्चात् ती पशुपतिनाथ मन्दिरभित्र प्रवेश गर्नु अघि एघार शिवलिङ्गको दर्शन गराइने क्रममा भस्मेश्वरस्थित शिवलिङ्गको दर्शन पछि भण्डारेश्वर शिवलिङ्गको दर्शन गराउने परम्परा छ। पशुपतिनाथको भण्डारको संरक्षकको रूपमा यी महादेवलाई मान्ने चलन छ।

भण्डारेश्वर शिवलिङ्ग अग्लो तथा चेप्टो आकारको रहेका छन्। जलहरी बिनाको यो शिवलिङ्गको लम्बाई अत्यन्त लामो रही यसको निकै लामो अंश जमिनमुनि गाडिएर रहेको विश्वास गरिन्छ। चेप्टो शिवलिङ्गमा अङ्कित मुखलिङ्ग पश्चिमाभिमुख रहेको छ। रुद्र भागको मध्यमा शिवको बाटुलो मुखाकृति कुँदिएको छ। उनको शिरमा जटामुकुट अङ्कित छ। शिवका दुई हातमध्ये एक अभय मुद्रामा तथा अर्कोमा कमण्डलु छन्। यस्ता एकमुखे प्राचीन शिवलिङ्गहरू पाशुपत क्षेत्रमा मात्रै निकै संख्यामा रहेका पाइन्छन्। पशुपतिनाथ मन्दिरको पूर्व गुप्तेश्वर भनिने सिद्धेश्वर एकमुखे शिवलिङ्ग,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथ मन्दिरको उत्तरपूर्व बद्रीनाथ मन्दिर प्राङ्गणमा रहेको एकमुखे शिवलिङ्ग, पशुपतिनाथ मन्दिरको दक्षिण कोटिलिङ्गेश्वर प्राङ्गणमा रहेको पूर्णेश्वर भनिने एकमुखे शिवलिङ्ग, पशुपतिनाथ मन्दिर पश्चिम आगमघर छेउ सर्वसिद्धेश्वर भनिने एकमुखे शिवलिङ्ग, पशुपतिनाथ मन्दिरको दक्षिणपश्चिम नासल चोकको एकमुखे शिवलिङ्ग, वज्रघर नजिक रहेको एकमुखे शिवलिङ्ग, वज्रघरको पश्चिममा रहेको खण्डित एकमुखे शिवलिङ्ग, पञ्चदेवल प्राङ्गणमा रहेको एकमुखे शिवलिङ्ग आदि ।

१८. पशुपतिनाथ आर्यघाटपारिको चतुर्मुखी शिवलिङ्ग

नेपालमा प्राचीनकालमै चतुर्मुखी शिवलिङ्ग स्थापना गरी उपासना गर्न लागिएको प्रमाण बल्खुमा प्राप्त चार मुख अङ्कित शिवलिङ्गले प्रमाणित गर्दछ। लिच्छविकालमा एकमुखका साथै चतुर्मुखी शिवलिङ्ग पनि निर्माण भएका छन्। हिमवत्खण्डपुराणमा वर्णन भए अनुसार ज्योर्तिलिङ्गको रूपमा उत्पन्न पशुपतिनाथमा ब्रह्मा तथा विष्णुले पाषाणको पाँचमुखे शिवलिङ्गद्वारा ज्योर्तिलिङ्ग छोपिदिएको वर्णन छ (योगी, २०१३, पृ. १७६-१७९)। त्यस्तै भाषा वंशावलीमा लिच्छविकालीन राजा निमिष्टंकारले पशुपतिनाथमा चर्तुव्यूह मूर्ति (चतुर्मुखी शिवलिङ्ग) बनाई अघि रहेको मूर्तिमाथि सुप्रतिष्ठा गरेको वर्णन छ (पौडेल, २०२०, पृ. ५२)। यी वर्णनहरूलाई आधार मान्दा पशुपतिनाथमा पहिल्यै रहँदै आएको चतुर्मुखी शिवलिङ्गमाथि निमिष्टंकारले पुनः चतुर्मुखी शिवलिङ्ग स्थापना गरेको बुझिन्छ। पशुपतिनाथमा जयसिंहरामवर्धनले स्थापना गर्नु अघिको शिवलिङ्गको स्थापना सम्बन्धमा वंशावलीले निमिष्टंकारलाई श्रेय दिए पनि अन्य वर्णन पाइँदैन। पाशुपत क्षेत्रमा प्राचीनकालमा स्थापना गरिएका शेषशायी विष्णु, विरूपाक्ष, हरिणेश्वर आदि मूर्तिकलाहरूले प्राचीन कालमै यहाँ प्रशस्त प्रतिमा स्थापना भइसकेको पुष्टि गर्दछ। पशुपतिनाथको प्राचीन शिवलिङ्गको बारेमा स्पष्ट जानकारी दिने अभिलेखीय प्रमाणको भने अभावका कारण यसबारेमा विस्तृत रूपमा व्याख्या गर्न सकिँदैन। लिच्छविकालमा कयौँ संख्यामा अभिलेखसहितको निष्कल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग स्थापना गरिँदा अभिलेखसहितको मुख अङ्कित शिवलिङ्ग भने अत्यन्तै कम छन्। लिच्छविकालमा निर्मित चतुर्मुखी शिवलिङ्ग मध्येको अत्यन्त कलात्मक शिवलिङ्ग पशुपतिनाथ आर्यघाट पारी रहेको थियो। यस शिवलिङ्ग आर्यघाटको पुल पार गरी मृगस्थलीतर्फ लाग्दा बाग्मतीनदीको दायाँबायाँ किनारातर्फ लाग्ने चौबाटोको बिचमा अवस्थित थियो। यिनलाई मसानेश्वर महादेव पनि भनिन्थ्यो। मसानको संरक्षक मानी यस शिवलिङ्गमा घाटमा मृत्यु संस्कारका निम्ति ल्याइएका दिवंगत मानिसको लुगाफाटा सेलाउने गरिन्थ्यो। पाँचौं शताब्दीको यस शिवलिङ्ग इस्वी संवत् १९८७ मा चोरी भएको थियो (वाङ्गदेल, १९८९, पृ. २०७-२०९)। त्यसैले यस शिवलिङ्गको वर्णन वाङ्गदेलले स्टोलन इमेज अफ नेपालमा प्रकाशन गरेको तस्बिरका आधारमा गर्नुपर्ने बाध्यता छ। जलहरी बिनाको यस शिवलिङ्गको लामो अष्टपाटायुक्त विष्णु भाग तथा चार मुखाकृतियुक्त रुद्र भागका आधारमा उक्त शिवलिङ्गको लामो ब्रह्मभाग जमिनमा गाडिएर रहेको बुझ्न सकिन्छ। शिवका तत्पुरुष, सद्योजात, वामदेव, अघोर गरी चार स्वरूप लिङ्गमा अलग अलग प्रकारका जटामुकुट, जटाको शैली तथा भिन्दाभिन्दै भावसहित अङ्कित छन्। रुद्र भागको चारैतर्फ अङ्कित शिवको मुखाकृतिको दायाँबायाँ चेप्टो बुट्टा कुँदिएको पट्टिले सम्पूर्ण लिङ्गलाई घेरिएको छ, जुन ब्रह्मसूत्रको प्रतीकको रूपमा अङ्कित गरिएको बुझिन्छ। प्रत्येक शिवका दुई बाहुमा रुद्राक्ष मालासहित अभय मुद्रा तथा कुम्भ छन्। आगमशास्त्रमा वर्णन भए अनुरूप चारै दिशामा शिवलाई वक्षस्थलसम्म देखाइएको छ। चार मुहारमध्ये दक्षिणतर्फको अघोररूपी शिवलाई घुम्रिएको केशसहित देखाइएको छ। उनको केश प्राचीनकालीन बुद्धको शिरमा निर्माण गरिने घुम्रिएको केशको समान देखिन्छ। यस शिवलिङ्गको ईशान भाग गोलाकार छ। निलोकालो पाषाणबाट निर्मित लेपसहितको यस शिवलिङ्गको चार मुखाकृतिमा बेग्लाबेग्लै अभिव्यक्त गरिएका भाव, साधारण एकसरो घाँटीमा लगाइएको हार, जटामुकुटमा अङ्कित कलाकृति आदिका आधारमा यस शिवलिङ्ग लिच्छविकाल सुरुवाती चरण ताका निर्माण भएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९. हाँडीगाउँ कोयल टोलमा अवस्थित चतुर्मुखी शिवलिङ्ग

हाँडीगाउँ, मालीगाउँ क्षेत्रमा अनगिन्ती प्राचीनकालीन तथा लिच्छविकालीन मूर्तिकला पाइएका छन्। प्राचीनकालीन मातृका, सत्यनारायण, उमामहेश्वर आदिका मूर्ति लगायत कयौँ लिच्छविकालीन शिवलिङ्गहरू यस क्षेत्र वरपर छरिएर रहेका छन्। हाँडीगाउँ कोटाल टोलमा षष्ठीदेव अर्थात् कार्त्तिकेय कुमारको (षड्मुखाकृतियुक्त) मन्दिर छ। उक्त मन्दिरको पूर्वतर्फ एक विशाल रुखको फेदीमा भूमि सतहभन्दा तल गहिराइमा प्राचीन पुरातात्त्विक अवशेष देख्न सकिन्छ। सोही अवशेष रहेको स्थान नजिक जमिनमा गाडिएर रहेको अवस्थामा आर्कषक शिवलिङ्ग छ। आठ पाटायुक्त विष्णु भागको केही अंश मात्र देखिई लिङ्गको अन्य जमिनमा गाडिएर रहेको छ। सोमाथि अवस्थित गोलाकार रुद्र भागको मध्यमा चारैतर्फ शिवका चार मुखाकृति कुँदिएका छन्। चारैतर्फ सौम्य तथा तीन नेत्र अङ्कित मुखाकृति सहितका शिव रुद्राक्ष मालाले सजिएको जटामुकुटले शुशोभित छन्। शिवको प्रत्येक बाहुमा अभय मुद्रासहित रुद्राक्ष माला तथा कुम्भ छन्। गलामा एकसरो रुद्राक्ष मालाको हार रहेको छ। लिङ्गको ईशान भाग गोलाकार रहेको छ। पशुपति आर्यघाट पारी रहेको शिवलिङ्गसँग यस शिवलिङ्गको तुलना गर्न सकिन्छ। प्रत्येक मुहारमा देखिने सजीवता, टलक्क टल्केको लेप, मखाकृतिको चारैतर्फ अङ्कित फलबुट्टायुक्त घेरा, बनावट शैलीको आधारमा यस शिवलिङ्गलाई पनि सोही समकालीन मान्न सकिन्छ। यस शिवलिङ्ग अवस्थित स्थानबाट केही मिटर पूर्वमा विशाल जलहरीसहितको खण्डित शिवलिङ्ग रहेको छ। सो क्षेत्र वरपर उत्खनन गर्न सकिए नेपालको प्राचीन इतिहासबारे थप जानकारी प्राप्त हुने साथै अन्य कलाकृति प्राप्त हुने कुरामा दुई मत छैन।

२०. पाशुपत क्षेत्र पञ्चदेवलस्थित चतुर्मुखी शिवलिङ्ग (सातौँ/आठौँ शताब्दी)

पाशुपत क्षेत्र पञ्चदेवल बाहिर अत्यन्त आर्कषक चतुर्मुखी शिवलिङ्ग रहेको थियो। सन् १९८४ मा उक्त शिवलिङ्गको चोरी भएका कारण यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गको विश्लेषण वाङ्गदेलको स्टोलन इमेज अफ नेपालमा प्रकाशित तस्बिरका आधारमा गरिएको छ (वाङ्गदेल, १९८९, पृ. ११७)। जलहरी बिनाको यस शिवलिङ्गको तल्लो खण्डमा चारपाटे ब्रह्मभाग, त्यसमाथि गोलाकार विष्णु भाग तथा मुख अङ्कित रुद्र भाग गरी अग्लो तीन तहसहित रहेको छ। प्रत्येक भागलाई गोलाकार घेरा वा पट्टीले छुट्याएको छ। रुद्र भागमा अङ्कित चेप्टो घेरामा भने फूलबुट्टा कँदिएका छन्। शिवलिङ्गको चारैतर्फ शिवलाई भिन्दाभिन्दै स्वरूपमा अङ्कित गरिएको छ। दक्षिणमा अघोररूपी शिव रहेका छन्। उनलाई पशुपति आर्यघाट पारी रहेको अघोररूपी शिव जस्तै घुम्रिएको कपालसहित देखाइएको छ। उनले घाँटीमा लामा लामा बुट्टासहितको फूलबुट्टे हार लगाएका छन्। निधारमा तेस्रो नेत्र देखिन्छ। उत्तरतर्फ रहेको वामदेव स्वरूप मुखाकृतिमा आधा मुहार विशेष केशविन्यास सहितको नारी मुखाकृति तथा आधा छोटो घुम्रिएको केशसहितको पुरुष स्वरूपमा अर्धनारीश्वर रूपमा रहको छ। शिवलिङ्गमा पश्चिमतर्फ सद्योजात स्वरूप शिव विष्णुको समान मुकुटसहित तथा तत्पुष शिव शिरमा जुरो पारिएको जटा मुकुटसहित रहेका छन्। शिवका प्रत्येक बाहुमा अभय मुद्रासहित रुद्राक्ष माला तथा कुम्भ छन्। शिवलिङ्गको ईशान भाग अत्यन्त आकर्षक ढङ्गले गोलाकर रूपमा निर्माण गरिएको छ। यस शिवलिङ्गलाई वाङ्गदेलले सातौं/आठौं शताब्दीको बताएका छन्। लिच्छविकालको उत्तरार्धमा निर्मित यस शिवलिङ्गमा सो कालको कलाको उत्कृष्ट प्रस्तुति, टलक्क टल्कने लेप साथै यस कालको उत्तरार्धताका कलामा आउन थालेको क्रमिक परिवर्तन अर्थात् अलंकरणको सामान्य प्रभाव झल्किन्छ। उक्त कुरा शिवको मुकुट तथा गलाको हारमा अङ्कित कलाबाट पुष्टी गर्दछ। हाल यस शिवलिङ्ग अमेरिकाको आर्ट इस्टिट्युसन अफ सिकागोमा रही नेपाल फिर्ता ल्याउने प्रकृयामा रहेको छ।

यसरी माथि वर्णन गरिएका केही शिवलिङ्गबाहेक लिच्छविकालका अन्य सयौं संख्या शिवलिङ्ग उपत्यकाका छरिएका रहेका छन्। माथि चर्चा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएका शिवलिङ्गहरूका आधारमा लिच्छविकालीन शिवलिङ्गका समग्रमा निम्न लिखित विशेषता रहेको निष्कर्ष रहन्छः

- ✓ लिच्छविकालका अन्य मूर्तिकलामा जस्तै लिच्छविकालमा निर्मित अधिकांश शिवलिङ्गहरूमा लेपको प्रयोग भएको पाइन्छ। उक्त प्रचलन लिच्छविकालको उत्तरार्ध र पूर्वमध्यकालको थालनीपछि क्रमशः लोप हुँदै गएको पाइन्छ।
- ✓ लिच्छविकालमा बेसर र नागर शैलीको जलहरीको बढी प्रयोग भएको पाइएका छन्। नागर शैलीको जलहरी ११/१२ औं शताब्दीसम्म प्रयोग भएपनि पछि यस शैलीको जलहरीको प्रयोग शिवलिङ्गमा क्रमशः हराउँदै गएको देखिन्छ।
- ✓ लिच्छविकालीन शिवलिङ्गमा लिङ्ग भाग लामो देखाउने प्रचलन अत्यन्त प्रचलित रहेको पाइन्छ। साथै लिङ्गको तल्लो भागमा अष्टकोणीय पाटा कुँदिएको विष्णु भाग देखाउने प्रचलन पनि अत्यन्तै व्यापक रहेको पाइन्छ भने यस्तो शिवलिङ्गमा चार पाटा युक्त ब्रह्म भाग देखाइएको पनि पाइन्छ।
- ✓ लिच्छविकालमा निष्कल शिवलिङ्ग वा मुखलिङ्ग (एक, चार वा पाँच) निर्माण गर्दा तिनको निर्माणमा अन्य देवीदेवताका प्रतिमा निर्माणमा जस्तै प्रतिमा विज्ञानको सम्पूर्ण विधानको पूर्णरूपमा पालना गरी निर्माण गरिएको पाइन्छ
- ✓ लिच्छविकालमा एकमुखे शिवलिङ्ग निर्माण गर्ने परम्परा अत्यन्त प्रचलित रहेको देखिन्छ। पशुपति मृगस्थलीमा अवस्थित एकमुखे शिवलिङ्ग, देउपाटन विश्वामित्रेश्वर शिवलिङ्ग, सिफलस्थित भण्डारेश्वर शिवलिङ्ग, आगमघर परिसरमा अवस्थित शिवलिङ्ग, राजराजेश्वरी घाटमा अवस्थित शिवलिङ्ग (पूर्वमध्यकालीन) यिनका उदाहरण हुन्। पछिल्ला कालमा एक मुखे शिवलिङ्ग निर्माण गर्ने परम्परामा कमी आएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ लिच्छविकालमा निर्मित शिवलिङ्गमा शिवका तत्पुरुष, सद्योजात, वामदेव, अघोर गरी चार स्वरूपका मुखाकृतिलाई भिन्दाभिन्दै भावसहित अङ्कित गर्नुका साथै अलग अलग प्रकारका जटामुकुटसहित अङ्कित गरी प्रत्येक मुखाकृतिलाई फरक फरक ढङ्गमा प्रस्तुति गरिएको पाइन्छ।
- ✓ लिच्छविकालीन चतुर्मुखी शिवलिङ्गमा दक्षिण अघोर मुखलाई भयङ्कर वा रौद्र रूपमा नदेखाइए तापनि अघोर रूपी शिवलाई घुम्रिएको वा मुन्द्रा परेको केश श्रृंगारसहित अन्य तीन भन्दा बेग्लै स्वरूपमा व्यक्त गरिएको देखिन्छ।
- ✓ लिच्छविकालीन शतप्रतिशत निष्कल शिवलिङ्ग ब्रह्मसूत्रसहित निर्माण भएका छन्। मुख अङ्कित शिवलिङ्गको रुद्र भागमा भने मुख अङ्कित गरी ती मुखको दायाँबायाँ गोलाकार पट्टीसहितको घेरा निर्माण गरी ब्रह्मसूत्रको प्रतीकात्मक स्वरूप लिङ्गमा अङ्कित गरी निर्माण गरिएको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका मध्यकालीन शिवलिङ्गहरू

प्राचीनकालदेखि नै मानिसले साधारण तथा मुख अङ्कित गरी निर्माण गरेर उपासना गर्न थालेका शिवलिङ्ग लिच्छविकाल हुँदै मध्यकालमा पनि त्यति नै श्रद्धाका साथ उपासना गरी अत्यधिक संख्यामा निर्माण गरिएका छन्। लिच्छविकाल पछि मध्यकालमा तन्त्रको प्रभावका कारण विभिन्न देवीदेवताका प्रतिमामा भद्धापनाको विकास, अलंकरणको प्रयोग, विकरालता, बढी आभूषणको प्रयोग, लिच्छविकाल भन्दा बेग्लै पाषाणको प्रयोग गरिएजस्तै शिवलिङ्गमा पनि यही विशेषता पाइन्छ। मध्यकालकालमा निर्मित अन्य देवीदेवताका मूर्तिको दाँजोमा साधारण शिवलिङ्गमा यस कालको कलाको प्रभाव त्यति नपरे तापनि मुख अङ्कित शिवलिङ्गमा उत्तिकै देख्न सकिन्छ। हाँडीगाउँ सत्यनारायण मन्दिरको शिवलिङ्ग, पशुपति दक्षिणामूर्ति टोलको शिवलिङ्ग, पाटन संग्रहालयमा प्रदर्शित धातुको शिवलिङ्ग, भक्तपुर राष्ट्रिय कला संग्रहालयमा प्रदर्शित प्रस्तरद्वारा निर्मित शिवलिङ्ग आदिमा यसको प्रभाव स्पष्ट देखिन्छ। मध्यकालमा शिवलिङ्गको निर्माण गर्दा लिङ्गमा अङ्कित मुखाकृतिको कलामा आएको परिवर्तन मात्र नभई लिच्छविकालमा प्रयोग गरिएका जलहरीको निर्माण शैलीमा समेत परिवर्तन आई पहिले भन्दा परिष्कृत साथै नवीन शैलीका जलहरीलाई प्राथमिकता दिइएको देखिन्छ। मध्यकालमा निर्मित केही शिवलिङ्गको चर्चा तल विस्तृत रूपमा गरिएको छ।

१. पशुपति राजराजेश्वरी घाटमा अवस्थित विराटेश्वर शिवलिङ्ग

पशुपति राजराजेश्वरी घाटस्थित एउटा विशाल शिवलिङ्ग रहेको छ। उक्त शिवलिङ्गलाई विराटेश्वर महादेव भनिन्छ। यस शिवलिङ्गका सम्बन्धमा हिमवत्खण्डपुराण तथा भाषा वंशावलीमा चर्चा पाइन्छ। हिमवत्खण्डपुराणमा यस शिवलिङ्गलाई भविष्य दर्शाउने कुण्डमा अवस्थित रहेको उल्लेख छ। उक्त पुराण अनुसार विराटेश्वर शिवलिङ्गमुनि एउटा कुण्ड छ। उक्त कुण्ड ब्रह्माजीले मानिसको ज्ञान प्रबोध गर्न र ती मुक्तिको बाटोमा लागुन् भनी बनाएको वर्णन छ (योगी, २०१३, पृ. १६४)। यस कुण्डमा अवस्थित जलमा कुनै मानिसले आफ्नो प्रतिरूप हेरेमा अर्को जन्ममा ऊ कुन योनिमा जन्मिन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुरा पत्ता लाग्ने विश्वास गरिन्थ्यो। तसर्थ अघि त्यस कुण्डमा भविष्य दर्शन गरिन्थ्यो। कुनै समयमा एक प्रतापी राजाले यस कुण्डमा आफ्नो मुहार हेर्दा श्वान अर्थात् कुकुरको दृश्य देखेपश्चात् तिनले सो कुण्डलाई ठूलो शिवलिङ्गले छोप्न लगाएको किंवदन्ती पाइन्छ। विराट्स्वरूप वा आकारको लिङ्गले छोपिएको हुँदा उक्त शिवलिङ्ग महाविराटेश्वर नामले प्रख्यात भएको मानिन्छ। भाषा वंशावली अनुसार उक्त कुण्डमा महाविराटेश्वर महादेव वा लिङ्गको स्थापना लिच्छवि राजा शङ्करदेवले गरेका थिए (पौडेल, २०२०, पृ. ५७)। मेरी स्लसरले भविष्यको दर्शन दिने कुण्डमाथि राखिएको उक्त शिवलिङ्ग शङ्करदेवले स्थापना गरेको वर्णन गरेकी छिन् साथै उनले यस शिवलिङ्गको नाम अनाहव्रतेश्वर रहेको उल्लेख गरेकी छिन् (स्लसर, १९९८, पृ. २२५)। यसरी विभिन्न साहित्यहरूमा गरिएको वर्णनको आधारमा विराटेश्वर शिवलिङ्गको प्राचीनता स्पष्ट हुन्छ। तर लिच्छविकालमा निर्माण गरिएका अधिकांश शिवलिङ्ग भन्दा यस शिवलिङ्गमा केही भिन्नता पाइन्छ। लिच्छविकालको सुरूवाततताका नरवर्मा, रत्नसंघ, गुणवती, क्षेमसुन्दरी आदिद्वारा स्थापना गरिएका वा अन्य शिवलिङ्गको बनावट शैलीसँग यस विराटेश्वर शिवलिङ्गको तुलना गर्दा उक्त कालमा प्रचलित नागर वा बेसर शैलीको जलहरीभन्दा यस शिवलिङ्गमा भिन्दै प्रकारको जलहरीको प्रयोग भएको देखिन्छ। यस शिवलिङ्गमा तलमाथि फराकिलो बेसर शैलीको जलहरी रहेको छ। जलहरीको तल्लो आधार गोलो र फराकिलो र सोभन्दा माथिल्लो भाग केही साँघुरो बनाई त्यसमाथि पुनः तलकै अनुपातमा गोलो र फराकिलो बेसर शैलीको बनाएर जलहरीलाई डमरु जस्तो आकृति दिइएको छ। तल माथि मोटो तथा बिचमा पातलो लक्षणयुक्त यस्ता पीठिका वा जलहरीको निर्माण लिङ्गका निम्ति फलदायी हुने कुरा लिङ्गपुराणमा बताइएको छ (लिङ्गपुराण, २०७५, पृ. २८)। भारतको कुमाउस्थित अलमोडा क्षेत्रमा यस्तो शैलीको जलहरीसहितको शिवलिङ्ग इस्वीको आठौँ शताब्दीतिर प्रशस्त निर्माण भएको पाइन्छ (नौटियाल, १९६९, पृ. ८४)। नेपालमा यस प्रकारको जलहरीको प्रयोग लिच्छविकालको सुरुवात ताका प्रचलनमा आएको पाइँदैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन यस कालमा निर्मित अधिकांश शिवलिङ्गहरूले पुष्टि गर्दछन्। त्यसैले प्राचीनकालमा स्थापना भएको शिवलिङ्ग कारणवश क्षति वा नाश हुँदै जाँदा लिच्छविकालको उत्तरार्धमा वा पूर्वमध्यकालको सुरुवाततताका यसको स्थापना गरिएको अनुमान गर्न सकिन्छ। अर्कोतर्फ यस शैलीको जलहरीयुक्त शिवलिङ्गमा छोटो रुद्र भाग देखाई ब्रह्मभाग तथा विष्णु भाग देखाउने चलन पाइँदैन। यस विराटेश्वर शिवलिङ्गमा पनि छोटो तथा मोटो गोलाइयुक्त रुद्र भाग रही त्यसको माथिल्लो भागमा ब्रह्मसूत्र कुँदिएको छ। यसको ईशान भाग समतल रहेको छ। सम्पूर्ण शिवलिङ्गसहित जलहरीमा लगाइएको लेप स्पष्ट देख्न सकिन्छ। खुला आकाशमुनि केही उत्तरतर्फ ढल्किएको अवस्थामा रहेको यस शिवलिङ्गलाई विगत केही वर्ष यता ढल्केश्वर महादेव पनि भन्ने गरिएको पाइन्छ। पाशुपत क्षेत्रमा रहेका कयौँ संख्या तथा प्रकारका शिवलिङ्गहरूमध्ये यस शिवलिङ्ग अत्यन्त विशाल साथै आकर्षक छ। पाशुपत क्षेत्रअन्तर्गत मनाइने परम्परागत त्रिशूल जात्रामा बन्धुदत्तका छोराको प्रतीक बनाइएको मुँस्वा (रतिपुष्प)को शव यही विराटेश्वर शिवलिङ्गको नजिकबाट बागमती नदीमा सेलाइ जात्राको समापन गर्ने प्रचलन छ।

२. देउपाटन भुवनेश्वरी प्राङ्गणमा अवस्थित चतुर्मुखी शिवलिङ्ग

देउपाटन भुवनेश्वरी मन्दिर प्राङ्गणमा मन्दिरको उत्तरतर्फ अत्यन्त आर्कषक शिवलिङ्ग रहेको छ। विशाल तथा अग्लो बेसर शैलीको जलहरीमाथि चतुर्मुखी शिवलिङ्ग स्थापित छ। जलहरी भित्र गाडिएर रहेको छोटो अष्टपाटायुक्त विष्णु भागको घेरामाथि रुद्र भागको चारैतर्फ अत्यन्त तालमान मिलाई कँदिएको शिवका तत्पुरुष, सद्योजात, वामदेव, अघोररूपी मुखाकृति छन्। दक्षिणतर्फको अघोररूपी शिवसहित चारैतर्फका मुखाकृति अर्धउन्मिलन नयनसहित सौम्य छन्। प्रत्येक शिवको शिरमा कलात्मक जटामुकुट छन्, जुन रुद्राक्ष मालाका लहरले सिङ्गारिएका छन्। शिवका बाहुमा लिच्छविकालीन अन्य शिवलिङ्गमा समान दायाँ रुद्राक्ष मालासहित अभय मुद्रा तथा बायाँ कुम्भ छन्। पूर्व, पश्चिम, दक्षिणतर्फका मुहारमा तीन नेत्र छन्। उत्तर तर्फ भने पार्वती रूपी वामदेव मुहारमा दुई नेत्र छन्। कृष्णनन्देश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामले प्रख्यात यस शिवलिङ्गका चार मुखाकृतिले भारतका प्रसिद्ध चार तीर्थस्थलको प्रतिनिधित्व गर्ने मान्यता छ। तिनमा पूर्व मुखले जगन्नाथ, पश्चिमले द्वारका, उत्तरले केदारनाथ तथा दक्षिणले रामेश्वरम्लाई संकेत गरेको कुरा वीणा पौड्यालले नेपाली मूर्तिकला र चित्रकला नामक पुस्तकमा उल्लेख गर्नु भएको छ (पौड्याल, २०५७, पृ. १९७)। यसरी यस शिवलिङ्गले हिन्दुहरूले समभावसहित मानिएका वैष्णव तथा शैव देवीदेवता बिचको एकात्मक स्वरूप वा भक्तिलाई व्यक्त गरेको पाइन्छ। यसो त शिवलिङ्ग ब्रह्मा, विष्णु, शिव र शक्तिको एकात्मक रूप हो। यस शिवलिङ्गको निर्माण इस्वीको नवौँ/दशौँ शताब्दीताका भएको पौड्यालको भनाइ छ। कृष्णदेवले इमेजेज अफ नेपालमा यस शिवलिङ्गको निर्माण दशौँ/एघारौँ शताब्दीताका भएको बताएका छन् (देव, १९८४, पृ. ३१)। लिच्छविकालीन शिवलिङ्गमा अङ्कित मुखाकृतिको दाँजोमा केही यसमा अलकृत जटामुकुट, गलामा बिचमा फूलबुट्टासहित दोहोरो रुद्राक्ष माला, लिच्छविकालभन्दा केही भिन्दै शैलीको अग्लो र बाहिरी परिधिमा घेरायुक्त जलहरी, छोटो लिङ्गभाग, मोटो गोलाइयुक्त रुद्र भागमा, गोलाकार ईशान भाग, छरितो गरी कुँदिएका मुखाकृति तथा मूलतः शिवलिङ्गमा देखिने लेपको कारण लिच्छविकालीन कलाको निरन्तरताको प्रतीक पूर्व मध्यकालको सुरुवातताका यस शिवलिङ्गको निर्माण भएको देखिन्छ।

३. मेट्रोपोलिटियन म्युजियम अफ आर्ट, न्यूयोर्कमा अवस्थित चतुर्मुखी शिवलिङ्ग (ने.सं.१६६)

अमेरिकाको न्यूयोर्कस्थित मेट्रोपोलिटियन म्युजियम अफ आर्ट विश्वका ठूला संग्रहालय मध्येको एक हो। सो म्युजियमको भ्रमणपश्चात् वीणा पौड्यालज्यूले उक्त संग्रहालयमा रहेका नेपाली मूर्तिकलाहरूको वर्णन वि.सं. २०७२ मा प्रकाशित भ्वाइस अफ कल्चर नामक मुखपत्रमा भएको थियो। अभिलेखसहित विरलै पाइएका मध्यकालीन शिवलिङ्गमध्येको यो एक भएको हुँदा उक्त पुस्तकमा प्रकाशित लेख र तस्बिरको आधारमा यस शिवलिङ्गको केही विस्तृत चर्चा गरिएको छ। यस शिवलिङ्गको निर्माण ने.सं. १६६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(सन्. १०४५) मा राजा भाष्करदेवले गरेका थिए (पौड्याल, २०७२, पृ. ६२)। लिच्छविकालमा प्रचलित नागर तथा बेसर शैलीको जलहरीयुक्त शिवलिङ्ग निर्माण गर्ने परम्परामध्ये लिच्छविकालको उत्तरार्ध वा पूर्वमध्यकालमा बेसर शैली तर भिन्न रूपमा अग्लो र घेरासहितको जलहरी निर्माण गर्ने शैलीले निरन्तरता पाएको देखिन्छ, जसको चर्चा भुवनेश्वरीको शिवलिङ्गको प्रसङ्गमा गरियो। त्यस्तै अर्कातर्फ यस कालमा तल्लो आधार गोलो र फराकिलो सो भन्दा माथिल्लो भाग केही साँघुरो बनाई त्यसमाथि पुनः तलकै अनुपातमा गोलो तथा फराकिलो शैलीको जलहरी निर्माण गर्ने परम्परा प्रचलित हुँदै गएको प्रमाण मेट्रोपोलिटन म्युजियम अर्फ आर्टको अभिलेखसहितको शिवलिङ्गले पुष्टी गर्दछ। उक्त लक्षणयुक्त जलहरी सहितका शिवलिङ्ग नवौँ/दशौँ शताब्दीदेखि नेपाल मण्डलका साथै सिम्रौनगढ क्षेत्र तथा पश्चिम नेपालका दल्लु, दैलेख, बैतडी आदि क्षेत्रमा समेत पाइएका छन्। मध्यकालभर अत्यधिक प्रचलनमा आएको यस प्रकारको जलहरीको निर्माणले नेपाल अधिराज्यभर पछिल्लो कालसम्म पनि निरन्तरता पाएको देखिन्छ। समतल ईशान भागसहितको माटो तथा छोटो रुद्र भाग अङ्कित संग्रहालयमा प्रदर्शित यस शिवलिङ्गको चारैतर्फ मुखाकृति कुँदिएका छन्। जलहरीको माथिल्लो भागमा वरिपरि कलात्मक पद्मपत्रका बुट्टाहरू कुँदिएका छन्। सम्पूर्ण जलहरीसहित शिवलिङ्गमा लेप लगाइएको देख्न सकिन्छ। यस्तै विशाल बेसर शैलीको जलहरीको माथिल्लो भागमा वरिपरि कलात्मक फलबुट्टा कुँदिएको आर्कषक शिवलिङ्ग नक्सालस्थित नन्दीकेशर बहालस्थित ढुङ्गेधारा परिसरमा रहेको छ।

४. पाटन च्यासलटोल च्यासल हिटी प्राङ्गणमा अवस्थित चतुर्मुखी शिवलिङ्ग

पाटनस्थित च्यासलटोल पाटनको प्राचीनकालीन बस्ती रहेको क्षेत्र हो। यहाँ अवस्थित प्राचीनकालीन ढुङ्गेधारामा इ.पू. प्रथम शताब्दीको गजलक्ष्मीको मूर्ति रहेको छ। यस टोलमा लिच्छविकालीन अभिलेख, शिवलिङ्ग, मूर्तिकलाका साथै अन्य कयौँ सम्पदा छन्। च्यासलटोलमा रहेका दुई ढुङ्गेधाराहरूमध्ये नारायण (ना) हिटीमा लिच्छविकालीन निष्कल शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा च्यासल हिटीमा पूर्वमध्यकालमा निर्मित चतुर्मुखी शिवलिङ्ग रहेको छ। तर बिडम्बना च्यासलटोलमा अवस्थित यस आर्कषक चतुर्मुखी शिवलिङ्ग सन्. १९८३ मा चोरी भयो। एघारौँ/बाह्रौँ शताब्दीताका निर्मित यस शिवलिङ्गको चर्चा वाङ्गदेलले स्टोलन इमेज अफ नेपालमा गरेका छन् (वाङ्गदेल, १९८९, पृ. २२७)। लिच्छविकालमा अत्यधिक प्रचलनमा रहेको नागर शैलीको जलहरीमाथि यस शिवलिङ्गको स्थापना गरिएको छ। लिच्छविकालको उत्तरार्धमा नागर शैलीको जलहरी प्रयोग शिवलिङ्गमा केही कम हुँदै गएको देखिन्छ। यस कालमा बेसर शैलीका जलहरी केही परिष्कृत स्वरूपमा प्रयोगमा ल्याइएका देखिन्छन्। अग्लो शिवलिङ्गमा छियाछिया परेको खस्रो आठपाटायुक्त विष्णु भाग र त्यसमाथि निर्मित रुद्र भाग रहेको छ, जसलाई गोलाकार फूलबुट्टे घेराले छुट्याएको छ। यसको ब्रह्म भाग देखिँदैन। रुद्र भागको चारैतर्फ अलङ्कृत मुकुट सहितको शिवका स्पष्ट मुखाकृति देखिन्छन्। उत्तर वामदेव तथा पश्चिम सद्योजात शिवले बाहुमा धारण गरेका अभय मुद्रासहित रुद्राक्ष माला र कुम्भका आधारमा चारैतर्फका मुखाकृतिमा सोही आयुध रहेको अनुमान गर्न सकिन्छ। उत्तरतर्फ वामदेव स्वरूप कमुखाकृतिको माथिल्लो भाग केही खण्डित देखिन्छ। पश्चिम सद्योजात शिवको मुकुटमा कीर्तिमुख अङ्कित गरिएको छ। लामो नासिका, ठूला लाम्चा नेत्र, निधारमा तेस्रो नेत्र, गलामा अलङ्कृत ससाना लामो लामो बुट्टा कुँदिएका हार, कानमा सर्प कुण्डल, वामदेवरूपी शिवतर्फ गोलाकार पत्र कुण्डल आदिले शिव सुशोभित छन्। शिवको मुखाकृति अत्यन्त सजीव देखिन्छ। यस शिवलिङ्गमा स्थापना गरिएको नागर शैलीको जलहरी, अष्टपाटायुक्त लिच्छविकालको अघिल्ला चरणको शिवलिङ्गहरूमा अङ्कित गरिए समानको विष्णु भाग तर शिवका अलङ्कृत जटामुकुट र श्रृङ्गारले प्राचीन मूर्ति निर्माण शैलीलाई परिष्कृत गरी यस शिवलिङ्गमा अत्यन्त संयोजन मिलाई निर्माण गरिएको देखिन्छ। यस शिवलिङ्गको ईशान भाग अन्य शिवलिङ्गहरू भन्दा भिन्न रूपमा निर्माण गरिएको छ। अग्निपुराणमा उल्लेख भएबमोजिम यसको शिरोभाग अर्धचन्द्राकार आकृतिमा निर्माण गरिएको छ (अग्निपुराण, २०६०,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृ. ११०)। लिच्छविकालको उत्तरार्धपछि मध्यकालमा तिर लाग्दा मूर्तिकलामा अघिल्लो कालको कलालाई समेट्दै क्रमशः कलामा आएको सूक्ष्म परिवर्तित रूप यस शिवलिङ्गमा प्रस्तुत गरिएको स्पष्ट देखिन्छ। यस्तो अमूल्य कलाको सरंक्षण गर्न नसक्नु हामी सबैको कमजोरी हो।

५. पशुपति राजराजेश्वरी घाटको एकमुखे शिवलिङ्ग

पशुपति राजराजेश्वरी घाटस्थित विराटेश्वर महादेवको पश्चिम दक्षिणमा सानो ढुङ्गे देवल रहेको छ। चार ढुङ्गाका खम्बामाथि ढुङ्गाकै चारपाटे समतल र वरिपरि किनारमा भिरालो परेको छानो राखिएको छ। उक्त देवल नेपालको प्राचीनकालीन देवल वा मन्दिरको उत्कृष्ट नमुना मानिन्छ। हाल यस देवल खाली रहेको छ। केही दशक अघिसम्म यहाँ अत्यन्त सुन्दर एकमुखे शिवलिङ्ग रहेको थियो, जुन सन् १९८५ मा चोरी भएको थियो। उक्त शिवलिङ्गको तस्बिर मेरी स्लसरले नेपाल मण्डल चित्र सं. २४५ मा तथा वाङ्गदेलले स्टोलन इमेज अफ नेपाल चित्र सं. २८ मा प्रकाशित गरेका छन्। शिवलिङ्गमा जमिनमुनि गाडिएको अवस्थामा सबैभन्दा तल आठ पाटायुक्त विष्णु भाग देखिन्छ। यसको माथि पातलो साधा घेरा निर्माण गरिएको छ। जसको मास्तिर विष्णु भागको अनुपातमा केही सानो गोलाकार परिधियुक्त रुद्र भाग रहेको छ। रुद्र भागमा एउटा मुख कुँदिएको छ। सौम्य मुखाकृतिसहितको यस शिवलिङ्गमा शिवको लामो उघारिएको नेत्र तथा निधारमा तेस्रो नेत्र रहेको छ। उनको नाक खण्डित देखिन्छ। पाशुपत क्षेत्रमा समशुद्धिनद्वारा गरिएको आक्रमणमा सो क्षेत्र वरपर अवस्थित मूर्तिहरूको तोडफोड गरिने क्रममा यस मूर्तिमा पनि आघात पुऱ्याइएको अनुमान गर्न सकिन्छ। शिवले शिरमा धारण गरेको मुकुटमा कीर्तिमुख अङ्कित छन्। उनको फिँजारिएको जटा कुमको दायाँबायाँ झरेका छन्। उनका लामा लामा कानमा पत्र कुण्डल झुण्डिएका छन्। गलामा बिचमा ठूलो दाना र दायाँबायाँ स–सानो हुँदै गएको एकसरो रुद्राक्षको माला छ। शिवलिङ्गमा अङ्कित गरिने मुखाकृति चाहे ती एकमुख, चतुर्मुख हुन् वा अन्य रूप तिनमा हलाहल विष धारण गर्ने निलकण्ठरूपी शिवलाई गलामा कम्बुग्रीव वा अर्धगोलाकार धर्सा देखाउनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली कलाकारको उत्कृष्ट रोजाइ मानिन्छ। लिच्छविकालमा निर्मित मृगस्थलीमा अवस्थित एकमुखे शिवलिङ्ग, आर्यघाट पारी रहेको शिवलिङ्ग, मध्यकालीन च्यासलहिटीको शिवलिङ्गमा जस्तै यस शिवलिङ्गमा पनि शिवको गलामा तीन गहको अर्धगोलाकार धर्सा उत्कृष्ट ढङ्गबाट प्रदर्शन गरिएको छ। शिवले अन्य लिङ्गको मुखाकृतिमा जस्तै दायाँ बाहुमा रुद्राक्ष मालासहित अभय मुद्रा र बायाँमा कुम्भ धारण गरेका छन्। लिङ्गको विष्णु भाग खस्रो देखिए तापनि मुख अङ्कित सम्पूर्ण रुद्र भागमा लेप लगाइएको देख्न सकिन्छ। वाङ्गदेलले यस शिवलिङ्ग बाह्रौं शताब्दीको रहेको बताएका छन् (वाङ्गदेल, १९८९, पृ. ८३)। लिङ्गको मुखाकृतिमा अङ्कित कलापक्ष, श्रृङ्गारसाथै परम्परागत लेपको निरन्तरताको आधारमा उनले तोकेको मिति यथोचित लाग्दछ।

६. जयवागेश्वरी नवालीटेलस्थित चतुर्मुखी ताम्रेश्वर शिवलिङ्ग

जयवागेश्वरी नवलीटोलस्थित ताम्रेश्वर महादेवको मन्दिर छ। उक्त मन्दिरको गर्भगृहमा तामाको पाताले मोरिएको शिवलिङ्ग अवस्थित छ। अभिलेखहरूमा यस शिवलिङ्गलाई ताम्रलिङ्ग भनिएको छ। बेसर शैलीको विशाल जलहरीसहितको यस शिवलिङ्गमा फराकिलो गोलाइसहितको रुद्र भागको चारैतर्फ शिवका मुखाकृति कुँदिएका छन्। शिवलिङ्गको ईशान भाग समतल रहेको छ। यस शिवलिङ्गमा उत्तरतर्फको वामदेवरूपी मुखाकृतिलाई अर्धनारीश्वर स्वरूपमा देखाइएको छ। दायाँतर्फ अलङ्कृत केशविन्याससहित पत्र कुण्डल धारण गरेकी उमा छिन्। बायाँतर्फ अर्धचन्द्रसहित जटामुकुट, कानका पछाडिबाट कुमसम्म झरेका जटासहित सर्पकुण्डल धारण गरेका शिव छन्। सामान्य तया शिवको अर्धनारीश्वर स्वरूप मूर्तिमा अङ्कित गर्दा शिवलाई दायाँतर्फ तथा उमालाई वामाङ्गी अर्थात् बायाँतर्फ देखाउने चलन छ। यस प्रतिमामा भने उमालाई दायाँतर्फ देखाइएको छ। त्यस्तै शिवलिङ्गको दक्षिणतर्फ अघोररूपी शिवलाई केही भिन्न रूपमा दर्शाइएको छ। उनको मोटा आँखीभौं रही शिरमा कीर्तिमुख अङ्कित मुकुट धारण गरेका छन् साथै उनको एकातर्फको कानमा सर्पकुण्डल छ। चारैतर्फका मुखाकृतिमा ठूल्ठूला नेत्र,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लामो नाशिका, तीन नेत्र तथा अनुपात मिलेका ओठ देखिन्छ। कृष्णदेवले इमेजेज अफ नेपालमा यस शिवलिङ्गलाई बाह्रौं शताब्दीको बताएका छन् (देव, १९८४, पृ. ३१)। भुवनेश्वरी प्राङ्गणमा रहेको शिवलिङ्गसँग समानता राख्ने छोटो र मोटो गोलाइयुक्त रुद्र भाग, फराकिलो अग्लो जलहरी तथा शिवलिङ्गको मुखाकृतिमा अङ्कित कलापक्ष आधारमा हेर्दा उनले तोकेको मिति ठिकै लाग्दछ।

७. हाँडीगाउँ सत्यनारायण मन्दिर प्राङ्गणमा अवस्थित चतुर्मुखी शिवलिङ्ग (पशुपति)

हाँडीगाउँमा अवस्थित सत्यनारायणको स्थापना प्राचीनकालमा भएको थियो। सो नारायणको मूर्ति ईस्वीको दोस्रो/तेस्रो शताब्दीको मानिन्छ। हाँडीगाउँ पुरातात्त्विक, धार्मिक एवं सांस्कृतिक आधारमा अत्यन्त महत्त्वपूर्ण स्थल रहेको छ। यहाँ रहेको सत्यनारायण मन्दिर वरपरको सानो क्षेत्रफलको मात्र चर्चा गर्दा पनि यहाँ प्राचीनकालदेखि मध्यकालसम्म निर्मित कयौँ महत्त्वपूर्ण सम्पदा छन्। मन्दिर परिसर क्षेत्रमा प्राचीन सत्यनारायण, मातृका लगायत कुबेर, गणेश आदि देवीदेवताका मूर्तिहरू, लिच्छविकालमा आभिरी गोमिनीका पति अनुपरमद्वारा स्थापना गरिएको अभिलेखसहितको गरुडस्तम्भ, भारवीद्वारा सं. ४७२ मा निर्माण गरिएको कलात्मक ढुङ्गेधारा तथा मध्यकालको थालनीमा निर्मित शिवलिङ्ग आदि रहेका छन्। यसबाट सो क्षेत्रमा प्राचीनकालदेखि मध्यकाल हुँदै पछिल्लो कालसम्म पनि निरन्तर रूपमा कला साथै संस्कृतिको विकास भएको देखिन्छ। सत्यनारायण मन्दिरको आग्नेय कोणमा गुम्बज शैलीको सानो मन्दिर रहेको छ। जहाँ विशाल शिवलिङ्ग अवस्थित छ। स्थानीयहरू उक्त शिवलिङ्गलाई पशुपतिनाथ मानी उपासना गर्दछन्। नेपाल मण्डलअन्तर्गत प्राचीनकालदेखि प्रसिद्ध रहँदै आएका कयौँ तीर्थस्थलका देवीदेवतालाई तिनका प्रतिरूप निर्माण गरी कतिपय स्थानीय मठ, मन्दिर वा बस्तीका देवालयमा स्थापना गर्ने परम्परा प्रचलित पाइन्छ। पशुपतिनाथ मन्दिर प्राङ्गणमा चाँगुनारायण (गरुडासान विष्णु), पाटन आल्को हिटी प्राङ्गणमा चोभारका जलविनायक, कीर्तिपुरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुशेश्वर महादेव, भक्तपुर दरबार क्षेत्रमा पशुपतिनाथको स्थापना यसका केही उदाहरण हुन्। टाढा रहेका तीर्थस्थलमा अवस्थित देवताको दैनिक उपासनाका निम्ति विविध कारणले पुग्न नसक्दा तिनलाई आफ्ना सामिप्यमा स्थापना गरी भक्ति व्यक्त गर्न यिनको स्थापना गरिएका हुन्। हाँडीगाउँ सत्यनारायण मन्दिर प्राङ्गणमा स्थापना गरिएको शिवलिङ्ग यसरी नै पशुपतिनाथका प्रतिरूप मानिन्छन्।

तलमाथि गोलाकार फराकिलो र बिचमा तिनको दाँजो केही साँघुरो भागसहितको जलहरीमाथि चतुर्मुखी शिवलिङ्ग स्थापना गरिएको छ। जयवागेश्वरी नवालीटोलको ताम्रेश्वर शिवलिङ्गमा जस्तै यस शिवलिङ्गमा पनि रुद्र भाग गोलो फराकिलो, छोटो तथा ईशान भाग समतल छ। चारैतर्फ सौम्य मुखाकृतिसहितका शिवका चार स्वरूपका प्रतिमा कुँदिएका छन्। सबै मुखाकृतिको शिरमा रुद्राक्ष मालाले सुसज्जित जटामुकुट तथा बाहुमा अभय मुद्रासहित रुद्राक्ष माला र कुम्भ छन्। पश्चिमतर्फको सद्योजात शिवको मुकुटमा कीर्तिमुख अङ्कित छन्। पूर्वतर्फको तत्पुष तथा पश्चिमतर्फको सद्योजात शिवको कानमा पत्र कुण्डल छन्। यस शिवलिङ्गमा उत्तर वामदेव तथा दक्षिण अघोर शिवलाई केही भिन्न रूपमा दर्शाइएको छ। दक्षिणतर्फ अघोररूपी शिवको जटामा नरकपाल सहितको मुकुट रही तिनको एकातर्फको कानमा पत्र कुण्डल र अर्कोतर्फ सर्पकुण्डल छन्। उत्तर वामदेवरूपी शिवलाई अर्धनारीश्वर स्वरूपमा दर्शाई दायाँतर्फ अलङ्कृत केश विन्याससहित कानमा पत्र कुण्डल धारण गरेकी उमा तथा बायाँतर्फ नरकपालसहितको जटामुकुट र कानमा सर्प कुण्डल धारण गरेका शिव स्वरूपमा अङ्कित गरिएको छ। चारैतर्फ शिवको गलामा बिचमा फूलबुट्टासहित दोहोरो रुद्राक्ष माला छन्। शिवका चारैतर्फका शिरको दायाँबायाँ लिङ्ग वरिपरि फूलबुट्टे घेरा वा पट्टी निर्माण गरिएको छ। लेप लगाइएको यस शिवलिङ्गको मुखाकृतिमा ठाउँ ठाउँमा उप्किएको देख्न सकिन्छ। लिङ्गमा अङ्कित कलाकृति तथा जलहरीको आधारमा यस शिवलिङ्ग ताम्रेश्वर शिवलिङ्गको समकालीन अर्थात् बाह्रौं/तेह्रौं शताब्दीताका निर्माण गरिएको अनुमान गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. पनौतीस्थित इन्द्रेश्वर शिवलिङ्ग

पनौतीस्थित इन्द्रेश्वर महादेवको मन्दिर रुद्रावती तथा लिलावती नदीको सङ्गम सचीतीर्थमा अवस्थित छ। स्वयम्भूव लिङ्गको रूपमा उत्पन्न यस तीर्थको वर्णन हिमवत्खण्डपुराणमा गरिएको छ। यस तीर्थमा साक्षात् देवराज इन्द्रले यज्ञको अनुष्ठान गरी इन्द्रेश्वर शिवलिङ्गको स्थापना गरेको वर्णन *'इन्द्रेश्वरं प्रतिष्ठाय चेन्द्रनद्या शुभे तटे। आगच्छद्भवानिन्द्रो यज्ञकार्यपरोऽभवत् ॥'* (पद्मपुराण १४।४६) मा समेत गरिएको पाइन्छ। पौराणिककालदेखि प्रख्यात रही उपासना गरिँदै आएको यस प्रसिद्ध तीर्थस्थलमा भक्तपुरकी राजकुमारी विरमादेवीले ने.सं.४१४ (सन्. १२९४) इन्द्रकुटको (इन्द्रेश्वर देवको मन्दिर) निर्माण गरेको वर्णन गोपालराज वंशावलीमा छ। उनको पुत्र जयशक्तिदेवले सो इन्द्रकुटमा ध्वजा चढाएको तथा सोही स्थानमा प्रणाली अर्थात् धारा बनाएको सोही वंशावलीमा उल्लेख छ (वज्राचार्य, मल्ल, १९८५, पृ. १३०)। स्लसरले भने विरमादेवीले आफ्ना पतिको सम्झनामा पनौती ग्रामको निर्माण गरी इन्द्रेश्वर शिवलिङ्गको स्थापना गरेको वर्णन गरेकी छिन् (स्लसर, १९९८, पृ. २३०)। यी तथ्यहरूको आधारमा हेर्दा विरमादेवीले इन्द्रेश्वर शिवलिङ्गको स्थापना गरी मन्दिर निर्माण गरेको देखिन्छ। उपत्यकामा अत्यन्त्य न्यून संख्यामा बाँकी रहेका कलात्मक काष्ठ कलाकृतिले भरिएको पूर्वमध्यकालीन तलेशैलीको मन्दिरको महत्त्वपूर्ण नमुनाको रूपमा इन्द्रेश्वर महादेव मन्दिर हाम्रो सामु विद्यमान छ। दोहोरो प्रदक्षिणा पथसहितको यस मन्दिरको मूल गर्भगृहमा शिवलिङ्ग स्थापना गरिएको छ। माथि तथा तल गोलाकार फैलिएको बेसर शैली तथा बिचमा केही सानो गोलाइसहितको अग्लो जलहरीमाथि शिवलिङ्ग रहेको छ। छोटो रुद्र भागसहितको शिवलिङ्गको ईशान भाग समतल छ। कालो पाषाणबाट निर्मित यस शिवलिङ्ग निष्कल रहेको छ।

९. भक्तपुरस्थित चतुर्मुखी यक्षेश्वर शिवलिङ्ग

भक्तपुर राजदरबारस्थित पच्पन्न झ्याले दरबारको दक्षिण पूर्वमा यक्षेश्वर महादेवको मन्दिर रहेको छ। यस महादेवलाई भक्तपुरमा अवस्थित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथ मान्ने चलन छ। राजा यक्ष मल्लले यस मन्दिरको निर्माण गरेका थिए। दुई तहको छानोयुक्त तले शैलीको यस मन्दिर कलात्मक टुँडाल, ब्रह्मा, विष्णु, शिव अङ्कित तोरण साथै अन्य कलात्मक काष्ठकलाका निम्ति अत्यन्त प्रसिद्ध मानिन्छ। यस मन्दिरको गर्भगृहमा चतुर्मुखी शिवलिङ्ग स्थापना गरिएको छ। यस शिवलिङ्गको निर्माण सम्बन्धमा प्रसिद्ध किंवदन्ती रहेको पाइन्छ। भक्तपुरका राजा यक्ष मल्ल दिनहुँ देउपाटनस्थित पशपतिनाथको दर्शन गर्न जाने गर्दथे। एकदिन मनोहरा नदीमा बाढी आएको कारण उनले नदी पार गर्न नसक्दा पशुपतिनाथको दर्शन पाएनन्। उक्त दिन उनी भक्तपुर दरबार फर्कि केही नखाई निराहार बसे। राती सपनामा भगवान् पशुपतिनाथले उनलाई दर्शन दिई आफ्नै दरबार सामुन्ने उनको मन्दिर बनाउन आदेश दिएछन्। त्यसपश्चात् राजाले दरबारको ठिक सामुन्ने मन्दिर निर्माण गरी भगवान् पशुपतिनाथको प्रतिरूप लिङ्ग स्थापना गरेका थिए। राजा यक्ष मल्लको देहावसानपश्चात् उनकी पत्नी र्कीतिलक्ष्मीले आफ्ना पतिको जन्मजन्मान्तरसम्म साथ पाइरहने तथा आफू पनि शिवलोक जान पाउँ भन्ने अभिलाषाले ने.सं. ६०७ मा उनले यक्षेश्वर मन्दिरमा तामाको सिंहको टाउको तथा चौबीसवटा सुनको सिंहको टाउकाहरू चढाएकी थिइन् (पौडेल, २०६५, पृ. १६)।

भित्री र बहिरी गरी देउपाटनस्थित पशुपतिनाथ मन्दिरमा जस्तै प्रदक्षिणा पथसहित चारैतर्फ द्वार रहेको यक्षेश्वर महादेव मन्दिरको मूल भागमा शिवलिङ्ग स्थापना गरिएको छ। फराकिलो बेसर शैलीको जलहरीमाथि चतुर्मुखी शिवलिङ्ग रहेको छ। अत्यन्त अनुपात मिलाई निर्माण गरिएको लामो गोलाकार विष्णु भाग तथा रुद्र भागको कारण समग्र शिवलिङ्गको लम्बाई अग्लो देखिन्छ। रुद्र भागको चारैतर्फ शिवको चार स्वरूपको मुखाकृति कुँदिएको छ। यस शिवलिङ्गको बनोट भगवान् पशुपतिनाथको मन्दिरमा अवस्थित शिवलिङ्ग समान देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०. बैतडी देवलहाटमा अवस्थित सहस्रलिङ्ग

बैतडीको देवहाटस्थित एक अत्यन्त आकर्षक शिवलिङ्ग रहेको छ। उक्त शिवलिङ्गमा कयौँ स-साना उपलिङ्ग कुँदिएका छन्। सामान्यता शिवलिङ्गमा मुखको संख्या एकदेखि लिएर पाँचसम्म निर्माण गरिएका हुन्छन्। रूपमण्डनमा लिङ्गमा शिवको मुखाकृति निर्माण गर्दा एक, तीन वा चार मुख अङ्कित गर्न सकिने तर दुई मुखाकृतियुक्त शिवलिङ्ग बनाउन नहुने बताइएको छ (श्रीवास्तव, १९९६, पृ. १७७)। नेपालमा एक वा चार मुख अङ्कित शिवलिङ्ग तथा न्यून संख्यामा पाँचौँ व्यक्त मुख अर्थात् ईशान मुख अङ्कित शिवलिङ्गको निर्माण भए पनि दुई वा तीनवटा मुख अङ्कित शिवलिङ्ग हालसम्म पाइएको छैन। शिवलिङ्गका विविध प्रकारमध्ये एकसय आठ स-साना लिङ्ग कुँदिएका अष्टोत्तरशत लिङ्ग, पाँचदेखि चौसट्ठी धर्सा वा लिङ्ग कुँदिएका धरलिङ्ग तथा एक हजार एक स-साना लिङ्गको आकृति कुँदिएका सहस्रलिङ्ग बनाउने विधानबारे वर्णन छ, जसको चर्चा विस्तृत रूपमा माथि गरियो। नेपालमा दुई तथा तीन मुख अङ्कित शिवलिङ्ग नपाइए जस्तै अष्टोत्तरशत लिङ्ग, धर लिङ्ग हालसम्म कतै फेला परेको छैन। तर सहस्रलिङ्गको महत्त्वपूर्ण साथै दुर्लभ नमुना यस देवलहाटमा रहेको छ। जमिनमा गाडिएको अवस्थामा रहेको बेसर शैलीको जलहरीमाथि यस शिवलिङ्ग अवस्थित छ। शिवलिङ्गको केवल रुद्र भाग मात्र देखिन्छ। माटो गोलाइसहितको लामो रुद्र भागमा तेह्रवटा तेर्सो गोलाकार घेराहरू कुँदिएका छन्। प्रत्येक घेराको बिचमा अनुपात मिलाई सहस्र लिङ्गको स-साना आकृति वा उपलिङ्ग कुँदिएका छन्। यस शिवलिङ्गको ईशान भाग केही उठेको छ। अग्निपुराणमा यस्तो प्रकारको शिरोभाग उठेको शिवलिङ्गलाई बालेन्दु अर्थात् अर्धचन्द्राकार शिवलिङ्ग भनिएको छ (अग्निपुराण, २०६०, पृ. ११०)। दक्षिण भारतको उडिसास्थित परशुरामेश्वर मन्दिर प्राङ्गणमा यस्तै सहस्रलिङ्ग रहेको छ। शिवलिङ्गमा यसरी धेरै लिङ्ग चिह्न अङ्कित गरी निर्माण गर्ने प्रचलनको सुरुवात मुखलिङ्गभन्दा धेरै पछि मात्र भएको बनर्जीयाको भनाइ छ (बनर्जीया, २००२, पृ. ४६०)। बैतडीमा प्राप्त यस प्रकारको शिवलिङ्ग नेपालमा अन्य कतै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइएको छैन। काठमाडौँ उपत्यका जहाँ मठ, मन्दिर, देवल, ढुङ्गेधारा, पोखरी, चौर, नदी किनार, मसानघाट आदि यत्रतत्र स्थानमा प्राचीनकालदेखिका पछिल्लाकालसम्म निर्माण गरिएका विविध प्रकारका कयौँ शिवलिङ्ग प्राप्त भएको क्षेत्रमा समेत यस्तो शिवलिङ्ग दुर्लभ छ। यस सहस्रलिङ्ग चौधौँ शताब्दीको रहेको उल्लेख डिल्लीराज शर्माले पश्चिम नेपालको मूर्ति तथा वास्तुकलामा गरेका छन् (शर्मा, २०५८, पृ. ३५)। नागराजद्वारा ११ औँ शताब्दीमा राज्य स्थापना गरिएको पश्चिम नेपालमा चल्ल र मल्ल शासकहरूले १५ औँ शताब्दीसम्म शक्तिसम्पन्न राज्य व्यवस्था सञ्चालन गर्नुका साथै विभिन्न देवीदेवताका मूर्ति लगायत कीर्तिस्तम्भ, नाउलो, देवल आदि वास्तुकलाको चरम विकास गरेको पाइन्छ। भगवान् बुद्ध, बोधिसत्वका मूर्तिका साथै शैव, वैष्णव, शाक्त देवीदेवताका मूर्ति तथा दैलेखको शिरस्थान, नाभिस्थान, पादुकास्थान, धुलेश्वर, बझाङ्गको डुम्राकोट, डोटीको शैलेश्वरी, डडेलधुराको जगन्नाथ मन्दिर तथा अन्य जिल्लाहरूमा पाइएका कयौँ शिवलिङ्गहरूले पश्चिम नेपालमा विभिन्न देवीदेवताका साथ साथै शिवलिङ्गको उपासना अत्यधिक रूपमा प्रचलित रहेको पुष्टि गर्दछ। अन्यत्र पाइने शैलीका शिवलिङ्गभन्दा भिन्न तथा प्रतिमा लक्षणमा वर्णित विधानको पूर्ण पालना गरी निर्माण गरिएको यस सहस्रलिङ्ग नेपालमा प्राप्त वेग्लै विशेषता सहितको शिवलिङ्गको एउटा बेजोड नमुना रहेको छ। यसको उचित संरक्षण गरिनु पर्दछ।

११. दैलेख शिरस्थानमा अवस्थित शिवलिङ्ग

पश्चिम नेपालको दैलेख शिरस्थान, नाभिस्थान, पादुकास्थान, भैरवस्थान, धुलेश्वर, बालेश्वर, पञ्चकोटी तीर्थस्थलका रूपमा प्रख्यात रहेका छन्। यी तीर्थस्थलहरूमा मध्यकालमा निर्मित असंख्य मूर्तिकला, शिवलिङ्गका साथै वास्तुकलाका अवशेष यत्रतत्र देख्न सकिन्छ। यी तीर्थस्थलमध्ये शिरस्थानमा रहेको शिवलिङ्ग अन्यत्र प्राप्त भन्दा भिन्न विशेषतासहित रहेको कारण यसको चर्चा गरिएको छ। शिरस्थानमा अवस्थित भैरव मन्दिर तथा ज्वाला मन्दिर परिसरमा केही शिवलिङ्ग छन्, जसमध्ये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्वाला मन्दिरको सामुन्ने रहेको शिवलिङ्ग विशेष रूपमा आकर्षित छ। अग्लो वेदीमाथि पीठिकासहित शिवलिङ्ग स्थापना गरिएको छ। गोलाकार फराकिलो बेसर शैलीको जलहरीमाथि रुद्र भागसहितको निष्कल लिङ्ग रहेको छ। तर अन्य शिवलिङ्गको समान यसको ईशान भाग वा शिरोभाग वर्तुलाकार अथवा अर्धचन्द्राकार नरही मन्दिरको गजुर समान रहेको छ। शिवलिङ्गको शिरोभागमा दुई तहको सानो गोलाकृतिको आसन बनाई त्यसमाथि मन्दिरको गजुरमा निर्माण गरिने आमलक समान तर बुट्टा नकुँदिएको साधारण घेरा रहेको छ। यस घेरामाथि पुनः दुई तहको सानो गोलाकृतिको आसन निर्माण गरी त्यसमाथि गजुर आकृतिको शिरोभाग निर्माण गरिएको छ। प्रतिमा लक्षण सम्बन्धी वर्णन पाइने सिद्धान्तसारावलीमा उल्लेख गरिए अनुरूप यस शिवलिङ्गमा त्रिपुषाकार शिरोभाग निर्माण गरिएको छ (राव, २, १, १९९७, पृ. ९४)। यस शिवलिङ्गलाई डिल्लीराज शर्माले १५ औँ शताब्दीको रहेको बताउनु भएको छ (शर्मा, २०१२, पृ. ६९)।

१२. हनूमान्ढोकास्थित चतुर्मुखी महेन्द्रेश्वर महादेव

हनूमान्ढोका राजदरबार क्षेत्रमा अवस्थित कालभैरव मन्दिरको ठीक उत्तरतर्फ महेन्द्रेश्वर महादेवको मन्दिर छ। भक्तपुरका राजा यक्ष मल्लले आफ्नो नाममा यक्षेश्वर महादेवको मन्दिर निर्माण गरे जस्तै कान्तिपुरका राजा महेन्द्र मल्लले ने.सं ६८२ मा मन्दिरसहितको महेन्द्रेश्वर महादेव स्थापना गरेका थिए (वज्राचार्य, २०३३, पृ. ७९)। भाषा वंशावलीमा राजा महेन्द्र मल्लले दरबारको उत्तरतर्फ भगवान् पशुपतिनाथको आज्ञा पाई पशुपतिको उपमाले देवालय बनाई शिवलिङ्ग स्थापना गरी तिनको नाम महेन्द्रेश्वर महादेव राखेको वर्णन छ (लम्साल, २०२३, पृ. ५७)। हाल यस मन्दिरले महेन्द्रेश्वर महादेव नामले भन्दा सानो पशुपति नामले बढी प्रसिद्धी पाएको छ।

राजा महेन्द्र मल्लले निर्माण गरेको यस मन्दिरको वर्तमान स्वरूप वि.सं. २०२० मा निर्माण गरिएको हो। चारैतर्फ द्वार रहेको तले शैलीको मन्दिरको मूल गर्भगृहमा कालो पाषाणबाट शिवलिङ्ग स्थापना गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फराकिलो बेसर शैलीको जलहरीमाथि अग्लो चतुर्मुखी शिवलिङ्ग रहेको छ। मन्दिरको मूल द्वार दक्षिणाभिमुख रहेको छ। शिवलिङ्ग स्थापना गरिएको मन्दिरको दक्षिणतर्फ अघोररूपी शिवको प्रतीक भैरवको मूर्ति स्थापना गर्नुपर्ने विधान छ। पशुपतिनाथ मन्दिर, पनौतीको इन्द्रेश्वर महादेव, पाटन कुम्भेश्वर महादेव, ज्ञानेश्वरस्थित ज्ञानेश्वर महादेव लगायत अन्य कयौँ शिवलिङ्ग स्थापना गरिएका स्थानमा तिनको दक्षिणतर्फ भैरव स्थापना गरिएका पाइन्छन्। शिवलिङ्ग स्थापना गरिएको मन्दिरको दक्षिणतर्फ भैरवको मूर्ति स्थापना गर्न सम्भव नभएमा वा भएकै खण्डमा पनि मन्दिरका बाहिरी भित्तामा अष्टभैरव वा दक्षिण भित्तामा सानो गवाक्ष बनाई दक्षिणाभिमुख पारी भैरवको मुखाकृति राख्ने पनि प्रचलन छ। महेन्द्रेश्वर मन्दिरको दक्षिण दिशातर्फ काल भैरवको विशाल मूर्ति राखिएको छ। यस भैरवको स्थापना महेन्द्र मल्लले महेन्द्रेश्वर शिवलिङ्ग स्थापना गरेको निकै समयपश्चात् राजा प्रताप मल्लले यस स्थानमा राखेका हुन्। भाषा वंशावलीमा यी भैरवको स्थापना यस स्थानमा कसरी गरियो भन्ने सम्बन्धमा चर्चा गरिएको छ। राजा प्रताप मल्लको पाला उनले बुढानीलकण्ठदेखि हनूमान्ढोका राजदरबारसम्म राजकुलो ल्याउने क्रममा रानीवन नजिक घोप्टो परेको अवस्थामा यस भीमकाय भैरव पाइएको थियो। सोपश्चात् राजा प्रताप मल्ल खुशी भई आफ्नो दरबारमा ल्याई महेन्द्रेश्वर महादेवको अग्रभागमा अर्थात् दक्षिणतर्फ उत्तराभिमुख पारी यी भैरवको स्थापना गराएका थिए (लम्साल, २०२३, पृ. ५८)। मध्यकालमा यी काल भैरव न्याय दिलाउने साक्षात् देवताको रूपमा अत्यन्त प्रख्यात थिए।

१३. हनूमान्ढोकास्थित धातुको चतुर्मुखी कोटिलिङ्गेश्वर शिवलिङ्ग

हनूमान्ढोका राजदरबार क्षेत्रमा कालभैरवको उत्तरपश्चिममा कोटिलिङ्गेश्वर महादेवको मन्दिर रहेको छ। भाषा वंशावली अनुसार कोटिलिङ्गेश्वरको स्थापना राजा महेन्द्र मल्लले गरेका थिए (लम्साल, २०२३, पृ. ५७)। राजा महेन्द्र मल्लले कोटिलिङ्गेश्वरको स्थापना गर्दा रामायण नृत्यसमेत नचाएका थिए। ठ्यासफूमा उल्लिखित रामायण नृत्य अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ने.सं. ६८७ पौषकृष्ण त्रयोदशीको दिन त्यस कोटिलिङ्गेश्वर मन्दिरको स्थापना भएको वर्णन छ। उनले सो अवसरमा कोटिहोम गरेका तथा होमको अवभृथस्नान टेकुदोभानमा माघ शुक्ल द्वादशीको दिन गरिएको वर्णन छ (पन्त, २०४५, पृ. १०) सम्पूर्ण प्रस्तरद्वारा निर्मित गुम्बज शैलीको यस मन्दिरमा शिवलिङ्ग अवस्थित छ। दक्षिणाभिमुख यस मन्दिरको प्रवेशद्वारमा दायाँबायाँ स्तम्भ राखी अर्धमण्डप निर्माण गरी त्यसमाथि मूल मन्दिरको गुम्बज छानोको अनुपातमा केही सानो आकारको गुम्बज छानो बनाई दुवैमा धातुको गजुर राखी निर्माण गरिएको छ। चारैतर्फ द्वार रहेको यस मन्दिरमा प्रत्येक द्वारमा कलात्मक ढुङ्गे तोरण रहेका छन्। मन्दिरको बाहिरी मध्य भागलाई वरिपरि चुल्ठी बाटिएका नागका शरीरका आकृतिले घेरेका छन्। साथै बाहिरी दक्षिणी भित्तामा सानो गवाक्ष निर्माण गरी भैरवको मुखाकृति दक्षिणाभिमुख पारी स्थापना गरिएको छ। यस कोटिलिङ्गेश्वर मन्दिर मध्यकालमा गुम्बज शैलीमा निर्माण गरिएको विरलै पाइने मन्दिर मध्येको एक हो। वंशावलीमा राजा महेन्द्र मल्लले सम्पूर्ण मन्दिरलाई सुनले छापेको थिए भन्ने वर्णन गरिएको छ।

अग्लो पाँच तहको पेटीमाथि निर्मित यस मन्दिरको गर्भगृहमा अष्टधातुद्वारा निर्मित चतुर्मुखी शिवलिङ्ग रहेको छ। शिवलिङ्गको निर्माण प्रायः प्रस्तरबाट गरी तिनको सुरक्षाका निमित्त लिङ्ग तथा जलरहीलाई तामा वा अन्य कुनै धातुको कोष वा आवरणले छोप्ने वा मोर्ने चलन लिच्छविकालदेखि नै प्रचलित रहेको पाइन्छ। कोटिलिङ्गेश्वर शिवलिङ्ग भने प्रस्तरको नभई जलहरीसहित सम्पूर्ण शिवलिङ्ग नै ठोस धातुबाट निर्माण गरिएको छ। फराकिलो र अग्लो बेसर शैलीको जलहरीमाथि लामो विष्णु भाग तथा रुद्र भाग सहितको शिवलिङ्ग रहेको छ। लिङ्गमा चारैतर्फ शिवलाई अलगअलग केश विन्याससहित चार भिन्दाभिन्दै स्वरूपमा दर्शाइएको छ। पूर्वतर्फका तत्पुरुष शिव शिरमा रुद्राक्ष मालाले सजिएको जटामुकुट सहित छन्। त्यस्तै दक्षिणतर्फका अघोर शिव स–साना गोलाकार घुम्रिएका केश र तिनमा एकतर्फ अर्धचन्द्र तथा अर्कोतर्फ नरकपालसहित रहेका छन्। पश्चिम सद्योजात शिव शिरमा कलात्मक मुकुटसहित रहेका छन् भने उत्तरतर्फ वामदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलाई दायाँ कलात्मक केश विन्याससहित मुकुट र कानमा चक्र कुण्डलसहित तथा बायाँ जटा मुकुट र कानमा नाग कुण्डलसहित अर्धनारीश्वर स्वरूपमा दर्शाइएको छ। अघोरसहित सबै शिवका ठूल्ठूला नेत्र, लामो नासिका, मिलेको ओठ रही सौम्य मुखाकृतिसहित रहेका छन्। चारैतर्फका शिवको दुवै बाहुमा अभय मुद्रासहित रुद्राक्ष माला तथा कमण्डलु छन्। यसरी अष्टधातुबाट कलात्मक शिवलिङ्ग निर्माण गरी मन्दिरमा स्थापना गरिएको यस कोटिलिङ्गेश्वर शिवलिङ्ग नेपालकै दुर्लभ शिवलिङ्ग मान्न सकिन्छ। यस शिवलिङ्ग स्थापना गर्दा मूल शिवलिङ्ग मुनि कयौँ स–साना शिवलिङ्ग राखी यसको स्थापना गरिएको कारण यसलाई कोटिलिङ्गेश्वर भनिएको भनाइ प्रचलित रहँदै आएको छ।

१४. भक्तपुर दरबार क्षेत्रमा अवस्थित फसिंदेग वा सिलु महादेव

भक्तपुर दरबार क्षेत्रमा पूर्वेश्वर महादेव अवस्थित पाटीको ठीक उत्तरतर्फ विशाल फसिंदेग वा सिलु महादेवको मन्दिर रहेको छ। उक्त महादेवलाई गोसाँइकुण्डको प्रतीक वा नीलकण्ठ महादेव मानिन्छ। यस मन्दिरको निर्माण भक्तपुरका राजा जगत्प्रकाश मल्लले वि.सं. १७०७ मा गरेका थिए। मन्दिरमा ठूलो आकृतिको शिवलिङ्ग अवस्थित छ। नेपालका प्राचीन तीर्थस्थल मध्येको एक रसुवा जिल्लाको गोसाँइकुण्ड पनि एक हो। समुन्द्र मन्थनको क्रममा लक्ष्मी, अप्सरा, धन्वन्तरी, ऐरावत हात्ती, कल्पवृक्ष, कौस्तुभमणि आदि सँगै कालकुट विष पनि निस्कियो बहुमूल्य वस्तुहरू पालैपालो देवगणको भाग पर्यो, तर विष भने देवता तथा दानव कसैले पनि लिन खोजेन। विषको प्रभावले मानिस तथा जीव जन्तु मुर्छित हुन थालेपछि शिवले उक्त विषपान गर्दा कालकुट विष शिवको घाँटी भन्दा तल जान सकेन, र विषको प्रभावले शिवको घाँटीको निलो भयो। त्यसैले शिवलाई निलकण्ठ पनि भनिन्छ। विषपान गरे पश्चात् शिवलाई डाह भयो र डाह शान्त गराउन शीतल जलको खोजीमा यताउता भौतारिई उनी गोसाँइकुण्ड पुगे। त्यहाँ हिमालयमा आफ्नो त्रिशूल गाडेर निस्किएको जल पिई र त्यही जलबाट बनेको कुण्डमा डाह मेटाउन पल्टिए (पौड्याल, २०५७, पृ. २०४)। यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोसाँइकुण्डको अत्यन्त महिमा रहेको पाइन्छ। प्रत्येक वर्ष जनैपूर्णिमाका दिन यस स्थानमा ठूलो मेला लाग्दछ। भगवान् पशुपतिनाथ समेत वर्ष एक पटक श्रावणशुक्लचर्तुदशी (जनै पूर्णिमाको अघिल्लो दिन) धागोबाट निर्मित न्यानो पोशाक पहिरिई खाने सरजाम सहित गोसाँइकुण्ड जाने प्रचलन छ। मध्यकालमा मल्ल शासकहरू अत्यन्त कठोर यात्रा गरी गोसाँइकुण्ड तीर्थ गएको वंशावली तथा ठ्यासफूहरूमा वर्णन पाइन्छ। विकट तथा अत्यन्त कठिन यात्रा पछि मात्र यस तीर्थमा पुग्न सकिने हुँदा राजा जगत्प्रकाश मल्लले मानिसले सजिलै गोसाँइकुण्डमा अवस्थित नीलकण्ठ महादेवको दर्शन गर्न सकुन् तथा पूर्णिमाका दिन मेला भर्न सकुन् भनी भक्तपुरमा तिनको प्रतिरूप स्थापना गरेको बुझिन्छ। गोसाँइकुण्डमा अवस्थित शिवलिङ्गको स्थापना राजा पाथिवेन्द्र मल्लले ने.सं. ८०१ (सन्. १६८०) मा गरेका थिए (पौड्याल, २०५७, पृ. २०८)।

शिखर शैलीमा निर्मित यस मन्दिर वि.सं.१९९० को भूकम्पमा भत्किएपछि यसको मौलिक स्वरूप बद्लिएर गुम्बज शैलीमा निर्माण गरिएको थियो। जीर्णोद्वारको क्रममा फर्सि जस्तो आकारमा यस मन्दिरको निर्माण गरिएको हुँदा उक्त मन्दिर स्थानीयहरू बिच फसिंदेगको नामले प्रचलित हुन गएको थियो। अग्लो तह तहको पेटीमाथि निर्मित यस मन्दिरलाई अंग्रेजहरूले सबै भन्दा अग्लो र भव्य मन्दिर भनेर परिचय दिएका थिए। यस मन्दिरको हेनरी ओल्डफिल्डले सन्. १९१० मा चित्र कोर्दा नेपालकै ठूलो शिखर शैलीको मन्दिर भनी वर्णन गरेका छन्। यस मन्दिरको उचाई न्यातपोल मन्दिरको जतिकै रहेको कुरा भक्तपुरका स्थानीय बुढापाका बताउँछन्।

मन्दिरको मूल गर्भगृहमा तीन तलको अग्लो चारपाटे वेदीमाथि शिवलिङ्ग अवस्थित छ। दोस्रो तहको वेदीलाई नागको आकृतिले घेरिएको छ। ती वेदीमाथि बेसर शैलीको जलहरीसहित निष्कल शिवलिङ्ग स्थापना गरिएको छ। शिवलिङ्गको रुद्र भाग छोटो रहनुका साथै ईशान समतल रहेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. पशुपतिनाथ मन्दिर परिसरमा अवस्थित कोटिलिङ्गेश्वर शिवलिङ्ग

पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ चौसट्ठीलिङ्ग भनिने स्थान रहेको छ, जसको मध्य भागमा कोटिलिङ्गेश्वर महादेवको मन्दिरसहित वरिपरि स–साना शिवलिङ्ग रहेका छन्। गोलाकार छानायुक्त तले शैलीको मन्दिरमा कोटिलिङ्गेश्वर शिवलिङ्ग स्थापित छन्। मन्दिरसहितको यस शिवलिङ्गको स्थापना कान्तिपुरका राजा प्रताप मल्लले ने.सं. ७७५ मा गरेका थिए। हाल पशुपतिनाथ मन्दिर प्राङ्गणमा अवस्थित अभिलेखमा आफ्नो पापबाट मुक्ति पाउन उनले सो मन्दिर निर्माण गरेको उल्लेख छ (पोखरेल र खनाल, २०७७, पृ. ७३)। यस शिवलिङ्गको स्थापना सम्बन्धमा भाषा वंशावलीमा विस्तृत वर्णन पाइन्छ। राजा प्रताप मल्लले आफ्नो कर्मको प्रायश्चित गर्नका निम्ति पशुपतिनाथमा कोटिलिङ्ग स्थापना गरी कोट्याहुति यज्ञ गरे। उनले पशुपतिनाथ मन्दिरमा अघिको गजुर बिग्रिएको हुँदा सो बनाए, पशुपति मन्दिर परिसरमा तुलादान गरे, आफ्ना सबै परिवारको शालिक निर्माण गरे साथै पशुपतिनाथ मन्दिरको उत्तरतर्फको धेरै भूमि गौचरनका निम्ति दान गरे। साथै यिनले पशुपतिनाथदेखि कान्तिपुर दरबारसम्म लिङ्गाकारले देवालय बनाई ती प्रत्येकमा शिवलिङ्ग स्थापना गरी पशुपतिनाथको गजुरबाट पताका बाँधि कान्तिपुर दरबारको मोहनचोकको महादेवसम्म पुर्याइ धर्मकीर्ति गरी पापबाट मुक्त भएको वर्णन छ (लम्साल, २०२३, पृ. ८९)। राजा प्रताप मल्ल मात्र होइन विगत इतिहासका कतिपय घटनाहरूले विभिन्न व्यक्तिहरू अप्ठयारा परिस्थितिका बेला भगवान् पशुपतिनाथको मन्दिर शरण लिने आश्रयस्थल रहेको पाइन्छ (लम्साल, २०२३, पृ. १००)। त्यस्तै कतिपयका निम्ति प्रायश्चित कर्मको थलो। राजा प्रताप मल्लले पनि आफ्ना कर्मको प्रायश्चित गर्न पशुपतिनाथ मन्दिरमा केही महिना बसी उनले कोटिलिङ्गेश्वर शिवलिङ्गको स्थापना गरेको थिए (स्लसर, १९९८, पृ. २३१)।

प्रताप मल्लको यस मन्दिर स्थापना सम्बन्धी वर्णन गरिएको अभिलेखमा उनले छत्राकार देवलसहित तामाको कोटिलिङ्ग तथा ढुङ्गाका हजार शिवलिङ्ग स्थापना गरेको विवरण छ। हाल मन्दिरको गर्भगृहमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तरको शिवलिङ्ग रहेको छ। शिवलिङ्ग तह तहको वेदी तथा जलहरीमाथि स्थापना गरिएको छ। सबै भन्दा तल चारपाटे फराकिलो वेदीमाथि नागबेली बुट्टायुक्त मोटो बाहिर निस्किएको पट्टि रहेको छ। सो पट्टि माथि नागर शैलीको फराकिलो जलहरी निर्माण गरिएको छ। उक्त जलहरीको माथि तलमाथि गोलाकार तथा बिचमा साँघुरो आकृतिसहितको अर्को जलहरी रहेको छ, जुन तल्लो नागर शैलीको जलहरीको अनुपातमा केही सानो छ। त्यसैमा सानो साधा शिवलिङ्ग स्थापना गरिएको छ। केही वर्षयता उक्त शिवलिङ्गलाई चतुर्मुखी तामाको कोषले मोरिएको छ।

कोटिलिङ्गेश्वर मन्दिर वरिपरि यन्त्राकार रूपमा स्थापना गरिएका पाँच सय पच्चीस शिवलिङ्ग छन्। पशुपतिनाथ मन्दिर प्राङ्गणमा दक्षिणतर्फबाट प्रवेश गरी विधिपूर्वक परिक्रमा सहित दर्शन गर्दा यी चौसट्ठी शिवलिङ्ग भनिने गरिएको कोटिलिङ्गेश्वरसहित सम्पूर्ण शिवलिङ्गको परिक्रमा साथै उपासना गर्ने चलन छ। यस कोटिलिङ्गेश्वर शिवलिङ्ग परिसरको पूर्वमा लामो सत्तल अवस्थित छ, जसमा भोगेश्वर तथा भण्डारेश्वर महादेव भनिने दुई विशाल शिवलिङ्ग स्थापित छन्। दुवै शिवलिङ्ग तलमाथि फराकिलो गोलाकार तथा बिचमा साँघुरो गोलाईसहितका विशाल छन्। यी शिवलिङ्गहरू स्थापना गरिएका सत्तलको भुइ तलमा हरेक महिना पूर्णिमा तिथिको दिन भगवान् पशुपतिनाथको महास्नान गरी उनलाई महाभोग लगाउनका निम्ति छ मुरी, छ पाथी, छ माना, छ मुठी चामल यी भोगेश्वर तथा भण्डारेश्वर शिवलिङ्गलाई साक्षी राखी अन्य व्यञ्जनसहित तयार पारिन्छ। सोपश्चात् यी भोगेश्वर महादेवलाई भातसहित विभिन्न व्यञ्जनको केही अंश अर्पण गरी पशुपतिनाथलाई महाभोग लगाउने परम्परा रहँदै छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६. रानी पोखरीमा अवस्थित पाञ्चायतन देवता सहितको (परमेश्वर) शिवलिङ्ग

रानी पोखरीको स्थापना कान्तिपुरका राजा प्रताप मल्लले ने.सं. ७९० मा आफ्ना दिवङ्गत पुत्र चक्रवर्तेन्द्र मल्लको मोक्षको कामना गरी तान्त्रिक विधिद्वारा निर्माण गरेका थिए। उनले पोखरीको बिच भागमा पञ्चायन देवतासहित शिवलिङ्गको स्थापना गरे। यिनले पोखरीको भित्रि भागमा शिवलिङ्ग र त्यसको चार कोणमा स्थापित देवता तथा पोखरीको बाहिरी घेराको चार कोणमा स्थापित देवीदेवतालाई दोहोरो घेरा सहितको स्वस्तिक आकार संचरनाको निर्माण गरी सोको मध्यविन्दुमा शिवलिङ्ग पर्ने गरी स्थापना गरेका थिए। शिवलिङ्ग स्थापित मन्दिरको चार कुनामा स्वस्तिकको टुप्पो जता जता फर्किएका हुन्छन् सोही कोणमा गरुडासनविष्णु, शक्तिसहितगणेश, शक्तिसहित सूर्य र हरिशंकरी देवीको स्थापना गरे। त्यस्तै पोखरीको बाहिरी घेरामा पुनः स्वस्तिकको टुप्पो जता जता फर्किएका हुन्छन् सोही दिशा बोध गरी शक्तिसहित सोह्रहाते गणेश, दुर्गा, भैरव तथा वटुक भैरवको स्थापना गरेका थिए। प्रताप मल्लद्वारा रानी पोखरीमा स्थापना गरिएको शिवलिङ्गको नामाकरण सम्बन्धमा विभिन्न मत पाइन्छ। उनको रानी पोखरीको अभिलेखमा उक्त शिवलिङ्गलाई परमेश्वर परमेश्वरी भनिएको छ। त्यस्तै प्रताप मल्लकै रानी पोखरीको माधवनारायण अभिलेखमा यिनलाई काशी विश्वनाथको रूपमा वर्णन गर्दै काशी विश्वनाथले काशी छोडेर सो स्थानमा आइ बसेको वर्णन गरिएको छ (वज्राचार्य र पन्त, २०१८, पृ. २५)। भाषा वंशावलीमा प्रताप मल्लले आफ्ना इष्ट देवको स्थापना गरेको वर्णन गरिएको छ (लम्साल, २०२३, पृ. ८९)। त्रिरत्न सौन्दर्य गाथामा भने उक्त शिवलिङ्ग भीमेश्वर शिवलिङ्ग भनिएको छ (वज्राचार्य, २०१९, पृ. २५६)। स्थानीयहरू बिच यी महादेवलाई जमल महादेव पनि भन्ने प्रचलन छ।

मन्दिरको मूल गर्भ गृहमा निष्कल शिवलिङ्ग स्थापना गरिएको छ। सर्पको आकृतिले बेरिएको गोलाकार वेदीमाथि शिवलिङ्गको पीठिका स्थापना गरिएको छ। पीठिका तल र माथि गोलाकार स्वरूपमा फैलिएको तथा बिचमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तरको शिवलिङ्ग रहेको छ। शिवलिङ्ग तह तहको वेदी तथा जलहरीमाथि स्थापना गरिएको छ। सबै भन्दा तल चारपाटे फराकिलो वेदीमाथि नागबेली बुट्टायुक्त मोटो बाहिर निस्किएको पट्टि रहेको छ। सो पट्टि माथि नागर शैलीको फराकिलो जलहरी निर्माण गरिएको छ। उक्त जलहरीको माथि तलमाथि गोलाकार तथा बिचमा साँघुरो आकृतिसहितको अर्को जलहरी रहेको छ, जुन तल्लो नागर शैलीको जलहरीको अनुपातमा केही सानो छ। त्यसैमा सानो साधा शिवलिङ्ग स्थापना गरिएको छ। केही वर्षयता उक्त शिवलिङ्गलाई चतुर्मुखी तामाको कोषले मोरिएको छ।

कोटिलिङ्गेश्वर मन्दिर वरिपरि यन्त्राकार रूपमा स्थापना गरिएका पाँच सय पच्चीस शिवलिङ्ग छन्। पशुपतिनाथ मन्दिर प्राङ्गणमा दक्षिणतर्फबाट प्रवेश गरी विधिपूर्वक परिक्रमा सहित दर्शन गर्दा यी चौसट्ठी शिवलिङ्ग भनिने गरिएको कोटिलिङ्गेश्वरसहित सम्पूर्ण शिवलिङ्गको परिक्रमा साथै उपासना गर्ने चलन छ। यस कोटिलिङ्गेश्वर शिवलिङ्ग परिसरको पूर्वमा लामो सत्तल अवस्थित छ, जसमा भोगेश्वर तथा भण्डारेश्वर महादेव भनिने दुई विशाल शिवलिङ्ग स्थापित छन्। दुवै शिवलिङ्ग तलमाथि फराकिलो गोलाकार तथा बिचमा साँघुरो गोलाईसहितका विशाल छन्। यी शिवलिङ्गहरू स्थापना गरिएका सत्तलको भुइ तलमा हरेक महिना पूर्णिमा तिथिको दिन भगवान् पशुपतिनाथको महास्नान गरी उनलाई महाभोग लगाउनका निम्ति छ मुरी, छ पाथी, छ माना, छ मुठी चामल यी भोगेश्वर तथा भण्डारेश्वर शिवलिङ्गलाई साक्षी राखी अन्य व्यञ्जनसहित तयार पारिन्छ। सोपश्चात् यी भोगेश्वर महादेवलाई भातसहित विभिन्न व्यञ्जनको केही अंश अर्पण गरी पशुपतिनाथलाई महाभोग लगाउने परम्परा रहँदै छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६. रानी पोखरीमा अवस्थित पाञ्चायतन देवता सहितको (परमेश्वर) शिवलिङ्ग

रानी पोखरीको स्थापना कान्तिपुरका राजा प्रताप मल्लले ने.सं. ७९० मा आफ्ना दिवङ्गत पुत्र चक्रवर्तेन्द्र मल्लको मोक्षको कामना गरी तान्त्रिक विधिद्वारा निर्माण गरेका थिए। उनले पोखरीको बिच भागमा पञ्चायन देवतासहित शिवलिङ्गको स्थापना गरे। यिनले पोखरीको भित्रि भागमा शिवलिङ्ग र त्यसको चार कोणमा स्थापित देवता तथा पोखरीको बाहिरी घेराको चार कोणमा स्थापित देवीदेवतालाई दोहोरो घेरा सहितको स्वस्तिक आकार संचरनाको निर्माण गरी सोको मध्यविन्दुमा शिवलिङ्ग पर्ने गरी स्थापना गरेका थिए। शिवलिङ्ग स्थापित मन्दिरको चार कुनामा स्वस्तिकको टुप्पो जता जता फर्किएका हुन्छन् सोही कोणमा गरुडासनविष्णु, शक्तिसहितगणेश, शक्तिसहित सूर्य र हरिशंकरी देवीको स्थापना गरे। त्यस्तै पोखरीको बाहिरी घेरामा पुनः स्वस्तिकको टुप्पो जता जता फर्किएका हुन्छन् सोही दिशा बोध गरी शक्तिसहित सोह्रहाते गणेश, दुर्गा, भैरव तथा वटुक भैरवको स्थापना गरेका थिए। प्रताप मल्लद्वारा रानी पोखरीमा स्थापना गरिएको शिवलिङ्गको नामाकरण सम्बन्धमा विभिन्न मत पाइन्छ। उनको रानी पोखरीको अभिलेखमा उक्त शिवलिङ्गलाई परमेश्वर परमेश्वरी भनिएको छ। त्यस्तै प्रताप मल्लकै रानी पोखरीको माधवनारायण अभिलेखमा यिनलाई काशी विश्वनाथको रूपमा वर्णन गर्दै काशी विश्वनाथले काशी छोडेर सो स्थानमा आइ बसेको वर्णन गरिएको छ (वज्राचार्य र पन्त, २०१८, पृ. २५)। भाषा वंशावलीमा प्रताप मल्लले आफ्ना इष्ट देवको स्थापना गरेको वर्णन गरिएको छ (लम्साल, २०२३, पृ. ८९)। त्रिरत्न सौन्दर्य गाथामा भने उक्त शिवलिङ्ग भीमेश्वर शिवलिङ्ग भनिएको छ (वज्राचार्य, २०१९, पृ. २५६)। स्थानीयहरू बिच यी महादेवलाई जमल महादेव पनि भन्ने प्रचलन छ।

मन्दिरको मूल गर्भ गृहमा निष्कल शिवलिङ्ग स्थापना गरिएको छ। सर्पको आकृतिले बेरिएको गोलाकार वेदीमाथि शिवलिङ्गको पीठिका स्थापना गरिएको छ। पीठिका तल र माथि गोलाकार स्वरूपमा फैलिएको तथा बिचमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साँधुरो डमरु आकृतिको रहेको छ। उक्त पीठिका माथि छोटो तथा समथल शिरोभाग सहितको शिवलिङ्ग स्थापना गरिएको छ।

१७. पाटन संग्रहालयमा प्रदर्शित धातुको चतुर्मुखी शिवलिङ्ग

पाटन राजदरबारमा अवस्थित संग्रहालय हिन्दु तथा बौद्ध देवीदेवताको अवलोकन, अध्ययन तथा अनुसन्धानका निम्ति महत्त्वपूर्ण केन्द्र रहेको छ। सम्पूर्ण राजदरबार नै मध्यकालीन कला तथा वास्तुकलाको अद्वितीय नमुना तथा खुला संग्रहालयको रूपमा रहँदै आएको छ साथै व्यवस्थित रूपमा प्रदर्शनमा राखिएका विभिन्न मूर्तिकलाहरूले नेपाली कलाको गौरवमय इतिहासलाई विश्वसामु प्रस्तुत गरिरहेको छ। यहाँ रहेका भिन्दाभिन्दै प्रदर्शन कक्षमध्ये प्रर्दशन कक्ष बी अन्तर्गत राखिएका हिन्दु देवीदेवताको मूर्तिहरूको लहरमा एउटा धातुको शिवलिङ्ग रहेको छ। तल माथि बेसर शैलीको फराकिलो र बिचमा केही साँघुरिएको अग्लो जलहरीसहित चतुर्मुखी शिवलिङ्ग रहेको छ। यसको लामो तथा चौडा गोलाइसहितको रुद्र भागको मध्यमा चारैतर्फ शिवको मुखाकृति कुँदिएका छन्। यस लिङ्गमा चारैतर्फ अङ्कित शिवको मुखाकृतिलाई सौम्य नभई रौद्र स्वरूपमा प्रदर्शन गरिएको छ। चारैतर्फको मुखाकृति एकैसमान छन्। यिनमा शिवलाई उचालिएको मोटो मोटो आँखीभौं, विस्फारित नेत्र र नाकको पोरा फुलाएको अवस्था वा क्रोधित भावमा दर्शाइएको छ। शिवले शिर माथि बेरिएको जटासहित अलङ्कृत मुकुट धारण गरेका छन्। तिनले कानमा सर्प कुण्डल, गलामा सर्पको हार, शरीरमा सर्पकै यज्ञोपवित धारण गरेका छन्। तिनको बाहुमा अभय मुद्रासहित रुद्राक्ष माला तथा कुम्भ छन्। चारैतर्फका शिवको कुमबाट झरेको पछ्यौराको टुप्पो हावामा लहराउँदै नारीमा बेरिएर रहेका छन्। शिवलिङ्ग अवस्थित जलहरीको बाहिरी परिधिलाई दुई नागले घेरिरहेका छन्, जसको फणा जल बग्ने नालीको दायाँबायाँ उचालिएको अवस्थामा देखिन्छ। यस शिवलिङ्गको ईशान भाग वा शिरोभाग अर्धचन्द्राकार आकृतिमा निर्माण गरिएको छ। सामान्यतया चतुर्मुखी शिवलिङ्गको चारमुखमध्ये उत्तरतर्फ रहने वामदेव वक्रलाई अर्धनारीश्वर स्वरूपमा देखाउने चलन छ। यदाकदा केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गमा दक्षिणतर्फको अघोर शिवलाई रौद्र रूपमा दर्शाइएको पनि छन्। यस शिवलिङ्गमा भने दक्षिणतर्फको अघोर शिव मात्र नभई उत्तरतर्फ वामदेव, पूर्वतर्फ तत्पुरुष तथा पश्चिमतर्फ सद्योजात शिवलाई समेत रौद्र रूपमा प्रस्तुत गरिएको छ। यसरी चारै मुखाकृतिलाई उग्र रूपमा दर्शाइएको यस्तो शिवलिङ्ग दुर्लभ मानिएको छ। यसको निर्माण मध्यकालको उत्तरार्धतिर भएको बुझिन्छ।

१८. पाटन संग्रहालयमा प्रदर्शित धातुको अष्टभैरवसहित शिवलिङ्ग

पाटन संग्रहालयमा धातुद्वारा निर्मित एक अर्को शिवलिङ्ग रहेको छ। आकारमा सानो भइकन पनि अष्टभैरवसहित निर्मित यस शिवलिङ्ग अत्यन्त आर्कषक देखिन्छ। चारैतिर अंकुश राखी निर्माण गरिएको सानो चारखुट्टे आसनमाथि शिवलिङ्ग रहेको छ। आसनको मध्य भागलाई सरोवरको प्रतीकको रूपमा निर्माण गरी उक्त सरोवरको बिचमा फक्रेको कमलको फूल निर्माण गरिएको छ। कमलको आधार वरिपरि पानीका लहर वा तरङ्ग कुँदिएका छन्। फक्रिएको कमललाई नै शिवलिङ्गको पीठिका वा जलहरीको आधार बनाई यसमाथि बेसर शैलीको जलहरीसहित चतुर्मुखी शिवलिङ्ग स्थापना गरिएको छ। कमलको फूलमा एक जोडा पाउ राखिएका छन्। चतुर्मुखी शिवलिङ्गमा पूवतर्फको तत्पुरुष मुख शिव, पश्चिम सद्योजात नन्दी, उत्तर वामदेव उमा तथा दक्षिण अघोर भैरवको प्रतीक रहने अनुरूप यस शिवलिङ्गको पश्चिमतर्फ सानो आकृतिको नन्दी राखिएको छ। सरोवररूपी आसनको चारै कोणमा स-साना बार निर्माण गरिएका छन्। जसको दायाँबायाँ शिवको रक्षक स्वरूप अष्टभैरवको मूर्ति स्थापित छन्। यी भैरवहरू असिताङ्ग भैरव, रुरु भैरव, चण्ड भैरव, क्रोध भैरव, उन्मत्त भैरव, कपाल भैरव, भीषण भैरव तथा संहार भैरव रही ती आ-आफ्ना दिशामा स्थित छन्। धातुको यस शिवलिङ्ग १७/१८ औं शताब्दीको रहेको छ (पाटन संग्रहालय, २०५९, पृ. ७५)। नित्य उपासनाका निम्ति **अष्टभैरवसहितको यस चल शिवलिङ्गको** निर्माण गरिएको बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९. भक्तपुर राष्ट्रिय कला संग्रहालयमा अवस्थित चतुर्मुखी शिवलिङ्ग

भक्तपुर राष्ट्रिय कला संग्राहलय मूर्तिकला तथा चित्रकलाका निम्ति प्रसिद्ध छ। यस संग्रहालयको तल्लो तलामा प्रदर्शनमा राखिएका मूर्तिकलाहरू मध्ये मूल भागमा सिसाले घेरेर राखिएको शिवलिङ्ग प्रदर्शनमा छ। यस शिवलिङ्ग विशेष प्रकारको जलहरीमाथि स्थापना गरिएको छ। जलहरीको तल्लो भाग मण्डलाकार स्वरूपमा निर्मित छ, जसमाथि कमल पुष्पको पत्रहरूले वरिपरि घेरिएको छ। उक्त कमलको आसनमाथि अग्लो बेसर शैलीको जलहरी रहेको छ। जलहरी वरिपरि नागको आकृतिले घेरिएको छ। तहतह पारी निर्माण गरिएको जलहरीमाथि चार पाटायुक्त ब्रह्म भाग, गोलाकार विष्णु भाग तथा गोलाकार अग्लो रुद्र भागसहितको शिवलिङ्गमा चारैतर्फ मुखाकृति कुँदिएका छन्। यस शिवलिङ्गमा अङ्कित पूर्व तत्पुरुष, पश्चिम सद्योजात शिवलाई सौम्य मुखाकृतिसहित देखाइएको छ, जसका तीन नेत्र रही तिनले शिरमा जटामुकुट तथा कानमा पुष्प कुण्डल धारण गरेका छन्। उत्तरतर्फको वामदेव शिवलाई अर्धनारीश्वर स्वरूपमा दायाँ चक्र कुण्डल, अलङ्कृत केशविन्याससहित उमा स्वरूपमा तथा बायाँ सर्पकुण्डल, नरकपाल सहितको जटामुकुट धारण गरेको शिव रूपमा देखाइएको छ। अन्य शिवलिङ्ग भन्दा भिन्न यस लिङ्ग अघोर शिवलाई भैरव वा रौद्र स्वरूपमा अङ्कित गरिएको छ। उनको शिरमा घुँघुँरिएका कपाल रही उनले नरकपाल जडित मुकुट तथा चक्र कुण्डल धारण गरेका छन्। उनको ठूल्ठूला विस्फारित नेत्र तथा नाकको पोरा फुलेका छन्। रौद्ररूपी शिवलाई विकराल देखाउन कलाकारले उठेको आँखीभौ तथा गालामा दाह्री अङ्कित गरेका छन्। शिवले गलामा चेप्टो हार तथा दोहोरो रुद्राक्षको माला धारण गरेका छन्। तिनको बाहुमा रुद्राक्ष माला र कुम्भ छन्। यस शिवलिङ्गको ईशान वा शिरोभाग समतल रहेको छ। मध्यकालको उत्तरार्ध तथा त्यसपश्चात् निर्माण गरिएको शिवलिङ्गमा जलहरीको वरिपरि नागको आकृतिले घेरिएको बनाउने प्रचलनको सुरूवात भएको पाइन्छ। यस शिवलिङ्गमा अङ्कित कलाकृति तथा जलहरी वरिपरि राखिएको नाग आकृतिका आधारमा यसको निर्माण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरमध्यकालपश्चात् भएको देखिन्छ। विशेष प्रकारको कलात्मक जलहरी साथै रौद्र मुख अङ्कित मुखाकृति सहित निर्माण गरिएको यस शिवलिङ्गको बेग्लै आर्कषण छ। यस्तै प्रकारले दक्षिणतर्फको अघोररूपी शिवलाई उठेको आँखीभौं, गालामा दाह्री, गोलो गोलो विष्फारित नेत्र र दाह्रासहित, कानमा सर्प कुण्डल, नरमुण्डजडित मुकुट तथा जटामा अर्धचन्द्र धारण गरेको भैरव स्वरूपमा देखाइएको १५ औँ शताब्दीको चतुर्मुखी शिवलिङ्गको तामाको कोष हाल अमेरिकाको मेट्रोपोलिटियन म्युजियम अफ आर्टमा प्रदर्शनमा राखिएको छ।

यसरी मध्यकालमा नेपाल मण्डलअन्तर्गत मात्र नभई नेपाल अधिराज्य भर अत्यधिक मात्रामा शिवका निष्कल तथा मुख अंकित शिवलिङ्ग स्थापना भएको पाइन्छ। नेपाली मूर्तिकलामा प्राचीनकाल, लिच्छविकाल हुँदै मध्यकालमा आएको परिवर्तनको प्रभाव शिवलिङ्गमा पनि प्रत्यक्ष परेको देखिन्छ। फलस्वरूप निष्कल तथा मुख अङ्कित शिवलिङ्गहरू अलंकरण सहित निर्माण भएका पाइन्छन्। मध्यकालमा बनेका शिवलिङ्गहरूमा समग्रमा निम्न लिखित विशेषता रहेको देख्न सकिन्छ।

- ✓ लिच्छविकालमा ठूलो आकारको बेसर शैलीको जलहरीमा शिवलिङ्ग स्थापना गर्ने प्रचलन पूर्वमध्यकालसम्म निरन्तर रहे पनि परिष्कृत हुँदै गएको पाइन्छ। यस कालमा जलहरी निर्माण गर्दा केही अग्लो साथै बाहिरी परिधिमा घेरासहित निर्माण गर्ने चलनको विकास भएको पाइन्छ, जुन देउपाटनस्थित कृष्णनन्देश्वर, हाँडीगाउँ सत्यनारायण प्राङ्गणमा अवस्थित पशुपति भनिने शिवलिङ्ग, जयवागेश्वरी नवालीटोलस्थित ताम्रेश्वर महादेव लगायतका शिवलिङ्गहरूले पुष्टि गर्दछन्। यसलाई लिच्छविकालको परिष्कृत स्वरूप मान्न सकिन्छ। तर यस्ता शिवलिङ्गका लिङ्ग भाग भने अघिको दाँजोमा लामो नरही छोटो रही तिनमा छरितो र कलात्मक मुखाकृति निर्माण गरिएका पाइन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ लिच्छविकालीन गहिरो नालासहितको नागर शैलीको जलहरीको निर्माण परम्परा पूर्वमध्यकालदेखि हराउँदै गएको पाइन्छ। लिच्छविकालको निरन्तरता स्वरूप पूर्वमध्यकालमा पनि आठ पाटायुक्त लामो विष्णु भाग निर्माण गर्ने परम्परा ११ औं / १२ औं शताब्दी सम्म निरन्तर रहेको कुरा च्यासलस्थित चतुर्मुखी शिवलिङ्ग, लेले सरस्वती कुण्डको शिवलिङ्ग, राजराजेश्वरी घाटमा अवस्थित एक मुखे शिवलिङ्ग आदिले पुष्टि गर्दछन्, जुन उत्तरमध्यकालमा लोप भएको देखिन्छ।

- ✓ अर्कोतर्फ फराकिलो जलहरीमाथि अग्लो तर पाटा रहित विष्णु तथा रुद्र भाग निर्माण गरी तिनमा मुखाकृति कुँदिने प्रचलन पनि यसै ताका विकास भई व्यापक रहेको प्रमाण पनौतीको इन्द्रेश्वर महादेव, जयसिंह रामवर्धनद्वारा स्थापित पशुपतिनाथ, यक्षेश्वर महादेव, हनूमान्ढोकास्थित महेन्द्रेश्वर महादेव, कोटिलिङ्गेश्वर आदिले पुष्टि गर्दछन्।

- ✓ पूर्वमध्यकालमै डमरु आकृतिका जलहरीको निर्माणको थालनी भएको पाइन्छ। यस्तो शिवलिङ्गमा जलहरीको तल्लो आधार गोलो र फराकिलो सो भन्दा माथिल्लो भाग केही साँघुरो बनाइ त्यसमाथि पुनः तलकै अनुपातमा गोलो तथा फराकिलो जलहरी निर्माण गर्ने परम्परा प्रचलित हुँदै गएको पाइन्छ। यस्तो लक्षणयुक्त जलहरी सहितको शिवलिङ्ग नवौं/दशौं शताब्दीदेखि नेपाल मण्डलको साथै सिम्रौनगढ क्षेत्र तथा पश्चिम नेपालको दल्लु, दैलेख, बैतडी आदि क्षेत्रमा प्रशस्त पाइएका छन्। मध्यकालभर अत्यधिक प्रचलनमा आएको यस प्रकारको जलहरीको निर्माणले नेपाल अधिराज्यभर पछिल्लो कालसम्म पनि निरन्तरता पाएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

✓ लिच्छविकालमा कयौँ संख्यामा स्थापना भएका एक मुखे शिवलिङ्ग निर्माणको परम्पराले मध्यकालमा त्यति निरन्तरता पाएको देखिँदैन। तर निष्कल तथा चतुर्मुखी शिवलिङ्ग भने प्राचीनकाल, लिच्छविकालमा अत्यधिक संख्यामा निर्माण भई मध्यकालमा पनि प्रशस्त बनेका पाइन्छन्। भारतमा अत्यधिक मात्रामा सहस्रलिङ्ग निर्माण भएको पाइन्छ। काठमाडौँ उपत्यकामा हजारौँ संख्यामा विविध प्रकारका शिवलिङ्ग निर्माण भएको पाइए तापनि शिवलिङ्गमा धेरै लिङ्ग चिह्न अङ्कित गरी सहस्रलिङ्गको निर्माण भने गरिएको छैन। बैतडीमा प्राप्त १४ औँ शताब्दीको सहस्रलिङ्गलाई अद्वितीय नमुना मानिएको छ।

✓ लिच्छविकाल हुँदै मध्यकालसम्म आइपुग्दा मूर्तिकलामा आएको परिवर्तन शिवलिङ्गमा पनि प्रत्यक्ष देख्न सकिन्छ। मध्यकालमा निष्कल शिवलिङ्गको जलहरी कलात्मक बनेको पाइन्छ भने मुख अङ्कित शिवलिङ्गको मुखाकृति लिच्छविकालको दाँजोमा अत्यन्त अलङ्कृत बनेको पाइन्छ। मध्यकालमा उत्तरतर्फको वामदेव शिवलाई अर्धनारीश्वर स्वरूपमा दर्शाई दायाँतर्फ अलङ्कृत केशविन्याससहित कानमा पत्र कुण्डल धारण गरेकी उमा स्वरूपमा तथा बायाँतर्फ नरकपालसहितको जटामुकुट र कानमा सर्प कुण्डल धारण गरेका शिव स्वरूपमा अङ्कित गरी निर्माण गर्ने परम्परा नेपाली कलाकारले ज्यादै नै रोजाइमा परेको पाइन्छ।

✓ मुख अङ्कित शिवलिङ्ग निर्माण गर्दा प्रत्येक दिशाका शिवलाई भिन्दाभिन्दै आयुध सहित देखाउनु पर्ने विधान प्रतिमा लक्षणका ग्रन्थहरूले निर्देशित गरे पनि नेपाली कलाकारले लिच्छविकाल वा मध्यकाल समग्र मुखाकृति अंकित शिवलिङ्गमा शिवलाई एक हातमा अभय मुद्रा सहित रुद्राक्ष माला तथा अर्कोमा कुम्भ वा कमण्डलु सहित देखाएको पाइन्छ। उक्त प्रस्तुतिलाई विशुद्ध नेपाली मौलिक स्वरूप मान्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

✓ मध्यकालमा तन्त्रको प्रभावको कारण मूर्तिहरू धेरै हात पाउसहित विकराल बनाउने परम्पराको विकाससँगै मध्यकालको उत्तरार्धतिर बनेका मुख अङ्कित शिवलिङ्गमा पनि यसको प्रभाव प्रत्यक्ष देखिन्छ। यसकालमा निर्मित शिवलिङ्गमा दक्षिणतर्फको अघोर शिवको मुखाकृतिलाई अधोर वा भयङ्कर रूपमै दर्शाइएको पाइन्छ। यसकालका निर्मित कतिपय शिवलिङ्गमा दक्षिणतर्फको अघोर मुखाकृतिलाई मात्र नभई अन्य तीन मुखाकृतिलाई समेत रौद्र स्वरूपमा प्रस्तुत गरिएको पाइन्छ। उत्तरमध्यकालमा निर्मित कतिपय धातुका चल शिवलिङ्गहरूमा चारैतर्फ अष्टभैरवलाई आ-आफ्ना दिशामा अवस्थित गराई निर्माण गरिएको पाइन्छ। तन्त्रको चरम उत्कर्षमा पुगेको यस युगमा तान्त्रिक विधिसहित शिवको अघोर स्वरूपको उपासनाका निम्ति रौद्र लिङ्गहरूको निर्माण भएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

सन्धैव सभ्यतामै शिवको उपासना गर्न लागिएको कुरा सो क्षेत्रको उत्खननमा पाइएका उर्ध्वलिङ्ग सहित, योगासनमा वरिपरि हात्ती, बाघ, गैँडा, भैँसी आदि पशुहरूसहित बसेको पशुपतिका रूपमा अङ्कित सिलछापबाट प्रष्ट हुन्छ। वैदिक युगको सुरुवातमा शिव रुद्र देवको रूपमा प्रख्यात रही उनी हातमा वज्र धारण गर्ने वज्रवाहो, मानिसका रोग निर्मूल गर्ने भेषज, भुवनका पति तथा समस्तद्वारा पूजिएका शक्ति सम्पन्न रौद्र देवका रूपमा प्रख्यात थिए। उत्तर वैदिक युगसम्म आइपुग्दा रुद्र रौद्र देवबाट बिस्तारै न्यायकारी, हितकारी र हिमालयमा बस्ने देवताका रूपमा रही उनको पद अझ उच्च हुँदै गएको पाइन्छ। उपनिषद्युगमा शिव उमाका साथ चराचर जगत्को सृष्टिकर्ता, पालन र लयकर्ता तथा मोक्षदायक देवको रूपमा वर्णित छन्। सूत्र सहित्यमा रुद्र पशु तथा मानवको संरक्षक रहेका तर उनलाई रौद्र उपासनाका विधिद्वारा मात्र मनाउन सकिने उग्र ग्रामीण देवताको चित्रित गरी उनको रौद्र विधिले उपासना गर्ने उपासकले मात्र मनोवाञ्छित फलका प्राप्त गर्ने देवको रूपमा चित्रित छन्। महाकाव्य कालसम्म आइपुग्दा शिव महान् महिमायुक्त देव, तप मनपराउने, आफ्ना अर्चकलाई शीघ्र फल प्रदान गर्ने देवताका रूपमा वर्णित छन् भने पौराणिक युगमा शिवको महिमा अत्यन्त बढ्न गई उनी कल्याणकारी र सम्पूर्ण जीवलाई मोक्ष प्रदान गर्ने एक मात्र देवका रूपमा उनको स्थान सर्वोच्च रहको देखिन्छ।

सिन्धुसभ्यतामै पाइएका पशुपतिको आकृतिका साथै लिङ्ग तथा योनिका आकृतिहरूबाट उक्त सभ्यतामा प्रकृति, शैव, शाक्त सम्प्रदाय जस्तै लिङ्ग सम्प्रदाय पनि रहेको देखिन्छ। तर सिन्धुसभ्यताको शैव सम्प्रदाय र लिङ्ग सम्प्रदाय एकै थरीका उपासकद्वारा उपासना गरिएको सम्प्रदाय नरही अलग अलग सम्प्रदाय रहेको र तत्कालीन लिङ्ग र पशुपति/शिवबिच कुनै सम्बन्ध रहेको देखिँदैन। त्यस्तै ऋग्वैदिक साहित्यमा कतै लिङ्गोपासनाको चर्चा पाइँदैन र मानव शिश्नलाई देवताको रूपमा उपासना गर्ने एक थरीका जमातलाई तत्कालीन आर्यहरूले असुरको संज्ञा दिई ती शिश्नोपासकहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेयको दृष्टिले हेरेका छन्। यसरी वैदिक आर्यहरूका निम्ति लिङ्गोपासना वैदिक धर्म भन्दा भिन्न, बाह्य, आयातित वा वैदेशिक संस्कार थियो, जुन उनीहरू कदापि आत्मसा गर्न तयार थिएनन् र यस उपासना परम्परालाई अघि बढाउन अनिच्छुक भएकै कारण ऋग्वैदिक ऋचाहरू लिङ्ग उपासनाको मन्त्रबाट शून्य रहे। त्यस्तै अथर्ववेदमा जननी, प्रजनन वा सृष्टिको प्रतीक योनि र गर्भको रक्षाका निमित्त योनि देवताको उपासना गरिएको थुप्रै सूक्त रहँदा सृष्टि वा प्रजनन प्रकृयामा उत्तिकै महत्त्वपूर्ण अङ्गका रूपमा रहको लिङ्गको कुनै चर्चा नगरिनु साथै ब्राह्मण साहित्यमा पनि लिङ्गवाचक नामको कतै उल्लेख नहुनले समस्त वैदिक युग लिङ्ग उपासनाको विरोधी ठहर्दछ। उपनिषद्युगमा बल्ल आर्यहरूले रुद्र (नर) र उमा (नारी) लाई प्रकृति र पुरुषको व्यक्त रूपमा स्वीकार गरी यिनैबाट चराचर जगत्को सृष्टि भएको तथ्यलाई अंगीकार गरेका छन्। यिनले लिङ्गलाई ब्रह्म ज्ञानको प्रतीकको रूपमा स्वीकार गर्दै ऋग्वैदिक कालदेखि मान्दै आएका रुद्र नै सर्वोच्च देवता र लिङ्गसमेत उनी नै रहेको तथ्यलाई आत्मसात् गरे। महाकाव्य युगमा लिङ्गको महत्त्व र उपासना अझै झाँगिदै गयो भने पौराणिक युगमा शिवको साकार स्वरूप भन्दा पनि निराकार लिङ्गस्वरूप अत्यन्त व्यापक भई व्यापक रूपमा उपासना गरियो। यसरी वैदिक आर्यहरूले पहिल्यै लिङ्गको उपासना स्वीकार नगर्नुको एउटै कारण अनार्य वा द्रविडद्वारा ऋग्वैदिक काल पूर्वदेखि उपासना गरिँदै आएको शिश्न वा लिङ्गमा देखिने नग्नता वा ठाडोपना प्रमुख ठर्हदछ। सैद्धान्तिक रूपमा यिनले योनि र लिङ्ग नै उमा र शिव, प्रकृति र पुरुष हुन् भनी उपनिषद्कालदेखि नै आत्मसात गरेका हुन् तर पनि सुरुवातीकालतिर निर्मित अधिकांश लिङ्गमा तिनको माथिल्लो भागलाई मानव उर्ध्व लिङ्गको हुबहु स्वरूपमा दर्शाइ यर्थाथ परक चित्र प्रतिबिम्बित गरिएको कारण उपासनाका निम्ति असहज बने। त्यसैले लिङ्गको उपासनालाई सहज बनाउन गुप्तकालमा तिनमा विद्यमान नग्नता वा यर्थाथपरक स्वरूपमा आमूल परिवर्तन ल्याई लिङ्गको उर्ध्व भागमा प्रतीकात्मक ब्रह्मसूत्र निर्माण गरी विद्यमान नग्नताको संकोचताबाट लिङ्गको उपासनालाई सहज बनाएका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्गका विभिन्न भेद छन्। यी चलायमान अर्थात् चल लिङ्ग र स्थाई रूपमा स्थापना गरिएका अचल लिङ्ग गरी दुई प्रकारका छन्। त्यस्तै शिवलिङ्ग प्राकृतिक रूपमा आफै उत्पत्ति भएका स्वयम्भूव लिङ्ग, देवताद्वारा स्थापना गरिएका दैविक लिङ्ग, गणद्वारा स्थापना गरिएका गणप लिङ्ग, ऋषिद्वारा स्थापना गरिएका आर्ष लिङ्ग, गङ्गा आदि नदीतटमा पाइने वाण लिङ्ग तथा मानवद्वारा निर्मित मानुष लिङ्ग गरी यिनका अन्य भेद छन्। त्यस्तै मानुष लिङ्गका अन्य उपभेद रहेका छन्: निर्माण गरिएका द्रव्यका आधारमा, निष्कल वा साधा लिङ्ग, मुख (एक–पाँच मुख) अङ्कित लिङ्ग, सकल अर्थात् सम्पूर्ण शरीर अङ्कित लिङ्ग छन्। त्यस्तै लिङ्ग तथा पीठिका वा योनिको बनौटको आधारमा कयौँ भेद छन्। यी विविध प्रकारका लिङ्गमध्ये सम्पूर्ण शास्त्रले भने स्वयम्भूव लिङ्गलाई उत्तमोत्तम लिङ्ग मानेको छ। विधानको पालना बिना निर्मित प्रतिमा शास्त्रमा अपूज्य मानिने हुँदा हरेक प्रतिमा विधान वा लक्षणको पालना गरी निर्माण गरिन्छ। शिवलिङ्गको निर्माण तथा तिनको प्रतिष्ठा सम्बन्धमा पनि अनगिन्ती पुराण तथा प्रतिमा शास्त्रका विधानले तिनको विधान निर्देशित गरेका छन्। शिवलिङ्ग निर्माण गर्दा तिनको नाभिसम्मको लम्बाईको कुण्डलीकृत भाग महेश्वर भाग, मध्यमा रहने अष्टपाटायुक्त भाग वैष्णव भाग तथा तल्लो चारपाटेयुक्त भाग ब्रह्म भाग रहनु पर्ने र यस्तो प्रमाणले निर्मित लिङ्ग संवृद्धि प्रदायक र उत्तम रहने शास्त्रमा वर्णित छ। लिङ्ग निर्माण गर्दा श्वेत प्रस्तर उत्तम तथा शङ्ख, वज्र आदि चिह्न अङ्कित प्रस्तर शुभ मानिएको छ। चल लिङ्ग निर्माण गर्दा कर्ताको एक अङ्गुल बराबरको उत्तम र अचल लिङ्गका निम्ति बाह्र अङ्गुल प्रमाणको विधान तोकिएको छ। ब्रह्मसूत्र बिनाको शिवलिङ्ग अपूज्य मानिएको छ तसर्थ लिङ्गको रुद्र वा पूजा भागमा निर्देशित रेखा चित्रद्वारा ब्रह्मसूत्र कुँद्नु पर्ने विधान छ। मुख लिङ्गमा मुख अङ्कित गर्दा रुद्र भागको मध्य भागमै निर्माण गर्नुपर्ने यसो नगरी अन्यत्र निर्माण गरेमा राष्ट्रविभ्रम हुने शास्त्रमा वर्णित छ। लिङ्गमा सद्योजात, तत्पुरुष, वामदेव, अघोर, ईशान वक्त्र निर्माण गर्दा प्रत्येकको निश्चित प्रतिमा लक्षण र आयुधसहित निर्माणको विधान तोकिएको छ। लिङ्गजस्तै पीठिका निर्माण गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्गको विस्तारको तीन भाग भन्दा केही बढी र प्रणालीको अगाडी अग्र बिस्तार गरिएको तीन भागमा जलवाहक नाल बनाउनु पर्ने विधान तोकिएको छ। साथै पीठिका गर्दा स्थण्डिला, यक्षी, वेदी, वज्र, मण्डल, पद्मा आदि दश भन्दा बढी भेद रहेका र तिनको निर्माणमा भिन्दाभिन्दै विधान वर्णित छन् साथै जुन द्रव्यको लिङ्ग निर्माण गरिन्छ, अनिवार्य सोही द्रव्यको पीठिका निर्माण गर्न निर्देशित छ। त्यस्तै जहाँ शिवलिङ्ग स्थापना गरिन्छ त्यहाँ अनिवार्य नन्दीको उपस्थिति रहनै पर्ने विधान अनुरूप नन्दीको प्रतिमा निश्चित विधानको पालना गरी तिनले शिवलिङ्गतर्फ हेरिरहेको निर्माण गर्न निर्देशन गरिएको छ।

शिवालयमा लिङ्ग स्थापना गर्दा शिवालयको गर्भको मान वा प्रमाण अनुसार लिङ्गको प्रमाण वा नाप निर्धारण गरी निर्माण गर्न अनिवार्य बताइएको छ। त्यस्तै देवालयमा अवस्थित द्वार (एकदेखि चार) का आधारमा मुखाकृति अङ्कित शिवलिङ्गको स्थापना गर्न निर्देशन छ। देवालयमा शिवलिङ्ग स्थापना गर्दा अधिवासन विधि, हवानादि विधि, प्राणप्रतिष्ठा विधि सम्पन्न गरेर मात्र लिङ्गको स्थापना गरिन्छ र विधानका साथ स्थापना गरिएको लिङ्ग आफ्नो स्थानबाट विचलन वा ढल्किन गएमा जुन दिशातर्फ लिङ्ग ढल्किन जान्छ, सो दिशाका अधिपतिको विशेष पूजा गरी सुवर्ण आदि दान दिई पुनः लिङ्गमा बालुवा भरी स्थिर राख्नु पर्ने नियम छ।

लिङ्ग उपासनाका तीन भेद छन्। वैदिक विधि सात्त्विक वस्तु अर्पण गरी वैदिक मन्त्रले उपासना गरिने विधि हो। तान्त्रिक विधिका विभिन्न भेद रही दक्षिण मार्ग, वाम मार्ग र मिश्र मार्गद्वारा उपासना गरिने विधि हो भने गुह्य विधि लिङ्गको ईशान मुखमा श्रीयन्त्र लेखेर उपासना गरिने विधि हो। गृहस्थीलाई भने सामान्य विधि सहित शिवलिङ्गको उपासना गर्न र घरमा दुईवटा शिवलिङ्ग एकै स्थानमा राखी उपासना नगर्न लिङ्ग पुराण्मा निर्देशन छ। विविध रत्नादी वा द्रव्यबाट निर्मित शिवलिङ्गको उपासनाको भिन्दा भिन्दै महत्त्व रहेको र तिनको उपासनाबाट विविध फल प्राप्त हुने वर्णन शास्त्रहरूले गरेका छन् तर ती द्रव्यमध्ये पाषाणबाट निर्मित शिवलिङ्गको उपासना सर्वोत्तम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बताइएको छ। त्यस्तै निश्चित तिथिमा भगवान् शिवको लिङ्ग विग्रहको उपासना निश्चित वस्तु अर्पण गरी गर्न निर्देशन गरिए तापनि शिवरात्रीको दिन भगवान् शिवलिङ्ग रूपमा प्रकट भएका र उक्त दिन स्वयं शिवको प्रिय दिन रहेकोले उक्त दिन उनको निष्कल वा सकल विग्रहको पूजा गर्नाले वर्ष दिन भरी निरन्तर शिवोपासना गरेको फल शिवरात्रीको दिन लिङ्गपूजा गर्नाले प्राप्त हुने वर्णन विभिन्न पुराणले गरेको छ।

नेपालमा असंख्य मात्रामा स्वयम्भूव लिङ्ग रहेका छन्। भगवान् पशुपतिनाथ स्वयं स्वयम्भूव लिङ्गका रूपमा उत्पत्ति भएको वर्णन हिमवत्खण्डपुराण तथा नेपाल महात्म्यमा वर्णन छ। पशुपतिनाथसहित नेपालमा रहेका चौसट्ठी शिवलिङ्ग तथा अन्य स्वयम्भुव लिङ्गहरूको उत्पत्ति, ती उत्पन्न भएका स्थान साथै तिनको माहात्म्य हिमवत्खण्डपुराणमा सविस्तार गरिएको छ। पुराणमा वर्णित यी चौषट्ठी शिवलिङ्गमध्ये हाल न्यून शिवलिङ्ग मात्र स्वयम्भूव स्वरूपमा रही कयौँ स्वयम्भूव स्वरूपमा रहेको पाइँदैन। यिनको मौलिक स्वरूपमा निकै परिवर्तन आएको पाइएको छ। ती मध्ये कतिपय लिङ्गमा प्राचीनकालमा नै तथा केहीमा पछिल्लो कालमा जलहरी थपेर अर्धस्वयम्भूव रूपमा स्थापना गरिएका छन् भने कयौँ मानुष लिङ्गका रूपमा रूपान्तर भई पूजिँदै आएको पाइएका छन्। प्राचीनकालमा सम्भवतः यहाँ स्वयम्भूव लिङ्ग बढी उपास्य रहेको कारण अत्यन्त कम संख्यामा मानुष लिङ्ग निर्माण भएका छन् तर लिच्छविकालमा अभिलेखीय प्रमाण सहित कयौँ संख्यामा शिवलिङ्ग स्थापना भएको पाइएका छन्। यसले लिच्छविकालमा नेपालमा लिङ्ग उपासना ज्यादै नै उन्नत रहेको पुष्टि गर्दछ। यस परम्पराले मध्यकालमा पनि उत्तिकै स्थान पाएको छ। विभिन्न शासक, मन्त्री, सामान्य व्यक्तिले समेत आफ्नो, आफ्ना पुर्खाको पुण्यवृद्धि, मोक्ष आदिको कामना गरी शिवलिङ्ग स्थापना गरेका अभिलेखीय प्रमाण छन्। पहिल्यै स्थापना भएका शिवलिङ्गको पुर्नस्थापना, मन्दिरको जीर्णोद्वार साथै भारतका तथा नेपालका सुप्रसिद्ध शैव तीर्थ स्थलहरू नेपालीले आफ्ना स्थानीय शहर वा टोलमा दर्शन गर्न सकुन् भन्ने अभिप्रायले उपत्यकाका प्रमुख शहरमा तिनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीक शिवलिङ्ग स्थापना गरिएको पाइएको छ। उपत्यकामा असख्य शिवलिङ्ग स्थापना भए तापनि तिनमा विद्यमान विशेषताका आधारमा तिनको सजिलै काल निर्धारण गर्न सकिन्छ। शिवलिङ्गमा लामो लिङ्ग भाग, नागर शैली वा ठूलो आकारको बेसर शैलीको पीठिका, साधारण छरितो मुखाकृति र मूलतः लेप लिच्छविकालीन शिवलिङ्गका प्रमुख विशेषता हुन्। छोटो लिङ्ग भाग, डमरु आकृतिको पीठिका, लामो लिङ्ग भागमा अलङ्कृत मुखाकृति, रौद स्वरूपको अघोर मुखाकृतिको प्रदर्शन मध्यकालीन शिवलिङ्गका प्रमुख अङ्ग हुन। यसरी सन्धैव सभ्यतादेखि प्रचलित रहँदै आएको लिङ्गोपासना अनवरत रूपमा वर्तमान समयसम्म उतिकै महत्त्वका साथ रहुनु तथा उमा र शिव वा प्रकृति र पुरुषको एकात्मक अव्यक्त रूपलाई यर्थाथवादी नग्नता सहितको प्रस्तुतिकरणबाट सभ्य, सहज र श्रद्धाका साथै अलङ्कृत स्वरूपमा स्थापना गरी निरन्तर उपासना गरिनु नै लिङ्गोपासनाको विशेषता हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थ सूची

नेपाली

अधिकारी, विष्णु. वि.सं. २०७०. *महाभारतका कथाहरू*. एजुकेशनल पब्लिसिङ्ग हाउस

उपाध्याय, राधारमण र पोखरेल ऋषिराम. (अनु.). वि.सं. २०७२. *शुक्लयजुर्वेद*. नेपाल प्रज्ञा–प्रतिष्ठान

खनाल, मुक्तिनाथ. वि.सं.२०२८. *नेपाल महात्म्य*. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

गुरुङ्ग, जगमान. वि.सं. २०६८. *दर्शनावली एक*. नेपाल प्रज्ञा–प्रतिष्ठान

गुरुङ्ग, जगमान. वि.सं. २०७६. राष्ट्र, राष्ट्रियता र सर्वधर्मसमभावका प्रतीक भगवान् श्रीपशुपतिनाथ. *पशुपति दर्पण*. वर्ष.१, अङ्क.१, पशुपति क्षेत्र विकास कोष अङ्क

जोशी, सत्यमोहन. वि.सं. २०४२. *नेपाली राष्ट्रिय मुद्रा*. साझा प्रकाशन

जोशी, हरिराम. वि.सं.२०३०. *नेपालको प्राचीन अभिलेख*. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

जोशी, हरिराम.(सं.) वि.सं.२०५०. चण्डेश्वरी. बनेपा नगरपालिका. *स्मारिका*. बनेपा नगरपालिका

टण्डन, गोविन्द. वि.सं. २०५३. *पाशुपत क्षेत्रको साँस्कृतिक अध्ययन* (भाग दुई). श्रीझरेन्द्र शमशेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा

थपलिया, हरिलाल. (अनु.). वि.सं. २०५६. *श्रीमद्भागवद्गीता*. चन्द्र विनायक डिष्ट्रिव्युर्टस्

पन्त, महेशराज. वि.सं. २०४५. महेन्द्र मल्लले कोटिलिङ्गेश्वर स्थापना गर्दा खेलाइएको रामायणनृत्य. *पूर्णिमा*. पूर्णाङ्ग ७४. वर्ष १९. अङ्क २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन संग्रहालय. वि.सं. २०५९. *पाटन संग्रहालय एक चिनारी*. पाटन संग्रहालय, पाटन राजदरबार क्षेत्र

पोखरेल, निर्मला र खनाल सन्ध्या. वि.सं. २०७७. *पाशुपत क्षेत्रको साँस्कृतिक सम्पदा* (मूर्त र अमूर्त). पशुपति क्षेत्र विकास कोष

पौडेल, नयनाथ. वि.सं. २०२०. *भाषा वंशावली*. (प्रथम भाग). नेपाल राष्ट्रिय पुस्तकालय

पौड्याल, वीणा. वि.सं. २०५७. *नेपाली मूर्तिकला र चित्रकला*. नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभाग

पौड्याल, वीणा. वि.सं. २०६०. *काठमाडौँ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू*. साझा प्रकाशन

प्रपन्नाचार्य, स्वामी. वि.सं.२०६८. *चौसट्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान*. श्रीनरनारायण बाबा आश्रम सेवा संस्था

योगी, नरहरिनाथ. वि.सं. २०१३. *हिमवत्खण्डपुराण*. गोरक्षटिल्ला

राजवंशी, शंकरमान (सं.). वि.सं.२०२०. *भक्तपुर शिलालेख सूची*. पुरातत्त्व र संस्कृति विभाग

रिसाल, मधुसुधन. (प्रदीप). वि.सं. २०२९. *पशुपतिपुराण*. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

रेग्मी, जगदीश चन्द्र र धमला, टी.पी. वि.सं.२०७१. *नेपालको धार्मिक इतिहास*. विद्यार्थी पुस्तक भण्डार

लम्साल, देवीप्रसाद. वि.सं.२०२३. *भाषा वंशावली* (द्वितीय भाग). नेपाल राष्ट्रिय पुस्तकालय

लुइँटेल, तिलकप्रसाद. (अनु.). वि.सं. २०७६. *ऋग्वेद संहिता*. विद्यार्थी पुस्तक भण्डार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वज्राचार्य, गौतम र पन्त महेशराज. वि.सं. २०१८. *अभिलेख संग्रह.* संशोधन मण्डल

वज्राचार्य, धनवज्र. वि.सं.२०३०. *लिच्छविकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र

वज्राचार्य, धनवज्र. वि.सं.२०५६. *मध्यकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र

वज्राचार्य, धनवज्र. वि.सं.२०६८. *पूर्वमध्यकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र

वज्राचार्य, धनवज्र. (सं.). वि.सं. २०१९. *त्रिरत्न सौन्दर्य गाथा.* नेपाल संस्कृत परिसद्

वाङ्गदेल, लैनसिंह. वि.सं. २०३९. *प्राचीन नेपाली मूर्तिकलाको इतिहास.* नेपाल रानकीय प्रज्ञा–प्रतिष्ठान

शर्मणा, वासुदेव. सन्. २००४. *ईशाद्यष्टोत्तरशतोपनिषद.* व्यास प्रकाशन

शर्मा, डिल्लीराज. वि.सं. २०५८. *पश्चिम नेपालको मूर्ति तथा वास्तुकला.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

शाक्य, हेमराज. ने.सं.१०८९. *नेपाल संस्कृतिया मूलुखा.* श्रीमती चन्द्रलक्ष्मीदेवी शाक्य

सिलापत्र. वि.सं. २०७७. *सिलापत्र डटकम.* माघ २५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दी

अग्रवाल, वासुदेवशरण. सन्. १९७७. *भारत सावित्री.* (खण्ड.१). सस्ता साहित्य मण्डल प्रकाशन

अग्रवाल, वासुदेवशरण. सन्. १९८५. *भारत सावित्री.* (खण्ड.२). सस्ता साहित्य मण्डल प्रकाशन

अग्रवाल, वासुदेवशरण. सन्. १९८४. *भारत सावित्री.* (खण्ड.३). सस्ता साहित्य मण्डल प्रकाशन

अग्निपुराण. वि.सं. २०६०. गीताप्रेस

कुमार, आनन्द. सन्. २०१०. *वाल्मीकि रामायण.* राजपाल एण्ड सन्स ।

गोपालप्रसादजी. (वंशी). वि.सं. २०२४. मन्त्रशास्त्र और उपासना. *कल्याण.* वर्ष.४२, सं. १, पूर्ण सं. ४९४. गीताप्रेस

पाण्डेय, राजबहादुर. (अनु.). सन्. १९९६. *अथर्ववेद.* डायमण्ड पाँकेट बुक्स

बनर्जी, अक्षय कुमार. (अनु.). सन्. १९८६. *नाथ–योग.* दिग्विजयनाथ ट्रष्ट गोरखनाथ मन्दिर

मत्स्यपुराण. वि.सं. २०७०. गीताप्रेस

मिश्र, इन्दुमती. सन्. १९८७. *प्रतिमा विज्ञान.* मध्य प्रदेश हिन्दी ग्रन्थ अकादमी

मिश्र, जयशंकर. सन्. १९८०. *प्राचीन भारतका सामाजिक इतिहास.* हिन्दी ग्रन्थ एकाडमी

मिश्र, बलदेवप्रसाद. (सं.). वि.सं. २०५७. *वाराही (बृहत्) संहिता.* खेमराज श्रीकृष्णदास प्रकाशन

यदुवंशी. सन्. १९८८. *शैवमत.* विहार राष्ट्र भाषा परिषद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यास, शान्तिकुमार, नानूराम. सन्. १९८७. *रामायणकालीन संस्कृति.* सस्ता साहित्य मण्डल प्रकाशन

राणा, भुवनसिंह. (सं.). *१०८ उपनिषद्.* (भाग १). डामण्ड पाकेट बुक्स प्रा.लि.

राणा, भुवनसिंह. (सं.). *१०८ उपनिषद्.* (भाग २). डामण्ड पाकेट बुक्स प्रा.लि.

राणा, भुवनसिंह. (सं.). *१०८ उपनिषद्.* (भाग ३). डामण्ड पाकेट बुक्स प्रा.लि.

लिङ्गपुराण. वि.सं. २०७५. गीताप्रेस

वराहपुराण. वि.सं. २०७३. गीताप्रेस

वामनपुराण. वि.सं. २०७२. गीताप्रेस

शिवपुराण. वि.सं. २०६३. गीताप्रेस

शिवपुराण. वि.सं. २०७२. गीताप्रेस

स्कन्दपुराण. वि.सं. २०७५. गीताप्रेस

श्रीवास्तव, बलराम. सन्. १९९६. *रूपमण्डनम्.* मोतीलाल बनारसीदास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

English

Banerjea, J.N. 2002 A.D. *The development of Hindu Iconography*. Munshilal Manoharlal Publishers

Bangdel, Lain S. 1982 A.D. *The Early Sculptures of Nepal*. Vikas Publishing House

Bhandarka, R.G. 1983 A.D. *Vaishnavism, Saivism and Minor Religious Systems*. Asian Educational Services.

Bhatt, N.R. 2008 A.D. *SHAIVISM in the Light of Epic, Puranas and Agamas*. Indica Books.

Huntington, S.L. 1985 A.D. *The Art of Ancient India*. Weather Hill.

Karmakar,A.P. 1950 A.D. *The Religions of India*.Vol.I. Lonvala, India.

Mackay, E.J.H. 1933 A.D. *Early Indus Civilization*. London.

Nautiyal, K.P. 1969 A.D. *The Archaeology of Kumaun, Including Dehradhun*. Chaukhamba Amarabharati Prakashan.

Rao, G. N. 1997 A.D. *Elements of Hindu Iconography*. V.II, P.I. Motilal Banarasidass Publishers.

Rao, G.N. 1997 A.D. *Elements of Hindu Iconography*. V.II, P.II. Motilal Banarasidass Publishers.

Sharma, B.N. 1976. *Iconography of Sadasiva*. Abhinava Publications.

Sharma, Dilli Raj. 2012 A.D. *Heritage of Western Nepal Art and Architecture*. Centre for Nepal and Asian Studies, T.U. Kirtipur.

Slusser, Marry, M. 1998 A.D. *Nepal Mandala*. Mandala Book Point.

Vajracharya, Dhanavajra, Malla, K.P. 1985 A.D. *The Goplarajvamsavali*. Nepal Research Centre.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बल्खुस्थित वैष्णवी (मातृका) मन्दिरमा अवस्थित प्राचीन चर्तुमुखी शिवलिङ्ग



लाजिम्पाट नरवर्माद्वारा स्थापना गरिएको शिवलिङ्ग (सं. ३८८/सन्. ४६६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाजिम्पाट क्षेमसुन्दरीद्वारा स्थापना गरिएको शिवलिङ्ग (सं. ३९०)

लाजिम्पाट गुणवतीद्वारा स्थापना गरिएको शिवलिङ्ग (सं. ४१९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति सूर्यघाटस्थित विजयवतीद्वारा स्थापित विजयेश्वर शिवलिङ्ग (सं. ४२७)

हाँडीगाउँ मनमानेश्वरी मन्दिरस्थित मानेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति भस्मेश्वरमा ध्रुवसंघद्वारा स्थापना गरिएको भद्रेश्वरआदि शिवलिङ्ग (सं. ४५५)

पशुपतिनाथमा आभिरी गोमिनीद्वारा स्थापना गरिएको अनुपरमेश्वर शिवलिङ्ग (सं.४६२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन च्यासल टोलस्थित नारायण (ना) हिटीमा स्थापित शिवलिङ्ग



हाँडीगाउँ धनगणेश मन्दिर परिसरमा अवस्थित शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन सुबहाल हिटीमा अवस्थित शिवलिङ्ग

सुनाकोठी भृङ्गारेश्वर महादेव प्राङ्गणका शिवलिङ्गहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पशुपति मृगस्थली जाने बाटोको रामदेवको पालाको शिवलिङ्ग (सं. ४६७)

पशुपति नासलचोक प्राङ्गणमा अवस्थित धर्मेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देउपाटन अमालकोट कचहरी प्राङ्गणमा अवस्थित खञ्जनेश्वर शिवलिङ्ग



पशुपति मृगस्थलीमा अवस्थित एकमुखे शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देउपाटनस्थित एकमुखे विश्वामित्रेश्वर शिवलिङ्ग

सिफलस्थित एकमुखे भण्डारेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति शंकराचार्य मठको दक्षिणपूर्वमा अवस्थित एक मुखे ज्योर्तिलिङ्गेश्वर शिवलिङ्ग



पशुपति आगमघर अचुलेश्वरननीको एक मुखे सर्वसिद्धेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाँडीगाउँ कोटाल टोलमा अवस्थित चर्तुमुखी शिवलिङ्ग

पशुपति शंकराचार्य मन्दिरमा अवस्थित प्रतापेश्वर शिवलिङ्ग (जयसिंहराम वर्द्धनद्वारा हालको स्थापना गरिनुपूर्व पशुपतिनाथमा पुजिएको भनिएको शिवलिङ्ग)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति राजराजेश्वरी घाटमा अवस्थित विराटेश्वर शिवलिङ्ग

देउपाटन भूवनेश्वरी प्राङ्गणमा अवस्थित चर्तुमुखी शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेट्रोपोलिटियन म्युजियम अफ आर्ट, न्यूयोर्कमा अवस्थित चर्तुमुखी शिवलिङ्ग (ने.सं.१६६)

पशुपति राजराजेश्वरी घाटको मन्दिरसहितको एकमुखे शिवलिङ्ग (शिवलिङ्ग चोरी भएको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयवागेश्वरी नवालीटोलस्थित चर्तुमुखी ताम्रेश्वर शिवलिङ्ग

हाँडीगाउँ सत्यनारायण मन्दिर प्राङ्गणमा अवस्थित चर्तुमुखी शिवलिङ्ग (पशुपति)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर गोलमढी टोलमा अवस्थित वीरभद्रेश्वर शिवलिङ्ग

नक्साल नन्दीकेश्वर हिटी प्राङ्गणमा अवस्थित चर्तुमुखी शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपुरेश्वर मन्दिर दक्षिण वाग्मती नदी किनारमा अवस्थित शिवलिङ्ग



बैतडी देवलहाटमा अवस्थित सहस्रलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमानढोकास्थित धातुको चर्तुमुखी कोटिलिङ्गेश्वर शिवलिङ्ग



भक्तपुर दरबार क्षेत्रमा अवस्थित फसिदेग/शिलु महादेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन संग्रहालयमा प्रदर्शित धातुको चर्तुमुखी शिवलिङ्ग

भक्तपुर राष्ट्रिय कला संग्रहालयमा अवस्थित चर्तमुखी शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर हनुमानघाटमा अवस्थित शिवलिङ्ग

छाउनी संग्रहालयमा प्रदर्शित शिवलिङ्गको धातु कोश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गागलफेदीमा अवस्थित काकेश्वर शिवलिङ्ग



भक्तपुर वागीश्वरमा अवस्थित वागीश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुरको गुण्डुमा अवस्थित अनन्तलिङ्गेश्वर महादेव

ललितपुरको लुभुमा अवस्थित गोभराटेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ललितपुरको सुनाकोठीमा अवस्थित भृङ्गारेश्वर शिवलिङ्ग

पशुपति रुद्रगारेश्वरमा अवस्थित रुद्रगारेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन पुरातत्व बगैँचामा अवस्थित मणिकेश्वर शिवलिङ्ग

पाटन कुम्भेश्वरस्थित सर्वेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन कुम्भेश्वरस्थित सर्वेश्वर महादेवको कोषमा अंकित पञ्चध्यानी बुद्ध (पूर्व अक्षोम्य, दक्षिण रत्नसंभव, पश्चिम अमिताभ, उत्तर अमोघसिद्धि, इशान वैरोचन बुद्ध)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टोखामा अवस्थित चण्डिकेश्वर शिवलिङ्ग

काठमाडौं ज्ञानेश्वरमा अवस्थित ज्ञानेश्वर शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्लेषमान्तक बनमा अवस्थित किराँतेश्वर शिवलिङ्ग

भारतको गुड्डीमलममा अवस्थित परशुरामेश्वर शिवलिङ्ग (शुङ्गकाल)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेलायतको ब्रिटिस संग्रहालयमा प्रदर्शित लिङ्गोद्भव शिव



पशुपतिनाथ रुद्रगारेश्वर परिसरमा अवस्थित नन्दीद्वारा रक्षित शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



काठमाडौं मखनबहालमा अवस्थित महीन्द्रेश्वर महादेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. सन्ध्या खनाल पराजुली

त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागमा बाइस वर्षदेखि प्राध्यापनरत सह. प्रा. डा. पराजुलीले 'काठमाडौं उपत्यकाका ढुङ्गेधारा' विषयमा विसं. २०७३ (सन्. २०१६) मा विद्यावारिधि गर्नुभएको हो । संस्कृति, मूर्तिकला र पुरातत्त्वसम्बन्धी उहाँका तीनवटा पुस्तक तथा साढे दुई दर्जनभन्दा बढी अनुसन्धानात्मक लेख प्रकाशित भइसकेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, त्रि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, पशुपति क्षेत्र विकास कोष, ब्रिटिस एकेडेमी, दुरहम विश्वविद्यालय, बेलायत र सोअन्तर्गतको इन्स्टिच्युट अफ मेडिएवल एण्ड अर्ली मोर्डन स्टडिज, अष्ट्रियन एकेडेमी अफ साइन्सेज, अष्ट्रिया आदिको सहकार्यमा सम्पदा (विश्वसम्पदा), जनजाति, मूर्त तथा अमूर्त संस्कृतिको क्षेत्रमा अनुसन्धान कार्यमा संलग्न रहिसक्नुभएकी उहाँ संस्कृति र पुरातत्त्व क्षेत्रकी सशक्त प्रतिभा हुनुहुन्छ ।

www.atss.org.np

Shivalinga

Dr. Sandhya Khanal Parajuli

9 789937 160094

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal